मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन

मधेशी आयोग
ज्वागल, ललितपुर

पदाधिकारीहरू/सचिव



माननीय जीवछ साह
कार्यवाहक अध्यक्ष
०१-५२६९२०६, ९८५२८३३३४४



माननीय रेणु देवी साह
सदस्य
०१-५२६९२१०, ९८४२८२०३२७



माननीय आभा कुमारी
सदस्य
०१-५२६९२०७, ९८५२८२०७७९



नरेश राज खरेल
सचिव
९८४१८१३१०२

मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन

मधेशी आयोग

ज्वागल, ललितपुर

टोल फ्रि नम्बरः १६६०-०१-१६१८५

वेबसाइटः www.madheshiaayog.gov.np

मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन

प्रकाशकः मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं.: +९७७-०१-५२६९१८५

फ्याक्सः +९७७-०१-५२६९१८५

टोल फ्रि नं.: १६६००११६१८५

Website: www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकार © मधेशी आयोग

मन्तव्य

नेपालको तराई क्षेत्र र भारतको अवध भूमिमा बसोबास गर्ने अवधी भाषी समुदायको जीवनपद्धति, चिन्तन, इतिहास र मौलिक पहिचानको जीवन्त संकलन हो । लोकवार्ता केवल मनोरञ्जनको साधन मात्र नभई यो समाजको अमूर्त सांस्कृतिक सम्पदा लोकमानसको ऐना हो ।

अङ्ग्रेजीको 'फोकलोर' को समानार्थी शब्दका रूपमा नेपाली तथा हिन्दीमा 'लोकवार्ता' शब्द प्रयोग गरिन्छ । 'फोक'(Folk) को अर्थ साधारण जनता र 'लोर' (Lore) को अर्थ परम्परागत ज्ञान वा विद्या भन्ने हुन्छ । यही लोकवार्ताका विभिन्न अङ्गहरूको सम्मिलित स्वरूपलाई जब हामी मधेशी समाज अन्तर्गतको अवधी लोकसमाजसित जोडेर हेर्छौं, तब देखायमान हुने उक्त विस्तृत स्वरूपलाई समग्रमा मधेशी समुदाय अन्तर्गतको अवधी समाजमा रहेको अवधी लोकवार्ताको नामले जानिन्छ । अवध क्षेत्रका साधारण जनताले परापूर्व कालदेखि मौखिक रूपमा रक्षा गर्दै आएको पारम्परिक ज्ञान, प्रथा र कला नै अवधी लोकवार्ता हो । यो कुनै संभ्रान्त वर्गको लिखित दस्तावेज नभएर सिधा माटो र श्रमसँग जोडिएका मानिसहरूको सामूहिक अभिव्यक्ति हो ।

नेपालको लुम्बिनी प्रदेशका कपिलवस्तु, रूपन्देही, बाँके, बर्दिया, दाङ र भारतको उत्तर प्रदेशका अयोध्या, लखनऊ, गोन्डा, बहराइच जस्ता क्षेत्रहरू अवधी लोकवार्ताका मुख्य केन्द्र हुन् । यो क्षेत्र ऐतिहासिक रूपमा भगवान बुद्धको जन्मस्थल (कपिलवस्तु) र भगवान रामको जन्मभूमि (अयोध्या) सँग प्रत्यक्ष जोडिएको छ । यसकारण, यहाँको लोकवार्तामा वैदिक दर्शन, पौराणिक आख्यान र बौद्ध धर्मको अहिंसात्मक चेतनाको गहिरो छाप पाइन्छ । अवधी लोकवार्ता अत्यन्त व्यापक छ ।

अवधी भाषाभाषी समाज बहुजातीय एकभाषी समाज हो । यो समाज मुख्यतः हिन्दू तथा इस्लाम धर्मालम्बीहरूको साझासमाज भएता पनि यहा बसोबास गर्ने अधिकांश मानिसहरू हिन्दू धर्मावलम्बीहरू भएकोले धेरैजसो संस्कारहरु वर्णव्यवस्था र आश्रमव्यवस्थामा आवश्यक पर्ने आधारहरुमा व्यवस्थित रहेका देखिन्छन् । यस समाजमा पाइने यी संस्कारहरु १६ वटा रहेका छन ।

अवधी समाजमा मुख्यतः वर्षभरि नै व्रत र त्योहार मनाउने चलन रहेको पाईन्छ । यस समाजमा व्रत र त्योहारको आफ्नै महत्व छ । व्रतको अर्थ मुख्यतः अन्तःशुद्धि हो भने त्योहारको अर्थ हो उत्सव, रमाईलो र मनोरञ्जन पनि । त्यसै हुनाले व्रतमा यहाँका मानिसहरु चोखो रहनुको साथै निराहार र फलाहार गरी सम्बन्धित देवताको पूजा आजा गर्ने गर्दछन र त्योहारमा राम्रा लुगाफाटाहरु लगाई मीठामीठा खानेकुरा खाने गदर्छन र ऋतु अनुसारका मनोरञ्जनहरु पनि गर्ने गदर्छन । यस समाजमा मनोकामना पूर्ति र सुखशान्ति प्राप्तिको साधन व्रत त्योहार हुर्ने गर्दछन । अवधी महिलाहरु यही व्रतको माध्यमले आफ्नो मात्रै नभई आफ्ना पति, वालबच्चा, परिवार तथा समाजको सुखशान्तिको कामना गर्ने गर्दछन ।

संयुक्त परिवार प्रथामा आधारित अवधी भाषी परिवार पितृप्रधान तथा सम्पूर्ण परिवार मर्यादाक्रममा आधारित रहेको हुन्छ । परिवारमा महिलालाई उच्च स्थान प्राप्त रहेको यस क्षेत्रमा पछि मुस्लिम आक्रमण र अङ्ग्रेज शासनकालमा आएको उथलपुथलमा यिनलाई घरको सेरोफेरोमा सीमित बनाएर राखेको पाईन्छ । पर्दाप्रथा पनि सोही समयदेखि यस समाजमा सञ्चालित रहेको देखिन्छ । यस समाजको एकातिर आज्ञाकारी पुत्र, सतीसाध्वी नारी, सेवारत पुत्र तथा पुत्रबधूको आर्दश विद्यमान छ भने अर्कोतर्फ सासू, बुहारी, नन्द, भाउजु, देउरानी, जेठानी, पिता, पुत्र आदिको सम्बन्ध अन्य समाजका लागि उदाहरणीय रहेको देखिन्छ । पारिवारिक शिष्टाचार अन्तर्गत विविध किसिमका अभिवादन, स्वागत, सत्कार, आशीर्वाद आदि विविध पद्धति यस अवधी समाजमा प्रचलित रहेको पाइन्छ ।

वर्णव्यवस्था (ब्राह्मण, क्षेत्रिय, वैश्य, शुद्र) आश्रम व्यवस्था (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा सन्यास आश्रम) मा आधारित यो समाज हाल आएर जातजातिमा विभाजित सामुहिक सहकार्यमा विश्वास नगर्ने वा गाँउ वा टोलको रुपमा बसेको भएता पनि एकल जीवन बिताउन चाहने तथा सामाजिक विकास प्रति नैराष्यता लिएर बाचेको देखिन्छ । उहिले नैतिकता र इमान्दारिताको आधारमा व्यक्तिको सामाजिक हैसियत निर्धारण गर्ने यस समाजमा धन र पैसाले सामाजिक हैसियत निर्धारण हुन थालेको पाईन्छ । 'समुहमा शक्ति हुन्छ' (संघे शक्तिः कलियुगे) भन्ने आजको सामाजिक विकासका लागि आवश्यक सन्देश यो समाजबाट टाढा हुँदै गइरहेको छ । ग्रामीण सामाजिक व्यवस्थामा आधारित यो समाज भौतिक आकाङ्क्षाबाट बढी प्रभावित भएको पाईन्छ, जसले गर्दा दाइजो जस्तो खतरनाक प्रथाले यो समाज पूर्ण रुपले आतङ्कित छ । केटीको जन्मलाई दुःख र कष्टको आगमनको रुपमा हेर्न थालिएको छ । पतिको मृत्युपछि महिलाले श्रृङ्गार र आभुषण त्याग गर्नुपर्ने प्रचलन वा उनीहरुद्वारा बिताउनु पर्ने कठिन वैधव्य जीवनका झलक यस अवधी समाजमा यत्रतत्र देख्न सकिन्छ । यी विकृतिहरुलाई समयमा नै नसच्याउने हो भने समाज अधोगतितिर जाने निश्चित भएकोले सबैको यतातिर ध्यान जानु आवश्यक छ ।

अवधी लोक साहित्यको विविधतालाई ध्यानमा राखेर यसलाई मुख्यतः तीन भागमा विभाजित गरिएको छ । जस्तै क) गद्य साहित्य ख) पद्य साहित्य ग) मिश्रित साहित्य । यी मध्ये गद्य लोक साहित्यमा उपलब्ध सामाग्री जीवनमा विविध क्षेत्रसित सम्बन्धित रहेको हुन्छन । यस साहित्यको लोककथा, लोकोक्ति आदि आउछन् । यसै किसिमले अवधी लोक साहित्यमा पद्य साहित्यको आफ्नै किसिमको महत्त्व छ । पद्य साहित्यले गद्य साहित्यका विविध पक्षलाई आफुमा समेटेको पाईन्छ । यसकासाथै अवधी लोकजनजीवनमा लोकगाथाको आफ्नै महत्व छ । यो लोकगाथा कुनै कथा वस्तुमा आधारित हुन्छ र सम्पूर्ण गाथा गीति भाकामा गएर श्रोता सामुन्ने प्रस्तुत गरिन्छ ।

मिश्रित साहित्य अन्तर्गत लोकनाटक तथा गद्य र पद्य दुवै विधामा भन्न सकिने साहित्यहरु आउँछन् । यस साहित्यमा गद्य र पद्य दुवै विधा समानरुपमा प्रयोग भएकोले यसलाई मिश्रित साहित्य भनिन्छ । अवधी समाजमा लोक नाटकहरुको प्रारम्भ आदिकाल देखि नै भएको देखिन्छ । अवधी समाजमा प्रचलित रामलीलालाई अवधी लोकनाटकको आदर्श मान्न सकिन्छ । आदिमकालको सम्झनाको रुपमा हाल पनि अवधी लोकसमाजमा प्रचलनमा रहेको बाँदर र भालुको खेलदेखि लिएर कठपुतली नाच, स्वांग, भाडभडैती, सामाजिक ऐतिहासिक लोकवृत्तात्मक र धार्मिक लोक नाटकहरुलाई हेर्दा यसको विशालताको आभास हुन्छ ।

अवधी समाजमा प्रचलित लोकनृत्य मुख्यतः सामूहिक रुपमा हुने गर्दछन । यसमा मुख्यतः दुई वा दुई भन्दा बढी मानिसहरु मिलेर नृत्य गर्ने गर्दछन । नृत्य गर्नेहरु साधारणतया महिलाको भेषमा पुरुष नै हुनेगर्दछन । यी नृत्यहरु अवधी समाजमा हरेक संस्कार, व्रत र त्योहारका अनिवार्य अङ्ग हुने गर्दछन । नृत्य क्षेत्रमा विश्वविख्यात कत्थक नृत्य यस समाजको अन्य समाज र संस्कृतिहरुका लागि अनुपम योगदानको रुपमा प्रख्यात रहेको देखिन्छ । यसको प्रचलन अवधी भाषी क्षेत्रको मुस्लिम शासनसत्ता आरम्भ भएपछि प्रचलनमा आएको पाइन्छ । अवधी समाजमा प्राचीन धार्मिक नृत्यहरुमा राम र कृष्णको प्रभाव अधिक रहेको कुरा यस समाजमा प्रचलित रामलीला र रासलीला जस्ता दुई लोकनृत्य नाट्यशैलीद्वारा निश्चित हुन्छ । सामाजिक नृत्य शैलीको रुपमा चडेरा र सफेरा नामका दुई नृत्य विधाहरु यस समाजमा रहेका छन । यसको साथै जातिगत नृत्यहरु यस समाजको अभिन्न अङ्गको रुपमा रही आजका युगमा पनि आफ्नो जातीय पहिचान कायम राख्न सफल छन । यसै किसिमले अवधी भाषी क्षेत्रमा प्रचलित वाद्य यन्त्रहरुका मुख्यत : डफला, बधाव, हुडका,

मृदङ्ग, सहनाई, तबला, हारमोनियम, झांझ, ढोल, मजीरा, झाल, करताल, फरुवा, तासा आदि प्रचलित रहेका पाईन्छन् ।

अवधी लोककला मुख्यतः आँगन र भित्ताहरुमा विभिन्न माङ्गलिक धार्मिक व्रत र त्योहारमा स्थानीय महिलाहरु द्वारा स्थानीय तहमा उपलब्ध कपाल, माटो, पात, सुकेका काठ, रङ्गीविरङ्गी चामल, गहुँ, जौ, पिठो, वेसार, फूल, पाती, गाई भैँसीको गोबर आदिको प्रयोगद्वारा विविध प्रकारका कलात्मक आकृतिहरु बनाउने गरिन्छ । यस समाजमा पाइने यी चित्रहरूलाई भूमी चित्र, भित्ती चित्र तथा ठप्पा चित्रका रूपमा वर्गीकृत गरेर अध्ययन गर्ने गरिन्छ ।

यस सम्पूर्ण दृष्टिकोणबाट मेरो धारणा यस्तो छ : अवधी लोकवार्ताको संरक्षण भनेको मधेशी समाजलाई भविष्यमा पनि जीवित राख्ने सांस्कृतिक रणनीति हो । यदि राज्यले मौखिक परम्पराको दस्तावेजीकरण, शिक्षा प्रवर्द्धन, धार्मिक सहअस्तित्वको सम्मान र सांस्कृतिक सम्पदाको पुनर्जीवनलाई प्राथमिकता दिएन भने मधेशी पहिचान मात्र होइन, सम्पूर्ण नेपाली बहुलतावादी संरचना नै कमजोर हुनेछ यसैले, अवधी लोकवार्ताको संरक्षणका लागि सुझाइएका रणनीतिहरू-दस्तावेजीकरण, शिक्षा प्रवर्द्धन, डिजिटल प्रविधिको प्रयोग, समुदाय-आधारित कार्यक्रम, अन्तरधार्मिक संवादलाई तत्काल कार्यान्वयन गर्नु अपरिहार्य छ । मधेशी आयोग वा सम्बन्धित संस्थाहरूले यसलाई प्राथमिकतामा राखे मात्र मधेशी समुदाय अन्तर्गतको अवधी लोकसांस्कृतिक समाज भविष्यमा आफ्नो पहिचान सहित जिवित रही रहनेछ ।

यस अध्ययन कार्य श्री दादी जानकी वहुउद्देशीय प्रा.लि. कपिलवस्तुका अध्येता श्री विक्रम मणि त्रिपाठीबाट भएको छ । अध्येतालाई हृदयदेखि आभार अर्पण गर्दछु । अध्ययनका क्रममा आवश्यक सल्लाह सुझाव दिनु भएका विज्ञ डा.गोपाल ठाकुर, विज्ञ प्रा.डा. दान राज रेग्मी, विज्ञ प्रा.डा.ध्रुव बहादुर कार्की, विज्ञ श्री तपानाथ शुक्लाप्रति हृदयदेखि आभारी छु । साथै अध्ययन अनुसन्धानमा सहयोग गर्ने माननीय सदस्यहरु, कर्मचारीहरु, शुभ चिन्तकहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मा.जीवछ साह
कार्यवाहक अध्यक्ष
मधेशी आयोग

विषयसूची

क्र.सं.	विषय	पाना नम्बर
१.	**अध्याय-१, परिचय**	**१**
१.१.	पृष्ठभुमि	१
१.२.	अध्ययनको उद्देश्य	२
१.३.	अध्ययनको औचित्य महत्व र उपयोगिता	३
१.४.	शोधविधि	४
१.५.	अध्ययनको सीमितता	४
१.६.	पुर्व कार्य/पुर्वाध्ययनहरूको समिक्षा	४
२.	**अध्याय-२, अवधी भाषा र लोकवार्ता**	**८**
२.१.	अवधी भाषा	८
२.१.१.	अवधी भाषाको नामकरण	८
२.१.२.	अवधी भाषाको उत्पत्ति र विकास	९
२.१.३.	अवधी भाषाभाषी क्षेत्र र जनसङ्ख्या	११
२.२.	अवधी लोकसमाजको एतिहासिक स्वरूप	१४
२.३.	लोकवार्ता	१७
२.४.	मधेशी समुदाय अन्तर्गतको अवधी समाजमा रहेको अवधी लोकवार्ता	१९
३.	**अध्याय-३, सामाजिक रहनसहन र आर्थिक व्यवस्था**	**२१**
३.१.	अवधी भाषी क्षेत्रको समाज	२१
३.१.१.	अवधी लोकसमाजको जातजाति	२१
३.१.२.	अवधी भाषी समाजको रहन सहन तथा आवास व्यवस्था	२४
३.१.३.	अवधी समाजको सामाजिक तथा धार्मिक स्वरूप	२६
३.१.४.	अवधी समाजका पारम्परिक पेशा र उद्योग	२७
३.१.५.	अवधी लोक जीवनमा पारम्परिक उपचार पद्धति	२९
३.१.६.	अवधी समाजमा प्रयोग हुने वस्त्र तथा आभुषण	२९
३.१.७.	अवधी समाजमा पाइने भाँडाकुँडा र औजार	३०

क्र.सं.	विषय	पाना नम्बर
३.१.८.	अवधी समाजको आम्दानी प्रमुख स्रोत	३०
३.१.९.	अवधी समाजमा पारम्परिक यातायात र सञ्चार	३४
४.	**अध्याय-४, अवधी भाषी क्षेत्रका पुरातात्विक, धार्मिक, प्राकृतिक स्थल तथा लोकदेवीदेवता**	**३५**
४.१.	अवधी भाषी क्षेत्रका पुरातात्त्विक स्थल	३५
४.२.	अवधी भाषी क्षेत्रका धार्मिक स्थल	४२
४.३.	अवधी भाषी क्षेत्रका प्राकृतिक स्थल	४८
४.४.	अवधी भाषी क्षेत्रका सामाजिक स्थल	४९
५.	**अध्याय-५, अवधी समाजमा लोकजीवन दर्शन परम्परा**	**५२**
५.१.	परिचय	५२
५.२.	अवधी लोकजीवन दर्शनका मुख्य संरचना	५२
५.२.१.	अवधी लोकजीवन दर्शनमा तत्त्व शास्त्र	५२
५.२.२.	अवधी लोकजीवन दर्शनमा समाज दर्शन	५६
५.२.३.	अवधी लोक जीवन दर्शनमा ज्ञान शास्त्र	५८
५.२.४.	अवधी लोकजीवन दर्शनमा आचार शास्त्र	५९
६.	**अध्याय-६, अवधी लोकसमाजमा पाइने लोक वाद्य यन्त्र**	**६०**
६.१	परिचय	६०
७.	**अध्याय-७, अवधी समाजमा पाइने अस्त्रशस्त्र**	**७८**
७.१	परिचय	७८
८.	**अध्याय-८, अवधी संस्कृतिमा मनाइने चाड पर्व र जात्रा**	**८४**
८.१.	हिन्दू समुदायका व्रत र त्योहार	८४
८.२.	मुस्लिम समुदायका व्रत र त्योहार	९३
८.३.	हिन्दु इस्लाम सदभावको पर्व मोहर्रम	९४
८.४.	चाडपर्व सम्बन्धी प्रदर्शनहरू	९४
९.	**अध्याय-९ अवधी समाजको भोजन व्यवस्था**	**९६**

क्र.सं.	विषय	पाना नम्बर
१०.	**अध्याय-१०, अवधी लोक समाजका संस्कार**	**९९**
१०.१.	परिचय	९९
१०.२.	अवधी भाषाभाषी समाजमा नाता रिश्ताका शब्दावली	१२०
१०.३.	परिचय	१२०
१०.४.	अवधी भाषाभाषी समाजमा बर्जित शब्द	१२३
११.	**अध्याय-११, अवधी लोक साहित्य**	**१२५**
११.१.	परिचय	१२५
११.१.१.	गद्य लोकसाहित्य	१२५
११.१.२.	अवधी लोकोक्ति	१६०
११.१.३.	गाउखाने कथा	१६९
११.१.४.	पद्य साहित्य (अवधी लोकगीत)	१७१
११.१.५.	पद्य साहित्य, अवधी लोक गाथा	२१८
१२.	**अध्याय-१२, अवधी लोकनाट्य तथा सङ्गीत**	**२२६**
१२.१.	अवधी लोकनाटक परिचय	२२६
१२.१.१.	अवधी लोकनाटकको वर्गीकरण	२२७
१२.१.२.	अवधी लोकनाटकको विशेषता	२३४
१२.२.	नृत्य	२३५
१२.२.१.	कत्थक नृत्य	२३५
१२.२.२.	पतुरिया नृत्य	२३५
१२.२.३.	तेस्रो लिङ्गी नृत्य	२३६
१२.२.४.	लिल्ली घोडी नृत्य	२३६
१२.२.५.	कहरउवा नृत्य	२३७
१२.२.६.	धोबिया नृत्य	२३७
१२.२.७.	अहिर जाति नृत्य (फरुवाही)	२३७
१२.२.८.	कोरी (चमार) जाति नृत्य	२३७
१२.२.९.	कोहरउवा नृत्य	२३८

क्र.सं.	विषय	पाना नम्बर
१२.२.१०.	सफेडा नृत्य	२३८
१३.	**अध्याय-१३, अवधी लोक कला**	**२३९**
१३.१.	परिचय	२३९
१३.२.	अवधी लोककला	२४०
१३.२.१.	लोक चित्रकला	२४१
१३.२.२.	पात्र चित्रण	२४२
१३.२.३.	गोदना	२४२
१३.२.४.	मेहदी	२४२
१३.२.५.	कढ़ाइ	२४२
१३.२.६.	नक्काशी	२४३
१३.२.७.	मीनाकारी	२४३
१३.२.८.	टेराकोटा	२४३
१३.२.९.	मूज कला (सिक्की कला)	२४४
१३.२.१०.	लाख कला	२४४
१३.३.	अवधी लोककलाको अवस्था र आवश्यकता	२४४
१३.४.	अवधी लोककलामा पाइने चित्रहरूको अर्थ र महत्व	२४५
१४.	**अध्याय-१४, अध्ययनको प्राप्ति तथा निष्कर्ष**	**२५५**
१४.१.	अध्ययनको प्राप्ति	२५५
१४.२.	निष्कर्ष	२५८
	सन्दर्भ ग्रन्थ र लेख	**२६१**

अध्याय-१

परिचय

१.१. पृष्ठभुमि

नेपाल बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र भौगोलिक विविधताले युक्त सुरम्य देश हो । आकारले सानो देखिए पनि सांस्कृतिक वैविध्यको गुणवत्ताका दृष्टिले निकै ठुलो यस मुलुकमा एक सयभन्दा बढी जाति र त्यत्ति नै भाषाभाषीहरू बसोबास गर्दछन् । लामो समयदेखि यहाँ विविध जातजाति र अनेकौं भाषाभाषीको पारस्परिक सौहार्दपूर्ण बसाइ रही आएको छ । एक ठाउँमा रहँदा बस्दा यहाँका जनसमुदायले एक अर्कोको रीतिरिवाजप्रति सम्मान जनाउँदै तिनमा रहेका उपयोगी पक्षको अनुकरण पनि गर्दै आएका छन् । आफ्नोपनको सुरक्षा गर्दै यहाँका जनताले सँगै बस्ने अर्को जातिका सांस्कृतिक र भाषिक मूल्य तथा मान्यताको संवर्द्धनमा सहयोग गर्दै आएको पनि छन् । जातीय सौहार्द, भाषिक सौहार्द र सांस्कृतिक सौहार्द यहाँको विशेषता हो ।

भौतिक विकासका नाममा आज विश्वमा अनेकौं उथलपुथल भई रहेका छन् । यस क्रममा परम्परागत जातीय बिरासत तथा सांस्कृतिक सम्पदाको ह्रास हुन सक्ने सम्भावना विश्वमै व्यापक रूपमा देखिएको छ । नयाँनयाँ प्रविधिको विकासले जीवनका बहुमूल्य मान्यताको लोप हुन थाल्यो भने समाज र संस्कृति अनपेक्षित मोडतिर उन्मुख हुनसक्ने स्थिति पैदा हुन्छ र परम्परागत जातीय, भाषिक र सांस्कृतिक विशाल वटवृक्षका जरामा आवश्यक मलजल पुग्न नसक्ने खतरा बढ्दछ । व्यावहारिक स्वच्छता, चारित्रिक उच्चता, सामाजिक सद्भाव र जातीय गौरवका विशिष्ट पहिचान हराउनु हुँदैन । जगेर्ना गर्नु पर्ने, पुस्तान्तरण गर्नु पर्ने, संरक्षण तथा संवर्द्धन गर्नु पर्ने सांस्कृतिक वैभव भनेका पनि यिनै कुरा हुन् । समय छँदै विवेक पुऱ्याएर यस प्रकृतिका कुरामा उचित उपायको अवलम्बन गर्नु जरूरी छ । त्यसैले समष्टिमा लोकवार्ता भनिने यस्ता विश्वजनीन तथा राष्ट्रिय सम्पदाको संरक्षण विभिन्न तह र क्षेत्रबाट हुनु आवश्यक छ ।

लोक समाजमा लोकका भावना वा अनुभूतिलाई कथ्य/श्रव्य वा दृश्यका रूपमा प्रस्तुत गर्ने परम्परा प्राचीन कालदेखि नै हुँदै आएको हो । वैदिक सभ्यता र संस्कृतिको विकास पनि लोककै कथ्य/श्रव्य परम्पराबाटै भएको तथ्य यसको श्रुतिस्मृति परम्पराले पुष्टि गरेको छ । लोकव्यवहार रीतिमा परिणत भएर परिपक्व बन्दछ, तब एउटा प्रथा र परम्पराले जन्म लिने गर्दछ । मानव स्वयं आफ्ना लागि पनि जिज्ञासाको विषय बनेको छ र यस्तो स्वकेन्द्रित जिज्ञासाको कारण उसले थुप्रै मानवीय अध्ययनहरूको विकास गरेको छ । मानव समूहको शरीर-रचना तथा उनीहरूका संस्कृतिहरूका समानताहरू र विभिन्नताहरूको अध्ययन नै मानव विज्ञानको उद्देश्य हो । इतिहास विशिष्ट घटनाहरूको वर्णन गर्दछ, तिथिमितिको हिसाबले उनीहरूका कार्यकारण सम्बन्धहरूको विश्लेषण गर्दछ । सत्ताको प्राप्ति तथा त्यसको विभाजन र उपभोगका विभिन्न पक्षहरूको अध्ययन राजनीति विज्ञान अन्तर्गत राख्ने गरिन्छ । अन्य सामाजिक अध्ययन आफ्नो दृष्टि मानवको विशिष्ट पक्षहरूमा केन्द्रित गर्दछ, मानवविज्ञान सीमित समाजलाई आफ्नो अध्ययनको दृष्टिकोण तथा उसको प्रणाली दुवै पूर्ण रूपले प्राकृतिक विज्ञानको अन्य अंगहरूको प्रवृत्तिहरूबाट प्रभावित थियो । तथ्यको अभावमा ऐतिहासिक अनुमानद्वारा

प्राचीन संस्कृतिहरूको पुनर्रचनाको प्रयत्न नभएको होइन । देश एवम् कालका सीमारेखाहरूमा नबाँधिएर मानव जातिको प्रत्येक अंशको संस्कृतिको अध्ययन गराउनु यस विज्ञानको उद्देश्य हो । उपयुक्त परिस्थितिहरूमा भूगर्भशास्त्रको वैज्ञानिक अध्ययन प्रणालीबाट हामी प्रागैतिहासिक कालको स्मृतिचिह्नको आयुको अनुमान गर्न सक्दछौं र यसको आधारमा मानवीय संस्कृतिको क्रमिक विकास एवम् प्रगतिको सम्बन्धमा धारणाहरू पनि निश्चित गर्न सक्दछौं । कालान्तरमा लेखन/मुद्रणको विकाससँगै आफ्ना ज्ञान र अनुभवलाई लिखित रूपमा प्रस्तुत गरिए पनि समाजको विशाल लोक प्रतिभावान् समुदायले आफ्नो ज्ञान, अनुभव र अनुभूतिलाई मौखिक अभिव्यक्ति दिने काम गरि रह्यो । लोक समाजमा यो परम्परा आजसम्म पनि विभिन्न रूपमा प्रचलनमा छ । यसबाट हामी सम्भवत: यो पनि थाहा पाउँदछौं कि तिनीहरू कस्तो घरमा बस्दथे, कुन अस्त्रशस्त्रको उपयोग गर्दथे, तिनीहरूमा कस्तो आभूषण प्रचलित थियो अथवा तिनीहरूका खाद्य कुन किसिमका हुने गर्थे तर यस्ता अध्ययनहरूका आधारमा हामी प्राचीन मानवका मनोविकारहरूका सम्बन्धमा केही पनि भन्न सक्दैनौ र न त्यस गएको युगको समाज व्यवस्था, नियम, जीवन दृष्टि तथा विश्वास आदिमा प्रकाश पार्न सक्दछौं ।

ऐतिहासिक, सांस्कृतिक, सामाजिक, भाषिक र पुरातात्त्विक दृष्टिले ज्यादै उपयोगी तथा मूल्यवान् मानिने यस प्रकारका सम्पदाको संरक्षण विश्वव्यापी रूपमा गर्ने उद्देश्यले सन् १९८९ मा संयुक्त राष्ट्र संघको पच्चिसौं महासभाले आफ्ना सदस्य राष्ट्रहरूलाई लोकवार्तासित सम्बद्ध सामग्रीको बचाउका निम्ति आग्रह गर्दै प्रस्ताव पारित गऱ्यो । त्यस प्रस्तावको कार्यान्वयनका निमित्त सन् २००३ मा युनेस्को महासभाले मौखिक परम्परा र अभिव्यक्तिहरू, सम्पादनकारी कलाहरू, सामाजिक व्यवहारहरू, प्रकृति र विश्व सम्बन्धी ज्ञान तथा प्रयोगहरू एवं परम्परागत शिल्पकलाको विश्वव्यापी सङ्कलन, संवर्द्धन र संरक्षणमा जोड दिने निर्णय गऱ्यो । युनेस्कोले पारित गरेको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्ने सम्बन्धी महासन्धिको पक्ष राष्ट्र नेपाल हो । उक्त महासन्धिको पक्ष राष्ट्रका हिसाबले देशभरि रहेका जीवित र लोपोन्मुख अवस्थामा रहेका सांस्कृतिक सम्पदाहरूको समानुपातिक रूपमा संरक्षण संवर्द्धन एवं जगेर्ना गर्नु राज्यको दायित्व हो । त्यसैले नेपाल सरकारले **राष्ट्रिय सांस्कृतिक नीति २०६७** पारित गरेको छ । उक्त नीतिमा लोकवार्तालाई देशको जातीय, भाषिक, ऐतिहासिक र सांस्कृतिक पहिचान कायम गर्ने आधारभूत तत्त्व भनिएको छ ।

१.२. अध्ययनको उद्देश्य

१.२.१. यो अध्ययन निम्नानुसारको प्रयोजनकालागि गरिनेछ :

- अवधी लोकवार्ताको संरक्षण तथा सम्वर्द्धन ।
- नेपालीय अवधी लोकवार्ताको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा स्थापित गर्नु गराउनु ।

१.२.२. यस अध्ययनकालागि निम्नानुसारका समस्या कथन/शोध प्रश्नहरू निर्धारित गरिएका छन :

- अवधी लोकवार्ता प्राचिन सांस्कृतिक समाजको रूपमा (मर्यादापुरषोत्तम श्री राम तथा शान्तिका अग्रदुत भगवान गौतमबुद्धको जन्मस्थली) तथा नेपाल एवं भारतको एउटा विस्तृत भुभागमा वसोवास गर्दै आएको भएता पनि यसको सम्पुर्ण सांस्कृतिक स्वरूप पुस्तकाकार

रूपमा हाल सम्म पनि उपलब्ध छैन । अतः यस लोकवार्ताको समग्र परिचय उपलब्ध गराउन यसलाइ लिपिवद्ध गर्न आवश्यक छ ।

- अवधी समाज हाल पनि पर्यटकीय तथा पुरातात्विक एवं मानवीय दृष्टिकोणले लुम्बिनी, तिलौराकोट, वागेश्वरी जस्ता महत्वपुर्ण स्थलका साथै वैष्णव परम्परा, वौद्ध दर्शन, अद्वैतवाद सिद्धान्तका साथै सिद्ध, नाथ तथा जोसमनि सन्त परम्परा लगायतका सिद्धान्तको उदगम स्थल पनि हो । यी हरेक विशेषताहरू रहेका यस भुभागको सांस्कृतिक स्वरूपका बारेमा स्वदेशी तथा विदेशी हरेकले जानकारी लिन चाहन्छन । तर सो जानकारीहरू पुस्तकाकार रूपमा हाल पनि उपलब्ध छैनन ।
- अवधी सस्कृति अन्तरगतका लोक साहित्य तथा लोकचित्रकला वाहेकका क्षेत्रहरूमा हाल पनि विधिसम्मत ढंगले अध्ययनको कार्य नेपाल तथा भारतमा समेत हुन सकेको छैन, अतः यथाशीघ्र अवधी लोकवार्ता अन्तर्गतका हरेक स्वरूपहरूलाइ समेटि अध्ययन कार्य सम्पन्न गर्नु पर्ने आवश्यकता छ ।

१.२.३. उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका थिए :

- अवधीभाषाभाषी समाजमा उपलब्ध रहेको सांस्कृतिक स्वरूपहरूको सङ्कलन गर्नु तथा त्यसलाइ लिपिवद्ध गर्नु ।
- अवधी लोकवार्ताका विविध क्षेत्रमा युवा पुस्ताकालागि अवधी लोकवार्ताको बारेका विभिन्न जानकारीहरू समेटिएको सन्दर्भ सामाग्री तयार गर्नँ/गराउनु ।

१.३. अध्ययनको औचित्य महत्व र उपयोगिता

औचित्य तथा महत्व

- अवधी सांस्कृतिक समाज धार्मिक, पुरातात्विक, दर्शन तथा सामाजिक दृष्टिकोणले अत्यन्त महत्वपुर्ण स्थलमा रहेकाले यसलाइ लिपिवद्ध गरि पुस्तकाकार रूपमा ल्याउन आवश्यक थियो ।

उपयोगिता

- यस कार्यबाट अवधीभाषाभाषी समाजमा उपलब्ध रहेको लोकलोकवार्ताको संरक्षण तथा सम्बर्द्धनमा सहयोग पुग्ने अनुमान गरिएको छ ।
- अवधी लोकलोकवार्ताको क्षेत्रमा युवा पुस्तालाइ यस सन्दर्भ सामाग्रीका माध्यमले जानकारी उपलब्ध गराइ आफ्नो पारम्परिक जीवन पद्धतिबारे जानकरी प्राप्त गर्न सहयोग पुग्ने अनुमान गरिएको छ ।
- अवधीको लोकलोकवार्तालाइ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउनमा यो कार्य सहयोगी सामाग्रीको रूपमा हुनेछ ।

१.४. शोधविधि

यस अनुसन्धानका क्रममा वर्णनात्मक तथा अन्वेषणात्मक दुबै विधि प्रयोग गरेर पूर्व कार्यको समिक्षा सहित अवधी लोकवार्ता तथा सोसंग सम्बन्धित स्वरूपहरूका बारेमा आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ । सोका लागिआयोगका सचिवज्यूको निर्देशनमा यस क्षेत्रमा भएका पूर्व कार्यबारे अवलोकन र स्थलगत तथा उपलब्ध स्रोत बारे आवश्यक अध्ययनगरि जानकारीहरू संकलित गरिएको छ । जानकारी सङ्कलन गर्दा प्राथमिक (प्रश्नावली, अन्तरवार्ता तथा अवलोकन तथा छायांकन विधि) एवं द्वित्तियक (सम्बन्धित विषय संग संम्बन्धित पत्रपत्रिका, लेखरचना, ऐतिहासिक दस्तावेज, गाउपालिका/नगरपालिका तथा उपमहानगरपालिकाका अभिलेखहरू, वेभसाइड आदि) दुबै किसिमका स्रोतहरूको प्रयोग गरिएको छ । यसरी संकलित गरिएका जानकारीहरूलाइ नया स्रोत साधनका माध्यमले समयानुकूल बनाइ सोकोस्रोत पाण्डुलिपि तयार गरिएको छ ।

१.५. अध्ययनको सीमितता

अवधी भाषाभाषी समाजको मुख्य बसोबास क्षेत्र पश्चिमी नेपालका रुपन्देही, कपिलवस्तु, दांग बाके तथा वर्दिया जिल्ला रहेकाले सो जिल्लाहरूमा रहेका अवधी भाषी समाजका जातीय लोकवार्ताहरू वारे यथेष्ठ जानकारीहरू सङ्कलन तथा लिपिवद्ध गर्ने कार्यहरूमा सीमित रहेर यो कार्य सम्पन्न गरिएको छ ।

१.६. पुर्व कार्य/पुर्वाध्ययनहरूको समिक्षा

अवधी लोकगीत और परम्परा (ई.सं.१९५७), पाण्डेय, डा. इन्दु प्रकाश

डा. इन्दु प्रकाश पाण्डेयको अवधी लोकसाहित्य सम्बन्धी अध्ययनमा सबैभन्दा विशेष र केन्द्रविन्दुमा रहेको पुस्तक 'अवधी लोकगीत और परम्परा' हो । यस पुस्तकमा डा. पाण्डेयले अवधी क्षेत्रको लोकजीवन, परम्परा र संस्कृतिलाई त्यहाँका लोकगीतहरूको माध्यमबाट सुक्ष्म विश्लेषण गरेका छन् । यसमा मानव जीवनका विभिन्न संस्कार (सोहर, बधाई, विवाह, मुण्डन) र ऋतुगीत (कजरी, होरी) लाई समेटिएको छ । यस पुस्तकको सबल पक्षको कुरागर्दा, यसमा उनले लोकगीतलाई केवल मनोरञ्जनको साधन मात्र नमानी, त्यसलाई अवधी समाजको सामाजिक परम्परा र इतिहास बुझ्ने बलियो माध्यमको रूपमा व्याख्या गरेका छन् । यसमा अवधी भाषाका रैथाने शब्द, अलङ्कार, र गायन शैली (लय र ताल) को विधागत वर्गीकरण अत्यन्तै प्राज्ञिक ढंगले गरिएको छ । पुस्तकले अवधी समाजमा पाइने आमा-छोरी, भाइ-बहिनी, र पति-पत्नीबीचको गहिरो भावनात्मक सम्बन्ध र प्रेमलाई लोकगीतका माध्यमबाट प्रष्ट पारेको छ ।

यस पुस्तकका निर्बल पक्षहरूको कुरागर्दा यसमा उनले लोकगीत र परम्परालाई स्थिर रूपमा बढी हेरेका छन् । आधुनिक समयमा समयसँगै अवधी लोकसंस्कृतिमा आएका परिवर्तन र विचलनहरूलाई पुस्तकले पर्याप्त स्थान दिन सकेको देखिँदैन । साथै अवधी भाषा नेपालको तराई (कपिलवस्तु, रुपन्देही, बाँके आदि) र भारतको उत्तर प्रदेशका धेरै क्षेत्रमा बोलिन्छ । तर, उनको यो अध्ययन केही सीमित क्षेत्रका लोकगीत र परम्परामा मात्र बढी केन्द्रित देखिन्छ, जसले गर्दा यसले समग्र अवधी क्षेत्रको प्रतिनिधित्व पूर्ण रूपमा गर्न सक्दैन । पुस्तकमा सङ्कलित कतिपय परम्परागत गीतहरूमा पुरुषप्रधान

सोच वा लैंगिक विभेदका अंशहरू छन् । डा. पाण्डेयले तिनको गहिरो सामाजिक-आलोचना गर्नुभन्दा पनि परम्परा संरक्षणको दृष्टिकोणबाट मात्र प्रस्तुत गरेका छन् ।

यो पुस्तक अवधी लोकसाहित्य र सांस्कृतिक इतिहास बुझ्न चाहने अनुसन्धानकर्ताहरूका लागि आज पनि एउटा आधारभूत सन्दर्भ सामग्री मानिन्छ ।

अवधी का लोकसाहित्य (ई.सं.१९७१), रोहतगी, डा. सरोजनी

डा. सरोजनी रोहतगी हिन्दी र अवधी लोकसाहित्य क्षेत्रकी एक प्रतिष्ठित अनुसन्धानकर्ता तथा विदुषी हुनुहुन्छ । उहाँको प्रसिद्ध शोधग्रन्थ 'अवधी का लोक साहित्य' (१९७१) अवधी भाषा, संस्कृति र लोक-परम्पराको गहिरो विश्लेषण गर्ने एक महत्वपूर्ण दस्तावेज मानिन्छ । डा. रोहतगीले यसमा लोकसाहित्यका विधाहरूलाई सङ्कलन मात्रै नगरी तिनको गहिरो बौद्धिक व्याख्या गर्नुभएको छ । उहाँले अवधी लोकगीतहरू (जस्तैः विदाई गीत, सोहर, संस्कार गीत) मार्फत अवध क्षेत्रका महिलाहरूको आन्तरिक पीडा, विद्रोह, र सामाजिक उपस्थितिलाई मार्मिक रूपमा प्रस्तुत गर्नुभएको छ। उहाँको सङ्कलनले लोकजीवनमा महिलाहरूको भूमिकालाई उजागर गर्दछ । अवधी लोकसाहित्यको क्षेत्रमा उहाँको कार्य अत्यन्त व्यवस्थित छ । उहाँले लोकगीत, लोककथा, लोकगाथा र मुहावराहरूलाई वैज्ञानिक ढंगले वर्गीकरण गरेर अवधी क्षेत्रको लोकसंस्कृतिलाई जीवन्त राख्न ठूलो योगदान दिनुभएको छ । उहाँको लेखनले अवधी लोकसाहित्य कसरी शास्त्रीय साहित्य (जस्तैः तुलसीदासको रामचरितमानस) को जग बन्यो र कसरी यसले स्थानीय इतिहासलाई सुरक्षित राख्यो भन्ने कुराको प्रमाणिक विश्लेषण गर्दछ ।

यसको निर्बल पक्ष भन्दाखेरि डा. रोहतगीको विश्लेषण कतिपय ठाउँमा धेरै प्राज्ञिक र शास्त्रीय छ । लोकसाहित्यको मूल आत्मा 'सरलता र ग्रामीण सुगन्ध' हो, तर उहाँको भाषा र दृष्टिकोण कहिलेकाहीँ साधारण ग्रामीण लोकमानसको बुझाइभन्दा माथि र जटिल लाग्दछ । यसै किसिमले अवधी भाषा नेपालको तराई क्षेत्र (कपिलवस्तु, रुपन्देही, बाँके, बर्दिया आदि) देखि भारतको विशाल उत्तर प्रदेश (अवध क्षेत्र) सम्म फैलिएको छ । तर डा. रोहतगीको अनुसन्धान मुख्यतया भारतीय अवध क्षेत्र (लखनऊ, रायबरेली, सीतापुर आदि) मा बढी केन्द्रित देखिन्छ, जसले गर्दा यसको समग्र भौगोलिक विविधता समेटिनबाट केही छुटेको भान हुन्छ । उहाँको कार्य मुख्यतया परम्परागत लोकसाहित्यको संरक्षणमा केन्द्रित छ । आधुनिक समयमा बसाइँसराइ, बजारीकरण र प्रविधिले अवधी लोकसाहित्यमा पारेको प्रभाव र यसको बदलिँदो स्वरूपलाई उहाँको तत्कालीन अनुसन्धानले व्यापक रूपमा समेट्न सकेको देखिँदैन ।

यस प्रकार यस पुस्तकको बारेमा निष्कर्षको रूपमा भन्दाखेरि केही सीमितताका बावजुद, डा. सरोजनी रोहतगीको कार्यले अवधी लोकसाहित्यलाई घरेलु र मौखिक परम्पराबाट उठाएर प्राज्ञिक र उच्च साहित्यिक स्तर प्रदान गर्न मार्गदर्शकको भूमिका खेलेको छ ।

'अवधी लोक साहित्य' (वि.सं.२०७३), त्रिपाठी, विक्रम मणि

नेपाली र अवधी साहित्यका प्रखर अध्येता विक्रम मणि त्रिपाठीद्वारा लिखित तथा नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित 'अवधी लोक साहित्य' (२०७३) र उनका अनुसन्धानात्मक लेखहरूले नेपालको तराई क्षेत्रको अवधी संस्कृतिलाई उजागर गरेका छन् । यस पुस्तकका सबल पक्षहरूको कुरागर्दा उनले यस पुस्तकका माध्यमले तराई क्षेत्रको ओझेलमा परेको अवधी लोकजीवन, लोकगीत र अमूर्त

सांस्कृतिक परम्पराहरूलाई लिखित रूपमा दस्तावेजीकरण गरेर प्रवर्द्धन गरेका छन् । त्रिपाठीको कार्य केवल सङ्कलनमा मात्र सीमित नभई, उनले नेपाल प्रज्ञा-प्रतिष्ठान मार्फत अवधी लोकसाहित्यको गहिरो समालोचनात्मक विश्लेषण प्रस्तुत गरेका छन् । यसका माध्यमले पुस्तौंदेखि मौखिक रूपमा चल्दै आएका अवधी लोककथा, लोकोक्ति, गाउखाने कथा, संस्कार गीत (सोहर, विवाह गीत), श्रमगीत, ऋतु गीत, शृङ्गार गीत, जातिगत गीत र चाडपर्वका परम्परा, यस समाजमा पाइने लोकगाथा, लोकनाटक आदिका बारेमा उसको मुल स्वरूप सहित त्यसलाइ समालोचनात्मक रूपमा विश्लेषण समेतलाई समेटेर पुस्तकको रूप दिई यी सबैलाइ हराउनुबाट बचाएका छन् । उनले नेपालको लुम्बिनी प्रदेश र भारतको अवध क्षेत्र बीचको भाषिक तथा सांस्कृतिक सामीप्यतालाई आफ्नो लेखनमार्फत बलियो रूपमा प्रस्तुत गरेका छन् ।

यस पुस्तकका निर्बल पक्षहरूको कुरागर्दा उनको आफ्नो अधिकांश अध्ययन र सङ्कलन नेपालको कपिलवस्तु, रूपन्देही, बाके जस्ता निश्चित अवधी भाषी क्षेत्रमा मात्र बढी केन्द्रित देखिन्छ, जसले गर्दा समग्र अवधी क्षेत्रको विविधता समेटिन गाह्रो भएको छ । साथै परम्परागत र ऐतिहासिक पक्षलाई बढी जोड दिँदा आधुनिक समयमा अवधी लोकसाहित्यमा आएको विचलन, युवा पुस्ताको अनिच्छा र बसाइँसराइको प्रभाव जस्ता समसामयिक चुनौतीहरूको विश्लेषण केही न्यून छ । यसै किसिमले अवधी भाषा र संस्कृतिको मर्मलाई नेपाली वा अन्य भाषामा हुबहु रूपान्तरण गर्दा कतिपय रैथाने बिम्ब र लोक-संवेदनाहरू मौलिक रूपमा प्रकट हुन नसकेको देखिन्छ ।

अवधी लोक चित्रकला (ई.सं.२०१८), त्रिपाठी, विक्रम मणि

विक्रम मणि त्रिपाठीको नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमार्फत प्रकाशित अर्को पुस्तक 'अवधी लोक चित्रकला' ले ओझेलमा परेको अवधी कला संस्कृतिलाई उजागर गरेको छ ।

उनको अनुसन्धान, प्रस्तुति र अवधी लोकचित्रकला सम्बन्धी अवधारणाका सबल पक्षहरूको कुरागर्दा मिथिला र थारु चित्रकला जस्तै प्रचारमा नआएको अवधी लोककलालाई पहिलो पटक पुस्तकको रूपमा व्यवस्थित अभिलेखीकरण गर्नु उनको सबैभन्दा ठूलो सबल पक्ष हो । उनले यसमा अवधी क्षेत्र (विशेष गरी कपिलवस्तु, रूपन्देही र बाँके-बर्दिया) का स्थानीय भित्तेचित्र, चाडपर्वका कला (जस्तैः नागपञ्चमी, दीपावलीमा बनाइने चित्र) लाई मौलिक रूपमै समेटेका छन् । उनको यो पुस्तक नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध भएकाले अवधी कलालाई स्थानीयस्तरका साथै अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन सहयोग पुगेको छ । उनले यसमा कलाको माध्यमबाट अवधी समुदायको धार्मिक आस्था, लोकजीवन, र प्रकृतिसँगको सम्बन्धलाई उनले सुन्दर ढंगले व्याख्या गरेका छन् ।

यस पुस्तकको निर्बल पक्षहरूको कुरागर्दा त्रिपाठीको अनुसन्धान अघि यस विधामा धेरै कम पुस्तक वा अनुसन्धानहरू भएकाले यसको ऐतिहासिक विकासक्रम र शैलीगत वर्गीकरणको लिखित दस्तावेज निकै सीमित छ । यो रैथाने कलालाई संरक्षण गर्नका लागि यसलाई आधुनिक क्यानभास, कपडा र हस्तकलाका सामग्रीमा प्रयोग गरी व्यावसायिक बजारसँग जोड्न आवश्यक देखिन्छ ।

अवधी लोकगीत विरासत (ई.सं.२०२०), सिंह, डा. विद्या विन्दु

डा. विद्या विन्दु सिंहको 'अवधी लोकगीत विरासत' अवधी लोकसाहित्य र संस्कृतिको संरक्षणमा एक कोशढुङ्गा मानिन्छ । अवधी भाषा, साहित्य र लोकसंस्कृतिको उत्थानमा पुऱ्याएको अतुलनीय योगदानकै कारण उहाँलाई भारत सरकारले पद्मश्री पुरस्कार (२०२२) बाट सम्मानित गरेको हो । उहाँको यस

लोकगीत विरासत तथा कृतिका सबल पक्षहरूको कुरागर्दा मौखिक परम्परामा मात्र सीमित रहेका र हराउन लागेका सयौँ रैथाने अवधी लोकगीतहरूलाई सङ्कलन गरी पुस्तकको रूपमा लिखित दस्तावेज बनाउनु यस विरासतको सबैभन्दा ठूलो सबल पक्ष हो । उहाँले आफ्नो सङ्कलनमा सोहर, बधावा, मुण्डन, विवाहका गीत (गारी), ऋतु गीत (कजरी, फगवा), श्रम गीत र विविध चाडपर्वका गीतहरू समेट्नुभएको छ । यसले गर्दा अवधी समाजको सिंगो जीवनचक्र बुझ्न सहज हुन्छ । डा. सिंहले यस पुस्तकमा लोकगीतमा अन्तरनिहित प्रकृति पूजा र सामाजिक परम्परालाई गहिरोसँग उजागर गर्नुभएको छ, जसले मानव र प्रकृतिबीचको ऐतिहासिक सम्बन्धलाई प्रष्ट पार्छ । यसै किसिमले अवधी लोकगीतहरू मुख्यतया महिलाहरूद्वारा गाइने र हस्तान्तरण हुने विधा हुन् । डा. सिंह आफैँ महिला भएकाले उहाँले लोकगीतमा लुकेका नारीका सुख, दुःख, संवेदना र भोगाइलाई संवेदनशीलताका साथ प्रस्तुत गर्नुभएको छ । सङ्कलित गीतहरूमा मौलिकता नमरिओस् भन्नका लागि ग्रामीण भेगमा बोलिने रैथाने अवधी शब्दावलीको प्रयोग गरिएको छ, जसले पाठकलाई सिधै अवध क्षेत्रको माटोसँग जोड्छ । यसै किसिमले यसको निर्बल पक्षहरू भन्दाखेरि यो कृति मुख्यतया साहित्यिक र शाब्दिक सङ्कलनमा केन्द्रित छ । कतिपय गीतहरूमा पुराना र संकुचित क्षेत्रीय अवधी शब्दहरू प्रयोग भएका छन् । अवध क्षेत्र बाहिरका वा गैर-अवधी पाठकका लागि ती शब्दहरूको विस्तृत अर्थ वा टीका नहुँदा गीतको मूल मर्म बुझ्न कठिन हुन सक्छ । पुराना लोकगीतहरूमा कतिपय ठाउँमा पितृसत्तात्मक सोच, अन्धविश्वास वा लैङ्गिक विभेद झल्किने प्रसंगहरू पनि हुन्छन् । सङ्कलनमा त्यस्ता पक्षहरूको आलोचनात्मक विश्लेषण वा आधुनिक दृष्टिकोणको कमी देखिन्छ ।

डा. विद्या विन्दु सिंहको यो कार्यले एकातिर अवधी संस्कृतिको गौरवशाली इतिहासलाई जीवन्त राखेको छ भने अर्कोतिर लोकसाहित्यको वैज्ञानिक वर्गीकरण र आधुनिक पुस्ता अनुकूल प्रस्तुतीकरणमा केही सुधार गर्नुपर्ने ठाउँहरू पनि देखाउँछ ।

अध्याय-२

अवधी भाषा र लोकवार्ता

२.१. अवधी भाषा

अवधी भाषा नेपाल तथा भारतको एउटा विशाल भुभागमा बोलिन्छ । नेपालमा अवधी भाषालाइ संवैधानिक रूपमा राष्ट्र भाषाको मान्यता प्राप्त छ । यसै किसिमले संवैधानिक रूपमा अधिकार प्राप्त भाषा आयोग, नेपालले अवधी भाषालाइ लुम्बिनी प्रदेशकोलागि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सिफारिस गरेको छ । नेपालको राष्ट्रिय जनगणनाहरूमा अवधी भाषाको निरन्तर अभिलेख छ । शिक्षाको हकमा नेपालमा यस भाषाको पढ़ाइ प्राथमिक तहदेखि आरम्भ भएर उच्च माध्यमिक तह सम्म पढ़ाउनकोलागि स्वीकृति प्राप्त भइसकेको छ । नेपालको साथै भारतको उत्तर प्रदेश, मध्य प्रदेश तथा छत्तिसगढ राज्यको विशाल भुभागमा अवधी भाषा सामाजिक जीवनमा प्रचलनमा छ । भारतमा यस भाषालाइ हिन्दी भाषाको बोलीको रूपमा मान्यता प्राप्त छ ।

अवधी भाषा कुनै जातजाति विशेषको भाषा होइन । यो समुदायको भाषा हो । यस समुदायभित्र विभिन्न जातजातिहरू संरचनागत प्रकार्यमा रहेर बसोबास गर्छन । यसै किसिमले अवधी नेपाल तथा भारतको अन्तरसीमावर्ती भाषा हो । अन्य भाषाहरूको निरन्तर सम्पर्कबाट प्रभावित भएको कारणले अवधी भाषामा भाषिका भिन्नता पाइन्छ । अद्यावधिक भारतीय अवधी भाषाको सामाजिक भाषिकाहरूको छुट्टाछुट्टै अध्ययन भएको पाइदैन ।

यसै किसिमले, नेपालमा बोलिने अवधी भाषाको सामाजिक भाषिकाहरू त्यो विधिले पाइदैनन । यद्यपि यहा सामाजिक भाषिकाको बीच उमेर, लिङ्ग र शिक्षा या भूगोलको आधारमा न्यून भिन्नता पाइन्छन । अवधी सामाजिक भाषिका बीचको आन्तरिक लोकतन्त्र र परस्पर कुराकानी उच्च र निम्न दुबै मध्यतिर ढल्किएको हेर्न पाइन्छ । सामान्यत: अवधीको भाषिकाहरू बीच जातिगत भेदभन्दा भौगोलिक भेद बढी हेर्न पाइन्छ । नेपाल र भारत दुबै देशमा बोलिने भाषिकाहरू बीच प्रकार्यात्मक बोधगम्यता हेर्न पाइन्छ ।

अवधी भाषाको लेख्य परम्परामा दुइ किसिमका लिपि कैथी तथा देवनागरी प्रचलनमा थिए (सक्सेना, १९७२, पृ.१७) । जसको उद्गम तथा विकास ब्राह्मी लिपि (इ.पू. तेस्रो शताब्दीका सम्राट अशोकको अभिलेखनमा आधारित) भएको पाइन्छ । कैथी लिपिको प्रयोग विशेष गरेर व्यापारीहरूको खाता व्यवस्थापनकोलागि प्रयोगमा ल्याएका थिए । वर्तमान समयमा कैथी लिपि प्रयोगमा छैन, यो लिपि सिमित प्रयोग बाहेक प्राय: लोप भइसकेको छ । अवधी भाषामा देवानागरी लिपिको प्रचलन भाषा सिखाइ, टङ्कणको सुविधा अथवा हिन्दीको लेख्य परम्पराको प्रभावको कारण यस्तो भएको हुन सक्छ ।

२.१.१. अवधी भाषाको नामकरण

अवधी शब्दको व्युत्पत्ति सं.'अयोध्या' शब्दबाट मानिन्छ । ध्वनि परिवर्तनको दृष्टिले संस्कृत साहित्यमा प्रयुक्त यो 'अयोध्या' शब्द पाली, प्राकृत तथा अपभ्रंशको रचनाहरूमा 'उज्झह', 'अउज्झा', 'अवज्झा' हुदै आएको छ । मुस्लिम आक्रमणकारीहरूको ध्वनि सुकरताको दृष्टिले वहाहरूले यही 'अउज्झा', 'अवज्झा' शब्दको उच्चारण क्रमश: 'अयुध्या' र 'अवध्या'को रूपमा गर्न थाले । यही पछि आएर लोदी वंशको शासन कालसम्म 'अउध' र 'औध'को रूपमा उच्चारित हुन थाल्यो । यही 'अउध' र 'औध'को

परिवर्तित रूप 'अवध' हो । यही अवध शब्दमा सम्बन्ध सूचक 'इ' प्रत्यय जुडनाले 'अवधी' शब्द बन्यो । शब्द निर्मितिको अनुसार 'अवधी'को अर्थ हुन्छ - अवधको वा अवधसित सम्बन्धित । यस प्रकार सामान्य र भाषा विशेषको अर्थमा 'अवधी'बाट अवध क्षेत्रको भाषालाइ बोध गराउछ ।

यसै किसिमले अवधी भाषाको नामकरणलाइ शब्दार्थका विचारले यस भाषाको नामकरण उत्तर भारतको प्रचीन राज्य अवधसँग सम्बन्धित छ । अवध शब्द हिंसार्थक 'वध' धातुद्वारा पाणिनीय व्याकरणका आधारमा 'अच' प्रत्यय जोडिएर बनेको छ । यस शब्दको व्युत्पत्ति 'नवधः अवधः' रहेको पाइन्छ । अयोध्या शब्दसँग पनि यस शब्दको व्युत्पत्ति सम्बन्धित भएको पाइन्छ । जस्तो कि हिंसार्थक 'युध' धातुबाट योध्य/योध्या बन्छ । 'न युध्या' अर्थात 'अयोध्या' । यस प्रकारको यसको व्युत्पत्ति र विग्रहका आधारमा विना कुनै शङ्का यो भन्न सकिन्छ कि अयोध्या र अवध दुवै हिंसारहित क्षेत्र अर्थात शान्ति क्षेत्रका रूपमा परिचित छन ।

वर्तमानमा यो क्षेत्र अन्तर्गत पश्चिमी नेपालको तराइ-मधेशका अलावा भारतको उत्तरी क्षेत्र अर्थात उत्तरप्रदेश राज्य अन्तर्गतको विशाल भूभाग यस भाषाको क्षेत्र अन्तर्गत पर्दछ । वर्तमान मा अवध राज्य वा जनपद नरहे पनि त्यस भेगमा बोलिने भाषालाइ अवधी भाषा भनिन्छ ।

२.१.२. अवधी भाषाको उत्पत्ति र विकास

अवधीको उत्पत्तिको विषयमा विद्वानहरू एकमत छैनन । आचार्य रामचन्द्र शुक्लका अनुसार 'अवधीको उदगम स्थल नागर अपभ्रंश हो । शुक्लजीको अनुसार अपभ्रंश या प्राकृत कालको काव्य भाषाको उदाहरणमा आजभोलिका अलग अलग बोलीहरूका मुख्य मुख्य रूपमा बिउ या अंकुर देखा परेका छन । यसमा अवधी आदिका स्वरूप स्पष्ट रूपमा पाइन्छन । यी मध्ये व्रज तथा अवधीको भेदहरूमा केही विचार गर्नं आवश्यक छ...।'

श्री नामवर सिंहको मत आचार्य शुक्लजीभन्दा फरक छ । उनको मतानुसार, 'व्रज भाषाको प्रारम्भिक इतिहास शौरसेनी अपभ्रंशबाट सम्बद्ध भएको भन्न सकिन्छ । तर अवधीको कुनै साहित्यिक अपभ्रंशको थाहा हुदैन ।.....अवध प्रान्त शूरसेन तथा मगधको बीचमा भएको कारणले अवधी दुवै क्षेत्रका भाषा सम्बन्धी विशेषताहरूबाट युक्त भएको पाइन्छ । वर्तमान भाषाहरू मध्ये पुर्व शूरसेनमा शौरसेनी अपभ्रंश तथा मगधमा मागधी अपभ्रंश भएकोले यी दुबैको मध्य भागमा अर्ध मागधी अपभ्रंश प्रचलनमा थियो होला । यसै अनुमानको आधारमा अर्ध मागधीबाट अवधीको उदगम भएको अनुमान गरिन्छ ।'

ग्रियर्सनले पनि अवधीको उत्पत्तिलाइ भौगोलिक दृष्टिकै आधारमा निश्चित गर्ने प्रयास गरेका छन । उनको मत छ कि अवधीको जन्म अर्ध मागधीबाट भएको हो । व्रज भाषाका मर्मज्ञ र सुकवि जगन्नाथ रत्नाकरको मतानुसार अवधीको विकास शौरसेनीबाट भएको हो र अवध प्रदेश या कौशल प्रान्त शौरसेनी कै अन्तर्गत सम्मिलित छ । इवोल्युसन अफ अवधीका लेखक डा. बाबुराम सक्शेनाको अनुसार 'अवधी अर्धमागधीबाट भाषागत विभिन्नताहरूको कारण पर्याप्त टाढा छ, तर पालिबाट यसको पर्याप्त साम्य र नैकट्य प्रतीत हुन्छ ।'

महाविद्वान राहुल सांकृत्यायनका अनुसार कोशल जनपदको नाम परिवर्तित भएर राजधानीका कारणले अवध भयो । त्यसैले यस भाषाको नाम कोशेलीबाट अवधी हुन गयो । अवधीको विकासक्रम हेर्दा, उपनिषद् कालको बोलचालको वैदिक भाषा बुद्ध काल(छैंटो, पाँचौं इ.पू.) का कोशेली पालीको रूपमा

परिवर्तित भयो । (बुद्धकालमा उत्तरी भारत तथा वर्तमानमा नेपालको तराइ-मधेश क्षेत्रमा बोलिने हरेक भाषाहरूसँग यसको निकटता रहेको देखिन्छ ।) यही कोशेली प्रभावित पालीबाट कोशेली (अवधी) अपभ्रंशको विकास भयो । भाषाशास्त्रीय अध्ययनले अवधी भाषालाइ भारोपीय परिवारको मध्यकालीन भारतीय आर्य भाषासँग जोडेको छ । डेढ हजार वर्षको यो कालखण्ड ५०० इ.पू. देखि १००० इ. सम्म रहेको देखिन्छ । प्राकृत कालखण्डको अवधिको तेस्रो काल (५०० इ. देखि १००० इ.) को भाषाकाललाइ अपभ्रंश काल मान्न सकिन्छ । यही अपभ्रंश कालको कोशेली (अर्धमागधी अपभ्रंश)बाट बोलीचालीमा रहेको वर्तमान अवधी भाषाको विकास भएको पाइन्छ ।

अब यदि यी सबै मतहरूको विवेचना गर्ने हो भने रत्नाकरजीको मत भाषा विज्ञानको दृष्टिले निराधार सिद्ध हुन्छ । शौरसेनी व्रज भाषाको उदगम स्थल हो, अवधीको होइन । व्रज भाषा र अवधीको शब्द समुह, व्याकरण तथा वाक्य सङ्गठनमा व्यापक फरकपन छ । अवधी पुर्वी समुहको भाषा हो र व्रज पछाही समुहको । डा. बाबुराम सक्शेनाको अभिमत धेरै स्पष्ट छैन । उनी कुनै विशेष निष्कर्षमा पुग्न सकेका छैनन । उनको अनुमान छ कि अवधी जैन अर्ध मागधीबाट होइन, बरू त्यसभन्दा पनि पहिलेको कुनै अर्धमागधीबाट उत्पन्न भएको हो । यस अलमलमा अस्पष्टता र संकोच स्पष्ट छ । ग्रियर्सनजीको मतलाइ हेर्ने हो भने, 'उनको मतानुसार अति भौगोलिक भएको कारणले अनुमान मात्रै हो । वैज्ञानिक अध्ययनमा अनुमानको कुनै ठाउ हुदैन । उनले अर्ध मागधीबाट उत्पन्न भएको उल्लेख त गरेका छन, तर त्यसकोलागि कुनै तर्क दिएका छैनन ।

अवधी भाषा नितान्त प्राचीन र महाकाव्य रचनाको गौरवशाली चरणबाट अगाडि आएको छ । वंशावलीको आधारमा अवधीको भाषाको माता-अवधी(कोशेली) अपभ्रंश, मातामही- कोशेली प्राकृत, प्रमातामही कोशेली पाली तथा वृद्ध प्रमातामही वैदिक(प्राकृत) भाषा हो ।



स्रोत : १. भाषा विज्ञान (अड़तालिसवा संस्करण) (२००४ ई. सं.) डा. भोलानाथ तिवारी, किताब महल २२ ए, सरोजनी नायडू मार्ग, इलाहाबाद, २. हिन्दी साहित्यका बृहद्ध इतिहास (षोड्स भाग, लोक साहित्य) (२०१७ वि.सं.), पं. राहुल सांकृत्यायन, डा. कृष्णदेव उपाध्याय, नागरी प्रचारिणी सभा, काशी ।, ३. हिन्दीका राष्ट्रभाषा के रूप मे विकास (१९७० ई.सं.), डा. शिवराज शर्मा, आत्माराम एण्ड सन्स, नई दिल्ली ।

यसलाइ वर्तमानमा प्रचलित भाषिक तालिका अनुसार अवधी भाषाको भाषिक परिवार यस प्रकार रहेको छ :



२.१.३. अवधी भाषाभाषी क्षेत्र र जनसङ्ख्या



राजनीतिक किसिमले देशको क्षेत्र निर्धारण गरे जस्तो भाषाको निश्चित क्षेत्र तोक्न अलि गाह्रो हुन्छ । नेपालको र भारतको विशाल क्षेत्र अवधी भाषाभाषी क्षेत्रका रूपमा आउँछ । भाषिक सीमाको आधार भन्नुपर्दा यसको पूर्वमा भोजपुरी, पश्चिममा कन्नौजी, उत्तरमा थारू र नेपाली, तथा दक्षिणमा उडिया, तेलगू, मराठी, राजस्थानी आदि भाषा बोलिन्छन । यसका साथै फिजी, मारिसस, त्रिनिदाद, टोबागो, गयाना, सुरिनामसहित अस्ट्रेलिया न्युजिल्यान्ड, हल्यान्ड आदि देशहरूमा लाखौँको सङ्ख्यामा अवधी भाषा बोल्नेहरू रहेका छन ।

नेपालमा अवधी भाषा खास गरेर नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्ला अर्थात वर्तमान लुम्बिनी तथा सुदूर पश्चिम प्रदेश अन्तर्गत पर्ने तराइ-मधेशका लगभग सम्पूर्ण जिल्लामा बोलिन्छ ।

वर्तमानमा यो क्षेत्र अन्तर्गत पश्चिमी नेपालको तराइ-मधेशका अलावा भारतको उत्तरप्रदेश राज्य अन्तरगतको हरदोइ, लखनउ, उन्नाव, रायबरेली, सीतापुर, लखिमपुर, फैजाबाद, गोन्डा, बलरामपुर, सिद्धार्थनगर, वस्ती, बहराइच, सुल्तानपुर, प्रतापगढ, बाराबङ्की इलाहाबाद आदि जिल्ला आउछन ।



Source: SIL International, 2011

वर्तमान मा अवध राज्य वा जनपद नरहे पनि त्यस भेगमा बोलिने भाषालाइ अवधी भाषा भनिन्छ । उपाध्यायको अनुसार (१९९० इ. : १०७) यस क्षेत्रको उत्तरमा नेपाल, पुर्वमा भोजपुरी क्षेत्र, दक्षिणमा बघेली क्षेत्र तथा पश्चिमतिर बुन्देली र कन्नौजी क्षेत्र पर्दछन । भाषिक सीमा निर्धारितगर्दा यसको पुर्बमा भोजपुरी, पश्चिममा कन्नैजी, उत्तरमा थारू, नेपाली र दक्षिणतिर उडिया, तेलगु, मराठी, राजस्थानी आदि भाषा बोलिन्छन ।

वि.स.२०७८ (सन २०२१) को जनगणना अनुसार नेपालमा कुल अवधी भाषाभाषीहरूको जनसङ्ख्या ८,७४,२७६ (२.९६ प्रतिशत) रहेको छ । भारोपीय भाषा परिवारसँग जोडिएको यो भाषालाइ कहीं अवदी, अबोही, अमबोधी, वैश्वारी, लखनवी, कोशली, देहाती आदि नामले पनि चिनिन्छ । यसका केही भाषिकाहरू पनि रहेका छन् जसलाइ गंगापारी, मिर्जापुरी, प्रतापगढी, दिहाती, थारू, परदेशी, फिजी हिन्दी, पूर्वी बोली आदि रहेका छन् ।

अवधी भाषाको पारम्परिक लेख्य परम्परामा निम्न किसिमका लिपिहरू प्रचलनमा रहेको पाइन्छ : देवनागरी, र कैथी । जस मध्ये वर्तमान समयमा देवनागरी लिपि निकै लोकप्रिय रहेको छ ।

भौगोलिक रूपमा हेर्दाखेरि अवधी भाषाको पूर्वमा भोजपुरी, उत्तरमा थारू तथा नेपाली, पश्चिममा व्रजभाषा तथा दक्षिणमा उड़िया, वघेली तथा छत्तिसगढ़ी भाषा चलनचल्तीमा रहेको पाइन्छ । राहुल सांकृत्यायन तथा त्यसपछिका भोजपुरी पृष्टभुमीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सक्रिय भएका समाजशास्त्री तथा भाषाशास्त्रीहरूले अवधी भाषी क्षेत्रको पूर्वी भाग प्राचीन कोलीय गणराज्य तथा काशी महाजनपदमा प्रचलित भाषिक स्वरूपलाइ कौशिकी भाषिका, नामकरण गरि भोजपुरी भाषामा राख्न खोजेता पनि यो क्षेत्रमा बोलिने भाषा भोजपुरी भन्दा अवधी भाषासित धेरै नजिक रहेको तथा यी क्षेत्रमा मनाइने सांस्कृतिक पर्व, संस्कार आदि अवधी संस्कृतिसित मिल्दो जुल्दो रहेकाले र यी क्षेत्रहरू ऐतिहासिक रूपले अवध राज्यकै अङ्ग भएकोले मैले यी क्षेत्रलाइ पनि अवधी भाषी क्षेत्रकै रूपमा नै यहाँ चिन्हित गरेको छु ।

यस्तै भारतमा सन १९७१ को जनगणनाअनुसार त्यहाँ अवधी भाषीहरूको जनसङ्ख्या २,८३,९९,५५२ रहेको छ । विश्वभाषा सूचीमा अवधी भाषा २९औँ स्थानमा रहेको छ ।

तालिका १: जिल्लागत भाषिक तथ्याङ्क

जिल्ला	२०२८ साल	२०३८ साल	२०४८ साल	२०५८ साल	२०६८ साल	२०७८ साल
नवलपरासी	३५,६२६	६०	७६	५४	१११	४६०
रुपन्देही	७०,४४०	९	४,३३०	४,२००	५६,११५	१,१३,७८६
कपिलवस्तु	१,६४,५५	१,७१,०१२	२,४८,८६१	३,४३,७२७	२,८४,७०१	४,५७,००५
दाङ	१,२८१	३२६	५,३७८	९,८५६	१०३०३	१४,०२९
बाँके	३७,९९६	५९,९०३	९७,५१०	१,७०,३९२	१,१६,४७७	२,२४,१४४
बर्दिया	३,३२२	१,०६९	१५,६१५	२७,४८४	३०,४३०	४५,२५२
कैलाली	११७	४५	५१	३०९	६५	२,९२४
कञ्चनपुर	४७	४६	१४	१३४	९१	१८३

स्रोत : राष्ट्रिय जनगणना २०२८, २०३८, २०४८, २०५८, २०६८ र २०७८ केन्द्रिय तथ्यांक विभाग

२.२. अवधी लोकसमाजको एतिहासिक स्वरूप

अवधी लोक समाज आर्य परिवार भित्रको एउटा समाज हो । ऐतिहासिक रुपले हेर्दा ऋग्वेदिक आर्यहरूको भूगोल दिल्लीको नजिक यमुना नदीको आसपासमा भएर समाप्त हुन्छ । त्यसको तीनचार सय वर्षपछि उपनिषद् तथा महाकाव्यकाल (आठौं-नवौं शताब्दी इसापूर्व) मा आएर आर्यहरूको फैलाव कोसलभन्दा धेरै पूर्व विदेह (तिरहुत) सम्म भएको पाइन्छ । तर आर्यहरू आउनुपूर्व कोसल भूमि निर्जन थिएन । मङ्गोलियन मोनख्मेर तथा निषादहरू यसभन्दा पहिलेदेखि यस क्षेत्रमा बसोवास गर्न थालेका थिए । सम्भवतः सिंधु उपत्यकाबाट द्रविडहरू पनि आर्यहरू आउनुभन्दा पूर्व नै यस क्षेत्रमा पसिसकेका थिए ।

त्यतिबेला यस क्षेत्रलाइ कोशल भनिन्थ्यो । विशाल क्षेत्र ओगटेको हुँदा कोशललाइ उत्तर कोशल र दक्षिण कोशल भनेर दुइ भागमा बाँडिएको थियो । बुद्ध कालमा रहेका प्रसिद्ध प्रदेशहरू मध्ये कोशलको विशेष स्थान रहेको पाइन्छ । त्यतिबेलाको कोशल उत्तरमा नेपालसम्म फैलिएको थियो । वेदमा कोशलको नाम उल्लेख भएको पाँइदैन तर रामायणमा कोशलको राजधानी अयोध्या रहेको र अयोध्या समेत त्यतिबेला प्रसिद्ध नगर रहेको देखिन्छ । त्यतिबेला अयोध्या, साकेत र श्रावस्ती तीनवटा प्रसिद्ध नगरहरू रहेको उल्लेख पाइन्छ । अयोध्या सरयू नदीको किनारमा छ, श्रावस्ती अचिरावती (ऐरावती/राप्ती) नदीको किनारामा अवस्थित छ । अवध क्षेत्रमा भगवान श्रीरामचन्द्र र भगवान बुद्धको जन्म भएको छ । त्यसैले पनि अवध क्षेत्रलाइ विशेष पावन भूमिका रूपमा लिइन्छ (उपाध्याय, १९९०इ. १०७-१०८) ।

अवधी समाज यही प्राचीन कोशल राज्य अन्तरगत वसोवास गर्दै आएको समाज हो । धार्मिक रूपमा हिन्दु तथा इस्लाम धर्मावलम्बीहरूको साझा समाजको रूपमा रहेको समाजको यस क्षेत्रलाइ मुस्लिम शासनकालमा अवध राज्यका नामले नामाकरण गरियो तथा यस क्षेत्रमा बोलिने भाषालाइ अवधी भाषा भनियो ।

अवधराज्यलाइ पूर्वकालमा महाभारत, जातककथा, रामायण, जैनग्रन्थ उत्तराध्ययनसूत्र र भासका स्वप्नवासभदत्ता नाटकका आधारमा उत्तरपांचालक्षेत्र (गंगाको उत्तरी भाग) अन्तर्गत राख्न सकिन्छ । मनुस्मृतिको भौगोलिक सीमांकनमा कोशल-अवध राज्य जम्बुद्वीपको मध्यदेश (बौद्ध साहित्यको मभिझम प्रदेश) भित्र पर्दछ । बौद्ध साहित्यअनुसार बुद्धकालका चार ठूला राज्यहरू थिए- कोशल, अवन्ति, वंश (वत्स) र मगध । यसकालमा कोशलका प्रख्यात राजा प्रसेनजित थिए । कोशलसँगै केही गणराज्यहरूबारे उल्लेख अंगुत्तरनिकाय, जैन भगवतीसूत्र, दीघनिकाय, पाणिणीका अष्टध्यायीमा पनि पाइन्छ । शतपथ ब्राह्मण र शांखायन श्रौतसूत्रबाट आर्य संस्कृतिका मुख्य तीन केन्द्र - काशी, कोशल र विदेह मांझ घनिष्ट सम्बन्ध रहेको बारे सूचना पाइन्छ ।[1]

[1] पं. राहुल सांकृत्यायन, हिन्दी साहित्यका वृहद इतिहास,लोक साहित्य खण्ड,षष्टम भाग वि.सं.२०२५, १८१, "-पहले की जातियो की भाषाए अभी प्रचलित ही थी । जबकि आर्यो का एक जन(कविला) कोसल के इस भूमि में आया । सप्तसिंधु(पञ्जाब) के पाँच मूल जनो और एक दर्जन से उपर शाखा जनो में से किसके साथ कोशलजन का सम्बन्ध था, वह कहना कठिन है । कुरु प्राचीन पंचजनो मे से पुरुओ के बंशधर थे । पंचाल में पाँचो जनो ने अपना घर(आल) बनाया था । कोसलो ने बहुत विस्तृत भुमी अपनायी थी, जिसमे प्रायः सारा वर्तमान अवध सम्मिलित था ।"

महाभारतको कर्ण पर्वमा पांचाल कोशल काशी आदिका निवासीलाइ भाग्यशाली धार्मिक र सदाचारी भनिएको छ ।[2] कोशल राज्य पछिको विस्तार लगभग अवध राज्यजत्रै थियो । यो पूर्वमा गण्डकी (सदानीरा, माही), पश्चिममा राप्ती, दक्षिणमा सर्पिका (साइ) नदी र उत्तरमा चुरे-महाभारत पर्वतमाझ रहेको थियो । कोशल राज्य पनि दुइ भागमा बाँडिएको थियो र यो विभाजनको रेखा, (जहाँ शिक्षाका ओचा कणव आदि अनेक ऋषि रहेका थिए), सरयू नदीले कोरेको थियो । उत्तर कोशलको राजधानी श्रावस्ती थियो र दक्षिण कोशलको कुशावती । यसबाहेक साकेत, अयोध्या, सेतव्या, उक्कट्ठ र कीटागिरी आदि अनेक ठूला-साना नगरहरू त्यस राज्यमा थिए । काशीमाथि विजय गरी कोशल राज्य अझै ठूलो भएको पाइन्छ । बुद्धकाल (६००-५०० इसापूर्व) मा शाक्यमुनिका परमभक्त कोशलराज प्रसेनजित थिए । उनले लिच्छवि राजकुमार महाली र कुसिनाराका मल्ल राजकुमारसँगै तक्षशिलामा अध्ययन गरेका थिए । श्रावस्तीका राजा प्रसेनजित बुद्धका अत्यन्त भक्त, एउटै उमेर (भगवापि आसीतिको अहंपिं आसीतिको, मज्झिम निकाय, २-१२४), ८० वर्षका थिए । उनको एउटा चित्र भारहुतको स्तुपमाथि रहेको शिलापत्रमा कुँदिएको छ जहाँ 'राजा प्रसेनजित् कोसलो' र 'भगवतो धम-चकम' अभिलेख पाइएको छ । शाक्यमुनिको पटक-पटक दर्शन र प्रवचन सुन्न जाने प्रसेनजितले शाक्यहरूसँग एउटा राजकुमारी विहाका लागि माग्दा शाक्यहरूले छल गरी शाक्यकुमारी सट्टा राजा महानामको दासीपुत्री वासभखत्तिया दिएका थिए । वासभखित्तयाबाट उनको विडूडभ नामको छोरो जन्मियो । जब विडूडभले ठूलो हुँदा त्यो कुरा थाहा पाए उनको मनमा शाक्यहरू विरुद्ध घृणा उत्पन्न भयो । शाक्यहरूसँग बदला लिने उद्देश्यबाट प्रेरित भएर, भगवान बुद्धले दुइपटक रोक्दै गर्दा पनि उनले कपिलवस्तु नगर र शाक्यहरूको नाश गरे । त्यो नगरको विनाश भएपछि शाक्यहरू पिप्पलिवन र नेपाल आदि अनेक देशमा गएर बसेका थिए । हुन त आफ्नै बुवा प्रसेनजितविरुद्ध विद्रोह गरेका र त्यसै कारण पिताको मृत्युकारक बनेका विडूडभको पनि अचिरवती (राप्ती) नदी तर्न लाग्दा बाढीले बगाएर मृत्यु भयो (धम्मपद् अष्टकथा, १-३५९) ।[3]

---

[2] डा. हेमचन्द्र रामचौधरी, प्राचीन भारतका राजनीतिक इतिहास, २००७, ११७, "कोशलाः काशयोअगाश्च-महाभागा धर्मम् जानन्ति शाश्वतम्"

[3] हिन्दू सभ्यता, १९७५, ११० । A.L. Basham (in The Wonder that was India, 1967, 45) writes-- In the 6th century B.C. the age in which the history appears in India was one of great intellectual and spiritual ferment. The age of Buddha, when many best minds were abandoning their homes and professions for a life of asceticism as a means to salvation -- (and) by now) the focus of civilization had shifted eastwards." यस्तै त्यस बखतको एउटा राम्रो ऐतिहासिक चित्रण डा. के.एम. मुन्शीले निम्न बमोजिम प्रस्तुत गरेको पाइन्छ - '"Vast conflicts were waged by the Aryan tribes with -- the non-Aryans -- (afterwards) -- The race mingled, customs and beliefs were adjusted, a new harmony was involved -- An unshakable collective consciousness had already taken deep roots in the racial mind, -- Bharat, possibly the eponymous ancestor of the main tribe who fought in the Bharat War, held sway and gave his name to the land. The (Aryan's) intellectual audacity had ranged over the meaning and purpose of life and expressed in the Upanishads. The self discipline implied a double process, the relinquishment of the greed for life and the broadening of the personal self into a universal self. The end of this discipline was variously named, self realization (Siddhi) emancipation (Mukti or Moksha), freedom (Nirvan), enlightenment (Jnana) (and) bliss (Ananda) -- Buddha left a lasting influence on Dharma first he was revered as an ascetic reformer, (afterwards) -- he became a divinity. Buddha assumed without royalty the role of the Chakravartin ruling by Dharma" (The Age of Imp. Unity, 1953, forward, viii-xv).

जसरी कि पहिला नै चर्चा गरिएको छ, प्राचीनकालमा कोशलकाका राजा विडूढबले बुढेसकालमा बिहे गर्दा, शर्तबमोजिम आफ्नी जेठीपट्टिका सन्तानहरूलाइ देश निकाला गरेका थिए । यसरी निष्काशित राजकुमार र राजकुमारीहरूको राप्ती नदीको किनारै-किनार हुँदै उत्तरतिर लागेर हिमाल पर्वत नजिकको एउटा पोखरीकिनार शालजंगलमा आइपुगे । त्यहीं वनमा तपस्या गरिरहेका कपिलमुनिको निर्देशन बमोजिम उनले एउटा नगरको स्थापना गरे जसको नाम कपिलवस्तु राखियो । कपिलवस्तु नगर शाक्य गणराज्यको राजधानी बन्यो । शाल (साखू)को जंगलक्षेत्रमा बास बसेका हुनाले त्यहाँका निवासीलाइ शाक्य भन्ने नाम दिइयो ।[4] सिद्धार्थलाइ सुत्तनिपात (४२२-२३) मा उत्तम र अविच्छिन्न क्षत्रिय वंश र गौतम गोत्रका थिए भन्ने परिचय गराइएको छ । उनको बुबाको नाम थियो शुद्धोदन र आमा मायादेवी थिइन् । सिद्धार्थको जन्म थेरवादअनुसार ६२३ इसापूर्वमा भएको थियो तर अहिलेको खोजीअनुसार त्यो मिति ५६०-६६ इसापूर्व हुन आएको छ ।

यसरी स्थापित शाक्य गणराज्य(वर्तमान रूपन्देहीको पश्चिमी भुभाग, कपिलवस्तु तथा दांगको राप्ती नदी देखिको पुर्वी भुभाग)का साथै तत्कालीन कोलिय गणराज्य(वर्तमान नवलपरासी तथा रूपन्देही जिल्लाको पुर्वी भाग)तथा कोशल महाजनपद(वर्तमान दांगको राप्ती नदी देखिको पश्चिमको भुभाग देखि कञ्चनपुर सम्मको भुभाग)का केही भुभाग वर्तमानमा नेपालको अवधी भाषभाषी क्षेत्रका रूपमा रहेका छन ।

अवध क्षेत्र पाषाण युगमा समेत मानवहरू घुमफिर गर्ने थलो थियो भन्ने देखिन्छ । त्रिपाठीका अनुसार (२०६२ : १) बर्दियाको दानव तालबाट मानव सभ्यताको सर्वाधिक पुरानो प्राक्चेलियन हतियार, बुटवलबाट रामापिथेकसको नरपाषाणकालीन हतियार र भाँडाकुँडा प्राप्त हुनुले अवध क्षेत्रको प्राचीनता मानव सभ्यताको आरम्भसम्म पुगेको देखिन्छ । तिलौराकोटको उत्खनन् गर्दा वेदकालीन, बुद्धकालीन, कुसानकालीन र मौर्यकालीन सामग्रीहरू प्राप्त हुनुले पनि यस क्षेत्रको प्राचीनतालाइ प्रकाशित गर्दछ (पूर्ववत्) ।

यस भाषाको ऐतिहासिक पृष्ठभूमिलाइ हेर्दा अवध राज्यको प्राचीन नाम कोशल राज्य थियो । जसको राजधानी साकेत थियो । यो राज्य अभिभाज्य थियो, कसैले यसलाइ युद्ध गरेर पार पाउन सक्दैनथे । त्यसैले यसलाइ 'देवाना पुरयोध्या' का अनुसार साकेत नगरीको विशेषण अयोध्या थियो र पछि यसैलाइ मुख्य नाम बनाइयो । अन्तमा साकेत भन्दा अयोध्या बढी प्रसिद्ध भयो । बुद्धकालमा पनि यसलाइ साकेत भनियो । बुद्ध भन्दा केही समय पहिला यसको राजधानी साकेतबाट श्रावस्ती सारियो । त्यतिबेला बुद्धका समकालीन राजा प्रसेनजीत थिए । श्रावस्तीलाइ त्यस बेला यस क्षेत्रको सबैभन्दा नाम चलेको ठुलो नगरमा गणना गरिन्थ्यो । कोशल सबैभन्दा ठुलो राज्य थियो, यस भित्र शाक्य गणराज्य, कोलीय गणराज्य, मल्ल गणराज्य, काशी महाजनपद, कोशल महाजनपद लगायतका आठ गणराज्य सामेल थिए । भनिन्छ, पूर्वमा गण्डकीसम्मका शाक्य, कोलिय, मल्ल आदि आठ गणराज्यहरू यसै राज्य अन्तर्गत पर्दथे । वाल्मीकीय रामायणकाल (इ.पू. दोस्रो शताब्दीं मा पनि साकेत अल्प प्रचलित भइसकेको थियो । यसमा अयोध्याका नामले यसको उल्लेख गरिएको छ । प्राकृत तथा अपभ्रंश कालमा यसको उच्चारण अउधा या अउहाका रूपमा पनि भएको पाइन्छ ।

[4] महावस्तु (१, पृ. ३५१-३५२) मा शाक्यहरूका पूर्खा साकेतबाट आएर एउटा जंगलमा ऋषि कपिलका आश्रमनजिक बसेको उल्लेख पाइन्छ (मजुमदार, द एज अफ इम्पिरियल युनिटी, १९५३, ३६५, पाद्टिप्पणी-३) ।

२.३. लोकवार्ता

विवेकशील मानव जातिले आफ्नो ज्ञान, सिप र क्षमताको उपयोग गरी निर्माण वा रचना गरेका भौतिक र अभौतिक यावत् प्रकारका सिर्जनाको समष्टि रूप नै लोकवार्ता हो । वर्तमान नेपालमा बसोबास गरी रहेका विभिन्न जाति एवं समुदायका पुर्खाहरूले सिर्जना र अवलम्बन गरी जिम्मा लाएर गएका भौतिक अभौतिक सम्पदाहरूलाइ नेपाली लोकवार्ता भनिन्छ । लोककला र लोकमा प्रचलित भौतिक संस्कृति जस्ता जनसाधारण सम्बन्धी विभिन्न ज्ञान, कला र संस्कृति तथा तिनको अध्ययनलाइ जनाउने हुनाले यसलाइ लोकजीवनको ज्ञान भण्डारका अर्थमा पनि लिइन्छ । लोकवार्ता जीवनलाइ माभ्ने, समुन्नत र सरल बनाउन सघाउने त्यस्तो तत्त्वको समष्टि स्वरूप हो, जसबाट प्रत्यक्षभन्दा ज्यादा अप्रत्यक्ष लाभ प्राप्त हुन्छ । तात्कालिक कला र संरचनाको अध्ययनको विषय मात्र न भएर मानव संस्कृति र सिर्जनाको जानकारी दिलाउने जीवनजगत्का विविध सौन्दर्य, इतिहास, पुरातत्त्व, अर्थ, समाज, अध्यात्म र साङ्केतिक मूल्य र मान्यता जस्ता राष्ट्र र इतिहासका आधारभूत पक्षका सघन प्रमाणको विषय पनि यो हो ।

अङ्गेजी भाषाको फोकलोर (Folklore) शब्दको नेपालीमा लोकवार्ता शब्दको प्रयोग गरिन्छ । अङ्गेजी भाषाको फोक (Folk) को समानार्थी शब्द लोक शब्दको प्रयोग गरिएको छ । लोक शब्दले गाउँ र शहर दुवै क्षेत्रमा बस्ने सामान्य जनसमुदायलाइ समेटेको छ । तर लोक आभिजात्य संस्कार, शास्त्रीयता र पाण्डित्य चेतनारहित भइ परम्पराको प्रवाहमा जीवित रहन्छ । वार्ता शब्द अङ्गेजी भाषाको लोर (Lore) का निम्ति आएको छ । यसको अर्थ हो ज्ञान अथवा जान्नुपर्ने कुरा । यसरी लोकवार्ताको अर्थ भयो - सामान्य जनताको ज्ञान । लोकवार्ताको निम्ति लोकसंस्कृति शब्दको पनि प्रयोग गरिएको छ । लोकको ज्ञानलाइ यहाँ ४ क्षेत्रमा राखिएको छ : क) मौखिक लोकवार्ता ख) सम्पादनमूलक लोकवार्ता ग) व्यवहारमूलक लोकवार्ता घ) भौतिक लोकवार्ता ।

लोकवार्ताको कुरागर्दा मौखिक लोकवार्तामा जोड दिने चलन व्याप्त छ । त्यसैकारण केही विद्वानहरूले लोकसाहित्यका अर्थमा लोकवार्ता शब्दको प्रयोग गरिएको पाइन्छ । लोकवार्तालाइ सम्पदामा पनि समेट्ने प्रयास गरिएको छ । युनेस्कोले मूर्त र अमूर्त सांस्कृतिक सम्पदा भनी वर्गीकरण गरेको छ । युनेस्कोको सन् २००३ मा भएको महासभामा अमूर्त सांस्कृतिक सम्पदाको बचाउका निम्ति प्रस्ताव पारित गर्यो र त्यसमा अमूर्त सांस्कृतिक सम्पदाका रूपमा लोकवार्ताका निम्न लिखित पक्षहरूलाइ समेटेको छ : मौखिक परम्परा र अभिव्यक्तिहरू (oral traditions and expressions, including language as a vehicle of the intangible culture heritage) ख) सम्पादनकारी कलाहरू (Performing arts) ग) सामाजिक व्यवहारहरू, अनुष्ठानहरू र पार्विक घटनाहरू (Social practices, rituals and festive events) घ) प्रकृति र विश्वसम्बन्धी ज्ञान र प्रयोगहरू (Knowledge and practices concerning nature and the universe) ङ) परम्परागत शिल्पकला (Trational craftsmanship) । नेपालले सन् २०१० मा यसको समर्थन गर्यो र यसका निम्ति आफ्नो सांस्कृतिक नीति निर्माण पनि गरेको छ ।

२.३.१. लोकवार्ताको क्षेत्र विभाजन

बहुसांस्कृतिक नेपालको सन्दर्भमा नेपाली लोकवार्ता क्षेत्रलाइ चार प्रकारमा विभाजन गरिएको छः क) मौखिक परम्परा (Oral traditions) ख) सम्पादनमूलक लोककलाहरू (Performing folkarts) ग) व्यवहारमूलक लोकवार्ता (Behavioural folklore) घ) भौतिक लोकवार्ता (Material folklore) । मौखिक परम्परालाइ मौखिक लोकवार्ता भनिन्छ । भाषाका माध्यममा हुने लौकिक अभिव्यक्ति, लोकगाथा, लोक कविता, लोककथा, चुटकिला, उखान र गाउँखाने कथा आदि पर्दछन । सम्पादनमूलक लोककलामा नृत्य, गीत, खेल, चटकर लोकनाटक आदि पर्दछन् भने भौतिक लोकवार्तामा मूर्त संस्कृतिअन्तर्गतका विषय पर्दछन् । यसमा पनि एकथरि घर र घरेलु वस्तु, कृषि, पशुपालन, घरेलु उपयोगका सामग्री जस्ता व्यवहारोपयोगी वस्तु छन् भने अर्काथरि भाँडाकुँडा, गरगहना, बाजागाजा जस्ता सामग्री पनि छन । हाम्रा चालचलन, रीतिस्थिति, चाडपर्व, मुल्यमान्यता र विधिविधानका कुरा भने व्यवहारमूलक लोकवार्ता अन्तर्गत राखिएका छन् ।

२.३.१.१. मौखिक लोकवार्ता

वि.सं.२०७८ मा भएको नेपालको जनगणनामा नेपालमा १२४भाषाहरू छन् । मौखिक लोकवार्तामा भाषा, भाषाका नाम र वैकल्पिक नामहरू, लोक व्युत्पत्तिका कुरा, भाषा र जातिसँग जोडिएको किम्बदन्ती र कथाहरू पर्छन् । भाषाको समाजभाषा वैज्ञानिक अध्ययनको क्रममा भाषागत विविधता, क्षेत्रीय र सामाजिक भाषिका, विभिन्न कार्यमा त्यस भाषाको प्रयोग, आदर, अभिवादन, मान अपमान र अन्य विविध सन्दर्भमा भाषाको प्रयोग, लेखन पद्धति, साक्षरताको स्थिति, मानकीकरणका विविध प्रयासहरू आदिबारे पनि व्यवस्थित अध्ययन गर्नुपर्ने हुन्छ । मौखिक परम्पराकै रूपमा कविता, गाथा र काव्य, कथा, चुटकिला, उखान, टुक्का र मन्त्रहरू पर्दछन् ।

२.३.१.२. सम्पादनकारी लोककला

नेपालका विविध जातिको लोक नाच र लोकनाटकहरू प्राचीनकालदेखि नै प्रचलनमा रहेका छन् । विभिन्न भाषाका लोकगीत र सङ्गीत, लोकनाच र लोकनाटक तथा खेल मनोरन्जनका अन्य प्रकारहरू पनि सम्पादनकारी लोकवार्तामै पर्दछन । लोक बाजाहरू भौतिक संस्कृतिका विषय हुन् तापनि सम्पादनकारी लोकवार्तामै पनि बाद्यवादन र बाजाहरूबारे जानकारी र अध्ययन आवश्यक मानिन्छ ।

गन्धर्व र हुड्केहरूको त लोकगीत र गाथाहरूको गायन पेसा रहेको छ । नेपालको विभिन्न जातिमा लामा र छोटा गीत गाउने लामो परम्परा छ । परम्पराका सम्पादनकर्ता र सम्वाहकहरूको व्यक्तिगत जीवन, तिनका क्रियाकलाप र समाजमा तिनले गरेको योगदानको अध्ययन पनि लोकवार्ताका मुख्य विषय हुन आउँछ । भाषाका ज्ञाता, गायक, बादक, धामी, पुरेत आदि वास्तवमा लोकवार्ताका जीवित सम्पदा हुन् । तिनको मृत्यु हुनु एउटा पुस्तकालय नै डढेर खरानी हुनु हो ।

२.३.१.३. व्यवहारमूलक लोकवार्ता

मान्छे सामाजिक प्राणी हो । समाजको सञ्चालनका क्रममा मान्छेले गर्ने समस्त कार्यहरू, सामाजिक तथा आर्थिक सङ्गठनहरू, परिवार, जात र थर, नाता सम्बन्ध, पेसा र जीवननिर्वाहका विधिहरू,

रीतिथिति, चालचलन र मान्यताहरू पर्दछन् । सबै विषयमा जीवनका विभिन्न चरणमा सम्पन्न गरिने संस्कारहरू हुन्छन् । जन्म, छैँठी र न्वारनकर्म, चुडाकर्म, ब्रतबन्ध, विवाह र मृत्यसंस्कारका चालचलन, रीतिथिति, मूल्य, मान्यता आदि लोकजीवनका अभिन्न अङ्ग हुन् । लोकजीवनका विविध आयामहरूको व्यापकताले गर्दा अचेल लोकवार्ताको अध्ययन लोकजीवनसँग जोडेर गर्ने चलन बढेको छ । चाडपर्वहरू एकातिर जीवनका मूल्य र मान्यतासँग जोडिएका छन् भने अर्कातिर समाज, परम्परा र प्रकृतिसँग पनि सम्बन्धित हुन्छन् । विभिन्न चाडपर्वका सङ्गीत, नृत्य र गीतहरूले लोकवार्ताका अन्य पक्षलाइ पनि एकीकृत गरेको हुन्छन् । शास्त्रीय कर्मकाण्डका साथै लोकजीवनमा व्याप्त आस्था, विश्वास, देवी देउता, भूतप्रेत, बोक्सी, डङ्किनी आदि सबै लोकजीवनका यथार्थ अभिव्यक्ति हुन् ।

२.३.१.४. भौतिक लोकवार्ता

लोक जीवनमा बसोबासको ढाँचा, गृहनिर्माण प्रविधि, उपलब्ध प्राकृतिक स्रोतको उपयोग र त्यसका बारेको ज्ञान र प्रविधि अनि ज्ञान र प्रविधिको हस्तान्तरणको प्रक्रिया पनि हुन्छ । कृषि, आखेट तथा पशुपालनका पद्धति, जीवनयापनका तरिका, खानपान, पहिरन, आभूषण, औषधोपचार तथा कलात्मक तथा व्यवहारोपयोगी वस्तुको निर्माण र प्रयोग भौतिक लोकवार्ताका मुख्य विषय हुन । खाद्य र अखाद्य वस्तुका रूपमा लोकजीवनका आआफ्ना मूल्य र मान्यता हुन्छन । वेशभूषाका रूपमा पुरूष र महिलाका पहिरन, दैनिक र विशेष अवसरका पहिरन, विभिन्न उमेर र अवसरमा प्रयोग गरिने गरगहना, श्रृङ्गार, केशविन्यास, गोदना आदि जातिका आफ्ना जातिका आफ्ना परम्परागत ज्ञान, कला र प्रविधि हुन्छन् । कृषि, पशुपालन र औषधोपचारका मान्यता, प्रक्रिया र व्यवहार, कलात्मक वस्तुहरूको निर्माण तथा उपयोग, ज्ञान र सीपबारेका मान्यता र विश्वास बारेका जानकारी पनि तिनका सम्वाहकबाटै प्राप्त गर्न सकिन्छ ।

२.४. मधेशी समुदाय अन्तर्गतको अवधी समाजमा रहेको अवधी लोकवार्ता

हाम्रो देश नेपाल क्षेत्रफलमा सानो हुनुका बावजूद भौगोलिक दृष्टिले हिमाल, पहाड तथा तराइ मधेश यस देशका प्रमुख भुभाग हुन । विश्वमा अनेकौ देशहरूमा तराइका नामले अलग अलग स्थान हुनुका बावजूद मधेश नाम मात्र नेपालको यसै तराइसित जोडिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा वि.सं. २०२४ सालमा प्रकाशित स्थान नाम शब्दकोशका अनुसार मधेश शब्द संस्कृतको मध्य+देश शब्दसित मिलेर बनेको छ । जसमा मध्यको अर्थ बीच तथा देशको निश्चित भौगोलिक इकाइको अर्थमा यस देशको तराइ भुभागलाइ मधेश भनिएको हो । चुरे तथा महाभारतको बीचको भागको भित्री मधेश तथा चुरेभन्दा दक्षिणको भुभागलाइ खास मधेशका रूपमा विभिन्न कालखण्डमा वर्णित गरिएको पाइन्छ । प्राचीन ग्रन्थहरूमा मध्यदेशको उल्लेख छ । कुरुपाञ्चाल तथा कुरुक्षेत्र मण्डल मध्य देशका मुख्य अङ्ग थिए । त्यस समयमा मध्यदेशको पश्चिमी तथा मध्य पहाडी प्रदेशको नाम सपादलक्ष थियो र यहाका प्राचीन वासिन्दा खस थिए । अवध, भोजपुर र मगध मध्यदेशको भाषिक प्रान्त थिए । यसैमा वर्णित एउटा अर्को परिभाषाका अनुसार हिमालय तथा विन्ध्याचल पर्वतको बीचमा अवस्थित क्षेत्रलाइ मध्यदेश भनिन्थ्यो र यसैको आधारमा यस भुभागलाइ मधेश भनिएको प्रतित हुन्छ । सरस्वती नदीभन्दा पुर्व र प्रयागदेखि पश्चिममा हिमालय र विन्ध्याचल पर्वतको बीचमा अवस्थित भुभागलाइ मनुस्मृति (अध्याय २ श्लोक ६)मा मध्य देश भनिएको छ । यसै किसिमले मधेश शब्दलाइ नेपाल प्रज्ञा

प्रतिष्ठानद्वारा प्रकाशित शब्दकोशले पनि परिभाषित गरेको छ । १. अग्लो होचो र डाँडाकाँडा नभएको एकदम समथर भूमि, तराइ, मधेश । २. हिमालदेखि दक्षिण, विन्ध्य पर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व प्रयागदेखि पश्चिमपट्टि पर्ने समथर भूभागको पुरानो नाउँ, मध्यप्रदेश (Nepal Academy, 2020) ।

यी सबै परिभाषाहरूमा मधेश शब्द महाभारत पर्वत श्रृंखलादेखि दक्षिणको समथर भुभागलाइ दर्शाउछ । यसै क्रममा जब हामी वर्तमान नेपालको मधेश क्षेत्रको भौगोलिक इकाइलाइ हेर्छौं भने के पाउछौ कि वर्तमानको कोशी प्रदेश, मधेश प्रदेश, वाग्मती प्रदेश, लुम्बिनी प्रदेश तथा सुदुर पश्चिम प्रदेश अन्तर्गतका सबै महाभारत पर्वत श्रृङ्खलाभन्दा दक्षिणका लगभग सबैजसो भुभागहरू मधेश क्षेत्रको भौगोलिक इकाइका रूपमा परापुर्व कालदेखि परिचित थिए ।

यही लोकवार्ताका विभिन्न अङहरूको सम्मिलित स्वरूपलाइ जब हामी मधेशी समाज अन्तर्गतको अवधी लोकसमाजसित जोडेर हेर्छौं, तब देखायमान हुने उक्त विस्तृत स्वरूपलाइ समग्रमा मधेशी समदाय अन्तर्गतको अवधी समाजमा रहेको अवधी लोकवार्ताको नामले जानिन्छ ।



अवधी समाजको गाउ

अध्याय-३

सामाजिक रहनसहन र आर्थिक व्यवस्था

३.१. अवधी भाषी क्षेत्रको समाज

नेपालको अवधी भाषाभाषी समाज मुख्य रूपले कर्ममा विश्वास राख्ने गंगा यमुनी संस्कृतिमा आधारित वहुजातीय एक भाषी समाज हो । यस समाजलाइ धार्मिक रूपमा मुस्लिम तथा हिन्दू धर्मावलम्वीहरूको साझा समाजका रूपमा हेर्ने गरिन्छ । जातिका रूपमा यस समाजमा मुसलमान, यादव, कुर्मी, ब्राह्मण, तेली, धोवी, चमार, कोइरी, सन्यासी, धानुक, पासी, सोनार,केवट, बनिया, मल्लाह, कलवार, कोहार, नाँऊ, कानू, हलवाइ, राजपूत, कायस्थ, बढइ, बरइ, कहार, लोध, राजभर, चिडीमार, माली, लोहार, लोनिया लगायतका जातिहरू वसोवास गर्छन ।

अवधी समाज एकभन्दा बढी समुदायबाट मिलेर बनेको वृहद समुहलाइ समाज भनिन्छ । यसैमां यहाका सवै मानिसहरूले आफ्नो मानवीय क्रियाकलाप गर्ने गर्छन् । मानवीय क्रियाकलापमा आचरण, सामाजिक सुरक्षा तथा निर्वाह आदिका क्रियाहरू सम्मिलित हुने गर्छन् । एउटै समाजभित्र रहेका यी व्यक्तिहरू एक अर्काप्रति परस्पर स्नेह तथा सहृदयताको भावना राख्छन् । यसै कारणले होला, यस समाजमा बसोबासगर्ने हरेकले आफ्नो छुट्टै पहिचान कायम राख्दै अलग अलग किसिमका परम्पराहरूको पालना गर्छन् ।

३.१.१. अवधी लोकसमाजको जातजाति

क्र.सं.	जात/जाति	पारम्परिक पेशा	बसोबास क्षेत्र
१.	थारू	कृषी र अन्य कार्य	सवै जिल्ला
२.	मुसलमान	अनुसुची १ अनुसार	सवै जिल्ला
३.	यादव/अहिर	पशुपालन/कृषी कार्य	सवै जिल्ला
४.	तेली	तेल पेलेर वेच्ने	सवै जिल्ला
५.	चमार/हरिजन/राम	चर्म कार्य, सुडिनीको कार्य	सवै जिल्ला
६.	कोइरी/कुशहवा	तरकारी उब्जाउने र विक्री गर्ने	सवै जिल्ला
७.	कुर्मी/बर्मा	कृषी कार्य	सवै जिल्ला
८.	गिरी/गोसाइ/योगी/सन्यासी/दशनामी	पुजापाठ, भिक्षाटन	सवै जिल्ला
९.	दुसाध, पासी पासवान	ताडी निकाल्ने र बेच्ने	सवै जिल्ला
१०.	सोनार	सुन, चादी आदि धातुबाट गहना र मुर्ति बनाउने	सवै जिल्ला
११.	केवट	नाउ वा डुङ्गा चलाउने	सवै जिल्ला

क्र.सं.	जात/जाति	पारम्परिक पेशा	बसोबास क्षेत्र
१२.	ब्राह्मण-तराइ	शिक्षा प्रदान गर्ने, पुजापाठ र कर्मकाण्ड गराउने	सबै जिल्ला
१३.	मल्लाह/निषाद (मल्लाह, केवट र बिन/मुखिया)	माछा पालन, माछा मार्ने, डुङ्गा चलाउने	सबै जिल्ला
१४.	कसौधन, अग्रहरी	व्यापार	सबै जिल्ला
१५.	हजाम/ठाकुर/नाँउ	कपाल काट्ने	सबै जिल्ला
१६.	कलवार	रक्सी व्यापार र कुषि कार्य	सबै जिल्ला
१७.	लोहार	फलाम सम्बन्धी कार्य	सबै जिल्ला
१८.	धोबी	कपडा धुने	सबै जिल्ला
१९.	नुनिया/लोनिया	इनार आदि खन्ने, माटाका घर बनाउने, इटा टायल बनाउने तथा माटो खनेर नुन निकाल्ने	सबै जिल्ला
२०.	कोहार/कुम्हार	माटाको भाडा बनाउने, विक्री गर्ने	सबै जिल्ला
२१.	कानू/कान्दु/हलवाइ	मिठाइ बनाउने कार्य	सबै जिल्ला
२२.	राजपुत, शाह, सिंह	शासकीय कार्य	सबै जिल्ला
२३.	कायस्थ/श्रीवास्तव	शिक्षा प्रदान गर्ने, लेखन तथा प्रशासकीय कार्य	सबै जिल्ला
२४.	बढ़ई	काठको कार्य	सबै जिल्ला
२५.	मारवाड़ी	व्यापार	सबै जिल्ला
२६.	बरई	पान बेच्ने	सबै जिल्ला
२७.	कहार	डोली बोक्ने	सबै जिल्ला
२८.	ठठेर	तामा तथा पित्तलका भाडाकुडा बनाएर बेच्ने	सबै जिल्ला
२९.	लोध	श्रमिक कार्य,कृषी पेशा	सबै जिल्ला
३०.	राजभर	सेवा प्रदायक र कृषी कार्य	सबै जिल्ला
३१.	भेडिहार/गड़ेरी	भेड़ा वाखा पालन	सबै जिल्ला
३२.	चिड़ीमार	चरा समात्ने र बेच्ने	सबै जिल्ला
३३.	माली	फुलको उत्पादन तथा विक्री गर्ने, देवीलाइ वासको रथ आदि बनाएर विक्री वितरण गर्ने	सबै जिल्ला
३४.	पञ्जाबी/सिख	व्यवसाय तथा यातायात सञ्चालन	सबै जिल्ला
३५.	धुनिया	कपास धुन्ने, सिरक डसना बनाउने	सबै जिल्ला

क्र.सं.	जात/जाति	पारम्परिक पेशा	बसोबास क्षेत्र
३६.	पत्थरकट्टा/कुशवड़िया	ढुङ्गाबाट मुर्ति/मन्दिर/सिलौटो आदि बनाउने	सबै जिल्ला
३७.	नटुवा	नटन कार्य, वाद्य वादन, सर्प पालन	सबै जिल्ला
३८.	धरिकार/धन्कार	बासको चोयाबाट घरेलु सामाग्री बनाउने	सबै जिल्ला
३९.	कोरी	जङ्गलबाट जडीबुटी सङ्कलित गर्ने र बेच्ने	सबै जिल्ला

अनुसुची १

३.१.१.१. मुसलमानका उपथरहरू

क्र.सं.	उपसमुह	परम्परागत पेशा	बसोबास क्षेत्र
१.	सैयद/साह	जमिन्दारी/धार्मिक कार्य	सबै जिल्ला
२.	सेख	जमिन्दारी/शासकीय कार्य	सबै जिल्ला
३.	पठान/खान	कृषी पेशा	सबै जिल्ला
४.	ठकुराइ	जमिन्दारी/किसान	सबै जिल्ला
५.	इराकी	छालाको व्यापार	सबै जिल्ला
६.	फकिर	धर्मिक कार्य, सुफी विद्या, सन्त, भिक्षाटन	सबै जिल्ला
७.	अन्सारी/जोलहा	सिलाइ बुनाइ/खेतीपाती	सबै जिल्ला
८.	धुनिया	सिरक डसना बनाउने, खेतीपाती	सबै जिल्ला
९.	कबाडी, रायन, सब्जीफरोस	व्यापारी, फलफुल व्यवसायी	सबै जिल्ला
१०.	गद्दी	खेती/पशुपालन	सबै जिल्ला
११.	तेली	तेल पेलेर बनाउने, किसान	सबै जिल्ला
१२.	धोबी	लुगा धुने, ज्यामी	सबै जिल्ला
१३.	दर्जी	लुगा सिलाइ गर्ने	सबै जिल्ला
१४.	चुरिहार	सिसाको कार्य, चुरा बनाउने	सबै जिल्ला
१५.	हलवाइ	मिठाइ बनाउने, किसान	वाके
१६.	रङ्गरेज	रङ्ग सम्बन्धी कार्य, लुगा सिलाइ गर्ने	सबै जिल्ला
१७.	हजाम/नाउ	क्पाल काट्ने, कृषी	सबै जिल्ला

क्र.सं.	उपसमुह	परम्परागत पेशा	बसोबास क्षेत्र
१८.	गुज्जर	भैसी पालन/कृषी	रुपन्देही
१९.	कसाब/कुरैसी	मासु बेच्ने, कृषी	सबै जिल्ला
२०.	डफाली	डफ बजाउने, किसानी	सबै जिल्ला
२१.	बञ्जारा	फिरन्ते, जनावरको खेल देखाउने	सबै जिल्ला
२२.	धरिकार	बेतबासबाट सामाग्री बनाउने	सबै जिल्ला
२३.	नट/नटुवा	फिरन्ते, ज्यामी कार्य	सबै जिल्ला

३.१.२. अवधी भाषी समाजको रहन सहन तथा आवास व्यवस्था



अवधी समाजको पारम्परिक घर

यस क्षेत्रका मानिसहरू धेरैजसो समूहगत हिसावले गाउँ र वस्तीको रूपमा बस्ने गर्दछन । अवधी समाज मुलतः पेशागत जातिहरूको एकअर्काको आवश्यकता परिपुर्ति गर्नेगरि बसाइएको समुहगत समुह हो । लगभग हरेक गाउमा एकदुइ एकदुइ घर गरेर बसेका हुन्छन । पारम्परिक रूपमा यी घरहरू खपड़ा, फूस आदिको रहेतापनि वर्तमानमा अधिकांश घरहरू एक या दुइतले पक्की घरका रूपमा रहेका छन । उत्तर पुर्व तथा पश्चिम मुखे घरलाइ राम्रो मानिन्छ । दक्षिण मुख रहेको घरलाइ त्यत्ति सुद्ध मानिदैन । यस समाजमा हरेक बस्ने घर र गोठ धेरै जसो छुटाछुट्टै राख्ने चलन देखिन्छ । घारी भित्रै गाइवस्तुलाइ खुवाउने स्थान नादा पनि राखेका हुन्छन । गाइवस्तुकालागि चाहिने चारा राख्ने ठाउलाइ भुसैला भनिन्छ ।

संस्कृतिको अर्को अहम् पक्ष रहनसहन हो । जीवनस्तरमा सादगी अवधी व्यवहारमा अपेक्षित हुन्छ । गाउँको साधारण घर र झोपड़ा- झोपड़ी, टटिहर, भितिहर आदिको बस्ती हुन्छ । त्यस्तै देखासिकीमा आफ्नो क्षमताअनुसार इँट, खपड़ाका छाना र ढलान घरहरूको बढोत्तरी छ । अनाजको भन्डारका लागि

घरभित्र (माटोको ठुलाठुला भकारी) वा बाहिरी आगँनमा बखार (रहरको डाँठ, बाँसको कयन वा बेहयाको) मा राख्ने चलन छ । भान्सा कोठा र पूजा कोठा छुटा छुटै राख्ने चलन छ । लगभग हरेक घरमा खेती गर्न र दुधको लागि, गोरू, रागाँ, गाइ भैसी पाल्ने चलन छ । घरमा दिशा पिसा गर्न र नुहाउनको लागि शौचालय र स्नानगृहको निर्माण भएको हुदैन । खानेपानीको श्रोतका रूपमा इनार र हाते पम्प (नल) को पानी प्रयोग गरिन्छ । प्रशोधित पानी पाइपद्वारा वितरण गर्ने प्रचलन शहरी क्षेत्रमा मात्रै सीमित छ । ठूला दोकानहरू कम नै छन् र खरिदबिक्री गाउँस्तरकै हुन्छ । आवश्यकता अनुसार सामान साटासाटको व्यवहार अझै पनि चलनमा छ ।

अवधी जनजीवनको चित्रणतर्फ साहित्यकार जगतको दृष्टि पुगेको पाइन्छ । गाउँले जीवन प्रकृतिको वरदानले भरिपूर्ण हुन्छ । यी मनोहर छविले कविहृदय सबभन्दा बढी प्रभावित भएको पाइन्छ । पं.वंशीधर शुक्लको किसानको दुनिया र गाउँको दुनियामा घासफुस र माटो आदिको संयोगले निर्मित धरौदेनुमा किसानका दैनिक क्रियाकलाप, आहारव्यवहार एवं वर्गवैषम्यबारे अवधी भाषामा लेखिएको उद्गार हेरौं :

भुईंबादर के देउता किसान
तुमका दुनियाका नमस्कार

.....

बडे सबेरे से हरू नाधैं, जोतैं, बोवैं हेङावैं ।
फिर खारा, खुरपी, हँसिया लै, चारा घासे धावैं ।
दुपहरिया मे चारि पनेथी, बड़की लोटिया पानी
कबौ चबेना, मट्ठा, सरबत, ऐसे गै जिन्दगानी ।

.....

चना, मिठाइ, बहुरी, भुरकी, तिलचौरी गुरधनिया
सबै भृतुन कय यहै कलेवा, यह किसान की दुनिया ।

नमस्कारका पात्र र एकदमै सरल किसानको जीवन सामाजिक अत्याचारको चपेटामा पिँधिने पनि गर्दछ । जमिन्दारी प्रथाको अन्यायतर्फ गुरुप्रसाद सिंह मृगेशको नजर दौडेको छ । तलका उनका केही हरफ हेरौं

सेतिन मा पकरि बेगारि करावैं सब:
देइ न छेदाम चहै जेती करी चाकरी ।
सहना सिपाही रोजु ठाढि गरियावा करै
मन माँ मसुसा मारि सबिहौ सहा करी ॥

अवधी जनजीवन सरल छ । तर यसमा नाना किसिमका अन्धविश्वास र कुरीतिले थरीथरीका विकृति डेरा जमाएर बसेका छन् । अनमेल विवाहको चित्रण गर्दै रमइ काकाको व्यङ्ग्यबाणले भारत र नेपालको बारेमा सटीक अवस्था देखाउँछ :

लरिकऊ बि.ए. पास किहिन, पतोह का बैरु ककहरा ते
वह करिया अच्छर भैसि कहयँ, यह छीछाल्यादरि द्याखौ तव ।

लरिकऊ चले स्नान करै, जब साबुन का उन सोप कहा ।
बहुरेवा लइके सूप चली, यह छीछाल्यादरि द्याखौ तव ।

पर्दा प्रथाको विकृति नेपालको अवधी समाजमा पनि छ । रमइ काकाको व्यङ्ग्यको एउटा नमुना हेरौं :

दालि मा नोनु रहै कुछ फीक, यही से स्वादु लागि न ठीक ।
कहा हम तव टाटी सरकाय, नोन पहिती मा देव मिलाय ॥
तनिक कुछु अउरौ घुँघुट काढि, नोनु उइ दिहिन खीर मे छाडि
खीर ना जोगि खाय के रही, न कक्कु अइसव परदा चही ॥

ध्यान दिनुपर्ने कुरा के छ भने यस किसिमका विकृति किसान जीवनमा वा अवधी समाजको व्यवहारमा मौजुद छन्, कतिसम्म भने यसतिर अझै पनि समाजसुधारक र नेताहरूको दृष्टि पुग्न सकेको छैन । तर अवधी जनजीवनको आदर्श रूपचाहिँ निकै मजबुत छ । यदि विद्यमान कमी-कमजोरी हटाएर अवधी समाजको आदर्श रूपको मर्यादा राख्न सकियो भने अवधी सामाजिक व्यवहार सम्पूर्ण मानव समाजलाइ व्यवस्थित रूपमा स्थापित गर्ने आधारशिला बन्न सक्छ । यस आदर्शका स्वरूप गोस्वामी तुलसीदासद्वारा सत्रौं शताब्दीमा रचित रामचरितमानस हो । मर्यादा पुरुषोत्तम रामचन्द्रको जीवनका सम्बन्धमा लेखिएको यो महाकाव्य सामाजिक जीवनको हरेक सम्बन्धका उकालीओरालीलाइ सहज र मान्य रूपमा पेस गर्छ ।

३.१.३. अवधी समाजको सामाजिक तथा धार्मिक स्वरूप



समयमाई स्थान, गौरी

हालको अवधी समाज मिश्रित भइसकेको छ । यसैका अनुसार धर्म र मान्यता पनि बेग्लाबेग्लै छन् । तथापि यो समाज मूलतः वैदिक आदर्शको परम्परालाइ परिपालन गर्ने हिन्दू समाज हो । आर्य हिन्दूधर्मका अनुयायी थिए र यिनको भाषा संस्कृत थियो । आर्यजातिले १५०० इ. पू. मा भारतमा प्रवेश गरिसकेका थिए । यदि भाषाको दैवी सिद्धान्त अनुसारको मान्यताभन्दा फरक सोचाइमा विश्वास गर्ने हो भने वैदिक संस्कृत र यसको विकासक्रम निकै प्राचीन रहेको मान्न दुइमत हुन सक्दैन । भाषा विज्ञान भन्छ ऋग्वेदभन्दा पहिले र दसौँ मण्डल बाहेक बाँकीका भाषा प्राचीन हुन् । यी भाषा इरानी अवेस्ता निकट छन् । स्पष्ट छ, यो निकटता आर्य जातिको आगमनको सिलसिलामा नै भयो । वैदिक भाषा र हिन्दू धर्म अझ प्राचिनतर छ । हिन्दू धर्म निकै प्राचीन हो । अवधी संस्कृति यही धर्मको मान्यतामा आधारित छ र निकै प्राचीन छ ।

यो अनन्त यात्राको दौरान हिन्दू धर्ममा व्यापक विविधता सामेल भएको छ । धार्मिक सहिष्णुताका साथ आएको यस धर्ममा अद्वैतवाद, द्वैतवाद, नास्तिकवाद, मूर्तिपूजा, निराकार ब्रह्म, अवतारवाद आदि सबै मान्यतामा छन् । सायद यही परम्परा हो जसबाट विभिन्न धर्म फरकफरक खण्डनमण्डनका साथ वर्तमान मान्यतासम्म आइपुगेका छन् । यसैमा अवधी समाजमा धर्मको आफ्नै मूलभूत चरित्रले निरन्तरता पाएको छ । वर्णको शुद्धता, श्रेष्ठता र कुलीनता, यो धर्मको अहम् मान्यता हो । यसैले यसमा भेदाभेद र छुवाछुतको विकृतिले स्थान पाएको देखिन्छ । यसै सिलसिलामा पुरुषप्रधानता, बालविवाह, सतीप्रथा र विधवा धर्मसम्मको प्रवेश छ । स्वयम्वरको प्रचलन रहेको समाज पर्दाप्रथा र दहेजको बन्धनमा जकडिएको छ । नारीको सम्मानलाइ धर्मको आर्दश मान्ने समाज आज नारी उत्पीडकको रूपमा देखिएको छ । उत्सर्ग र दर्जा अनुसारको अनुशासन अवधी समाजिक जीवनको आदर्श हो । यसै गरी दान, दया, परोपकार, समाज कल्याणका लागि व्यक्तिगत स्वार्थ परित्याग आदि यस समाजका मान्यतामा छन् । तर युवा पीढी आधुनिकताको नाममा प्राचीन परम्परामा निहित ठीक र हितकारी आचरणका विरुद्ध ठीकबेठीक ठहर गर्नमा उदासीन देखिएको छ । स्पष्ट छ यस किसिमका आचारविचारले समाजमा नकारात्मक अवस्था खडा गरिरहेको छ । समाज सुधारक, राजनीतिक नेतागण, धर्माधिकारी आदि सबैका तर्फबाट ठीकबेठीक ठहर गरेर समाजमा शान्ति र सुव्यवस्थाका लागि ध्यान दिनु जरुरी छ । कर्तव्याकर्तव्यको विचारले गरिएका कामले स्वर्गको बाटो खोलिदिन सक्छन् ।

३.१.४. अवधी समाजका पारम्परिक पेशा र उद्योग

यस क्षेत्रको लगभग सम्पूर्ण जनजीवन कृषि पेशामा आधारित रहेको पाइन्छ ।अवधी समाजका हरेक सदस्यलाइ कृषी पेशाका सम्बन्धमा पूरै जानकारी छ, यस समाजका शतप्रतिशत व्यक्ति जीविकाको आधारपेसा खेतीपाती नै हो । केही व्यक्ति फरक पेसामा देखिएका छन् तर उनीहरूको पनि केही गरी खेतीपातीमा नै संलग्न हुने गर्दछन् । उदाहरणका लागि पशुपालनमा लाग्ने अहिर (यादव), एकातिर भैँसी पालक मानिन्छन् तर अर्कातिर खेतीपातीबाट पनि अलग रहेका हुँदैनन् । यही कुरा भैँडापालक गडरियाहरूका बारेमा पनि लागू हुन्छ । केही फरक देखिनेहरूलाइ हेर्ने हो भने व्यापारी वर्ग (बनिया) हुन् । यिनीहरू गाँउका लागि जरुरी रोजमर्रा अर्थात् नुन, तेल, मसला, सक्कर, चिनी आदिको ससाना दोकान राखेका हुन्छन् तर उनीहरूले पनि खेतीपातीको आधार लिएका हुन्छन् ।

पेसाव्यवसायको हकमा अवधी जनजीवनमा कार्य विभाजनको समुचित व्यवस्था रहेको मान्न सकिन्छ । तर धेरैको गन्तव्य खेतीपातीको लागि जरुरी सामग्री तयार गर्नुमा नै देखिन्छ । यो समाजमा कृषि

सम्बन्धी कुटीर उद्योगजस्तै तोरीको तेल पेल्ने, उखुको रसबाट विधिन्न सामाग्रीहरू बनाउने विविध किसिमका जडीबुटीबाट औषधोपचार गर्ने, गाइवस्तुहरू पाल्ने र ती बाट उत्पादित दुध, दही, घ्यू बेचविखन गर्ने गरिन्छ । पहिले गाइवस्तुको बेचबिखन स्वदेशमा मात्रै हुन नसकि विदेशमा समेत निर्यात गनुपर्ने स्थिती थियो । वर्तमानमा यी सवै कार्यहरूका लागि आवश्यक पूर्वाधारहरू उपलब्ध हुन थालेको भए तापनि यस क्षेत्रमा कुषि उत्पादन दिनादुदिन घटदै जानुको साथै यस्ता पेशागत कार्यको आधारमा सञ्चालित हुँदै आएका कुटीर उद्योगहरू बन्द हुदै जान थालेका छन ।



कुम्हालले माटोका सामग्री बनाउदै

यसको मुख्य कारण व्यक्तिहरूको सामाजिक कार्यप्रतिको नैराश्यता तथा सरकारी नीति नै हो । सरकारले यतातिर ध्यान दिनु आवश्यक देखिन्छ । सडक विधुत् र सञ्चारको व्यवस्थापछि हाल आएर यस क्षेत्रमा ठुला र मझौला खालको केही उद्योगहरू स्थापित हुन थालेको पाइन्छ । तर यी उद्योगकालागि आवश्यक उच्चस्तरका जनशतिहरू बाहिरबाटनै ल्याउने गरिएकोले तल्तो तहका जनशक्ति मात्रै स्थानिय तहबाट पूर्ति गर्ने गरेको पाइन्छ । जबकि ती उद्योगका लागि आवश्यक कच्चा पदार्थहरूबाट सञ्चालीत कुटीर उद्योगहरूको स्थापनापछि नै विभिन्न निहुँमा बन्द गर्ने गरिन्छ । यसको साथै उद्योगबाट हुने वातावरणीय हानि उचित व्यवस्था नहुदा लाभभन्दा क्षति बढी भएको पाइन्छ । अतः ठुला उद्योगहरूको स्थापनापछि सोही प्रकारका कच्चा प्रदाथबाट उक्त क्षेत्रको सञ्चालित कुटीर उद्योगहरूलाइ यथावत् सञ्चालनका लागि सरकारद्वारा नै विशेष संरक्षण दिनु आवश्यक देखिन्छ ।

बढईले हलोजुवा बनाउँछन् । कोदालो, हँगा, खुरपा, हँसियाको बिँड, लढ्िया आदिको काम यिनको जिम्माको हुन्छ । तर जब फलामसम्बन्धी काम आउँछ, तब त्यो काम लोहारको हुन जान्छ । फाली, कोदालो, खुरपा, हँसिया, खुरपी, छेदना, सुज्जा, लढ्िया आदि लोहारको काम हुन आउँछ ।

यही किसिमले पर्व, तिहार, कर्मकाण्ड, पूजा आदिको व्यवस्था छ । यससम्बन्धी काम पण्डित, पुरोहित, पुजारीको जिम्मामा मानिन्छ । अर्कातिर माली पितृपक्षमा फूल रोप्ने गर्दछन् । बाँसको दोगला, दउरा, डेलिया, सुपेला, वसउनी आदि धरिकारले बनाउने गर्दछन् । डोम र हेलाको काम अलग हुन्छ । दर्जी (खलिफा) कपडा सिउने गर्दछन् र चुरिहार चुरिया, तरकी, सेनुर, टिकुली आदि बेच्ने गर्दछन् ।

यस सम्बन्धमा बुझ्नु पर्ने कुरा के हो भने यी सबैले पारिश्रमिक वर्षमा अन्न थन्क्याएपछि पाउने गर्दछन् । यसै गरी हरवाहा, चरवाहा, गोँड़इत, चौकीदार, बिसवार आदिको श्रम विभाजन छ ।

व्यापारको काममा ठूला व्यापारी अर्थात् सुनको काम गर्ने सुनार, तामाको काम गर्ने ताम्राकार, पानको पेसा गर्ने तमोली, सागतरकारीको खेती गर्ने कोइरी, मुराउ आदि हुने गर्दछन् । ज्यादा पूँजी लाग्ने पेसा गर्नेहरू धेरैजसो सहरमा काम गर्ने गर्दछन् ।

नाइको पेसा कपाल काट्नुसँग छ तर विवाह, मुत्यु आदिका अवसरमा यिनीहरू निम्ता बाँड्ने जिम्मेवारी लिएका हुन्छन् ।

घरायसी कामको सिलसिलामा बूढापुर्खाहरू केटाकेटीको पालन-पोषणको काम गर्ने गर्दछन् । भान्साको काम बुहारीको जिम्मामा हुने गर्दछ । अतिथि आदिको सत्कारको काम युवा र केटाकेटीको सहयोगमा घरको मुलीले गर्ने गर्दछन् । सामाजिक संरचनामा वर्ण व्यवस्था छ ।

३.१.५. अवधी लोक जीवनमा पारम्परिक उपचार पद्धति

अवधी लोक जीवनको उपचार पद्धति मुख्यतया आयुर्वेद र वैदिक चिकित्सा मा आधारित छ । यस भुभागमा प्राचिन कालदेखिनै रोगहरूको उपचारका लागि 'चरक संहिता' र 'सुश्रुत संहिता' जस्ता प्राचीन ग्रन्थहरूको जगमा आधारित आयुर्वेदिक पद्धति प्रयोग गरिएको पाइन्छ । उपचारका लागि मुख्यतया आयुर्वेदिक जड़ी-बूटि, प्राकृतिक औषधि, खनिज, बोटबिरुवाका पात, जरा, फलफूलका अर्क, काठ, तुलसी, नीम, बेसार, अश्वगंधा, ब्राह्मी, चिराइतो, अडूसा, आंमला र गिलोय जस्ता प्राकृतिक औषधिहरूलाइ प्रयोग गरिन्छ । यी सबैलाइ पीसेर, काढ़ा बनाएर वा चूर्णको रूपमा सेवन गरिन्छ । यस भुभागमा प्राचिन कालदेखिनै राजकीय स्तरमै कुशल चिकित्सकहरू (वैद्य) नियुक्त हुन्थे र बिरामीहरूको हेरचाहका लागि विशेष व्यवस्थाहरू गरिएका हुन्थे । त्यो बेला यी पारम्परिक औषधीहरूको उपयोग वैद्यों द्वारा रोगीको नाड़ी छामेर गरिन्थ्यो ।

कोशल राज्यताका काशीका आचार्य सुश्रुतले शल्य चिकित्साको विकास गरेका थिए, उनीबाटै प्रशिक्षित वैद्यहरूले घाउ खटिरा र जटिल शारीरिक समस्याहरूको उपचार गर्थे । कौशलका राजा प्रसेनजित बुद्धका समकालीन थिए । उपचारको एक प्रमुख हिस्साका रूपमा खानपानलाइ लिइन्थ्यो । लसुन, प्याज र मूली जस्ता प्राकृतिक एन्टी-बायोटिक गुण भएका आहारलाइ प्राथमिकता दिइन्थ्यो । शारीरिक उपचारका साथै मानसिक स्वास्थ्यका लागि योग र ध्यानलाइ पनि महत्त्व दिइन्थ्यो । प्राचीन कौशल राज्यमा श्रावस्ती र अयोध्या जस्ता प्रमुख नगरहरूमा आयुर्वेदिक उपचार केन्द्रहरू हुने गरेको ऐतिहासिक सन्दर्भहरूमा उल्लेख पाइन्छ ।

३.१.६. अवधी समाजमा प्रयोग हुने वस्त्र तथा आभुषण

यस क्षेत्रका नारीहरूमा साडी, ब्लाउज, पेटीकोट,लहगाँ (घाघर), चुनरी र चोली लगाउने चलन पाइन्छ । केहीले खास गरी मुस्लिम नारीहरूमा जम्फर, कुर्ता सुरुवाल र वुरका लगाउने चलन छ । युवा महिलाहरू हाल आएर कुर्ता सलवार र अन्य प्रकारका लुगाहरू लगाउन थालेका छन् ।



अवधी समाजमा प्रचलित पारम्परिक आभुषण

यस समाजका नारीहरू प्राचीन काल देखीनै श्रृङ्गार प्रसाधनमा अत्यन्त निपुण रहेको पाइन्छ । अवधी समाजका सोह्र श्रृङ्गार (अंगशौच, मन्जन, दिव्यवस्त्र, आभूषण, मेहावर, केश, मांगी, ठोढी, माथा, मेहदी, उबटन, सुगन्ध, मुखराग, दन्तराग,

अधराग, गाजल) को वर्णन प्रचुर मात्रामा यहाँका लोककथा, लोक गीत तथा लोक नाटकहरूमा वर्णित रहेको पाइन्छ । केश विन्यास आँखामा गाजल, दाँतमा मिस्सी, शरीरका विविध अङ्गहरूमा गोदना, व्रत र उत्सवको अवसरमा मेहावर र मेहदीको प्रयोग अवधी महिलाहरूको मुख्य श्रृङ्गारको रूपमा रहेको पाइन्छ । आभुषणको रूपमा महिलाहरूको खुट्टामा चाँदीको कड़ा छडा, पाउजेब, विछुवा र पायल, कम्मरमा सुन र चाँदीको करधन (हाफ र पुरा) हातका औलाहरूमा सुन र चाँदीको औठी, गदिया, कङ्गन, चुरा, दशबन्द, अगेला पछेला, पाखुरामा टेढिया, घाटीमा चाँदी र सुनको हवेल, तौक, हसुली, हार, सिकड़, मङ्गलसुत्र, कानमा सुन र चाँदीका झुम्का झाल, टप, बाला, बाली नाकमा झुल्नी, नास्ता, तरकी, खिल र नथिया तथा निधारमा सिन्दुर, टीका र टिकुली आदि विविध किसिमका गरगहना विभिन्न अङ्गहरूमा लगाउने गरेको पाइन्छ ।

पुरुषहरूले धोती, कुर्ता, पगडी, घाँटीमा रुमाल, जुत्ता, चप्पल, पाइजामा, बहकटी आदि लगाउने गर्दछन । श्रृङ्गार प्रशाधनमा पुरुषहरू हातमा औँठी, घाँटीमा सिक्रि र मख्खी लगाउने गर्दछन । कपालमा सुगन्धित तेल र पाएसम्म शरीरमा सेन्ट तथा गुलाब जल छर्कने र पान खाने प्रचलन धेरैजसोमा पाइन्छ ।

३.१.७. अवधी समाजमा पाइने भाँडाकुँडा र औजार

यस समाजमा फुल, काँसा, तामा, पितल, फलाम आदि धातुका बटुला, बटुली, खखरा, हन्डा, हन्डी, करछुल, गगरा, गगरी, थाल, कचौरा, गिलास, आदि प्रयोग रहेको पाइन्छ । पूजा आजाका मुख्यत: तामाबाट बनेका भाँडावर्तनहरू प्रयोगमा ल्याइन्छ । यसै प्रकारले धातु, काठ तथा माटोबाट बनेका डोकनी, टोइयां, बधनी, बोरसी, छीपा, खोन्हा, डेहरी बाल्टी पनि भाडाकुडाका रूपमा प्रयोगमा छन् । साथसाथै गाइवस्तुहरूलाइ चारा खुवाउनका लागि काठ, माटो र सिमेन्टले बनेका हउदी प्रयोगमा ल्याइन्छ । अन्य प्रयोगमा ल्याउने भाँडाकुँडाहरूमा पित्तल माटोले बनेका खानपानका पात्र आदि आउँछन । औजारहरू मुख्य रूपमा फलाम र काठले बनेका कृषि सम्बन्धी औजार हर, फार, कोदालो, कोदाली, बसुला, हथौडा, हथौडी, खन्ता, बञ्चरी, बञ्चरो, खुर्पी, गणाशाआदि यस समाजमा मुख्य रूपमा उपलब्ध रहेका हुन्छन । काठका औजार बनाउनका लागि र धातुका विविध किसिमका औजार बनाउनका लागि सामुहिक रूपमा मान्छे राख्ने चलन छ । जसलाइ क्रमश: बढइ र लोहारको नामले जान्ने गरिन्छ ।

३.१.८. अवधी समाजको आम्दानी प्रमुख स्रोत

अवधीभाषीहरूको मुख्य आम्दानीको स्रोतमा खेतीपाती र पशुपालन तथा सहायक स्रोतमा मजदुरी, नोकरी र घरेलु व्यापार पर्दछ ।

३.१.८.१. खेतीपाती

अवधीभाषीहरूको आम्दानी प्रमुख स्रोत खेतीपाती हो । यिनीहरूले गर्ने गरेको खेती आधुनिक प्रणालीको नभएर परामपरागत जीवन निर्वाह स्तरको पाइन्छ । अवधीभाषीहरूको खेतीप्रणाली निम्नानुसार छन् :

३.१.८.२. खाद्यान्न बाली

खेतीपातीबाट उत्पादन गरिएको अनाज अवधीभाषीहरूको मुख्य खाना हो । जङ्गली अवस्थामा पाइने वस्तुलाइ अवधीभाषीहरूले उपयोगी बनाए । अवधीभाषीहरूले उत्पादन गर्ने गरेको खाद्यान्नलाइ बर्षे र हिउंदे गरी दुइ भागमा वर्गीकरण गर्न सकिन्छ :

३.१.८.३. धान

अवधीभाषीहरूले उत्पादन गर्ने महत्वपूर्ण बाली धान हो । यो सिञ्चित/असिञ्चित दुवै खाले जमिनमा उत्पादन हुन्छ । प्रायः धानखेती सिञ्चित जमिनमा हुन्छ । असिञ्चित जमीनमा हुने धानलाइ साठा धान भनिन्छ । साठी दिनमा तयार हुने भएकाले साठा भनिएको हो । यहा हुने कालानिमक, वासमती, कृष्णभोग, श्यामजीरा, अनन्दी आदि धानको भात निकै स्वादिष्ट हुन्छन् । तर अचेल हाइब्रिड धानको खेति गर्ने प्रचलन बढेको छ । धानखेतिका लागि सिञ्चित क्षेत्रमा जेठ र ढिलोमा असारसम्म धानको ब्याड राखिसक्नुपर्छ । अवधीभाषीहरू वैशाखमै एकपटक खेत जोतेर छाडिदिन्छन् । पानी पर्ने बित्तिकै वा कुलोमा पानी आउनेबित्तिकै खेतमा पानी हाली अर्को पटक खेत जोति, काठकै दाँतले हिलो बनाइ हेंगाले सम्याएर धान रोप्ने गरिन्छ ।

आजभोली यी समाजका मानिसहरू धान रोप्नुभन्दा पहिले रासायनिक मलको प्रयोग पनि गर्छन । गोडमेल गर्ने, पानी लगाउने, रोग लागेमा कीटनाशक औषधिको प्रयोग पनि गरिन्छ । धान पसाइसकेपछि पानी सुकाइन्छ । धान थन्क्याइसकेपछि खेतमा मसुरो, आरसी, जौ छरिन्छ । बाली पाकी तयार भएका हँसियाले काटेर केहि दिन सुकाएर खल्यानमा बोकि चुट्ने, दाइँ गर्ने (डैना), पराल थन्क्याउने आदि गरिन्छ । देउखुरी उपत्यकाका स्थानमा धानबाली वर्षमा दुइपटक लगााउने गरेका पनि देखिन्छ ।

३.१.८.४. मकै

अवधीभाषीहरू डिह र बारीमा अर्थात् भिराला, असिञ्चित तथा पानी नजम्ने र अग्लो जग्गामा मकैको खेती गर्छन् । उनीहरू मकैलाइ 'जोन्हरी' भन्दछन् । मकै अवधीभाषीहरूको खानामा धानको सहायकका रूपमा आउँछ । मकै वैशााख, जेठ, असार महिनामा छरिन्छ । डिह, बारीलाइ दुई पटक जोतेर मकैको बिउ छर्ने वा हलीको पछिपछि कुलोमा हालिन्छ । बिउ छरेको १५-२० दिनमा एकपटक र ३०-४० दिनमा अर्को पटक कोदालोले गोडिन्छ । जातअनुसार तीनदेखि पाँच महिनासम्म मकै पाकेर थन्कयाउन तयार हुन्छ । प्रायः मकै भदौमा थन्क्याइन्छ । झुप्पा बनाएर यसलाइ घरको बतासीमा झुन्डयाउने गरिन्छ वा आगनमा अँट्वा बनाएर त्यसमाथि डोरीमा हार लगााएर राखिन्छ ।

३.१.८.५. दलहन

खेतमा दलहनका रूपमा अवधीभाषीहरू अरहर, मास (उरुद), मसुरो, चना, भटमास रहर आदि उत्पादन गर्छन ।

३.१.८.६.नगदेबाली

नगद आम्दानी गर्ने उद्देश्यले उत्पादन गरिने बालीलाइ नगदेबाली भनिन्छ । यसअन्तर्गत निम्न बाली पर्छ-

३.१.८.६.१. तोरी

मकै भाँचिसकेपछि डिहमा तोरि छरिन्छ । अवधी भाषामा यसलाइ 'लाही' भनिन्छ । दुइ पटक जग्गा जोतेपछि तोरी छरिन्छ । असोजमा छरेको तोरी पुसको अन्त्यमा काटिन्छ । १५-२० दिनमा खल्यानमा राखेपछि घाममा सुकाएर तोरि माडिन्छ । रासयनिक मलको प्रयोग नहुँदा भने माघको दोस्रो साताबाट तोरि काट्न सुरू गरिन्थ्यो ।

३.१.८.६.२. तोरी फलफूल खेती

अवधीभाषीहरूले फलफूल खेती धेरै गरेको पाइँदैन । उनीहरूको बारीमा व्यक्तिगत प्रयोगका लागि २-४ वटा केराका बोट (केरा), १-२ वटा स्थानीय आँप (आम), १-२ वटा मेवा (रेडमेवा), १-२ वटा अम्बा (अमरुत), अमिलो (अम्ला) आदिका बोट देखिन्छन् । केरा, आँप पाकेमा बेच्ने गरेको पाइन्छ भने अन्य फल खानका लागि प्रयोग गरिन्छ ।

३.१.८.६.३. तरकारीको खेती

अवधीभाषीहरूको पहिलापहिला तरकारी खेति जीवीकापार्जनका लागि मात्र गर्थे । उनीहरू घरसँगैको बारीमा आलु, साग, मूला, भाजीको साग, धनियाँ, सिमी, फर्सी, लौका, घिरौंला, खुर्सानी, लसुन आदि रोप्छन् भने घर नजिकको खेतमा आलु, काउली, बन्दा आदि रोप्छन् ।

३.१.८.६.४. आलु खेती

अवधीभाषीहरूले सबै तरकारीमध्येमा आलुलाइ राजा मान्छन् । उनीहरूको यसलाइ विभिन्न तरकारीसँग मिसाएर खान्छन् । वर्षभरिका लागि पुग्ने आलु भण्डार पनि अवधीभाषीहरूले गरेका हुन्छन् । अवधीभाषीहरू घरनेरको बारीमा, मकै भाँचेपछि, डिहमा, धान काटेपछि खेतमा आलु रोप्ने गर्छन् । आलु दुइ तरिकाले रोप्ने गरिन्छ । एउटा डयाङमा र अर्को छापो हालेर । छापो हालेर रोपेकोभन्दा ड्याङमा रोपेको आलु धेरै फल्छ भन्ने विश्वास अवधीभाषीहरूको छ । स्थानीय जातको आलु भने छापो हालेर रोप्ने चलन छ, जुन निकै स्वादिष्ट हुन्छ । आलुबारीमा दुई पटकसम्म सिँचाइ गरिन्छ । आलुलाइ दुइ कप्टेरा पारेर तरकारी, उसिनेर माडेर त्यसको चटनी खाने गरिन्छ । जाडोयाममा सिङ्गै आलु आगोमा पोलेर पनि खाने गरिन्छ । अचेल विकासे जातको आलु रोप्ने चलन बढेको छ । यसबाट अवधीभाषीहरूका लागि नगद आम्दानीको स्रोत पनि बढेको छ ।

३.१.८.६.५. हरियो सागपात

अवधीभाषीहरूले लगाउने महत्वपूर्ण सागपातमा मूला, चम्सुर, पालुङ्गो, धनियाँ, मेथी आदि रोपिन्छ । मेथिको दाना सुत्केरी अवस्थामा तेलमा फुराएर शरीरमा घस्न पनि प्रयोग गरिन्छ । फुराएको मेथिको दानाले शरीरमा मालिस गऱ्यो भने शरीरमा विमिरा निस्कदैन ।

३.१.८.६.६. मुला

अवधीभाषीहरूको प्रमुख तरकारी मूला पनि हो । मूला घरनेर बारीमा असोज महिनामा रोपिन्छ । मूलाको पात सागका रुपमा खाइन्छ । यसको पात र जराबाट सिन्की पनि बनाइन्छ । यसलाइ काँचै

पनि खाइन्छ । यसको पात र जराबाट सिन्की पनि बनाइन्छ । गुणात्मक सिन्की बनाउन मूलामा लौका, मेवाको टुक्रा मिसाइ ढिकीमा कुटी कुनै भाडामा थिचेर जमिनमा राखिन्छ ।

३.१.८.६.७. लसुन, प्याज

अवधीभाषीहरूमसलाको प्रयोग त्यति गर्दैनन् । लसुनको प्रयोग सामान्य रुपमा मसलाको साथै प्रसुतिका बेलामा मालिस गर्ने तेलमा तताएर घरेलु औषधिका रुपमा प्रयोग गरिन्छ ।

प्रशस्त सिँचाइ सुविधा भएको ठाउँमा लसुन-प्याजको खेती गरिन्छ । अवधीभाषीहरू आधुनिक तरिकाले मौसमी तथा बेमौसमी तरकारी खेतितर्फ अग्रसर भएका छन् । हाल तौलिहवा बजार र पकडी बजारमा ४-५ किलोमिटर टाढाबाट समेत अवधीभाषी महिला/पुरुष बिहानै तरकारी बेच्न जाने गरेका पाइन्छ । यो उनीहरूको नगद आम्दानीको प्रमुख स्रोत बनेको छ ।

३.१.८.७. खेती गर्ने तरिका

व्यावसायिक रुपले तरकारी खेती गर्ने किसानहरू अवधीभाषीक्षेत्रका विभिन्न गाँउमा बढिरहेका छन् । अवधीभाषी किसानहरूले व्यावसायिक रूपमा टमाटर, घिउसिमी, काक्रो, लौका, काउली, बन्दा, खुर्सानी, घुइया, फर्सी, भन्टा आदि उत्पादन गरेको पाइन्छ । उनीहरूले माटोमा उर्वशक्तिको विकास गर्न कम्पोस्ट मलको साथै रासयनिक मलको प्रयोग गर्न थालेको छन् । तर अवधीभाषी किसानहरूमा रासायनिक मल र कीटनासक औषधीबाट माटोको उर्वरा शक्तिमाथि पर्ने असरबारे पूर्ण चेतना भएको देखिँदैन ।

केही किसानहरूले कृषिमा केहि मात्रामा उर्वरा शक्ति बढाउने मल र कीटनासकको प्रयोग गरे तापनि अधिकांश किसानहरूले जीवन निर्वाहका लागि मात्र खेति गरेको पाइन्छ । कम्पोस्ट मल बारी र डिहमा प्रयोग गरिन्छ भने खेतमा रसायनिक मलको प्रयोग गरेको पाइन्छ ।

३.१.८.८. पशुपालन

अवधीभाषीहरूको आम्दानीको स्रोत पशुपालन पनि हो । उनीहरूको जनजीवन कृषी पेशामा आधारित रहेको हुनाले पशुपालन आवश्यक पनि छ । अवधीभाषीहरूले पाल्ने पशुपंक्षीहरूमा गाइ गोरू, भैसी, वाख्रा, कुखुरा, भेडा, परेवा, सुगुंर आदि प्रमुख छन ।

३.१.८.९. पारम्परिक पेशा

अवधीभाषी समाज मुल रूपमा पारम्परिक पेशामा आधारित समाज हो । यस समाजका हरेक जातिका आ आफ्नै पारम्परिक पेशा थिए । कसैले माटोको काम गर्थे, उनलाइ कोहार भनिन्थ्यो । कोही काठका काम गर्थे, उनलाइ बढई भनिन्थ्यो, कोही छालाको काम गर्थे, उनलाइ चमार भनिन्थ्यो । यसै किसिमले कोही बासको काम गर्थे । कोही ढुङ्गाको काम गर्थे । कोही तरकारी उत्पादन गर्थे त कोही शहरबाट दैनिक सामाग्रीहरूलाइ ल्याएर आफ्नो गाउमा वेचविखन गर्थे । तर समयसंगै यी पारम्परिक पेशा विस्तारै हराउदै गएकाले समाजलाइ यसबाट खासै सफलता प्राप्त हुन सकिरहेको छैन ।

३.१.८.१०. नोकरी

सरकारी सेवा, शिक्षण पेशा, सेना, प्रहरी र विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूमा न्युन मात्रामानै सही अवधीभाषीहरूको संलग्नता छ । तर निजामती कर्मचारी अन्तर्गतको प्रशासन विधामा अवधी भाषीहरूको उपस्थिती अत्यन्त न्युन छ ।

३.१.८.११. श्रम तथा रोजगारी

अवधी समाजमा मुख्यत: दैनिक मजदुरी तथा मासिक ज्यालादारीका रूपमा स्थानीय तहमा तथा शहर बजार सम्म पुगेर काम गर्ने गर्छन । यसै किसिमले यस समाजका विशेष गरेर पुरुषहरू रोजगारीका लागि विदेशिने गर्छन ।

३.१.९. अवधी समाजमा पारम्परिक यातायात र सञ्चार

यातायातका साधनको रूपमा गोरूगाडा, घोडा, हात्ती तथा पालकी प्राचीनकाल देखिनै यो समाजमा प्रचलित रहेको पाइन्छ । यी परम्परागत यातायातका साधनबाहेक अहिले वर्तमानमा आएको साइकल, रिक्सा, एक्का, ट्रेक्टर र कही कही जीप र बसको प्रयोग यातायातको साधनको रूपमा प्रयोग भएको देखिन्छ । आइमाइहरूले प्रयोग गर्ने डोली र पाल्की पनि हाल आएर विवाह, गवन (द्विरागमन) आदिमा सिमित रहेको पाइन्छ । यहाँ संञ्चार र सुरक्षाको लागि गाँउमा सामूहिक रूपमा एकजना चौकीदार राख्ने चलन धेरै पहिले देखि छ । चौकिदारले गाउको हालखबर अन्य ठाउँमा पुऱ्याउनुको साथै रातीको समयमा गाउँको सुरक्षा व्यवस्था पनि हेर्ने गर्दछ । यसै प्रकार उत्सव र संस्कारगत कार्यहरूको समयमा निमन्त्रण पठाउने काम नाइद्वारा गर्ने गरिन्छ ।

(हरेक घरको आफ्नै तोकिएको नाइ रहेको हुन्छ) । हुलाक र अन्य सुविधा विस्ताार भएको चौकिदार राख्ने चलन हराउन थालेको पाइन्छ ।

अध्याय-४

अवधी भाषी क्षेत्रका पुरातात्विक, धार्मिक, प्राकृतिक स्थल तथा लोकदेवीदेवता

४.१. अवधी भाषी क्षेत्रका पुरातात्त्विक स्थल

४.१.१. मायादेवी मन्दिर, लुम्बिनी

लुम्बिनीस्थित मायादेवी मन्दिर भगवान गौतम बुद्धको जन्मस्थलका रूपमा विश्वभरका बौद्धमार्गीहरूको लागि सबैभन्दा पवित्र स्थल हो । सन् १९९७ मा युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत यो मन्दिरको ऐतिहासिक र पुरातात्विक पक्ष अत्यन्तै महत्वपूर्ण छ । यस मन्दिरको मुख्य ऐतिहासिक र पुरातात्विक आकर्षणहरू मध्ये मार्कर स्टोन (Marker Stone) ले मन्दिरको गर्भगृहमा रहेको यो ठुङ्गाले बुद्ध जन्मिएको निश्चित बिन्दुलाइ संकेत गर्दछ ।

सन् १९९२ देखि १९९६ को उत्खननमा ७ फिट गहिराइमा फेला परेको यो ठुङ्गा हाल बुलेटप्रुफ सिसाभित्र सुरक्षित राखिएको छ । यसै किसिमले मन्दिरभित्र चौधौँ शताब्दीको एउटा प्राचीन बुद्ध जन्म मूर्ति (Nativity Sculpture) छ, जसमा रानी मायादेवीले सालको रुखको हाँगा समातेर बुद्धलाइ जन्म दिइरहेको दृश्य कुँदिएको छ । यसै मन्दिरको पश्चिमपट्टी मौर्य सम्राट अशोकले इ.पू. २४९ मा आफ्नो लुम्बिनी भ्रमणको सम्झनामा खडा गरेका अशोक स्तम्भ छ । यस शिलालेखमा ब्राह्मी लिपिमा कुँदिएको जानकारीले बुद्धको जन्म यही ठाउमा भएको ऐतिहासिक प्रमाण दिन्छ । यसै किसिमले मन्दिरको दक्षिणमा रहेको पवित्र पुष्करिणी पोखरीमा बुद्धलाइ जन्म दिनुअघि मायादेवीले स्नान गरेकी थिइन, भन्ने किम्बदन्ती पाइन्छ ।



मायादेवी मन्दिर, लुम्बिनी

वर्तमान सेतो मन्दिर (२००३ मा पुनर्निर्मित) भित्र विभिन्न कालखण्डका (इ.पू. तेस्रो शताब्दीदेखि गुप्तकालसम्मका) इँटाका संरचना र १५ वटा साना-ठूला कोठाहरू सुरक्षित राखिएका छन । सन् २०१३ को उत्खननमा मन्दिरको जगमुनि इ.पू. छैटौँ शताब्दीको काठको प्राचीन मन्दिरका अवशेषहरू फेला परेका थिए, जसले यो स्थल बुद्धकै समयदेखि पवित्र मानिएको पुष्टि गर्छ । यहाका स्थानीय मानिसहरूले यस ठाउमा रुमिनदेई देवीको स्थान मानेर पुजाआर्जा र मुण्डन आदि संस्कार गर्नुकोसाथै देवी स्थान मानेर कराही चढाउने गर्छन ।

४.१.२. तिलौराकोट, कपिलवस्तु



तिलौराकोटमा उत्खनन हुदै

यो नेपालको लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित छ। तिलौराकोट प्राचीन कपिलवस्तु राज्यको राजधानी र सिद्धार्थ गौतम (भगवान बुद्ध) ले आफ्नो जीवनका २९ वर्ष बिताएको ऐतिहासिक स्थल हो। यही प्राचीन समयमा शुद्धोधन राजाको दरबार र शाक्य गणराज्यको प्रशासनिक केन्द्र थियो। उत्खननका क्रममा यहाँ प्राचीन दरबारका अवशेषहरूका जगहरू, इंटाका पर्खालहरू र कोठाहरू फेला परेका छन्। यहा पूर्वी, उत्तरी, दक्षिणी र पश्चिमी ढोका रहेका छन्। पूर्वी ढोकालाइ 'मङ्गल द्वार' भनिन्छ। यो त्यही ठाउँ हो, जहाँबाट राजकुमार सिद्धार्थले मानव जातिलाइ दुःखबाट मुक्ति दिलाउने मार्ग खोज्नका लागि महाभिनिष्क्रमण (गृहत्याग) गर्नुभएको थियो। दरबार क्षेत्र नजिकै एउटा प्राचीन पोखरी र बुद्धका माता-पिता (शुद्धोधन र मायादेवी) को स्मृतिमा बनाइएका भनिएका दुइवटा स्तूपहरू रहेका छन्, जसलाइ धम्म निहिल स्तूप भनिन्छ।

चिनियाँ यात्रीहरू फाहियान र ह्वेन सांग ले आफ्नो यात्रा वृत्तान्तमा कपिलवस्तुको वर्णन गरेका थिए, जसको आधारमा पुरातत्त्वविद बाबु प्रेमचन्द्र मुखर्जीले तिलौराकोटको पहिचान गरेका थिए। हालैका वर्षहरूमा युनेस्को र नेपाल सरकारले यहाँ व्यापक पुरातात्त्विक उत्खनन गरिरहेका छन्, जसले यसलाइ विश्व सम्पदा सूचीमा सूचीकृत गराउन बलियो प्रमाणहरू जुटाइरहेको छ।

प्राचीन कपिलवस्तु राज्यको राजधानी तिलौराकोट कला एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण स्थान हो। कौशल देशका राजा ओक्काकका सन्तानहरू उत्तरपट्टि छोडिदा घुम्दै कपिलमुनी क्रृषिको आश्रममा पुगे। उनीहरूले आफ्नो बृतान्त उल्लेख गरेपछि क्रृषिले नजिकको शालको जंगल फाँडी बसोबासगर्ने सल्लाह दिए अनुसार कालान्तरमा घना बस्ती भएकोले कपिवत्थु हुँदै कपिलवस्तु नामकरण गरियो। त्यसैगरी शालवृक्ष फाँडेकोले शाक्य भनियो। कतै राजा ओक्काकले शक्य भनी सम्बोधन गरेको हुँदा तदानुरूप शाक्य वंश भनिएको उल्लेख छ। यसरी स्थापित शाक्य राज्यको असी हजारको कुल थियो, भनी राधाकुमुद मुखर्जीले उल्लेख गर्दछन्। राकहिलका अनुसार विरुद्धकले हत्या गर्दा ७७,००० शाक्यहरू रहेको बुझिन्छ। ललितविस्तारका अनुसार यहाँका शाक्यहरू कला कौशलमा निपूर्ण रहेको बुझिन्छ। यहाँ गरिएको उत्खननबाट इ.पू. एघारौ शताब्दीसम्म यसको प्राचिनता पुष्टि भएको छ। उल्कामुख कपिलवस्तुका प्रथम राजा थिए भने उनी पछि ८,२१० पुस्तामा बुद्धका बाजे धनदुर्ग वा जयसेन भएको तथ्य वंशावलीमा छ। जयसेन पश्चात् शुद्धोदनले राज्य गर्दा यहाँको प्रशासनिक एवं राजनैतिक अवस्था व्यवस्थित थियो।

४.१.३. निग्लिहवा, कपिलवस्तु

निग्लिहवा नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लाको एउटा महत्वपूर्ण ऐतिहासिक र पुरातात्विक स्थल हो । यो स्थल कपिलवस्तु नगरपालिकाको वडा नं. ९ मा पर्दछ र तौलिहवा बजारबाट करिब ८ किलोमिटर उत्तर-पूर्वमा अवस्थित छ । यसलाइ प्राचीन शोभावती नगर मानिन्छ, यस ठाउमा पुर्व बुद्ध कनकमुनि बुद्धको जन्म भएको थियो । मौर्य सम्राट अशोकले आफ्नो तीर्थयात्राका क्रममा यहाँ एउटा शिला स्तम्भ स्थापना गरेका थिए, जसलाइ निग्लिहवा स्तम्भ भनिन्छ । यस स्तम्भमा कनकमुनि बुद्धको स्तूपलाइ दोब्बर आकारको बनाएको र सम्राट आफैँले पूजा गरेको कुरा उल्लेख गरिएको छ । महाकल्प नामक ग्रन्थमा उनको जन्म शोभावती नगरका एकजना ब्राह्मण कुलमा हुँदा सुनको वर्षा भएकोले कनकमुनी नामकरण गरिएको भन्ने किम्बदन्ती रहिआएको छ । चिनियाँ यात्री फाह्यिानले शोभावती नगर क्षेमाबती देखि उत्तरपट्टि एक योजन भित्र रहेको उल्लेख गरेका छन् । सम्राट अशोक आफ्ना गुरू उपगुप्त सहित विभिन्न बौद्ध तीर्थस्थलहरूमा घुम्ने क्रममा इ.पू. तेस्रो शताब्दीमा कपिलवस्तु, लुम्बिनी आदि स्थानहरूमा भ्रमण गर्ने क्रममा यहाँ आउँदा दोस्रो पटक राज्याभिषेकको चौधवर्ष हुँदा स्तूप बढाएको तथ्य पाली भाषा ब्राह्मी लिपिको अभिलेखमा लेखिएको छ । दुइ टुकामध्ये मयूर, "ॐमणि पद्ने हुँ" बौद्ध स्तुति समेत अँकित छ । यो क्षेत्र विशेष गरी बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र मानिन्छ ।

४.१.४. गोटिहवा, कपिलवस्तु

गोटिहवा लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित एक अत्यन्त महत्वपूर्ण ऐतिहासिक र पुरातात्विक स्थल हो । यो स्थल कपिलवस्तु नगरपालिका वडा नम्बर ५ मा पर्दछ । यो स्थानलाइ बौद्ध धर्मका सात प्राचीन बुद्धहरूमध्ये चौथो ककुच्छन्द बुद्धको जन्मस्थल र निर्वाणस्थल मानिन्छ । प्राचीन कालमा यस स्थानलाइ खेमवती भनेर चिनिन्थ्यो । इसापूर्व २४९ मा मौर्य सम्राट् अशोकले यस पवित्र स्थलको तीर्थाटन गरी यहाँ एक अशोक स्तम्भ र स्तूप निर्माण गराएका थिए । पाँचौँ र सातौँ शताब्दीमा नेपाल आएका प्रसिद्ध चिनियाँ यात्रीहरू फाहियान र ह्वेनसाङले आफ्नो यात्रा वृत्तान्तमा गोटिहवाको अशोक स्तम्भ र सिंहको आकृति भएको माथिल्लो भागबारे उल्लेख गरेका छन् । हाल यहाँ स्तम्भको तल्लो भाग मात्र सुरक्षित छ, जसको उचाइ करिब १० फिट ८ इन्च र परिधि ८ फिट ६ इन्च छ । यो स्तम्भ बलौटे ढुङ्गाबाट बनेको छ र यसको माथिल्लो अभिलेख भएको भाग हराएको वा खण्डित अवस्थामा छ । यस स्थानलाई यहाका स्थानीय समाजले फुटेश्वर महादेवको रूपमा नव अन्न आदि चढाउने गतिविधि गर्ने गर्छन ।

अशोक स्तम्भको नजिकै ठूलो इँटाले बनेको स्तूप छ । यहाँ सर्वप्रथम मेजर बाडेल र पी. सी. मुखर्जीले इ.सं. १८९८ मा उत्खनन गरी सम्राट अशोकले ककुच्छन्द बुद्धको जन्मस्थल भएको स्थानको रूपमा उल्लेख गरे । यहाँ भू-सतहमा पुरिएको अशोक स्तम्भ कार्लाइलले इ.सं. १९०४ मा उत्खनन गरी बढी स्पष्ट गराए । यसलाइ अझ भिक्षु धर्मलोकले इ.सं. १९५४मा उत्खनन गरी स्पष्ट भागहरू प्रकाशमा ल्याए । स्तूपको दक्षिणपट्टि नजिकै काठले बनाइएको कुवा छ भने यसको दक्षिणपट्टि प्राचीन स्तूपको पुरावशेष छरिएर रहेका छन् । नेपालको पुरातत्व विभाग र इटलीको इस्मियो नामक संस्थाको संयुक्त

तत्वावधानमा यहाँ अन्वेषण तथा उत्खनन गर्दा सन् १९९५ देखि २००१ सम्ममा प्राचीन स्तूपको अस्तित्व फेला परेको छ । यो स्तूप दुइ चरणमा निर्माण भएको पाइएको छ ।



गोटिहवामा अवस्थित अशोकास्तम्भ

पहिलो चरणमा यसको व्यास १९.५ मिटर थियो भने पछि कुषाण कालमा विस्तार गरी २१.५ मिटर बनाइएको थियो । यहाँ प्राप्त कोइलाको रसायनिक परीक्षण गर्दा इ.पू. आठौ शताब्दीसम्मको अस्तित्व पुष्टि भएको छ । उत्खननका क्रममा यहाँ मौर्यकालीन माटाका भाँडाकुँडा, मानव गतिविधि र पशु बलिदानका अवशेषहरू समेत भेटिएका छन् ।

गाउँको बीचमा एउटा प्राचीन इनार छ जुन अझै पनि स्थानीयले प्रयोग गर्छन् । स्तूपाको दक्षिणतर्फ एउटा ठूलो ऐतिहासिक पोखरीका अवशेषहरू समेत रहेका छन् । यस स्थलको संरक्षण र प्रवर्धनका लागि लुम्बिनी विकास कोषले कार्य गरिरहेको भए पनि वर्षायाममा अशोक स्तम्भ डुबानमा पर्ने जस्ता समस्याहरूले गर्दा यसको दीर्घकालीन संरक्षणमा चुनौतीहरू देखिएका छन् ।

४.१.५. सगरहवा, कपिलवस्तु

सगरहवा नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा अवस्थित एक अत्यन्तै महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पुरातात्विक स्थल हो । यो कपिलवस्तुको सदरमुकाम तौलिहवाबाट करिब ९ किलोमिटर उत्तरमा जगदीशपुर तालको नजिकै दक्षिण-पश्चिम क्षेत्रमा पर्दछ । यसलाइ विशेष गरी 'शाक्यहरूको सामूहिक नरसंहार गरिएको ठाउँ' का रूपमा चिनिन्छ । प्राचीन समयमा कोसलका राजा विडूडभले कपिलवस्तुमा आक्रमण गरी करिब ६० हजार शाक्यहरूको सामूहिक बध गरेको इतिहास छ । सोही नरसंहार भएको स्थल नै सगरहवा हो भनी विश्वास गरिन्छ । स्थानीय बासिन्दाहरूले यस ठाउँलाइ 'लम्बुसागर' भनेर पनि चिन्दछन् ।

सर्वप्रथम भारतीय पुरातत्व विभागमा कार्यरत जर्मनी विद्धान डा. फूहररले इ.सं. १८९७ मा तत्कालीन पाल्पाका बडाहाकिम खड्गशमशेरको सहयोगमा अन्वेषण तथा उत्खनन कार्य संचालन गर्दा यस स्थानको अस्तित्व जमसमक्ष आएको थियो । डा. फूहररले गरेको उच्खननको पुरावशेषको अवलोकन पी. सी. मुखर्जीले पनि गरेका थिए । फूहररले उत्खनन् गरी प्रकाशमा लिएका सत्रवटा स्तूपहरू संरक्षण गर्न नसकिएको हुँदा यिनको अस्तित्व क्रमशः बिलिन हुँदै गएको छ ।

उत्खननका क्रममा यहाँ धेरै साना-ठूला स्तूपहरूका अवशेष र पुरातात्विक इट्टाहरू भेटिएका थिए, जुन शाक्यहरूको सम्झनामा बनाइएको मानिन्छ । यहाँका स्तूपहरूको जगतीमा रहेका इँटामा अष्टदल कमलको आकृति अंकित छ । बीच भागको अष्टदल कमल अंकित इँटाको आसपासमा रहेका इँटामा

कटारी, चुलेसी, परशु, गदा, अंकुश, त्रिशुल आदि चिन्हहरू अङ्कित छन् । यी हातहतियारहरू शाक्यहरूको विनाश गर्दा प्रयोग गरिएकोले सहिदहरूको स्मृतिको निम्ति इँटामा समेत आकृति उत्कीर्ण गरिएको विश्वास गरिन्छ । यो तथ्य लोक परम्परामा आधारित छ । हाल यस क्षेत्रको संरक्षणका लागि लुम्बिनी विकास कोष र स्थानीय निकायहरू सक्रिय छन् । यहाँको इतिहासलाइ जीवन्त राख्न ढुङ्गाहरूमा नरसंहारको चित्रण गर्ने मूर्तिहरू कुँदिएका छन्, जसले पर्यटक र बौद्ध धर्मावलम्बीहरूलाइ आकर्षित गरिरहेको छ ।

यो क्षेत्र बौद्ध धर्मावलम्बीहरूका लागि एक महत्वपूर्ण तीर्थस्थल हो । शाक्य वंशको विनाशसँग जोडिएको यो ठाउँलाइ शान्ति र इतिहासको गहिरो अध्ययन केन्द्रका रूपमा लिइन्छ ।

४.१.६. रामग्राम स्तूप

इ.पूर्व छैठौं शताब्दीमा पश्चिम नेपालको तराइ भू-भागमा विस्तारित शाक्य र कोलिय राज्यहरू तत्कालीन शक्तिशाली गणराज्यहरू थिए । शाक्य र कोलिय वंशको उत्पत्तिबारे विभिन्न भनाइहरू छन् । कोशलराज ओक्काकले आफ्ना चार छोरा र पाँच छोरीलाइ राज्यबाट निर्बासितगर्दा हिमालयको तलपट्टि शालवनमा कमलको तलाउको छेउँमा बसोबास गरेकोमा राजाले मन्त्रीलाइ बुझ्न पठाउँदा उनीहरू बीच विवाह गरी बसेको खबर सुनाउँदा राजाले उद्‌गार ब्यक्त गर्दा–"हे ! राजकुमारहरू सक्य छौ निश्च्य सक्य छौ " भनेकोले कालान्तरमा सक्य--सक्य--सक्या, साक्य भएको र उनकी जेठी छोरीका सन्तान कोलिय वंश भन्ने उल्लेख छ । राज्य निर्वासित राजकन्या प्रिया (अमृता)लाइ श्वेत कुष्ठ रोगले ग्रसित गराउँदा उनलाइ एकान्त जङ्गलतिर पठाइएको थियो । जङ्गलमाबस्दा बनारसका राजा रामपनि उक्त रोगबाट पीडित भइ त्यसै वनमा आइ कोल वृक्षको छहारी मुनिबस्दा निको भएको रहेछ । रामको सल्लाह अनुसार प्रियालाइ पनि कोल वृक्षमुनि बस्दा निको भएकोले उनीहरूले विवाह गरी बसोवास गरेको क्षेत्र कालान्तरमा देवदह, रामग्राम, व्याघ्रपुर, व्याघपथ, कोलग्राम वा कोलिय नगर भन्न थालिएको भन्ने परम्परा छ ।



रामग्राम स्तुप

कोलिय वंशका अंजनका मायादेवी, प्रजापति दुइ छोरी र दण्डपाणी, सुप्रबुद्ध समेत दुइ छोराहरू थिए । शाक्यवंशी शुद्धोधनको विवाह मायादेवी र प्रजापति गौतमीसंग भएको हुँदा यिनीहरू बीच पारिवारिक सम्बन्ध रहेको देखिन्छ । प्रजापतिले भिक्षुणी भए पछि – "यो अन्तिम जन्ममा मैले देवदह नगरमा जन्म लिए मेरो बुबा अंजन शाक्य हुनुहुन्छ र आमा सुलक्षण पछि म कपिलवस्तुको राजा शुद्धोधनको

घरमा गएको थिए" भन्ने उद्गार समेत व्यक्त गरेकी थिइन । रोहिणीको पश्चिमपट्टि दस जनपद भएको कपिलवस्तु र पूर्वपट्टि छ जनपद भएको कोलिय राज्य थिए । कोलियका रामग्राम र देवदह दुइवटा जनपद थिए भन्ने विद्वान्हरूको धारणा छ ।

बुद्धको असी वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण पश्चात् रामग्रामका कोलियहरू कुशीनगर पुगी भगवान पनि क्षेत्रीय हुनुहुन्छ हामी पनि त्यसै वंशका हौ । त्यसकारण बुद्धको अवशेषमा हाम्रो पनि अधिकार छ । हामीले पनि अस्थि अवशेष पाउनु पर्छ भनी दावी गरे । कुशीनगरका मल्ललाइ अस्थि नदिने भन्ने विवाद खडा भएकोमा मल्लका पुरोहित द्रोणले कुरा मिलाए । आठ भाग लगाइएको अस्थि मगध, वैशाली, कपिलवस्तु, अल्लकप्प, रामग्राम, बैप्दिप(विष्णु दिप) पावा र कुशीनगरलाइ दिए । पिप्लीवनका मौर्यहरूपछि आएकोले चीताको अंगार र द्रोण ब्राह्मणले तुम्ब (भाग) पाएकोले आठ अस्थिस्तूप नवौं तुम्बस्तूप र दसौं अङ्गार स्तूप निर्माण गरिदिए । मगधका अजातशत्रुले सबै स्तूपमा रहेका अस्थिधातुहरू सङ्कलन गरी विशाल स्तूप निर्माण गर्ने क्रममा सबै स्थानबाट अस्थिधातु ल्याइएको थियो । तर रामग्राममा नागहरूले सुरक्षा गरेको हुँदा लिन सकिएन । सिलोडको वंशावलीअनुसार रामग्रामको अस्थिधातु गङ्गा नदीले बगाइ समुद्रमा पुऱ्याएकोमा नागहरूले खोजी संरक्षण गरेका थिए भनिन्छ । त्यसताका साना नदीहरूलाइ गङ्गा भनी सम्बोधन गरिन्थ्यो भन्ने धारणा छ । सम्राट अशोकले जम्बुदिपमा चौरासी हजार स्तूप निर्माणगर्दा पनि यहाँको अस्तुधातु लान नसकेको हुँदा बौद्ध धर्म र संस्कृतिको दृष्टिले यसको विशेष महत्व छ ।

४.१.७. धम्निहवा

तिलौराकोटदेखि करिब ३७७ मिटर उत्तर तिलौरा गाउँको नजिकै वाणगङ्गा नदीको पूर्वी किनारमा धम्निहवा रहेको छ । धर्मधातु चैत्यबाट यसको नाम धम्निहवा रहन गएको भन्ने लोक परम्परा रहिआएको छ । यहाँ एकान्त जङ्गलको बीचमा दुइवटा इँटाले बनाइएका जोडी स्तूपहरू छन् । वृत्ताकारका यी स्तूपमध्ये शुद्धोधनको सम्झनामा बनाइएको ५२ फिट परिधि भएको र मायादेवीको सम्झनामा बनाइएको २६ फिट परिधिको हो भन्ने परम्परा रहिआएको छ ।

यी स्तूपको विभिन्न समयमा उत्खनन् गरिदै आएको छ । ठूलो स्तूपको पहिलो चरण इ.पू. चारौ शताब्दीतिरको हो भन्ने पुरातत्वविद्को भनाइ छ । यहाँ ग्रे वायर तथा एन.बी.पी. वायरका टुक्राहरू पाइएका छन् । यी माटाका भाँडावर्तनको समय इ.पू.तेस्रो-चौथो शताब्दीको देखिन्छ । त्यसै गरी दुइवटा पञ्चमार्क मुद्रा, तीनवटा काष्ट मुद्रा र एउटा बच्चासहितकी माताको माटोको प्रतिमा पनि पाइएका छन् । ठूलो स्तूपको बीचमा ४ मिटरसम्म उत्खनन् गर्दापनि कुनै क्यास्केट लगायतका वस्तु पाउन सकिएन् । ठूलो स्तूपको करिब ५ मिटर उत्तरमा सानो स्तूप छ । यो स्तूप एउटै चरणमा बनाइएको थियो । पिपल र कुसुमको बोटमुनि रहेका स्तूपहरू जमिनमुनि पुरिएका थिए ।

४.१.८. कुदान

प्राचीन खण्डहरको रूपमा अवस्थित लोरी कुदान तौलिहवा बजारदेखि करिब २ कि.मी. उत्तरपूर्व तथा तौलिहवा-खुनुवा सडकको किनारामा छ । यसलाई कुदान, कोदान अर्थात लोरिक कुदान नामले चिनिने गर्दछ । किंवदन्ती अनुसार प्राचीन कालमा स्थानीय लोरी अहिर विशेष शक्ति सम्पन्न भएकोले उनी त्यहाँका ढिस्काहरूमा उफ्री हिंडने हुनाले उनकै नाम र काम लोरी कुदानबाट अपभ्रंश हुँदै जाँदा कालान्तरमा विभिन्न नामले पुकार्न थालिएको हो । यहाँ चारवटा ढिस्का र एउटा पुरिएको इनार छन् । देवला मित्रका अनुसार यस खण्डको दक्षिणपट्टि २५.३×१८.३ मिटरको आयताकारको ढिस्को छ । अर्को दक्षिणपट्टिको ढिस्कोमा प्राचीन खण्डहरूमाथि शिखर शैलीको नागेश्वर मन्दिर छ । ११.५८ मी.को परिधिमा अवस्थित यो मन्दिरको प्रवेशद्वार पश्चिमपट्टि छ । गर्भगृहमा प्रतिष्ठापित प्रस्तर शिवलिङ्ग मन्दिर भन्दा पुरानो देखिन्छ । यस खण्डहरको अन्वेषण गर्नेक्रममा पी.सी. मुखर्जीले चौथो ढिस्को ईटको खण्डहर भएको उल्लेख गरेका छन् । खड्ग शम्सेरले अष्टकोणाकारको नागेश्वर मन्दिरको आसपासमा दुईवटा संघाराम रहेको तथ्य उल्लेख गर्दछन् । भोष्टले पनि कपिलवस्त दरबारको दक्षिणपट्टि विरामी मानिसको स्मरणमा बनाएको खण्डहरको रूपमा उल्लेख गरेका छन् । नागेश्वर मन्दिरको उत्तर-पश्चिम र ठूलो ढिस्कोको दक्षिणपट्टिको समयमाई स्थानको रूपमा परिचित ढिस्कोबाट ईटसमेतका सामग्रीहरू विस्थापित गरिएकोले समाप्त हुने अवस्थामा छ । भोष्टले यसलाई बुद्धको स्कूलको रूपमा उल्लेख गरेका छन् । सन् १९६२ को उत्खननमा यसको अस्तित्व प्रायः अन्तिम अवस्थामा पुगेको बुझिन्छ ।

दोस्रो ढिस्कोको उत्तर-पूर्वमा अवस्थित तेस्रो तथा सबभन्दा ठूलो ढिस्को ४२.३६७ × ३१.८०२ मी. को छ । यसको उत्तर र पूर्वपट्टि उत्खनित अवस्थाको खण्डमा फूलबुट्टा तथा कमलाकृतिका बुट्टाहरू कलाको उत्कृष्ट नमूनाको रूपमा रहेका छन् । यसको शिरोभागमा शिवलिङ्ग, अर्धपट्ट तथा टुटेका प्रस्तर मूर्तिका टुक्राहरू राखिएका छन् । मुखर्जीका अनुसार चारतिरको पर्खाल स्थानीय व्यक्तिहरूले हटाएका र लोरी अहिरलाई चढाएका माटाका हात्ती तथा घोडाका आकृतिहरू यहाँ रहेका थिए । राणाले संघारामको रूपमा उल्लेख गरेका छन् भने भोष्टले हुएन साङ्गको अनुसार हस्तिगर्त नजिक रहेका बुद्ध, यशोधरा तथा राहुलको संझनामा बनाइएका स्मारकको रूपमा उल्लेख गरेका छन् । मित्राले उत्खनन गर्दा पनि यहाँ ठूलो वृक्षमुनि समयमाईको स्थान भएको उल्लेख गरेकी छन् ।



कुदान

ठूलो ढिस्कोको उत्तरपट्टि ईनारसँग जोडिएको अवस्थामा देखिने चौथो ढिस्को २१.६४ ×

१३.४१ मी. को छ । त्रिरथ र पञ्चरथ शैलीमा बनाइएको यस ढिस्काका इँटा लगी एउटा बाबाले झुपडी बनाएका थिए । भोष्टले हस्तीगर्त स्थलसँग तादात्म्यता गरेका छन् । देवला मित्राका अनुसार देवालय भनिन्छ । डा. फूहररले चिनीयाँ यात्रीहरूले उल्लेख गरेका तीनवटा बौद्ध स्मारकहरूबारे कालान्तरमा बिर्सदा लोरी अहिरसँग सम्बद्ध गराइएको हुन सक्ने तथ्य उल्लेख गरेका छन् । स्मारक खण्डको उत्तरपट्टि एउटा ठूलो पोखरी समेत छ ।

सन् १९६२ को उत्खननमा तेस्रो र चौथो ढिस्कोबाट देवला मित्राले दुईवटा मन्दिर, एउटा इनार, महिषासुरमर्दिनीको मूर्ति, कोइला, माटाका भाँडावर्तनका टुकाहरू, शिवलिङ्ग, अर्घपट्ट, ललितासनको कार्तिकेयको मूति र भवन निर्माणक्रममा उपयोग गरिएका विभिन्न सामग्रीहरू समेत फेला पारियो । सिद्धार्थले बुद्धत्व प्राप्त गरेपछि प्रथम पटक कपिलवस्तु आएको शुद्धोधनसँग भेट भएको, राहुल भिक्षु संघमा प्रवेश गरेको, प्रजापति गौतमीले कषाय बस्त्र दिएको आदि घटनासँग सम्बद्ध न्यग्रोधारामसँग तादात्म्यता देखाउन खोजिने यस स्थानको महत्वपनि परम्परागत भनाइहरूमा जीवन्त रहेको देखिन्छ ।

४.२. अवधी भाषी क्षेत्रका धार्मिक स्थल

४.२.१. ताम्रेश्वर महादेव मन्दिर तौलिहवा

यो मन्दिर कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारको मुख्य स्थलमा अवस्थित छ, जसलाइ स्थानीय रूपमा 'तौलेश्वर नाथ' वा 'तौलेश्वर बाबा' को मन्दिर पनि भनिन्छ । यो मन्दिर यस जिल्लाकै प्राचीन मन्दिरहरूमध्ये एक हो । यो मन्दिर वि.सं. १८७२ भन्दा पहिले नै स्थापना भएको विश्वास गरिन्छ । भनिन्छ, हेमलाल पुरी गोसाइंका पूर्वज गुरु वांगै बाबाले जमिन उत्खनन गर्दा दुर्लभ मूर्तिहरू फेला पारेपछि यस मन्दिरको स्थापना गरेका थिए । मन्दिरको गर्भ गृहमा करिब ३ फिट अग्लो कालो ढुङ्गाको प्राचीन शिवलिङ्ग छ, जसलाइ तामाको नागले घेरिएको छ । कतिपयले यसलाइ नेपालकै सबैभन्दा ठूलो शिवलिङ्गमध्ये एक दाबी गर्छन ।

ताम्रेश्वर महादेवको मन्दिर कपिलवस्तु जिल्लाकै सबैभन्दा पुरानो मन्दिरमध्ये एक हो । वि.सं. १८७२ मा सुब्बा गोस्वामी जयकृष्ण पुरीले काष्ठ (काठको) मन्दिर निर्माण गरेका थिए । वि.सं. १९२८ मा भीषण आगलागी हुँदा उक्त काठको मन्दिर पूर्ण रूपमा नष्ट भएको थियो । आगलागीपछि वि.सं. १९३० मा जयकृष्ण पुरीका शिष्य गोस्वामी राजराजपुरीले हालको पक्की मन्दिर निर्माण गराएका थिए र विभिन्न समयमा (वि.सं. १९७४, २०१५, २०३५) यसको जीर्णोद्धार र पुनर्निर्माण गरिएको छ । यो मन्दिर अत्यन्तै आकर्षक र कलात्मक शिखर शैली मा निर्माण गरिएको छ ।

यहाको बारेमा प्रचलित मित्थकको अनुसार तौलिहवा क्षेत्रमा आसपासबाट गाइ, भैसी चराउन आएका गोठालाहरूले त्यहाँ रहेको कालो-निलो प्रस्तरमा हँसियामा धार लगाउँदा आकस्मिक रूपमा रगत देखापरेकोले हल्ली-खल्ली मच्चियो । त्यस क्षेत्रका जमिन्दार पुरीहरूको जग्गा कपिलबस्तु, रूपन्देही, नवलपरासी र बुटवलमा समेत भएकोले उनीहरूले देवालय बनाइ शिवलिङ्ग प्रतिस्थापित गरी पूजा-आजाको प्रबन्ध मिलाए । यसरी स्थापित महादेव स्थानमा फलोच्छा पूर्ति गर्न आसपासका गाउँहरूबाट भक्तजनहरू निरन्तर आवतजावत गर्न थाले । यस स्थानको महत्व र महिमा टाढा-टाढा सम्म फैलियो भन्ने किम्बदन्ती रहँदै आएको छ ।

यसको जीर्णोद्धार समय-समयमा गरिएको तथ्य यहाँको घण्टाभिलेखले पनि पुष्टि गर्दछ । आगलागी पश्चात् मन्दिर जीर्णोद्धारगर्दा काठ काटेको अभियोगमा तत्कालिन राणा शासकले गजराज पुरी र लक्ष्मी पुरीलाइ पक्राउ गरी पाल्पाहुँदै काठमाडौं पुऱ्याएको थियो । उनीहरूलाइ जेलमा राख्दा राणा प्रधान मन्त्री बीरशमशेरले बाबाजीहरूलाइ जेलमुक्त नगरेमा अनिष्ट हुने सपना भएपछि एक महिनापछि जेलमुक्त गरिए । उनीहरूलाइ सात गाउँ गुठी राख्न पाउने, आवश्यक काठ काट्न पाउन र नायब सुब्बा पदवी समेत पाउने सहुलियतको व्यवस्था गरियो । त्यसबखत गजराज पुरीले बाग्मती छेउँमा शिवालय निर्माण गर्ने इच्छा राखेको हुदाँ भाइ लक्ष्मी पुरीलाइ रकम दिइ त्रिपुरेश्वरको सिद्धेश्वर महादेवको मन्दिर निर्माण गरिएको थियो । गजराजको मृत्यु पश्चात् गोपाल पुरी र हेमराज पुरीको संरक्षकत्व एवं रेखदेखमा उक्त देवालय सञ्चालन गरियो । देवालयको जग्गा जमिनलाइ रैकरमा परिणतगर्दा साठी हजार मालपोत तिर्न नसक्दा घरबास (देवालय क्षेत्र) बाहेक सम्पूर्ण जायजेथा लिलाम गरियो । गजराज, गोपाल पुरी समेतको काशीमा मृत्यु भएको थियो भने हेमराज पुरीको पनि नेपालगंजका मौजाको रेखदेख गरेकोमा उनी पनि अन्तिममा काशी गएका थिए । गोपाल पुरीका गोपिनाथ र कामेश्वर पुरी नामका दुइ छोराहरू थिए । यिनीहरूको जायजेथा नेपालको अतिरिक्त भारतको सिद्धार्थनगर (बस्ती जिल्ला) भद्रहवा गाउँमा समेत भए पनि नेपालको सामाजिक एवं सांस्कृतिक क्षेत्रमा विशेष योगदान प्रदानगर्दै आएका थिए । यस देवालयको क्षेत्रमा वि.सं. १९९३ मा श्रीपशुपति प्रताप पुरीको नाममा सर्वप्रथम सार्वजनिक पुस्तकालय स्थापना गरियो । राणा शासनकालमा सार्वजनिक पुस्तकालय स्थापना गरिने यस क्षेत्रमा चेतनाको ज्योति अभिवृद्धि गर्न गराउनमा पनि यसको सक्रिय भूमिका रहयो । अहिले पनि यो पुस्तकालयले यस क्षेत्रको प्रतिनिधित्व गरिरहेको छ । वि.सं. १९७८ सालमा मन्दिर कै घेरामा स्थापित तौलेश्वरनाथ संस्कृत प्रधान पाठशाला वि.सं. १९८८ मा पूर्ण सरकारी भएकोमा हाल तौलेश्वरनाथ संस्कृत मा.वि. को रूपमा विद्यमान छ । त्यसैगरी वि.सं. २००६ सालमा बुद्धपद्म मा.वि. को प्रारम्भ पनि यसै देवालयको घेरा भित्रबाट गरिएको थियो । मन्दिरको आसपासका धर्मशाला, पाटी, पौवा आदि धार्मिक, सांस्कृतिक एवं शैक्षिक दृष्टिले महत्त्वपुर्ण साबित भएका छन् । यहाँ रहेको घण्टाभिलेख यस प्रकार छ- "अघि देखि तौलिहवा स्थापना भयाका श्री ताम्रेश्वर महादेवका मन्दिर जीर्णोद्धार गरी बनाइ परिब्राजक श्री हीरापुरी गोसाञीका चेला श्री नायब सुब्बा नै कृष्णापुरी गोसात्री नीजका चेला श्री गोपाल पुरी गोसाञीका भातृ श्री हेमलाल पुरी गोसाञी ने.सा. के. १८३९ सम्बत् १९७४ साल माघ शुक्ल १५ रोज २ मा श्री ताम्रेश्वर महादेव पृतीगरी अघिको धार्नी २७ हाल धार्नी ५ थपी जम्मा ३२ धार्नीको चढाया जय घण्ट यो घंट बनाउन्याका पाल्पा तानसेन टकसार बस्ने नाइक्ये कृष्णा प्रसाद :शुम्भ"। यसको सम्भार तथा जीर्णोद्धार गर्ने क्रममा वि.सं.२०३१ सालमा हेमलालको



ताम्रेश्वर महादेव मन्दिर, तौलिहवा

कान्छो छोरा बुहारी श्रीमती बिन्ध्यावासिनी गोस्वामीले विशेष आकारप्रकार बढाएकी थिइन । यहाँ नित्य पूजाआजाको आतिरिक्त प्रत्येक वर्षको जेष्ठ-असार महिनातिर पानी नपरेमा दूधले लिङ्ग पूजा गर्ने र बाणगंगा नदीमा समेत दूध चढाउने प्रचलन अद्यापि छ ।

महाशिवरात्रीको अवसरमा यहाँ देश तथा विदेश (विशेषगरी भारत) बाट हजारौँ भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ ।

तौलेश्वर नाथ (ताम्रेश्वर महादेव) मन्दिरको इतिहास निकै प्राचीन र रोचक छ, जसलाइ यस क्षेत्रको सभ्यता र धार्मिक आस्थाको आधार स्तम्भ मानिन्छ । यस मन्दिरका देवता ताम्रेश्वर महादेवको नामबाट नै कपिलवस्तुको सदरमुकामको नाम 'तौलिहवा' रहन गएको मानिन्छ ।

४.२.२. वागेश्वरी मन्दिर, नेपालगञ्ज

बाँके जिल्लाको नेपालगन्जमा अवस्थित बागेश्वरी मन्दिर पश्चिम नेपालकै एक महत्वपूर्ण र ऐतिहासिक शक्तिपीठ हो । यो मन्दिर नेपालगन्ज उपमहानगरपालिकाको मध्यभाग (घरबारी टोल) मा अवस्थित छ र यसलाइ यस क्षेत्रकै सबैभन्दा पुरानो मन्दिर मानिन्छ । पौराणिक मान्यता अनुसार यहाँ सतीदेवीको जिब्रो पतन भएको विश्वास गरिन्छ ।



बागेश्वरी मन्दिर, नेपालगञ्ज

५१ शक्तिपीठमध्ये एक मानिने यस स्थानलाइ पहिले 'वाक्यश्वरी' भनिन्थ्यो, जुन पछि 'बागेश्वरी' नामले प्रसिद्ध भयो । यो मन्दिर परम्परागत नेपाली प्यागोडा शैलीमा निर्माण गरिएको छ । मन्दिरको कलात्मक बुट्टा र रंगीन सजावटले यसलाइ आकर्षक बनाएको छ । मन्दिरको भित्री भागमा सिंहमाथि सवार भगवतीको आकर्षक चाँदीको मूर्ति रहेको छ ।

किम्वदन्ती अनुसार पशुपतिनाथको दर्शन गर्न जाँदै गरेका केही योगीहरूले यहाँ विश्राम गर्दा सपनामा देवीको दर्शन पाएपछि यो स्थान पहिचान भएको हो । मन्दिरको वर्तमान स्वरूपको मर्मत र विस्तारमा दिग्विजय सिंहको महत्त्वपूर्ण योगदान रहेको मानिन्छ । मन्दिरको रेखदेख हाल चन्द योगीहरूको २४औँ पुस्ताले गर्दै आएका छन । मन्दिरको ठीक अगाडि एउटा ठूलो र सुन्दर तलाउ छ, जसले मन्दिरको शोभा बढाएको छ । यस तलाउको बीचमा भगवान शिवको जुँगा भएको मूर्ति (खड्गेश्वर महादेव) छ । जुँगा भएको शिवको मूर्ति नेपालमा सम्भवत: यो मात्र एक वा विरलै पाइने मध्ये एक हो ।

यहाँ नेपालकासाथै छिमेकी देश भारतबाट पनि ठूलो संख्यामा भक्तजनहरू दर्शनका लागि आउने गर्दछन् । यहाँ बडा दशैँ (विशेष गरी सप्तमी, अष्टमी र नवमी)मा ठूलो मेला लाग्दछ, जहाँ नेपाल र भारतका विभिन्न स्थानबाट हजारौँ भक्तजनहरू आउँछन । बडा दशैँका साथै महाशिवरात्रि, तीज, माघ

शुक्ल पूर्णिमा र चैते दशैँ जस्ता पर्वहरूमा यहाँ विशेष पूजा र घुइँचो हुने गर्दछ । यहाँ दैनिक रूपमा पूजापाठ हुनुका साथै विवाह, व्रतबन्ध र अन्य धार्मिक अनुष्ठानहरू सम्पन्न गरिन्छन् ।

४.२.३. रेहार धाम, दांग देउखुरी

रिहार धाम (बगार बाबा धाम) दाङ जिल्लाको लमही नगरपालिका-९, देउखुरीमा अवस्थित एक अत्यन्तै प्राचीन र महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल हो । द्वापर युगमा ऋषिमुनिहरूले यस क्षेत्रमा तपस्या र 'विहार' (भ्रमण) गर्ने गरेकोले यसलाइ 'ऋषि विहार' भन्न थालियो, जुन पछि अपभ्रंश भएर 'रिहार' बन्न पुगेको विश्वास गरिन्छ । भगवान कृष्ण, राजा दङ्गीशरण र यदुवंशीहरू बीच घोडाको विषयमा भएको विवाद सुल्झाउन यहाँ आएको पौराणिक मान्यता छ । यहाँका मुख्य देवता बगार बाबा हुन् । ग्वालाहरूले गाइ चराउँदा गाइले स्वतः दूध चढाएको स्थानमा बगार बाबा उत्पन्न भएको धार्मिक जनविश्वास छ । यहाँ बगार बाबाका अतिरिक्त भयने पर्शु, मामी सौरी, बराह झाँक्री, गणेश र शिवका मन्दिरहरू रहेका छन् । मन्दिर परिसरमा करिब ७० किलोको एउटा शिला (ढुङ्गा) छ, जसलाइ 'भौरी' भनिन्छ । भक्तजनहरूले आफ्नो मनोकामना पूरा हुने र शक्ति प्रदर्शनको रूपमा यो शिला उठाएर मन्दिर परिक्रमा गर्छन् । यहाँ सधैँ तातोपानी रहने एउटा प्राकृतिक कुण्ड छ । यस कुण्डमा स्नान गर्नाले छालासम्बन्धी रोगहरू निको हुने र पाप पखालिने विश्वास गरिन्छ । यो धाम विशेष गरी थारू र यादव (यदुवंशी) समुदायको साझा आस्थाको केन्द्र हो । यादवहरूले यसलाइ आफ्ना पुर्खाको उद्गमस्थलका रूपमा पुज्ने गर्छन ।

प्रत्येक वर्ष माघे सङ्क्रान्ति (माघी) को अवसरमा यहाँ एक हप्तासम्म ठूलो मेला लाग्दछ । यस मेलामा दाङ र आसपासका जिल्लाहरूका साथै भारतको श्रावस्ती र बलरामपुरबाट समेत हजारौँको सङ्ख्यामा तीर्थालुहरू आउने गर्छन । नेपाल सरकारले यस धामलाइ विकास गरिनुपर्ने 'एक सय नयाँ पर्यटकीय गन्तव्य' को सूचीमा समावेश गरेको छ । करिब ५,००० वर्ष पुरानो इतिहास बोकेको मानिने यो धाम पूर्व-पश्चिम राजमार्गको नजिकै लमही बजारबाट करिब २० किलोमिटर पश्चिममा पर्दछ ।

४.२.४. समय माइस्थान, तौलिहवा

तौलिहवा बजारको उत्तरपट्टि सानो थुम्कोको रूपमा अवस्थित समय माइको नामले चिनिने मन्दिर र यसको आसपासको पुरावशेष सांस्कृतिक एवं पुरातात्विक दृष्टिले विशेष उल्लेखनीय छन् । वर्तमान अवस्थामा सामान्य विधिविधान अनुसार पूजाआजा गरिने यस देवालय खुल्ला हुनाले कैयन् पुराना मूर्तिहरू हराएको कुरा स्थानीय जानिफकारहरू बताउंछन् । यी देवी बन्द कोठामा नबस्ने हुनाले सधै खुल्ला ठाउँमा राखिने गर्दछ । देवालयलाइ बन्द गर्ने वास्तुशैलीमा निर्माण गरिएकोमा दैवीशक्तिले भताभुंग हुने गरेको भन्ने लोक परम्परा रहेको छ । यसको छेउँमा सरस्वतीको मन्दिर बनाइएको छ भने चौतारो क्षेत्रमा प्रतिष्ठित कालो प्रस्तर शिलामा तिलौराकोट माइको प्रतीक पूजाआजा गर्ने चलन छ । यी देवी प्राचीन शाक्य वंशकी आराध्य देवी हुन् भन्ने मान्यता रहिआएको छ । माइस्थानमा मृतिकाका हात्ती, घोडा जस्ता पशुपंक्षीका प्रतिमा छन् । कैयन् मूर्तिहरूको रूपरंग छुट्टायाउन नसकिने गरी नष्ट–भष्ट अवस्थामा छन् ।

यस स्थानको भौगोलिक एवं पुरात्तात्विक स्वरूप नियाल्दा प्राचीन खण्डहर रहेको प्रतीत हुन्छ । पंक्तिबद्ध एवं मिलाइएका इटको अस्तित्व फेला पर्दछ । यस क्रममा यहाँको अध्ययन तथा विश्लेषण विशेष उल्लेखनीय छ । इशाको सातौ शताब्दीमा यहां आएका चिनीयाँ यात्री ह्वेन–सांगले कपिलवस्तु शहरको ३ वा ४ ली. दक्षिणपट्टि निग्रोध वृक्ष बाग भएको र त्यहाँ अशोकले स्तूप निर्माण गरेको, जहाँ गौतम बुद्धले बुद्धत्व प्राप्त पश्चात् पिता शुद्धोधनसँग भेट गरेको तथ्य उल्लेख गरिएको छ । यस आधारबाट प्राचीनस्थलहरू समीकरण गर्दा निग्रोधाराम यसै स्थानमा बनेको थियो कि भन्ने सोंचाइ पुरातत्त्वविद्हरूमा आएको छ । बुद्ध कपिलवस्तु आएको तिथि निर्धारणमा पनि मतान्तर देखिन्छ । बुद्ध यहाँ आए बखत शाक्य परिवारका कैयन् सदस्यहरूले साँसारिक बन्धन त्यागी उनको पछि लागे ।

४.२.५. मर्चवारी माइ

रूपन्देही जिल्लाको ओडवलीया गाउँमा अवस्थित मर्चवारी माइको स्थापना बारे रोचक किंवदन्ती प्रचलित छ । कुनै समयमा दक्षिण तराइ भेकबाट उत्तरतिर पहाडमा घरगोठ छाउने खर (बाबियो) काट्न जाने गरिन्थ्यो । एकपटक मर्चवार क्षेत्रका बासिन्दाहरू वनकसाबास क्षेत्रमा खर काट्न गएका थिए । उनहिरू राति सुतेको अवस्थामा एकजनाले सपनामा देवीले माटोको रूपमा उनीहरूसँग जाने र बाटोमा जाँदा दूधको धारा चढाउनु पर्ने सूचना दिइन । देवीको चाहाना अनुरूप खर काट्ने मानिसहरू घर फर्कदा बाटोका विभिन्न स्थानमा दूध चढाउँदै आएका थिए । भारी बोकेर आएका व्यक्तिलाइ पिशाप लाग्यो । उनी शौचबस्दा हालको स्थानमा बोझ बिसाउँदा देवी माटोको रूपमा यहीं बसिन । कालान्तरमा त्यहाँ खुसार्नी उम्रिएको र त्यसको सेवन गर्ने मानिस बिरामी हुँदा देवीको पूजा गरेपछि निको भएकोले माटाका ढिस्का वा डल्ला बनाइ पूज्न थालिएको भन्ने किम्बदन्ति रहिआएको पाइन्छ । यसको स्थापना र प्रचलनप्रति अहिले पनि ठूलो जनआस्था रहिआएको देखिन्छ ।

स्थानीय भेकमा पाइने इँटा, ढुङ्गा, माटो र काठबाट निर्मित चतुष्कोणाकारको यो मन्दिर समतल छानो भएको छ । पूर्व र पश्चिमपट्टि प्रवेशद्वारयुक्त यस मन्दिरको गर्भगृहमा माइको प्रतीक करिब १ मि. ४ से.मी. अग्लो ढिस्को (पीठ) बनाइएको छ । यसको तल्लो परिधि ठूलो र क्रमशः माथितिर सानो हुँदै गएको छ । यसको माथिपट्टि घण्टी राखिएको छ । उत्तरपट्टिको खण्डलाइ भण्डारको रूपमा उपयोग गरिएको छ । त्यहाँ धर्मशाला समेत भएको हुनाले साधु एवं महन्तसमेत बस्ने गर्दछन् । यहाँ रामजानकी एवं शिवालय मन्दिरहरू समेत छन् ।

४.२.६. रामघाट

तिलौराकोटको दक्षिणपश्चिमपट्टि वाणगङ्गा नदीको पूर्वी किनारमा रहेको महाकाव्ययुगीन रामघाट सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले महत्वपूर्ण स्थल हो । यहा अवस्थित प्राचिन शिवालय नजिकको साधुसन्त बस्ने कुटी नै कपिलमुनिको आश्रम भएको जनश्रुति पाइन्छ । वर्तमानमा यहा साधुसन्तका कुटीकासाथै पाटीपौवा, धर्मशाला, शिवालय, हनुमानघाट, भण्डार आदि रहेका छन् । शिवमन्दिरमा शिवलिङ्ग, महादेव, पार्वती, गणेश आदिका मूर्तिहरू पनि छन् । नदीको किनारमा रहेकोले ढिस्को काटी यसको आकार दिनप्रतिदिन घट्दै गएको छ । परम्परा भनाइ अनुसार महाकाव्ययुगमा राम, सीता, लक्ष्मण आदि यहाँ आएका थिए । उनीहरूले केही समय तपस्या गरेको ठाउँ भएकोले उनकै नामबाट उस थलोको नामकरण भएको मानिन्छ । यहा श्मसानघाटसमेत भएकोले सामाजिक तथा धार्मिक

दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । रामनवमी, एकादशी, शिवरात्रि आदि अवसरमा विशेष मेला लाग्ने हुनाले टाढाटाढाबाट श्रद्धालुभक्तजनहरू यहाँ आउने प्रचलन रहिआएको छ ।

४.२.७. त्रिवेणी घाट

नवलपरासी जिल्लाको सुस्ता गाउपालिकामा पर्ने त्रिवेणी क्षेत्र हिन्दूहरूको मात्र पवित्र पुण्यस्थल नभइ प्राचीन मानवको बासस्थान पनि हो । नारायणी, सोना र पञ्चा तीनवटा नदीको सङ्गम भएकोले यसलाइ त्रिवेणीघाट भनिन्छ । यहाँ नारायणी नदीको आसपासमा पुरातात्त्विक अन्वेषण गर्दा पाषाणयुगीन विभिन्न उपकरणहरू फेला परेकोले यहाँ छरिएर छोपिएर रहेका पुरावशेषहरूको अध्ययन तथा अनुसन्धान गरेमा अझ बढी तथ्यहरू जानकारी हुने निश्चित छ । यहाँ विभिन्न समयमा निर्माण गरिएका विभिन्न मन्दिर तथा छोडिएका पुरावशेषहरू रहेका छन् ।

४.२.८. धान (ढाँड) खोला

कपिलवस्तु जिल्लाको उत्तर-पूर्वपट्टि सुराइनाकाको पश्चिम तथा देउखुरीको सिमानामा अवस्थित धानखोला यस क्षेत्रको पुरानो थलो हो । यसको नामकरण वारे ठूलाठूला ढुङ्गाको थुप्रो अर्थात् ढाँडकचेट भएकोले ढाँडखोला भन्दै जाँदा कालान्तरमा जनजिब्रोमा घर्षण हुँदा धानखोला भन्न थालिएको भन्ने लोक परम्परा रहिआएको छ । यहाँ एउटा शिवालय रहेको छ । यसको उत्पत्ति वारे विशेष परम्परागत भनाइ रहिआएको छ । कुनै समय महादेव पर्वत वा कैलाशमाबस्दा बारम्बार उनलाइ हल्ला हुने गरी यस प्यूठान दोबाटो र सुराइनाकामा खर काट्ने मानिसहरू आउने गर्दथे । शिवलाइ बढी हल्ला भएकोले उनी ढुङ्गाकाको कप्टेरामुनि लुकेर बसे । पछि यस क्षेत्रमा राजमार्ग खन्दा फेला पारेकोले उनको मन्दिर बनाइ धानखोलामा राखिएको भन्ने मान्यता रहिआएको पाइन्छ । यहाँ घना जङ्गल, गुफा र ओढारसमेत रहेकोले पाषाणकालमा मानवसम प्राणीको बसोवास रहेको देखिन्छ । सन् १९८० मा पूर्वपश्चिम राजमार्ग खन्ने सिलसिलामा विभिन्न आकार प्रकारका विशाल प्रस्तरको साथै महादेव, पार्वती र गणेशमा प्रस्तर प्रतिमाहरू फेला पारिएका थिए । यहाँ कङ्लोमिरेट स्टोन फेला पारिएको थियो । प्राचीन नदीका सतहहरू (River Terraces) समेत देखिएका थिए । सिवालिक खण्डमा पर्ने यस स्थानमा बलौटे ढुङ्गामा प्राचीन प्राणीका अस्मिभूत अवशेषका चिन्ह फेला पारिएका थिए । त्यसै गरी विरुवा, काठ र पातका संकेतहरूपनि पाइएका थिए । चोरखोलाको पुल नजिक सुराइ खोलामा सानो जातका Artiodactyl जनावरका पदचिन्हहरूको अस्तित्व मड स्टोनमा उपलब्ध गरिएका थिए ।

यस क्षेत्रको पुरातात्विक अन्वेषण अध्ययनको क्रममा जर्मनको इन्लार्जन विश्वविद्यालयका प्राग-इतिहास संस्थाकी गुडरन कोर्विन्सले सन् १९८३-८४ मा यी विभिन्न पुरावशेषको रेकर्ड तथा फोटोग्राफी गरेकी थिइन् । पहरामा देखिएका विभिन्न आकार प्रकारहरूलाइ धार्मिक सोंच अनुसार आ-आफ्नो ढङ्गले अर्थ्याउने गरिन्छ । वास्तवमा यी कलाकृतिहरू प्रकृतिका लामो समयका उपज हुन् । एकान्त ठाउँ भएपनि राजमार्गको चहलपहलले गर्दा मानिसको बसोवास हुन थालेकोले यहाँको समतल भागमा शिखर शैलीको शिवालय मन्दिर बनाइएको छ ।

४.२.९. मदार बाबा

नवलपरासी जिल्लाको महलवारीमा पर्ने मदार बाबास्थान इस्लाम, हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा थलो मानिन्छ । यसको प्रारम्भवारे विशेष लोक परम्परा रहिआएको छ, जस अनुसार अरबबाट आएका फकिर बदुयुद्दीन कुतबुल मदारसा इस्लाम धर्म प्रचारको सिलसिलामा यस स्थानमा आइ चिलाकसी (ध्यान साधना) मा बसे । सेन राज्यमा पर्ने गढीहरूमध्ये अग्लो चुचुरोमा भएकोले यस स्थानको विशेष महत्व रहेको थियो । उनले मदार (आँक) को दूध सेवन गर्दथे । उनको देहान्तपछि यसै स्थानमा समाधिस्थ गरिएको थियो । यसलाइ कालान्तरमा मदार बाबा थानको नामले चिनिन थाल्यो भन्ने गरिन्छ ।

यहाँ कब्रिस्थान, मस्जिद, मजार मन्दिर, धर्मशाला, रमणीय बगैचा आदि रहेका छन् । धार्मिक सहिष्णुता तथा उदारताको नमुनाको रूपमा यो थलो रहिआएको छ । स्थानीय निकायहरूको पहलमा सांस्कृतिक तथा पर्यावरणीय जगेर्ना हुँदै आएको छ ।

४.२.१०. कोलवृक्ष

नवलपरासीको जावामा प्राचीन कोलिय वंशसँग सरोकार राख्ने कोलवृक्ष रहेको छ । यसको छहारीमुनि बसेमा वा खाना पकाएर आएमा कुष्ठ रोगको साथै अन्य रोगहरूपनि निको हुने गर्दछ भन्ने जनविश्वास रहेको छ । यहाँ सिमल, आँप, पीपल, वर आदि रुखहरूपनि लगाइएका छन् । यसको आसपासमा स्थायी रूपमा बसोपास गर्दा अशुभ हुन्छ भन्ने मान्यता बमोजिम बस्ती केही टाढा छन् । यहाँ पुरावशेषहरू रहेको हुनसक्ने तथ्य बुढापाकाहरूको भनाइ छ । प्राचीन पर्खालको अवशेष, दुर्गा मन्दिर आदि भएकाले धार्मिक धारणाले संरक्षण गरिदै आएको छ ।

बनारस राज्यका राकुमार राम र शाक्य कन्या प्रिया यसै क्षेत्रमा आइ कोल वृक्षको छहारीमा बसेपछि कुष्ठ रोग निको भएको भन्ने जुन मान्यता बौद्ध जगतमा रहिआएको छ, यसलाइ स्थापित गर्नमा यस वृक्षलेपनि विशेष सघाउने भएकोले शोधखोजको बिषय बनेको छ । कोल बृक्षकै नामबाट कोलियग्राम नाम राखिएको सन्दर्भपनि यस प्रसङ्गमा स्मरणीय छ ।

४.३. अवधी भाषी क्षेत्रका प्राकृतिक स्थल

४.३.१. जगदीशपुर ताल, कपिलवस्तु (जखिरा ताल)

जगदीशपुर ताल कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका (वडा नं. ९ र १०) मा अवस्थित नेपालकै सबैभन्दा ठूलो मानव निर्मित ताल हो । जगदीशपुर ताल प्राकृतिक जखीरा तललाइ विस्तारितगरि निर्माण गरिएको छ । यो सिमसार क्षेत्र चराहरूको बासस्थानका लागि विश्वभर प्रसिद्ध छ र यसलाइ 'चराहरूको राजधानी' समेत भनिन्छ । जैविक विविधता र सिमसारको महत्त्वलाइ मध्यनजर गर्दै सन् २००३ मा यसलाइ रामसार सुचीमा समावेश गरिएको थियो । यहाँ जाडो महिनामा साइबेरिया, चीन र मंगोलिया जस्ता टाढाका देशहरूबाट चराहरू आउने गर्छन् । कात्तिकदेखि फागुनसम्म चरा अवलोकनका लागि यो उत्तम ठाउँ हो ।

यो ताल करिब १५७ हेक्टर देखि २२५ हेक्टर सम्मको क्षेत्रफलमा फैलिएको छ, जसमध्ये १५७ हेक्टर भाग सधैं पानीले ढाकिएको हुन्छ । यसको गहिराइ औसतमा ३ मिटर र पानी भण्डारण क्षमता ४,७५०,००० घन मिटर छ ।

यो ताल लुम्बिनी र तिलौराकोट (प्राचीन कपिलवस्तु) बाट नजिकै रहेकाले बुद्धस्थल घुम्न आउने पर्यटकहरूको आकर्षणको केन्द्र बनेको छ । यसको नजिकै सगरहवा नामक ऐतिहासिक स्थल पनि रहेको छ । यस तालको निर्माण सुरुमा सिँचाइका लागि गरिएको भए पनि हाल यो जैविक विविधता संरक्षण र पर्यटन प्रवर्द्धनको मुख्य स्रोत बनेको छ ।

४.४.अवधी भाषी क्षेत्रका सामाजिक स्थल

अवधी समाजमा धार्मिक भावनाको उत्पत्ति प्रारम्भिक अवस्थादेखिनै भएको छ । आदिमानव जब विकास तर्फ लम्कन थाल्यो । त्यही समयदेखि प्राकृतिक परिवर्तनका बारेमा सोच्न पुग्यो । यसै क्रममा उनै प्राकृतिक शक्तिहरूति जोडिएर केही स्थान र स्वरूपहरू हाम्रा पुर्खाकालागि लोक देवीदेवताका रूपमा स्थापित भए । यी मध्ये केही कुल देवताका रूपमा स्थापित भए भने केही ग्राम देवताका रूपमा गाउका पुर्व पश्चिम उत्तर तथा दक्षिणदिशामा स्थापित भए । ग्राम देवताका रूपमा स्थापित यी देवताहरू यस प्रकार रहेका छन :

४.४.१. डिउहार बाबा

डिउहार बाबालाइ मुलतः शिव(उमा रूप) तथा हनुमानसित जोडिएर हेर्ने गरिन्छ । यिनी गाउको मुख्य देवता हुन । गाउ समाजको सुसमय ल्याउन तथा सुख समृद्धिकालागि वहाहरूको पुजाआर्जा गर्ने गरिन्छ । यसको वर्णन वाराह तन्त्रमा पाइन्छ । यिनको वर्षदिनको पुजागर्दा खीरपुडी बनाएर चढाउनुका साथै गाउका बालबालिकालाइ भोजन गराइन्छ । यसका साथै व्यक्ति तथा समाजको भाखल पुर्ण हुदा विशेष पुजाआर्जा गर्ने चलन छ ।

३.४.२. कालीमाइ

कालीमाइको स्थान गाउको पुर्व तथा उत्तर दिशामा राख्ने चलन छ । लोकमान्यताका अनुसार यिनी सर्वव्यापी छिन तथा गाउसमाज तथा त्यहाको जीवजन्तुको रोग व्याधिबाट रक्षाकालागि पुजा गर्ने मान्यता रहेको छ । आदिशक्तिका रूपमा मान्यता रहेका यिनलाइ संहार रक्षक प्रमुख देवताका रूपमा लिने गरिन्छ ।

कालीमाइलाइ वर्षदिनमा पक्की कडाही चढाउने चलन छ । पक्की कडाहीमा गरी, छोहारा, मुनक्का, बादाम, काजू, किसमिस, कपूर, ल्वांग, घी आदि माटोले बनेको खप्परमा राखी त्यसलाइ तताएर पोल्ने गरिन्छ । यसका साथै पुडी लप्सी, गोझिया गुलगुला, रथ आदि पनि चढाइन्छ तथा उनको स्थानमा लालपताका लगाइन्छ ।

४.४.३. समयमाइ

समयमाइको स्थान पनि गाउको समयमाई स्थान, तिलौराकोट पुर्व तथा उत्तर दिशामा राख्ने चलन छ । लोकमान्यताका अनुसार यिनलाइ वैष्णवीदेवीका रूपमा मानिन्छ तथा गाउसमाज र त्यहाको जीवजन्तुको रक्षकका रूपमा यिनको मान्यता रहेको छ ।

समयमाइलाइ वर्षदिनमा कच्ची र पक्की कडाही चढाउने चलन छ । कच्ची कडाहीमा मासको दालभात, पुडी लप्सी आदि चढाउनुका साथै पक्की कडाहीमा गरी, छोहारा, मुनक्का, बादाम, काजू, किसमिस, कपूर, ल्वांग, घी आदि माटोले बनेको खप्परमा राखी त्यसलाइ तताएर पोल्ने गरिन्छ । यसका साथै पुडी लप्सी, गोझिया गुलगुला, माटो लगायतकाबाट बनेका हात्ती, रथ आदि चढाइन्छ तथा उनको स्थानमा लालपताका लगाइन्छ । समयमाइलाइ तीन वर्षमा एकपटक सोमवार या शुक्रवारको दिन पारेर विशेष पुजाका रूपमा वंगुर चढाइन्छ ।



समयमाई स्थान, तिलौराकोट

४.४.४. ब्रह्म बाबा

ब्रह्म बाबा बहरवासू देवता हुन तथा यिनको स्थान गाउको पुर्व दिशामा राख्ने चलन छ । लोकमान्यताका अनुसार यिनलाइ वुद्धी प्रदाता देवताका पुजा गर्ने चलन छ । वर्ष दिनको पुजाका दिन तथा अन्य संस्कारगत कार्यमा यिनलाइ फुलपात, दूध, अक्षता सेतो सातो झण्डा आदि चढाउने चलन छ ।

४.४.५. डहरचन्नी

डहरचन्नीको स्थान पनि गाउको दक्षिण दिशामा राख्ने चलन छ । लोकमान्यताका अनुसार यिनलाइ परिवार र पशु रक्षक चण्डिका देवीका रूपमा मानिन्छ तथा गाउसमाजको जीवजन्तुको रक्षकका रूपमा यिनको मान्यता रहेको छ । डहरचन्नीलाइ वर्षदिनमा धार(निमको पात, ल्वांग, सख्खर, वेसार, सफा धोएको चामल सहितको) चढाउने चलनका साथै पञ्च मेवा चढाउने चलन छ । यसका साथै उनको स्थानमा लालपताका लगाइन्छ ।

४.४.६. रथवाही देवी

रथवाही देवी बहरवासू देवी हुन तथा यिनको स्थान निश्चित हुदैन । लोकमान्यताका अनुसार यिनलाइ दुर्गा रूप, रथवाहिनी, जयदेवी आदि देवीका रूपमा पुजा गर्ने गरिन्छ तथा कृषी रक्षक देवीका रूपमा पुजा गर्ने चलन छ । डहरचन्नीलाइ पाटन माताको अंश मान्नुका साथै यिनलाइ व्यक्तिगत पुजामा सामिल गरिदैन । वर्ष दिनको पुजाका दिन यिनलाइ पक्की कराही, धार, रथ, ल्वांग, बतासा, फलफूल आदि चढाउने चलन छ ।

४.४.७. नागदेवता

अवधी समाजमा नाग देवतालाइ भगवान विष्णुको स्वरूपका रूपमा ग्राम देवताका रूपमा लिइन्छ । वर्ष दिनमा साउन महिनाको नागपञ्चमीका दिन विशेष पुजाआर्जा गरिन्छ । पुजा गर्दा नाग नागिनको वासस्थान पत्ता लगाएर दूध, पाँच फुल ल्वांग, लावा (धानको), गोझिया, गुलगुला, उर्द, भात आदि चढाइन्छ ।

गरिनु पर्ने कार्यहरू

यस गाउँपालिकामा आफ्ना गाउँका ग्रामदेवता तथा कुल देवताहरूका बारेमा यहाका युवापीढीलाइ जानकारी नभएकाले वहाको पुजाआर्जा कार्यमा विभिन्न किसिमका विकृतिहरू आइसकेकाले सम्बन्धित धार्मिक समुदायहरूको सक्रियतामा विशेषगरि युवा पीढीलाइ यसको सामाजिक तथा पारिवारिक महत्त्वलाइ देखाउदै यी सबैले निरन्तरता पाइराख्ने वातारण बनाउनु पर्छ ।

अध्याय-५

अवधी समाजमा लोकजीवन दर्शन परम्परा

५.१. परिचय

अवधी समाजमा विद्यमान दर्शनको स्वरूप यस समाजमा पीढी दर पीढीद्वारा अर्जित सनातन चिन्तन हो । न्याय दर्शन तथा साङ्ख्यदर्शन परम्परा विश्वमा नेपालको यही भूभागबाट फैलिएको छ । जहासम्म नेपाल अवधी दर्शन शीर्षकमा तीन शब्दले अवधी सम्पुट भएको छ । यी शब्दले अवधी भाषा, साहित्य, कला संस्कृतिमा रहेको 'दर्शन'लाइ बुझाउछ ।

अवधी समाजमा विद्यमान दार्शनिक स्वरूपको चर्चा यस समाजलाइ साधारणतः आस्तिक र नास्तिक धारामा विभाजित गर्न सकिन्छ । वेदलाइ प्रामाणिक मान्ने दर्शनको स्वरूपलाइ 'आस्तिक' तथा वेदलाइ अप्रमाणिक मान्ने दर्शनलाइ 'नास्तिक' भनिन्छ । आस्तिक दर्शनका छ वटा अङ्ग छन, जसलाइ न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा तथा वेदान्त भनिन्छ । यसका विपरित चार्वाक, बौद्ध तथा जैन दर्शनहरूलाइ 'नास्तिक दर्शन' को श्रेणीमा राखिन्छ । यी दर्शनहरूमा अत्याधिक विविधता हुनुका बावजुद हरेकमा सर्व-निष्ठताको पुट छ । कुनै न कुनै सिद्धांतहरूको प्रमाणिकता हरेक दर्शनमा उपलब्ध छ । यही समानताका कारण हिन्दुका साथै वौद्ध, जैन जस्ता धार्मिक दर्शनहरूको साथै साङ्ख्य जस्ता दर्शनहरूको विकास पनि यही भुमिमा भएको भन्न सकिन्छ । एउटै भूभागमा विकास भएका कारण यी दर्शनहरूमा अवधी लोकप्रतिभा, निष्ठा तथा संस्कृतिको छाप अमिट रूपमा उपलब्ध छ । अर्को शब्दमा भन्दा खेरि यी हरेक दर्शनहरूका विशेषताहरू अवधी लोक समाजको जीवन दर्शनमा परापुर्व कालदेखिनै उपलब्ध छन ।

५.२. अवधी लोकजीवन दर्शनका मुख्य संरचना

अवधी समाजको लोक जीवनदर्शनलाइ चार भागमा विभक्त गर्न सकिन्छः

५.२.१. अवधी लोकजीवन दर्शनमा तत्त्व शास्त्र : अवधी समाजले स्विकारेका र विवेचना गरेका समग्र विचार दृष्टि र बोधको नाम अवध दर्शन हो । अवधी समाजले वैदिक सनातनी धाराको आध्यामिक चिन्तनलाइ आफ्नो जीवन दृष्टि बनाएको छ । यस समाजमा पाइने दर्शनले आत्माको सत्तामा विश्वास गर्छ । यसको निर्देशक सिद्धान्तका रूपमा रहेका उपनिषद, वेदान्त आदि सबैले आत्माको खोजमा ज़ोड दिएका छन् । यसै प्रकारले अवधी समाज तथा यहाँबाट पुष्पित हरेक दर्शनले साधारणतया आत्मालाइ अमर मानेका छन् । यस अनुसार आत्मा तथा शरिरमा मुख्य फरक यो छ कि आत्मा अविनाशी छ, जबकि शरिरको विनाश हुन्छ ।

बुद्धले पनि कुनै न कुनै रूपमा आत्माको सत्ता स्वीकार गरेका छन् । उनले वास्तविक आत्मालाइ भ्रम भनेर व्यवहारवादी आत्माको स्वरूपलाइ स्विकार गरेका छन्, जुनकि निरन्तर परिवर्तनशील हुन्छ । बुद्धको यस आत्म-विचारलाइ अनुभववादी मत भनिन्छ ।

जैनहरूले जीवलाइ चैतन्ययुक्त भनेका छन् । यस अनुसार चेतना आत्मामा निरन्तर विद्यमान रहन्छ । आत्मामा चैतन्य तथा विस्तार दुबै समाविष्ट छन् । यस अनुसार आत्मा ज्ञाता, कर्ता र भोक्ता सबै

हो । आत्माको शक्ति अनन्त छ । यसमा चार प्रकारका पूर्णता अर्थात अनन्त ज्ञान, अनन्त दर्शन, अनन्त विर्य, अनन्त आनन्द विद्यमान छन् ।

आत्माका सम्बन्धमा न्याय तथा वैशेषिकले जुन मत दिएका छन्, त्यसलाइ यथार्थवादी मत भनिन्छ । न्याय-वैशेषिकले आत्मालाइ स्वभावतः अचेतन मानेका छन् । आत्मामा चेतनाको सञ्चार त्यो बेला मात्रै हुन्छ, जब आत्मा मन, शरीर तथा इन्द्रियहरूको सम्पर्कमा आउछ । यस प्रकार चेतनालाइ यस प्रकारका दर्शनहरूमा, आत्माको आगुन्तक गुण भनिएको छ । मोक्षावस्थामा आत्मा चैतन्य-गुण विहिन रहेको हुन्छ ।

साङ्ख्यले आत्मालाइ चैतन्य स्वरूप मानेका छन् । चेतना आत्माको मूल लक्षण हो । चैतन्यको आभावमा आत्माको कल्पना समेत असम्भव छ । साङ्ख्यले आत्मालाइ अकर्ता भनेका छन् । आत्मा आनन्द-विहीन हुन्छ, किनकि आनन्द गुणको फल हो र आत्मा त्रिगुणातीत हुन्छ ।

यसैसंग सम्बन्धित एक लोकगीत यहा प्रस्तुत गर्न चाहन्छु :

का देखि मन भयउ दिवाना, का देखि के । टेक ।

मानस देह देखि जिन भूयौ, एक दिना माटी होइ जाना ।

यी देहिं कागज कै पुड़िया, बून परत गलि जाना ।

कञ्चन कायां मलि मलि धोयउँ, चोबा चनन लगाइ ।

कबहुँ यह पर काग मंडरइहैं, दुरगति देखि न जाइ ।

.....

अर्थात शरिर नाशवान छ । यसैले यसलाइ सजाउन र सुन्दर बनाउनमा समय खेर न फाल्नुस ।

यसै किसिमले यस समाजको तत्त्व चिन्तनमा ब्रह्मलाइ परम तत्त्वको रूपमा मानेको छ । यसका साथै यस समाजमा निराकार तथा साकार दुबै स्वरूपमा ब्रह्मलाइ मानेर अघि बढेको देखिन्छ । यस समाजले एकतिर सबै सजीव तथा निर्जिव वस्तुमा इश्वरको बास छ भनेर निराकार ब्रह्मको कुरा गर्छ भने अर्कोतिर ब्रह्मा, विष्णु महेश सहित तैतिस कोटि देवताकासाथै ग्राम देवता, कुल देवता, दिउहार बाबा समय माइ आदिको स्वरूप निर्धारण गरि साकार देव तथा देवीको कल्पना पनि गर्छ । यस समुदायका यी देवी तथा देवता साकार रूपमा मनुष्यकै रूपमा अवतरित पनि छन तथा मनुष्य योनी अनुसार सबै संसारिक कर्महरू सम्पन्न पनि गर्छन ।

इश्वरीय लीला अपरम्पार छ भन्ने दृष्टिकोणमा पुर्वकर्मको परिणति स्वरूप वर्तमानको भोग हुन्छ भन्ने वैदिक कर्मकाण्डको जन्मजन्मान्तरबाद पनि अवधी समाजले स्विकारेको छ । अवधी समाजमा व्याप्त दर्शनले 'कर्म सिद्धान्त' मा विश्वास गर्छ । यसका साथै यस भूभागमा पल्लवित हरेक दर्शन, चाहे त्यो वेदलाइ मान्ने होउन या वेद विरोधी, कर्मको नियमलाइ मान्यता प्रदान गर्छन् । कर्म-नियमका अनुसार हामी जे रोप्छौ, हामीलाइ त्यस्तै किसिमको फल प्राप्त हुन्छ । यस नियमका अनुकूल शुभ कर्महरूको फल शुभ तथा अशुभ कर्महरूको फल अशुभ हुन्छ । यस अनुसार 'कृत प्रणाश' अर्थात गरिएका कर्महरूका फल प्राप्त हुन्छन् तथा 'अकृतम्यु पगम' अर्थात नगरिएका कर्महरूका फल प्राप्त हुदैनन् । सुख र दुःख क्रमश शुभ तथा अशुभ कर्महरूको अनिवार्य फलका रूपमा हाम्रा बिच आउने गर्छन् ।

यस प्रकार कर्म-सिद्धान्त, 'कारण नियम' हो, जसले नैतिकताका क्षेत्रमा कार्य गर्छ । यो ठीक त्यही स्वरूपमा हुन्छ, जसरी भौतिक क्षेत्रमा निहित व्यवस्थाको व्याख्या कर्म-सिद्धान्तले गरेको हुन्छ । यसै कारणले केही विद्वानहरूले 'कर्म-सिद्धान्त'लाइ विश्वमा निहित व्यवस्थालाइ दार्शनिक व्याख्या भनेका छन् ।

कर्म-सिद्धान्तमा आस्थाराख्ने अवधी समाजका हरेक दार्शनिकहरूले पनि यो पनि मानेका छन् कि हाम्रो वर्तमान जीवन अतीत जीवनका कर्महरूको फल हो र भविष्यको जीवन वर्तमान जीवनमा हामीले गरेका कर्महरूका फलमा आश्रित हुनेछन् । यस अनुसार भुत, वर्तमान तथा भविष्यका जीवनहरू एकअर्कामा कार्य श्रृंखला अन्तर्गत बाधिएका छन् । यदि म दुःखी छु भने यसको कारण मेरो पुर्वजन्मका कर्महरूका फल हुन् । यदि मैले आफ्नो अर्को जिवनलाइ सुखमय बनाउनु छ भने मैले वर्तमान जिवनमा त्यसकालागि प्रयत्नशील रही राख्नु पर्छ । यस अनुसार हरेक मानिस आफ्नो भाग्य निर्माता आफु नै रहेको हुन्छ । कर्म-सिद्धान्त सर्वप्रथम बीज रूपमा 'वेद-दर्शन' मा समेत सन्निहित भएको पाइन्छ ।

अवधी समाज तथा यहाँबाट पुष्पित तथा पल्लवित हरेक दर्शक तथा दार्शनिकहरूले कर्म-सिद्धान्तको क्षेत्रलाइ सीमित मानेका छन् । यसका अनुसार कर्म सिद्धान्त सबै कर्महरूमा लागु हुदैनन् । यो त्यही कर्महरूमा लागु हुन्छन्, जुन राग, द्वेष तथा वासनाद्वारा सञ्चालित छन् । अर्को शब्दमा ती कर्म जुन कुनै उद्देश्य परिपुर्तिको भावना राखेर गरिन्छन, त्यस्ता कर्महरू मात्रै कर्म-सिद्धांत भित्र आउछन् । यस्को विपरीत ती कर्म जुन निष्काम भावनाले गरिन्छन, कर्म-सिद्धान्तद्वारा शासित हुदैनन् । अर्थात निष्काम कर्म कर्म-सिद्धांतबाट स्वतंत्र हुन्छन् ।

कर्म शब्दको प्रयोग दुइ अर्थका आधारमा गरिन्छ । यस मध्ये पहिलो प्रयोग 'कर्म-सिद्धांत' का रूपमा गरिन्छ । यसै किसिमले यस शब्दको दोस्रो प्रयोग अवधी समाजमा शक्तिका रूपमा पनि हुन्छ । जसका फलस्वरूप फलको उत्पत्ति हुन्छ । यस दृष्टिकोणले कर्मका तीन स्वरूप मानिएका छन् :

- सञ्चित कर्म
- प्रारब्ध कर्म
- संचीयमान कर्म

संचित कर्म त्यसलाइ भनिन्छ, जुन भुतकालका कर्महरूका कारणले उत्पन्न भएको हो, तर जस्को फल अहिले प्राप्त हुन शुरू भएको छैन् । यस कर्मको सम्बन्ध जिवनको भुतकालसित छ । यसै किसिमले प्रारब्ध कर्म त्यो कर्म हो, जस्को फल प्राप्त हुन शुरू भइसकेको छ । यस्को पनि सम्बन्ध भुतकालिन जिवनसित छ । यस्का साथै वर्तमान जीवनको कर्म, जस्को फल भविष्यमा पाइने हो, त्यसलाइ संचीयमान कर्म भनिन्छ ।

कर्म-सिद्धान्तले इश्वरवादको खण्डन गर्छ । इश्वरवादका अनुसार इश्वर विश्वको सृष्टिकर्ता हुन् । इश्वरले मानवलाइ सुखी तथा दुःखी बनाउछन् । तर कर्म-सिद्धांतले मानिसको सुख तथा दुःखको कारण मानिस आफै हो भनेर इश्वरवादी विचारको विरोध गर्छ ।

कर्म-सिद्धान्तले इश्वरको गुणहरूको पनि खण्डन गर्छ । इश्वरलाइ सर्वशक्तिमान, सर्वज्ञ, दयालु, इत्यादि भनिन्छ । तर कर्म-सिद्धान्त लागु भएको कारण इश्वरले चाहेर पनि एउटा मानिसलाइ त्यसको कर्म फलबाट वञ्चित गर्न सक्दैनन् । त्यो व्यक्ति जसले अशुभ कर्म गर्छ, कुनै पनि किसिमले इश्वरको दयाबाट लाभान्वित हुन सक्दैन् । यस प्रकार के भन्न सकिन्छ कि इश्वरको पूर्णतालाइ कर्म-सिद्धान्तले विरोध गर्छ । कर्म-सिद्धान्तका विरूद्ध यो दोस्रो आक्षेप हो ।

कर्म-सिद्धान्तका विरूद्ध तेस्रो आक्षेप यो भनेर लगाइन्छ कि यस सिद्धान्तले सामाजिक सेवामा शिथिलता उत्पन्न गर्छ । उदाहारणकालागि कुनै असहाय वा पीड़ितको सेवा गर्नु ठीक होइन, किनकि त्यसले त आफ्नो पूर्ववर्ती जीवनका कर्महरूको फल भोगि रहेको हुन्छ । यस आक्षेपको विरूद्ध यो भन्न सकिन्छ कि यो आक्षेप त्यही व्यक्तिहरूद्वारा प्रस्तुत गरिन्छ, जो आफ्नो कर्तव्यबाट भाग्न चाहन्छन ।

कर्म-सिद्धान्तका विरूद्ध चौथो आक्षेप यो लगाइन्छ कि कर्मवादले भाग्यवादलाइ मान्यता प्रदान गर्छ । हरेक व्यक्तिले आफ्नो कर्मको फल भोगिरहेको हुन्छ, त्यसैले त्यसमा कुनै किसिमको सुधारको आशा राख्नु मूर्खता हो ।

यस्ता आलोचनाहरूका बावजूद कर्म-सिद्धान्तको अवधी विचार-धारामा अत्यधिक महत्व छ । कर्म-सिद्धान्तको पहिलो महत्त्व यो छ कि यसले विश्वका विभिन्न व्यक्तिहरूको जीवनमा जुन विषमता छ, त्यसको कारण बताउछ । साधारणतया सबै व्यक्ति समान परिस्थितिमा जन्म लिन्छन् । यसका बावजुद हरेकको भाग्यमा फरक छ । कुनै व्यक्ति धनी छ, भने कोही व्यक्ति निर्धन छ । कुनै विद्वान छ, त कोही मुर्ख छ । आखिर, यस्तो विषमताको कारण के हुन् ? यस विषमताको कारण हामीलाइ कर्म-सिद्धान्तले प्रदर्शित गर्छ । जुन व्यक्ति यस संसारमा सुखी छ, त्यसले पुर्व जिवनको शुभ-कर्महरूको फल प्राप्त गरिरहेको छ, यसको विपरीत जुन व्यक्ति दुःखी छ, त्यसले पनि आफ्नो पुर्व जीवनका कर्महरूको फल भोगि रहेको छ ।

कर्म-सिद्धान्तको दोस्रो महत्व यसमा व्यवहारिकता हुनु हो । कर्म-सिद्धान्तका अनुसार मानिसले शुभ वा अशुभ सबै कर्महरू माथि आफै निर्णय गर्छ । उसको अन्तःकरणले यो सोचेर कि अशुभ कर्मको फल अनिवार्यतः अशुभ हुन्छ, मानिसले नराम्रो कर्म गर्नबाट निरुत्साहित हुन्छ । अर्थात अशुभ कर्म गर्नबाट मानिसको आफ्नै अन्तःकरणले रोक्ने प्रयास गर्छ । यस प्रकार कर्म-सिद्धान्तले मानिसलाइ स्वयंको अन्तःकरणले कुकर्म गर्नबाट जोगाउछ ।

कर्म-सिद्धान्तको तेस्रो महत्त्व यो छ कि यसले हाम्रा कमी कमजोरीहरूकालागि हामीलाइ सान्तवना प्रदान गर्छ । प्रत्येक व्यक्तिले यो सोचेर कि उसले आफ्नो पूर्व-जीवनको कर्महरूको फल पाइ रहेको छ, कुनै अर्को व्यक्तिलाइ त्यसको जिम्मेवार देखाउदैन, बरू स्वयं आफैलाइ जिम्मेवार ठान्छ ।

कर्म-सिद्धान्तको अन्तिम र सबैभन्दा महत्वपुर्ण विशेषता यो छ कि यसले मानवमा आशाको सञ्चार गर्छ । जस अनुसार हरेक व्यक्ति आफ्नो भाग्यको निर्माता आफै हो । वर्तमान जीवनका शुभ कर्महरूद्वारा एउटा मानिसले आफ्नो भविष्यको जीवनलाइ सुन्दर बनाउन सक्छ । अवधी समाजको तत्त्व विवेचनामा यो पक्ष पनि देखा पर्छ ।

सोने के सिंहासन शिव बइठा, गउरा अरज करैं,

शिव हमरे सन्तति कै साध, सन्तति हम लेवै ।

भल बउरानिउ गउरा रानी, केन बउराइउ हिउ,

गउरा पुरुब जनम कै पाप, सन्तति नहिं पइबिउ ।

सृष्टिको सन्दर्भमा अवधी समाजमा व्याप्त मित्थक अनुसार भगवान विष्णुको नाभिबाट निस्केको कमलमा ब्रह्माको उत्पत्ति भएको तथा ब्रह्माले चराचर जगतका साथै आफ्नो शरिरको दाया भागबाट पुरूषका रूपमा स्वयम्भु मनु तथा वाया अङ्गबाट महिलाका रूपमा शतरूपाको उत्पत्ति भयो । यही मनु तथा शतरूपाबाट यस जगतमा समस्त मानव समाजको उत्पत्ति भएको हो । अर्को तर्क अनुसार सृष्टिको उत्पत्ति अग्नि, वायु, जल, भुमि तथा आकाशबाट भएको हो । यसैको संयोगबाट सृष्टिको उत्पत्ति भएको हो र यसैको वियोगबाट सृष्टिको विनास हुनेछ ।

यसै प्रकारले रामायणमा वर्णित एक वर्णन अनुसार ब्रह्माको योगचित्तमा चञ्चलता उत्पन्न भएर भक्ति रसको आँसुसंगै आलस्यले हाइ गर्दा बाँदर जन्मेको र त्यही बादरले पानी खान खोज्दा इनारमा खसेर स्त्री रूप लिएको र इन्द्र तथा सुइले त्यही बाँदर्नीमा मोहबश विर्यदान गरेको घटनाबाट बाली र सुग्रीवको जन्म भएको थियो । यसमा इन्द्रलाइ जलतत्त्व तथा सुइलाइ तेजतत्त्व मानेर हेर्दा प्रकृतिको द्वन्द्वात्मकताद्वारा जीवनको विकास भएको स्वाभावबाद देखा पर्छ । कपिलको सांख्य दर्शनले आफ्नो समयमा तत्त्व निरूपण गर्दा चौबिस सङ्ख्याको धारणा अघि सारेका थिए । यसै सन्दर्भमा अवधी समाजमा प्रचलित विचारधारा अनुसार तत्त्व अविनासी र विनासी दुइ प्रकारका छन । यस पहिलो अविनासी आदि तत्त्व हो, जसलाइ ब्रह्मका रूपमा मानिन्छ । यसै किसिमले अर्को प्रह्मबाट उत्पादित जीवजन्तु र वनस्पति हुन । यी सबैको विनास हुन्छ । अवधी समाजले पञ्चतत्त्वलाइ भौतिक अस्तित्त्वका रूपमा लिन्छ तथा तिनीहरूको संयोग तथा वियोगको नियतिमानै प्रकृति तथा जीवनको सञ्चालन हुने कुरामा यस समाजको विश्वास रहेको छ । यस समाजले धर्म, अर्थ, काम तथा मोक्षलाइ जीवनको विषय बनाएको छ । मानिसलाइ परम आत्माद्वारा सञ्चालित मान्ने यस समाजले इश्वर अर्थात परमब्रह्मको इच्छा बिना केही नहुने कुरामा पुर्ण बिश्वस्त रहन पनि भन्छ । यस प्रकार यस समाजको तत्त्व शास्त्रको विशेषता लौकिक र अलौकिक दुबै स्वरूपमा बन्न पुगेको छ, जुन नियतवादी सारमा नै उभिएको देखिन्छ ।

५.२.२. अवधी लोकजीवन दर्शनमा समाज दर्शन

जसरीकि माथि अवधी समाज बहुजातीय एकभाषी समाज हो । यस समाजमा अलग अलग जातिका मानिसहरू गाउँ वा टोलका रूपमा सहभागी भएका छन र आफुसंग भएको सीपका आधारमा आफ्नो आफ्नो पारम्परिक उत्पादनबाट एकअर्काको आवश्यकता परिपुर्ति गर्दै आएका छन । पारम्परिक उत्पादनबाट एकअर्काको आवश्यकता परिपुर्ति गर्दै आएका छन । सामाजिक विकासकालागि वर्णाश्रम व्यवस्था (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा सन्यास आश्रम व्यवस्था)मा आधारित यस यस समाजमा धर्म, अर्थ काम तथा मोक्ष भनी चार पुरुषार्थको आध्यात्मिक धारणा विद्यमान छ । यसलाइ लगभग हरेक ठाउमा पुरुषार्थ चतुष्ट्यका नामले सम्बोधित गरिएको पाइन्छ । यसै किसिमले अवधी समाजमा व्यक्तिको व्यक्तित्त्व विकास गरी जीवन र जगतको वास्तविक रहस्य बुझी सुख, स्वर्ग तथा मोक्ष

प्राप्तिकालागि आश्रम व्यवस्था अनिवार्य मानिएको छ । यस समाजले प्रकृति र समाज, राज्य व्यवस्था र नैतिकता तथा ज्ञानशास्त्र र परब्रह्मको चिन्तनका माध्यमबाट सामाजिक परिवेशलाइ गतिमान बनाउदै आइरहेको छ, जुन कि अद्वितीय छ । यस समाजमा एकतर्फ अर्थ र कामको भौतिक सोच तथा अर्कोतर्फ धर्म र मोक्षको अभौतिक सोच दुबै संगसंगै छन । यसरी नै यस समाजले आफुलाइ व्यवस्थित पार्न व्यक्ति र शक्तिको आवश्यकता महशुसगरि आफ्नो आरम्भ कालदेखिनै राजतन्त्रात्मक शासन व्यवस्थालाइ अङ्गिकार गरेर अघि बढेको देखिन्छ । यस समाजको आरम्भकालदेखि बौद्धकाल सम्मको शासन व्यवस्थालाइ हेर्दा वंशानुगत(राजा दशरथको शासन व्यवस्था) तथा गणतन्त्रात्मक शासन (वौद्धकालमा कोशलका राजा प्रसेनजीतको शासन व्यवस्था) दुबै शासन व्यवस्था यस समाजले अङ्गिकार गरेको देखिन्छ । यस समाजमा राजाले आफ्नो निजी सम्पत्ति राख्न नहुने, नातागोता भनि मोलाहिजा गर्न नहुने र आफुले गर्ने सबै काम राज्यको मान्ने नीति अगालेको पाइन्छ । यसै किसिमले बंशानुगत राजतन्त्रमा पनि जेठा राजकुमार राजा बन्ने व्यवस्था रहेपनि उनले सभासदहरूको समर्थन लिनुपर्ने र आश्रम व्यवस्थाको परिपालन गर्नुपर्ने चलन आरम्भकाल देखिनै यस समाजका राजाहरूका रहेको पाइन्छ । यस समाजका राजाहरूमा स्वयं समाजका चार अंग जनपद, कुल, जाति तथा श्रेणीप्रति पूर्ण उत्तरदायी हुनुपर्ने व्यवस्था (कान्छी रानीको बशमा परी कोशलका राजा ओक्काकले आफ्नो पहिली पत्नीबाट जन्मेका चार राजकुमार तथा पाच राजकुमारलाइ देश निकाला गर्दा वहाहरूले कपिलमुनिको आदेशानुसार कपिलवस्तुमा रहेको वर्तमान तिलौराकोटका आसपासको जङ्गल फडानी गरि कपिलवस्तु राज्यको स्थापना गरेको तथा आफ्नो वंशलाइ सुरक्षित बनाइ राख्नकालागि जेठी राजकुमारीलाइ महारानी बनाइ चार राजकुमार तथा पाँच राजकुमारीहरूले पति पत्निका रूपमा रही आफ्नो वंश वृद्धि गरेको वर्णन) रहेको पाइन्छ । यसका साथै राज्यका सात अङ्ग राजा, मन्त्री, वर्ण, कोष, सेना, मित्र र धर्म रहेको कुरा गर्दै यस समाजले समाज निर्माण कालदेखिनै राजा हुने व्यक्तिले चुक्ली, इर्ष्या, द्वेष, दुस्साहस, कटुवचन, कठोर दण्ड, र क्रोध त्याग्नु पर्ने विचार अघि सारेको पाइन्छ । यसै किसिमले हाका राजाले गर्ने षडकर्ममा सन्धि, विग्रह, यान, आसन, द्वैधिभाव र सभाश्रम रहेका छन । यसमा सन्धिले अरू देशका राजासंग गरिने सम्झौता, विग्रह भनेको युद्ध, यान भनेको जलयान तथा वायुयान, आसन भनेको समय हेरि बस्ने प्रतिक्षाकाल, द्वैधिभाव भनेको न युद्ध न शान्तिको अवस्था तथा सभाश्रमको अर्थ अन्य शक्तिसंग आश्रय लिने काम हुन । यस समाजमा समाज व्यवस्थापनकालागि चतुर्पथ (न्यायाधिकरण, सैन्य प्रबन्ध, भारदारी सभा(प्रशासन) तथा खर्च व्यवस्था) को धारणलाइ अङ्गीकार गरेको देखिन्छ भने द्यूतशाला, सङ्गीतशाला तथा मल्लक्रीडालाइ पनि राज्यको उपकरणका रूपमा लिएको छ । प्राचिन शहरका वरिपरि मालसमान किनबेच तथा व्यापारिक बजार सहित नगरको चारैतिर रक्षा प्राचीर, पर्खाल तथा चारै दिशामा मुख्य प्रबेशद्वारको व्यवस्था रहेको कुरा कपिलवस्तु जिल्लाको तिलौराकोटको उत्खननबाट स्पष्ट हुनुका साथै अवधी क्षेत्रका हरेक गाउमा समाजकालागि आवश्यक प्रयोगका सामाग्रीका उत्पादनकालागि सीप भएका हरेक जातिको बसोबास रहेको तथा हैजा आदि जस्ता रोगहरू सार्ने सुङ्गुर बङ्गुर, मुर्गी, हाँस आदि पाल्ने जातिहरूलाइ गाँउको दक्षिणमा बसाल्ने पारम्परिक व्यवस्था रहेको (यस भुभागमा दक्षिणतिरबाट हवा बग्दैन) देखिन्छ । पुरुष प्रधान यस समाजमा नारीलाइ उच्च सम्मान दिदै एक पत्नी प्रथामा नर तथा नारी दुबै रहनुपर्ने विचार अङ्गालेको देखिन्छ ।

यस समाजको राजनैतिक दर्शनले राजा सबैको साझा हुनु पर्ने विचार अगाल्नुका साथै चार दुर्गुण (काम, क्रोध, लोभ, मोह) त्याग्नु पर्ने तथा जनताबाट कर लिने र वहाहरूलाइ सुरक्षा दिने, निजी सम्पत्तिको रक्षा गर्ने सबैलाइ न्याय दिने, वृद्धवृद्धा अनाथ तथा महिलाको संरक्षण गर्ने, मन्त्री, सभासद तथा भारदारहरूबाट सल्लाह लिएर राज्यको काम गर्नेयुद्ध तथा शान्तिको निर्णय गर्ने अधिकार प्रदान गरेको देखिन्छ । मन्त्रीहरू पनि विनयशील, सज्जन, कार्यकुशल, जीतेन्द्रिय, श्री सम्पन्न, शास्त्र मर्मज्ञ तथा पराक्रमी हुनुको साथै राजाज्ञापालक हुनु पर्छ । त्यसैगरी राजालाइ सघाउने हिसाबले सल्लाहकार परिषद वा वा भारदारी सभाको व्यवस्था पनि यहाको राजनीतिक दर्शनको एक अंगका रूपमा रहेको पाइन्छ । राज्य सञ्चालनका निम्ति मन्त्री, अमात्य, ब्राह्मण, क्षत्री, व्यापारी, शिल्पकार, सैनिक तथा अन्य वर्गबाट समेत प्रतिनिधि लिएर गठन गरिने यस्तो सभालाइ यस समाजमा राजसभा भनिन्थ्यो तथा तल्लो इकाइमा नगर तथा ग्रामसभा तथा त्यस्ता सभाका अध्यक्षलाइ महतोका पदबाट सम्बोधित गरि सोही सभाका माध्यमले तल्लो इकाइबाट राज्यका विभिन्न क्रियणकलापहरू सञ्चालित गरिन्थ्यो । राज्यको यस तल्लो इकाइका महतोहरूलाइ स्थानीय नगर वा गाउका जन समुदायलेनै वार्षिक रूपमा छान्ने परम्परा थियो । यस समाजले कूटनीतिक चतुराइलाइ पनि राजनीतिको अङ्ग मानेको छ । यसको स्पष्ट रूप रामले आफ्ना परम शत्रु रावणका भाइ विभिषणलाइ शरण दिने क्रममा सुग्रीव, अंगद आदिसितको छलफलका क्रममा निस्किएका विचारहरूले स्पष्ट रूपमा चित्रित गर्छन ।

५.२.३. अवधी लोक जीवन दर्शनमा ज्ञान शास्त्र

अवधी समाज अत्यन्त प्राचिन समाज मध्ये एक रहेकोले यस समाजमा पाइने ज्ञानशास्त्र प्रमाणिकतामा आधारित हुनुका साथै अन्तःप्रज्ञा निर्देशित पनि छ । यस समाजले ज्ञान प्राप्तिका क्रममा प्रत्यक्ष, अनुमान, शब्द, अर्थ, ऐतिहासिकता तथा सम्भावना जस्ता कुराहरूलाइ महत्त्व प्रदान गर्नुका साथै प्रत्यक्ष तथा अनुमानित दुबै किसिमका ज्ञानलाइ उत्तिकै स्थान प्रदान गर्छ । ज्ञानको स्रोतको द्वैधतालाइ स्विकार्दै यस समाजले प्रत्यक्ष बोधलाइ समेत आधार मानेको छ । साहित्यमा पशुपन्छीलाइ पात्र बनाउने ज्ञानदृष्टि अवधी समाजमा आरम्भकाल देखिनै उपलब्ध छ । जसलाइ यस क्षेत्रको सामान्य जनजीवनमा चित्रित लोककला तथा जनजिब्रोमा सुरक्षित लोक साहित्या विभिन्न विधाहरूमा स्पष्ट रूपले हेर्न पाइन्छ । यस समाजको बाल साहित्य सिर्जना, पञ्चतन्त्रका कथा तथा गीतहरूमा समेत यो रोचक शैलीमा स्थापित हुन पुगेको छ । मेला पर्व मनाउने, खेतीपाती सुरक्षित तथा व्यवस्थित गर्ने, कुलोपानी आदिको व्यवस्थापनका साथै खानी पत्ता लगाइ सोबाट विभिन्न सामाग्री उत्पादन गर्ने ज्ञान पनि यस समाजमा परापुर्व कालदेखि रहेको पाइन्छ । जसले त्यस समयको यस समाजको पारम्परिक ज्ञानको दक्षतालाइ स्पष्ट पार्छ ।

यस समाजमा विद्यमान सङ्गीत क्षेत्रको विशालता तथा विधितालाइ हेर्दा तथा यस सम्बन्धी ऐतिहासिकतालाइ केलाउदा यस समाजले वेदकाल देखिनै यस क्षेत्रमा प्रशस्त ज्ञान हासिल गरेको कुरा भरतको नाट्य शास्त्र आदिको वर्णनबाट स्पष्ट रूपमा प्रमाणित हुन्छ ।

अवधी समाजले विद्यालाइ भौतिक तथा मानसिक दुबै रूपमा हेरेको छ । यस समाजका विभिन्न ऐतिहासिकतामा आधारित साहित्यहरूले धनुर्विद्या, ब्रह्म विद्या तथा गन्धर्व विद्याको पनि उल्लेख

पाइन्छ । युद्ध विद्याका अतिरिक्त वार्ता, दण्डनीति आदिका कुरा पनि यस समाजमा विद्याकै सन्दर्भमा हेर्ने गरिन्छ ।

५.२.४. अवधी लोकजीवन दर्शनमा आचार शास्त्र

अवधी समाजलाइ नीतिवान बनाउनकालागि यस समाजले बनाएको विधि व्यवस्था, रीतितिथि र चलनहरू यस समाजका आचार शास्त्र हुन । अर्को शब्दमा अवधी समाजको हरेक मानवको मानसिक आचरणलाइ सुसंस्कृत बनाउनका लागि आफ्ना संस्कारहरू मार्फत चित्रित गरि सिकाइने सम्पुर्ण सामाजिक नीति नियमहरूको समग्रता आचारशास्त्र हो । अवधी समाजका अर्थनीति, कर्मनीति, धर्मनीति, युद्धनीति तथा लोक व्यवहार यस समाजका आचार शास्त्र हुन । यस समाजका अनुसार "शान्ति, क्षमा, सरलता र प्रिय वचन गुणवान पुरुष वा महिलाको लागि हो, गुणहीनको लागि होइन ।" "शरणमा आएकाको मरण नगर्नु" भन्ने नीति पनि यस समाजमा चलन चल्तीमा रहेको छ । यसै किसिमले "दूतलाइ मार्नु हुदैन" भन्ने कथन पनि यस समाजमा भनिने सुनिने अलग अलग कथा तथा गाथाहरूमा उल्लेख गरिएको पाइन्छ । यसै प्रकार "वैरभाव नमरुञ्जेल सम्म मात्रै हुन्छ, मरिसकेकासित कुनै वैरभाव राख्नु हुदैन" को कथन पनि रामायण आदिमा अत्यन्त महत्वका साथ वर्णित गरिएका छन ।

मित्रता र सम्मान व्यक्त गर्दा अङ्कमाल गर्नु, स्नेह सुचक आचरणका रूपमा टाउको सुमसुम्याउनु, सुघ्नु र निधारमा चुम्बन गर्नु, बाटोको छेउछाउ फलफूलको बगैचा लगाउनु, सक्कर, सर्वत, दही आदिले अतिथि सत्कार गर्नु, लाठी डण्डा आदि साथमा लिएर हिडनु, रिसाएका बेला अलग भएर बस्नु, अङ्गहरू फडफडाउदा सकुन विचार गर्नु, खडाउ लगाउनु लगायतका लोकरीतिहरू यस समाजमा चलनचल्तीका लोक व्यवहारहरू हुन । यसै किसिमले आफ्ना भन्दा ठुला तथा ज्ञानीहरूको सम्मान गर्नु पर्छ । आफु भन्दा पदमा साना, बालबालिका तथा आफुसित सम्बन्धित कामदारहरूसित मधुर वचन बोल्नु पर्छ । गुरू, सन्त महात्मा आदिलाइ नमन गर्नुका साथै आदर सत्कार गर्नु पर्छ । इन्द्रियलाइ संयमित राख्नु पर्छ । परस्त्री गमनबारे सोच्नु समेत हुदैन । युवतीहरूलाइ समेत अस्त्रशस्त्र चलाउने, यातायातका साधनहरू चलाउने सीप सिकाउनु पर्छ, जस्ता नैतिक दृष्टिकोण पनि यस समाजमा चलन चल्तीमा रहेको पाइन्छ ।

यस प्रकार समग्रमा के भन्न सकिन्छ कि माथि उल्लिखित विषयवस्तुका साथै अवधी लोकसमाजमा विद्यमान दर्शन परम्पराले एउटा सर्व शक्तिवान सत्तालाइ स्वीकार गरेको छ, तिनै सर्वशक्तिवान संसारका कण- कणमा व्याप्त छन् । पृथ्वीमा विद्यमान हरेक कणमा कुनै न कुनै शक्ति अवश्य रहेका छन् । जसले ग्रह, नक्षत्र, लोकहरूलाइ आफ्नो संचालनमा लिएका छन् । सम्पूर्ण ब्रम्हाण्डलाइ अनुशासनमा बाधेका छन् । यस प्रकृतिक स्वरूपमा थोरै मात्र असन्तुलन भए महाप्रलयको स्थिति सिर्जना हुन सक्छ । पाँच तत्वमा कुनै पनि तत्व असन्तुलित भएमा त्यसको प्रभाव सम्पूर्ण संसारमा पर्छ ।

अध्याय-६

अवधी लोकसमाजमा पाइने लोक वाद्य यन्त्र

६.१. परिचय

अवधी समुदायका मान्यताका देवी-देवता र ऋषिमुनि समेत खास खास बाजाहरूले अभुषित छन । विष्णुको शंख, महादेवको डमरू, सरस्वतीको वीणा, नारदको करताल, कृष्णको मुरली र मीराको घुँघुरू सम्बन्धित शक्तिहरूका पहिचान वोधक छन । यस मान्यता र आस्थालाइ कायम राख्दै जनजीवनमा पनि विभिन्न बाजाहरू प्रचलित छन । यी मध्येका केही यस प्रकारका छन :



कलाकारद्वारा वाद्ययन्त्रको वादन

६.१.१. शंख

अवधी समाजमा शंख एक अत्यन्त पवित्र र परम्परागत फुकेर बजाइने (सुषिर) वाद्ययन्त्र हो । यो प्राकृतिक रूपमा समुद्रमा पाइने शंखेकिराको कडा खबटाबाट बन्ने गर्दछ । अवधी भाषा र संस्कृति बाहुल्य रहेको क्षेत्र (विशेषगरी नेपालको तराइ क्षेत्र र भारतको अवध क्षेत्र) मा शंखलाइ केवल एउटा सङ्गीत साधनको रूपमा मात्र नहेरिएर धार्मिक, सांस्कृतिक र आध्यात्मिक प्रतीक को रूपमा लिइन्छ ।

अवधी समुदायमा शंखलाइ भगवान विष्णु र लक्ष्मीको प्रिय वस्तु मानिन्छ । विहान-बेलुका गरिने आरती, सत्यनारायणको पूजा र विभिन्न धार्मिक अनुष्ठानहरूमा शंख अनिवार्य रूपमा बजाइन्छ । शंख ध्वनिले घर र समाजबाट दुष्ट शक्ति तथा नकारात्मक ऊर्जालाइ भगाउने जनविश्वास छ ।

विवाह, व्रतबन्ध, गृहप्रवेश जस्ता मङ्गल कार्यहरूको सुरुवात शंख बजाएर गरिन्छ । अवधी लोकसंस्कृति र चाडपर्वहरूमा गाइने भजन-कीर्तन र संस्कार गीतहरूमा पनि यसको पृष्ठभूमि ध्वनिको रूपमा प्रयोग हुन्छ । अवधी समाजमा मानिसको अन्तिम संस्कार (शवयात्रा) का क्रममा पनि शंख बजाउने परम्परा रहेको छ ।

शंख बजाउँदा निस्कने ध्वनि तरङ्गले वातावरणमा रहेका हानिकारक जीवाणुहरू नष्ट गर्ने जनविश्वास छ । शंख फुक्दा फोक्सोको व्यायाम हुने र श्वासप्रश्वास प्रणाली बलियो हुने मान्यता अवधी समाजका पाका पुस्ताहरूमा पाइन्छ ।

६.१.२. डमरू

अवधी समाजमा डमरू एक अत्यन्तै लोकप्रिय र प्राचीन हातले हल्लाएर बजाइने (अवनद्ध वा छालाले मढिएको) वाद्ययन्त्र हो । यो सानो दुइतर्फी ड्रम हो, जसको बीचको भाग पातलो र दुवै छेउ फराकिलो हुन्छ (डमरू आकार) । यसको बीचको भागमा बाँधिएको दुइवटा डोरोको टुप्पामा काठ वा प्लाष्टिकका

साना दाना (गोटा) झुण्डिएका हुन्छन् । हातले फनफनी हल्लाउँदा ती दानाहरूले दुवैतर्फको छालामा ठोकिएर आवाज निकाल्छन् ।

अवधी समुदायमा डमरूलाइ देवका पनि देव महादेव (शिव) को मुख्य हतियार र वाद्ययन्त्र मानिन्छ । शिवजीले ताण्डव नृत्य गर्दा डमरू बजाएको र यसैको ध्वनिबाट व्याकरण तथा सङ्गीतका सूत्रहरू उत्पत्ति भएको जनविश्वास छ । शिवरात्रि, साउन महिनाको सोमबार र बाबा भोलेनाथका भजन-कीर्तनहरूमा अवधी समाजमा डमरू अनिवार्य रूपमा बजाइन्छ ।

अवधी लोक सङ्गीत, विशेष गरी 'शिव भजन' र परम्परागत 'काँवर गीत' हरूमा डमरूको प्रयोग मुख्य रूपमा हुन्छ । अवधी क्षेत्रमा रहेका जोगी वा नाथ सम्प्रदायका मानिसहरू मन्त्र जप्दा, फेरी लगाउँदा वा भिक्षा माग्दा डमरू बजाउने गर्दछन् । पुराना दिनहरूमा अवधी गाउँघरमा बाँदर वा भालुको नाच देखाउने 'मदारी' हरू र जादूगरहरूले मानिस जम्मा गर्न डमरूकै प्रयोग गर्थे ।

यो सामान्यतया काठ, आँपको काठ वा पित्तलबाट बन्छ र यसको दुवै मुखमा बाख्राको छाला मोढिएको हुन्छ । अवधी क्षेत्रका स्थानीय कालीगढहरूले यसलाइ परम्परागत रूपमा हातैले तयार पार्ने गर्छन् ।

६.१.३. बासुरी

अवधी समाजमा बाँसुरी (जसलाइ स्थानीय स्तरमा मुरली पनि भनिन्छ) एक अत्यन्तै प्रिय, मधुर र लोकप्रिय फुकेर बजाइने (सुषिर) वाद्ययन्त्र हो । यो विशेष गरी बाँसको कडा कप्टेरो वा कप्टेराको कडा नलीबाट बनाइन्छ । अवधी लोकजीवन, सङ्गीत र प्रेमको प्रतीक मानिने यो वाद्ययन्त्रको यस समाजमा गहिरो ऐतिहासिक र सांस्कृतिक सम्बन्ध छ ।

अवधी समुदायमा बाँसुरीलाइ भगवान श्रीकृष्णको अभिन्न अङ्ग मानिन्छ । कृष्णले बजाउने मुरलीले मानिस मात्र नभइ गाइवस्तु र प्रकृतिलाइ समेत मन्त्रमुग्ध पार्थ्यो भन्ने जनविश्वास छ । अवधी क्षेत्रमा हुने कृष्ण जन्माष्टमी, फागु पूर्णिमा (होरी) र अन्य धार्मिक उत्सवहरूमा कृष्णलीला गाउँदा बाँसुरीको धुन अनिवार्य जस्तै हुन्छ ।

पुराना दिनहरूमा अवधी गाउँघरमा गाइभैँसी चराउन जङ्गल वा चौरमा जाने गोठालाहरू (चरवाहा) ले समय बिताउन र आनन्द लिन मुरली बजाउने गर्थे । यो ग्रामीण जीवनको एक पहिचान हो । अवधी लोकसङ्गीतका प्रसिद्ध विधाहरू जस्तै 'बिरहा' (विरहका गीत) र बच्चा जन्मिँदा गाइने 'सोहर' गीतहरूमा मुरलीको धुनले ब्याकग्राउन्ड म्युजिकको रूपमा मिठास थप्छ । अवधी लोककथाहरूमा मुरलीलाइ प्रेम व्यक्त गर्ने र विरह (विछोड) को पीडा भुलाउने साधनको रूपमा चित्रण गरिन्छ ।

यो विशेष प्रकारको पातलो र खँदिलो बाँसबाट बनाइन्छ । यसमा फुक्ने एक प्वाल र औंलाले छोपेर सुर निकाल्ने ६ वा ७ वटा प्वालहरू हुन्छन् । यो हलुका हुने र जहाँ पनि लैजान सकिने भएकाले अवधी समाजका आम सर्वसाधारण र लोक कलाकारहरूको यो रोजाइमा पर्छ ।

६.१.४. घुँघरू

अवधी समाजमा घुँघरू एक अत्यन्तै महत्वपूर्ण र परम्परागत हल्लाइकन वा खुट्टामा बाँधेर बजाइने (घन) वाद्ययन्त्र हो । यो धातु (विशेषगरी पित्तल वा काँस) बाट बनेका साना-साना गोलाकार घण्टीहरूको समूह हो, जसभित्र साना फलाम वा धातुका दानाहरू राखिएका हुन्छन् । यी घण्टीहरूलाइ

एउटा बाक्लो सुतीको डोरी वा छालाको पट्टामा लहरै उनेर तयार पारिन्छ । खुट्टाको चाल वा हातको कम्पनसँगै यसबाट निकै मधुर र झङ्कारयुक्त आवाज निस्कन्छ ।

अवधी समाजको परम्परागत लोकनृत्यहरू जस्तै 'कहरवा' र यादव समुदायमा प्रचलित 'अहिरौवा (फरुआही) नाच' मा कलाकारहरूले खुट्टामा अनिवार्य रूपमा भारी घुँघरू बाँध्छन् । घुँघरूको तालविना यी नाचहरू अधुरा मानिन्छन् । नृत्य गर्ने कलाकारले आफ्नो खुट्टाको चाल (पदचाप) मार्फत घुँघरूलाइ संगीतको मुख्य तालसँग मिलाएर बजाउँछन् ।

अवधी गाउँघरमा विवाह, मुण्डन, वा अन्य खुसियालीका अवसरहरूमा नाचगान गर्दा घुँघरूको धुनले उत्सवको माहोललाइ थप रमाइलो र उल्लासमय बनाउँछ । अवधी क्षेत्रमा खेलिने परम्परागत 'नौटंकी' (लोकनाटक) मा अभिनय गर्ने र नाच्ने कलाकारहरूको यो एउटा मुख्य शृंगार र वाद्ययन्त्र हो ।

गाउँघरमा हुने कीर्तन र 'भगतिया नाच' (धार्मिक अनुष्ठानिक नाच) मा भक्तहरूले भक्तिभावमा झुम्दै घुँघरू बजाउने गर्छन् । अवधी क्षेत्रको ऐतिहासिक केन्द्र 'लखनउ घराना' कत्थक नृत्यको लागि प्रसिद्ध छ । कत्थक नृत्यमा घुँघरूको प्रयोग खुट्टाको कलात्मक ताल देखाउनका लागि सबैभन्दा महत्त्वपूर्ण मानिन्छ ।

नृत्यको प्रकार हेरी एउटै पट्टामा ५० देखि २०० वटासम्म घुँघरूहरू उनिएका हुन्छन् । यसको धातुको गुणस्तर र भित्रको दानाको आकारले यसको आवाज कति तिखो वा मन्द निकाल्ने भन्ने कुरा निर्धारण गर्छ ।

६.१.५. ढोल

अवधी समाजमा ढोल (वा ढोलक) सबैभन्दा लोकप्रिय, खँदिलो र सामाजिक उत्सवहरूको मुटु मानिने हातले ठटाएर बजाइने (अवनद्ध) वाद्ययन्त्र हो । यो काठको खोक्रो बेलनाकार (सिलिन्डर) आकारको हुन्छ, जसको दुवै छेउमा छाला मोढिएको हुन्छ । अवधी क्षेत्रको ग्रामीण जनजीवनमा ढोलबिना कुनै पनि शुभ कार्य, चाडपर्व वा सामाजिक जमघटको परिकल्पना समेत गर्न सकिँदैन ।

अवधी समाजमा विवाहको माहोल ढोलको तालबाटै सुरु हुन्छ । बच्चा जन्मिँदा गाइने 'सोहर' गीत र महिलाहरूले गाउने 'मङ्गल गीत' हरूमा ढोलक अनिवार्य रूपमा बजाइन्छ । फागु पूर्णिमाको अवसरमा गाइने 'होरी' (फगुआ) र चैत महिनामा गाइने 'चैती' गीतहरूमा ढोलको ऊर्जावान् तालले सम्पूर्ण गाउँलाइ नै उत्सवमय बनाउँछ ।

अवधी समुदायको परम्परागत लोकनृत्यहरू (जस्तै यादव समुदायको फरुआही नाच र कहरवा नाच) मा ढोलको द्रुत गति (फास्ट बीट) को तालमा कलाकारहरूले खुट्टामा घुँघरू बाँधेर नाच्छन् । अवधी क्षेत्रको प्रसिद्ध लोकनाटक 'नौटंकी' मा कथाको भाव, युद्धको दृश्य वा नाचको गति बढाउन ढोल र नगराको भूमिका प्रमुख हुन्छ ।

यो विशेष गरी आँप, कटहर वा सिसौको काठलाइ भित्रबाट खोक्रो बनाएर तयार पारिन्छ । यसको दुवै मुखमा बाखाको छाला बाँधिएको हुन्छ । ढोलकको दुवैतर्फका छालालाइ डोरी र साना काठका गट्टाहरू (गिट्टी) को मद्दतले तानेर वा खुकुलो पारेर यसको स्वर मिलाइन्छ । यसको एकातर्फ 'मसाला' (विशेष लेप) लगाइन्छ, जसले गम्भीर र बेस आवाज दिन्छ ।

६.१.६. तबला

अवधी समाजमा तबला शास्त्रीय, उप-शास्त्रीय र सुगम सङ्गीतमा सङ्गत गरिने सबैभन्दा परिष्कृत, तालबद्ध र लोकप्रिय हातले ठटाएर बजाइने (अवनद्ध) वाद्ययन्त्र हो । यो दुइवटा छुट्टाछुट्टै ड्रमहरूको जोडी हो, जसमा दाहिने हातले बजाइनेलाइ 'तबला' (वा दाँया) र देब्रे हातले बजाइनेलाइ 'बायाँ' (वा डग्गा) भनिन्छ । अवधी क्षेत्रको ऐतिहासिक, साहित्यिक र साङ्गितिक विकासमा तबलाको स्थान निकै उच्च छ ।

अवधी क्षेत्रको मुटु मानिने लखनउ तबला वादनको एउटा प्रसिद्ध केन्द्र (घराना) हो । उस्ताद मोदु खान र उस्ताद बक्सु खानले स्थापना गरेको यो घरानाको तबला वादन शैली अवधी समाज र संस्कृतिमा गहिरोगरि भिजिसकेको छ । अवधी दरबारहरूमा विकास भएको प्रसिद्ध 'कत्थक नृत्य' र 'ठुमरी' गायनमा तबलाको सङ्गत अनिवार्य मानिन्छ । नृत्यको पदचाप (खुट्टाको चाल) र तबलाको बोल दुरुस्तै मिल्नु यसको विशेषता हो ।

अवधी समाजमा हुने विभिन्न धार्मिक अनुष्ठान, मन्दिरहरूमा गरिने भजन-कीर्तन र सुफी दरगाहहरूमा गाइने कव्वालीहरूमा तबलाको प्रयोग व्यापक रूपमा गरिन्छ । परम्परागत रूपमा ढोलक बजाइने कतिपय अवधी संस्कार गीतहरू (जस्तैः सोहर, बधावा) मा आजभोलि सङ्गीतलाइ थप सुमधुर र शास्त्रीय रूप दिन तबलाको प्रयोग गर्न थालिएको छ ।

यसको दायाँतिरको जसलाइ तबला भनिन्छ, सामान्यतया सिसौ वा खयरको काठबाट बनेको हुन्छ । यसको आवाज तिखो हुन्छ र यसलाइ मुख्य स्वर मिलाउन प्रयोग गरिन्छ । यसै किसिमले बायाँतिरको जसलाइ डग्गा भनिन्छ, माटो, पित्तल वा तामाबाट बनेको कचौरा आकारको हुन्छ । यसले गम्भीर र बेस आवाज निकाल्छ । तबला र बायाँको छालाको बीचमा फलामको धुलो र भातको लेपबाट बनेको एउटा कालो वृत्त (स्याही, काला कौडा) हुन्छ, जसले गर्दा तबलाबाट निकै गुञ्जायमान र सुरिलो आवाज निस्कन्छ ।

अवधी ग्रामीण समाजमा 'ढोल' लोक सङ्गीत र लोकनाचको लागि बढी प्रयोग हुन्छ भने 'तबला' चाहिँ बैठक, महफिल, शास्त्रीय गायन र मञ्चीय प्रस्तुतिहरूमा बढी प्रयोग गरिन्छ ।

६.१.७. नगाड़ा (नग्गारा)

अवधी समाजमा नग्गारा (जसलाइ स्थानीय स्तरमा नगाड़ा वा नकडा पनि भनिन्छ) एक अत्यन्त प्राचीन, ठूलो र ठट्टाएर बजाइने (अवनद्ध) वाद्ययन्त्र हो । यो अर्ध-गोलाकार वा कचौरा आकारको हुन्छ, जसको खुल्ला भागलाइ बाक्लो छालाले मोढेर कसिलो पारिएको हुन्छ । यसलाइ दुइवटा काठका बलिया डन्डीहरू (स्टिक) ले हिर्काएर बजाइन्छ । अवधी लोकजीवन, उत्सव र धार्मिक अनुष्ठानहरूमा नग्गाराको स्थान निकै महत्त्वपूर्ण र ऐतिहासिक छ ।

अवधी क्षेत्रको सबैभन्दा प्रसिद्ध लोकनाटक 'नौटंकी' को आरम्भनै नग्गाराको भीषण गर्जनबाट हुन्छ । यसको तीव्र तालले दर्शकहरूलाइ आकर्षित गर्न र नाटकमा युद्ध वा उत्साहको माहोल सिर्जना गर्न मुख्य भूमिका खेल्छ । नौटंकीमा विभिन्न पात्रहरूको प्रवेश र संवादको गम्भीरता बढाउन नग्गाराको धुन (बोल) को प्रयोग गरिन्छ ।

अवधी समाजमा होलीको अवसरमा गाइने 'होरी' गीतहरूमा ढोलकसँगै नग्गारा पनि बजाइन्छ । यसको जोषपूर्ण तालले वसन्तोत्सवको उमङ्गलाइ दोब्बर बनाउँछ । पुराना दिनहरूमा राजामहाराजाहरूको विजय वा आगमनमा बजाइने यो वाद्ययन्त्र आजभोलि अवधी ग्रामीण भेगका ठूला विवाह र माङ्गलिक कार्यहरूमा उत्सवको भव्यता देखाउन बजाइन्छ ।



नग्गारा सहितका वाद्ययन्त्र

अवधी क्षेत्रका कतिपय पुराना मन्दिर र देवीका शक्तिपीठहरूमा बिहान-बेलुकाको आरती र विशेष नवरात्रिको समयमा नग्गारा बजाउने परम्परा अझै पनि जीवित छ । प्राचीन र मध्यकालमा अवधी समाजमा कुनै ठूलो घोषणा गर्न, युद्धको चेतावनी दिन वा कुनै विशेष सूचना गाउँलेहरूमाझ पुऱ्याउन नग्गारा बजाएर मानिसहरू भेला पार्ने गरिन्थ्यो ।

यसको तल्लो भाग (कचौरा जस्तो हिस्सा) परम्परागत रूपमा माटो वा धातु (फलाम/पित्तल) बाट बनेको हुन्छ र माथिल्लो भागमा भैँसी वा गोरुको बाक्लो छाला मोढिएको हुन्छ । अक्सर यो दुइवटा आकारमा हुन्छ–एउटा ठूलो (जसले भारी बेस आवाज दिन्छ) र अर्को सानो (जसले तिखो आवाज दिन्छ), जसलाइ मिलाएर बजाइन्छ ।

६.१.८. डफला

अवधी समाजमा डफला (जसलाइ स्थानीय स्तरमा डफ, डफली वा ढपली पनि भनिन्छ) एक अत्यन्तै लोकप्रिय, परम्परागत र हातले बजाइने अवनद्ध (छालाले मढिएको) वाद्ययन्त्र हो । यो नेपालको तराइ क्षेत्र (विशेष गरी रूपन्देही, कपिलवस्तु र नवलपरासी लगायतका अवधी भाषी क्षेत्र) र भारतको अवध क्षेत्रको लोकसंस्कृतिसँग जोडिएको एक मौलिक ताल बाजा हो । डफलाको सादगीपूर्ण बनोट र यसबाट निस्कने गम्भीर एवं मिठासपूर्ण ध्वनिका कारण यसलाइ अवधी समाजको उल्लास र सामूहिक एकताको प्रतीक मानिन्छ । अवधी लोकमान्यता अनुसार डफलालाइ भगवान शिवको डमरू र खैँजडीको विकसित स्वरूप मानिन्छ । यसलाइ समाजमा शुभ र मङ्गल कार्यको सूचक वाद्ययन्त्रको रूपमा लिइन्छ ।



डफला

अवधी लोकसंस्कृतिको प्रसिद्ध गायन विधा 'बिरहा' (विरह र वीरताका कथाहरू) गाउँदा डफलाको प्रयोग मुख्य रूपमा गरिन्छ । अवधी समुदायमा खुसीयालीका अवसर (जन्म र विवाह) मात्र नभइ कतिपय रैथाने परम्परामा मृत्यु संस्कारका क्रममा समेत यसको विशिष्ट प्रयोग हुने

गरेको पाइन्छ । यो सामान्यतया सिसौ, कर्मा वा आँपको काठलाइ गोलो घेरा (फ्रेम) बनाएर तयार पारिन्छ । यसको एकातर्फ मात्र बाख्रा वा गाइको प्रशोधित छाला कसिलो गरी मढिएको हुन्छ ।

अवधी समाजमा डफला मात्र मात्र यस्तो वाद्ययन्त्र हो, जसलाइ अवधी समाजको जन्मदेखि मृत्युसम्मको हरेक संस्कारमा बजाइन्छ । होली पर्वमा यसको प्रयोगको आफ्नै महत्त्व हुन्छ । वसन्त पञ्चमीदेखि नै गाउँका चौतारा र दलानहरूमा मानिसहरू भेला भएर डफलाको तालमा 'होरी' (पारम्परिक फागु गीत) गाउने गर्दछन् । पुराना दिनहरूमा गाउँका सबै वर्ग र समुदायका मानिसहरू एक ठाउँमा बसी डफला बजाउँदै गीत गाउँदा यसले आपसी सद्भाव, भाइचारा र एकताको सञ्चार गर्थ्यो ।

यसलाइ देब्रे हातले समातेर दाहिने हातका औंला, हत्केला वा दुइवटा पातला लट्ठीहरू (स्टिक) को सहायताले तालबद्ध रूपमा बजाइन्छ । कतिपय डफलीमा वरिपरि धातुका साना झुम्का वा भ्यालीहरू पनि राखिएका हुन्छन् ।

वर्तमान आधुनिक युगमा डिजे, इलेक्ट्रोनिक बाजा र आधुनिक सङ्गीतको कोलाहलका कारण अवधी समाजको यो पुर्ख्यौली पहिचान बोकेको डफला बाजा अचेल गाउँघरमा सुनिने क्रम निकै कम भएको छ र यो बिस्तारै विस्थापित हुने सङ्कटमा पुगेको छ ।

६.१.९. मृदङ्ग

अवधी समाजमा मृदङ्ग (जसलाइ स्थानीय भाषामा मिरदंग वा मृदङ्गम पनि भनिन्छ) एक अत्यन्तै प्राचीन, पवित्र र शास्त्रीय महत्त्व बोकेको हातले ठटाएर बजाइने (अवनद्ध) वाद्ययन्त्र हो । यो नेपालको तराइ क्षेत्र र भारतको अवध क्षेत्रको धार्मिक एवं लोकसङ्गीत परम्परामा सबैभन्दा आदरणीय ताल बाजाहरूमध्ये एक मानिन्छ । यसको नाम संस्कृतको 'मृत्' (माटो) र 'अङ्ग' (भाग) मिलेर बनेको हो, जसले प्राचीन कालमा यो माटोबाट बन्ने गरेको सङ्केत गर्छ ।

अवधी समुदायमा मृदङ्गलाइ भगवान विष्णु, शिव र गणेशको प्रिय वाद्ययन्त्र मानिन्छ । विशेष गरी भगवान शिवले ताण्डव नृत्य गर्दा र भगवान विष्णुको संकीर्तनमा यसको प्रयोग भएको पौराणिक मान्यता छ । अवधी क्षेत्रका पुराना मठ-मन्दिर, हनुमान गढी र वैष्णव अखडाहरूमा बिहान-बेलुका गरिने आरती र भजन-कीर्तनमा मृदङ्गको गम्भीर ध्वनि अनिवार्य मानिन्छ । अवधी समाजको ऐतिहासिक धरोहर मानिने 'रामचरितमानस' को पाठ गर्दा, रामलीला नाटक प्रदर्शन गर्दा र कृष्णलीलाका पदहरू गाउँदा मृदङ्गको सङ्गत सबैभन्दा महत्त्वपूर्ण हुन्छ । अवधी क्षेत्रमा गाइने पारम्परिक 'निर्गुण', 'भजन' र 'साधु सन्तका वाणी' हरूमा मृदङ्गले सङ्गीतलाइ गम्भीर र आध्यात्मिक रूप दिन्छ ।

आधुनिक समयमा यो माटोको सट्टा बयर, सिसौ वा रातो चन्दनको काठलाइ भित्रबाट खोक्रो र बीचको भाग अलिकति फुलेको (बेलनाकार) बनाएर तयार पारिन्छ । यसको दुवै मुखमा बाख्रा वा भैंसीको प्रशोधित छाला मढिएको हुन्छ । दायाँ मुख सानो र बायाँ मुख अलि ठूलो हुन्छ । यसको दायाँ मुखमा स्थायी रूपमा धातुको धुलोको कालो लेप (स्याही) लगाइन्छ भने बायाँ मुखमा बजाउनुअघि गहुँको ओसिलो पिठो (आटा) को लेप लगाउने परम्परा छ, जसले गर्दा यसबाट अत्यन्तै गम्भीर, सुमधुर र गुञ्जायमान 'बेस' आवाज निस्कन्छ ।

अवधी समाजमा ढोलकलाइ सामान्य र उल्लासमय सामाजिक उत्सवहरू (जस्तै विवाह, सोहर, होली) मा बढी बजाइन्छ भने मृदङ्गलाइ विशुद्ध धार्मिक, शास्त्रीय र मर्यादित अनुष्ठानहरूमा मात्र प्रयोग गरिन्छ ।

६.१.१०. तासा (टिम्की)

अवधी समाजमा टिम्की (वा टिमकी) एक परम्परागत र विशिष्ट प्रकारको हातले वा लट्ठीले ठटाएर बजाइने अवनद्ध (मेम्ब्रेनोफोन) वाद्ययन्त्र हो । यो आकारमा निकै सानो कचौरा जस्तो आकारको ड्रम वर्गमा पर्ने बाजा हो, जसलाइ अवधी लोकजीवन र ग्रामीण उत्सवहरूमा महत्त्वपूर्ण ताल बाजाको रूपमा प्रयोग गरिन्छ । यसको वनोट र संगीत प्रवाह गर्ने शैली नेपालको पहाडी भेगमा बजाइने ट्याम्को सँग निकै मिल्दोजुल्दो हुन्छ ।

अवधी समाजमा टिम्की एक्लैभन्दा पनि नगाड़ा र ढोलक जस्ता ठूला बाजाहरूसँग सहायक बाजा (सङ्गत) को रूपमा बढी बजाइन्छ । नगराले गम्भीर 'बेस' दिँदा टिम्कीले तिखो र द्रुत गतिको 'ट्याङ-ट्याङ' ताल निकालेर सङ्गीत भर्छ । अवधी क्षेत्रका परम्परागत लोकनाचहरूमा कलाकारहरूको खुट्टाको चाल र ऊर्जा बढाउन टिम्कीको द्रुत तालले उर्जा थप्ने काम गर्छ । गाउँघरमा फागु पूर्णिमाको 'होरी' गीत गाउँदा सामूहिक रूपमा टिम्की बजाइन्छ । विवाह वा अन्य कुनै मांगलिक कार्यमा गाउँलेहरू भेला हुँदा यसको धुनले माहोललाइ उत्सवमय बनाउँछ । ऐतिहासिक रूपमा अवधी गाउँहरूमा कुनै विशेष सूचना वा मुनादी (घोषणा) गर्नु अघि मानिसहरूको ध्यान आकर्षित गर्न नगाड़ा र टिम्की बजाउने परम्परा थियो ।

प्राचीन समयमा टिम्कीको तल्लो भाग (कचौरा आकारको कडी) मुख्य रूपमा माटोबाट बनाइने गरिन्थ्यो । तर आजभोलि यो काठ वा फलाम तथा पित्तल जस्ता धातुबाट पनि बन्ने गर्दछ । यसको माथिल्लो खुल्ला भागलाइ बाख्राको पातलो वा प्रशोधित छालाले कसिलो गरी मढिएको हुन्छ । यसलाइ कम्मरमा वा भुइँमा राखेर दुइवटा मसिना तर दह्रा काठका डन्डीहरू (स्टिक) ले द्रुत गतिमा हिर्काएर बजाइन्छ ।

आधुनिक बाजाहरू (जस्तै कङ्गो, प्याड र डीजे) को बढ्दो प्रयोगका कारण अवधी समाजको यो मौलिक रैथाने बाजा अचेल लोप हुने संघारमा पुगेको छ । नयाँ पुस्तामा यसलाइ बजाउने सीप हस्तान्तरण हुन नसक्दा यो निकै सीमित ग्रामीण क्षेत्रमा मात्रै खुम्चिएको छ ।

६.१.११. डंका (डङ्का)

अवधी समाजमा डंका (जसलाइ डङ्का वा डङ्का बाजा पनि भनिन्छ) एक अत्यन्तै ऐतिहासिक, शक्तिशाली र ठट्टाएर बजाइने अवनद्ध (मेम्ब्रेनोफोन) वाद्ययन्त्र हो । यो मुख्य रूपमा नग्गारा (नगाडा) जस्तै अर्ध-गोलाकार वा कचौरा आकारको हुन्छ र यसलाइ बलिया काठका लौरा वा कपडाले बेरिएका विशेष डन्डीहरू (डंका स्टिक/म्यालेट) ले हिर्काएर बजाइन्छ । अवधी संस्कृति र इतिहासमा डंकाको ध्वनि सौर्य, घोषणा र धार्मिक उच्चताको प्रतीक मानिन्छ ।

सङ्गीतको प्राविधिक भाषामा कतिपय अवस्थामा नगाडा बजाउन प्रयोग गरिने काठको मोटो लौरो वा लौरोको जोडीलाइ नै 'डंका' भनिन्छ । तर अवधी लोकव्यवहारमा डन्डीले हिर्काएर बजाइने ठूलो एकल

नगाडा वा जोडी बाजालाइ नै संयुक्त रूपमा 'डंका' वा 'डंका बाजा' भन्ने चलन छ । यो आकारमा ठूलो र यसको छाला निकै कसिलो हुने भएकाले यसबाट निस्कने आवाज निकै टाढासम्म सुनिने र कान जुरुक्क पार्ने खालको (भीषण र गम्भीर) हुन्छ ।

प्राचीन तथा नवाबी कालको अवधी समाजमा राजामहाराजा वा नवाबहरूको सवारी निस्कँदा, हात्तीको ओहोदामा वा रथको अगाडि डंका बजाएर उनीहरूको आगमनको घोषणा गरिन्थ्यो । गाउँघरमा कुनै ठूलो शाही आदेश सुनाउनु अघि वा कर उठाउने, युद्ध सुरु हुने जस्ता सार्वजनिक सूचना (मुनादी) जारी गर्नुअघि मानिसहरूलाइ जम्मा गर्न 'डंका पिट्ने' गरिन्थ्यो ।

अवधी क्षेत्रका ठूला हिन्दू मन्दिरहरू (विशेष गरी देवीका शक्तिपीठ र हनुमान गढी जस्ता स्थानहरू) मा विशेष आरती, उत्सव वा नवरात्रिको समयमा डंका बजाउने परम्परा छ । अवधी समाजको एउटा ठूलो हिस्सामा मुहर्रमका बेला बजाइने शोक र उत्साहका धुनहरूमा तथा कतिपय सुफी दरगाहहरूमा नगरा र डंकाको प्रयोग व्यापक रूपमा हुन्छ ।

परम्परागत सञ्चार प्रणाली र राजतन्त्रात्मक व्यवस्थाको अन्त्यसँगै सूचना प्रवाहका लागि डंका बजाउने चलन पूर्ण रूपमा हराइसकेको छ । वर्तमान समयमा यो केवल धार्मिक मन्दिरहरू, विशेष सांस्कृतिक च्यालीहरू, र अवधी समाजका परम्परागत लोकनाटक (जस्तै नौटंकी) को पृष्ठभूमि संगीतमा मात्र सीमित हुन पुगेको छ ।

६.१.१२. खैँजडी

अवधी समाजमा खैँजडी (जसलाइ स्थानीय स्तरमा खैँझडी, खंजरी वा खञ्जनी पनि भनिन्छ) एक अत्यन्तै लोकप्रिय, परम्परागत र हातले बजाइने अवनद्ध (मेम्ब्रेनोफोन) वर्गको वाद्ययन्त्र हो । यो नेपालको तराइ क्षेत्र (विशेष गरी रूपन्देही, कपिलवस्तु र नवलपरासी लगायतका अवधी भाषी जिल्लाहरू) र भारतको अवध क्षेत्रको लोकसंस्कृति एवं भक्ति संगीतसँग अभिन्न रूपमा जोडिएको छ । यो आकारमा डफला वा डम्फु भन्दा सानो तर बजाउन निकै सजिलो र गुञ्जायमान हातले समात्ने ड्रम हो ।

अवधी समुदायमा खैँजडीलाइ विशुद्ध धार्मिक र आध्यात्मिक बाजा को रूपमा लिइन्छ । गाउँघरमा हुने सत्यनारायणको पूजा, अखण्ड कीर्तन, र सन्ध्या आरतीमा यो अनिवार्य जस्तै बजाइने गरिन्छ । तुलसीदासकृत 'रामचरितमानस' का चौपाइहरू र सूरदासका कृष्णभक्ति गाथाहरू गाउँदा अवधी महिला तथा पुरुषहरूले खैँजडी बजाएर भक्तिभाव प्रकट गर्छन् । अवधी क्षेत्रका कतिपय रैथाने जोगी, कवीरपन्थी र सुफी गायकहरूले आफ्नो भजन वा 'निर्गुण' गीतहरू गाउँदा खैँजडीको प्रयोग मुख्य रूपमा गर्छन् ।

यो सामान्यतया कटहर, आँप वा सिसौको काठलाइ गोलो घेरा बनाएर तयार पारिन्छ । यसको व्यास सामान्यतयः७ देखि ९ इन्चसम्म हुन्छ । यसको एकातर्फ मात्र बाखा वा गोहोरो (लार्डर) को पातलो छाला कसिलो गरी मढिएको हुन्छ ।

खैँजडीको काठको घेराको वरिपरि दुइ वा तीनवटा साना प्वालहरू बनाएर धातु (पित्तल वा काँस) का मसिना गोलाकार पत्तीहरू राखिएका हुन्छन् । यसलाइ देब्रे हातले समातेर दाहिने हातका औंला र

हत्केलाले छालामा प्रहार गरी बजाइन्छ । हातले हिर्काउँदा छालाको 'थाप' र हल्लाउँदा धातुका पत्तीहरूको 'झङ्कार' एकैसाथ निस्कने हुँदा यसको धुन निकै सुमधुर सुनिन्छ ।

आधुनिक इलेक्ट्रोनिक संगीत, ड्रम प्याड र कङ्गो-बोङ्गो जस्ता आयातित बाजाहरूको तीव्र प्रभावका कारण अवधी समाजको यो मौलिक र रैथाने खैँजडी बाजा बिस्तारै नयाँ पुस्ताको पहुँचबाट टाढिँदै गएको छ । अचेल यो केवल ग्रामीण भेगका वृद्धवृद्धाहरूको भजन मण्डली र विशेष परम्परागत पूजाआजामा मात्र सीमित हुन पुगेको छ ।

६.१.१३. मजीरा

अवधी समाजमा मजीरा (जसलाइ स्थानीय बोलीमा मजुरा वा झाँझ) भनिन्छ, एक अत्यन्तै लोकप्रिय र परम्परागत हातले ठोक्काएर बजाइने (घन) वाद्ययन्त्र हो । यो धातु (विशेष गरी पित्तल, काँस वा तामा)बाट बनेको दुइवटा स-साना कचौरा आकारका पत्तीहरूको जोडी हो । यी दुवै कचौराको केन्द्रमा प्वाल पारेर एउटा सुतीको डोरीले आपसमा बाँधिएको हुन्छ । दुवै हातमा एक-एकवटा पत्ती लिएर आपसमा ठोकिएर यसबाट तिखो र मधुर झङ्कार निकालिन्छ ।

अवधी समाजमा मजीरा बिना कुनै पनि धार्मिक अनुष्ठान वा भजन-कीर्तन पूरा हुँदैन । मन्दिरहरूमा गरिने बिहान-बेलुकाको आरती, सत्यनारायणको पुजा र अखण्ड कीर्तनमा यसको प्रयोग अनिवार्य हुन्छ । तुलसीदासकृत 'रामचरितमानस' को पाठ गर्दा वा कृष्णभक्ति गाउँदा भक्तहरूले ढोलक र खैँजडीसँगै मजीरा बजाएर भक्तिभावमा झुम्ने गर्छन् ।

मजीरा आकारमा सानो भए तापनि संगीतको मुख्य ताल र लयलाइ नियन्त्रण गर्न यसको भूमिका प्रमुख हुन्छ । यसले ढोलक वा मृदङ्गको गतिलाइ एउटै लयमा बाँधिराख्न मद्दत गर्छ । अवधी महिलाहरूले विवाह, मुण्डन, र बच्चा जन्मिँदा गाउने 'सोहर' तथा 'मङ्गल गीत' हरूमा ढोलकसँगै मजीरा बजाएर वातावरणलाइ सङ्गीतमय बनाउँछन् । होली पर्वमा गाइने 'होरी' गीत र अवधी लोकनाचहरूमा यो सहायक वाद्ययन्त्रको रूपमा व्यापक बजाइन्छ ।

यो धातु पग्लिएर फर्मामा ढालेर बनाइने हुनाले निकै बलियो हुन्छ र वर्षौंसम्म बिग्रिँदैन । यसलाइ आपसमा कसरि ठोक्काउने (कसिलो वा खुकुलो गरी छुवाउने) भन्ने आधारमा यसबाट तिखो 'ट्याङ-ट्याङ' देखि लिएर लामो समयसम्म गुञ्जिरहने सुमधुर झङ्कार निकाल्न सकिन्छ । मजीरा बजाउनका लागि कुनै कठिन शास्त्रीय ताल सिकिरहनु पर्दैन । यो सिक्न र बजाउन निकै सजिलो, हलुका र सस्तो हुने भएकाले अवधी ग्रामीण समाजका आम सर्वसाधारण र महिलाहरूको यो सबैभन्दा प्रिय बाजा हो ।

६.१.१४. झाँझ

अवधी समाजमा झाँझ एक परम्परागत, कसिलो र निकै ठूलो झङ्कार निकाल्ने हातले ठोक्काएर बजाइने (घन) वाद्ययन्त्र हो । यो रूप र वनोटमा मजीरा (मजुरा) जस्तै भए तापनि आकारमा मजीरा भन्दा निकै ठूलो, चेप्टो र तश्तरी जस्तो आकारको हुन्छ । अवधी लोकसङ्गीत, भक्ति परम्परा र सामूहिक उत्सवहरूमा यसको आवाजले सङ्गीतलाइ बेग्लै उर्जा र तीव्रता दिन्छ ।

झाँझ विशेष गरी काँस, पित्तल वा तामा र कलइ (टीन) को बलियो मिश्रित धातु (मिश्र धातु) बाट बनेको हुन्छ । यसका दुइवटा गोलाकार चक्काहरू हुन्छन्, जसको बीचको भाग अलिकति खँदिलो वा

खाल्डो परेको हुन्छ र त्यहाँ समात्नका लागि डोरी बाँधिएको हुन्छ । आकार ठूलो हुने भएकाले यसलाइ आपसमा ठोक्काउँदा वा रगड्दा निकै तिखो, शक्तिशाली र टाढासम्म गुञ्जने झङ्कारयुक्त आवाज निस्कन्छ । अवधी गाउँघरमा हुने अखण्ड अष्टयाम, 'रामधुनी' र ठूला भजन मण्डलीहरूमा ढोलक वा मृदङ्गको तालसँगै झाँझ अनिवार्य बजाइन्छ । विशेष गरी शिवरात्रि, नवरात्र, कृष्ण जन्माष्टमी र रामनवमी जस्ता ठूला पर्वहरूमा मन्दिरमा गरिने महाआरतीमा झाँझको ध्वनिले वातावरणलाइ भक्तिमय र गुञ्जायमान बनाउँछ ।

अवधी समाजमा होली पर्वको अवसरमा गाइने जोसपूर्ण 'होरी' गीतहरूमा झाँझको भूमिका प्रमुख हुन्छ । ढोल र डफलाको भारी 'बेस' आवाजका बीच झाँझको तिखो तालले गीतमा अद्भुत उत्साह र उर्जा थप्छ । परम्परागत अवधी लोकनाटक तथा नृत्यहरूमा कलाकारहरूको जोश बढाउन र संगीतको मुख्य लयलाइ नियन्त्रणमा राख्न झाँझ सहायक बाजाका रूपमा प्रयोग हुन्छ ।

अवधी समाजमा मजीरा (मजुरा) आकारमा सानो, गहिरो कचौरा जस्तो र मन्द मधुर आवाज निकाल्ने हुन्छ, जसलाइ कोठाभित्र वा सानो समूहको भजनमा बजाइन्छ । अर्कोतर्फ, झाँझ आकारमा निकै ठूलो, चेप्टो प्लेट जस्तो र तीव्र आवाज निकाल्ने बाजा हो, जसलाइ खुल्ला चौर, ठूला जुलुस वा सामूहिक उत्सवहरूमा बढी बजाइन्छ ।

६.१.१५. हारमोनियम

अवधी समाजमा हारमोनियम (जसलाइ स्थानीय बोलीमा पेटी बाजा वा बाजा मात्र पनि भनिन्छ) गायन र सङ्गीत सङ्गतको लागि सबैभन्दा महत्त्वपूर्ण, आधुनिक र लोकप्रिय फुकेर बजाइने (सुषिर) वर्गको किबोर्ड वाद्ययन्त्र हो । यो मूल रूपमा पाश्चात्य (युरोपेली) वाद्ययन्त्र भए तापनि १९औँ शताब्दीको उत्तरार्धमा यसलाइ भारतीय उपमहाद्वीपको गायन शैली अनुकूल परिमार्जन गरिएपछि यो अवधी समाजको लोक तथा शास्त्रीय सङ्गीतको मेरुदण्ड बन्न पुग्यो ।

अवधी समाजमा ढोलक र मजीरासँगै हारमोनियमलाइ मुख्य गायकको सुर मिलाउन प्रयोग गरिन्छ । संस्कार गीतहरू बच्चा जन्मिँदा गाइने 'सोहर', विवाहका 'मङ्गल गीत' र उत्सवका गीतहरू गाउँदा महिला तथा लोक कलाकारहरूले हारमोनियमको स्वर पच्छ्याउँदै गाउने गर्छन । फागु पूर्णिमाको 'होरी' (फगुआ) र चैत महिनामा गाइने 'चैती' गीतहरूमा हारमोनियमको द्रुत गतिले उत्सवको रौनक र उर्जा बढाउँछ ।

गाउँघरमा हुने सत्यनारायणको कथा, अखण्ड अष्टयाम (रामधुनी) र सन्ध्या आरतीहरूमा हारमोनियमबिना गायन अधुरो मानिन्छ । अवधी क्षेत्रका कबीरपन्थी जोगीहरूले गाउने 'निर्गुण' पदहरू र सुफी दरगाहहरूमा गाइने कव्वालीहरूमा हारमोनियमले सङ्गीतलाइ गम्भीर र भावपूर्ण बनाउँछ । अवधी संस्कृतिको ऐतिहासिक केन्द्र लखनउ घरानामा विकास भएका 'ठुमरी', 'दादरा' र 'गजल' गायनमा तथा कथक नृत्यको पृष्ठभूमि गायनमा हारमोनियमको शास्त्रीय प्रयोग उच्च रूपमा गरिन्छ । अवधी क्षेत्रको पारम्परिक लोकनाटक 'नौटंकी' मा रंगमञ्चका पात्रहरूले संवाद र गीत प्रस्तुत गर्दा नग्गारा र हारमोनियमको धुनले उनीहरूको अभिनयलाइ दर्शकमाझ प्रभावशाली ढङ्गले पुऱ्याउँछ ।

हारमोनियमको पछाडि कपडा र काठबाट बनेको पङ्खा जस्तो 'धौंकनी' हुन्छ, जसलाइ बायाँ हातले चलाएर भित्र हावा भरिन्छ । दाहिने हातले कालो र सेतो रङका 'स्वर पटल'हरू थिचेर भित्र रहेका

धातुका पातला पत्तीहरूबाट सप्तक (मन्द्र, मध्य, तार) अनुसार 'सा-रे-गा-मा-पा-धा-नी' को मधुर स्वर निकालिन्छ ।

यो एउटा काठको बाकस जस्तो हुने, बोकेर जहाँ पनि लैजान मिल्ने र सिक्न सजिलो हुने भएकाले अवधी गाउँघरका आम मानिसहरूको यो प्रिय बाजा हो ।

६.१.१६. घण्टी

अवधी समाजमा घण्टी (जसलाइ स्थानीय स्तरमा घन्टी वा घण्टा पनि भनिन्छ) एक अत्यन्तै पवित्र, आध्यात्मिक र प्राचीन हातले हल्लाएर वा ठोक्काएर बजाइने (घन) वाद्ययन्त्र हो । यो धातु (विशेष गरी पित्तल, तामा वा काँस) बाट बनेको हुन्छ, जसको भित्रपट्टि एउटा सानो झुन्डिएको धातुको लोलक (दाँत वा कडी) हुन्छ । हातले हल्लाउँदा उक्त लोलक भित्री भित्तामा ठोकिएर निकै मधुर र तिखो ध्वनि उत्पन्न हुन्छ ।

अवधी समाजमा विहान-बेलुका गरिने दैनिक पूजा, सन्ध्या आरती र सत्यनारायणको कथा जस्ता धार्मिक अनुष्ठानहरूमा घण्टी बजाउनु अनिवार्य मानिन्छ । घण्टीको ध्वनिले घर र मन्दिरको वातावरणमा रहेका नकारात्मक शक्ति वा ऊर्जालाइ नष्ट गरी सकारात्मक ऊर्जा र एकाग्रता बढाउने जनविश्वास छ । पूजा सुरु गर्नुअघि देवतालाइ आमन्त्रण गर्न र मानिसको मनलाइ स्थिर बनाउन घण्टी बजाइन्छ ।

यस मध्ये हात घण्टी(गरुड घन्टी) आकारमा सानो र समात्ने ह्यान्डल भएको घण्टी हो । यसको माथिल्लो भागमा प्रायः गरुड वा हनुमानको आकृति बनाइएको हुन्छ । अवधी घर-घरका पूजा कोठाहरूमा यसको प्रयोग व्यापक हुन्छ । यसै किसिमले ठूलो घण्टा(महाघण्ट) मन्दिरहरूको प्रवेशद्वार वा भित्री भागमा झुन्ड्याइएको ठूलो आकारको घण्टा हो । मन्दिर प्रवेश गर्दा दर्शनार्थीहरूले यसलाइ हातले हिर्काएर बजाउँछन्, जसको गुञ्जन निकै टाढासम्म सुनिन्छ ।

अवधी ग्रामीण भेगमा गाइ, भैँसी र विशेष गरी बाख्रा एवं गोरुको घाटीमा साना-साना घण्टीहरू (घन्टी वा घुँघरू) बाँध्ने चलन छ । यसले गर्दा पशुहरू चरनमा जाँदा तिनीहरूको अवस्थिति थाहा पाउन गोठालाहरूलाइ सजिलो हुन्छ । गाउँघरमा महिला तथा पुरुषहरू मिलेर गाउने परम्परागत भजनहरूमा ढोलक र मजीरासँगै हात घण्टीको पनि मधुर सङ्गत सुन्न पाइन्छ ।

अवधी समाजका पाका पुस्ताहरूका अनुसार घण्टी बजाउँदा निस्कने ध्वनि तरङ्गले वायुमण्डलमा रहेका सूक्ष्म हानिकारक जीवाणु र भाइरसहरूलाइ नष्ट गर्न मद्दत गर्छ, जसले गर्दा वरपरको वातावरण स्वच्छ रहन्छ ।

६.१.१७. वीन

अवधी समाज र लोकसंस्कृतिमा वीन (जसलाइ शास्त्रीय रूपमा पुङ्गी र स्थानीय स्तरमा महुअरी वा सपेरा बाजा पनि भनिन्छ) एक अत्यन्तै विशिष्ट र रैथाने फुकेर बजाइने (सुषिर) वाद्ययन्त्र हो । यो मुख्य रूपमा घुमन्ते जाति, सपेरा (कालबेलिया/नाथ सम्प्रदाय) र जोगीहरूले सर्प समात्ने वा सर्पको प्रदर्शन (करतब) देखाउने क्रममा बजाउने गर्दछन् ।

अवधी समुदायमा नाग पञ्चमीको अवसरमा घरमा सपेरालाइ बोलाएर वीन बजाउन लगाउने र नाग देवताको पूजा गर्ने विशेष धार्मिक मान्यता रहेको छ । यस बाजालाइ बजाउँदा गायकले नाक र मुखबाट एकैपटक श्वास फेर्ने विशेष कला (सर्कुलर ब्रीदिङ) को प्रयोग गर्छन् । यसले गर्दा वीनको धुन कतै पनि नटुटी निरन्तर बजिरहन्छ र सुन्ने मानिसलाइ मन्त्रमुग्ध पार्छ ।

अवधी गाउँघरमा पुराना दिनहरूमा सपेराहरू आउँदा वीन बजाउने गर्थे । वीनको विशिष्ट 'ऊँ-ऊँ' गर्ने निरन्तर सुमधुर र गम्भीर आवाज र यसको हल्लाइका कारण टोकरीबाट निस्केको नाग (कोब्रा) ले आफ्नो फण फिँजाएर गति पच्छ्याउने गर्छ । सपेराहरूले गाउँका चौतारा र घर-घरमा वीन बजाएर नागको दर्शन गराउने र त्यसबापत अन्न, कपडा वा केही पैसा दान लिने परम्परा अवधी समाजको एक ऐतिहासिक अङ्ग हो ।

वीनको बीचको फुकेको भाग सुख्खा पारिएको तितो लौकाको कडा खबटाबाट बनाइन्छ, जसले हावा जम्मा गर्ने चेम्बरको काम गर्छ । लौकाको तल्लो भागमा दुइवटा बाँस वा नर्कटको साना नलीहरू जोडिएका हुन्छन् । एउटा नलीले निरन्तर एकैनासको 'बेस' ध्वनि (ड्रोन) दिन्छ भने अर्को नलीमा प्वालहरू पारिएका हुन्छन्, जसमा औंला चलाएर मुख्य धुन निकालिन्छ ।

वन्यजन्तु संरक्षण ऐनको कडा कार्यान्वयन (जसले गर्दा सर्पलाइ बन्दी बनाउन पाइँदैन) र आधुनिक सञ्चार माध्यमका कारण अवधी समाजको यो मौलिक 'वीन' बाजा र सपेरा संस्कृति अचेल पूर्ण रूपमा लोप हुने अवस्थामा पुगेको छ । अचेल यो केवल सांस्कृतिक मेला, लोकनाटक (नौटंकी) वा सङ्ग्रहालयहरूमा मात्र सीमित हुन थालेको छ ।

६.१.१८. सारङ्गी

अवधी समाजमा सारङ्गी एक अत्यन्तै भावपूर्ण, ऐतिहासिक र मानिसको स्वरसँग मिल्दोजुल्दो ध्वनि निकाल्ने तार भएको (तत) वाद्ययन्त्र हो । यो नेपालको तराइ क्षेत्र (कपिलवस्तु, रूपन्देही, नवलपरासी आदि) र भारतको अवध क्षेत्रको लोकजीवन, सुफी परम्परा तथा शास्त्रीय सङ्गीतसँग गहिरो गरी जोडिएको छ ।

अवधी समाजमा विरह (विछोड), दुःख, र ऐतिहासिक वीर पुरूषहरूको गाथा गाउँदा सारङ्गीको प्रयोग मुख्य रूपमा गरिन्छ । यसको कारुणिक धुनले लोकगीतको भावलाइ जीवन्त बनाउँछ । अवधी क्षेत्रका कतिपय दरगाह तथा मन्दिरहरूमा सुफी सन्तहरूका कला, कवीरका निर्गुण पद र भजनहरू गाउँदा सारङ्गीको सङ्गत गर्ने परम्परा छ ।

अवधी गाउँघरमा विशेष गरी नाथ सम्प्रदायका जोगी वा घुमन्ते गायकहरूले घर-घरमा पुगेर सारङ्गी बजाउँदै उपदेशमूलक र आध्यात्मिक गीतहरू गाउने गर्छन् । उनीहरूले गीतकै माध्यमबाट समाजमा नैतिक सन्देश फैलाउने र बदलामा अन्न वा दान लिने गर्छन् । संगीत विशेषज्ञहरूका अनुसार सारङ्गीको ध्वनि मानिसको स्वरसँग सबैभन्दा बढी मेल खान्छ । यसले मानिसले गाए जस्तै उतारचढाव र गमकहरू दुरुस्तै निकाल्न सक्छ ।

लोक रूपमा मात्र नभइ, अवधी क्षेत्रको ऐतिहासिक सांस्कृतिक केन्द्र 'लखनउ घराना' मा सारङ्गीलाइ एक उच्च शास्त्रीय वाद्ययन्त्रको रूपमा विकसित गरियो । दरबारहरूमा गजल, ठुमरी र कथक नृत्यको

गायन विधालाइ साथ दिन सारङ्गी वादकहरू अनिवार्य मानिन्थे । यो सामान्यतया काठको एउटै टुक्रालाइ खोक्रो बनाएर तयार पारिन्छ । यसको तल्लो भागमा बाखा वा गोहोरोको छाला मोढिएको हुन्छ । यसलाइ ठाडो पारेर काखमा वा भुइँमा राखी दाहिने हातले धनु चलाएर र बायाँ हातका औंलाका नङ वा छालाले तारलाइ हल्का घर्षण गराएर बजाइन्छ ।

आधुनिक इलेक्ट्रोनिक बाजा र प्रविधिको विकासका कारण अवधी समाजको यो मौलिक सारङ्गी संस्कृति अचेल सङ्कटमा परेको छ । नयाँ पुस्ताले परम्परागत पेसा अङ्गाल्न छोडेकाले यो बाजा ग्रामीण भेगका केही पुराना पुस्तामा मात्र सीमित हुन पुगेको छ ।

६.१.१९. सहनाइ

अवधी समाजमा सहनाइ (स्थानीय लवजमा सनइ वा सहनाइ) एक अत्यन्तै आदरणीय, सुमधुर र मङ्गलमय ध्वनि निकाल्ने फुकेर बजाइने (सुषिर) वाद्ययन्त्र हो । यो नेपालको तराइ क्षेत्र (विशेष गरी रूपन्देही, कपिलवस्तु र नवलपरासी लगायतका अवधी भाषी क्षेत्र) र भारतको अवध क्षेत्रको सांस्कृतिक जीवनको अभिन्न अङ्ग हो । यसलाइ अवधी समाजमा 'मङ्गल वाद्य'को रूपमा उच्च स्थान दिइएको छ ।

अवधी समाजमा सहनाइ बिना कुनै पनि विवाहको परिकल्पना गर्न सकिँदैन । बरयाती (वराँती/जन्ती) को आगमन, जयमाला, र सिन्दूरदान जस्ता मुख्य विवाह संस्कारहरू सहनाइको मङ्गल धुनकै बीच सम्पन्न हुन्छन । विवाहको सुखद क्षणबाहेक, दुलही घरबाट विदा भएर जाने समयमा शहनाइले निकाल्ने 'भैरवी' वा विरहको धुनले सम्पूर्ण वातावरणलाइ भावुक र कारुणिक बनाउँछ ।

अवधको ऐतिहासिक केन्द्र (लखनउ र फैजाबाद)का नवाबहरूको दरबारमा बजाइने पारम्परिक 'नौबत' सङ्गीत टोलीमा सहनाइ मुख्य बाजा हुन्थ्यो । अवधी क्षेत्रका ठूला मन्दिर र शक्तिपीठहरूमा बिहानको आरधना र देवी-देवताको उत्सवमा वातावरण शुद्ध र पवित्र बनाउन शहनाइ बजाइने परम्परा आज पनि जीवित छ ।

शहनाइको मुख्य भाग बहुमूल्य काठ (विशेष गरी सिसौ वा आबनूस) बाट बनेको हुन्छ, जसको तल्लो भाग फराकिलो धातुको 'बेल'सँग जोडिएको हुन्छ । यसको माथिल्लो फुक्ने भागमा ताड वा नर्कटको पातबाट बनेको एउटा सानो नल जोडिएको हुन्छ, जसलाइ ओठले च्यापेर फुकिन्छ । यसको काठको नलीमा ७ वा ८ वटा प्वालहरू हुन्छन्, जसमा औंलाहरू द्रुत गतिमा चलाएर राग-रागिनी र लोक धुनहरू निकालिन्छ । यो अक्सर जोडीमा बजाइन्छ–एउटाले मुख्य धुन बजाउँदा अर्को शहनाइले निरन्तर एकैनासको सुर दिने काम गर्छ ।

ऐतिहासिक रूपमा अवधी समाजको शान मानिने शहनाइ बजाउने जीवित कलाकारहरूको सङ्ख्या अचेल घट्दै गएको छ । आधुनिक उत्सवहरूमा ब्रास ब्यान्ड, इलेक्ट्रोनिक सिन्थेसाइजर र डिजेको बढ्दो प्रयोगका कारण शहनाइको जीवन्त वादन बिस्तारै रेकर्डेड सङ्गीतमा सीमित हुन थालेको छ ।

६.१.२०. सितार

अवधी समाजमा सितार एक अत्यन्तै परिष्कृत, लोकप्रिय र ऐतिहासिक महत्त्व बोकेको तार भएको (तत) वाद्ययन्त्र हो । यो नेपालको तराइ क्षेत्र र भारतको अवध क्षेत्रको शास्त्रीय सङ्गीत, राजदरबारी कला र सांस्कृतिक धरोहरको एक मुख्य स्तम्भ हो ।

अवधी क्षेत्रको केन्द्र लखनउका नवाबहरू (जस्तैः नवाब वाजिद अली शाह) को कालमा सितारले राजदरबारमा ठूलो सम्मान र संरक्षण पायो । सितार वादनको क्षेत्रमा प्रसिद्ध 'लखनउ-शाहजहाँपुर घराना' को विकास यही अवधी माटोमा भएको हो । यस घरानेदार शैलीले सितारलाइ लोक स्तरबाट उठाएर उच्च शास्त्रीय रूप दियो ।

सितारको तल्लो मुख्य भाग सुख्खा पारिएको ठूलो कद्दू (लौका/तूंबा) बाट बनाइन्छ । यसको लामो डन्डी भित्रबाट खोक्रो काठ (सिसौ वा सागवान) बाट बन्दछ । यसमा मुख्य रूपमा ७ वटा बजाउने तारहरू हुन्छन् । यसको मुनि ११ देखि १९ वटासम्म सहायक वा गुञ्जायमान हुने तारहरू (तरफका तार) हुन्छन्, जसले गर्दा यसबाट निस्कने ध्वनि निकै लामो समयसम्म गुञ्जिरहन्छ । यसलाइ दाहिने हातको चोर औंलामा फलामको एउटा सानो तारको औंठी जस्तो 'मिजराब' लगाएर तारहरूलाइ रेटेर वा झट्का दिएर बजाइन्छ ।

अवध क्षेत्रमा उत्पत्ति भएका सङ्गीतका प्रसिद्ध विधाहरू जस्तै 'ठुमरी', 'दादरा' र 'गजल' गायनमा सितारको सुमधुर सङ्गत अनिवार्य जस्तै मानिन्छ । परम्परागत रूपमा यो शास्त्रीय बाजा भए तापनि आजभोलि अवधी समाजका मञ्चीय प्रस्तुतिहरू, सांस्कृतिक मेलाहरू र आधुनिक भजन-कीर्तनहरूमा पनि सङ्गीतलाइ थप सुरिलो बनाउन सितारको प्रयोग गरिन्छ ।

सितारको ध्वनिमा एउटा छुट्टै गहिराइ र मिठास हुन्छ, जसले सुन्ने श्रोतालाइ शान्ति र एकाग्रता प्रदान गर्छ । यसले मानव स्वरका मसिना उतारचढावहरूलाइ पनि तारको माध्यमबाट दुरुस्तै उतार्न सक्छ ।

६.१.२१. नरसिंहा

अवधी समाज र व्यापक नेपाली लोकसंस्कृतिमा नरसिङ्गा (वा नरसिंहा) एक अत्यन्तै प्राचीन, ऐतिहासिक र गम्भीर ध्वनि निकाल्ने फुकेर बजाइने (सुषिर) वाद्ययन्त्र हो । तामाको पातावाट अर्धचन्द्राकार (वा अंग्रेजी अक्षर 'S' वा 'C' आकार) मा बनाइने यो बाजा सौर्य, विजय, र मङ्गलमय उत्सवको प्रतीक मानिन्छ । नेपालको तराइ तथा पहाडी भेग र भारतको उत्तरवर्ती सांस्कृतिक क्षेत्रहरूमा यसलाइ ठूला सामाजिक तथा धार्मिक समारोहहरू घोषणा गर्न प्रयोग गरिन्छ ।

यो बाजा दुइ वा तीनवटा तामाका पातला र खोक्रा नलीहरूलाइ आपसमा जोडेर 'C' वा 'S' आकारमा तयार पारिन्छ । यसलाइ भाँचेर बोक्न र जोडेर बजाउन सकिन्छ । यसको फुक्ने मुख सानो र आवाज निस्कने खण्ड (धतुरो) निकै फराकिलो हुन्छ । यसबाट निस्कने 'भों-भों' गर्ने भीषण र तिखो आवाज धेरै किलोमिटर टाढासम्म सुन्न सकिन्छ । अवधी समाजमा विवाहका बेला दुलहाको गाडी वा बरात गाउँको सिमानामा आइपुग्दा यसको भव्य धुन बजाएर गाउँलेहरूलाइ जन्ती आएको सङ्केत (घोषणा) गरिन्छ । जन्ती र जगेडाको आगमनमा सहनाइ र ढोलकसँगै नरसिङ्गा बजाउँदा समारोहको भव्यता र आयोजकको सामाजिक प्रतिष्ठा झल्कने जनविश्वास छ ।

अवधी क्षेत्रका ठूला मन्दिरहरू, भगवान शिवका उत्सवहरू र नवरात्रिको समयमा देवीका डोलाहरू निकाल्दा नरसिङ्गा बजाएर धार्मिक च्यालीको नेतृत्व गरिन्छ । शंख जस्तै नरसिङ्गाको गर्जनले पनि वरपरको वातावरणबाट नकारात्मक ऊर्जा र दुष्ट शक्तिहरूलाइ भगाउने जनविश्वास अवधी समाजमा रहेको छ ।

प्राचीन कालमा यस बाजाको नाम 'रणसिङ्गा' (रण अर्थात् युद्धको सिंह) थियो । युद्ध मैदानमा सेनाहरूलाइ सतर्क गराउन वा विजयको बिगुल फुक्न यसको प्रयोग हुन्थ्यो, जुन पछि आएर सांस्कृतिक उत्सवको हिस्सा बन्यो ।

यो बाजा बजाउनका लागि निकै बलियो श्वासप्रश्वास क्षमता र विशेष कौशलको आवश्यकता पर्ने हुँदा नयाँ पुस्तामा यो सीप कमै मात्रामा हस्तान्तरण भइरहेको छ । आधुनिक ब्रास ब्यान्ड र डिजे सङ्गीतका कारण अवधी समाजको यो प्राचीन र गौरवशाली रैथाने बाजा अचेल केवल ठूला विवाह र विशेष धार्मिक जात्राहरूमा मात्र सीमित हुँदै गएको छ ।

६.१.२२. तुरुही

अवधी समाजमा तुरुही (जसलाइ तुरही वा तुरुही बाजा पनि भनिन्छ) एक अत्यन्तै प्राचीन, पारम्परिक र चर्को ध्वनि निकाल्ने फुकेर बजाइने (सुषिर) वाद्ययन्त्र हो । यो मूल रूपमा तामा वा पित्तल जस्ता धातुबाट बनाइने बिगुल वा ट्रम्पेट वर्गको रैथाने बाजा हो । नेपालको तराइ (कपिलवस्तु, रूपन्देही, नवलपरासी लगायतका अवधी क्षेत्र) र भारतको अवध क्षेत्रको लोकजीवनमा यसलाइ सामरिक शौर्य, मङ्गलमय उत्सव र सार्वजनिक घोषणाको संवाहक मानिन्छ ।

तुरुही सामान्यतया तीन देखि चार हात लामो, धातुको टेढो वा अर्धचन्द्राकार (यू-आकार वा सर्पाकार) नलीबाट बनेको हुन्छ । यो मुखको तर्फ निकै पातलो र हावा निस्कने अन्तिम भाग (धतुरो) तर्फ निकै फराकिलो हुन्छ । शहनाइ वा बाँसुरी जस्तो तुरुहीमा स्वर परिवर्तन गर्नका लागि कुनै प्वालहरू (छिद्र) हुँदैनन् । वादकले आफ्नो ओठको दबाब र श्वासको गतिको आधारमा मात्र यसबाट निकै तिखो, उच्च र गम्भीर स्वरहरू उत्पन्न गर्छन् ।

अवधी ग्रामीण समाजमा विवाहका अवसरमा दुलहा र बरात (जन्ती) को आगमन हुँदा तुरुही फुकेर उत्सवको सुरुवात गरिन्छ । जगेडा वा मण्डपमा ढोलक, नगरा र शहनाइ बजिरहँदा बीच-बीचमा तुरुहीको कडा धुन गुञ्जाइन्छ, जसले सांस्कृतिक समारोहलाइ थप भव्य र प्रतिष्ठित बनाउँछ ।

प्राचीन तथा मध्यकालमा अवध क्षेत्रका राजामहाराजाहरूको सेनामा तुरुही अनिवार्य बाजा हुन्थ्यो । युद्ध सुरु हुनुअघि सैनिकहरूलाइ सतर्क गराउन, युद्धको अन्त्य घोषणा गर्न वा विजय उत्सव मनाउन नगाडा र तुरुही एकैसाथ बजाइन्थ्यो । पुराना दिनहरूमा गाउँमा कुनै विशेष शाही ओहोदाको आगमन हुँदा वा महत्त्वपूर्ण सार्वजनिक घोषणा गर्नुअघि मानिसहरूको ध्यानाकर्षण गर्न तुरुही बजाइने गरिन्थ्यो ।

आधुनिक युगमा सञ्चारका साधनहरूको विकास, ब्रास ब्यान्ड, र विशेष गरी विवाह एवं उत्सवहरूमा डिजिटल डीजेको बढ्दो कोलाहलका कारण अवधी समाजको यो परम्परागत तुरुही बाजा लोप हुने सङ्कटमा पुगेको छ । अचेल यो बाजा ग्रामीण भेगका केही विशेष रैथाने उत्सवहरू, ऐतिहासिक लोकनाटक (नौटंकी) को पृष्ठभूमि संगीत, र परम्परागत सांस्कृतिक च्यालीहरूमा मात्र सीमित हुँदै गएको देखिन्छ ।

६.१.२३. पिपिहिरी

अवधी समाजमा पिपिहिरी (जसलाइ स्थानीय स्तरमा पिपही, पिपिरी वा पिपही बाजा पनि भनिन्छ) एक अत्यन्तै रैथाने, सरल र विना-प्वालको फुकेर बजाइने (सुषिर) श्रेणीको परम्परागत वाद्ययन्त्र हो । यो विशेष गरी अवधी ग्रामीण भेगका गोठालाहरू (चरवाहा), बुढापाका र बालबालिकाहरूले वन-जङ्गल तथा खेतबारीमा मनोरञ्जनका लागि बजाउने गर्दछन् । शहनाइ वा बाँसुरी जस्तो यसको कुनै ठूलो व्यावसायिक वा शास्त्रीय रूप नभए पनि अवधी रैथाने जीवनशैलीमा यसको आफ्नै मौलिक महत्त्व छ ।

पिपिहिरी पूर्ण रूपमा प्रकृतिमा पाइने सामाग्रीबाट बनाइन्छ । यो विशेष गरी मकैको डाँठको भित्री रेशा, पातलो बाँस, नर्कट वा कतिपय रुखका पातहरूलाइ दोबारेर र बेरेर बनाइने गरिन्छ । यसको अग्रभागमा एउका सानो पातलो 'रीड' (जिवाला) जस्तो सामाग्री राखिन्छ, जसमा मुखले हावा फुक्दा कम्पन उत्पन्न भइ तिखो र सुरिलो ध्वनि निस्कन्छ ।

पुराना दिनहरूमा अवधी गाउँघरमा गाइभैँसी चराउन जङ्गल, चौर वा नदी किनारमा जाने गोठालाहरूले समय बिताउन र आनन्द लिन तुरुन्तै पात वा नर्कटबाट पिपिहिरी बनाएर बजाउने गर्थे । गोठालाहरूले विशेष किसिमको पिपिहिरी धुन बजाएर आफ्ना गाइवस्तुहरूलाइ एक ठाउँमा जम्मा हुन वा घर फर्कने समय भएको सङ्केत दिने गर्थे ।

पिपिहिरी आकारमा सानो हुने भएकाले यसबाट निकै तिखो र चहकिलो 'पिरी-पिरी' वा 'पीं-पीं' गर्ने आवाज निस्कन्छ । यसमा औंलाहरू चलाउनका लागि बाँसुरी जस्तो प्वालहरू हुँदैनन् । त्यसैले वादकले आफ्नो ओठको दबाब र श्वासको गतिलाइ थपघट गरेर नै फरक-फरक सुर र लोक धुनहरू निकाल्छन् । अवधी क्षेत्रमा लाग्ने स्थानीय ग्रामीण मेला, दसैँ, तिहार तथा छठ पर्वका समयमा बजारमा प्लास्टिक वा बाँसबाट बनेका साना पिपिहिरीहरू (खेलौना बाजाका रूपमा) व्यापक बिक्री हुने गर्छन्, जसलाइ केटाकेटीहरूले निकै चासोका साथ बजाउँछन् ।

आधुनिक मनोरञ्जनका साधन, मोबाइल फोन र बजारमा पाइने आधुनिक खेलौनाहरूका कारण अवधी समाजको यो रैथाने र पर्यावरण-अनुकूल 'पिपिहिरी' संस्कृति अचेल बिस्तारै हराउँदै गएको छ । वन-जङ्गलमा बसेर पात वा बाँसको टुक्राबाट क्षणभरमै बाजा तयार पार्ने पुराना पुस्ताको यो मौलिक सीप नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा यो लोपोन्मुख अवस्थामा पुगेको छ ।

६.१.२४. झाँझ (भ्याली)

अवधी समाजमा भ्याली (जसलाइ नेपाली लोकसङ्गीतमा भ्याली वा भ्याम्टा र अवधी/उत्तर भारतीय लवजमा झाँझ वा झाँझ-मँजीरा को विकसित रूप भनिन्छ) हातले आपसमा ठोक्काएर वा रगडेर बजाइने एक प्रमुख घन वाद्ययन्त्र हो । यो काँस, पित्तल वा तामा जस्ता मिश्रित धातुहरूलाइ पगालेर बनाइएका दुइवटा गोलाकार थाली वा तश्तरीको जोडी हो । नेपालको तराइ क्षेत्र (कपिलवस्तु, रूपन्देही, नवलपरासी आदि) र भारतको अवध क्षेत्रमा बजाइने यो बाजा सङ्गीतमा तीव्र झङ्कार पैदा गर्न र मुख्य तललाइ नियन्त्रणमा राख्न प्रयोग गरिन्छ ।

भ्यालीका दुवै चक्काहरू चेप्टा र किनाराहरू अलिकति पातला हुन्छन् । यसको बीचको भाग अलिकति उठेको वा खाल्डो परेको हुन्छ, जहाँ समात्नका लागि बलियो सुतीको डोरी वा कपडाको पट्टा बाँधिएको हुन्छ । यसलाइ साधारण रूपमा ताली पड्काए जस्तो मात्र नबजाएर, एउटा हात माथि र अर्को हात तल गराउँदै आपसमा छड्के पारेर रगड्ने र ठोक्काउने गरिन्छ । यसरी बजाउँदा यसबाट निकै लामो समयसम्म गुञ्जिरहने तिखो र चहकिलो झङ्कार निस्कन्छ ।

अवधी समाजका मन्दिरहरूमा हुने बिहान-बेलुकाको आरती, नवरात्रिको दुर्गा पूजा र कृष्ण जन्माष्टमी जस्ता ठूला उत्सवहरूमा ढोलक वा मृदङ्गको तालसँगै भ्याली तीव्र गतिमा बजाइन्छ । गाउँघरमा हुने चौबिस घण्टे वा बहुदिवसीय अखण्ड कीर्तनहरूमा गायक र अन्य बाजागाजाको उत्साह बढाउन भ्यालीको ध्वनिले ऊर्जा भर्ने काम गर्छ ।

अवधी समुदायको सबैभन्दा ठूलो लोक उत्सव होली हो । वसन्त पञ्चमीदेखि होलीको दिनसम्म गाइने 'होरी' गीतहरूमा डफला र ढोलकको भारी 'बेस' आवाजलाइ सन्तुलनमा ल्याउन भ्यालीको तिखो आवाज अनिवार्य मानिन्छ । अवधी क्षेत्रको प्रसिद्ध लोकनाटक 'नौटंकी' र यादव समुदायको 'फरुआही (अहिरौवा) नाच' मा संगीतको मुख्य गतिलाइ थामिराख्न भ्यालीले मेरुदण्डको काम गर्छ ।

६.१.२५. हुड़का

अवधी समाज र व्यापक नेपाल-भारतको लोकसङ्गीत परम्परामा हुड़का (जसलाइ हुडक, हुडुकी वा हुडुक पनि भनिन्छ) हातले च्यापेर र ठटाएर बजाइने एक अत्यन्तै प्राचीन एवं ऐतिहासिक अवनद्ध (मेम्ब्रेनोफोन) वाद्ययन्त्र हो । यो रूप र वनोटमा भगवान शिवको डमरू जस्तै देखिए तापनि यसको आकार डमरू भन्दा निकै ठूलो हुन्छ र यसलाइ बजाउने तथा स्वर नियन्त्रण गर्ने शैली बिल्कुलै फरक र अद्वितीय हुन्छ । मूल रूपमा यो बाजा हिमाली क्षेत्र (विशेष गरी नेपालको सुदूरपश्चिम र भारतको उत्तराखण्ड) को मुख्य पहिचान भए तापनि अवधी संस्कृति, सुफी गायन, र रैथाने लोकगाथाहरू गाउने घुमन्ते समुदायका माध्यमबाट यो अवधी समाजको लोकजीवनमा पनि भित्रिएको पाइन्छ ।

यो सामान्यतया आँप, बयर वा सिसौको काठलाइ भित्रबाट खोक्रो बनाएर बीचमा पातलो र दुवै छेउ फराकिलो पारिएको हुन्छ । यसको दुवै मुखमा बाखाको पातलो छाला मढिएको हुन्छ । हुड़काको बीचको पातलो भागमा एउटा कपडा वा सुतीको लामो पट्टी (डोरी) बाँधिएको हुन्छ, जसलाइ वादकले आफ्नो बायाँ काँधमा झुन्ड्याउँछन् । यस बाजामा डमरूमा जस्तो झुन्डिएका दानाहरू हुँदैनन् । वादकले बायाँ हातले कम्मर वा काँधको डोरीलाइ जोडले थिचेर वा खुकुलो पारेर बाजाको छालाको तनाव परिवर्तन गर्छन्, जसले गर्दा यसको स्वर गम्भीरबाट निकै तिखो बन्न पुग्छ । दाहिने हातका औंला र हत्केलाले भने अर्को मुखमा थाप दिएर ताल निकालिन्छ ।

अवधी समाजका कतिपय घुमन्ते जाति र 'हुड़किया' भनिने लोक गायकहरूले गाउँघरमा पुगेर ऐतिहासिक वीर पुरूषहरूको गाथा, लोककथा र युद्धका प्रसङ्गहरू सुनाउँदा हुड़का बजाउने गर्छन् । यसको गम्भीर ध्वनिले कथावाचनलाइ निकै रोचक र जोसपूर्ण बनाउँछ । अवधी क्षेत्रका कतिपय सीमावर्ती ग्रामीण भेगमा वर्षायाममा धान रोपाइँ (रोपनी) गर्दा किसानहरूको थकाइ मेटाउन र उत्साह भर्न हुड़काको तालमा लोकगीतहरू गाउने परम्परा रहेको छ ।

अवधी समाजमा धार्मिक रूपमा यसलाइ भगवान शिवको डमरूकै एउटा विकसित र ठूलो रूप मानिने हुनाले यसलाइ पवित्र बाजाको रूपमा हेरिन्छ । भजन-कीर्तन र विशेष शिव आराधनाका समयमा कतिपय योगी र साधुहरूले यसको प्रयोग गर्छन् ।

आधुनिक युगमा ढोलक, तबला, र डिजिटल ड्रम प्याडहरूको व्यापक प्रयोगका कारण अवधी समाजको लोक गायनमा हुड़काको प्रयोग बिस्तारै लोप हुँदै गएको छ । यो सीप निकै कठिन र विशिष्ट हुने भएकाले अचेल यो बाजा केवल पुराना पुस्ताका रैथाने कलाकारहरू र सङ्ग्हालयहरूमा मात्र सीमित हुन थालेको छ ।

६.१.२६. गिटार

अवधी समाज र यसको परम्परागत लोकसङ्गीतको इतिहासमा गिटार कुनै रैथाने वा रैथाने मौलिक वाद्ययन्त्र होइन । डफला, ढोलक, र शहनाइ जस्ता बाजाहरू अवधी संस्कृतिको जग हुन् । गिटार मूल रूपमा एक पाश्चात्य तार भएको वाद्ययन्त्र हो । तर, आधुनिक युगको सङ्गीतिक रूपान्तरणसँगै यो अवधी समाज र सङ्गीतमा पनि बिस्तारै भित्रिएको छ ।

आजभोलिका युवा अवधी सङ्गीतकारहरूले परम्परागत अवधी लोकगीतहरू (जस्तैः होरी, सोहर, र बिरहा) लाइ आधुनिक स्वरूप दिन गिटारको प्रयोग गर्न थालेका छन् । ढोलक र मजीराको परम्परागत तालसँगै गिटारको कर्ड र प्रहार मिलाएर अवधी गीतहरूलाइ थप सुमधुर बनाइन्छ ।

अवधी संस्कृति र हिन्दुस्तानी शास्त्रीय सङ्गीतको केन्द्र लखनउ घराना हो । यस क्षेत्रमा गिटारलाइ भुइँमा तेर्सो पारेर रड वा स्टिलको टुक्राले घिसारेर बजाउने हवाइयन स्लाइड गिटार वा भारतीय शास्त्रीय गिटारको रूपमा अपनाइएको छ । यसरी परिमार्जन गरिएको गिटारबाट अवध क्षेत्रमा रुचाइने रागहरू र गजलहरू शास्त्रीय रूपमा प्रस्तुत गरिन्छ ।

सामान्य गिटारमा ६ वटा तारहरू हुन्छन् । औंला वा प्लेक्टमको सहायताले तारहरूलाइ कम्पन गराएर यसबाट ध्वनि निकालिन्छ । अवधी भजन र लोक कार्यक्रमहरूमा हलुका र सुमधुर आवाजका लागि एकास्टिक गिटार र ठूला मञ्चीय प्रस्तुतिहरूमा इलेक्ट्रिक गिटारको प्रयोग बढी हुन्छ ।

अवधी समाजका ग्रामीण भेगका परम्परागत चाडपर्व र पूजाआजाहरूमा गिटारको प्रयोग अझै पनि हुँदैन । तर, सहरिया क्षेत्रका सांस्कृतिक कार्यक्रम, रेकर्डिङ स्टुडियो, र युट्युब एवं सामाजिक सञ्जालका लागि बनाइने आधुनिक अवधी पप वा लोकगीतहरूमा गिटार एउटा अनिवार्य बाजा जस्तै बनिसकेको छ ।

सुचीका हारमोनियम र गिटार पछि सामिल हुन आएका हुन । अन्य बाजाहरू परम्परा र प्राचीनता बोकेका बाजाहरू हुन । इस्लाम धर्मावलम्बी जनसमुदायका धेरै चाड़पर्व र उत्सवहरू हुँदैनन । मोहम्मद हजरतको मृत्यु शोकको अवसरमा प्रतीकको रुपमा बजाइएको तहजिया सेलाउने स्थल करवला सम्म पुग्दा तासा र ठुलो ढोलको तालमा शोक गीत गाउँदै जुलुस जान्छ । यिनै यस समुदायका प्रमुख बाजाहरू हुन ।

अध्याय-७

अवधी समाजमा पाइने अस्त्रशस्त्र

७.१. परिचय

यस क्षेत्रमा आत्मरक्षा गर्नको लागि उपलब्ध रहेको अस्त्रशस्त्रमा लाठी, भाला, बरछी, फरसा, तलवार, ढाल, किरच, बन्दुक आदि देखिन्छन । अवधी समाजमा परम्परागत अस्त्रशस्त्रहरूको प्रयोग आत्मरक्षा, वीरता प्रदर्शन र विशेषगरी 'बिरहा' वा लोकगाथाहरूको गायनका क्रममा गरिन्छ । अवधी संस्कृति र इतिहाससँग जोडिएका प्रमुख अस्त्रशस्त्रहरूको परिचय यस प्रकार छ :

७.१.१. लाठी

अवधी समाजको सबैभन्दा सामान्य र अनिवार्य औजार हो । यो बाँस वा कडा काठबाट बनाइन्छ । गाउँघरमा आत्मरक्षा, पशु चौपाया धपाउन र सामाजिक प्रतिष्ठाको प्रतीकको रूपमा यसलाइ लिइन्छ । अवधी समाजमा लाठी केवल एउटा लौरो मात्र नभएर यो इतिहास, समर्थ्य र धार्मिक आस्थाको एक अभिन्न हिस्सा हो ।



प्राचीन समयमा लाठीलाइ गोठालाहरूले पशु चौपाया धपाउन र पदयात्रीहरूले हिँड्न सजिलो पार्न प्रयोग गर्थे । समयक्रममा यो आत्मरक्षाको प्रमुख अस्त्रका रूपमा विकसित भयो । भारत र नेपालका तराइ क्षेत्रमा 'लाठी खेल' नामक परम्परागत युद्धकलाको विकास भयो, जहाँ लाठीलाइ तलवार जत्तिकै चलाखीपूर्ण ढङ्गले प्रहार र रक्षाका लागि प्रयोग गरिन्छ ।

मध्यकालमा यो शक्ति र अधिकारको प्रतीक मानिन्थ्यो । ब्रिटिश शासनकालमा पनि भारतीय प्रहरीले यसलाइ भीड नियन्त्रण गर्ने औजारको रूपमा अपनाए, जुन आजसम्म पनि प्रचलित छ । भारतीय स्वतन्त्रता संग्राम बालगंगाधर तिलकले युवाहरूमा साहस भर्न 'लाठी क्लब' स्थापना गरेका थिए । महात्मा गान्धीको हातमा रहने लाठी भने अहिंसा र आत्मनिर्भरताको विश्वव्यापी प्रतीक बन्यो ।

हिन्दु धर्मशास्त्रहरूमा लाठी (दण्ड) लाइ ब्रह्मचर्य र आध्यात्मिक अधिकारको प्रतीक मानिन्छ । ब्रह्मचारी विद्यार्थी र सन्यासीहरूले बोक्ने 'दण्ड' ले अनुशासन र दिव्य ज्ञानको प्रतिनिधित्व गर्दछ । अवध र ब्रज क्षेत्रमा 'लठमार होली' प्रसिद्ध छ, जहाँ महिलाहरूले प्रतीकात्मक रूपमा पुरुषहरूलाइ लाठीले प्रहार गर्छन् । यो परम्परा भगवान श्रीकृष्ण र राधाको प्रेमलीलासँग जोडिएको छ ।

दशैँको समयमा शस्त्र पूजा गर्दा लाठीलाइ पनि विशेष रूपमा पुजिन्छ । यसलाइ नकारात्मक ऊर्जा भगाउने र घरको सुरक्षा गर्ने 'रक्षक' को रूपमा लिइन्छ । थारू र अवधी संस्कृतिमा प्रचलित 'लाठी नाच' (Stick Dance) वीरता प्रदर्शन गर्ने र जंगली जनावरबाट बालीनाली जोगाउने अभ्यासको एक

सांस्कृतिक रूप हो । अवधी लोकजीवनमा एउटा उखान नै चर्चित छ– 'जाके लाठी ताके पाठी' (जसको हातमा लाठी, उसैको भैंसी), जसले समाजमा लाठीलाइ शक्ति र न्यायको आधार मान्ने गरेको पुष्टि गर्छ ।

७.१.२. भाला (Spear)

यो लामो डन्डाको टुप्पोमा तिखो फलाम जोडिएको हतियार हो । ऐतिहासिक रूपमा युद्धमा प्रयोग गरिने यो अस्त्र अहिले सांस्कृतिक झाँकी र सुरक्षाको प्रतीकका रूपमा देख्न सकिन्छ । अवधी समाजमा भाला ऐतिहासिक वीरता र धार्मिक आस्थाको एक शक्तिशाली प्रतीक हो । यसलाइ संसारकै सबैभन्दा पुरानो हतियार मध्ये एक मानिन्छ । सुरुमा ढुङ्गा वा जनावरको हड्डीको टुप्पो हालेर बनाइने भाला पछि फलाम र स्टीलको प्रयोगले अझ धारिलो र घातक बन्यो । अवध क्षेत्रको इतिहासमा पैदल सेना र घोडचढी दुवैका लागि भाला प्रमुख अस्त्र थियो । यो टाढाबाट प्रहार गर्न वा नजिकको लडाइँमा शत्रुलाइ रोक्न प्रयोग गरिन्थ्यो । अवधी राजदरबार र कोटहरूमा सुरक्षाकर्मीहरूले हातमा भाला लिएर उभिनु अनुशासन र शक्तिको प्रदर्शन मानिन्थ्यो । धेरै ऐतिहासिक सिक्काहरूमा राजाहरूले भाला बोकेको चित्र अंकित हुनुले यसको राजकीय महत्त्व स्पष्ट पार्छ ।

हिन्दु धर्ममा भालालाइ विभिन्न देवताहरूको शक्तिशाली अस्त्रका रूपमा पुजिन्छ । विशेषगरी भगवान कार्तिकेय (मुरुगन) को प्रमुख अस्त्र 'वेल' (भाला) हो, जसले अज्ञानतामाथि विजयको प्रतीक मानिन्छ । देवी दुर्गाका विभिन्न रूपहरूले पनि भाला धारण गरेको पाइन्छ, जसले दुष्टको विनाश र भक्तको रक्षाको संकेत गर्छ । अवधी समाजमा दशैँ र शस्त्र पूजाका क्रममा भालालाइ चन्दन र अक्षताले पूजा गरिन्छ । यसलाइ घरको रक्षक र नकारात्मक शक्तिलाइ टाढा राख्ने माध्यमका रूपमा लिने गरिन्छ । विवाह वा विशेष सांस्कृतिक झाँकीहरूमा भाला बोक्नुले कुलको वीरता र ऐतिहासिक विरासतको प्रतिनिधित्व गर्दछ । भालालाइ अवधी लोक जीवनमा साहस र न्यायको प्रतीकका रूपमा सम्मान गरिन्छ ।

७.१.३. बरछी

यो भालाकै एक सानो र छरितो रूप हो । यसको टुप्पो धारिलो र तिखो हुन्छ, जसलाइ हातले प्रहार गर्न सजिलो हुन्छ ।

अवधी समाज र इतिहासमा बरछीलाइ भालाको एक परिष्कृत, हल्का र छरितो रूप मानिन्छ । यसको बनावट र प्रयोगले गर्दा यसको आफ्नै विशिष्ट ऐतिहासिक र धार्मिक पहिचान छ ।



बरछी विशेष गरी मध्यकालमा लोकप्रिय भयो । यो भालाभन्दा छोटो र हलुका हुने भएकाले यसलाइ हातले घुमाउन र शत्रुमाथि द्रुत गतिमा प्रहार गर्न सजिलो हुन्थ्यो । अवधका योद्धाहरूले नजिकको लडाइँमा बरछीलाइ प्रमुखताका साथ प्रयोग गर्थे । यो फ्याँकेर प्रहार गर्न (Projectile) र हातैले रोप्न (Thrusting) दुवैका लागि उपयोगी थियो । यसको

टुप्पो प्रायः त्रिकोणात्मक वा पात जस्तो आकारको हुन्थ्यो, जसले गर्दा यो शरीरमा पस्न र निस्कन सजिलो हुन्थ्यो ।

बरछीलाइ देवी दुर्गा र अन्य शक्ति स्वरुपा देवीहरूको हातमा देखिने एक महत्त्वपूर्ण अस्त्र मानिन्छ । यसले दुष्ट तत्वको संहार र भक्तहरूको रक्षाको प्रतिनिधित्व गर्छ । अवध क्षेत्रमा हनुमानजीको पूजा अत्यन्त लोकप्रिय छ । कतिपय स्थानीय धार्मिक चित्रहरूमा हनुमानजीका गणहरू वा वीरहरूले बरछी बोकेको देखाइन्छ, जसले सुरक्षा र सेवाको भावना झल्काउँछ । विजयादशमीको दिन गरिने शस्त्र पूजामा बरछीलाइ पनि पवित्र मानिन्छ । यसलाइ घरको मुख्य ढोका नजिक वा पूजा कोठामा राखेर 'दुष्ट निवारक' शक्तिको रूपमा पुजिन्छ अवधी लोकगीत र 'आल्हा-ऊदल' जस्ता वीरगाथाहरूमा बरछीको प्रहार र यसको चमकको वर्णन धेरै ठाउँमा पाइन्छ, जसले यसलाइ वीरताको धार्मिक र सांस्कृतिक प्रतीक बनाएको छ । संक्षेपमा, बरछी अवधी समाजको एक यस्तो अस्त्र हो जसले गतशीलता र सटीकतालाइ बुझाउँछ ।

७.१.४. फरसा

यसलाइ परशु वा बन्चरोको एक प्रकार मानिन्छ । यो भगवान परशुरामको अस्त्रका रूपमा पनि पूजनीय छ र अवधी समाजमा वीरताको प्रतीक मानिन्छ । अवधी समाजमा फरसा (जसलाइ परशु वा एक प्रकारको बन्चरो पनि भनिन्छ) वीरता, न्याय र दैवी शक्तिको एक शक्तिशाली प्रतीक हो ।

फरसा मानव सभ्यताको सुरुवाती चरणदेखि नै प्रयोग हुँदै आएको अस्त्र हो । सुरुमा यसलाइ काठ काट्न वा शिकार गर्न प्रयोग गरिन्थ्यो, तर पछि यसलाइ युद्धको एक घातक हतियारको रूपमा विकसित गरियो । अवध क्षेत्रका योद्धाहरूले फरसालाइ नजिकको युद्ध (Close Combat) मा प्रयोग गर्थे । यसको फलामको फल भारी र धारिलो हुने भएकाले यसले ढाल वा कवचलाइ समेत सजिलै तोड्न सक्थ्यो । मध्यकालीन अवधमा जमिन्दार र योद्धाहरूले आफ्नो शक्ति र अधिकार प्रदर्शन गर्न काँधमा फरसा बोक्ने गर्थे । यसलाइ आत्मसम्मान र 'वीर' हुनुको परिचय मानिन्थ्यो ।

फरसाको सबैभन्दा ठूलो धार्मिक महत्त्व भगवान विष्णुको छैटौं अवतार परशुरामसँग जोडिएको छ । उनले अन्याय र अत्याचारी शासकहरूको विनाश गर्न शिवजीबाट यो अस्त्र प्राप्त गरेका थिए । यसैले यसलाइ 'परशु' भनिएको हो ।

पौराणिक कथा अनुसार, फरसा भगवान शिवको प्रिय शस्त्र हो, जुन उनले परशुरामलाइ प्रदान गरेका थिए । यसलाइ न्यायको अस्त्र मानिन्छ, जसले अधर्मको संहार गर्छ । भगवान गणेशलाइ पनि 'भालचन्द्र' वा 'परशुपाणि' भनिन्छ । शिवजी र परशुराम बीचको युद्धका क्रममा गणेशजीले परशुरामको सम्मान राख्न आफ्नो एक दाँत फरसाको प्रहारबाट भाँचिन दिएका थिए, जसले गर्दा उनलाइ 'एकदन्त' भनियो ।

अवधी संस्कृतिमा दशैँको दिन फरसाको पूजा अनिवार्य मानिन्छ । विशेषगरी ब्राह्मण र क्षेत्री समुदायमा यसलाइ पुर्खौली विरासत र शक्तिको रूपमा पूजा गर्ने चलन छ । अवधी समाजमा फरसाले 'अनुशासन र संहार' दुवैको सन्देश दिन्छ–अर्थात् सज्जनको रक्षा र दुर्जनको विनाश ।

७.१.५. तलवार

ऐतिहासिक कालमा राजामहाराजा र योद्धाहरूको मुख्य हतियार थियो । अवधी लोककथा र 'आल्हा-ऊदल' जस्ता वीरगाथाहरूमा तलवारको वीरतापूर्ण चर्चा पाइन्छ । अवधी समाज र इतिहासमा तलवार (तलवार)लाइ सबैभन्दा प्रतिष्ठित र गौरवशाली अस्त्र मानिन्छ । यो केवल युद्धको साधन मात्र नभएर सम्मान, मर्यादा र वीरताको सर्वोच्च प्रतीक हो । कास्य युगबाट सुरु भएको तलवारको प्रयोग फलामको आविष्कारपछि अझ बढी प्रभावकारी बन्यो । अवध क्षेत्रमा विशेषगरी 'दमास्कस स्टील' वा उच्च गुणस्तरको फलामबाट बनेका धारिला र लचिला तलवारहरू प्रयोग हुन्थे । अवधका नवाबहरू र राजामहाराजाहरूको दरबारमा तलवारलाइ कलात्मक रूपमा सजाइन्थ्यो । यसको मुट्ठा (Hilt) मा सुन, चाँदी र बहुमूल्य पत्थरहरू जडेर यसलाइ वैभवको प्रतीक बनाइन्थ्यो । पैदल सेना र घोडचढी सेनाका लागि तलवार मुख्य अस्त्र थियो । अवधी योद्धाहरू तलवार चलाउने कला (शस्त्रविद्या) मा निपुण मानिन्थे, जसको चर्चा 'आल्हा-ऊडल' जस्ता लोकगाथाहरूमा व्यापक रूपमा पाइन्छ । पुरानो समयमा कसैलाइ तलवार उपहार दिनु वा कसैको अगाडि तलवार झुकाउनुलाइ ठूलो राजनीतिक र सामाजिक अर्थमा हेरिन्थ्यो ।

हिन्दु धर्ममा तलवारलाइ शक्ति (देवी दुर्गा) को स्वरूप मानिन्छ । देवी दुर्गाका दस हातहरूमध्ये एकमा तलवार हुन्छ, जसले अज्ञानता र अधर्मको विनाशको प्रतिनिधित्व गर्छ । आध्यात्मिक अर्थमा तलवारलाइ 'ज्ञानको खड्ग' भनिन्छ, जसले माया, मोह र अज्ञानताको बन्धनलाइ काट्छ । अवधी समाजमा दशैँको दिन तलवारको पूजा गर्नु सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । यो दिन तलवारलाइ सफा गरी, चन्दन-अक्षता चढाएर यसको शक्तिको वन्दना गरिन्छ । अवधी र समग्र हिन्दू परम्परामा दुलहाले विवाहको समयमा हातमा तलवार वा कटार बोक्ने चलन छ । यसले दुलहा आफ्नो परिवार र पत्नीको रक्षा गर्न सक्षम छ भन्ने वीरताको सन्देश दिन्छ । तलवारलाइ न्यायको प्रतीक पनि मानिन्छ । यसको सिधा धारले निष्पक्षता र कठोर निर्णय क्षमतालाइ झल्काउँछ । अवधी उखानहरूमा पनि तलवारको चर्चा पाइन्छ, जसले यसलाइ समाजको अभिमान र सुरक्षाको आधार मान्छ ।

७.१.६. ढाल

तलवार वा अन्य प्रहारबाट बच्न प्रयोग गरिने रक्षात्मक अस्त्र हो । यो प्रायः गेंडाको छाला वा धातुबाट गोलाकार रूपमा बनाइएको हुन्छ । अवधी समाजमा ढाल तलवारको सहयात्री र सुरक्षाको परम प्रतीक हो । यसले योद्धाको रक्षा गर्ने भएकाले यसलाइ जीवन रक्षक' अस्त्रको रूपमा सम्मान गरिन्छ । सुरुवाती समयमा ढालहरू कडा काठ वा धातुबाट बनाइन्थ्यो । तर, अवध क्षेत्रमा गैंडाको छाला वा राँगाको बाक्लो छालाबाट बनेका ढालहरू निकै प्रसिद्ध थिए, किनकि ती हल्का र निकै मजबुत हुन्थे । ढाल प्रायः गोलाकार हुन्थे । यसको भित्री भागमा समात्ने 'मुट्ठा' हुन्थ्यो भने बाहिरी भागमा चारवटा धातुका किल्ला (Studs) हरू हुन्थे, जसले शत्रुको तलवारको प्रहारलाइ रोक्ने वा चिप्लाउने काम गर्थे । ढाल केवल रक्षाका लागि मात्र नभइ शत्रुलाइ धक्का दिन वा सन्तुलन बिगार्न पनि प्रयोग गरिन्थ्यो । अवधका योद्धाहरू ढाल र तलवारको तालमेल मिलाउनमा माहिर मानिन्थे ।

धार्मिक दृष्टिले ढाललाइ 'अभय' (डरबाट मुक्ति) को प्रतीक मानिन्छ । यसले नकारात्मक शक्ति र प्रहारबाट भक्तको रक्षा गर्ने दैवी शक्तिको प्रतिनिधित्व गर्छ ।



भगवती दुर्गाका विभिन्न स्वरूपहरूले हातमा ढाल धारण गरेको देखिन्छ । यसले संसारमा व्याप्त अधर्म र अत्याचारका प्रहारहरूलाइ रोक्ने र धर्मको रक्षा गर्ने संकेत गर्छ । विजयादशमी (दशैँ) मा तलवारसँगै ढालको पनि पूजा गरिन्छ । "रक्षा नै सबैभन्दा ठूलो विजय हो" भन्ने मान्यताका साथ यसलाइ विशेष सम्मान दिइन्छ । आध्यात्मिक रूपमा ढाललाइ सहनशीलता र धैर्यको प्रतीक मानिन्छ । जसरी ढालले चोट सहेर पनि योद्धालाइ बचाउँछ, त्यसरी नै मानिसले जीवनका कष्टहरूलाइ धैर्यपूर्वक सहनुपर्छ भन्ने सन्देश यसले दिन्छ । अवधी लोकजीवनमा ढालले योद्धाको धैर्य र बचाउ गर्ने क्षमतालाइ दर्शाउँछ ।

७.१.७. किरच (Kirach)

यो एक प्रकारको सीधा र पातलो तलवार हो । यो विशेषगरी पैदल योद्धाहरूले प्रयोग गर्ने गर्थे । अवधी समाज र सैन्य इतिहासमा किरच एक विशिष्ट र घातक अस्त्र मानिन्छ । यो तलवारकै एक प्रकार भए तापनि यसको बनावट र प्रयोग गर्ने तरिका अलि फरक हुन्छ । किरच एक सीधा, लामो र साँघुरो फल भएको तलवार हो । साधारण तलवार अलि घुमाउरो (Curved) हुन्छ, तर किरच पूर्ण रूपमा सीधा हुन्छ । यसको टुप्पो अत्यन्तै तिखो हुन्छ, जुन शत्रुको शरीर वा कवच छेड्नका लागि विशेष गरी बनाइएको हुन्थ्यो । अवधका पैदल सिपाहीहरूले किरचलाइ बढी प्राथमिकता दिन्थे । यो तलवार जस्तो 'काट्न' भन्दा पनि भाला जस्तो शत्रुको शरीरमा 'रोप्न' (Thrusting) का लागि बढी प्रभावकारी मानिन्थ्यो । भारतमा मुगल कालको अन्त्य र ब्रिटिश शासनको सुरुवाततिर किरचको प्रयोग बढेको देखिन्छ । यो युरोपेली 'रेपियर' (Rapier) वा 'सर्ड' सँग मिल्दोजुल्दो थियो, जसलाइ स्थानीय कालिगढहरूले अवधी ढाँचामा ढालेका थिए ।

धार्मिक र आध्यात्मिक अर्थमा किरचको सीधा बनावटलाइ 'सत्य र निष्ठा' सँग तुलना गरिन्छ । जसरी किरच सीधा हुन्छ, मानिसको चरित्र र न्याय गर्ने क्षमता पनि सीधा र स्पष्ट हुनुपर्छ भन्ने मान्यता छ । अवधी समाजमा दशैँको शस्त्र पूजामा किरचलाइ पनि अन्य हतियारसँगै राखेर पूजा गरिन्छ । यसलाइ 'अचूक शक्ति' को रूपमा हेरिन्छ, जसले एकै प्रहारमा लक्ष्य भेदन गर्न सक्छ । अवधी लोकगीतहरूमा योद्धाहरूले 'किरच' चलाएर शत्रुको घेरा तोडेका प्रसङ्गहरू आउँछन् । यसलाइ वीरता र साहसको धार्मिक-सांस्कृतिक विरासतको रूपमा सम्मान गरिन्छ । किरचले विशेषगरी 'सटीकता र दृढता' को सन्देश दिन्छ ।

७.१.८. धनुष-बाण (धनु र काँड)

धनुष काठ, बाँस वा धातुबाट बनेको लचिलो चाप हो, जसमा बलियो डोरी (प्रत्यञ्चा) बाँधिएको हुन्छ भने बाण एक तिखो अस्त्र हो, जसको अगाडि फलामको फल र पछाडि सन्तुलनका लागि प्वाँख लगाइएको हुन्छ । अवधी समाज र विशेषगरी सनातन संस्कृतिमा धनुष-बाण (धनु र काँड) लाइ केवल एउटा अस्त्र मात्र नभएर यो मर्यादा, एकाग्रता र इश्वरीय शक्तिको सर्वोच्च प्रतीक मानिन्छ । अवध त भगवान श्रीरामको जन्मभूमि भएकाले यहाँको जनजीवनमा धनुष-बाणको विशेष महत्त्व छ ।

धनुष-बाण संसारकै सबैभन्दा पुरानो लामो दुरीको अस्त्र (Long–range weapon) हो । ढुङ्गे युगको शिकारबाट सुरु भएको यो यात्रा पौराणिक युद्धहरू सम्म आइपुग्दा 'ब्रह्मास्त्र' जस्ता शक्तिशाली रूपमा विकसित भयो । प्राचीन अवध र भारत वर्षमा धनुर्विद्यालाइ सबैभन्दा ठूलो सैन्य कौशल मानिन्थ्यो । गुरु द्रोणाचार्य र परशुराम जस्ता महान आचार्यहरूले यसको शिक्षा दिन्थे । समयक्रममा धनुषहरू सरल काठबाट बनेका 'लङ्गबो' देखि लिएर हात्तीको हड्डी वा धातु प्रयोग गरिएका 'कम्पोजिट बो' सम्म विकसित भए ।

अवधी समाजमा धनुष-बाण भन्नासाथ भगवान श्रीरामको सम्झना आउँछ । उहाँको 'कोदण्ड' धनुषले अधर्मको नाश र धर्मको स्थापना गरेको मानिन्छ । रामायणको एक प्रमुख मोड 'पिनाक' (शिवधनुष) भाँच्नु हो । यसले शक्ति, सुयोग्य पात्र र दैवी न्यायको प्रतिनिधित्व गर्छ । अर्जुनको 'गाण्डीव' र उनको एकाग्रताको कथाले धनुष-बाणलाइ मानसिक नियन्त्रण र लक्ष्य प्राप्तिको प्रतीक बनाउँछ । दशैँको दिन घर-घरमा धनुष-बाणको पूजा गरिन्छ । "रामले रावणमाथि विजय प्राप्त गरेको" खुसीयालीमा यसलाइ सत्यको जितको रूपमा पुजिन्छ । शास्त्र अनुसार बाणहरूमा मन्त्रको शक्ति द्वारा अग्नि, वरुण वा वायुको शक्ति उत्पन्न गर्न सकिन्थ्यो, जसले यसलाइ केवल भौतिक हतियार मात्र नभइ आध्यात्मिक शक्ति पनि बनाउँथ्यो । अवधी लोकजीवनमा 'राम-बाण' भन्ने उखान नै छ, जसको अर्थ हुन्छ– 'कहिल्यै असफल नहुने अचुक उपाय' ।

७.१.९. बन्दुक (Musket/Gun)

आधुनिक कालको सुरुवातसँगै अवधी समाजमा भरुवा बन्दुकको चलन बढेको पाइन्छ, जुन विशेषगरी सुरक्षा र शिकारका लागि प्रयोग गरिन्थ्यो । यी अस्त्रशस्त्रहरू अहिले व्यावहारिक प्रयोगमा कम भए पनि दशैँ (शस्त्र पूजा) र सांस्कृतिक उत्सवहरूमा प्रदर्शन गर्ने परम्परा कायमै छ । अवधी समाजमा बन्दुक आधुनिक अस्त्रशस्त्रको प्रवेशको सङ्केत हो । यसले युद्धकलामा ठूलो परिवर्तन ल्याउनुका साथै सामाजिक प्रतिष्ठा र सुरक्षाको नयाँ मानक स्थापना गऱ्यो ।

अवध क्षेत्रमा बन्दुकको प्रयोग मुगल कालको उत्तरार्ध र नवाबहरूको समयमा व्यापक भएको देखिन्छ । सुरुमा 'भरुवा बन्दुक' प्रचलनमा थिए, जसमा बारुद र गोली अगाडिबाट भरिन्थ्यो । अवधका नवाबहरू (जस्तै आसफउद्दौला, वाजिद अली शाह) का सेनाहरूमा बन्दुकधारी सिपाहीहरूको विशेष दस्ता हुन्थ्यो । ऐतिहासिक रूपमा सन् १८५७ को स्वतन्त्रता संग्राममा अवधका क्रान्तिकारीहरूले यिनै परम्परागत बन्दुकहरूको प्रयोग गरेर अंग्रेजहरूसँग लडेका थिए । अवधी समाजमा जमिन्दार र सम्भ्रान्त वर्गका लागि बन्दुक हुनु ठूलो सामाजिक प्रतिष्ठाको विषय मानिन्थ्यो । यो केवल सुरक्षाका लागि मात्र नभइ शिकार खेल्ने सौखका रूपमा पनि प्रयोग हुन्थ्यो ।

अन्य परम्परागत हतियारहरू जस्तै, बन्दुकलाइ पनि विजयादशमी (दशैँ) का दिन शस्त्र पूजामा समावेश गरिन्छ । यसलाइ 'शक्ति' को आधुनिक रूप मानेर चन्दन, अक्षता र फूलले पूजा गरिन्छ । अवधी संस्कृतिमा विवाह, उत्सव वा सन्तान जन्मको खुसीयालीमा आकाशतिर फर्काएर बन्दुक पड्काउने परम्परा छ । यसले उत्सवको उल्लास र परिवारको शौर्य प्रदर्शन गर्छ । धार्मिक दृष्टिकोणले यसलाइ घर र समाजको 'रक्षक' को रूपमा हेरिन्छ । नकारात्मक ऊर्जा र शत्रुको भयबाट मुक्त हुन बन्दुकलाइ घरको एक सुरक्षात्मक अस्त्र मानिन्छ । अवधी लोकगीत र 'बिरहा'हरूमा बन्दुकको आवाज र यसको प्रभावकारी प्रहारको वर्णन पाइन्छ, जसले यसलाइ वीरताको आधुनिक प्रतीकको रूपमा स्थापित गरेको छ । अन्ततः, बन्दुकले अवधी समाजमा परम्परागत वीरता र आधुनिक प्रविधि बीचको पुलको काम गरेको छ ।

अध्याय-८

अवधी संस्कृतिमा मनाइने चाड पर्व र जात्रा

अवधी भाषी समाज मुख्यत: हिन्दू धर्मालम्बी भएकोले धेरैजसो संस्कारहरू वर्णव्यवस्था र आश्रमव्यवस्थामा आवश्यक पर्ने आधारहरूमा व्यवस्थित रहेको देखिन्छन् । सङ्क्षेपमा यी संस्कारहरू निम्नलिखित छन् :

८.१. हिन्दू समुदायका व्रत र त्योहार

बरसाइत, गुरुपूर्णिमा, नागपञ्चमी, रक्षाबन्धन,बहुरा चौथ, छठ्ठी, तीज, ऋषिपञ्चमी, कृष्ण जन्माष्टमी, पितृपक्ष, नवरात्र, जूतिया, करवाचौथ (गौरी), दीपावली, यमद्वित्तिया, अक्षयनवमी, देवत्थानी एकादशी, तुलसी पूजा) कात्तिक पुर्णिमा,माघे संक्रान्ति (खिचडी), सकठि, महाशिवरात्री, होली, वैशाख सङ्क्रान्ति, सतुवानि, शीतलाअष्टमी, रामनवमी यी मध्ये यस क्षेत्रमा मनाइने केही प्रमुख जात्रा तथा पर्वहरू यस प्रकार रहेका छन ।

८.१.१. बरसाइत व्रत (वटसावित्री पूजा)

बरसाइत व्रत अवधी समुदायका विवाहित महिलाहरूले श्रीमानको दीर्घायु, सुस्वास्थ्य र पारिवारिक समृद्धिको कामना गर्दै मनाउने एक महत्त्वपूर्ण सांस्कृतिक तथा धार्मिक पर्व हो । यो पर्वलाई सनातन हिन्दु धर्ममा प्रचलित 'वटसावित्री व्रत' कै स्थानीय अवधी रूप मानिन्छ । यो पर्व प्रत्येक वर्ष ज्येष्ठ कृष्ण औंसीका दिन मनाइन्छ । विवाहित महिलाहरूले आफ्ना पतिको लामो आयु र घरमा सुख-शान्तिको कामना गर्न यो व्रत बस्छन् । यसले अवधी समाजमा महिलाहरूबीच आत्मीयता, सामाजिक सद्भाव र पारिवारिक सम्बन्धलाई अझ बलियो बनाउन मद्दत गर्छ । यो व्रत सत्यवान र सावित्रीको पौराणिक कथासँग जोडिएको छ । पतिव्रता सावित्रीले आफ्नो दृढ इच्छाशक्ति र भक्तिले यमराजबाट मृत पति सत्यवानको प्राण फिर्ता गराउन सफल भएको सम्झनामा यो पूजा गरिन्छ । सावित्रीले वटवृक्ष (वरको रुख) मुनि नै आफ्नो पतिको प्राण फिर्ता पाएकी हुनाले यस रुखलाई साक्षी राखेर पूजा गर्ने परम्परा बसेको हो । महिलाहरू बिहानै नुहाएर, नयाँ वा चोखो वस्त्र (विशेष गरी रातो वा पहेंलो) लगाएर वरको रुख भएको ठाउँमा सामूहिक रूपमा जम्मा हुन्छन् । यस दिनमा वरको रुखको फेदमा जल, फूल, अक्षता, फलफूल, भिजाइएको चना र मिठाई चढाएर पूजा गरिन्छ । महिलाहरूले वरको रुखलाई सुतको धागो (काँचो धागो) ले सात वा १०८ पटक परिक्रमा गर्दै बेर्ने गर्छन् । पूजाको समयमा सावित्री र सत्यवानको कथा सुन्ने र सुनाउने गरिन्छ । पूजा सकिएपछि महिलाहरूले घरका ज्येष्ठ सदस्यहरूको गोडा ढोगेर आशीर्वाद लिने गर्छन् ।

८.१.२. नाग पञ्चमी (गुडिया) पर्व

अवधी समाजमा हरेक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नाग पञ्चमी व्रत र यससँगै जोडिएको 'गुडिया पर्व'को छुट्टै र अद्वितीय सांस्कृतिक महत्व छ । यस क्षेत्रमा (विशेष गरी रुपन्देही, कपिलवस्तु, बाँके र बर्दिया जस्ता अवध क्षेत्रमा) नाग पञ्चमीलाई धार्मिक अनुष्ठानका साथै दाजुभाइ र दिदीबहिनीबीचको अगाध प्रेम दर्शाउने चाडको रूपमा मनाइन्छ । नाग पञ्चमीको दिन बिहानै

घरका पुरुष वा अगुवाहरूले नुहाएर घरको वरिपरि गाईको गोबरले मोटो घेरा (चिन्ह) तान्ने गर्छन् । यसलाई 'गोबर चक्र' भनिन्छ, जसले वर्षायाममा विषालु सर्पहरूलाई घरभित्र पस्नबाट रोक्छ भन्ने जनविश्वास छ । घरको मूल ढोकामा नागको चित्र बनाएर/टाँसेर गाईको दूध, दुबो, अक्षता र चन्दनले नाग देवताको विशेष पूजा गरिन्छ । यस दिन अवधी समुदायमा चना र गहुँको 'घुघरी' (उमालेर वा भुटेर बनाइने परिकार) बनाएर नाग देवतालाई चढाइन्छ । घरघरमा पुरी, खीर, तरकारी, अचार र परम्परागत अवधी मिठाइ 'गुल्गुला' पकाएर खाने र पाहुनालाई खुवाउने चलन छ । विवाहित छोरी-चेलीलाई माइती बोलाउने वा भाइ/बाबुले छोरीको घरमै चनाको घुघरी, चामल, भेली (सख्खर) र नयाँ कपडाहरू पोको पारेर (गठरी बाँधेर) कोसेली लैजाने परम्परा छ । यस दिन साँझपख दिदीबहिनीहरूले पुराना कपडाबाट रङ्गीचङ्गी पुतली (गुडिया)बनाउँछन् । ती पुतलीहरूलाई गाउँको चोक, चौतारा वा नदी/पोखरीको किनारमा फ्याकिन्छ । दाजुभाइ तथा युवाहरूले सामूहिक रूपमा जम्मा भएर ती कपडाका गुडियाहरूलाई लट्ठी (बासको हांगा, कइन))ले प्रतीकात्मक रूपमा पिट्ने गर्छन् । लोककथा अनुसार, एक भाइ शिवभक्त थिए र उनीसँग एउटा नागको गहिरो स्नेह थियो । भाइकी दिदीले रिस वा डाहका कारण उक्त नागलाई मारिदिइन् । नागलाई मार्ने उक्त अन्यायको विरोध र पापको दण्ड स्वरूप दिदीको प्रतीक मानिने कपडाको 'गुडिया' लाई पिट्ने परम्परा सुरु भएको मानिन्छ । अर्को मान्यता अनुसार, यसरी गुडिया पिट्दा घर र समाजमा दुःख, कष्ट वा शत्रु नाश हुने विश्वास गरिन्छ । नाग पञ्चमी सँगै अवध क्षेत्रमा पिङ (झुला) हाल्ने र युवायुवतीहरू जम्मा भएर पिङ खेल्ने रौनक सुरु हुन्छ । यो बेला महिला तथा दिदीबहिनीहरू एकत्रित भई परम्परागत 'कजरी' गीत गाउने गर्छन्, जसले साउनको वर्षा र प्राकृतिक सौन्दर्यलाई स्वागत गर्दछ । यसकासाथै अवधी समाजका मानिसहरू यस दिनमा सामुहिक रूपमा बसेर आल्हा सुन्ने, लठ्ठी खेल्ने, क'श्ती खेल्ने, तलवार कलाको प्रदर्शन गर्ने आदि कार्य गरिन्छ ।

अवधी समाजमा नाग पञ्चमीको व्रत र पूजाले एकातिर प्रकृतिको रक्षा (सर्प पूजा) को सन्देश दिन्छ भने अर्कोतिर गुडिया पर्वको माध्यमबाट पारिवारिक सम्बन्ध र सामाजिक सद्भावलाई अझ प्रगाढ बनाउँछ ।

८.१.३. रक्षा बन्धन (राखी) पर्व

अवधी समाजमा रक्षा बन्धन (राखी) पर्वलाई अत्यन्तै श्रद्धा, प्रेम र सांस्कृतिक उत्सवका रूपमा मनाइन्छ, जसलाई स्थानीय अवधी भाषामा 'सनिनो' पनि भन्ने गरिन्छ । श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने यो पर्व दिदीबहिनी र दाजुभाइबीचको अटुट सम्बन्धको प्रतीक हो । रक्षा बन्धनको दिन दिदीबहिनीहरू बिहानैदेखि व्रत (उपवास) बस्छन् । दाजुभाइलाई राखी नबाँधुन्जेल उनीहरू पानीसमेत पिउँदैनन् । थालीमा राखी, चामल (अक्षता), रोली (टीका), मिठाई, र एउटा दियो राखेर पूजाको थाली सजाइन्छ । दाजुभाइलाई काठको पिढकामा पूर्व वा उत्तरतर्फ फर्काएर बसाइन्छ । दिदीबहिनीले दाजुभाइको निधारमा तिलक लगाउँछन्, आरती उतार्छन् र दाहिने हातमा रक्षा सूत्र (राखी) बाँधिदिन्छन् । राखी बाँध्दै दिदीबहिनीहरूले अवधी भाषामा दाजुभाइको सुख, समृद्धि र दीर्घायुको प्रार्थना गर्छन् । बदलामा दाजुभाइले दिदीबहिनीको आजीवन रक्षा गर्ने वचन दिन्छन् । राखी बाँधिसकेपछि दाजुभाइले दिदीबहिनीको गोडा छोएर आशिर्वाद लिन्छन् र दक्षिणा वा उपहार प्रदान गर्छन् । यस दिन

अवधी समुदायमा घर-घरमा विशेष गरी सिभई (शिरखुरमा/खिर), पूरी, र विभिन्न परिकारहरू बनाएर खुसीयाली साटासाट गरिन्छ । अवधी समाजमा रक्षाबन्धनको जग श्रावण शुक्ल पञ्चमी (नाग पञ्चमी) का दिन नै बस्छ, जसलाई स्थानीय रूपमा 'गुडिया पर्व' भनिन्छ । यस दिन विवाहित छोरीचेलीलाई माइत बोलाउने वा उनीहरूको घरमा 'घुघुरी' (चनाको विशेष परिकार) पठाउने चलन हुन्छ । गुडिया पर्वमा कपडाका पुतलीहरूलाई लौरोले ठटाउने र नदीमा सेलाउने गरिन्छ, जसको समापन पूर्णिमाको दिन रक्षा बन्धनसँगै हुन्छ ।

८.१.४. कजरी तीज

कजरी तीज अवधी समाज तथा मधेशी समुदायमा मनाइने एक अत्यन्तै महत्त्वपूर्ण र पवित्र धार्मिक व्रत हो । यो व्रत विशेष गरी नेपालको तराई क्षेत्र (जस्तै बाँके, बर्दिया, कपिलवस्तु, रूपन्देही)का अवधी भाषी महिलाहरू र भारतको अवध क्षेत्रमा धूमधामका साथ मनाइन्छ । पहाडी समुदायले मनाउने हरितालिका तीज र अवधी समाजको कजरी तीजमा तिथि, धार्मिक विधि र सामाजिक मान्यताका हिसाबले केही भिन्नताहरू छन् ।

यो व्रत भाद्र कृष्ण तृतीया तिथिका दिन मनाइन्छ । पहाडी समुदायको हरितालिका तीज भाद्र शुक्ल तृतीयामा पर्छ, जुन यो पर्व मनाएको १५ दिनपछि आउँछ । पहाडीसमुदायमा तीजलाई माइत जाने पर्वका रूपमा लिइन्छ भने अवधी समाजमा यसलाई पतिको घर (ससुराली) जाने आशा र पतिको सामीप्यता पाउने विश्वासका रूपमा मनाइन्छ । विवाहपछि 'गौना' (दुलहीलाई स्थायी रूपमा घर भित्र्याउने परम्परा) नभएका नवविवाहिताहरू यस दिन पति लिन आउने बाटो हेर्दै व्रत बस्ने गर्छन् । यस दिन महिलाहरूले भगवान शिव, माता पार्वती र निमडी माता (नीमको हाँगालाई देवीको स्वरूप मानेर) को विशेष पूजा गर्छन् । नीममा दुर्गा भवानीको वास हुने धार्मिक विश्वास छ । व्रतालु महिलाहरू सूर्योदयदेखि रात्रिकालसम्म निराहार र निर्जला (पानी समेत नखाई) व्रत बस्छन् । राति चन्द्रमा उदाएपछि उनलाई अर्घ्य दिएर मात्र व्रत समापन (पारण) गरिन्छ । यो व्रत वर्षा ऋतु र हरियालीको उत्सव पनि हो । यस अवसरमा अवधी महिलाहरू एकत्रित भई परम्परागत 'कजरी' लोकगीत गाउने र झूला (पिङ) झुल्ने गर्छन् । कजरी गीतहरूमा विरह, प्रेम, प्रकृति र पतिको प्रतीक्षाका भावनाहरू समेटिएका हुन्छन् । यस व्रतमा गहुँ, चामल र चनालाई भुटेर, पिँधेर र घिउ-चिनी मिसाएर विशेष प्रकारको 'सत्तू' तयार पारिन्छ । राति चन्द्रमाको पूजा गरिसकेपछि यही सत्तू ग्रहण गरेर व्रत खोलिन्छ । यो पर्वले



कजरी तीजको पूजा गर्दै

अवधी समाजमा महिलाहरूको पारिवारिक समर्पण, सांस्कृतिक पहिचान र दाम्पत्य जीवनको मधुरतालाई जीवन्त राख्न ठूलो भूमिका खेलेको छ ।

८.१.५. नवरात्र (नौरथा) व्रत

नेपाल तथा भारतको अवध क्षेत्र (विशेषगरी कपिलवस्तु, रूपन्देही, बाँके, बर्दिया आदि जिल्लाहरू) मा बसोबास गर्ने अवधी समाजमा नवरात्र (नौरथा) व्रतको विशेष धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्व छ । वर्षमा पर्ने चारवटा नवरात्रमध्ये अवधी समुदायले मुख्य रूपमा 'कुवार नवरात्र' (शारदीय नवरात्र) र 'चैत नवरात्र' (वासन्तिक नवरात्र) लाई धूमधामका साथ मनाउने गर्दछन् । नवरात्रको पहिलो दिन (प्रतिपदा) घरको पूजाकोठा वा 'मन्दिर' मा माटोको कलश स्थापना गरिन्छ । कलशको वरिपरि वा छुट्टै माटोको भाँडोमा जौ, गहुँ वा धान छरेर जमरा राखिन्छ, जसलाई अवधी भाषामा 'जौ बोना' भनिन्छ । अवधी समुदायका श्रद्धालुहरू नौ दिनसम्म कठोर व्रत बस्छन् । कतिपयले पहिलो र अन्तिम दिन मात्र व्रत बस्छन् भने कतिपयले नौ दिनै निराहार वा फलाहार (फलफूल र दूध मात्र खाएर) व्रत बस्ने गर्छन् । व्रत बस्नेहरूले अन्न (चामल, गहुँ) खाँदैनन् । उनीहरूले फलाहारका रूपमा साबुदाना, सिँघाडाको पिठो आलु र फर्सी, फलाहारी नुन (सिधे नुन) हालेर खाने गर्छन् । नौ दिनसम्म देवीको सामुन्ने 'अखण्ड दीप' (निरन्तर बलिरहने दियो) प्रज्वलित गरिन्छ । अवधी समाजमा नवरात्रको समयमा गाइने देवीका विशेष भजनहरूलाई 'पचरा गीत' भनिन्छ । बेलुकीपख महिला तथा पुरुषहरू जम्मा भई ढोलक, भ्याली बजाएर पारम्परिक अवधी भाषामा देवीको महिमा गाइने हुनाले यसले गाउँघरमा छुट्टै उल्लास ल्याउँछ । अष्टमी/नवमी र 'कन्या पूजन' (कन्जक)अष्टमी वा नवमीको दिन व्रतको समापन (पारन) गरिन्छ । यस दिन घरमा विशेष फलाहारी पकवान जस्तैः हलुवा, पूरी र चना बनाइन्छ । कन्यापुजनमा ९ वर्षमुनिका ससाना बालिकाहरूलाई साक्षात् देवीको रूप मानेर उनीहरूको खुट्टा धोइन्छ र टीका लगाएर भोजन (हलुवा-पूरी) गराइन्छ । उनीहरूलाई दक्षिणा र उपहार दिएर आशीर्वाद लिइन्छ । शारदीय नवरात्रमा अवधी बाहुल्य क्षेत्रका चोक-चोकमा ठूला र भव्य दुर्गा पूजा पण्डालहरू निर्माण गरिन्छ । त्यहाँ देवी दुर्गाका ठूला माटोका मूर्तिहरू स्थापना गरी नौ दिनसम्म पूजाअर्चना र सांस्कृतिक कार्यक्रम गरिन्छ । विजयादशमी (दशहरा) को दिन यी मूर्तिहरूलाई स्थानीय नदी वा पवित्र जलाशयमा बाजागाजासहित लगेर विसर्जन गरिन्छ । अवधी समाजमा नवरात्र केवल एउटा व्रत मात्र नभई पारिवारिक मिलन, आपसी भाइचारा र मातृशक्तिको उपासना गर्ने सबैभन्दा ठूलो सांस्कृतिक उत्सव हो ।

८.१.६. दसहरा (दशैँ) पर्व

अवधी समाजमा दसहरा (दशैँ) पर्व असत्यमाथि सत्यको विजयको रूपमा अत्यन्तै हर्षोल्लासका साथ मनाइने एक मुख्य सांस्कृतिक चाड हो । नेपालको लुम्बिनी र नेपालगञ्ज लगायतका अवध क्षेत्रमा यस पर्वको आफ्नै मौलिक परम्परा, शैली र सामाजिक महत्त्व रहेको छ । दसहराको समयमा अवधी बाहुल्य क्षेत्रका गाउँ-गाउँ र चोकहरूमा देवी दुर्गाका भव्य पण्डालहरू निर्माण गरिन्छ । त्यहाँ नवदुर्गा र अन्य देवी-देवताका आकर्षक माटोका मूर्तिहरू स्थापना गरेर पूजाअर्चना गरिन्छ । अवध क्षेत्रको सबैभन्दा ठूलो विशेषता भनेको रामलीलाको आयोजना हो । भगवान् श्रीरामको जन्मदेखि रावण वधसम्मको कथालाई नाटकको रूपमा स्थानीय कलाकारहरूले ९ दिनसम्म प्रस्तुत गर्दछन् । विशेष गरी

नेपालगञ्जको ऐतिहासिक रामलीला मैदानमा वर्षौंदेखि चलिआएको रामलीला निकै प्रसिद्ध छ, जसलाई हेर्न टाढा-टाढाबाट मानिसहरू आउँछन् । विजयादशमी अर्थात् दसहराको मुख्य दिन खुला मैदानमा रावण, कुम्भकर्ण र मेघनादका ठूला-ठूला पुतलाहरू बनाइन्छन् । साँझपख भगवान् रामको रूप धारण गरेका कलाकारले अग्निबाण प्रहार गरेर रावणको पुतला दहन गर्दछन् । यसलाई असत्यमाथि सत्य र अहंकारमाथि सदाचारको विजयको रूपमा मनाइन्छ । पहाडी समुदायमा रातो टीका र जमरा लगाउने चलन भए पनि अवधी समाजमा विजयादशमीको दिन कुलदेवताको पूजा गरी सेतो वा पहँलो अक्षता र दहीको टीका लगाउने र ठूला बडाको आशीर्वाद लिने गरिन्छ । यसले सामाजिक सद्भाव र आपसी भाइचारा बढाउँछ । दसहराको अवसरमा अवधी घरहरूमा पूरी, सब्जी, खिर र विशेष प्रकारका मिठाईहरू (जस्तै जलेबी) बनाएर खाने र पाहुनालाई ख्वाउने चलन छ । विजयादशमी र त्यसको भोलिपल्ट स्थानीय बजार र मन्दिर परिसरहरूमा ठूला-ठूला मेला (हाटबजार) लाग्दछन्, जहाँ बालबालिकाहरूका लागि पिङ, खेलौना र मनोरञ्जनका साधनहरू राखिएका हुन्छन् । निष्कर्षमा, अवधी समाजको दसहरा केवल एउटा धार्मिक पूजा मात्र नभएर कला (रामलीला), संस्कृति (अवधी लोकगीत) र आपसी सामाजिक एकताको एक उत्कृष्ट संगम हो ।

८.१.७. देवाली (दीपावली, तिहार) पर्व

अवधी समाजमा देवाली (दीपावली) पर्व अत्यन्त मौलिक, सांस्कृतिक र परम्परागत रूपमा मनाइने मुख्य चाड हो । नेपालको तराई क्षेत्र (विशेष गरी बाँके, बर्दिया, कपिलवस्तु, रूपन्देही र नवलपरासी) तथा भारतको अवध क्षेत्रमा बसोबास गर्ने अवधी समुदायमा यस पर्वको छुट्टै र विशिष्ट महत्व रहेको छ । यो पर्व कात्तिक कृष्ण पक्षको त्रयोदशी (धनतेरस) देखि कात्तिक शुक्ल पक्षको द्वितीया (भैयादुज) सम्म मनाइन्छ । देवालीको पहिलो दिनलाई धनतेरस भनिन्छ । यस दिन अवधी समुदायमा विशेष गरी सुन, चाँदी, पीतल वा तामाका नयाँ भाँडाकुँडा र गहना किन्नु शुभ मानिन्छ ।

यस दिन धनका देवता कुवेर र धन्वन्तरीको पूजा गरिन्छ । दोस्रो दिन घरको सरसफाइ गरी साँझपख घरको मुख्य ढोका बाहिर यमराजको नाममा एउटा ठूलो दियो (यमदिया) बालिन्छ । यसले अकाल मृत्युबाट बचाउने जनविश्वास छ । तेस्रो दिन अर्थात कात्तिक अमावस्याको रातमा देवी लक्ष्मी र भगवान गणेशको विशेष पूजाआजा गरिन्छ । अवधी समाजमा माटोको नयाँ दियो (दिया) मा तोरीको तेल वा घिउ हालेर घरको कुना-कुनामा उज्यालो पारिन्छ । घरको आँगनमा चामलको पिठो र रङ प्रयोग गरी परम्परागत 'चउक पुरन (रङ्गोली)' बनाइन्छ । यस दिन यहा यहाँ 'गुलगुला', 'पुरी', 'बुँदिया' र विशेष प्रकारको 'सूरन' एक प्रकारको कन्दमूल) को तरकारी खाने



तिहारको दिन दियो बाल्दै

विशेष चलन छ । लक्ष्मी पूजाको दिन माटोको सानो घैँटो (कलश) र केटाकेटीका लागि माटोका साना भाँडाकुँडा (घरिया-बटोही) पूजामा राखिन्छ, जसमा धानको लाभा (खिँड) र मिठाई भरिन्छ । चौथो दिन गाईगोरु र गोवर्धन पर्वतको पूजा गरिन्छ । यस दिन गाईको गोबरबाट गोवर्धन पर्वतको आकृति बनाएर पूजा गर्ने र गाईगोरुलाई मेथी, चामल र सख्खर मिसाएर परिकार खुवाउने परम्परा छ । देवालीको अन्तिम दिन दिदीबहिनीले दाजुभाइको दीर्घायु र समृद्धिको कामना गर्दै निधारमा तिलक लगाइदिने र गोलो मिठाई खुवाउने चलन छ । यो बेला दाजुभाइले दिदीबहिनीलाई उपहार वा दक्षिणा दिन्छन् । देवालीको अवसरमा अवधी समुदायमा गाईगोरुको गोबरबाट बनेको गुइँठा (कन्डा) को आगोमा पिठोको गोलो परिकार पकाइन्छ, जसलाई 'भौरी' भनिन्छ ।

८.१.८. करवा चौथ

अवधी समाजमा करवा चौथ व्रत पतिको दीर्घायु, सुस्वास्थ्य र अखण्ड सौभाग्यको कामनाका लागि मनाइने एक अत्यन्तै पवित्र र महत्वपूर्ण पर्व हो । विशेष गरी नेपालको तराई क्षेत्रका नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया लगायतका जिल्लाहरूमा बसोबास गर्ने अवधी समुदायका महिलाहरूले यो पर्व निकै उत्साहका साथ मनाउँछन् । यो पर्व प्रत्येक वर्ष कार्तिक महिनाको कृष्ण पक्षको चतुर्थी तिथिका दिन मनाइन्छ । सूर्योदयभन्दा अगाडि (बिहान करिब ४ बजे) देखि सुरु भई राति चन्द्रोदय नभएसम्म यो व्रत बस्ने गरिन्छ । अवधी महिलाहरू दिनभरि पानी समेत नपिई (निराहार) कठिन व्रत बस्छन् । व्रतालु महिलाहरू नवविवाहिता झैं पहेँलो वा रातो कपडा, चुरा, मेहेन्दी लगाएर सोह्र श्रृंगारमा सजिन्छन् । पूजामा माटोको विशेष भाँडो (जसलाई 'करवा' भनिन्छ) को प्रयोग गरिन्छ ।



करवा चौथको पूजा गर्दै

यसमा पानी वा अन्न राखेर पूजा गर्ने परम्परा छ । दिउँसो वा बेलुकाको समयमा महिलाहरू एक ठाउँमा जम्मा भई करवा चौथको पौराणिक व्रतकथा र सत्यवान-सावित्रीको कथा सुन्ने गर्दछन् । राति चन्द्रमा उदाएपछि महिलाहरूले पहिले छलनी (चाल्नो) बाट चन्द्रमालाई हेर्छन् र अर्घ्य दिन्छन् । त्यसपछि सोही छलनीबाट आफ्नो पतिको अनुहार हेर्ने चलन छ । पतिले आफ्नी पत्नीलाई पानी खुवाएर व्रत बसाल्ने (तोड्ने) काम गर्छन् । यस अवसरमा चामलको पीठोका परिकार, मिठाई तथा विभिन्न पकवानहरू बनाई भगवानलाई चढाई परिवारका साथ खाने गरिन्छ । यो पर्वले अवधी समाजमा दाम्पत्य जीवनको आपसी प्रेम, समर्पण र सांस्कृतिक जगलाई अझ बलियो बनाउन ठूलो भूमिका खेलेको छ ।

८.१.९. खिचडी

अवधी समाजमा मकर संक्रान्तिलाई नै मुख्य रूपमा 'खिचडी' वा 'खिचडी पर्व' का रूपमा मनाउने गरिन्छ र यस दिन धार्मिक आस्थाका साथ व्रत बस्ने परम्परा छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने दिन (माघ १ गते) लाई अवधी समुदायले निकै श्रद्धा र उल्लासका साथ मनाउँछन् । यो पर्व मुख्य गरी दान, स्नान र स्वास्थ्यवर्धक परिकारको उपभोगसँग जोडिएको छ । खिचडीको दिन बिहानैदेखि व्रतालुहरू (विशेष गरी महिला तथा प्रौढहरू) केही नखाई पवित्र नदी वा तलाउमा स्नान गर्न जान्छन् । अवधी लोकसंस्कृतिमा खिचडीका दिन बाबा गोरखनाथलाई खिचडी चढाउने ठूलो परम्परा छ । बाबा गोरखनाथले नै खिचडीको सुरुवात गरेको पौराणिक मान्यता रहेकाले यस दिन उनको विशेष आराधना गरिन्छ । सूर्य उत्तरायण हुने दिन भएकाले व्रतालुहरूले सूर्यलाई अर्घ्य दिएर पूजा गर्छन् र सुख-समृद्धिको कामना गर्छन् । यस दिन चामल र कालो मासको दाल मिसाएर बनाइएको 'खिचडी' मुख्य परिकारको रूपमा खाइन्छ र दान गरिन्छ । अवधी समाजमा एउटा लोक-उखान प्रसिद्ध छ– 'खिचडी कै चार यार : दही, घी, पापड औ अचार'। खिचडीसँग यी चार थोक मिसाएर खाने गरिन्छ । यस दिन तिल, भुजा र सख्खर (गुँड) बाट बनेका लड्डु र लाई खाने परम्परा छ । खिचडी खाना खानुअघि चामल, मासको दाल, नुन र दक्षिणा (पैसा) छुट्टै राखेर छुने (सङ्कल्प गर्ने) र त्यसलाई ब्राह्मण, गरिब वा भान्जा-भान्जीलाई दान गर्ने गरिन्छ । यसलाई अवधी भाषामा 'खिचडी छुनु' भनिन्छ । विवाहित छोरीचेली तथा दिदीबहिनीहरूलाई घरमा बोलाएर वा उनीहरूको घरमै गएर खिचडी, तिलका लड्डु र कपडाहरू उपहार दिने चलन छ । माघ महिनाको अत्यधिक जाडोमा मासको दाल, घिउ र तिलको सेवन गर्नाले शरीरलाई आवश्यक न्यानोपन र ऊर्जा मिल्छ । खिचडीलाई एक सुपाच्य र पौष्टिक आहार मानिन्छ, जसले चिसो मौसममा पाचन प्रणालीलाई दुरुस्त राख्न मद्दत गर्छ । अवधी समाजमा यो पर्वले केवल धार्मिक महत्त्व मात्र राख्दैन, यसले आपसी भाइचारा, परिवारका सदस्यहरूबीचको मिलन र सामाजिक समरसतालाई समेत बलियो बनाउँछ ।

८.१.१०. सकठि व्रत

अवधी समाजमा सकठि व्रत (यसलाई अवधी भाषामा सकठ चौथ, संकटा चौथ, वा तिलकुट चौथ पनि भनिन्छ) सन्तानको सुख, समृद्धि र दीर्घायुको कामनाका लागि माताहरूले बस्ने एउटा अत्यन्तै महत्त्वपूर्ण र पवित्र धार्मिक पर्व हो । विशेष गरी नेपालको तराई क्षेत्र (कपिलवस्तु, रुपन्देही, बाँके, बर्दिया, नवलपरासी आदि) का अवधी समुदाय र भारतको अवध क्षेत्रका महिलाहरूले यो व्रत निकै श्रद्धाका साथ मनाउँछन् । यो व्रत प्रत्येक वर्ष माघ महिनाको कृष्ण पक्षको चतुर्थी तिथिमा पर्दछ । यस दिन विघ्नहर्ता भगवान श्री गणेश र सकठ माता (संकटा देवी) को विशेष पूजा-आराधना गरिन्छ । अवधी महिलाहरू यस दिन बिहानैदेखि पानीसमेत नखाई निर्जला र निराहार उपवास बस्छन् । पूजामा तिल र सख्खर (गुँड) मिसाएर बनाइएको 'तिलकुट' (तिलको लड्डु) को विशेष महत्त्व हुन्छ । पूजाको समयमा तिलकुटको सानो पहाड जस्तो बनाइन्छ र पछि त्यसलाई तामाको सिक्का वा हतियार (जस्तै कन्तुर/छुरी) ले काट्ने परम्परा छ, जसलाई 'सकठ काट्ने' भनिन्छ । पूजाको समयमा महिलाहरू एक ठाउँमा जम्मा भई सकठ माता र गणेशजीको पौराणिक व्रतकथा सुन्ने गर्छन् । कथा सुन्दा हातमा तिल र अक्षता राख्ने गरिन्छ । यो व्रत रातको समयमा चन्द्रमा देखिएपछि मात्र पूरा हुन्छ । साँझपख चन्द्रमा

उदाएपछि तामाको लोटामा जल, दूध, तिल र अक्षता मिसाएर चन्द्रदेवलाई अर्घ्य दिइन्छ । चन्द्रमाको पूजा र दर्शन गरेपछि मात्र महिलाहरूले आफ्नो व्रत खोल्ने (पारन गर्ने) गर्छन् । यो व्रत विशेष गरी आफ्ना छोराछोरीलाई संकट र विपत्तिबाट बचाउन तथा उनीहरूको उन्नतिको लागि बस्ने गरिन्छ । यस अवसरमा अवधी महिलाहरूले परम्परागत सकठ गीत तथा सोहर गाउने गर्छन्, जसले अवधी लोकसंस्कृतिको संरक्षणमा ठूलो योगदान पुऱ्याएको छ ।

८.१.११. महाशिवरात्री व्रत

अवधी समाजमा महाशिवरात्री व्रत र यसको उत्सवलाई अत्यन्तै श्रद्धा, सांस्कृतिक गरिमा र मौलिक परम्पराका साथ मनाइन्छ । नेपालको तराई क्षेत्र (विशेष गरी कपिलवस्तु, रूपन्देही, बाँके, बर्दिया, नवलपरासी लगायतका जिल्ला) र भारतको अवध क्षेत्रमा बसोबास गर्ने अवधी समुदायका लागि यो पर्व वर्षकै सबैभन्दा ठूला धार्मिक उत्सवहरूमध्ये एक हो । अवधी समाजका महिला तथा पुरुषहरू यस दिन अत्यन्तै श्रद्धाका साथ व्रत बस्छन् । धेरैजसोले दिनभरि पानीसमेत नपिई निर्जला व्रत बस्छन् भने कतिपयले दूध र फलफूल (फलाहार) मात्र ग्रहण गर्छन् । शिवरात्रीको भोलिपल्ट बिहान पुनः पूजापाठ र दान-दक्षिणा गरिसकेपछि मात्र व्रत तोड्ने (पारन गर्ने) चलन छ । अवधी समाजमा शिवरात्रीलाई भगवान् शिव र माता पार्वतीको विवाह उत्सवका रूपमा लिइन्छ । यस दिन शिवलिङ्गमा गाईको काँचो दूध, दही, घिउ, मह र चिनी मिसाएर विशेष अभिषेक गरिन्छ । अवधी भाषा र संस्कृतिमा शिवजीलाई प्रिय लाग्ने वस्तुहरूको विशेष महत्त्व हुन्छ । पूजामा भाङ, धतुरो, बेलपत्र, बेर (बयर), र अक्षता अनिवार्य रूपमा चढाइन्छ । चिसो मौसमको अन्त्य र गर्मीको सुरुवातको समय हुने भएकाले शिवजीको मस्तिष्क शान्त राख्न निरन्तर जल चढाउने (जलाभिषेक) गरिन्छ । अवधी समुदायमा शिवरात्रीको रातभरि जागा बस्ने (जागरण) कडा परम्परा छ । रातको चारवटै प्रहरमा (हरेक तीन-तीन घण्टामा) शिवलिङ्गको छुट्टाछुट्टै सामग्रीहरूले विशेष पूजा र आरती गरिन्छ । यस क्रममा अवधी भाषामै रचिएका शिव भजन, र शिव स्तुतिहरू गाइन्छ । पूजा सकिएपछि शिवजीको प्रिय प्रसादका रूपमा भाङ र दूधको मिश्रण (ठण्डाई) बनाएर बाँड्ने चलन छ । व्रतको भोलिपल्ट गाउँघरमा सामूहिक रूपमा हलुवा, पुरी र तरकारी जस्ता परिकारहरू बनाएर प्रसाद ग्रहण गरिन्छ र आपसी भाइचारा साटासाट गरिन्छ । अवधी समाजमा शिवरात्री केवल एउटा धार्मिक व्रत मात्र नभएर कला, लोकसंगीत र सामाजिक एकतालाई जोड्ने एउटा दह्रो माध्यम हो ।

८.१.१२. फगुवा (होली, फागु)

अवधी समाजमा फगुवा (होली) पर्वलाई आपसी भाइचारा, सद्भाव र सामाजिक अमूर्त संस्कृतिको रूपमा निकै भव्यताका साथ मनाइन्छ । प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमा र त्यसको भोलिपल्ट (चैत प्रतिपदा) मनाइने यो पर्व अवधी समुदायको सबैभन्दा ठूलो र रमाइलो लोकोत्सव हो । यस समाजमा होलीलाई केवल रङ खेल्ने दिन मात्र नभई कृषि संस्कृति र उल्लास जोडिएको विशेष पूजनीय पर्वका रूपमा लिइन्छ । अवधी क्षेत्रमा फगुवाको तयारी वसन्त पञ्चमीकै दिनदेखि सुरु हुन्छ । यस दिन गाउँको सार्वजनिक स्थान वा चोकमा 'होलिका दहन' गरिने ठाउँमा एउटा काठको लिङ्गो (चिर/एरन्डीको बोट) गाडिन्छ । त्यस दिनदेखि गाउँका मानिसहरू बेलुकाको समयमा जम्मा भएर परम्परागत फगुवा गीतहरू गाउन थाल्छन् । फागुन पूर्णिमाको रातमा अवधी समाजमा 'सम्मत'

(होलिका दहन) गर्ने चलन छ । गाउँभरिका मानिसहरूले जम्मा गरेको गुइँठा (गोबरको गुइँठा), दाउरा र खरको थुप्रोमा आगो लगाइन्छ । यसलाई असत्यमाथि सत्यको जितको प्रतीक मानिन्छ । सम्मतको आगो बलिरहेका बेला गहुँ र जौका नयाँ बालाहरू (होरहा) आगोमा पोलेर प्रसादको रूपमा खाने र एकापसमा बाँड्ने गरिन्छ, जसले नयाँ बाली भित्रिएको खुसीयाली झल्काउँछ । अवधी होलीको मुख्य आकर्षण भनेको यसको परम्परागत लोक सङ्गीत हो । यस समयमा गाउँका पुरुषहरू समूहमा जम्मा भई ढोलक, मजीरा र भ्याली बजाउँदै 'जोगीरा सररर...' र 'फगुवा गीत' गाउँछन् । यी गीतहरूमा भगवान राम-सीता र कृष्ण-राधाका प्रेमलीला, आध्यात्मिक गाथा र सामाजिक व्यङ्ग्यहरू समावेश हुन्छन् । होलिका दहनको भोलिपल्ट बिहान सबैरै सम्मतको राखी, माटो वा हिलो (धुलेन्डी) खेलेर पर्वको सुरुआत गरिन्छ, जसलाई पृथ्वीप्रतिको सम्मान पनि मानिन्छ । त्यसपछि दिउँसो एकापसमा विभिन्न प्रकारका रङ र अबिर दलेर खुसीयाली साटासाट गरिन्छ । फगुवामा अवधी घरहरूमा विशेष परिकारहरू पकाइन्छ । यस पर्वमा 'गोझिया' (एक प्रकारको बुट्टेदार मिठाइ), मालपुआ, पुरी, छोला, र विभिन्न प्रकारका अचारहरू बनाउने अनिवार्य परम्परा छ । साँझपख सफा र नयाँ कपडा लगाएर छिमेकी तथा आफन्तको घरमा गएर अबिर लगाउने र गुझिया खाने चलन छ । अवधी समाजमा फगुवा एकमात्र यस्तो पर्व हो जहाँ उमेर र प्रतिष्ठाको बन्धन खुकुलो हुन्छ । वर्षभरिको रिसराग, मनमुटाव र शत्रुता बिर्सेर मानिसहरू एकापसमा अङ्गालो हाल्छन् (गले मिल्ने) र सम्बन्धलाई नवीकरण गर्छन् । संक्षेपमा भन्नुपर्दा, अवधी समाजको फगुवा कृषि जीवनको थकान मेट्ने, लोकसंस्कृतिको संरक्षण गर्ने र समाजमा अमिट भाइचारा कायम राख्ने एउटा समृद्ध सांस्कृतिक धरोहर हो ।

८.१.१३. सतुवानि

सतुवानि (सतुआइन वा सतुआनी) अवधी र समग्र तराई-मधेस समुदायमा नयाँ वर्ष र ग्रीष्म ऋतुको आगमनको स्वागतार्थ मनाइने एक प्रकृतिपरक र स्वास्थ्यमैत्री सांस्कृतिक पर्व हो । सौर्य मास अनुसार सूर्य मीन राशिबाट मेष राशिमा प्रवेश गर्ने दिन (अर्थात् मेष संक्रान्ति/वैशाख १ गते) यो पर्व विशेष हर्षोल्लासका साथ मनाइन्छ । यसलाई अवधी लोकसमाजमा कृषि, दान र खानपानसँग जोडिएको एक महान् लोकपर्वका रूपमा लिइन्छ । यस पर्वमा हिउँदे बालीका रूपमा भित्र्याइएको नयाँ जौ, चना, गहुँ र मकैलाई भुटेर तयार पारिएको सातु (सत्तू) कुलदेवता र देवीदेवतालाई प्रसादका रूपमा चढाइन्छ । सातु देउतालाई चढाइसकेपछि परिवारका सबै सदस्यले अनिवार्य रूपमा सातु, सख्खर (गुड) र काँचो आँपको टिकुला (सानो आँप) बाट बनेको चटनी खाने गर्दछन् । सतुवा खाइने हुनाले नै यसको नाम 'सतुवानि' वा 'सतुआइन' रहन गएको हो । ग्रीष्म (गर्मी) को सुरुवात हुने भएकाले यस दिन ब्राह्मण तथा गरिबहरूलाई शीतल जलले भरिएको माटोको घैटो (घैला), सातु, आँपको टिकुला र हातले हम्कने बाँसको पङ्खा दान गरिन्छ । अवधी र भोजपुरी संस्कृतिमा मेष संक्रान्तिसँगै 'खरमास' (मङ्गल कार्यका लागि शुभ नमानिने महिना) समाप्त भई शुभ समयको सुरुवात भएको मानिन्छ । आयुर्वेद र लोकविश्वास अनुसार, वैशाखको कडा गर्मीमा सातु र सख्खरले शरीरलाई भित्री रूपमै शीतलता प्रदान गर्छ । "सातु खाएर शत्रु परास्त गर्ने र मिठो बोली बोल्ने" लोकविश्वास यस पर्वसँग जोडिएको छ ।

८.१.१४. चइत रामनवमी पर्व

अवधी समाजमा चैत्र रामनवमी पर्व भगवान् श्रीरामको जन्मोत्सवको रूपमा अत्यन्तै हर्षोल्लास र सांस्कृतिक महत्त्वका साथ मनाइन्छ । त्रेतायुगमा चैत्र शुक्ल नवमीका दिन अयोध्यामा मर्यादा

पुरुषोत्तम भगवान् श्रीरामको जन्म भएकाले अवधी संस्कृति र भूगोल (विशेष गरी नेपालको लुम्बिनी प्रदेशका कपिलवस्तु, रूपन्देही, बाँके, बर्दिया र सीमावर्ती क्षेत्र) मा यो पर्वको विशिष्ट स्थान छ । रामनवमीको मुख्य पूजा भगवान् रामको जन्म भएको समय अर्थात् मध्याह्न (दिउँसोको समय) मा गरिन्छ । श्रद्धालुहरू दिनभरि निराहार वा फलाहार व्रत बस्छन् । रामायण पाठः घर-घर तथा मन्दिरहरूमा गोस्वामी तुलसीदासद्वारा अवधी भाषामै रचित 'रामचरितमानस' र रामायणको अखण्ड पाठ गरिन्छ । अवधी लोकभाकामा सोहर (जन्मोत्सवमा गाइने गीत) र रामलीलाका प्रसङ्गहरू गाएर रातभर जागरण बस्ने चलन छ । अवधी क्षेत्रका स्थानीय राम मन्दिर, हनुमान गढी र जानकी मन्दिरहरूमा बिहानैदेखि भक्तजनको घुइँचो लाग्छ । श्रद्धालुहरू यस दिन नजिकका पवित्र नदी तथा सरोवरहरूमा स्नान गरी पूजा अर्चना गर्छन् । पूजा समाप्त भएपछि समुदायका सबै मानिसहरूलाई 'प्रसाद' र 'भण्डारा' मार्फत भोजन गराइन्छ, जसले सामाजिक एकता बढाउँछ । यस दिन पञ्चामृत, पञ्जीरी (धनियाँ वा गहुँको पीठो भुटेर बनाइने प्रसाद), मखानको खिर र पुरी जस्ता परिकारहरू तयार पारिन्छन् । चैत्र नवरात्रिको समापनसँगै मनाइने यो पर्वले अवधी समुदायमा असत्यमाथि सत्यको विजय र पारिवारिक आदर्शको सन्देश फैलाउने काम गर्दछ ।

८.१.१५. बुद्ध जयन्ती

सिद्धार्थ गौतम बुद्धको जन्म, महाभिनिष्क्रमण, बोधिसत्व तथा महापरिनिर्वाण जस्ता घटनाहरू भएको बैशाख शुक्ल पूर्णिमालाइ बुद्ध जयन्तीको रुपमा मनाउने गरिन्छ । यस अवसरमा लुम्बिनीमा विशेष कार्यक्रम सम्पन्न गर्नुको साथै शान्तिनगर लगायतका बौद्ध विहारमा विहान बौद्ध परम्परा अनुसार स्तोत्र पाठ धारिणी प्रवचन, बुद्धको प्रतिमालाइ खट्मा राखी खट्जात्रा सम्पन्न गर्ने चलन छ ।

८.२. मुस्लिम समुदायका व्रत र त्योहार

क) रामजान वा रोजा (व्रत) ख) इद उल फित्र वा इद (त्योहार) ग) इद उल जुहा वा वकरीद (त्योहार) घ) मोहर्रम (त्योहार) ङ) सुबेरात (त्योहार)

८.२.१. इद (इदुल फित्र)

अवधी समाजका मुसलमानहरूले परम्परागत ढङ्गले विभिन्न चाडपर्वहरू मनाउछन् । यसै क्रममा इदमा यस समुदायले नराम्रा र गलत विचारहरूको नियन्त्रण गर्दै प्रेम, शुद्धता, भक्तिभाव, धैर्य, चेतना, निःस्वार्थता, निष्ठा तथा मनोवलको विकास गर्ने विश्वास गरिने रमजानको रोजा सकिए पछि मनाइने पर्वका रूपमा इदलाइ (इदुलफित्र) लिन्छन् । हिजरी सम्वत् अनुसार हरेक वर्ष शौब्वाल महिनाको पहिलो तारिखमा मनाउने यो चाड वि.सं.को कुनै पनि महिनामा पर्न सक्दछ । यस चाडमा गरिबहरूलाइ दान दिने गरिन्छ ।

८.२.२. बक्र इद

इदुलफित्र पर्वको दुइ महिना दस दिन पछि अर्थात् अरबी बर्षको जिल हिज्जा महिनाको दसौं तारेख देखि तीन दिनसम्म बक्रइद वा इदुल अजहा पर्व मनाउने गरिन्छ । हजरत इब्राहीमले अल्लाह (इश्वर) को निम्ति छोरा इस्माइल अलैहिस्सलामको समेत कुर्बानी गर्न तयार भएकोले यसको सम्झनामा यो

पर्व मनाइन्छ । इदुल-अजहा नमाज पछि अल्लाहको सम्मानमा पशु हलाल (काट्ने काम) गरी आफ्ना नातेदार, छरछिमेकी र गरिब गुरुवालाइ खान खुवाउने चलन छ । गरिब तथा असक्षम व्यक्तिलाइ भने छुट हुन्छ ।

८.३. हिन्दु इस्लाम सदभावको पर्व मोहर्रम

मोहर्रम इस्लाम धर्ममा विश्वास गर्ने मानिसहरूको प्रमुख पर्व हो । यो इस्लाम धर्मावलम्बीहरूको पहिलो महिना हो । इस्लाम धर्ममा यस महिनाको अत्यन्त विशेषता र महत्व छ । सन ६८० मा यसै महिनामा कर्बला नामक स्थानमा एउटा धर्म युद्ध भएको थियो, जुन पैगम्बर हजरत मुहम्मद स० का नाती तथा इब्न ज्यादका बीच भएको थियो । यस धर्म युद्धमा वास्तविक जीत हज़रत इमाम हुसैन अ० को भयो । तर हेर्दाखेरि इब्न ज्यादका कमांडर शिम्रले हज़रत हुसैन रज़ी० तथा उनका सबै ७२ साथिहरू (परिवारका) लाइ शहीद बनाइ सकेको थियो । जसमा उनका छः महिनाका छोरा हज़रत अली असग़र पनि शामिल थिए ।



मोहर्रम पर्वको दृश्य

त्यही बेला देखि दुनियाका मुसलमान मात्रै होइन अन्य धर्मका मानिसहरूले पनि यस महिनामा इमाम हुसैन तथा उनका साथीहरूको शहादतका दिन ग़मका रूपमा मनाएर उनलाइ याद गर्छन् । यो घटना आशूरे का दिन यानी मुहर्रमको दशवीका दिन भएकोले यसै दिन यो पर्व मनाइन्छ । यस घटनामा हजरत मुहम्मदका नाती हजरत हुसैन पनि शहीद भएका थिए ।

अवधी भाषी क्षेत्रका धेरै ठाउहरूमा मोहर्रमका दिन शिया मुसलमानहरूले मातम मनाउछन् र यसमा यहाका हिन्दुहरू पनि त्यही रूपमा यसमा सहभागी हुन्छन् । लुम्बिनी सांस्कृतिक नगरपालिका वार्ड नं. १० अन्तर्गत महिवार गाउको समयमाइ मन्दिर नजिक रहेको कर्बलामा यस दिन ठुलो मेला लाग्नेगर्छ ।

८.४. चाडपर्व सम्बन्धी प्रदर्शनहरू

चाडपर्वहरू विभिन्न प्रदर्शनकारी कलाका कार्यक्रमहरूका लागि उपयुक्त अवसर मानिन्छन । दशैंको अवसरमा पहाडतिर कोटमा जम्मा भै अष्टमी र नवमी गरिने मार हान्ने वा शस्त्राभ्यास को प्रदर्शन हुन्छ । यसै प्रकारले तलवार संचालन प्रर्दशन पनि गरिन्छन । तराइतिर नाग पञ्चमी (श्रावण सुदी पञ्चमी) पुजा आर्जाका साथसाथै कुस्ती र लट्ठी हात अभ्यास प्रदर्शन गरिन्छन । “गुडिया पीट्ने” यस चाडको प्रमुख प्रदर्शन हो । युवतिहरू पुजा प्रसाद आदि लिएर सामुहिक गायन गर्दछन र पीट्ने उपक्रमका थलाहरूको संख्या पुऱ्याएर जलाशय, नदी वा खोलामा विसर्जन गर्दछन । यो पनि बालक

वर्गको प्रारम्भिक लट्ठी अभ्यास कै रुपमा लिन सकिन्छ । यसै किसिमले अन्य चाड-पर्वहरूमा पनि समयानुकूल मनोरन्जनात्मक प्रदर्शनहरू गर्ने गरिन्छ ।

यसै किसिमले मोहर्रमका समयमा विभिन्न रंगका तहजिया बनाएर वाजागाजा सहित अवधी क्षेत्रका गाँउघरमा जुलुश निकालिन्छ । यो बेला लाठी तथा अन्य खेल पनि हुने गर्छन ।

गरिनु पर्ने कार्यहरू

चाडपर्व मनाउने कार्यप्रति मानिसहरूमा आस्था रहेपनि यसमा विस्तारै विभिन्न किसिमका विकृतिहरू आइसकेकाले सम्बन्धित धार्मिक समुदायहरूको सक्रियतामा विशेषगरि युवा पीढीलाइ यसको सामाजिक तथा पारिवारिक महत्त्वलाइ देखाउदै यी सबैले निरन्तरता पाइराख्ने वातारण बनाउनु पर्छ ।



हिन्दु तथा ईस्लाम धर्मावलम्वीहरुको साझा पर्व मोहर्रमको वाद्यवादन दृश्य

अध्याय-९

अवधी समाजको भोजन व्यवस्था

गंगा जमुनी संस्कृतिमा आधारित यस क्षेत्रमा समशीतोष्ण जलवायु रहेकाले यहा गर्मी, वर्षा शिसिर तथा बसन्त ऋतु क्रमानुसार आउने हुनाले यिनले यहाको माटोलाइ अत्यधिक उपजाउ तथा उत्पादक बनाउने गर्छन । यी हरेक जलवायुमा फरक फरक किसिमका अन्न, फल तथा तरकारी उत्पन्न हुने भएकाले यहाका समाजमा पारम्परिक रूपमा उत्पादित हुने व्यञ्जनहरूमा पनि विविधता रहेको पाइन्छ । यी व्यञ्जन क्षेत्रिय जलवायु तथा मौसम अनुकुल हुने भएकाले शरीरलाइ चाहिने पोषणले परिपुर्ण तथा स्वास्थ्यका दृष्टिकोणले पनि अनुकुल हुन्छन् ।



फारा र दोक्ता

यी व्यञ्जनहरूको पर्व, उत्सव तथा संस्कारहरूसित गहिरो सम्बन्ध हुन्छ । उदाहरणका लागि गोझियाको नाम आउने वित्तिकै होली तथा सेवइंको नाम आउदा इदको विम्ब उपस्थित हुने गर्छ । यसै प्रकारले बरा, दहीबडा, दलभरी पुडी आदिको नाम आउने वित्तिकै संस्कारहरूको विम्ब हाम्रो सामुन्ने उपस्थित हुने गर्छ । यी मध्ये यस भुभागमा पाइने केही व्यञ्जनहरूका सामायिक सन्दर्भ यस प्रकार छन् । (मिश्रा,२०१२:१०)

९.१. पर्व तथा उत्सव सम्बन्धी :- पर्व तथा उत्सवहरूमा बनाइने व्यञ्जनहरूलाइ पकवान भनिन्छ । होली, इद, दीपावली, नागपञ्चमी, मकर संक्रान्ति, करवाचौथ, आदिका अवसरमा सवईं, पुडी, कचौड़ी, दालपुरी, दहीबडा, मालपुवा, गुलगुला, गोझिया, फारा आदि पकवान बनाइन्छन् । (मिश्रा,२०१२:११)

९.२. व्रत सम्बन्धी :- व्रतका अवसरमा फाफडका परिकार, आलुका परिकार, वाक्लाका परिकार, सिकंजी, शकरकन्दको खीर, सिंगाडाको लप्सी, अमावटको चटनी, आपको गुठलीको रोटी आदि यस समाजमा बनाइन्छ । (मिश्रा,२०१२:१२)

९.३. संस्कार सम्बन्धी :- पर्वका जस्तै विभिन्न संस्कार अर्थात जातकर्म, सीमान्तोनयन, अन्न प्राशनमुण्डन, यज्ञोपवीत, विवाह, द्विरागमन तथा अन्त्योष्टि जस्ता संस्कारहरूमा पुड़ी, कचौड़ी, दाल, दही बड़ा, खीर, सोठौरा, हरीरा, पना फुलौरी, उरुद कै खड़ी दाल आदि व्यञ्जन बन्छन् । (मिश्रा, २०१२:१२)

९.४. मौसम सम्बन्धी :- हरेक ऋतुमा प्रकृतिले केही न केही खाद्य पदार्थ उपलब्ध गराउछ, जसको त्यस समयका व्रत पर्व तथा संस्कारगत कार्यमा विशेष महत्वका साथ व्यञ्जन तयार गरिन्छ । यसमा महुवा, कटहर, शकरकन्द, आम(आप), टेउंसा, कोहड़ा (फर्सी)को फुल, सनइको फुल आदि आउछन् । (मिश्रा, २०१२:१२)

९.५. श्रम सम्बन्धी :- गंगा जमुनी संस्कृतिमा आधारित यो समाज पारम्परिक रूपमा श्रम संस्कृति तथा कृषि संस्कृतिमा आधारित छ । पारम्परिक रूपले हेर्दा यहाका मानिसहरू श्रम संस्कृतिका रूपमा आफ्नो जातीय पेशाका साथै कृषी सम्बन्धी विभिन्न सामाग्रीको उत्पादनमा तल्लीन हुन्छन् । यो बेला वहाहरूलाइ सहज तथा गरिष्ठ भोजनको आवश्यकता रहेकाले सो समयमा खाने चना, मटर, उर्द, महुवा आदिबाट बन्ने घुघरी, सतुवा(सत्तु), लाटा, चबैना आदि खाने गर्छन् । (मिश्रा, २०१२:१२)

९.६. सागभाजी :- साग वा हरियो तरकारीको भोजनमा विशेष महत्व हुन्छ । यसलाइ आयरनको स्रोतका रूपमा पनि लिने गरिन्छ ,साथसाथै रोग प्रतिरोधी पनि हुन्छ । उदाहरणका लागि चना, सरसो, वेथुवा (वेथे), पालक, मेथी, चौलाइ, अमलोना, मकोय, गुमा आदिका साग यहा अत्यन्त रुचिका साथ खाद्य पदार्थका रूपमा खाने गरिन्छ । (मिश्रा, २०१२:१२)

९.७. स्वास्थ्य वा औषधीय भोज्य :- भोजनको सीधा सम्बन्ध हाम्रो स्वास्थ्यसित हुन्छ । उदाहरणका रूपमा गोमा (द्रोण पुष्पी) तथा मकोयको शाग पीलिया रोगमा सहयोगी हुन्छ । जीर्ण ज्वरो तथा भोक न लाग्ने अवस्थामा पनि यो विशेष उपयोगी हुन्छ । यस्तै सोठौरा तथा हरीरा पनि प्रसुता महिलाहरूलाइ स्वास्थ्यका लागि आश्चर्यजनक लाभ प्रदान गर्छ । आलसको लड्डुले शरीरको कमजोरी हटाउछ । (मिश्रा, २०१२:१३)

९.८. पेय :- यस क्षेत्रका समाजमा ऋतु अनुसारको पेय पदार्थलाइ अत्यन्त रुचिका साथ खाने गरिन्छ । यी पेय पदार्थहरूबाट शरीरलाइ तुरन्त उर्जा प्राप्त हुनुका साथै यी शरीरका लागि सुपाच्य हुन्छन् । यसका साथै यिनीहरूले शरीरका विभिन्न अंगहरूको सरसफाइ पनि गर्ने गर्छन । उदाहरणका लागि उखु, भेली, कागती पानी, बेल, आप आदिको रसलाइ लिन सकिन्छ । यसका साथै यी मध्ये केहीमा पुदिना पनि मिलाएर खाइन्छ । जुनकि ऋतु अनुसार शरीरलाइ रुचिकर हुनुका साथै स्वास्थ्यका दृष्टिकोणले पनि उपयोगी हुन्छन् । (मिश्रा, २०१२:१३)

९.९. षटरस भोज्य :- यसलाइ यहा मूल रूपमा चटनीका रूपमा खाने गरिन्छ । यसलाइ यहाका समुदायमा स्वाद तथा भोजनमा रोचकता ल्याउनका लागि प्रयोग गर्ने गरिन्छ । चटनीलाइ स्वास्थ्यका दृष्टिकोणले अहिले उपयोगी नमानिए तर्पनि यसमा छ रसहरू क्रमशः गुलियो (मीठा), अमिलो (खट्टा), पीरो (कडुवा), नुनिलो (नमकीन), तिक्त तथा टर्रो (काषाय) हुन्छ । यसले हाम्रो शरीरका लागि आवश्यक रसजन्य हरेक किसिमका सुक्ष्म तत्वहरूको आपुर्तिमा सहयोग गर्ने गर्छ । यी मध्ये केहीलाइ त स्वास्थ्यका दृष्टिकोणले पनि विशेष उपयोगी मानिन्छ । उदाहरणका लागि मूली, पपीता, लौका आदिको सलाद तथा पुदीना तथा कागती र आमलाको चटनी र अचारलाइ लिन सकिन्छ । (मिश्रा, २०१२:१३)

यस समाजमा यी खाद्य पदार्थ सम्बन्धी लोकोक्ति पनि रहेका छन् । जुन यस प्रकार छन् :

सावन हरैं भादो चीत । क्वार मास गुड खायउ मीत ॥
कात्तिक मूली अगहन तेल । पूस मे किहेव दूध से मेल ॥
माघ मास घिउ खिचडी खाय । फागुन उठि के प्रात नहाय ॥
चइते चना बैसाखे बेल । जेठै सयन असाढे खेल ॥
जो यी बारह सेवन करै । रोग दोख सब तन कै हरै ॥

☐ साउनमा हर्रा, भदौमा चीत, असोजमा खाड कार्तिकमा मूली, मङ्सिरमा तेल, पुसमा दुध, माघमा घिउ जाउलो, फाल्गुनमा बिहान नुहाउनाले, चैत्रमा नीम, वैशाखमा बैल जेठमा दिउसो सुत्नाले र असारमा खेल्नाले स्वास्थ्यलाइ लाभ हुन्छ । ज जसले यी बारह वटा सामाग्रीको सेवन गर्छ, उसको तनको सबै रोग दोषको हरण अर्थात नास हुन्छ ।

चैतै गुड वैसाखे तेल । जेठ कै पंथ असाढ कै बेल ॥

सावन सतुवा भादो दही । क्वार करैला कात्तिक मही ॥

अगहन जीरा पूसे धना । माधे मिसरी फागुन चना ॥

यी बारह जो देय बचाय । वा घर बैद कबौं न जाय ॥

☐ चैत्रमा सक्खर वैशाखमा तेल, जेठमा बाटो हिडनु, असारमा बेल, साउनमा सत्तु, भदौमा दही, असोजमा करैला, कात्तिकमा मही, मङ्सिरमा जीरा, पुसमा धनिया, माघमा मिस्री, फागुनमा चना यी बाह्र कुरा खान र गर्नबाट जो आफूलाइ बचाउछ, त्यसको घरमा वैद्य आउदैन ।

गरिनु पर्ने कार्यहरू

आफ्ना पारम्परिक खानपानप्रति खासै आकर्षण पाइदैन । यी खानपानहरू स्थानीय वातावरण तथा स्वास्थ्य अनुकुल रहेकाले सम्बन्धित धार्मिक तथा सामाजिक समुदायहरूको सक्रियतामा विशेषगरि युवा पीढीलाइ यसको सामाजिक तथा पारिवारिक महत्त्वलाइ देखाउदै यी सबैले निरन्तरता पाइराख्ने वातारण बनाउनु पर्छ ।

अध्याय-१०

अवधी लोक समाजका संस्कार

१०.१. परिचय

'संस्कार' सामाजिक जीवन प्रणालीको उपज हो । फिरन्ते जीवनकालमा कुनै संस्कारको आरम्भ भएको थिएन । त्यतिबेलाको मान्छेको मुख्य समस्या भनेको पेट भर्नु थियो । मानव जब स्थायी बसोबास गर्न आरम्भ गऱ्यो तब सामाजिक प्राणी बन्दै जाँदा सामाजिक संरचनाहरू पनि बन्दै गए र अनेक संस्कार चाडपर्व, पूजापाठको प्रचलन आरम्भ हुँदै गए । पूजा-पाठ-प्रार्थना, भूतप्रेत, देवता सम्बन्धी विषयहरू मूलतः प्राकृतिक घटना-परिघटनाहरूले ल्याएको देखिन्छ । प्रसिद्ध मानवशास्त्री गार्वन चाइल्डले मान्छेमा यस्ता विषयहरू विकास भएको नयाँ ढुङ्गे युगलाइ क्रान्तिको समय भनेका छन् (खत्री, २०७० : भूमिका खण्ड) । खत्रीले (२०७० : भूमिका खण्ड) संस्कारहरू प्रतीकात्मक हुने कुरा उल्लेख गर्दै घरमा कुनै सदस्यको मृत्यु हुँदा गरिने काजकिरिया, दानपुण्य वा श्राद्ध आदि घरमा कुनै सदस्यको मुत्युबाट सिर्जित तनाव कम गरी सन्तुलन मिलाउन गरिएका कार्य भएको उदाहरण दिएको पाइन्छ ।

मानव जीवनमा जन्मदेखि मृत्युसम्म (जन्मभन्दा अघि र मृत्युपछि पनि निकै धेरै संस्कार गरिन्छन्) समुदाय अनुसार सङ्ख्याका दृष्टिले निकै धेरै संस्कारहरू गर्ने परम्परा पाइन्छ तर, अवधारणालाइ आधार मान्दा ती संस्कारहरूलाइ कम सङ्ख्याभित्र समावेश गर्न सकिन्छ ।

अवध क्षेत्रमा भाषिक दृष्टिले बसोबास गर्ने समुदायबीच समानता भएपनि जातीय धर्मका दृष्टिले धेरै प्रकारका समुदायहरूको बसोबास पाइन्छ । अवधी समाज हिन्दु तथा इस्लाम धर्मावलम्बीहरूको साझा समाज हो । यहाँ हिन्दु समुदाय अन्तर्गतका जातिहरू यादव (अहिर), ब्राह्मण, क्षत्री, कुर्मी (वर्मा, चौधरी), श्रीवास्तव (कायस्थ), गुप्ता (बनिया), कलवार, कोहार, नाँउ, लोहार, सोनार, माली, मल्लाह, केवट, लोनिया, कहार, गडरिया (भेडिहार), कोइरी, हलवाइ, कान्दु, बढ़इ, धोबी, पासी, चमार, तेली, मुराऊ, मारवाडी, शिख, पत्थरकट्ट, नट्ट, चिडिमार, धरिकार, धोबी, वाडिया, अग्रहरी, कसौधन, बरइ, लोध, कोरी का साथै मुस्लिम समुदायका जातिहरू सैयद, साह, पठान, इराकी, फकिर, अन्सारी, जोलहा, धुनिया, कबाडी, गद्दी, दर्जी, चुरिहार, कुरैसी, नाँउ, डफाली, बन्जारा, नटुवा लगायतका जातिहरूको बसोबास रहेको छ । (त्रिपाठी, २०६६ : ५१) ।

१०.१.१. हिन्दु धर्मावलम्बीहरूका संस्कार

संस्कारहरूलाइ धार्मिक तथा सामाजिक दुवै रूपमा महत्वपूर्ण स्थान प्राप्त रहेको यस अवधीसमाज अन्तर्गतको हिन्दु धर्मावलम्बीहरूमा जन्मदेखि मृत्युसम्म कुल सोह्रवटा संस्कारहरू प्रचलन रहेको पाइन्छ । यी संस्कारहरू यस प्रकार रहेका छन् :

१. गर्भाधान २. पुंसवन ३. सीमन्तोन्नयन (जन्म) जाति कर्म ४. जन्म संस्कार, ५. नामारकण ६. निष्क्रमण ७. अन्नप्राशन ८. चूडाकर्म ९. कर्णवेध १०. उपनयन (व्रतवन्ध) ११. विद्यारम्भ १२. समावर्तन १३. विवाह १४. वानप्रस्थ १५. सन्यास १६. अन्त्येष्टि ।

यसरी हेर्दा अवधी लोकजीवनमा जन्मदेखि लिएर मृत्युसम्मको सम्पूर्ण जीवन संस्कारमय रहेको छ। यस लोकसमाजमा जन्मभन्दा पूर्व पनि केही संस्कारहरू रहेका छन्, जसको आफ्नै महत्व छ। यी संस्कारमा गर्भाधान तथा पुंसवन मुख्य छन्। यसै किसिमले जन्मदेखि मृत्यु सम्मको संस्कारहरूमा जन्म, व्रतवन्ध (मूड़न), विवाह तथा मृत्यु संस्कार मुख्य संस्कारका रूपमा आउछन्। जन्मदेखि मृत्युसम्मका सांस्कारिक कार्यहरूलाइ संस्कार भने पनि लोकजीवनमा जन्मअघि र मृत्युपछि पनि संस्कारहरू सम्पादन गर्ने चलन छ। अवधी समुदायमा पनि यस्ता संस्कार प्रचलनको परम्परा छ। अवधी समाजका हरेक जातिमा मनाइने यी हरेक संस्कारमा वाद्य यन्त्रका रूपमा ठुलो आकारको डफ (डफला) प्रयोग गर्ने गरिन्छ। यहाँ अवधी समुदायमा प्रचलित संस्कारहरूको बारेमा जानकारी दिने लक्ष्य राखिएको छ।

१०.१.१.१. गोद भराइ

स्वरूपका दृष्टिले अवधी लोकजीवनमा उपलब्ध संस्कारहरूमध्ये पुत्रजन्मसम्बन्धी संस्कार पहिलो र मुख्य हो। धार्मिक र समाजिक रूपले मानवजीवनको प्रारम्भ विन्दुका रूपमा यसलाइ लिने गरिएको हुनाले अवधी लोकजीवनमा खुशियाली र हर्षको साटासाट गर्ने संस्कारका रूपमा यसलाइ मनाउने गरिन्छ। गर्भवती महिलामा गर्भधारणको निर्णय भएदेखि सातौ महिनासम्म सिन्दुर लगाउन तथा श्रृङ्गार गर्न मनाहि गरिएको हुन्छ। सातौ महिना पूरा भएपछि 'गोद भराई' को कार्य गरिन्छ। जसमा गर्भवती महिलाको माइतीतिरबाट विशेष किसिमका उपहारहरू प्रदान गरिन्छ। यो एक प्रकारको बधाइ ज्ञापन हो। यस अवसरमा 'सोहर' गीत गाइन्छ। गीतमा गर्भिणीको इक्षा र शारीरिक अवस्थाको बयान छ। यस अवसरमा अतिथिहरूलाइ मिठाई आदि खुवाउने र स्वागत गर्ने चलन छ।

आजभोली अवधी समाजको हिन्दु धर्मावलम्बीहरूमा गोद भराइको परम्परा लगभग लगभग हराइसकेको अवस्थामा छ।

१०.१.१.२ जन्म संस्कार

'जन्म'ले घरमा नव सदस्यको पदार्पण हुन्छ। त्यसैले यस संस्कारलाइ सुखद् अवसरका रूपमा लिइन्छ। अवधी समुदायमा गर्भवतीलाइ प्रसव प्रक्रिया शुरू भएको थाहा हुनासाथ उसको शिशुको स्वास्थ्यका दृष्टिले रेखदेख र प्रसवकाल कम गरी शिशु जन्म छिटो गराउन अनुभवी महिला तथा चमाइन(सुसारे/सुँढेनी) लाइ बोलाइन्छ। शिशु जन्म हुनासाथ सुरक्षित र सफा साधनले बच्चाको नाभी काट्ने कार्य हुन्छ। जन्म दिनदेखि नामकरणका दिनसम्म नवशिशुलाइ भूतप्रेत तथा अन्य कुदृष्टिबाट जोगाउनु पहिलो आवश्यकता ठानिन्छ। यसका लागि एउटा माटोको घैंटो फोडेर त्यसको आधा भाग (खपटा)मा आगो बालिन्छ र त्यो आगो बालिएको घैंटोको खपटो (त्यसमा बेलको काँडो र बनकसी पनि हालिन्छ) सुत्केरी राखिएको कोठा भन्दा अगाडि राखिन्छ। सुत्केरीलाइ भेट्न आउने आगन्तुकहरूले हात गोडा धोएर त्यस आगोमा सेकाएर मात्रै सुत्केरी र नवजात शिशु भेट्न सक्छन्। यो परम्परा सुत्केरी र नवशिशुको स्वास्थ्यका दृष्टिले वैज्ञानिक देखिन्छ। अवधी समुदायमा जन्म संस्कारका सन्दर्भमा 'छठ्ठी' र 'बरही' महत्वपूर्ण संस्कार हुन्।

१०.१.१.३. छठ्ठी

छट्ठि शिशु जन्मेको छैठौ दिनको आसपासमा मनाइन्छ । यो शिशु जन्म पछिको सबैभन्दा महत्वपूर्ण अवसर हो । यो दिन सगोलका सबै कुटुम्बहरूलाइ सपरिवार बोलाइन्छ । त्यो दिन सबैलाइ कच्चा भोजन (रोटी, दाल, भात, तरकारी) खुवाइन्छ । यो दिन दालका रूपमा मासको दाल तथा वरा बनेको हुन्छ । वरालाइ दहीमा डुबाइएको हुन्छ । यसलाइ दहीवरा भन्ने गरिन्छ ।

यस अवसरमा छट्ठिको चित्र बनाइएको हुन्छ । जसमा देवी देवता (सुर्यचन्द्र, गंगा, यमुना, गृह देवता, ग्राम देवता (डिउहार) तथा पूर्वजहरूको साथ मध्यमा आमा तथा शिशुको पनि चित्र हुन्छ । यस छट्ठिको चित्रलाइ सबैभन्दा पहिला घरको सबैभन्दा बरिष्ठ व्यक्तिले पूजा गर्छन् । त्यसपछि क्रमशः परिवारका अन्य सदस्यहरूले पनि पूजा गर्छन् । उक्त अवसरमा छट्ठि गीत पनि गाइन्छ ।

शिशु जन्मको छैठौं दिनमा गरिने संस्कार हो । यस अवसरमा सरसफाइले बढी महत्व पाउँछ । यस दिन सुत्केरीले प्रयोग गरेका लुगा कपडाहरू नदी-खोलामा लगेर धोइन्छ । छठ्ठी दिन रात्रिकालमा महिलाहरूले सोहर गीत गाउँछन् । शिशुलाइ लेख्ने कलम र कापी पक्रन लगाउने पनि चलन छ । यसबाट शिशु अध्ययनशील बन्छ भन्ने लोकविश्वास छ । कतै शिशुलाइ शिशुकी फुपूले आँखामा गाजल लगाइदिने र त्यस वापत भाउजूले नन्दलाइ नेगं (उपहार वा शुल्क) दिनुपर्ने समेत चलन छ । छठ्ठीको रात्रिभरि सोहर गाएर रमाइलो गर्ने चलन छ । भारतको उत्तर प्रदेश अन्तर्गत रहेको रायबरेलीमा छठ्ठीमा गाइने गीतलाइ 'काजल' पनि भन्दछन् (जैन, १९९९ इ. : ५८) । त्यसैगरी बुन्देलखण्डमा यस अवसरमा 'बधाइ' गाउने चलन छ ।

नेपालमा छठ्ठीको दिन आमाको साथै शिशुलाइ पनि स्नान गराउने र सुपोमा सुताइन्छ । यस दिन शिशुकी फुपूले पहिलो पटक शिशुलाइ झुलामा सुताउँछिन् (आचार्य, २०७१:१२) । अवधी समाजमा यस दिनलाइ बालकको उमेर निर्धारण गर्ने दिनका रूपमा समेत लिने चलन छ (भगवानदास यादव, २०६७:१०) ।

१०.१.१.४. बरही

शिशु जन्मेको बाह्रौ दिनमा गरिने संस्कारहरूलाइ वरही भनिन्छ । यस दिनमा सुत्केरीलाइ चोख्याउने काम गरिन्छ । घर आँगन लीपपोत गरिन्छ । बच्चालाइ नुहाइ धुवाइ गराइन्छ । यो कार्य मुख्यतः सालनाल काट्ने चमाइन (सुडेनी) द्वारा गराइन्छ र सो वापत वहाँहरूले नेगका रूपमा धान, चामल, लुगाफाटा, रुपया तथा अन्य सामग्री पनि पाउँछन् । शिशुलाइ गाजल लगाउने तथा सुत्केरी महिलाको कोठा लीपपोत गर्ने हक नन्दलाइ (शिशुको फुफु) हुन्छ । यो कार्य गरेवापत वहाँहरूले मनग्य नेग पनि मागेर लिनुहुन्छ ।

वरहीका दिन सम्भव भएसम्म जच्चा वच्चालाइ सत्यनारायाणको कथा पनि सुनाइन्छ । त्यही अवसरमा बच्चाको न्वारन पनि गरिन्छ । यो समयमा आफ्नो क्षमताअनुसार नाता कुटुम्ब, गाँउ, समाज तथा नजिकका मानिसहरूलाइ भोज खुवाउने चलन पनि पाइन्छ ।

यो दिनमा देवी गीत, लोचना, सोहर, उलाराका साथै वरही गीत पनि गाइन्छ ।

'बरही'मा कतैकतै सक्ने परिवारले इष्टमित्रहरूलाइ आमन्त्रित गरी सत्यनारायणको पुजा गर्ने पनि चलन छ । जैनले (१९९९इ.:६७) भारतमा बरही संस्कारमा शिशुको मामा विशेष उपहारहरू सहित

आफ्ना दिदी-बहिनीको घरमा आउने चलन उल्लेख गरेका पाइन्छ । अतः अवधी समुदायमा 'बरही' मङ्गल कामना, मिलन, मनोरञ्जन र इष्ट देवताहरूको आराधना गर्ने धार्मिक-सांस्कारिक अनुष्ठान रहेको प्रतीत हुन्छ ।

पहिला बच्चा जन्मने बेलामा घरमै बच्चा जन्माउनका लागि अनुभवी महिला तथा चमाइन (सुसारे/सुँढेनी) लाइ बोलाइन्थ्यो । शिशु जन्म हुनासाथ सुरक्षित र सफा साधनले बच्चाको नाभी काट्ने कार्य खीया लागेको फलामको धारदार हतियारबाट सुडेनी द्वारा गरिन्थ्यो । जन्म दिनदेखि नामकरणका दिनसम्म नवशिशुलाइ भूतप्रेत तथा अन्य कुदृष्टिबाट जोगाउनु पहिलो आवश्यकता ठानेर यसका लागि एउटा माटोको घैंटो फोडेर त्यसको आधा भाग (खपटा)मा आगो बालिन्थ्यो र त्यो आगो बालिएको घैंटोको खपटो (त्यसमा बेलको काँडो र बनकसी पनि हालिन्थ्यो) सुत्केरी राखिएको कोठाको अगाडि राखिन्थ्यो । सुत्केरीलाइ भेट्न आउने आगन्तुकहरूले हात गोडा धोएर त्यस आगोमा सेकाएर मात्रै सुत्केरी र नवजात शिशु भेट्ने गर्थे । तर हाल आएर अवधी क्षेत्रका महिलाहरू अस्पताल वा स्वास्थ्य चौकीमा आएर आफ्ना बच्चा जन्माउने गर्छन् । यसका साथै सुत्केरी गराइने कोठाका अगाडि धुवा गर्ने चलन पनि हराएर गएको छ । यसका साथै खीया लागेको हतियारको ठाउमा सफा तथा सुरक्षित ब्लेड प्रयोग गरेर नाभि काट्ने गरिन्छ । यसका साथै बरहीका समयमा रिस्तेदार तथा इष्टमित्रलाइ खुवाइने भोजमा तामझाम बढेर गएको छ । यो कार्य अहिले घरमा हुने ठाउमा होटेल वा पार्टी पैलेसमा गर्ने गरिएको छ ।

१०.१.१.५. अन्नप्राशन/पसनी संस्कार

यो शिशुलाइ प्रथम पटक अन्न खुवाउने अवसर हो । यसलाइ अन्नप्राशन संस्कार भन्दछन् । अवधी समुदायमा भने 'पसनी' भनेको पाइन्छ । यो संस्कार शिशु जनमको ६ महिना पुगेपछि सम्पन्न गरिन्छ । यस संस्कारमा माइतीबाट शिशुको मामा (सुत्केरीको दाजु वा भाइ) आफ्ना दिदी बहिनीका घरमा विशेष उपहार (नेग) सहित आउने चलन छ । त्यसरी यस अवसरमा आफ्ना दाजुभाइ नआएमा चेली त्यसबाट दुःखी बन्दछन् ।

यस अवसरमा पनि महिलाहरूले सोहर नै गाउँछन् । यस अवसरको सोहरमा पारिवारिक विषयवस्तु पाइन्छ ।

पासनीमा गाइने गीतहरू आज प्रायः लोप भइसकेको अवस्था छ ।

१०.१.१.६. मुण्डन संस्कार

शिशु केही ठूलो भएपछि उसको गर्भको बाल विधि विधान पूर्वक खौरिन्छ जसलाइ अवधी भाषी समाजमा मूडन भनिन्छ । यी मूड़न संस्कारलाइ चूडाकर्म संस्कारका नामले जानिन्छ । अवधी भाषी समाजमा शिशुको स्वास्थ्य र सुन्दरताका लागि चूड़ाकर्म संस्कार आवश्यक मानिन्छ । लोक विश्वासका अनुसार गभुवार (गर्भको कपाल) रहेसम्म शिशुलाइ दुष्टात्माहरू बाट डर रहन्छ । त्यसै कारण मूड़न नभएसम्म बालकलाइ हिँडडुल गर्न रहेको प्रतिबन्ध हट्छ । यसभन्दा पूर्व बालकको कपाल काट्नमा पनि रोक लागेको हुन्छ, त्यो पनि यसपछि हटेर जान्छ । शिशु जन्मेको पहिलो, तेस्रो, पाँचौ, सातौ वा नवौं वर्षमा शुभ साइत हेरेर मुण्डन संस्कार गर्ने गरिन्छ । यो संस्कार नदीको किनार, देव स्थल तथा

तीर्थस्थलमा सम्पन्न हुने गर्छ । मुण्डन संस्कारमा नाइ र बालककी फुफूको विशेष भूमिका हुन्छ । केश मुण्डन गर्दा काटिएका केश फुफुले आफ्नो आँचलमा थाप्छिन् र केश बाँसको गाँजमा वा नदीमा विसर्जन गर्दछिन् । यस कार्यभित्र एउटा माङ्गलिक कामना रहेको देखिन्छ । यो फुफूले आफ्नो भदा नदीजस्तै गम्भीर बनोस् र लामो आयुको होस् तथा बाँसजस्तै उत्तरोत्तर बढोस् भन्ने कामनाको प्रतीकार्थक क्रिया हो (पूर्ववत्) । यस अवसरमा पनि फुफूलाइ उपहार (नेग) दिने तथा इष्टमित्रहरूलाइ आमन्त्रित गरी भोज खुवाउने चलन छ । मुण्डन संस्कारमा बालकको केश मुण्डन गर्ने नाइलाइ पनि नेगकै रूपमा उपहार दिइन्छ । मुण्डन संस्कारमा बालकका नाता पर्ने महिलाहरूले विभिन्न विषयका सोहर गीत गाउने चलन छ ।

आजभोली अवधी हिन्दु धर्मावलम्बी समाजमा गरिने मुण्डन संस्कार परम्परामा पनि तामझाम बढेर गएको छ ।

१०.१.१.७. जनेव (उपनयन, व्रतबन्ध) संस्कार



व्रतबन्ध संस्कार

जनेव शब्द यज्ञोपवीतको अपभ्रंश रूप हो । वर्ण व्यवस्था अन्तरगतको अवधी भाषी समाज भित्रका ब्राम्हण, वैश्य र क्षत्रिय वर्णको यो महत्वपूर्ण संस्कार हो । जनेव संस्कार गर्न यस समाजमा छुट्टाछुट्टै वर्णकालागि छुट्टाछुट्टै समय तय गरिएको छ । जसअनुसार ब्राह्मणका लागि आठौं वर्ष, क्षत्रियकालागि एघारौं वर्ष र वैश्यकालागि बाह्रौं वर्ष उपयुक्त मानिएको छ । यसै किसिमले ब्राम्हणकालागि वसन्त ऋतु, क्षत्रीयका लागि ग्रीष्म ऋतु र वैश्यको लागि शरद ऋतुमा यज्ञोपवीत संस्कार गराउने विधान छ । यो संस्कारपछि सम्बन्धित व्यक्तिलाइ जनै धारण गर्नु अनिवार्य हुन्छ । पहिला पहिला यो संस्कारपछि नै सम्बन्धित बालकको शिक्षा आरम्भ हुने गर्दथ्यो । उपनयन संस्कारमा यज्ञोपवीत धारण गराउने र गुरूमन्त्र सुनाउने मुख्य विषय हुन् । उपनयन संस्कारमा बालकलाइ साधारण जीवनको अनुभव दिलाउन भिक्षाटन गराउने प्रथा छ । यसबाट बालकमा विनयशीलता-विनम्रता आदि गुणहरू विकास हुने ठानिन्छ ।

जनेउका मुख्य गीतलाइ ब्रम्हचारी (बरुवा) तथा भिक्षा (भीखि) गीत पनि भनिन्छ । यस अवसरमा भीखी गीतका साथै नहछू, नहावन, मड़वा (मण्डप), कलश, हरदी तेल आदि मङ्गल कार्यहरू पनि हुने भएकोले तत तत सम्बन्धी गीत पनि गाइन्छ । यस संस्कारमा पनि सबैभन्दा पहिला देवी गीत, कुल देवता, ग्रामदेवता, पुर्वजआदिको आह्वान गीत गाएर अनि अन्य गीतहरू गाइन्छन् । भिक्षा माग्नु यस संस्कारको मुख्य कार्य भएकोले यस संस्करामा भीखि गीतलाइ प्राथमिकता प्राप्त हुन्छ । यस्ता गीतहरू पनि प्रायः महिलाहरूले नै गाउँछन् । यस अवसरका गीतहरूमा सन्यासी बालक घर-घरमा भिक्षाटन गर्दै हिंडेको प्रसङ्ग छ भने कतै वटुक बालक यज्ञको वेदिमा घुमिरहेको सन्दर्भ पनि उपलब्ध हुन्छ ।

अवधी हिन्दु धर्मावलम्बी समाजमा गरिने उपनयन संस्कार पनि अहिले विवाह हुनुभन्दा पहिले गर्नै पर्ने एउटा संस्कारमा सीमित भएको छ । यसका साथै ब्राह्मण जाति भन्दा इतरका जातिहरूमा यो संस्कार गरिने चलन हराइसकेको छ ।

१०.१.१.८. विवाह संस्कार



विवाहा संस्कारमा पाणिग्रहण हुदै

मानव जीवनमा विवाह संस्कारले विशिष्ट स्थान लिन्छ । रोहतगी (१९७१ इ. : १७२) ले गृहस्थ जीवन विवाह देखि आरम्भ हुने र यो सम्पूर्ण गृहयज्ञहरूको उद्गम वा केन्द्र हो भनेको पाइन्छ । समाज विज्ञानका अनुसार विवाहका मुख्य तीनवटा उद्देश्यहरू हुन्छन्: स्त्री-पुरुषबीचको यौन सम्बन्धलाइ नियन्त्रित, मर्यादित र वैधानीकरण गर्दै सन्तान उत्पत्ति-संरक्षण तथा नैतिक, धार्मिक एवं सामाजिक कर्तव्यको पालना गर्नु (पूर्ववत् : १७३) । उनले लोकजीवनमा विवाह एउटा धार्मिक अनुष्ठानका रूपमा सम्पदान गरिने संस्कार रहेको र अवध क्षेत्रमा पनि विवाहलाइ यसै रूपमा लिइएको उल्लेख गरेकी छन् (पूर्ववत्) ।

अवधी भाषी समाजमा सोह्र संस्कारहरूमध्ये व्याह (वियाह) संस्कारको आफ्नै महत्व छ । मनुस्मृतिमा ब्रह्मा, देव, आइ, प्राजापत्य, आसुर, गन्धर्व, राक्षस र पैसाच गरी आठ किसिमका विवाहहरूको उल्लेख पाइन्छ । यसमध्ये अवधी समाजमा यस संस्कारसम्बन्धी उपलब्ध गीतहरूमा ब्रह्मा र दैव विवाहको मात्र चर्चा गरिएको पाइन्छ । हुन त यस समाजमा गान्धर्व विवाह पनि पाइन्छ, तर अवधी क्षेत्रका गीतमा यसको उल्लेख पाइदैन । यस अवसरमा धेरै किसमका शास्त्रोक्त र लौकिक कार्यहरू सम्पादन गरिन्छ । हरेक अवसरमा सो सम्बन्धी गीतहरू पनि गाउने गरिन्छ । विषयवस्तुका आधारमा यी गीतहरूलाइ दुइ वर्गमा विभाजित गर्न सकिन्छ । एउटामा वर पक्षद्वारा गाइने गीत र अर्कोमा कन्या पक्षद्वारा गाइने गीत ।

वर पक्षका गीतहरू खुशियाली, शोभा र हर्षले परिपुर्ण हुन्छन् । यिनमा वर पक्षका मानिसहरूमा उल्लास तथा अवसर विशेषको धुमधामको वर्णन विशेष रूपमा पाइन्छ । यसै किसिमले कन्या पक्षका गीतहरू अत्यन्त सरस, मधुर र करुण रसले परिपूर्ण हुन्छ । सामाजिक र जातीय प्रथा अनुसार विवाहसम्बन्धी विधि र तरिकामा पनि अन्तर पाइने हुनाले यस संस्कारमा गाइने गीतहरूमा सामान्य विविधता उपलब्ध रहेको हुन्छ । सामान्य रूपमा कन्याकहाँ तिलक, कलश भराइ, हरदी, लावा भुजाइ, मातृपूजा, द्वार पूजा, वियाह, भांवर, सोहाग, दुआरि छकाइ, कोहवर, उबटन, विदाइ आदि कार्यहरू हुने

हुनाले यी सम्बन्धी गीतहरू पाइन्छन् भने वर पक्ष कहा तिलक, सगुन, मउर, बस्त्र धारण, हरदी आदि सम्बन्धी गीतहरू प्रचलनमा रहेको पाइन्छन् । यसका साथसाथै केही यस्ता गीतहरू पनि हुन्छन्, जुनकि कन्या र वर दुवै कहा गाउने गरिन्छ । यसमा भोर जगाउने (भोरहरी), तेलवाइ, मातृका पूजन, सिलपोहनी, परिछन, सगरा खोदाइ, कोहवर आदिका गीतहरू आउछन् ।

अवधी समुदायमा प्रचलित विवाह संस्कार भिन्न प्रकारको देखिन्छ । पहिले-पहिले विवाह गर्न गएका जन्तीहरू पाँच दिनसम्म दुलहीकै माइतीमा बस्नु पर्दथ्यो । पाँच दिनपछि फर्कदा पनि दुलही नलिएरै फर्किन्थे । विवाह सम्पन्न भए पश्चात्को बिजोडी वर्षमा गवना हुन्थ्यो र दुलही भित्र्याउने चलन थियो । त्यसरी पाँच दिनसम्म जन्तीहरू दुलहीका माइतीमा रहँदा गीत गायनका निकै धेरै विधानहरू हुन्थे । वर्तमानमा पुरानो त्यो प्रथा परिवर्तन भएको छ । त्यसपछि यो संस्कार तीन दिनसम्म गर्न थालिएको थियो । यसमा पहिलो दिन विवाह कार्य सम्पन्न गरिन्थ्यो । यसै किसिमले अन्य कार्यका साथै दोस्रो दिनमा हुने शिष्टाचार कार्यक्रम वर तथा कन्या पक्षको विद्वता परिचयका लागि महत्वपुर्ण कार्यक्रमका रूपमा हुने गर्थ्यो । तेस्रो दिन विदाइको कार्यक्रम हुने गर्थ्यो ।

तर आजभोली यो संस्कार पनि छुट्याइ दुन दिनमा सम्पन्न गर्ने गरिन्छ । पहिलो दिन वैवाहिक कार्यक्रम तथा दोस्रो दिन विदाइको कार्यक्रम सम्पन्न हुने गर्छ । यसै किसिमले दुलहा र दुलहीका लागि प्रयोग गर्ने गरिएको डोली पनि हराइसकेको छ । द्वारचारमा हात्तीको पुजनको परम्परा पनि लगभग लगभग हराइ सकेको छ । डोलीका ठाउमा अहिले गाडीको प्रयोग हुन थालेको छ । द्वाराचारका समयमा अहिले दुलहा दुलहीको जयमाल गर्ने परम्पराले प्राथमिकता पाएको छ । विवाहका अलग अलग अवसरमा गाइने लोकगीतहरू गुज्जिन छाडेका छन् । यसका ठाउमा हिन्दीका गीतहरूले प्राथिमिकता पाउन थालेका छन् । यसका साथै विवाह पछिको दोस्रो वा तेस्रो वर्षमा दिइने गवनाको महत्व पनि घटेर गएको छ ।

पहिले घरमै सम्पन्न हुने विवाह संस्कार हाल आएर होटेल तथा पार्टी पैलेसमा सम्पन्न हुन थालेका छन् । गाउमा पनि जन्तीलाइ राख्नका लागि पहिला निर्माण गरिने जनवास निर्माण कार्य बन्द भइ जन्तीलाइ अहिले विद्यालय वा अन्य सामुदायिक भवनमा सम्पन्न गर्ने गरिएको छ ।

१०.१.१.९. मृत्यु संस्कार

मृत्यु संस्कार अन्तिम संस्कार हो । अवधी समुदायमा गाड्ने र जलाउने दुबै प्रकारको प्रथा छ । कवीरपन्थी (मन्त्र धारण गरेका)हरूलाइ गाड्ने चलन छ भने, अन्य व्यक्तिलाइ मृत्युपछि जलाइन्छ । साना वालवालिकाको मृत्यु भएको बेला शवलाइ गाडने चलन रहेको छ ।

मृत्यु संस्कार गर्दा खेरि मृत्युको अन्तिमकाल देखि लिएर मृत्यु भएको तेह्रौ दिनसम्म अलग अलग क्रियाकलाप गर्ने गरिन्छ । सबैभन्दा पहिला मरणासन्न व्यक्तिलाइ आकाशतलमा जमीनमा केही ओछ्याइ लेटाएर सुताइन्छ तथा अन्नदान, द्रव्यदान, गोदान, गायत्री जप आदि कार्य गराइन्छ । यो बेला गीताको पाठ मरणासन्न व्यक्तिलाइ सुनाइन्छ वा उनको कानमा भनिन्छ साथसाथै गंगाजल पिलाइन्छ तथा तुलसीको पात खुवाइन्छ । मृत्यु पश्च्यात मृतकलाइ उत्तरतिर टाउको गरेर सुताइन्छ । यदि मृतकको शरीर उपलब्ध छैन भने वहाको पुतला बनाएर जलाइन्छ । यदि व्यक्तिको मृत्यु पंचकमा भएको छ भने मृतकको शवसंगै पाँचवटा पुतला पनि जलाइन्छ । यसका साथै व्यक्तिको मृत्यु सुर्यास्त

पछि भएको छ भने वहाको दाह संस्कार अर्को दिन गरिन्छ । यसका साथै यदि मृतकको सामान्य ढंगले भएको छैन भने मृतकको दाह संस्कार पुतला विधिद्वारा गर्ने गरिन्छ ।

मृत्यु भएपछि सबैभन्दा पहिला शुद्ध जलबाट स्नान गराइन्छ । त्यसपछि शरीरमा चन्दन गन्ध आदिको लेपन गरेर मुखमा पञ्चरत्न, गंगाजल, तुलसी आदि राखिन्छ तथा शुद्ध वस्त्र (कफन) लगाएर अर्थीमा राखिन्छ । शौभाग्यवती महिला भए त्यो बेला वहाको पुर्ण श्रृंगार गराइन्छ । यो बेला मुखाग्नि दिने व्यक्तिद्वारा पिण्डदान गराएर परिवारका सदस्यद्वारा अर्थीलाइ काधमा बोकेर श्मसानतिर लगिन्छ । पिण्डदान कार्य बाटोमा तथा जलाउने ठाउमा पनि गरिन्छ ।

श्मसानमा पुगेपछि तयार चितामा अर्थी राखेर काठ आदि राखिन्छ, त्यसपछि मुखाग्नि दिने व्यक्ति शुद्ध भए शुद्ध वस्त्र धारण गरि पानीले भरिएको गाग्री (जसमा प्वाल रहेको हुन्छ तथा प्वालबाट पानी खसिरहेको हुन्छ) बोकेर तीन परिक्रमा गर्छन र गाग्रीलाइ पछाडि पट्टी फ्याके फोड्छन । यसपछि फेरि तीन चक्कर लागएर मुखाग्नि दिन्छन । चिता आधी जलिसकेपछि मुखाग्नि दिने व्यक्तिद्वारा कपालक्रिया सम्पन्न गरिन्छ । त्यसपछि त्यही घाटमा स्नान भइ शुद्ध भएर पाँच पटक जौ तथा तिलका पाँच पटक जल चढाइन्छ र सबै घर फर्किन्छन । यसरी घर आएर मुखाग्नि दिने व्यक्तिले ब्रह्मचर्यको पालन गर्दै नुन बिनाको भोजन तयार गर्दै पहिला पत्तलमा प्रेत आत्माका लागि घर बाहिरको उपयुक्त ठाउमा भोजन राखेर फर्केपछि आफु भोजन गर्छन । तेस्रो दिन चिता जलाएको ठाउमा गएर अस्थिधातु संकलित गरि ल्याइन्छ र घरको नजिकमा रहेको पीपलको रुखमा घडा बाधिन्छ र त्यसमा ३६५ पटक पानी हालिन्छ । यसका साथै तेस्रो दिन देखि सातौ दिनसम्म पीपलमा पानी हाल्ने गरिन्छ । यसका साथै योग्य ब्राह्मणद्वारा दशौ दिनसम्म गरुड़ पुराड़ सुनिन्छ । दशौदिन घर तथा अन्य सम्बन्धीहरूले शरीर मुण्डन गराउनुका साथै पिण्डदान गराइन्छ, जसलाइ दशगात भनिन्छ । यसैदिन अस्थिधातुलाइ गंगामा विसर्जन गर्ने कार्य पनि सम्पन्न गरिन्छ । यसै किसिमले तेह्रौ दिन १६ वटा पिण्डदानका साथै मृत्यु संस्कारमा भएका गल्तीहरूको निवारणका लागि पुजा गराउनुका साथै १४ किसिमका वस्तुहरूको दान गरिन्छ, यसमा गौदान तथा वृषभ दान मुख्य हुने गर्छ । यस दिन १६ जना महा ब्राह्मणहरूलाइ भोजन पनि गराइन्छ । यसका साथै तेह्रौ दिन ब्राह्मणलाइ पनि १४ किसिमका वस्तु दानका साथै घटीमा १६ ब्राह्मणलाइ भोजन तथा दक्षिणा दानका साथै घर परिवारका साथै गाउ समाजलाइ भोजन गराइन्छ । कही कही यो चलन वाह्रौ दिन पनि गर्ने गरिन्छ । यसको एक वर्ष पछि वार्षिकी मनाउने चलन छ, जसलाइ अवधी भाषामा बरखी भनिन्छ ।

यस समुदायमा अन्य हिन्दू समुदायमा जस्तै मृत्युको तेह्रौं दिनमा शुद्धशान्ति हुने र क्रिया गर्ने प्रचलन छ । अवधी समुदाय आफ्नै मौलिक संस्कृति रहेको समुदाय हो । अतः यस समुदायको आफ्नै संस्कार व्यवस्था रहेको देखिन्छ ।

अवधी समाजमा मृत्यु संस्कार गीत गाउने प्रचलन रहेको पाइन्छ । यी गीतहरूमा शान्त रस, करुण रस आदको प्रधानता हुन्छ । यो मुलतः वृद्ध पुरुष तथा वृद्ध शौभाग्यवती महिलाको मृत्यु भएपछि वहाँहरूलाइ शौभाग्यशाली मानिदै वहाहरूको वाजागाजा सहित अर्थी निकालिदै गीतहरू गाइन्छ । यो बेला मुख्यतः निर्गुन गीत गाइन्छ ।

मृत्यु संस्कारमा घरदेखि स्मशान घाटमा पुगे सम्म अलग अलग ठाउमा गरिने पिण्डदानहरू अहिले एकै ठाउमा गर्न थालिएको छ । यसका साथै एक वर्ष पुगेपछि गरिने वार्षिकीको कार्यक्रमलाइ अहिले तेह्रौ दिन पछि नै, तेस्रो महिनामा वा छ महिना पुगेपछि गर्न थालिएको छ ।

१०.१.२. मुस्लिम समुदायका सामाजिक संस्कार

इस्लाम प्राकृतिक धर्म हो र सम्पूर्ण संसारवासीका लागि यो एकमात्र इश्वरीय जीवनपद्धति हो । लोक तथा परलोक दुबैको सफलता तथा मोक्ष इस्लाम धर्मको पालनाबाट मात्र सम्भव छ । इस्लाम पूर्ण जीवनव्यवस्था हो । तसर्थ, यसले जीवनको प्रत्येक भागका लागि स्पष्ट निर्देशन दिन्छ । राजनीतिक, आर्थिक, सामाजिक, पारिवारिक, भौतिक तथा आध्यात्मिक सबै क्षेत्रका लागि इस्लाममा स्पष्ट शिक्षाहरू छन् । तला इस्लामअनुसारका संस्कारको परिचय दिइएको छ ।

१०.१.२.१. सामाजिक संस्कार

सामाजिक संस्कार भन्नाले समाजको पहिचानस्वरूप विकसित उमेरअनुसार स्थापित जन्म, वृद्धि, मृत्यु आदि सम्बन्धी संस्कार भन्ने बुझिन्छ ।

१०.१.२.१.१. जन्म संस्कार

इस्लामिक कानुनअनुसार चाहे पुरुष होस् वा महिला दुबैले विवाह नगरिकन शारीरिक सम्पर्क गर्न पाउँदैनन् र शारीरिक सम्पर्क श्रीमान् र श्रीमतीका बिच मात्र हुनुपर्छ । श्रीमतीले गर्भधारण गरेपछि श्रीमान् तथा श्रीमतीका साथसाथै परिवारका सबै सदस्यहरू खुसी हुन्छन् । अल्लाहप्रति कृतज्ञ हुन्छन् । बच्चाको जन्म भएपछि सर्वप्रथम उसको दाहिने कानमा "अजान" र देब्रे कानमा "इकामत" पढिन्छ ।

बच्चाको जन्म भएपछि आमाले स्तनपान गराउँछन् । यो दुइ वर्षसम्म जारी रहन्छ । इस्लाम धर्मले स्तनपानमा जोड दिएको छ तर यो दुइ वर्षको अवधिभन्दा बढी हुनु हुँदैन । अल्लाहले भनेका छन्- "जुन पिताहरूले यो चाहन्छन् कि पुरा अवधिसम्म (आमाहरूले आफ्ना शिशुहरूलाइ दूध खुवाऊन्) ती आमाहरूले आफ्ना शिशुहरूलाइ दुइ वर्षसम्म दूध खुवाऊन् ··· श्रीमान् तथा श्रीमती दुबैले आपसी समझदारी तथा सल्लाहमा दूध छुटाउन चाहेमा पनि उनीहरूप्रति कुनै आपत्ति छैन । यदि तिमीहरूले आफ्ना शिशुहरूलाइ (अन्य स्त्रीको) दूध खुवाउन चाहन्छौ भने यसमा पनि कुनै आपत्ति छैन" (कुरआन, २:२३३) ।

जन्मको सातौँ दिन बच्चाको नाम राखिन्छ । यसको आधार हदिस छ जसमामुहम्मद स.अ.व. ले भन्नुभएको छ- "सातौँ दिन बच्चाको नाम राख र अकीका गर" (हदिस : तिर्मिजी) ।

मुस्लिमहरू प्रायः अरबी भाषामा नाम राख्छन् । नामको अगाडि मुहम्मद लेख्ने गर्छन् । जस्तै मुहम्मद अब्दुर्रहमान, इत्यादि । यस्ता नाम राख्नु राम्रो मानिन्छ जसमा अल्लाहको गुणवाचक नाम होस् । जस्तै अब्दुल्लाह (अल्लाहको भक्त), अब्दुर्रहमान (परमदयालु अल्लाहको भक्त) आदि ।

छोरीको नाम मुहम्मद स.अ.व.की छोरी, श्रीमती तथा अन्य सहाबियात अर्थात् मुहम्मद स.अ.व.को समयमा रहेकी मुस्लिम महिलाहरूका नाममा राख्नु राम्रो हुन्छ र प्रायः यस्तै राखिन्छ । इस्लामी

शिक्षाअनुसार यस्ता नाम राख्नु वैध छैन । यसबाट बहुदेवतावाद झल्कन्छ । जस्तै पीर बख्श, रामदेव, इत्यादि । भुलवश गलत नाम राखिएमा त्यसलाइ सच्याउनुपर्छ र सच्याइन्छ पनि ।

संसारभरका मुस्लिमहरू जन्मको सातौं दिन वा सातौं दिन नभ्याएमा सात वर्षभित्र बच्चाको अकीका गर्छन् । अकीका गरेमा बच्चाको हकमा राम्रो हुन्छ र त्यो कुशल मङ्गल रहन्छ भन्ने मान्यता छ । अकीका गर्दा बच्चाको नाममा बाख्राको वध गरेर नातेदार तथा छर–छिमेकीहरूलाइ खुवाइन्छ । अकीकामा गरिने दोस्रो काम भनेको बच्चाको कपाल कोर्नु हो । कपालको तौल बराबर सुन वा चाँदी वा त्यसको मूल्य गरिबहरूलाइ बाँडिन्छ । यसको आधार हदिस हो जसमा मुहम्मद स.अ.व. ले भनेका छन्- सातौं दिन बच्चाको नाम राख र अकीका गर(हदिस : तिर्मिजी) ।

अकीकापछि छोराको खतना (Circumcision) गरिन्छ । खतना भनेको लिङ्गको टुप्पोमा बढेर रहेको छालालाइ काट्नु हो । प्रायः अकीकादेखि ५ वर्षको उमेरमा नाइ वा डाक्टरद्वारा खतना गराइन्छ । खतनाका फाइदाहरूमध्ये लिङ्गको सफाइ तथा स्वास्थ्य हो । हाल अनुसन्धानबाट यो कुरा सिद्ध भइसकेको छ कि खतनाले गर्दा एच. आइ. भी. एड्स जस्तो सङ्क्रमणबाट पनि जोगिन्छ । धार्मिक रूपमा यो महान् सन्देष्टा इब्राहिम (Abraham)को सुन्नत (तरिका) मानिन्छ जसलाइ अन्तिम सन्देष्टा मुहम्मद (सं.)को सरिअतमा कायम राखिएको छ ।

१०.१.२.१.१. बच्चाको जन्म र तिनका कानमा अजान एवम् एकामत

जब कुनै मुस्लिमको घरमा कुनै बच्चा जन्मिन्छ तब सबभन्दा पहिला परिवार वा टोलका असल मानिस वा ठुलाबडाकहाँ ल्याउदछन् । उनले बच्चाको दायाँ कानमा 'अजान' र बायाँ कानमा 'एकामत' भन्दछन् । यो अजान र एकामत नमाजका लागि खास हो । बच्चाले नमाजको त अलग कुरा अजान तथा एकामतको अर्थ र उद्देश्य यो हुन्छ कि सत्रभन्दा पहिला उसको कानमा अल्लाहको नाम र उसको उपासनाको पुकार परोस् । यस्तो अवसरमा कुनै ठुलाबडाले चबाएको खजुर वा छोहोराको केही भाग बरकत (अभिवृद्धि)का लागि बच्चाको मुखमा दिने पनि चलन छ । यो कुरा पैगम्बर मोहम्मद (सं.)को व्यवहारबाट पनि प्रमाणित छ र यो सुन्नत त्यहीबाट चलिआएको छ ।

१०.१.२.१.२. बच्चाको अकीका र त्यसको तरिका

बच्चा जन्मेको सातौं दिन बच्चाको अकीका गर्नु 'मुस्तहब' छ । कुनै कारणवश यदि सातौं दिनमा हुन सकेन भने चौधौं दिन र यसै हिसाबबाट पछि हुन्छ । यदि छोरा हो भने एउटा खसी जबह गरिन्छ । त्यसको मासु गरिब र प्रियजनहरूमा बाँडिन्छ तथा घरमा पनि खाने, खुवाउने गरिन्छ । तर, अकीका र यी जनावरहरूलाइ जबह गर्नु इस्लामी कानुनअनुसार न त फर्ज छ न त... बजिब (जरुरी) छ । यदि कसैसँग यसको समर्थ्य छैन भने यसको आवश्यकता पनि छैन ।

१०.१.२.१.३. बच्चाको नामकरण र त्यसमा इस्लामी गुणको स्थापना

साधारणतया अकीकाको समयमा नै बच्चाको नामकरण गरिन्छ । प्रायः परिवारको कुनै ठुलाबडा, टोल वा मस्जिदका कुनै विद्वान् र असल मानिसबाट नामकरण गराइन्छ अथवा आफैंले वा उनीहरूका बुजुक व्यक्तिले आफ्नो इच्छाबाट कुनै नाम चयन गर्दछन् । नाम राख्दा अरबी शैलीको नामलाइ प्रथमिकता दिइन्छ ता कि बच्चाको नामबाट नै बुझियोस् कि यो मुसलमान हो । मुसलमान

बुद्धिजीवीहरू यसका धेरै मनोवैज्ञानिक लाभहरू बताउछन् र केही यस्ता देशहरू (जस्तै कि चीन) को उदाहारण दिएर यस आवश्यक कामको महत्त्वमाथि जोड दिन्छन् जहाँ नामबाट यो अङ्कलन गर्न सकिँदैन कि त्यो मानिस मुसलमान हो वा होइन । जहाँसम्म इस्लामी कानुनको सम्बन्ध छ, यसका बारेमा कानुनी रूपमा मुसलमानहरूलाइ खास नामहरूका लागि बाध्य पारिएको छैन, केवल यति मार्गदर्शन गरिएको छ कि सबभन्दा असल नामहरू ती हुन् जसबाट अल्लाहको भक्ति अर्थात् तौहिद (एकेश्वरवाद) को अभिव्यक्ति होओस् । यसैले संसारका सम्पूर्ण इस्लामी देशहरूका मुसलमानहरूका नाममा अधिकांश ती नामहरू छन् जसको आरम्भ 'अब्द'(दास) शब्दबाट हुन्छ । जस्तै "अब्दुल्लाह, अब्दुर्रहमान, अब्दुल वाहिद, अब्दुल अहद, अब्दुल अजिज,अब्दुल मजिद" आदि ।

यो पनि आवश्यक छ कि नामबाट सिर्क, घमण्ड वा अवज्ञाको अभिव्यक्ति नहोस् । यसै काराणले 'मलिकुल' मुलुक, शहंशाह जस्ता शब्दहरू अप्रिय मानिएका छन् ।

नामकरणमा नबी तथा सहाबीहरूको नामलाइ महत्त्व

मुसलमानहरू सौभाग्यको, उत्तम यशका लागि नबीहरू र सहावीहरूको नामलाइ प्राथमिकता दिन्छन् । यस क्रममा स्वाभाविक रूपमा मुसलमानहरूको ध्यान सबभन्दा पहिला आफ्नो पैगम्बर, उनका साथीहरू र उनका परिवारका आदरणीय व्यक्तिहरूतिर जान्छ ।

नामको सिलसिलामा यो तथ्य उल्लेखनीय छ कि हजरत मोहम्मद (सं.)को गोत्र-सम्बन्ध र मुसलमानहरूको ज्यादा लगाव इस्लाइली वंशसँगै हुन्छ । उनी इस्माइल र बनी इस्राइल (अरब तथा यहुदीहरू) बिच दुराग्रह र विरोध प्रारम्भदेखि नै चल्दै आएरहेको छ । तर, मुसलमानहरूको आस्थामा अल्लाहका सम्पूर्ण पैगम्बरहरू श्रद्धेय र आदरणीय छन् ।उनीहरूमाथि आस्था राख्नु आवश्यक छ, चाहे उनीहरू इस्माइली शाखाका हुन् अथवा इस्राइली शाखाका । यसैले मुसलमानहरू नामका बारेमा कुनै वंश वा पुस्ताको पक्षपाती छैनन् । यसैको परिणम हो कि केवल नेपालमा लाखौंको संख्यामा यस्ता मुसलमानहरू छन् जसको नाम इस्हाक र उनका सन्तानहरूका नाममा राखिएका छन् । उनीहरू इस्हाक र याकुब, युसुफ, दाउद, सुलेमान, मुसा, हारुन, इमरान, जकारिया र उहाया कहालाउनेछन् । सबै इस्माइली शाखासँग सम्बन्ध राख्दछन् ।माहिलाहरूमा भने मरियम, सफुरा, आसिया आदि नाम पाइन्छन् ।

पवित्रताको शिक्षा

बच्चा जब केही ठुला हुँदै जान्छन् र केही सम्झन बुझ्न थाल्दछन् तब उनलाइ पवित्रताको शिक्षा दिन्इछ अर्थात् दिसापिसाबपछि पानीले पवित्रता हासिल गर्ने तथा अपवित्र वस्तुहरूबाट बच्ने र शरीर एवम् लुगाहरूलाइ अपवित्रताबाट बचाउने निर्देशन दिइन्छ । स्पष्ट छ कि बच्चा यसका बारेमा पूर्ण रूपले सावधान रहन सक्दैनन् । यसमा वातावरण, शिक्षादीक्षा, पारिवारिक परिवेश र पेसाको पनि धेरै प्रभाव पर्दछ । तैपनि, धार्मिक प्रवृत्ति भएका आमाबाबुहरूले यस कुरामा ध्यान दिन्छन् र दिनु अपरिहाइ पनि छ ।

नमाज पढ्ने निर्देशन तथा त्यसको शिक्षा र तालिम

यस उमेरमा बच्चाहरूलाइ वजू गर्ने तरिका पनि सिकाइन्छ र नमाजका प्रति पनि रुचि दिलाइन्छ । पिता वा खानदानको बुज्रुक व्यक्तिले बच्चालाइ प्रायः आफूसँगै मस्जिद लैजान्छन् र बच्चाहरू आफ्ना

ठुलाबडाहरू तथा टोलवालाहरूका साथ खडा भएर नमाजको नक्कल गर्न थाल्दछन् । हदिसमा आएको छ कि बच्चा जब सात सालको हुन्छ तब नमाज पढ्ने निर्देशन दिइयोस् । जब १०सालको हुन्छ तब नमाजका लागि दबाब दिइयोस् । नमाज पढेन भने कडाइ गरियोस् ।

मुसलमान समुदायका शिष्टाचार र सामाजिक शिक्षा

यस उमेरमा धार्मिक आमाबाबु र शिक्षित आमाहरूले बच्चाहरूलाइ इस्लामी शिष्टाचारको शिक्षा दिन्छन् । जस्तै सबै असल कामहरू (खाना खानु, पानी पिउनु, हात मिलाउनु आदि) दायाँ हातबाट गरियोस् र दिसा-पिसाब आदि बायाँ हातबाट। पानी बसेर र यथासम्भाव तीन श्वासमा पिइयोस् । ठुलाबडाहरूलाइ सलाम गरियोस् । हाच्छयुँ आयो भने 'अल्हमदोलिल्लाह' भनियोस् । खाना खाँदा 'बिस्मिल्लाह' भनेर आरम्भ गरियोस् र अल्लाहको प्रशंसा तथा उहाँप्रति धन्यवाद ज्ञापनबाट समापन गरियोस् । यसै उमेरमा उसलाइ कुरआनका साना-साना सुरहरू र दैनिक काममा आउने दुआहरू याने मन्त्रहरू कण्ठस्थ गराइन्छ । अल्लाहका सन्देष्टा र भक्तहरूको यस्तो घटनाक्रम बयान गर्ने र सुनाउने गरिन्छ जसबाट उसको आस्था परिपक्व तथा सही बनोस्, विचार राम्रो बनोस् र बच्चाले त्यसलाइ अनुकरणीय ठान्न थालोस् ।

युवावस्थादेखि मृत्युसम्म

बालिग (जसका लागि १५ वर्षको आयु पर्याप्त सम्झिइन्छ) हुनासाथ बच्चाहरूमा नमाज, रोजा र खास सर्तहरूका साथ जकात तथा हज अनिवार्य हुन जान्छ । यी कर्महरूलाइ छोडेमा उनीहरू पापी ठहरिन्छन् । अब जायज नाजायज, पुण्य एवम् पाप वा सजायको कानुन उनीहरूमाथि लागु हुन जान्छ । इस्लामले भाषाको विविधतालाइ अल्लाहको चिह्न भनेको छ । तसर्थ, एक जना मुस्लिमले कुनै पनि भाषालाइ नराम्रो दृष्टिले हेर्दैन । तर, अरबी भाषालाइ आदर गर्छ किनभने यो कुरआन, हदिस, नबी स. तथा स्वर्गवासीहरूको भाषा हो । प्रत्येक मुस्लिमले कुरआनको श्लोक तथा नमाजमा पढिने दुआहरूलाइ कण्ठ गर्छ ।

१०.१.२.१.४. विवाह संस्कार

इस्लाम धर्मअनुसार पुरुष तथा महिला दुबैले परिपक्वताको उमेरमा पुगेपछि बिहे गर्नुपर्छ । विवाह गराउने जिम्मेवारी दुबैका अभिभावकहरूमाथि हुन्छ तर त्यसमा केटा तथा केटी दुबै राजी हुनु जरुरी हुन्छ । कुरआनमा विवाहको आदेश यसरी दिइएको छ- "तिमीहरू आफूलाइ मन परेकी दुइ-दुइ, तीन-तीन, चार-चार महिलासँग बिहे गर । यदि यी पत्नीहरूबिच न्याय गर्न सक्दैनौ भन्ने आशङ्का छ भने एउटीमा मात्र सीमित रहू" (कुरआन, ४:३) ।

इस्लामी सरिअत (कानुन)अनुसार विवाह अघि केटा तथा केटी दुबैले एक-अर्कालाइ देख्न सक्ने अधिकार राख्दछन् । तर, एकान्तमा बस्न, सुत्न, सम्भोग गर्न र एक-अर्कालाइ स्पर्श गर्नसमेत पाउँदैनन् । विवाहको पहिलो चरणमा काजी वा धर्मगुरुले अभिभावक तथा साक्षीहरूको उपस्थितिमा प्रवचन, पति र पत्नी बिच इजाब तथा कबुल अर्थात् एक-अर्कालाइ स्विकार्ने तथा कबुल गर्ने कार्य गराउँछन् । निकाहपत्रमा दुलाहा, दुलही, गवाह इत्यादिको हस्ताक्षर लिन्छन् भने दोस्रो चरणमा पति–पत्नीले सुहागरात मनाउँछन् । यस मिलनको खुसीमा भोलिपल्ट केटा पक्षको तर्फबाट वलीमा अर्थात्

सामूहिक भोज हुन्छ । वलिमाको आधार यस हदिसमाथि छ जसमा नबी स. अ. व. ले भनेका छन्- "वलिमा गर, यद्यपि एउटै बाख्रीबाट होस्" (हदिस : बुखारी, मुस्लिम) ।

१०.१.२.१.४.१. निकाह (विवाह)

इस्लाममा निकाह वा विवाहको आयोजना एकदमै सादा र संक्षिप्त छ । यसलाइ जीवनको एक अनिवार्य प्राकृतिक माग र एक उपासनाको हैसियतले पुरा गरिन्छ । केवल कबुलियतको दुइ साक्षी यसको उद्देश्य यो हो कि यो सम्बन्ध दुइ समझदार बालिग व्यक्तिका बिच भइरहेको छ, आपराधिक र गोपनीय ढङ्गबाट लुकीछिपी होइन । यसैले कुनै प्रकारले घोषणा तथा प्रचारका साथ यो हुनु जरुरी छ र यसका लागि साक्षी हुनु जरुरी छ । पुरुषहरूले महरलाइ जरुरी सम्झोस् र महिलाको सुरक्षा एवम् इज्जत र खानपिनको खर्चको जिम्मेवारी लेओस् । यसबाहेक अरू कुनै चीज आवश्यक छैन । इस्लामी इतिहासमा यसको पनि उदाहरण पाइन्छ कि बाबजूद यसको हजरत मोहम्मद (सं.) को समयमा मदिनामा मुसलमानहरूको जनसंख्या धेरै कम र सीमित थियो । केही यस्ता सहाबीहरू जे मक्कामा हिजरत (अल्लाहका लागि पलायन) गरेर आएका थिए र जसको मोहम्मद (सं.)सँग गहिरो एवम् पारिवारिक सम्बन्ध थिएन उनीहरूले मदिनामा विवाह गरे र स्वयं पैगम्बर मोहम्मद (सं.)लाइ विवाहोत्सवमा आमन्त्रित गर्न जरुरी ठानेनन् । हजरत मोहम्मद (सं.)लाइ ती सहाबीहरूको खबर विवाह भइसकेपछि र त्यो पनि संयोगवश हुन्थ्यो ।

निकाह पढ्ने चलन र त्यसको तरिका

निकाहको बढी सही तरिका यो हो केटी (वधू) को बाबु वा कुनै अर्को **'वली'**ले निकाह पढाओस् । यस कारण हजरत फत्मा (रजि.) को निकाह हजरत अली (रजि.) सँग स्वयं नबी (सं.) ले पढाउनुभयो । निकाहको बेला दुइ जना साक्षी वधूनिर गएर उसलाइ भन्दछन् कि यसको निकाह 'फलानो पुरुष' 'यति' **'महर'** मा हुन गइरहेका छ । यसको उत्तर साधारणतया मूक तथा चुपचाप तरिकाले दिइन्छ । यसलाइ वधूको स्वीकारोक्ति सम्झिने गरिन्छ । यो साक्षी **'वकील'** प्रायजसो आफनो नजिकका नातेदार हुन्छन् । यसपछि निकाह पढाउने व्यक्तिले उच्चा स्वरमा कुरआनका आयतहरू, हदिसहरू र दुआका केही वाक्यहरू अरबीमा भन्दछन् जसलाइ खुत्व-ए-निकाह भनिन्छ । यसपछि निकाह कबुल गराइन्छ जसमा साधारण रूपमा यो वाक्य हुन्छ "फलानो व्यक्तिको छोरासँग जसको फलानो हो, लाइ उनको तर्फबाट यति महरमा तिम्रो निकाह गरिँदै छ, के तिमीले कबुल गऱ्यौ ?" नजिकमा रहेका मानिसहरूले सुन्ने गरी वधूद्वारा जवाफ दिइन्छ "मैले कबुल गरें" । अनि काजी (निकाह पढाउने व्यक्ति) र सबै उपस्थित व्यक्तिहरू दुआका लागि हात उठाउँछन् र दुआ गर्दछन् कि वर-वधूमा दया-प्रेम होस् र यिनीहरूको वैवाहिक सम्बन्ध एवम् जीवन सुखमय होस् ।

निकाहको बेलामा संक्षिप्त अभिभाषण र पतिपत्नीको अधिकारको बयान

निकाहको बेला निकाह पढाउने व्यक्तिले अरबीमा 'खुत्वा' पढ्छ । खुत्वाको अरबी भाग पढेपछि उर्दुमा संक्षिप्त सम्बोधन गर्दछ जसमा निकाह एवम् त्यसका जिम्मेवारीहरूमाथि प्रकाश पारिन्छ र के प्रयास गरिन्छ भने निकाह एक रीति-रिवाज तथा आनन्दको चिजमात्र भएर नबसोस् बरू यसमा वर (दुलहा) र उपस्थित व्यक्तिहरूलाइ धार्मिक नैतिक सन्देश प्राप्त होस् र उनीहरूमा जिम्मेवारीको भावना जागृत होस् ।

निकाहको बेलामा दिइने संक्षिप्त अभिभाषण (खुत्बा) को नमुना

यो निकाह मात्र रीति-रिवाज र मानसिक मागको परिपूर्ति गर्नु होइन । निकाह केवल एक उपासना होइन, बरू कैयौं उपासनाहरूको सङ्गम हो । यो इस्लामी कानुनको एउटा आदेश होइन, दर्जनौं र बीसौं आदेशसँग सम्बन्ध छ । यसको महत्व कुरआन र हदिस दुबैमा छ । फिकह् (विधिशास्त्र) का किताबहरूमा यसको स्थायी अध्याय छ । तर, यस 'सुन्नत' बाट लापरवाही जति प्रचलित छ त्यति अन्य सुन्नतको सम्बन्धमा छैन । बरू यसलाइ अल्लाहको अवज्ञा, कामवासनाको दासता र सैतानको आज्ञापलन तथा रीति-रिवाजलाइ अँगाल्ने मैदान बनाइएको छ । निकाहको प्रवचन(खुत्बा) मा कुरआनका जुन आयतहरू प्रारम्भमा पढछन, त्यसमा के भनिएको छ भने आदम र उनकी पत्नी एक एक्लो हस्ती हुन् । यिनीहरूबाट अल्लाहले मानववंशजलाइ बढाए । धरतीलाइ मनुष्यहरूबाट भरिदियो । अल्लाहको यस हस्तीमा यस्तो प्रेम जागृत गरिदियो र उनीहरूको संयोगमा यस्तो बरकत (अभिवृद्धि) दियो कि आज संसार यसको गवाही दिइरहेको छ, अल्लाहका लागि के मुस्किल छ भने यस जोडाबाट जसको निकाह अहिले पढिएको छ, एउटा परिवारको निर्माण गरिदेओस् । अगाडि भनिएको छ- आफ्नो त्यस पालनकर्तासँग लाज राख, जसको नाममा तिमीले एक-अर्कासँग प्रश्न गछौं ।?

सम्पूर्ण जीवन प्रश्नको हो । व्यापार, शासन, शिक्षा सबै एक प्रकारले प्रश्नहरू नै हुन् । यिनमा एक पक्ष प्रश्नकर्ता छ, अर्को जोसँग प्रश्न गरिन्छ ।यही सभ्य समाजको विशेषता हो । यो के हो ? यो पनि एक सभ्य र शुभ प्रश्न हो । एक सज्जन परिवारले अर्को सज्जन परिवारसँग प्रश्न गऱ्यो- हाम्रो पुत्रलाइ एक जीवन साथीको आवश्यकता छ, उसको जीवन अधुरो छ, यसलाइ पुरा गरिदिनुहोस् । अर्को सज्जन परिवारले यस प्रश्नलाइ सहर्ष स्वीकार गऱ्यो । अनि, फेरि ती दुबै अल्लाहको नाम बिचमा ल्याएर एक-अर्कोसँग मिले । दुइ हस्ती जो हिजोसम्म सबभन्दा अपरिचित र सबभन्दा टाढा थिए, उनीहरू यस्ता नजिक र परायाबाट आफन्त हुन गए कि यिनीहरूभन्दा बढी निकटताको परिकल्पना पनि गर्न सकिँदैन । एकको भाग्य अर्कोसित सम्बद्ध भयो र एकको सुख-दुःख अर्काको सुख-दुःख बन्यो । यो सबै अल्लाहको नामको चमात्कार हो जसले हरामलाइ हलाल र नाजायजलाइ जायज बनाइदियो ।

अल्लाहतालाको हुकुम छ भने अब यस नामको इज्जत राख्ने कुरा ठुलो स्वार्थको हुनेछ कि तिमीले यस नामलाइ बिचमा राखेर आफनो स्वार्थलाइ पुरा गरिहाल र काम निकाल र फेरि अल्लाहको नामलाइ स्पष्ट रूपमा भुलिहाल र यसको मागलाइ पुरा नगर । आइन्दा पनि यस नामलाइ सम्झनू, यसको इज्जत राख्नू । र, फेरि हुकुम भयो कि नातासम्बन्धको पनि ध्यान राख्नू । अल्लाहको नाम बिचमा राखेर जुन तिमीले आफ्नो आवश्यकता पुरा गर्नका लागि उसलाइ माध्यम बनाउँछौ त्यससँग डराऊ । आज एउटा नयाँ नाता कायम भइरहेको छ । यसैले आवश्यक छ कि पुरानो नाताको अधिकारको पनि बयान गरियोस् । मतलब यो कि यस नयाँ नाताबाट पुरानो अधिकार समाप्त हुँदैन । यस्तो नहोस् कि पत्नीको सम्बन्धलाइ याद राख र आमाको सम्बन्धलाइ बिर्सिहाल, ससुराको सेवालाइ जरुरी सम्झ र आफ्नो वास्तविक पिताबाट विमुख होऊ । यदि कसैले यो सोच्दछ कि यस्ता कुराहरूको कसले मतलब राख्न जाओस् र सकल यसलाइ देखिरहेको छ भने याद राख अल्लाह सबैथोक देख्दछ । ऊ त्यो साक्षी हो जो हरेक समय साथ रहनेछ । अगाडि एक कटु सत्य एवम् जरुरी कुराको सम्झना गराइएको छ । यो अल्लाहको नबीको नै महिमा हो कि यस्तो प्रसन्नता एवम् खुसीको मौकामा यस्तो कटु सत्यताको

उल्लेख गर्नुहुन्छ जसले व्यक्ति आफ्नो लक्ष्यबाट निश्चेत हुन नपाओस् र त्यस सम्पत्तिमाथि दृष्टि राखोस् जुन सँगै जानेछ तथा सधैं रहनेछ अर्थात् आस्थाको धन । हुकुम भयो- यो जीवन कति नै सुखमय र आनन्दमय होस् र कति नै लामो हो, यही त्यो सत्य हो जसलाइ संसारको एउटा अत्यन्त सफल मानव जसलाइ अल्लाहले सबैथोक दिएको थियो र हरेक प्रकारबाट सुसज्जित गरेको थियो, चरम सीमामा पुगेपछि बिर्सन सकेन ।

अन्तिममा हुकुम भयो- "है आस्था राख्नेहरू हो ! अल्लाहसँग डराओ र सत्य एवम् पक्का कुरा मुखबाट निकाल ।" मानौ वरलाइ निर्देशन दिइरहेको छ कि उसले आफ्नो मुखबाट निस्कने शब्दहरूको उत्तरदायित्व र त्यसको दूरगामी परिणामहरूलाइ महसुस गरोस् । उसले जब भन्नेछ कि "मैले कबूल गरें" तब सम्झनेछ कि उसले कति ठुलो स्वीकारोक्ति गरेको छ र यसबाट उसमाथि कति ठुलो जिम्मेवारी आउँछ । फरि हुकुम भयो- "यदि कसैले जाँच-तौल गरेर कुनै कुरा भन्ने बानी बसाल्दछ भने र उसभित्र स्थायी रूपमा उत्तरदायित्वको यो भावना उत्पन्न भयो भने उसको सम्पूर्ण जीवन सत्यताको साँचामा ढल्न जानेछ । ऊ एउटा अनुकरणीय पात्र बन्न जानेछ र उसके आदेशहरूको अनुपालनमा छ न मनमौजी जीवनमा र रीतिरिवाजको पालनामा ।" निकाहको खुत्बापछि छोहोरा वितरण गरिन्छ । यो प्राचीन सुन्नत हो ।

वैवाहिक जीवन : एक उपासना

इस्लाममा वैवाहिक जीवनलाइ उपासनाको दर्जा दिइएको छ र हाम्रो नबी मोहम्मद (सं.)ले आफनोजीवनमा यसभन्दा ठुलो नमूना प्रस्तुत गर्नु भएको छ । उहाँबाट हुकुम भयो "तिमीहरूमध्ये सबभन्दा असल त्यो हो जो आफ्नो घरका सदस्याहरूका लागि सबभन्दा असल छ र म आफ्नो घरका सदस्याहरूका लागि तिमीहरूभन्दा असल छु ।" तपाइं मोहम्मद (सं.)को जीवनको अध्ययन गर्नुहुन्छ भने तपाइंले पाउनुहुनेछ कि उहाँमा नारीप्रति सम्मान एवम् उत्प्रेरण र कोमल भावनाहरूको जुन अनुभूति थियो त्यो महिलाका हक अधिकारका पक्षधर ठुला-ठुला वकिल र नारीको प्रतिष्ठा बहालीको कुरा गर्ने ठुला-ठुला दाबेदारकहाँ पाइँदैन । उहाँले आफ्ना पत्नीहरूलाइ भावनाको सान्त्वना, उनीहरूको उचित आनन्दमा सहभागिता, उनीहरूको भावनाको कदर र उनीहरूबिच न्यायको जुन उदाहरण छोड्नुभएको छ त्यसको नजिर कही पाइँदैन । उनीहरूसित मात्रै होइन बच्चाहरूसित पनि उहाँ यस प्रकारको व्यवहार गर्नुहुन्थ्यो कि कुनै आमालाइ दुःख नपुगोस् । यो धेरै ठुलो त्याग हो । नबि(सं.)का लागि नमाजभन्दा ठुलो चिज थिएन । यसभन्दा ठुलो त्याग हुन सक्दैनथ्यो । उहाँबाट आदेश भयो- "जहिले पनि म लामो नमाज पढ्न चाहन्छु तर जब कुनै बच्चाको रुने स्वर सुन्दछु तब मलाइ सम्झना आउँछ कि कहीँ उसकी आमाको मन बच्चातर्फ आकर्षित भइहालेको नहोस्, यसको आमाले चिन्ता गरेको नहोस्, यस कारणले नमाज संक्षिप्त गरिदिन्छु ।"

विधवाको अर्को विवाह

विधवाको अर्को विवाह इस्लामी कानुनअनुसार र मुसलमानहरूकहाँ कहिल्यै पनि दोषपूर्ण र आपत्तिजनक कार्य सम्झिइँदैनथ्यो । यो नबी(सं.) को सुन्नत थियो र हरेक ठुला-ठुला विद्वान्, अल्लाहका परमभक्त र वैभवशाली राजा आदि विना कुनै सङ्कोच विधवा नारीसँग स्वयं विवाह गर्दथे । आफ्ना विधवा दिदी-बहिनी र छोराहरूको इच्छा अथवा कुनै मजबुरीको कारण अर्को विवाह नगरीकन

रहन्छन् किन्तु विधवाको चलन हुनु पर्दछ । धेरै देशहरूमा यो चलन अहिले पनि पाइन्छ र विधवासँग विवाह कदापि खराब कुरा होइन ।

१०.१.२.१.५. तलाक

विवाहपछि श्रीमान् श्रीमती दुबैले मिलेर खुसीका साथ जीवन बिताउनु पर्छ । तर, व्यवहारमा हेर्दा कहिलेकाहीं श्रीमान् श्रीमती बिच मतभेद उत्पन्न हुन्छ, सम्बन्ध बिग्रन्छ । यस्तो अवस्था उत्पन्न हुन्छ कि दुबैका लागि एकसाथ बस्नु असम्भव हुन पुग्छ । यस्तो अवस्थामा इस्लामले श्रीमान् श्रीमती दुबैलाइ सम्बन्धविच्छेद गर्ने अनुमति दिन्छ । इस्लाम सम्बन्धविच्छेदलाइ एउटा बाध्यताका रूपमा लिन्छ तर यसलाइ प्रोत्साहित गर्दैन । (कुरआन: २:२३६) तलाकलाइ हलाल वा वैध कुराहरूमध्ये नराम्रो कुरा मानिएको छ (हदिस : अबुदाउद) ।

खुला

कहिले यस्तो अवस्था पनि आउँछ कि श्रीमान्ले श्रीमतीमाथि अत्याचार पनि गरिरहेको हुन्छ । तलाक पनि दिन चाहँदैन भने यस्तो अवस्थामा श्रीमती वा श्रीमतीका पक्षले काजी (धर्मगुरु) सित सम्पर्क गरी खुला (केटीपक्षको तर्फबाट सम्बन्ध विच्छेद) गराइदिने निवेदन गर्छ । काजीले श्रीमान्लाइ बोलाएर तलाक दिन आदेश दिन्छ । अनि श्रीमान्ले तलाक दिएमा सम्बन्ध विच्छेद भइहाल्छ । यस तरिकाबाट गरिने सम्बन्धविच्छेदलाइ खुला भनिन्छ ।

फस्ख

श्रीमान्ले तलाक दिन नमानेमा काजीले आफ्नो अधिकार प्रयोग गरेर सम्बन्धविच्छेद गराइदिन्छ । यस तरिकाबाट गरिने सम्बन्धविच्छेदलाइ फस्ख भनिन्छ । उपयुक्त बहसबाट यो कुरा प्रस्ट भयो कि तलाक, खुला तथा फस्ख तीनैको अर्थ पारपाचुके वा सम्बन्धविच्छेद नै हुन्छ तर यी तीनवटा शब्दमा केही भिन्नता पनि छ । तलाक पतिको तर्फबाट हुन्छ, खुला पत्नीको तर्फबाट हुन्छ तर फस्ख चाहिं काजी वा धर्मगुरुको तर्फबाट हुन्छ ।

१०.१.२.१.६. मृत्यु संस्कार

विभिन्न श्लोक र हदिसहरूका अनुसार एक जना मुस्लिमले यस लौकिक जीवन तथा मृत्युलाइ निम्नानुसारको दृष्टिले हेर्छ-

१. एक जना मुस्लिमले आफ्नो वास्तविक गन्तव्य परलोकको जीवनलाइ ठान्छ ।
२. एक जना मुस्लिम यो संसार तथा जीवनलाइ क्षणिक मान्छ र आफूलाइ परीक्षाको अवस्थामा ठान्छ ।
३. एक जना मुस्लिम यस जीवनमा आइपरेका कष्ट तथा दु:खमा र कसैको मृत्यु भएमा पनि अल्लाहका लागि धैर्य गर्छ र "हामी अल्लाहकै लागि हौं र अल्लाहतर्फ नै फर्केर जानु छ" भन्ने वाणी पढ्छ ।

४. एक जना मुस्लिम सुख तथा खुसीको अवस्थामा अल्लाहप्रति कृतज्ञ हुन्छ र "सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो" भन्ने वाणी पढ्छ ।कृतज्ञता व्यक्त गर्नका लागि दुइ रकअत नमाज पनि पढ्छ ।

५. मृत्युपश्चात् जीवनको बढी चिन्ता गर्छ । स्वर्ग पाउनका लागि आस्थालाइ दृढ पार्दै बढीभन्दा बढी सत्कर्म, भलो तथा पुण्यकर्म गर्छ ।

६. नरकबाट जोगिनका लागि मूर्तिपूजा, व्यभिचार, चोरी, डकैती, रक्सीसेवन, भ्रष्टाचार, ब्याज तथा अन्य दुष्कर्मबाट जोगिने प्रयास गर्छ ।

कुनै पनि मुस्लिमको मृत्यु हुने बित्तिकै माइक, टेलिफोनद्वारा वा मान्छेलाइ पठाएर मृत्यु तथा अन्तिम संस्कार गर्ने समयको खबर पठाइन्छ । निर्धारित समय अघि नै मृतकलाइ सम्मानपूर्वक नुहाइन्छ, वुजु गराइन्छ । तीनवटा ठुला नसिलाइएका सेता लुगामा बेरिन्छ । यो लुगालाइ कफन भनिन्छ । लुगामाथि सुगन्ध छरिन्छ अनि सानो खाटजस्तो वस्तुमाथि मृत शरीरलाइ राखिन्छ । अनि चारैतिरबाट समातेर काँधमा राखेर सम्मानपूर्वक चिहानस्थल वा कब्रिस्तानसम्म पुऱ्याइन्छ अनि निर्धारित समयमा सामूहिक रूपमा जनाजहको नमाज पढिन्छ ।

यो विशेष नमाजविना अजान, विना इकामत, विना रुकुअ (निहुरनु) तथा विना सज्दा (नतमस्तक हुनु) उभिएर पढिन्छ । यस नमाजमा मृत व्यक्तिका लागि क्षमायाचना गरिन्छ । नमाजपछि पहिलेदेखि खनिएको चिहान वा कब्रमा "बिस्मिल्लाह अला मिल्लते रसूलिल्लाह" अर्थात् "अल्लाहको नामबाट, अल्लाहका सन्देष्टाको समुदायमा" भन्दै मृत शरीरलाइ राखिन्छ, माथिबाट काठको तख्ता वा बाँस र टाट राखिन्छ र त्यसमाथि माटो हालेर पुरिन्छ । चिहानमा राख्ने यस कार्यलाइ दफन भनिन्छ । मृतकको अन्तिम संस्कारपछि पहिलो काम मृतकको जिम्मामा रहेका ऋणहरूको चुक्ता हुन्छ । ऋण चुक्तापछि मृतकको नाममा रहेका चल तथा अचल सम्पत्तिको बाँडफाँड गरिन्छ । इस्लामी शरिअतअनुसार मृतकको सम्पत्तिमा छोरा, छोरी, श्रीमान्/श्रीमती, आमा, बुबा, नाति, नातिनीहरूको हक लाग्छ । पैतृक सम्पत्तिमा छोरीको हक छोराको हकभन्दा आधा हुन्छ । अल्लाहले कुरआनमा भनेका छन्- "अल्लाह तिम्रा सन्तानको सम्बन्धमा तिमीहरूलाइ निर्देशन दिन्छन्- एक जना पुरुषको हक दुइ जना महिलाको बराबर हुन्छ" (कुरआन, ४:११) ।

१०.१.२.२. वृद्धि संस्कार

संस्कारहरू इस्लामिक आस्थामा अडिएका छन् । इस्लामका मौलिक आस्थाहरू सातवटा रहेका छन् । मुस्लिम हुनका लागि यी कुराहरूमाथि पूर्ण विश्वास राख्नु अनिवार्य हुन्छ । ती आस्थाहरू निम्नलिखित हुन्-

१. तौहिद अर्थात् एक अल्लाह-वास्तविक सृष्टिकर्ता तथा मालिकमाथिको आस्था कि उनी बाहेक कोही पूज्य छैन ।

२. रिसालत अर्थात् अल्लाहले मानवजातिको मार्गदर्शनका लागि लगभग एकलाख चौबीस हजार सन्देष्टाहरू पठाए र अन्तिम सन्देष्टा मुहम्मद स.अ.व. हुन् । मुस्लिम हुनका लागि यस कुरामा पनि विश्वास राख्नुपर्छ कि सबै सन्देष्टाहरू अल्लाहका सत्यवादी भक्त थिए ।

३. आखिरत अर्थात् यो संसार क्षणिक हो र परीक्षाका लागि हो । एक दिन सबैले मर्नु छ र मरेपछि फेरि सबैलाइ जीवित गरिनेछ र सबैका कर्मको लेखा–जोखा तथा हिसाबकिताब हुन्छ । सच्चा, आस्थावान् तथा सत्कर्मीहरू स्वर्गमा जानेछन् भने अधर्मी, बहुदेवतावादी तथा दुष्कर्मीहरू नरकमा जानेछन् ।

४. इशग्रन्थ अर्थात् अल्लाहले मानवजातिको मार्गदर्शनका लागि केही सन्देष्टाहरूका साथमा ग्रन्थहरू पनि पठाए र अन्तिम ग्रन्थ कुरआन हो जो सन्देष्टा मुहम्मद स.अ.व. माथि अवतरित भयो ।

५. फरिस्ता (देवदूतहरू) प्रकाशबाट बनेका छुट्टै प्राणी हुन् जो अल्लाहको आदेशानुसार ठुला साना कार्य गरिरहेका हुन्छन् ।

६. पुनर्जन्म अर्थात् फेरि जन्मनु, मानव जवाफदेही प्राणी भएकाले महाप्रलयपछि सबैको पुनर्जन्म हुन्छ र हिसाबकिताबपछिकि त स्वर्गमा कि त नरकमा जान्छन् ।

७. तक्दिर, राम्रो तथा नराम्रो भाग्य अल्लाहकै तर्फबाट रहेको छ ।

१०.१.२.३. इस्लामका पाच स्तम्भ

यी स्तम्भले इस्लामको खम्बाको काम गरेका छन् । आस्थापछि दोस्रो दर्जा कर्मलाइ दिइएको छ । कर्महरूलाइ इस्लामका पाँच स्तम्भका रूपमा चिनिन्छ । ती हुन्-

१. यो साक्षी दिनु कि अल्लाहबाहेक कोही पूज्य छैन र मुहम्मद सं. का भक्त तथा सन्देष्टा हुन् ।

२. दिन-रातमा पाँचवटा समयमा नमाज कायम गर्नु ।

३. धनी व्यक्तिले गरिबलाइ जकात (अनिवार्य दान) दिनु ।

४. रमजानको महिनामा व्रत राख्नु ।

५. धनी व्यक्तिले जीवनमा एक पटक हज गर्नु ।

बच्चाको वृद्धि तथा विकासका साथै उसको शिक्षादीक्षाको कार्य सुरु भइहाल्छ । सुरुदेखि नै आस्था, कर्महरू, राम्रो आचरण तथा बानी सिकाउने प्रयास गरिन्छ । सानैदेखि सत्य बोल्ने, आमाबुबा, अन्य नातेदार तथा ठुलाबडाको आदर गर्ने, आज्ञापालन, इमानदारी जस्ता नैतिक कुराहरू सिकाइन्छ भने झूट, बेइमानी, गाली, घमण्ड जस्ता अनैतिक कार्यहरूबाट मनाही गरिन्छ । बच्चाले बोल्न थाल्ने बित्तिकै सर्वप्रथम**अल्लाह तथा लाइलाह इल्लल्लाह** (अल्लाहबाहेक कोही पूज्य छैन) भन्ने कुरा सिकाइन्छ ।

इस्लामी कानुनअनुसार छोरा वा छोरीमाथि बालिग भएपछि मात्र नमाज, व्रत तथा अन्य कुनै उपासना लागु हुन्छ । बालिग भएपछि कछोरा तथा छोरी दुबैमाथि दिनरातमा पाँच समयको नमाज अनिवार्य हुन्छ । बच्चामा नमाजको बानी बसाल्नका लागि घुमफिर गर्ने उमेरदेखि नै नमाज पढ्न सिकाइन्छ ।

१०.१.२.४. सरसफाइ

इस्लामले शुद्धता तथा पवित्रतामा धेरै जोड दिएको छ । यसलाइ आधा इमान (आस्था) भनेको छ । पवित्रता तथा वाजु (अनुहार, हात, खुट्टा धुनु) विना नमाज पढ्न र तिलावत गर्न मिल्दैन । शुद्धता तथा

पवित्रताको अर्थ हुन्छ सफा रहनु अर्थात् दिसापिसाब गरेपछि विशेष अङ्गलाइ पानीले धुनु, पानी उप्लब्ध नभएमा माटोले पुछ्नु ।

सुत्केरी अवस्थामा महिलाको योनिबाट एक प्रकारको रगत निस्किरहेको हुन्छ जसलाइ "निफास" भनिन्छ । यो अपवित्रताको अवस्था हुन्छ । महिनावारीलाइ "हैज" भनिन्छ । यो अवस्था पनि अपवित्रताको अवस्था हुन्छ । निफास तथा हैज बन्द भएपछि चोखो हुनका लागि नुहाउनुपर्छ वा गुसुल गर्नुपर्छ ।

पुरुष तथा महिलाले सहवास गरेपछि वा जुनसुकै कारणले विर्य स्खलन भएपछि चोखो हुनका लागि नुहाउनुपर्छ । पानी उपलब्ध नभएको खण्डमा शुद्ध माटोलाइ स्पर्श गरेर अनुहार तथा हातमाथि फेर्नुपर्छ र यस कार्यलाइ "तयम्मुम" भनिन्छ ।

१०.१.२.५. मुस्लिमहरूको रहनसहन (जन्मदेखि प्रौढावस्थासम्म)

इस्लामी कानुनले मुस्लिमका लागि जन्मदेखि मृत्यसम्म यस्तो व्यवस्था बनाइएको छ र यस्ता वातावरण बनाउने प्रयास गरेको छ जसमा उसले यस वास्ताविकतालाइ भुलाउन नसकोस् । उसलाइ हरेक समयमा र जीवनको हरेक मन्जिलमा याद रहोस् कि ऊ इब्राहिम एवम् मोहम्मद (सं.)को समुदायको व्यक्ति हो र एउटा विशिष्ट कानुनको अनुयायी हो ।उसले एक अल्लाहलाइ मान्दछ र ऊ त्यसको आज्ञाकारी भक्त हो ।

सलाम (नमस्कार)

> इन्न रजुलन सअला रसुलुल्लाहि सल्लल्लाहु अलैहि वसल्लमा अथ्युल इस्लामि खैरुन ? काला तुतइमुत्तआमा व तुकरिउस्सलाम अला मन अरफ्ता व मल्लम तअरिफ् ।

अनुवाद-

हुजुर सल्लल्लाहु अलैहि वसल्ल मसँग एउटा व्यक्तिले सोध्यो कि इस्लामको कुन काम सबभन्दा उत्तम (श्रेष्ठ) हो ? वहाँले भन्नुभयो कि गरिब, अतिम, मिस्किनलाइ खाना खुवाउनु र हरेक मुस्लिमसँग सलाम याने मुसफा गर्नु हो चाहे त्यसलाइ चिनेको होस् या नचिनेको होस् (अर्थात् तिमीहरूले पहिलादेखि नै त्यसलाइ पहिचानेको होस् या नहोस्, सबैलाइ सलाम गर्नू) ।

> काला रसुलुल्लाहि सल्लल्लाहु अलैहि वसल्लमा ला तदखुलुनल जन्नता हत्ता तूसिनू, वला तूमिनू हत्ता तहाब्बू, अ-व-ला अदुल्लुकुम अला शैइन इजा फअलतुमूहु ? अफशुस्सलामा बैनकुम ।

अनुवाद-

रसुलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो कि तिमीहरू जन्नतमा जान सक्दैनौ जबसम्म तिमीहरू मेमिन बन्दैनौ र तिमीहरू मेमिन हुनै सक्दैनौ जबसम्म एक-अर्कासंग प्रेमभाव राख्दैनौ । के म तिमीहरूलाइ त्यो तरकीब न बताऊँ जसलाइ गरयो भने एक-अर्कासँग प्रेमभाव गर्न लग ? "एक-अर्कामा सलाम (मुसफा) लाइ फैलाऊ" ।

यस हदिसबाट यो थाहा भयो कि मुसलमान एक अपसमा प्रेम (मोहब्बत) गरून् र एक-अर्कासँग प्रेमकै भावनाले मिलून्, यो उनीहरूको इमान वा इस्लामको चाहना हो । र, त्यसको उपाय यो पनि हो कि एक-अर्काका बिचमा सलाम याने मुसफा आम रिवाजजस्तै होस्, यो नुस्खा धेरै नै राम्रो नुस्खा हो तर सर्त यो हो कि सबैले सलाम (मुसफा) को अर्थ बुझेका होऊन् र 'अस्सलामुअलैकुम' लाइ भित्री मनले बुझेका होऊन् (स्रोत- मोलाना जलील अहसन नदवी (राहे अमल) ।

हलाल कमाइ

> काला रसुलुल्लाहि सल्लल्लाहु अलैहि वसल्लमा मा अकला अहदु तआमन कत्तु खैरम मिन अय्याकुला मिन अमलि यदैहि, व इन्ना नबियल्लाहि दाऊदा अलैहिस्सलामु काना याकुलु मिन अमलि यदैहि । (बुखारी, मिक्दाम बिन मअदी करब)

अनुवाद-

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो कि आफ्नो हातको कमाइभन्दा बेहतर (ऊत्तम) खाना कुनै व्यक्तिले कहिल्यै पनि खाएन । अल्लाह तआलाको नबी हजरते दाऊद अलैहिस्सलाम आफ्नो जमानाका यस्ता नबी थिए जसले अफ्नो हातकै हलाल कमाइ खान्थे । यस हदिसका बारेमा भन्नुको एउटै उद्देश्य छ कि मोमिनले भिख माग्नु र अर्काको सामुन्ने हात फैलाउनुबाट रोक्नु हो र यस कुराको प्रशिक्षण दिनु हो कि मानिसले आफ्नो रोजी आफैं कमाउनु पर्दछ, कुनै व्यक्तिमाथि बोझ भएर जिन्दगी गुजार्नु हुँदैन ।

> काला रसुलुल्लाहि सल्लल्लाहु अलैहि वसल्लमा इन्नल्लाहा तयबुन लायकबलु इल्ला तय्यिबन, व इन्नल्लाहा अमरल मुमिनीना बिमा अमरा बिहिल मुरसलीना फकाला या अयुहर्रूसुलु कुलू मिनत्तयिबाति वअमलू सालिहन, व काला तआला या अयुहल्लजीना आमनू कुलू मिन तयिबाति मा रजकनाकुम, सुम्मा जकरर्रजुला युतीलुस्सफ्रा अश्असा अगबरा यमुद्दु यदैहि इलस्समाइ या रब्बि व मतअमुहू हरामुवं वमशरबुहू हरामुवं व मलबसुहू हरामुवं व गुजिया बिलहरामि फअन्ना युसतजाबु लिजालिका । (मुस्लिम-अबू -हुरैरा रजि.)

अनुवाद-

रसुलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो कि अल्लाह तआला पाक (शुद्ध, पवित्र) छ र उसले पाक (शुद्ध) धनसम्पत्तिलाइ मात्रै स्वीकार गर्दछ । साथै अल्लाह तआलाले मोमिनहरूलाइ (जुन व्यक्तिले इस्लाममाथि इमान ल्याएका छन्) यसै कुराको आदेश दिनुभएको छ जसमा उनले रसुलहरूलाइ पनि आदेश दिनुभयो । अतः वहाँले भन्नुभयो कि ए पैगम्बरहरू हो ! पवित्र र पाक राजी खानुहोस् । साथै नेक अमल गर्नु । मोमिनहरूलाइ इङ्गित गर्दै भन्नुभयो । वहाँले भन्नुभयो कि हे इमानवालाहरू हो ! जुन पाक र हलाल चिजहरू मेले तिमीहरूलाइ दिएको छु त्यही मात्रै खाओ । फरि वहाँले एउटा यस्तो व्यक्तिका बारेमा कुरा गर्नुभयो जुन व्यक्ति धेरै टाढाको याने लामो दूरी तय गरेर मुकद्दस जगह (पवित्र भूमि)मा आउँछ, गुब्बारबाट भरिपूर्ण छ, आफ्ना दुवै हात आसमानतिर फैलाएर भन्छ, ए मेरो अल्लाह ! (र प्रार्थना गर्दछ) जब कि त्यसको खाना हराम याने आपवित्र छ, त्यसको पानी पनि हराम याने आपवित्र नै

छ, त्यसको पोसाक पनि अपवित्र नै छ र अपवित्रतामा नै त्यसको पालन पोषण भएको छ, त्यस व्यक्तिको दुआ याने प्रार्थना किन स्वीकार अल्लाह तआलाबाट हुन्छ ?

यस हदिसमा पहिलो कुरा यो भनिएको छ कि खुदा वा इश्वर सिर्फ त्यही सदका (दान)लाइ स्वीकार गर्दछ जुन पाक (पवित्र) र जायज कमाइको हो, यदि हराम याने अपवित्र धनसम्पत्ति उसको बाटोमा खर्च गर्ने हो भने त्यसलाइ अल्लाह तआलाले स्वीकार गर्देनन् ।

अर्को कुरा वहाँले भन्नुभयो कि जुन व्यक्तिको कमाइ हराम याने आपवित्र हो, नाजायज तरिकाबाट हासिले गरेको छ भने त्यस्तो व्यक्तिको दुआ हुदाँ प्रार्थना कहिले पनि स्वीकार गर्दैन ।

> काला रसुलुल्लाहि सल्लल्लाहु अलैहि वसल्लमा याती अलन्नासि जमानुन लाउबालिल मरउ मा अखजा मिनहु मिनल हलालि अम मिनल हरामि । (बुखारी-अबू हुरैरा)

अनुवाद-

नबी (सं.)ले भन्नुभयो-यी मानिसहरूमाथि एउटा यस्तो जमाना(युग) आउँछ जसमा मान्छेले यो कुराको पर्वाह गर्देन कि उसले जुन धनमाल कमाएको छ त्यो पवित्र होस् अथवा आपवित्र ।

> अन अब्दिल्लाहिब्नि मसऊदिन अन रसूलिल्लाहि सल्लल्लाह अलैहि वसल्लमा काला ला यर्कसिबु अब्दुन माला हरामिन फ्यतसद्दकु मिनहु फ्यु मिनहु, फ्युबारकु लहू फीहि वला यतरुकुहू खल्फा जहरिही इल्ला काना जादहू इलाकिथ्यमहुस्सारिआ बिल हसनि, इन्नल खबीसा ला यमहुल खबीसा । (मिश्कात)

अनुवाद-

अब्दुल्लाह बिन मसऊद भन्नुहुन्छ कि नबि (सं.)ले भन्नुभयो कुनै व्यक्तिले हराम याने अपवित्र धनमाल खान्छ वा त्यसैबाट अल्लाहको बाटो पनि खर्च गर्दछ भने त्यसको तर्फबाट यो दान स्वीकार गरिँदैन । तर, उसले त्यो अपवित्र धनमाल आफ्नो र आफ्नो घरपरिवारमाथि खर्च गर्दछ भने बरकत या बढउत्तरबाट खाली हुन्छ । यदि त्यो धनसम्पत्तिलाइ छोडेर त्यसको मृत्यु भयो भने त्यसका लागि त्यो धनमाल जहन्नम याने नरकको बाटोमा हिँड्दा त्यो बोझ बन्दछ, त्यसलाइ बोकेर हिँड्नुपर्ने हुन्छ । अल्लाह तआला बुराइलाइ बुराइबाटै मेटाउँदैन बरु खराब अमल या बानीलाइ राम्रो अमल या राम्रो बानी ब्यहोराबाट मेटाउँछ । चोर चोरलाइ मार्दैन बरु शाहले चोरलाइ मार्छ । यस हदिसबाट यो थाहा भयो कि नेकी वा पुण्यको काम जायज तरिकाबाट गर्नुपर्दछ तब त्यसलाइ नेक अथवा राम्रो काम बुझिन्छ, त्यसको आशय पनि राम्रो याने पाक पवित्र हुनुपर्दछ । त्यसको मकसद पनि पवित्र हुनुपर्दछ ।

> अन सइदिब्नि अबिल हसनि काला कुन्तु इन्दब्नि अब्बासिन इज् जाअहू रजूलुन फ्काला यबना अब्बासिन इन्नी रजुलुन इन्नमा मइशती मिन सनअति यदि व इन्नी अस्नउ हाजिहित्तसावीरा फ्कालब्नु अब्बासिन ला उहाद्दिसुका इल्ला मा समिअतु मिन रसूलिल्लाहि सल्लल्लाहा मुअज्जिबुहू हत्ता यनफुखा फीहिरूहा व लैसा विनाफ्खिन फीहा अबदा । फ-रबर्रजुलु रब्बतन शदीदतन वस्फर्रा वज्हुहू फकाला वैहका इन अबैता इल्ला अन तस्नआ फ-अलैका बिहाजश्शजरि व कुल्लि शैइन लैसा फीहि रुहुन । (बुखारी)

अनुवाद-

सइद बिन अबुलहसन (तावइ) कालाले भन्नुहुनछ कि म हजरत अब्दुल्लाह बिन अब्वास (रजि.) का नजिकै बसेको थिएँ । त्यतिकैमा एउटा मान्छे आयो र भन्यो कि हे इब्ने अब्वास (रजि.) ! म एउटा कलाकार मान्छे हुँ । मेरो आयको स्रोत वा पेसा चित्रकला हो र चित्रकला नै मेरो कमाइको माध्यम हो । म राम्रो राम्रो चित्र बनाउँछु र त्यसैलाइ बेच्छु । (यसका बारेमा तपाइंको के राय छ, के मेरो यो पेसा हराम (अपवित्र) त होइन ?) इब्ने अब्वास (रजि.) ले भन्नुभयो म आफ्नो तर्फबाट केही भन्दिनँ, म तपाइंलाइ नबि (सं.) बाट मैले सुनेको एउटा हदिस सुनाउछु, मैले नबि (सं.) ले भनेका कुराहरू सुनेँ कि जुन व्यक्तिले चित्र अथवा तस्वीर बनाउँछ भने त्यस्तो व्यक्तिलाइ अल्लाह तआलले सजा दिनुहुन्छ, यहाँसम्म कि त्यो व्यक्तिले त्यस तस्वीरमा रुह याने प्राण हालिदियोस् तर त्यसले कुनै पनि हालतमा रुह याने ज्यान हाल्न सक्दैन । यो पहिलो कुरा सुनेपछि त्यस व्यक्तिको चेहरा पहेंलो रङ्गको जस्तो भयो र जोरले माथितिर सास खिच्यो । इब्ने अब्वास (रजि.)ले त्यस व्यक्तिसँग भन्नुभयो- यदि तिमीले यही काम नै गर्नु छ भने पेड पौधा र यस्तो चिजहरूको चित्र बनाऊ जसमा जान हुँदैन ।

चित्र बनाउने व्यक्तिलाइ आफ्नो कामका बारेमा शङ्का भयो, त्यसैले उसले हजरत अब्दुलाह बिन अब्वास(रजि.) सँग सोध्यो, यो नै उसको मोमिन हुनुको निशानी हो, यदि उसको आत्मामा अल्लाहको (इश्वरको) को डर नभएको भए र त्यसलाइ पाक याने पवित्र असल कमाइको फिक्री नभएको भए, उहाँसँग सोध्न किन जान्थ्यो र ? त्यसैले जसलाइ आखिरतको डर हुँदैन त्यसलाइ हराम र हलालको कमाइसित कुनै मतलब हुँदैन ।

सारांश

समग्रमा हेर्दा इस्लामी संस्कार वा मुस्लिम संस्कार सम्पूर्ण संसारवासी विशेष रूपमा सबै नेपालीका लागि उदाहरणीय संस्कार हो । इस्लामी संस्कार वा मुस्लिम संस्कार सम्पूर्ण संसारवासीका सृष्टिकर्ता अल्लाहको तर्फबाट निर्दिष्ट रहेकाले मुस्लिम समुदायकालागि साझा संस्कार हो । इस्लामी संस्कार कुरआन तथा हदिसबाट निर्देशित संस्कार हो ।

गरिनु पर्ने कार्यहरू

संस्कारगत कार्यप्रति मानिसहरूमा आस्था रहेपनि यसमा विस्तारै विभिन्न किसिमका विकृतिहरू आइसकेकाले सम्बन्धित धार्मिक समुदायहरूको सक्रियतामा विशेषगरि युवा पीढीलाइ यसको सामाजिक तथा पारिवारिक महत्त्वलाइ देखाउदै यी सबैले निरन्तरता पाइराख्ने वातारण बनाउनु पर्छ ।

१०.२. अवधी भाषाभाषी समाजमा नाता रिश्ताका शब्दावली

१०.३. परिचय

कुनै भाषामा प्रचलित नाता रिश्ताका शब्दहरूका आधारमा त्यस भाषाभाषीको परिवारिक सम्वन्धका बारेमा जहाँ एकतिर राम्री तरीकाले थाहा पाउन सकिन्छ, त्यही कुनै समाजको परिवारिक सम्वन्धको विश्लेषणका आधारमा त्यसमा प्रयुक्त नाता रिश्ताका शब्दहरूको पुर्णरूपेण अनुमान गर्न सकिन्छ । यसै कराणले नाता रिश्ताका शब्द भाषा तथा समाजको घनिष्ट सम्वन्धको अत्यन्तै मजबूत प्रमाण पेश गर्छन । अवधी भाषाभाषी समाजमा पाइने नाता रिश्ताका शब्दावली यस किसिमका छन :

१. बाबा, परदादा, आजा
२. आजी, दादी, मइया
३. दादा, पिता, बप्पा
४. माइ, माता, अम्मा
५. काका, चाचा
६. काकी, चाची
७. बड़का दादा
८. वड़की माइ
९. वड़ा भाइ, बड़का भइया (मौसेरा, चचेरा)
१०. छोट भाइ छोटका भइया (मौसेरा, चचेरा)
११. वड़ी बहिन, वडकी बहिनी (मौसेरा, चचेरा)
१२. छोट बहिन, छोटकी बहिनी (मौसेरा, चचेरा)
१३. नाना
१४. नानी
१५. मामा
१६. मामी
१७. मउसी
१८. सासु (ममिया, चचिया, फुफिया, मौसेरा)
१९. ससुर (ममिया,चचिया, फुफिया, मौसेरा)
२०. दमाद
२१. समधी
२२. सार
२३. सरहजि
२४. मउसा
२५. साण्हू
२६. भसुर, जेठ
२७. जेठानि
२८. समधिन
२९. पती, मर्द
३०. मेहरारु, मेहारु, पत्नी, धर्मपत्नी
३१. वड़की भउजी
३२. छोटकी भउजी
३३. नाती
३४. नातिन

३५. पनाती
३६. पनातिन
३७. लरिका, बेटवा
३८. बिटिया
३९. देवर
४०. बहनोइ
४१. देवरानी
४२. भतीजा
४३. भतीजी
४४. नन्दि
४५. नन्दोइ
४६. बूआ, फूआ
४७. फुप्फा
४८. भयहु
४९. दुलहिन
५०. छोटकी, भयहु
५१. पतोह

हामीलाइ थाहा छ कि पश्चिमी संस्कृतिमा आधारित देशहरूमा मुख्य रूपले संयुक्त परिवारको चलन छैन, तर पुर्वी संस्कृतिमा आधारित देशहरूमा ढेर वा थोर यो परम्परा कायम छ । यस्को प्रभाव भाषा माथि परेको छ यसै कारणले अवधी भाषाभाषी समाजमा अलग अलग सम्वन्धकालागि अलग अलग नाम छन । अवधी समाजमा हरेक नाता सम्वन्धको पहिचान गर्न नसक्नु आफ्नै बेइज्जत हुन्छ । यसै कारणले पश्चिमी संस्कृतिमा आधारित समाजमा पाइने समावेशी शब्द (अंकल, अन्टी, ग्रैन्ड फादर, ग्रैन्ड मदर, कजिन आदि) अवधी समाजमा पाइदैन ।

अवधी समाजमा प्रचलित यी शब्दहरूको अध्ययन गरेपछि थाहा हुन्छ कि यी शब्दहरू मध्ये केही आमासित सम्वन्धित, केही पितासित सम्वन्धित, केही भाइसित सम्वन्धित, केही वहिनीसित सम्वन्धित र केही पत्नी (मेहरारु) सित सम्वन्धित हुन्छन । जस्तै :

क) आमासित सम्वन्धित नाता शब्द :- नाना, नानी, मामा, मामी, मउसी, मउसा, मौसेरा भाइ मौसेरा वहिन, मौसेरा सासु, मौसेरा ससुर, ममिया सासु, ममिया ससुर, ममियाउत भाइ, ममियाउत बहिन, भाइ, बहिन, समधी, समधिन

ख) पितासित सम्वन्धित नाता शब्द :- भाइ, बहिन, काका, काकी, वड़का दादा, वड़की माइ, फुआ, फुफ्फा, चाचा, चाची, बाबा, परदादा, आजा, आजी, दादी, मइया, समधी, समधिन

ग) भाइसित सम्वन्धित नाता शब्द :- भयहु , भउजी, भतीजा, भतीजी

घ) बहिनी से सम्वन्धित नाता शब्द :- बहनोइ

ङ) पत्नीसित सम्वन्धित नाता शब्द :- सार, सरहजि, साण्हू, भसुर, जेठ जेठानि, देवर, देवरानि, नन्दि, नन्दोइ, पति, मर्द

च) पतिसित सम्वन्धित नाता शब्द :- दुलहिन, मेहरारु

छ) हजुरबुवा र हजुरआमासित सम्वन्धित नाता शब्द :- नाती, नातिन, पनाती, पनातिन

यो त एउटा परिवारका आधारमा नाता प्रयोगको कुरा भयो । यसै किसिमले अवधी भाषाभाषी समाजमा अर्को के पाइन्छ कि एउटा स्थान, गाँउ, टोल आदिमा जुन जुन परिवारमा आपसी घनिष्टता छ, त्यहा एक परिवारका मानिसहरू जुन सम्वन्ध वाचक शब्दको प्रयोग गर्छन, अर्को परिवारका मानिसहरू पनि त्यस मानिससितको नाता शब्दको प्रयोगकालागि त्यही शब्दको प्रयोग गर्छन । उदाहरणका रूपमा एक परिवारको भिनाजु, मामा, सालो, ससुरा आदि अर्को परिवारको समान नाताका मानिसहरूकालागि पनि त्यही मानिन्छ र त्यही रूपमा सम्वोधित गरिन्छ ।

यसै किसिमले केही परिवार विशेष गरेर मध्यम वर्गीय परिवारमा ज्वाइलाइ छोराका रूपमा मानेर बाबू, देवरानि वा जेठानिले आपसमा दिदी, बहिनी र त्यसै किसिमले अरू नाता जोड़ेर भन्नेसुन्ने गर्छन ।

१०.४. अवधी भाषाभाषी समाज मे बर्जित शब्द

अवधी भाषामा रहेको सारे शब्द अर्थवोधक हुन्छ र अर्थवोधनकलागि यसलाइ भाषाको शब्द भण्डारमा स्थान प्राप्त छ । तर कालान्तरमा आदर, लज्जा, अन्धविश्वास, अश्लीलता, शर्म, घृणास्पदता, गोपनीयता, भय, कुश्राव्यता आदिका कारणले समाजले केही शब्दहरूको प्रयोगमा रोक लगाएको हुन्छ । यस प्रकारका शब्दहरूको रोक भाषाको आन्तरिक व्यवस्थासित सम्वन्धित नभएर समाजको स्वीकृति अस्वीकृतिसित सम्वन्धित हुन्छन ।

समाजद्वारा रोक लगाइएका यस्ता शब्दहरूलाइ अङ्ग्रेजीमा टैबू (Taboo) भनिन्छ । टैबू शब्द मूल रूपमा टोंगा द्वीप समूह (फिजीको दक्षिण पुर्व) को टोंगन भाषाको हो । जसको अर्थ 'पवित्र' हुन्छ । त्यहा धर्मका दृष्टिकोणले पवित्र केही कर्मकांडहरूका वारेमा कुरा गर्नमा रोक छ, अर्थात 'टैबू' छ र यसैका आधारमा 'वर्जित काम' 'वर्जित शब्द' आदिकालागि टैबू शब्दको प्रयोग हुन थालेको छ । कुनै समाजको विश्लेषणका आधारमा जहाँ एकतिर यस कुराको पत्ता लगाउन सकिन्छ कि त्यस समाजको भाषामा कुन कुन शब्द वर्जित छन, यसै किसिमले अर्कोतिर यही वर्जित शब्दहरूका आधारमा त्यस भाषाभाषी समाजको विश्वास, मान्यता आदिका वारेमा धेरै कुराहरूको अनुमान लगाउन सकिन्छ । अवधी भाषामा पनि यस किसिमका शब्द पाइन्छन । यस समाजमा यदि कसैले यस्त शब्दहरूको उच्चारण गर्छ भने, त्यसलाइ गाली वा मजाकका रूपमा लिने गरिन्छ । अवधी भाषी समाजमा कारणको आधारमा मुख्य रूपमा निम्न कारणले शब्द वर्जित हुन्छन :

आदरका कारण वर्जित शब्द :- अवधी भाषाभाषी समाजमा केही शब्द आदरका कारणले वर्जित हुन्छन । उदाहरणका रूपमा अवधी समाजमा हिन्दू धर्मावलम्वीहरूले आफ्नो गुरूको नाम लिदैनन । यसै किसिमले महिलाले आफ्ना पति, जेठ (भसुर) सासु (ममिआउत, मौसियाउत, चचेरा), ससुरा (ममियाउत, मौसियाउत, चचेरा) को नाम लिदैनन । यसै किसिमले देवरानि, जेठानिले एकअर्कालाइ

आफ्नो नाता न भनेर दिदी वहिनीको नाताबाट र ज्वाइलाइ बाबू, भइया आदि भनेर बोलाइन्छ । यही चलन मुस्लिम धर्मावलम्बी समाजमा पनि पाइन्छ ।

लाजका कारणले वर्जित शब्द :- अवधी समाजमा विशेष गरी निरक्षर समुदायमा बाहेक लाजबस केही शब्दहरूको उच्चारण गर्दैनन । जस्तै गर्भवती हुनु, दिशागर्नु, पिशाब गर्नु आदि ।

अश्लीलताका कारणले वर्जित शब्द :- अवधी भाषाभाषी समाजमा मानिसहरूले यस कारणले केही शब्दहरूको नाम लिदैनन, किनकि ती अश्लील छन । यसमा मुख्य रूपले गुप्तांगको नाम, त्यससंग सम्वन्धित संज्ञा, क्रिया र विशेषण प्रमुख रूपले आउछन । बाकीका अश्लील शब्द यस्ता हुन्छन, जुन अवधी समाजमा गालीका रूपमा लिने गरिन्छ । यस किसिमका शब्द पुरुष तथा नारी वर्गमा फरक फरक हुन्छन ।

जस्तै : पुरुष वर्गमा प्रचलित शब्द : ससुरा, गाडू, गान्डू, बेटीचोद आदि ।

नारी वर्गमा प्रचलित शब्द : कलमुहाँ, कलमुही, निपूता, राड़ि आदि ।

यी मध्येका केही अश्लील शब्द अवधी समाजका मध्यम तथा उच्च वर्गमा पाइदैन ।

अपशगुन तथा अन्धविश्वासका कारणले वर्जित शब्द :- अवधी समाजमा धेरैजसो यस्ता शब्द हुन्छन, जसलाइ अपशगुन मानिन्छ । जस्तै : चूड़ी टुटब, दीया बुताइब, दुकान बन्द करब, चुल्हा बुताइब आदि । यी सबैकालागि यस ठाउमा अर्को शब्दको प्रयोग गरिन्छ ।

यसै किसिमले अन्धविश्वासका कारणले वर्जित शब्दहरू मध्ये केही धार्मिक अभिप्रायले र केही सामाजिक अभिप्रायसित सम्वन्धित छन । हिन्दू धर्मावलम्वीहरूमा नूनलाइ रामरस, सख्खरलाइ गुड़, काउलीलाइ कोभी, यसै किसिमले मसुरोलाइ मलका भनिन्छ । सामाजिक अभिप्रायका शब्दहरूमा रात्रिमा सर्प, विच्छु, यमराज आदि र विहान तेलीको नाम लिने गरिदैन ।

कुश्राव्य भएका कारणले वर्जित शब्द :- मानिसले वास्तविकताको सामाना अरू त अरू भाषिक स्तरमा पनि उच्चारण गर्न चाहदैन । यसै कारणले अवधी समाजमा जुन शब्द कुश्राव्य छन, त्यसलाइ प्रयोग न गरेर त्यस ठाउमा सुश्राव्य शब्दद्वारा त्यो भाव प्रकट गरिन्छ । जस्तै : नाँउलाइ ठाकुर, नाँउनिलाइ ठकुराइन, मर्नुलाइ स्वर्गवासी हुनु, गोलोकवासी हुनु, इश्वरको प्यारा हुनु, अल्लाहको प्यारो हुनु आदि शब्दसित व्यक्त गरिन्छ ।

डरका कारणले वर्जित शब्द :- अवधी समाजमा यस्ता धेरै शब्द छन, जसको प्रयोग मानिसहरू डरका कारणले गर्दैनन । जस्तै : यमराज, चेचक, लाश, मर्नु, भूत, पिशाच, साँप, विच्छु आदि ।

अध्याय-११

अवधी लोक साहित्य

११.१. परिचय

लोक साहित्य लोक संस्कृतिको एउटा महत्त्वपूर्ण अङ्ग हो । प्रसङ्गवस लोकसंस्कृति भन्नुको अर्थ लोक समाजमा प्रचलित व्यवहार, रीतिरिवाज तथा मान्यतालाइ प्रदर्शित गर्ने संस्कृतिलाइ बुझिन्छ । यस संस्कृतिमा बुद्धि भन्दा भावनालाइ बढी महत्त्व दिइएको पाइन्छ । अर्को शब्दमा शिष्ट संस्कृतिको निर्देशनमा लोक संस्कृतिको भाव पक्ष सित संयोग हुनु लोक संस्कृतिलाइ ब्यापकता प्रदान गर्दछ । यस प्रकार शिष्ट संस्कृति लोक संस्कृतिको सहायक हुन्छ । यी दुवैको पारस्परिक सहयोगले नै त्यस क्षेत्रको लोकसाहित्यको विकास भएको पाइन्छ । अवधी लोकसाहित्यमा यो अक्षरसः लागु हुन्छ ।

अवधी लोकसाहित्यको विविधतालाइ ध्यानमा राखेर अध्ययन गर्दाखेरि यसलाइ मुख्यतः तीन भागमा विभाजित गरिएको पाइन्छ :

(क) गद्य लोकसाहित्य

(ख) पद्य लोकसाहित्य

(ग) मिश्रित लोकसाहित्य

११.१.१. गद्य लोकसाहित्य

अवधी भाषी क्षेत्रमा पाइने गद्य लोकसाहित्यलाइ ध्यानपूर्वक हेर्दाखेरि यसलाइ मुख्यतः अवधी लोककथा तथा लोकोक्ति गाउखाने कथा एवम् उखान टुक्का आदि उपशीर्षकहरूमा विभाजित गरेर अध्ययन गर्ने गरिन्छ ।

११.१.१.१. अवधी लोक कथा

अवधी भाषी समाजका गाउ तथा शहरमा फैलिएका ती सम्पूर्ण जनसमुदाय हुन,जसको व्यवहारिक ज्ञानको आधार पुस्तक नभएर समाजको निरन्तरतामा हुन्छ । यस्ता जनसमुदायका बीचमा सदियौ देखि पीढी दर पीढी प्रचलित रहदै आएको कथाहरूलाइ समग्रमा अवधी लोक कथा भनिन्छ । यी लोक कथाहरूमा अवधी लोकजीवनको इतिहास, आचारविचार, रीतिरिवाज, धार्मिक विश्वास, रहनसहन, आशा निराशा, सुख दुःख, विधि विधान, कायरता, वीरता, जादूटोना, मन्त्रतन्त्रको प्रभाव तथा छलकपट, करुणा र प्रेम आदिको सुन्दर झाकी उपलब्ध रहेकोले सुविधाका लागि यसलाइ निम्न भागमा वर्गीकृत गर्न सकिन्छ : प्रकृतिसम्बन्धी कथा, ऐतिहासिक कथा, पौराणिक कथा, सामाजिक कथा, नीति कथा, व्रत कथा, काम वा रतिसम्बन्धी कथा, पराक्रम वा साहससम्बन्धी कथा, ठगी वा धोखासम्बन्धी कथा, हास्य व्यङ्य कथा, लघु छन्द कथा, पशुपन्छीसम्बन्धी कथा, भूतप्रेत जादूटोना वा परीकथा, लघु कथा । यी लोककथाहरूलाइ अवधी भाषी क्षेत्रमा मसला र खीसाका नामले जानिन्छ । (त्रिपाठी, २०७३. २६-५८)

११.१.१.१.१. ऐतिहासिक कथा

अवधी लोक समाजमा ऐतिहासिक लोककथाहरूको धनी परम्परा छ, जसले प्राचीन नेपालको पश्चिम तराइ र अवध क्षेत्रको सामाजिक, सांस्कृतिक र राजनीतिक इतिहासलाइ कलात्मक रूपमा प्रस्तुत गर्दछन् । यी कथाहरू पुस्तान्तरण हुँदै मौखिक रूपमा जीवित रहँदै आएका छन् र यसमा ऐतिहासिक राजा, रानी, सामाजिक संघर्ष र वीरताका पाटाहरू समेटिएका हुन्छन् । अवधी लोक समाजमा पाइने प्रमुख ऐतिहासिक तथा अर्द्ध-ऐतिहासिक लोककथाहरू मध्ये अवधी लोक समाजमा रामायणका घटनाहरूलाइ लोक शैलीमा प्रस्तुत गरिएका अनेकौँ कथाहरू छन । यी लोककथाहरूमा अवधी लोक समाजले रामलाइ भगवानका रूपमा मात्र नभइ आफ्नै समाजको एक ऐतिहासिक नायकका रूपमा लिन्छ । वनवासका क्रममा उनले यहाँका आदिवासी र विपन्न वर्गसँग गरेको भातृत्वलाइ लिएर थुप्रै लोककथाहरू सुन्न पाइन्छ । यसै किसिमले नेपालको तराइ भूभागमा अवधी र मैथिली संस्कृति जोडिएकाले राजा जनकको दरबार, सीताको विवाह र त्यस बेलाको राजकीय वैभवका कथाहरू यस समाजमा निकै लोकप्रिय छन् । यसकासाथै ऐतिहासिक राजा-रानी र दरबारिया कथाहरू राजा दिव्यचन्द्र र रानी बिर्सिकाको कथा, बाठो राजकुमार र राक्षसी रानीका कथाहरू पाइन्छन । साथसाथै मध्यकालको घटनामा आधारित अवधी लोक समाजमा उपलब्ध ऐतिहासिक तथा काल्पनिक प्रेमाख्यानहरू पनि लोककथाका रूपमा समाजमा स्थापित भएका देखिन्छन । यी मध्ये लोरिकायन (लोरिका र चन्दाको कथा) र पद्मावतको लोक रूपमा आधारित कथा अवधी लोकमानसको तल्लो तहसम्म भिजेको छ । यी मध्ये पनि अवधी लोकसमाजमा महोबाका दुइ ऐतिहासिक भाइहरू आल्हा र ऊदलको वीरताको कथा विशेष रूपमा सुन्न पाइन्छ ।

यसको उदाहरणको रूपमा अवधी लोक समाजमा प्रचलित सनमान तेवारी (यस कथामा वाजिद अली शाहकी श्रीमती वेगम हजरत महल अङ्ग्रेजी आक्रमणपछि अवध छाडेर नेपाल आउदा उनको रक्षामा खटेका सनमान तेवारीले वेगमको रक्षागर्दै अङ्ग्रेजसित लडदै आफु घायल भएपनि उनलाइ सुरक्षित ढंगले नेपाल पस्न मदत गरेको तथा वेगमले पनि उनको योगदानलाइ महत्त्व दिदै घाइते तेवारीको खोजगरि उनको औषधोपचारकोलागि परिवारको जिम्मा लगाइ आफु नेपालमा आएको घटनाको वर्णन गरिएको छ ।) सित सम्बन्धित कथालाइ लिन सकिन्छ ।

छितुनी गाँव मे एक बाभन रहैं । वनकै नाँव रहा सनमान तेवारी । सनमान तेवारी लखनऊ मा नबाब के इहां नौकर रहें । वयँ दिन में बेगम जीनत महल के महल पे पहरा दिहा करैं । उहै वनकै काम रहा । सन सत्तावन मा जब अंगरेज अवधमा आये तो नबाब का कैद कै लिहिन औ वनका लइ जाय कै मढ़ियाबुर्जमा वड़े भारी पहरा में राखिन । नबाब बाजिद अली शाह कै वेगम जीनत महल बड़ी बहादुर रहैं । ऊ अंगरेजन से लड़ी । अंगरेज बहुत कोशिस किहिन लेकिन वहि इमारत मा नाही हलि पाइन । तब गोमती के तीरे से वहि इमारत मा एक सुरंग बनाय डारिन । वही सुरंग से आधी राति मा जब अंगरेज वहि इमारत मा हले तो वेगम कै सिपाही हक्का बक्का रहि गयें । वेगम जल्दी मा कुछ कीमती हीरा, जवाहिर, रतन औ मोहर ओहर लइके एक दुसरे सुरंग से कुछ सिपाहिन के साथे भागीं । सनमान तेवारिउ वेगम के साथे रहे । आगे गोमती नदी रहै । राति में पार करब बड़ा मुश्किल काम रहा । लेकिन वेगम के सत्ति से गोमती भूर होइ गयी । वेगम आपन सनमान तेवारी औ वनही के नाइ चारि छ सिपाहिन के साथे भागि कै जङ्गल कै राहि लिहिन । वही ठाँव अंगरेजन कै पड़ाव परा रहै । ऐसे बहुत लुकात-छिपत सब फैजाबाद के पच्छूँ जमथरा घाट पे पहुचिनि । वहि

समय उहाँ बहुत भारी जंगल रहा, यस जंगल कि हेरे राहि तक न मिलै । न कहुँ गउअैं गिराव । वही जंगल मे एक बनमानुस रहत रहा । जीनत महल मड़इ के लगे पहुँची । ऊ बड़े आदर से वनका टिकाइसि । बनमनुसवा वही दिन के बाद से बाहर जाइकै बजारी से कुछ सीधापानी लइ आवै । रानी बेगम का खिआवै औ सिपाहिनिउ का । बेगम दिनभर अंगरेजन के डेर से लुकानि रहैं औ जब राति होय, तब अपने सिपाहिन काँ राहि देखै खातिर यहर वहर पठवैं । एक दिन सनमान तेवारी दुइ सिपाहिन का लइकै पूरुब के ओर राहि पता लगावै निकरे । राति अन्हायारी रहै । अंगरेजन कै सिपाही गस्त लगावत रहैं । कुलि चारि-छ सिपाहिन कै झुण्ड रहै । दूनौ लोगन कै सामना होइ गै । लेकिन सनमान बोले नाही । तब झट से अंगरेजन कै सिपाही हमला कै दिहिनि । सनमान के साथे कै दूनौ सिपाही गिरि गयें । बचे सनमान, वैं मारत काटत आगे बढ़े । एक सिपाही भाला से सनमान का मारिस । भाला बगलि मे लाग लेकिन वन भाला चलावै वाले कै मूड़ पहिलेन काटि लिहिन । बाकी सिपाही भागे । घाव भारी रहै । घाव काँ वैं कपड़ा से बान्हि कै पूरुब के ओर चलें । सूरजकुण्ड आवत-आवत लुहाइ कै गिरि गयें । वहर बेगम देरी देखि कै अपने मनइन कै खोज खवर लेय के निकरी । हेरत-हेरत संजोग से वही पेड़ तरे पहुचीं, जहाँ सनमान परा रहैं । चीन्हि गयीं । तुरुन्तै एक सिपाही उहाँ बइठाय कै सठिया ऊँट पे वइठीं औ रातो रात छितनी पहुँची । सनमान कै दुइ भतीजा रहैं । वनका अपने साथे लिहिन औ सुर्जकुण्ड आइकै दूनो भतीजन का सनमान तेवारी कै दवा दारु करतिन खर्च वर्च दइकै फिर वही वनमनसुवा किहाँ चली गयीं । दूनौ भतीजे सनमान का उठाय लाइनि । दवा दारु भै । वन धीरे धीरे ठीक भयें । ठीक होय के बाद घर कै मनइ बहुत रोकिन कि न जाव । लेकिन कहिन कि हम गंगा उठाये बाटी । जबले अंगरेजन का न खदेरि देब, तबले सुख से न सोइब । सनमान तेवारी फिर बेगम के लगे पहुँचे । बेगम वही बनमनसुवा के सरन मा दिन काटति रहैं ।

वाजिद अली नबाब के रहै एकठू पारस पाथर । जेकाँ छुआइ दिहे लोहा सोना होइ जात रहा । उ पाथर नबाब के पास रहै, औ नबाब रहैं अंगरेज के जेल मा, मटियाबुर्ज मा । सनमान तेवारी बेगम से कहिन कि हम तुहैं उ पाथर आनि देवा चाहित है, विपतिया मे काम आयी । वेगम के एकठू छोट कै बेटवारहै, वही बेटवाका लिहिन औ फकीर कै भेस बनाइ कै मटियाबुर्ज का चलि दिहिन । नबाब से मिले । नबाब देखतै भोकरि-भोकरि कै रोय परें । सहजादा कै उ दसा नबाब का नाही देखा गै । सनमान तेवारी बड़े जोर से नबाब का डाटिन औ इसारे माँ बताइनि कि अब रोवै कै मवक्का नाही है । फिर नबाब का कुछ दुआ भभूति दिहिनि । वही भभूति के देवाइ मा नबाब पारस पाथर निकारि कै कल्ले से पकराय दिहिनि । सनमन तेवारी पाथर लइकै सहजादा के साथे वहीं से हालीकबेला निकरि गयें । यहर नबाब का अपने दसा पे बड़ा रँज भै । अपने सहजादा कै झुरान मुँह वनके आखी मँ घूमै लाग । हाथे मे रहै एकठू अँगूठी, वहि अँगूठीमा हीरा जड़ा रहै । बस उहै हीरा चाटि कै मरि गयें ।

सनमान तेवारी पारस पाथर लइकै सहजादा के साथे फिर बेगम से मिलें, औ पाथर वनके हाथमा दय दिहिनि । तब तक अंगरेज हावी होइ गै रहैं । अब बेगम के वहि जंगल मे रहब मुश्किल होइ गै । बेगम के पता लगावै करतिन तमाम जसूस घूमत रहैं । सनमान तेवारी बेगम का साथे लइकै, भेस बदलि कै भागत-भागत नैपाल मा पहुँचे । उहाँ वेगम का पहुचाइ कै तब घर के लउटें । घर का लउटत के बेगम रोइ दिहिनि औ अपने झोरी मे से एक हीरा निकारि कै सनमान का दिहिनि औ कहिन लइ जाव, येकाँ सात पुस्ता ले खायव । सनमान तेवारी घरे लउटि आयें, जिन्नगीभर अंगरेज यनकै पीछां नाही छोड़िन ।

अवधी ऐतिहासिक लोककथाका मुख्य विशेषताहरू

यी कथाहरूमा युद्धको वर्णन र विछोडको पीडा सँगसँगै पाइन्छ ।

न्यायको जित र अन्यायको हार हुने सन्देश : हरेक ऐतिहासिक कथाको अन्त्यमा न्यायको जित र अन्यायको हार हुने सन्देश दिइएको हुन्छ ।

मौखिक परम्परा: धेरैजसो कथाहरू लिखित रूपमा भन्दा पनि हजुरबुबा-हजुरआमाले नाति-नातिनालाइ सुनाउने 'दन्त्यकथा' का रूपमा जीवित छन् ।

११.१.१.१.२. प्रकृति सम्बन्धी कथा

अवधी लोक समाजमा प्रकृतिलाइ केवल जड वस्तु नमानी एक जीवन्त, आदरणीय र आत्मीय शक्तिका रूपमा हेरिन्छ । यहाँका लोककथाहरूमा रुख-बिरुवा, नदी-नाला, पशु-पंक्षी र चन्द्र-सुर्य जस्ता प्राकृतिक तत्त्वहरू मानव जीवनसँग अभिन्न रूपले जोडिएका छन् । नेपालको लुम्बिनी क्षेत्र (कपिलवस्तु, रूपन्देही) तथा सीमावर्ती अवधी सांस्कृतिक भुभागमा प्रचलित प्रकृति सम्बन्धी लोककथाहरू मध्ये प्रकृति सम्बन्धी कथाहरू मध्ये वनस्पति र वृक्ष पूजा सम्बन्धी कथाहरू जसमा विभिन्न रुखहरूलाइ देवता वा दैवीय शक्तिको बासस्थान मान्ने कथाहरू प्रचलित छन् । यी मध्ये तुलसीलाइ विष्णुप्रिया र पीपललाइ त्रिदेव (ब्रह्मा, विष्णु, महेश) को वासस्थान मान्ने थुप्रै लोककथाहरू छन् । पीपलको पूजा गर्दा पितृहरू तृप्त हुने र दुःख नाश हुने विश्वास कथाका माध्यमबाट नयाँ पुस्तामा हस्तान्तरण गरिन्छ । यसै किसिमले निमको रुखलाइ 'शीतल माता' को रूपमा पुजिन्छ । महामारी वा रोगव्याधिबाट बच्न निमको फेदमा जल चढाउने र यसको औषधीय गुणलाइ दैवीय शक्तिको रूपमा व्याख्या गर्ने कथाहरू अवधी गाउँघरमा सुन्न पाइन्छ । यसै किसिमले नदी, जल र नाग सम्बन्धी कथाहरू जस्तै सरयू र गङ्गा माताको महिमामा आधारित नदीहरूलाइ तिर्खा मेटाउने माध्यम मात्र नभइ पाप पखाल्ने र सन्तान दिने 'माता' का रूपमा चित्रण गरिएका अनेकौँ कथाहरू छन् । इनार, पोखरी वा जलाशयको रक्षा नाग देवताले गर्ने र नागलाइ खुसी नपारे जल सुक्ने वा अनिष्ट हुने जनविश्वास समेटिएका कथाहरू यहाँ निकै लोकप्रिय छन् । यसकासाथै पशुपंक्षी र मानव सम्बन्धका अवधी लोककथामा पशुपंक्षीहरूले मानिस जस्तै बोल्ने, सुख-दुःख बाँड्ने र न्याय गर्ने भूमिका निर्वाह गर्छन । ऋतु, मौसम र कृषिका कथाहरूमा प्रकृतिको चक्र र मौसम परिवर्तनलाइ बुझाउन अवधी समाजमा लोक-कथाहरूको सहारा लिइन्छ । घाघ र भड्डरीका भनाइ तथा कथाहरू मौसमको पूर्वानुमान र प्रकृतिको स्वभावसँग जोडिएका छन् । कुन दिशाबाट हावा चल्दा पानी पर्छ, कुन बादलले पानी पार्दैन भन्ने कुरा कथा र उखानका रूपमा ग्रामीण समाजमा जीवन्त छन् ।

निष्कर्षमा, अवधी लोक समाजका यी प्रकृति सम्बन्धी कथाहरूले मानिसलाइ प्रकृतिको दोहन गर्न होइन, बरु प्रकृतिसँग एकाकार भएर बाँच्न सिकाउँछन् । यस्ता कथाहरूले पर्यावरण संरक्षणको परम्परागत ज्ञानलाइ जोगाइराख्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

'का फागुन से सवनवै गरीब' अवधी लोक समाज, संस्कृति र ऋतु चेतनालाइ प्रतिनिधित्व गर्ने एउटा अत्यन्तै मार्मिक र दार्शनिक लोककथा हो । अवधी भाषामा यस शीर्षकको शाब्दिक अर्थ 'फागुन महिना र साउन महिनाका आफ्ना आफ्नै विशेषता छन, साउनले दुख कष्ट युक्त हिलाम्य जीवनले नै फाल्गुनमा चारैतिर हरियाली र मीठो मीठो खानेकुरा हेर्न र खान पाइन्छ' भन्ने हुन्छ । यो लोककथाले ऋतु परिवर्तन र प्रकृतिको सुन्दरताका माझमा अकाट्य संघर्षलाइ चित्रण गर्छ ।

एक दाइ कै बाति होय । फागुन का सावन राहि मे मिला । तो फागुन बोला भाई सावन, एक दिन हमरे घरेव के ओर दर्शन देव । सावन कहिस अच्छा देखा जाइ, कवनो मवक्का निकारि कै आइब । दइउ संजोग कै बाति एक दिन सावन फागुन के घर के ओर से निकरा । तो सोचिस चलो फागुन के घर होत चली ।

यिहै सोचि कै सावन फागुन के घरे पहुँचा । फागुन वनकै वड़ा खातिरदारी किहिस । सावन देखिस कि फागुन कै घर खुब लीपा पोता झकास है । घर मे पूड़ी, पकवान, गोझिया आदि बना रहै । सब जने बढ़िया बढ़िया कपड़ा पहिरे रहैं । राहि गलियारा साफ सुथरा रहै । खेतन मे गोहू जौ गदरान रहै । मटर, लाही पाकै लाग रहैं । सरसो फुलाय लाग रहै । बागन मे कोइल, पपिहरा बोलत रहैं । आमन मे बउरि आवै लाग रहै । बयरि के पेड़ मे बइरि फरै लाग रहैं । चरइ चिरङ्गन चहकत रहैं । फागुन मारे सान से दउरि दउरि आपन राज देखाइस । फिर गोझिया, गुलगुला, पूड़ी, पकवान खिआय कै बिदा किहिस ।

चलत के सावन फागुन से बोला, एक दाइ हमरेव किहां आवो । तो फागुन बोला जरुर आइब ।

अब एक दिन फागुन सावन के घरे सजि धाजि कै चला । तो देखै नदी, नारा बढ़ियान रहैं । करिया करिया बादर आसमान में छाये हैं । बिजुली चमचम चमचम चकमत औ गड़गड़ात है । कहूँ पानी के मारे निकरै कै राहिं तक नाही है । मेघा टर्र टर्र बोलत हैं । राति मे मासा खाये जात हैं ।

फागुन सारा कपड़ा भिजाये, फचर फचर करत, चहला का कूदत कादत सावन के घरे पहुँचा । फागुन का देखतै सावन बड़ा खुस भै औ हहकि कै गले मिला । कहै लाग भाई बड़ा तकलीफ उठायौ । अच्छा लेव यी घुघरी चबाव । फागुन मुह सिकोरि कै कवनो किसिम से घुघरी खाइस । कवनो ओर निकरै कै जगही रहै नाही । एक छिन आराम किहिस । अब खयका खाय कै बइठा । खयका मे फागुन का घुइया पूड़ी दिहा गै । कवनो तरिका से खान पीन भै ।

सूतत के समय फागुन कहै लाग कि भइया आप यहि स्थिती मा कइसै रहत हौ । हम तो एक छिन नाही रहि पाइब । सावन फागुन कै बाति सुनै के बाद ठट्ठाय कै हसा औ कहै लाग कि देखौ फागुन भाई हम यी चहला पानी न फैलाइ तो नतो नदी नारा भरी औ न तो तुँ यी उज्जर बिग्गर कपड़ा पहिर पइबो । तोहरे घर मे नतो गोझिया गुलगुला औ न पूड़ी पकवान बनि पाइ । साथै न तो तोहरे खेतन मे अनाज पैदा होइ औ न तोहरे बागन मे बसन्त देखाइ । तोहार सारा सान सौकत हमरे यही चहला पानी औ दुःख के बदौलत है ।

फागुन सावन कै बाति सुनिकै मनही मन बहुत खिसियान । कवनो तरीका से रात बीता । भिन्नहियै बिदा लइकै ऊ अपने घर के ओर लउटि परा ।

प्रकृति सम्बन्धी लोककथाका विशेषताहरू

अवधी लोकसमाजमा पाइने प्रकृति सम्बन्धी लोककथाहरूले मानव जातिलाइ प्रकृतिको शासक नभइ त्यसैको एउटा अभिन्न अङ्गका रूपमा रहन सिकाउँछन् ।

११.१.१.१.३. पौराणिक कथा

अवधी लोक समाजमा पौराणिक लोककथाहरूको निकै गहिरो र विशिष्ट स्थान छ, जसले सनातन हिन्दु धर्मका मुख्य ग्रन्थहरू (रामायण, महाभारत, र पुराणहरू) लाइ स्थानीय लोक संस्कृति, भुगोल र जनजीवनसँग जोड्दछन् । यी पौराणिक कथाहरू केवल धार्मिक आस्था मात्र नभएर अवधी समाजको नैतिक मूल्य र जीवन पद्धतिका संवाहक हुन् । अवधी लोक समाजमा प्रचलित मुख्य पौराणिक लोककथाहरू मध्ये स्थानीयकृत रामकथा र सीता-महिमा सम्बन्धी पौराणिक लोककथाहरूमा राम र

सीतालाइ ब्रह्माण्डीय भगवानका रूपमा भन्दा बढी आफ्नै परिवार र समाजको सदस्यका रूपमा प्रस्तुत गरिन्छ । यी मध्ये सीताजीको वनवास र धरती प्रवेश सम्बन्धी कथालाइ उदाहरणको रूपमा लिन सकिन्छ । अवधी महिलाहरू माझ यो पौराणिक लोककथा अत्यन्तै लोकप्रिय छ । यसमा सीताले वनवासमा भोगेको कष्ट, लव-कुशको जन्म र अन्त्यमा धर्तीमाताको काखमा विलीन भएको प्रसंगलाइ निकै करुण रसका साथ सुनाइन्छ । यसै किसिमले शबरी र रामको मिलन सम्बन्धी कथामा मतङ्ग ऋषिको आश्रममा बस्ने शबरीले वर्षौंसम्म रामको प्रतीक्षा गरेको र रामले उनको जुठो बयर खाएको पौराणिक कथालाइ अवधी समाजले जातीय समानता र भक्तिको सबैभन्दा ठूलो उदाहरणका रूपमा लिन्छ ।

अवधी समाजमा शिव-पार्वतीका कथाहरूमा भगवान शिव र माता पार्वती (गौरी) लाइ आदर्श दाम्पत्य जीवनको प्रतीक मानिन्छ । पौराणिक ग्रन्थमा शिवको जन्तीलाइ भयानक भनिए पनि, अवधी लोककथामा शिवको जन्ती आउँदा अवधका गाउँले महिलाहरूले कसरी जिस्क्याए र कस्ता लोकगीत (गाली) गाए भन्ने रोचक र हास्यरसले भरिएका कथाहरू पाइन्छन् । यसै किसिमले कजरी तीज र जितिया जस्ता व्रतहरूमा यहाका महिलाहरूले आफ्नो पतिको दीर्घायु र सन्तानको रक्षाका लागि माता पार्वतीले गरेका त्याग र तपस्याका पौराणिक कथाहरू सुन्ने र सुनाउने गर्दछन् । यसै किसिमले कृष्णलीला तथा महाभारतका पौराणिक कथालाइ पनि लोकलयमा आधारित बनाएर कृष्णले मखन चोरेको, कालिया नागको दमन गरेको र यशोदा मातालाइ ब्रह्माण्ड देखाएको पौराणिक कथाहरू बालकहरूलाइ सुताउने बेलामा सुनाइन्छ ।

पौराणिक कथाको उदाहरणको रूपमा अवधी समाजमा प्रचलित राजा भरथरीको कथालाइ लिन सकिन्छ । 'राजा भरथरी (भर्तृहरि)' सम्बन्धी लोककथा अवधी लोक समाज र समग्र उत्तर भारतीय लोकसाहित्यमा वैराग्य, त्याग र आध्यात्मिक चेतनाको एक सर्वोच्च प्रतीक हो । यो कथा उज्जैनका प्रतापी राजा भरथरी कसरी राजपाठ, वैभव र पारिवारिक मोह त्यागेर गुरू गोरखनाथ का चेला (योगी) बने भन्ने विषयमा केन्द्रित छ । अवधी क्षेत्रका सारङ्गी वाचक (जोगीहरू) ले यस कथालाइ अत्यन्तै करुण र शान्त रसमा गाउने गर्छन् ।

एक रहें राजा । वनकै नाँव रहा, भरथरी । ऊ बड़े धरमात्मा राजा रहें औ अपने परजा काँ बड़े धरम से पालत रहें । साधू संगति के कारण वन के मन में ग्यान औ बैराग बड़े अच्छे तरह पयदा होइ गै रहा । वनके एक रानी रहीं । उ बड़ी सुन्नर रहीं । राजा वन के रूप पे सदा मुगुध रहत रहें । रानी तो रहीं, लेकिन रहीं बड़ी हरजाइन, वन कउनो अउरो मनइ से फसी रहैं औ उ मनइ यइसन अवारा रहै कि यइसन सुन्नर रानी का पावै के बादौ कवनो पतुरिया से फसा रहै । उ पतुरिया रहै जरुर, लेकिन वकरे मनमा कब्बो-कब्बो धरम कै विचार आवत रहै । एक दाइ का भै कि एक साधु आय । राजा भरथरी से सत-संगत भै । उ साधू भरथरी से बड़ा खुश भै औ सोचिस कि यइसन ग्यानी-ध्यानी राजा जो हमेशा बना रहैं तो रियासत मे हमेसा सुख रही । यिहै सोचि कै उ राजा काँ एक अम्मरफर खाय के दिहिसि । जेकाँ खाइके राजा अम्मर होइ जाँय । राजा सीस नवाय कै उ फर लै लिहिन । साधू चला गयें । राजा अपने मन में सोचिन कि हम तो जोगी होइ, हम अपने जोग के बल पे खुद उमिर बढ़ाय लेब । लेकिन हमार रानी बूढ़ि होइ जाइ, तो यी फल जो उहै खाइ लेय तो बड़ा नीक होइ । यिहै कुलि सोचि कै राजा उ फल अपने रानी काँ दै दिहिन । रानी उ फर लय तो लिहिन लेकिन अपने नाही खाइन । वन अपने यार का ऊ फर दै दिहिन । उ जब वहि फर के बारेम सुनिस तो सोचिस कि - इ फर तो हम वहि पतुरियवा काँ दै देइ, तो उ हमरे उपर बहुत खुस होइ । यिहै सोचिकै ऊ

का किहिसि कि उ फर लइ जाय कै पतुरियवा का दै दिहिसि । पतुरियवा जब उ फर पाइस तो सोचै लाग कि हमार जिन्नगी तो वइसै पापन से भर पड़ा है । हम जेतना दिन जीअब वतनै पाप आउर बढ़ी । तो यी अम्मर फर खायक हम का करब ? यी फर जो राजा भरथरी खाय लेयँ तो अम्मर होइ जइहैं औ सब परजा हरदम खुसी रहिहैं । कहूँ यइसन धरमात्मा राजा फिर पइदा होंय कि न होंय ? यिहै कुलि सोचि कै ऊ राजा के लगे गै औ माथ नवाय कै उ फर दै दिहिसि औ कहिस कि महराज यी अम्मर फर होय, आपु येकाँ खाइके अमर होइ जाव, जेसे आप जुग-जुग जीऔ औ सब परजा सुखी रहैं । राजा उ फर लै लिहिनि । वन जानि गयें कि यी फर उहै होय । राजा धीरे-धीरे सब पता लगाइन । उ सोचै लागें कि देखौ कामदेव कइसै मनइ कै बुद्धी भरमाय देत है । जेकाँ हम अपने जी ज्यान से प्यार करित है, उ दुसरेस फसी है औ उ दूसर यइसन अभागा है कि यइसन रानी पावै के बादौ एक पतुरिया पे जान देत है । धन्य तो है उ पतुरिया जवनेम तो कम से कम कुछ तो धरम है । यिहै सोचि कै राजा आपन राजपाट छोड़ि दिहिन औ साधू होइ गयें ।

अवधी पौराणिक लोककथाका विशेषताहरू

बोलीचालीको भाषा : यी कथाहरू संस्कृतका कठिन श्लोकहरूमा नभइ सरल, सुमधुर र टिपिकल अवधी भाषामा भनिन्छन्, जसले गर्दा सर्वसाधारणले सहजै बुझ्छन ।

संगीतको मिश्रण : धेरैजसो पौराणिक कथाहरू भन्दाभन्दै बीच-बीचमा 'सोहर', 'मङ्गल गीत' वा 'भजन' गाउने चलन छ ।

भूगोलको स्थानीयकरण : कथा पौराणिक भए पनि, कथाको सेटिङ (जस्तै नदी, जङ्गल, गाउँ) लाइ स्थानीय अवध क्षेत्रकै वरपरको जस्तो गरी व्याख्या गरिन्छ ।

११.१.१.१.४. सामाजिक कथा

अवधी लोक समाजमा सामाजिक लोककथाहरूको स्थान निकै महत्त्वपूर्ण छ, जसले जनमानसको दैनिक जीवन, पारिवारिक सम्बन्ध, जात व्यवस्था, गरिबी, र मानवीय स्वभावलाइ जीवन्त रूपमा प्रस्तुत गर्दछन् । पौराणिक वा ऐतिहासिक कथाहरू जस्तो यसमा ठूला राजा-महाराजा वा देवी-देउता हुँदैन, बरु यसका पात्रहरू गाउँकै किसान, साहु, बुहारी, सासू, र साधारण मानिसहरू हुन्छन् । अवधी समाजमा पाइने प्रमुख सामाजिक लोककथाहरू मध्ये पारिवारिक सम्बन्ध र द्वन्द्वका कथाहरूले अवधी संयुक्त परिवारभित्र हुने माया, इर्ष्या र सम्बन्धका उतारचढावलाइ देखाउँछन । उदाहरणकालागि यस समाजमा पाइने सासू र बुहारी सम्बन्धी लोककथाहरूमा सुरुमा सासूले बुहारीलाइ दुःख दिएको र पछि बुहारीले आफ्नो बुद्धि वा सहनशीलताले सासूको मन जितेको प्रसंग यसमा बढी पाइन्छ । यसै किसिमले आमा बितेपछि सौतेनी आमाले छोराछोरीलाइ गर्ने दुर्व्यहार र ती बालबालिकाले भोग्ने सामाजिक पीडाका करुण कथाहरू अवधी समाजमा निकै प्रचलित छन् भने दाजुभाइ र भाउजू सम्बन्धी कथाहरूमा अंशबन्डाको विवाद, लोभी भाउजू र सोझो भाइको कथा आदिले ग्रामीण समाजको वास्तविक तस्बिर झल्काउँछ । यसै किसिमले यहाको लोक समाजमा पाइने न्याय, सामाजिक समानता र जात व्यवस्थाका कथाहरूमा सामन्ती व्यवस्था र जातीय विभेदविरुद्ध लोकमानसले सिर्जना गरेका कथाहरू पनि पाइन्छन । यस्ता लोकथामा गाउँका मुखिया वा जमिन्दारको अत्याचारविरुद्ध दलित वा विपन्न वर्गका पात्रहरूले सामाजिक न्यायका लागि गरेको संघर्ष र उनीहरूको जितका कथाहरूकासाथै गाउँको विवाद सुल्झाउने पञ्चहरू कसरी निष्पक्ष हुनुपर्छ र

'पञ्चको मुखबाट भगवान बोल्छन्' भन्ने सामाजिक मान्यतालाइ स्थापित गर्ने कथाहरू प्रशस्त मात्रामा पाइन्छन । यसकासाथै लोभ, पाप, र सत्कर्मको फल कस्तो हुन्छ भन्ने सिकाउने कथाहरूमा एउटालाइ इमान्दार र अर्कोलाइ लोभी देखाउदै लोभ गर्दा कसरी सर्वनाश हुन्छ भन्ने सन्देश दिने गरिन्छ । यसै किसिमले भाग्य ठूलो कि कर्म ठूलो भन्ने विषयमा समाजमा चल्ने बहसलाइ कथाको रूपमा प्रस्तुत गर्दै यस्ता लोककथामा सधैँ कर्मलाइ नै श्रेष्ठ देखाइन्छ ।

यसको उदाहरणको रूपमा अवधी लोकसमाजमा प्रचलित 'मोर होय कि तोर'(यस लोकथामा गरिब बहिन धनी भाइको घरमा सहयोगको आसमा आएका भाइ त्यो बेला घरमा नरहेको, भाइको अनुपस्थितिमा भाउजुले आफ्नो नन्दको अनादर गरेको, त्यो अनादरलेगर्दा बहिनी भोकै फर्किदा बाटोमा आफ्नो भाइको लहलहाउदै गरेको चनाको खेती हेरेपछि लोभ लागेर भोक मेटाउन चनाको कोपिला तोडेर खादै गरेको, त्यही बेला उनको धनी भाइ आएका, उनले आफ्नी बहिनीले त्यसरी चनाको कोपिला तोड्दै खादै गरेको देखेपछि सबै कुरा सोधेको, अनि घरमा आएर आफ्नी श्रीमतीसित सबै कुरा सोध्दा नन्द आएको र मैले राम्री आदर गरेर खाना खुवाएर अन्न दी पठाएको जानकारी दिएको, यो सुनेर भाइलाइ रिस लागेर तिम्रो माइतमा आगो लागेको र सबैथोक नष्ट भएको जानकारी गराइ यो बेला सहयोग गर्नपर्ने भनेको,यो सुनेर उनकी श्रीमतीले चामल, लत्ता कपडा, पकवान आदि तयार पारी त्यसै भित्र रकम पनि राखेर पठाउने सामाग्री तयार गरेको, भाइले ती सबै सामाग्री वैलगाडामा राखेर आफ्नी बहिनी कहा पुऱ्याएर फर्केको, संयोगले त्यसको श्रीमतीको भाइ आएको र त्यसबाट श्रीमतीले आफ्नो माइतमा त्यस्तो केही घटना नभएको र कुनै किसिमको सामाग्री पनि नपुगेको थाहा पाएपछि उसलाइ रिस लागेर आफु कहा मुण्डन(चुडाकर्म) संस्कार रहेकोले बहिनीलाइ बोलाउन भनेको, तर भाइलाइ शंका लागेर आफ्नी बहिनीको सट्टा ससुराली पुगि सासुलाइ बोलाएर ल्याएको, तर सासुले घुम्टो राखेकोले चिन्न नसकि नन्द आएको ठानेर परिछन गर्ने बेलामा मुस्लोले टाउको हिर्काकाएको, हिर्काएपछि उनी चिच्याएको र त्यही बेला भाइले आफ्नो श्रीमतीसित 'मेरो हो कि तिम्रो' चिन्न भनेपछि श्रमतीले घुम्टो उठाउदा, आफ्नै आमा रहेको देखेपछि जिल्ल परेको वर्णन यस कथामा समेटिएको छ)कथालाइ लिन सकिन्छ ।

दुइ भाई बहिन रहें । भाई अमीर रहा औ बहिन गरीब । एक दिन ऊ सोचिस कि अपने भाइ के यिहां जाइ तो उ जरुर कुछ न कुछ देइ । यी सोचि कै उ अपने भाई के घरे पहुची । भाई अपने खेते मा गा रहा । भउजी वनकै आवाभगत नाइ किहिन । ऊ कहै लागी, नन्द रानी बइठो अब्बय हम चोकर कै रोटी बनाइत हन, खाय के तब जायौ । बहिन जवाब दिहिस कि हम भइया से मिलै आ रहेन, ऊ नाही मिलें तो अब जाइत है, यी कहिकै ऊ चलि दिहिस ।

राहि मे वनके भाई कै खेत परा । पूस-माघ कै दिन रहा । चना खुब फुलान रहा । बहिन रही खुब भूखी, तो ऊ बइठि गईं । चना कै फुनगी तूरि-तुरि खाय लागीं औ यी गीत गावै लागी "बाढ़ै मोरे बाबा कै खेतवा औ पतिया, जाही के सगवा्पतवा मोर पेटवा भरै ।" चना जब फुलाय जात है तो वहि समय वोकर बड़ा चौकसी कीन जात है कि केहू आइकै खाय न जाय । वहि समय भाई खेत कै रखवारी करत रहा । जब ऊ अपने बहिन का चना कै फुनगी खात औ खेत कै बढ़ोत्तरी करतिन गीत गावत सुनिस, तो नकचेरे आय कै बोला 'दिदी' । बहिनी मूड़ उठाय कै देखिस तो समुहे भाइ खड़ा रहै । बातचीत भै । बहिन कहिस, हम तुहसे मिलै आ रहेन बकिर तूँ मिल्यो नाही, तो हम लउटी जाति रहेन । भाई पूछिस "तोहार भउजी तुहैं कुछ खवाइस पियाइस कि नाइ ?" बहिन कहिस "हां खुब खवाइस पियाइस ।" तौ भाई कहिस कि झूठ न बोलो, तब्बै तूँ

खेत चरे जात हिउ ।" भाई बड़ा जिद्दि किहिस कि "सच्ची सच्ची बताय देव ।" तो बहिन सब हालि सुनाइस । भाई फिर कहिस "बहिनी घरे चलौ ।" बकिर उ नाही गै ।

जब भाई अपने घरे पहुँचा तो वोकर मेहरिया रोज-रोज के जइसै बढ़िया-बढ़िया पकवान बनाय कै धरे रही । भाइ पूछिस कि "आज केहू आय रहा ?" मेहरारू कहिस "हां नन्द रानी आय रहीं ।" वन्है खवाय पियाय कै पठये हन, साथै आधा मन अनाजौ बान्हि दिहे हन । मेहरारु कै झूठ मूठ बात सुनिकै वहि मनइ का बड़ा किरोध आय औ सोचै लाग, कि का करै के चाहीं ?

दुसरे दिन उ अपने मेहरारू से कहिस कि तोहरे मयके आगि लाग गा है । अबही अब्बै खबरि आ है । तुहै अपने महतारी बाप औ भाई बहिन का मदत करै के चाहीं । ऊ मेहरिया रोवत-रोवत मनन अनाज बान्हि दिहिस । नीक-नीक कपड़न कै गठरी बान्हिस औ मिठाइ फल यी सब चीजि एक डेलवा मा धइ दिहिस । खाय पीयय् खातिर तमाम पूड़ी बनाय डारिस औ पूड़िन के भीतर रूपया धइकै कहै लागि, यी समान हमरे मयके पहुचाय देव ।

ऊ मनइ लढ़िया मचियाय कै वहपर सब लादि फानि कै अपने बहिन के घरे पहुचा । अब सब समान दइकै वोकर दु:ख औ गरीबी दूर कै दिहिस । वहि मेहरारू के कुछ पता नाही चला । भगवान कै महिमा यतनेन मा उ मेहरारू कै भाई आय । भाई का देखतै उ कारन कइकै रोवै लागि औ कहै लागि हाय तोहरे उप्पर बड़ा बिपति परिगै । घरमा आगि लाग गै । जब बहिन रोय धोय कै चुपाय गै तो भाई सब किस्सा पूछिस कि कइसै तुहैं खबर भै कि आगि लागि गै ? बहिन सब हालि बताइस तो भाई कहै लाग । यी सब बाति झूठ होय । न हमरे घर मे आगि लाग औ न कवनो तोहार मदत कै समान हमरे घरे पहुचा । यी सुनि कै उ मेहरारु जानि गै कि यी सब कारस्तानी हमरे मरद कै होय । उ सब समान अपने बहिनी के घरे दइ आय है । उ गुस्सानि औ सोचै लागि कि कइसै बदला ली ।

वही दिन उ अपने मनइ से कहिस कि काल्हि हमरे बेटवा कै मूड़न है । तू अपने बहिनी का बोलाय लावो । मनई कहिस, अच्छा । बकिर मन में सोचै लाग कि यी कवनो फिर गड़बड़ न कइ देय । तो अपने बहिनी के लावै तो गै नाइ, अपने ससुरारी पहुचा औ सासु से कहिस, काल्हि हमरे यिहाँ मूड़न है, तुहैं बोलाये हिन । सासु कहिस कि हम समधियाने कइसै जाई ? मनइ कहिस कइसौ चलो, रोटीवोटी न खायौ । वकिर हमरे यिहां बिना नानी के बेटवा कै मूड़न नाइ होत है । यी सुनिकै सासु वकरे साथे चलि दिहिस । जब वन समधियाने पहुचीं तो ऊ मेहरारू जानिस कि नन्द आय गइ हैं । लेकिन जब वन्हैं घूघूट काढ़े देखिस तो मनै मन कहिस कि येकां काव सूझा है कि घरही में परदा करति है । उ घूघुट काढ़े बइठि गई । मेहरारू सोचिस आज बदला लइ लेवै । परछनि करत के मूसर चारो ओर घुमाय कै नन्द के खोपड़ी मे दै मारिस । वकिर नन्द तो उहाँ कहा रहीं, वहिं तो रहीं महतारी । वन चिल्लाय परीं । तब मनइ (मर्द) बोला कि देख "मोर होय कि तोर" । मेहरारू मोर-तोर कै मतलब नाइ समझिस । उ तुरन्तै घूघुट उलटि दिहिस औ देखिस कि वोकर महतारी बइठी हैं, जे समधियाने के नाते घूघुट काढ़े रहैं । यी देखिकै उ रोवै लाग । आखिर उ अपने मनइ (मर्द) से हारि गै ।

जे जेकरे साथे जइसन करत है, वइसै फल पावत है, मेहरारू अपने नन्द के साथे जइसन वरताव किहिस वइसै वन्है अपने नातागोता के साथे देखै के परा । घर गृहस्थी मे मेहरारू मर्द का मिलि कै चलावै के चाहीं । लेकिन जहाँ कपट कै कतरनी होत, उहाँ यइसै नहला पे दहला चलै लागत है । फिर घर में शान्ति कहां ? घर नरक होइ जात है ।

अवधी सामाजिक लोककथाका मुख्य विशेषताहरू

यथार्थपरक चित्रण: यी कथाहरू सुन्दा आफ्नै गाउँ-घर वा छिमेकको कथा जस्तो लाग्छ ।

सरल र बोलीचालीको भाषा: यसमा स्थानीय अवधी उखान-टुक्का (लोकोक्ति) र 'मुहावरा' हरूको प्रचुर प्रयोग गरिन्छ ।

मनोरञ्जन र शिक्षाको मिश्रण: दिनभरिको खेतबारीको कामपछि बेलुका चौतारीमा वा ओछ्यानमा बसेर मनोरञ्जन लिनुका साथै नयाँ पुस्तालाइ सामाजिक मूल्य-मान्यता सिकाउन यी कथा भनिन्छन् ।

११.१.१.१.५. नीति कथा

अवधी लोक समाजमा नीति लोककथाहरूको स्थान निकै उच्च छ, जसले मनोरञ्जनको माध्यमबाट समाजलाइ नैतिकता, धर्म, न्याय, र व्यावहारिक ज्ञानको पाठ सिकाउँछन् । यी कथाहरू विशेष गरी बालबालिकाहरूलाइ सही र गलत बीचको भिन्नता बुझाउन र चरित्र निर्माण गर्न हजुरबुबा-हजुरआमाले सुनाउने गर्छन् । यहाको लोक समाजमा प्रचलित मुख्य नीति लोककथाहरू मध्ये मित्रता र विश्वासघातका कथाहरूमा जीवनमा कस्ता व्यक्तिहरूलाइ साथी बनाउने र कोसँग सतर्क रहने भन्ने व्यावहारिक नीति सिकाउँछन । उदाहरणकोलागि 'सच्चा मित्र र कपटी साथी' कथामा दुइ साथी हुन्छन, जसमा एउटा संकट पर्दा ज्यान दिन तयार हुन्छ भने अर्को स्वार्थ पूरा भएपछि भाग्छ । यसले 'संकटको साथी नै वास्तविक साथी हो' भन्ने नीति सिकाउँछ । पञ्चतन्त्रबाट प्रभावित अर्को 'बाँदर र गोहीको कथा' अवधी शैलीमा निकै लोकप्रिय छ । यसमा गोहीले विश्वासघात गर्न खोज्दा बाँदरले कसरी आफ्नो बुद्धिको बलमा ज्यान जोगाउँछ र विश्वासघातीसँगको मित्रता घातक हुन्छ भन्ने कुराको स्पष्ट सन्देश दिने प्रयास गरिन्छ ।

यसै किसिमले लोभ, अहङ्कार र त्यसको परिणामका कथाहरूमा लोभ र घमण्डले मानिसलाइ कसरी विनाशको बाटोमा लैजान्छ भन्ने कुरा यी कथाहरूमा देखाइन्छ । उदाहरणकोलागि सुनको अण्डा दिने कुखुरी कथामा अत्यधिक लोभ गर्दा कसरी हातमा भएको चिज पनि गुम्छ भन्ने नीति सम्बन्धी कथा अवधी घर-घरमा सुनाइन्छ भने सिंह र स्यालको कथामा वनको राजा सिंहले आफ्नो शक्तिमा घमण्ड गर्दा एउटा सानो र चतुर स्यालले कसरी उसलाइ इनारमा खसाएर मार्छ भन्ने नीति कथा अत्यन्त तन्मयताकासाथ भन्नेसुन्ने गरिन्छ ।

यसकासाथै न्याय, इमानदारिता र सत्कर्मका कथाहरूमा इमान्दारिताको फल सधैँ मिठो हुन्छ र ढिलो भए पनि सत्यको जित हुन्छ भन्ने सन्देश दिने 'दाउरे र जलदेवताको बञ्चरो' लोककथामा गुमेको फलामको बञ्चरोको बदलामा जलदेवताले सुन र चाँदीको बञ्चरो देखाउँदा पनि लोभ नगरी आफ्नो फलामको बञ्चरो मात्र रोज्ने इमान्दार दाउरेको कथालाइ उदाहरणको रूपमा लिन सकिन्छ ।

यी सबैकासाथै आमाबाबुको आदर र पारिवारिक कर्तव्यका कथाहरूमा छोरा-बुहारीले वृद्ध आमाबाबुलाइ हेलागर्दा उनीहरूका आफ्नै छोराछोरीले त्यो व्यवहार देख्छन् र पछि आमाबाबुलाइ पनि त्यस्तै गर्ने सङ्केत दिन्छन् ।

उदाहरणको रूपमा अवधी लोकसमाजमा प्रचलित 'इमान्दार लकड़हारा' लोककथालाइ लिन सकिन्छ । 'इमान्दार लकड़हारा' को कथा अवधी लोक समाजमा नैतिकता र इमानदारिताको पाठ सिकाउनका

लागि निकै लोकप्रिय छ । यस कथालाइ अवधी गाउँघरमा विशेष गरी बालबालिकाहरूलाइ लोभ नगर्न र सधैँ सत्यको बाटोमा हिँड्न सिकाउने माध्यमको रूपमा सुनाइन्छ ।

यस नीति लोककथाले सिकाउँछ कि 'इमान्दारिता नै सबैभन्दा ठूलो धन हो' । मानिसले जस्तोसुकै कठिन परिस्थितिमा पनि लोभ गर्नु हुँदैन । इमानदार र सत्यको बाटो हिँड्ने व्यक्तिलाइ ढिलो या चाँडो अवश्य पनि राम्रो फल मिल्छ ।

बहुत दिन पहिलै कै बात आय, एक गाँव माँ एक जने बहुतै गरीब लेकिन बहुतै इमानदार लकडहारा (दाउरे) रहत रहा । वोकर काम रोज जंगले माँ जाब, लकड़ी काटब औ ओका बजार माँ बेंचिके अपनो पेट पालब रहा । एक दिन कै बात आय, ऊ जङ्गलमा लकड़ी काटै गै । वोकां झुरान लकड़ी नाही मिलै । खोजत खोजत वोकां एक पेड़ेपर कुछ झुरान लकड़ी देखान । वकरे नीचे से नदी बहत रहै । लकड़हारा वहि पेड़े पर चढ़िके लकड़ी काटत रहा । अचानक का भवा कि वकरे हाथे से बञ्चरी (कुल्हाड़ी) छुटि गै औ धड़ाम से गहिर नदी माँ जाय गिरी । अब तौ लकडहारा पेड़े से उतरा औ नदी किनारे बइठि कै धीरे धीरे रोवै लाग । ऊ सोंचिस, "अब हमार का होइ ? हमार तौ रोजी-रोटी कै यिहै सहारा रहा इ बञ्चरी, ऊहौ नदी माँ बूडि गइ ! वोकर रोइब सुनिके नदी माँ से जलदेवता प्रगट भँए । देवता पूछिन, "ए भाइ ! तू काहे रोवत हौ ? का बिपत्ति आय परी?" लकडहारा हाथ जोड़िके रोवत-रोवत सब हाल सुनाइ दिहिस । जलदेवता कहिन, "तू फिकिर जिन करो, हम तोहार बञ्चरी ढूँढि देत हन ।" इ कहिके देवता नदी माँ डुबकी मारिन पहिलै बेर मा देवता पानी से एक चमचमात सोने कै बञ्चरी निकारिन औ पूछिन, "का इ तोहार बञ्चरी होय ?" लकडहारा देखिस औ नीक मन से बोला, "नाहीं महराज ! इ हमार नाहीं होय। " दूसर बेर देवता पानी माँ गँए औ चाँदी कै बञ्चरी निकारि लाइन । लकडहारा फिर कहिस, "नाहीं प्रभु, यिहौ हमार नाहीं होय ।" तीसर बेर जलदेवता वोकर पुरान लोहे कै बञ्चरी निकारिन । आपन बञ्चरी देखिके लकडहारा खुसी से नाचै लाग औ चिल्लान, "हाँ-हाँ महराज ! यिहै हमार बञ्चरी होय !" लकडहारा कै यतनी इमानदारी औ सच्चाइ का देखिके जलदेवता निहाल होइ गँए । ऊ कहिन, "वाह रे मानुस ! तोरे मन माँ कतहुँ लोभ नाहीं है ।" देवता खुस होइके ओकर लोहे कै बञ्चरी तौ दिहिन ही, साथै माँ ऊ सोने औ चाँदी कै बञ्चरिउ वोका इनाम माँ दइ दिहिन । लकडहारा आसीस देत अपने घर लउटि आय औ धनी होइ गै ।

इ बात ओकरे एक जने लालची पड़ोसी का मालूम भवा । वनहू के मन माँ लालच जागि गवा । ऊहौ दुसरेन दिन वही जगही पर गयें औ जानि-बूझिके आपन बञ्चरी नदी माँ फेंकि दिहिन फिर झूठ-मूठै रोवै लागें । जलदेवता फिर प्रगट भँए औ पहिलै बेर सोने कै बञ्चरी निकारिन, सोने कै बञ्चरी देखतै लालची पड़ोसी तुरन्तै बोलि उठा, "हाँ महराज ! यिहै हमार होय, यिहै हमार होय !" ओकर इ झूठ औ लालच देखिके जलदेवता का भारी गुस्सा आवा । ऊ कहिन, "तू कपटी औ झूठा हौ !" इ कहिके देवता बञ्चरी लइके पानी माँ बूड़ि गँए औ गायब होइ गँए । लालची पड़ोसी का न तौ सोने कै बञ्चरी मिली औ वोकर अपनो लोहे क बञ्चरी चली गै । ऊ हाथ मींजत घर वापस आवा ।

अवधी नीति लोककथाका मुख्य विशेषताहरू

सरल उखान-टुक्काको प्रयोग : कथाको अन्त्यमा अवधी भाषाका प्रख्यात नीतिपरक उखानहरू (लोकोक्ति) भनिन्छ, जसले कथाको सारलाइ मस्तिष्कमा अमिट बनाउँछ ।

पशु-पक्षीको माध्यम : मानिसलाइ प्रत्यक्ष उपदेश दिँदा झर्को लाग्ने हुनाले स्याल, काग, गाइ, वा सिंह जस्ता पात्रहरू प्रयोग गरेर नैतिक सन्देश दिइन्छ ।

११.१.१.१.६. व्रत कथा

अवधी लोक समाजमा व्रत लोककथाहरूको स्थान अत्यन्तै महत्त्वपूर्ण र पवित्र छ, जसलाइ स्थानीय भाषामा 'व्रत कथा' वा 'पुजा कै कहानी' भनिन्छ । नेपालको पश्चिम तराइ र अवध क्षेत्रका महिलाहरूले विभिन्न तिथि, बार र चाडपर्वहरूमा उपवास (व्रत) बस्दा यी कथाहरू अनिवार्य रूपमा सुन्ने र सुनाउने गर्दछन् । यी कथाहरूले धार्मिक अनुष्ठानका साथै पारिवारिक सुख, सन्तान रक्षा र दाम्पत्य जीवनको समृद्धिको कामना गर्दछन् । यी मध्ये सन्तान रक्षा र समृद्धिका लागि गरिने व्रत कथाहरूमा आमाले आफ्ना छोराछोरीको दीर्घायु र कल्याणका लागि कठोर व्रत बसेको र दैवी कृपा पाएको प्रसङ्ग हुन्छ । यसको उदाहरणको रूपमा अवधी लोक समाजमा पाइने तिनछट्ठी (हरछठ) व्रत कथा, बहुरा चउथ कै कथा, अहोइ अष्टमी कथा आदि आउछन ।

यसै किसिमले दाम्पत्य सुख र पतिको दीर्घायुका व्रत कथाहरूमा विवाहित महिलाहरूले आफ्नो सुहाग (पति) को रक्षाका लागि यी कथाहरू निकै श्रद्धाका साथ सुन्ने गर्छन् । उदाहरणको रूपमा अवधी लोकसमाजमा करवा चौथका कथाहरू मध्ये 'भाइ कै दुलारी बहिन' को कथा अत्यन्त प्रसिद्ध छ, यसमा, जहाँ दाजुभाइले बहिनीको भोक देख्न नसकेर नक्कली चन्द्रमा देखाउँदा परेको संकट प्रदर्शित गरिन्छ र पछि सच्चा व्रतले पति जीवित भएको कथा सुनाइन्छ । यसै किसिमले वटसावित्री (बरसाइत) व्रत कथामा ज्येष्ठ महिनाको औँसीमा वट (बरको) रुखको पूजा गर्दै सती सावित्रीले आफ्नो बुद्धिमत्ता र पतिव्रता धर्मको बलमा यमराजबाट पति सत्यवानको प्राण फिर्ता ल्याएको अवधी लोक रूप सुनाइन्छ भने कजरी तीज(हरितालिका तीज) कथामा माता पार्वतीले भगवान शिवलाइ पतिका रूपमा पाउनका लागि जङ्गलमा गरेको कठोर तपस्या र व्रतको पौराणिक कथा अवधी महिलाहरू माझ निकै लोकप्रिय छ । यसकोसाथै अवधी लोकसमाजमा पाइने भाइ-बहिनीको प्रेम र पारिवारिक कल्याणका कथाहरूले दाजुभाइ र दिदीबहिनी बीचको पवित्र सम्बन्धलाइ प्रगाढ बनाउने नीति र संस्कार सिकाउँछन् ।

उदाहरणका लागि अवधी समाजमा प्रचलित नागपञ्चमीका अवसरमा भनिने कथालाइ लिन सकिन्छ । अवधी समाज र लोक-संस्कृतिमा नाग-नागिनको कथा नाग पञ्चमीको अवसरमा सुनिने सबैभन्दा लोकप्रिय र भावनात्मक आख्यान हो । यस कथाले अवधी समाजको पारिवारिक संरचना, पर्यावरणप्रतिको दृष्टिकोण र लोक-मनोविज्ञानका धेरै पक्षहरूलाइ उजागर गर्दछ :

एक परिवार रहै । वहि परिवार मे पतोह कै वड़ा दुर्दशा रहै । बेचारी का ठीक से खाना तक नाही मिलै । अक्सर तो वोकां भूखा सूति जाय के परै । उप्पर से दिनभरि कै झकझोरा । बोकर सासु वड़ा दुष्ट रहै । ऊ पतोह पर तनिकौ विश्वास नाइ करै । पतोह का अनेक किसिम से कष्ट देय । घर मे खेतीबारी ढेर रहै । घर कै सारे मर्द तो खेत मे काम करै चला जांय औ एक पहर रात बीति जाय, तब्बै घरे लउटैं । घर मे दिनभर सासु-पतोह मे खुब कलह होय । दुपहरे कै नहारी सासु अपने लइकै जाय । वोका शंका रहै कि यदि पतोह नहारी लइ गयी तो रस्ता मे कुछ न कुछ चोराय कै खाय लेइ ।

पुड़ी औ गोझिया-गुलगुला बना । जब दुपहरे कै नहारी लइकै सासु जाय लागी तो पतोह बोली, "लावो अम्मा आज हमही नहारी दइ आइ ।" हाँ-हाँ, दइ काहे नाइ अइबू । खीर, पुड़ी, गोझिया गुलगुला देखि कै लार टपकत होइ न । तुहैं रस्ता मे खाय करतिन दइ देइ, नइ ?" पतोह बोली, "नाइ अम्मा ! चाहे जवन किरिया खवाय लेव, हम नाइ खाबै । चाहो तो हमरे मुह मे चीन्हा बनाय देव । यदि नाइ मिटी तो समझेव कि नाही खायन औ यदि मिटि जाइ तो समझेव कि खाये हन ।" सासु यइसै किहिस, पतोह के मुह पे चीन्हा लगाइस

औ नहारी बान्हि कै पतोह का पठै दिहिस । राहि मे इमली कै एकठू पेड़ मिला । वह में एकठू खोड़हर रहा । पतोह कुछ खीर औ थोरै पुड़ी औ गोभिया गुलगुला वही खोड़हर में धय दिहिस । बाकी नहारी खेत मे पहुचाय दिहिस । ऊ खेत से लउटि कै बोली, देखि लेव अम्मा, सारा चीन्हा ठीक है ना ? सासु देखिस सारा चीन्हा ठीक रहै । वन्है विश्वास होइ गै कि पतोह चोराय कै नाइ खाये ही ।

थोरै देर के बाद पतोह बहाना कइकै इमली के पेड़ के लगे पहुची । खीर पुड़ी औ गोभिया गुलगुला निकारै करतिन खोड़हरा में हाथ डारिस । बकिर वहि तो कुछ नाइ रहै । बेचारी के आखि मे आँसु भरि आय । ऊ बोली "हम तो समझत रहेन कि यहि दुनिया मे सबसे ज्यादा दु:खी हमही हन, बकिर अब हम्मै यइसन लागत है कि हमहू से ज्यादा दु:खी लोग हैं । जे खीर पुड़ी खाय लिहिस । खोड़हरा मे नाग देवता बइठा सब सुनत रहैं । वनही खीर-पुड़ी खाये रहें । नाग देवता बहरे निकरे औ बोले, "बिटिया का बाति है ? पतोह बोली" बाबूजी, घर में खाय के नाही मिला ला । आज चोरी से कुछ खायवाला सामान यहिं लुकुवायक् गै रहेन कि लउटि कै खाबै । लागत है, केहू का मालुम होइ गै । ऊ सब खाय लिहिस । नाग देवता कहिन "बिटिया, खीर, पुड़ी तो हमही खाये हन । अब तूँ चिन्ता न करौ, हमरे साथे घरे चलौ । हम तुहैं अच्छा-अच्छा खयका खियाइब ।" पतोह कहिस "बकिर हमरे घर कै अदमी का कहिहैं ? हमार सासु तो हम्मै मारिन डरिहैं ।" नाग भित्तर गै औ थोरै देर मे ढेर सारा धन लइके बहरे आय औ बोला, "जाव यी लइकै जाव औ अपने सासु से कहेव कि हमरे पिताजी बिदा करावै आ हैं, तो बिदा कइ दिहैं ।"

पतोह कुल धन अपने सासु का दइ दिहिस औ कहिस कि "पिताजी बिदा करावै आ हैं ।"लालची सासु धन के लालच मे यतना लीन होइ गइ कि वोकां कुछ ध्यान नाइ रहि गै । सासु बोली "ठीक है, जाव ।" पतोह नाग के साथे चलि दिहिस । बोकां लइके नाग देवता एक बाबी के लगे गयें कहिन बिटिया घरे चलौ ।" पतोह बोली "बाबूजी, हम यतना छोट बाबी मे कइसै जाय पाइब ?" नाग देवता कहिन "आपना आँखि वन्द कइ लेव ।" ऊ अपना आँखि बन्द किहिस कि नागदेवता कै महिमा कहां से कहाँ पहुचि गइ । पतोह जब आखि खोलिस तो अपने आप का एक विशाल महल में पाइस । महल तरह-तरह के सर-सामान से सजा रहै । नाग देवता कहिन "बिटिया, जब तक त यहिं रहै चाहौ, आराम से रहौ । पेट भर खाव पीयव औ मउजि करौ ।" नागदेवता वड़े उत्सोह से घूम-घूमि कै सारा महल देखाइन । छ कोठरी तो नागदेवता यइसन देखाइन कि जवन खाली हीरा-जवाहरात से भरा रहै । खाय, पीयय् कै तो कवनो कमी रहै नाइ । नाग देवता कहिन, "यी छवो कोठरी कै सारा समान तोहार होय खाव, पहिरौ, बकिर सतवा कोठरी न खोलेव । नाइ तो तोहरे धर्म कै महतारी नागिन तोहार जान लय लेइ । पतोह बोली, "अच्छा, बाबूजी ।"

कुछ दिन तो बहुत मउजि-मस्ती में बीता । जवन चीज ऊ आखियौ से नाइ देखे रही उ खाइस-पीस औ पहिरिस । लेकिन कुछ दिनबाद वोकर मन यी सबसे भरि गै । वोकर ध्यान तो अब सतवा कोठरी पे रहै । ऊ सोचै कि कब मवक्का मिलै औ कब सतवा कोठरी खोलि कै देखी । लेकिन नाग देवता का रोकै के नाते वोकां नाइ खोलै । एकदिन वोकर मन नाइ मान औ मवक्का देखिकै ऊ कोठरी खोलि दिहिस । ऊ कोठरी छोट-छोट सापन से भरा रहै । जइसै ऊ दरवाजा खोलिस तो केहू कै पूछ कटि गै । केहू कै मुह कचरि गै, केहू दबि गै औ तमाम अण्डा फुटि गयें । ऊ झट्ट से किवाड़ बन्द किहिस औ अपने कोठरी मे आइकै सूती ।

जब नागिन अपने बच्चन कै यी दुर्दशा देखिस तो आगबबूला होइ गयी । वही समय नाग देवता का बोलवाइस औ बोली "के केकर धरम कै महतारी औ के केकर बिटिया ? तोहार लाडली बिटिया हमरे लरिकन का लूल-लङ्गण औ बयण्डा बनाइस है । अब हम येंका नाइ छोड़ब ।" नाग देवता का यी सब सुनि कै बड़ा दु:ख भै, लेकिन ऊ तरफदारी करत बोले "ऊ जान बूझि कै यइसन नाइ किहिस है । अन्जान मे वोसे गल्ती होइ गै । वोकां माफी दइ देव ।" बकिर नागिन नाइ मानी । ऊ कहिस "वोकां हम माफी तो नाइ दै सकित ।

हम जब-जब बण्डा-बूचा का देखब तो हम्मै येकर ध्यान आय जाइ। हाँ, वन्है हम अपने घर मे नाइ मारब। यनके घरही जाइकै बदला लेबै। येकां अब घर से बहरे कइ देव।" नाग देवता लाचार होइकै कहिन, "बिटिया, तोहरे घरवाले तुहै याद करत होइहैं, चलो तोहरे घरे छोड़ि आइ।" पतोह आखि बन्द किहिस औ जब खोलिस तो बाबी से बाहर। धन-दवलत, हीरा-मोती लादे-फाने घरे पहुची।

यतना धन देखिकै सासु अवाक रहि गइ। ऊ पतोह कै बड़े आदर भाव से परिछन किहिस। धन पाइकै सासु कै व्यवहार नरम होइ गै। ऊ अब पतोह का मोहाय लागी। जवन पतोह दिन प्रतिदिन गारी सहत रही, मारु सहत रही, उहै आज धन के बदौलत प्यारी होइ गयी। रात मे पतोह सूतै करतिन अपने कोठरी मे गइ औ अचरा से दीया बुताय कै बोली–

"नाग बाढ़ैं नागिन बाढ़ैं, बाढ़ै राज छमासी।

डुण्ड-वुण्ड मोरे भइया बाढ़ैं, जिन पुरइ मोरि आसी।"

मर्द बोला, "अबकिर तो तूँ मयका से बहुत कुछ सिखि कै आइ हिउ।" नागिन घात लगाए खटिया के नीचे बइठी रहै। जब पतोह के मुह से ऊ अपने परिवार कै मंगलकामना सुनिस, तो बड़ी खुस भइ। ऊ सोचिस, "बण्डै सही, हमार लरिके जिन्दा तो हैं, यी उ सबकै मंगलकामना करत ही, तो दुश्मन तो नहियय होइ सकत।" यिहै सोचि कै नागिन घरे लउटि आइ। नाग देवता चिन्तामगन बइठा नागिन कै राहि देखत रहें। ऊ सोचत रहैं अब्बै नागिन डसि कै आवत होइ। जइसै नागिन आइ नाग देवता पूछिन, "बिटिया का डसि आइउ?" नागिन बोली "भला, हम अपने बिटिया का काहे डसबै? का केहू अपने बिटिया कै अमंगल सोचि सकत है? हमार बिटिया जुग-जुग जीयय् औ अखण्ड सुहाग भोगै औ हमार बन्डौ जीयय्।" नाग यी सुनिकै बड़ा खुस भै। सब लोग सुख से रहै लागें।

अवधी समाजमा नाग पञ्चमीको दिन गाइने वा भनिने नाग-नागिनको कथाले 'जीवो जीवस्य जीवनं' (एउटा जीव अर्को जीवको सहारा हो) र 'क्षमा वीरस्य भूषणं' (क्षमा गर्नु नै सबैभन्दा ठूलो गुण हो) भन्ने गहिरो सन्देश दिन्छ। यसले मानिसलाइ प्रकृतिप्रति उत्तरदायी हुन र सानोभन्दा सानो जीवको जीवनको पनि सम्मान गर्न सिकाउँछ।

अवधी व्रत लोककथाका मुख्य विशेषताहरू

महिलाहरूको नेतृत्व : यी धेरैजसो व्रत कथाहरू महिलाहरूले नै भन्ने र सुन्ने हुनाले यसमा नारी संवेदना, मातृत्व र पारिवारिक जिम्मेवारीलाइ बढी प्राथमिकता दिइएको हुन्छ।

चामल र अक्षताको प्रयोग : कथा सुन्न बस्दा हातमा गहुँ, चामल वा फूलका दानाहरू राख्ने र कथा सकिएपछि त्यसलाइ पूजाको कलश वा भुइँमा चढाउने अनिवार्य परम्परा छ।

'कथा अधुरो छोड्न नहुने' मान्यता : अवधी लोकविश्वास अनुसार व्रत कथा सुरु गरेपछि बीचमै छोडेर उठ्नु हुँदैन र कथाको अन्त्यमा 'सत्यनारायण स्वामी की जय' वा सम्बन्धित देवी-देवताको जयकार अनिवार्य गर्नुपर्छ।

११.१.१.१.७. काम वा रति सम्बन्धी कथा

अवधी लोक साहित्यमा काम, रति तथा श्रृङ्गार र प्रेमाख्यान सम्बन्धी लोककथाहरूको अलग्गै र विशेष विधा छ। यी कथाहरूले मानव जीवनको प्राकृतिक आवेग, युवावस्थाको आकर्षण, प्रेम, विरह, दाम्पत्य

रति र यौवनको मनोविज्ञानलाइ कलात्मक शैलीमा प्रस्तुत गर्दछन् । ग्रामीण अवध क्षेत्रमा यी कथाहरूलाइ लोकगीत (जस्तै गारी, फाग, बिरहा) र रात्रिकालीन लोकनाट्य (जस्तै नौटङ्की र स्वाङ्ग) को माध्यमबाट लोकमानसले जीवन्त राखेका छन् । यस्ता लोककथाहरू मध्ये केही शास्त्रीय तथा मध्यकालीन प्रेमाख्यान र रति कथाहरू छन । यी कथाहरूमा ऐतिहासिक वा काल्पनिक नायक-नायिकाको तीव्र शारीरिक आकर्षण, सुगठित यौवन र प्रेमको खोजीलाइ मुख्य विषय बनाइन्छ । यसको उदाहरणको रूपमा अवधी समाजमा उपलब्ध सदावृक्ष र सारङ्गाको कथालाइ लिन सकिन्छ । यो अवध क्षेत्रमा अत्यन्त लोकप्रिय रोमान्टिक लोककथा हो । यसमा युवावस्थाको कामवासना, प्रेम, सामाजिक बन्धन र विरहको अवस्थालाइ रसिलो अवधी भाषामा उतारिएको छ ।

यसै किसिमले यस लोकसमाजमा परिहास, ठट्टा र रतिरसका कथाहरू पाइन्छन । यस्ता कथाहरूमा अवधी लोक संस्कृतिमा वैवाहिक सम्बन्ध र नातागोताभित्र हुने वैध काम-हँसी र रतिरसलाइ स्वीकार गरिएको हुन्छ । उदाहरणकोलागि शाली र भिनाजु (साली-जीजा) का कथाहरूमा साली र भिनाजुको नातालाइ ठट्टा र रतिरसको खुला माध्यमको रूपमा देखाइन्छ भने भिनाजुलाइ जिस्क्याउन सालीहरूले रचेका चतुर जाल र कामुक ठट्टाहरू यस विधाका कथाहरूमा भेटिन्छन् । यसै किसिमले देवर र भाउजू (देवर-भाभी) का कथाहरूमा श्रीमान परदेश गएको बेला (अवधमा परदेशी संस्कृति व्यापक छ) देवर र भाउजूबीच हुने मीठो नोकझोक, आकर्षण र रतिरसका कथाहरू ग्रामीण चौतारीहरूमा वयस्कहरू माझ सुनाइन्छ । यसकासाथै ऋतु र पर्वसँग जोडिएका काम-उद्दीपक कथाहरूमा ऋतु परिवर्तनसँगै मानव शरीरमा आउने कामचेतना र रतिभावलाइ उत्सवका कथाहरूमा जोडिएको हुन्छ भने कजरी र बर्खा ऋतुका कथाहरूमा साउन-भदौको झरीमा विवाहित महिलाहरू माइत जाँदा र पति घरमै छुट्दा उत्पन्न हुने कामवासना, विरह र रति-मिलनको व्यग्रतालाइ कजरी गीत र कथाहरूले प्रस्तुत गरिन्छ ।

'सारङ्गा-सदावृक्ष' को यो कथा अवधी र भोजपुरी लोक समाजमा प्रचलित सबैभन्दा प्रसिद्ध रोमान्टिक तथा रति रसले भरिएको लोकगाथा हो । यो कथा युवावस्थाको तीव्र शारीरिक आकर्षण, वैवाहिक बन्धन, परदेश विरह, र अथाह प्रेमको एउटा उत्कृष्ट सामाजिक-सांस्कृतिक दस्तावेज हो ।

बहुत समय पहिले कै बाति होय, एक नगर में सदावृक्ष नाव कै एक बुद्धिमान औ सुन्नर युवक रहत रहा । वही नगर के एक धनीमानी परिवार में सारङ्गा नाव कै एक बहुतै सुन्नर औ गुणी कन्या रहत रहीं । बचपन में दुनौ यक्कै गुरु के आश्रम (पाठशाला) में पढ़ै जात रहें । साथे पढ़तै-पढ़त दुनौं कब एक-दुसरे के करीब आइ गयें, ऊ लोगन का पतै नहीं चला । गुरुकुल में ऊ लोग स्लेट पर शब्दन के बहाने अपने प्रेम कै इजहार करत रहें ।

सदावृक्ष अक्सर सारङ्गा की सहेलिन औ वनके सामने आपन बांसुरी बजावत रहै, जवने कै धुन सुनिकै सारङ्गा सब-कुछ भूलाय कै वनके तरफ खिंची चली आवै. । जइसै-जइसै दुनौं बड़ा भयें, दुनौ कै प्रेम आउर बढ़त गै । लेकिन वहि जमाना कै कड़ा सामाजिक नियम औ जाति-पांत कै बन्धन के नाते दुनौ कै मिलब मुश्किल होत गै । सारङ्गा के परिवार वालन का जब यहि प्रेम कै भनक मिला, तो ऊ लोग सारङ्गा का बहरे निकरब औ गुरुकुल जाब बंद करवाय दिहिन । सारङ्गा कै बाप-महतारी आनन-फानन में वनकै वियाह कवनो दूर दराज कै राजा से तय कइ दिहिन ।

जब सदावृक्ष का यहि बात कै पता चला, तो ऊ सारङ्गा के वियोग में पागल यस होइ गै । सारङ्गौ अपने महल में रोवत-विलखत रहैं, लेकिन सामाजिक दबाव के आगे वन असहाय रहीं । डोली में बइठत के समइयो में वनकै आँखि सिर्फ औ सिर्फ अपने सदावृक्ष को ढूंढत रही ।

सारङ्गा कै विदाइ के बाद सदावृक्ष कै मन संसार से उचटि गै । वन राजसी ठाट-बाट छोड़ि दिहिन, बदन पर भस्म रमाय कै, गेरुवा वस्त्र धारण किहिन औ हाथ में सारंगी लइकै 'जोगी' (संन्यासी) बनि गयें । वह सारङ्गा की याद में दर-दर भटकै लागें । "भटकत-भटकत वन वही नगर में जाय पहुँचें जहाँ सारङ्गा कै वियाह भवा रहा । वन सारङ्गा के महल के नीचे पहुचि कै आपन दर्दभरा धुन बजावै लागें ।

बांसुरी औ सारंगी कै ऊ चिर-परिचित धुन सुनिकै सारङ्गा तुरन्त पहिचान गईं कि यी कवनो साधारण जोगी नाहीं, बल्कि वनकै अपना सदावृक्ष होंय । वन लाज-शर्म औ पहरेदारन कै बिना परवाह किहे दउरत महल से नीचे आइं ।

वर्षों वर्ष कै वियोग के बाद जब दुनौं कै आँखिं मिलीं, तो दुनौं कै आंसु थम्है कै नाव नाहीं लेत रहैं । सदावृक्ष कै हालत देखिकै सारङ्गा कै दिल फटि गै ।

यहि अत्यधिक मानसिक औ भावनात्मक आघात का दुनौं कै शरीर बर्दाश्त नाहीं कइ पाइस । सदावृक्ष वही सारङ्गा के बांह में आपन प्राण त्याग दिहिस । अपने प्रेमी का मृत देखिकै, सारङ्गौ तड़पकर वहीं दम तूरि दिहिन ।

सारङ्गा औ सदावृक्ष कै अन्तिम संस्कार यक्कै जगही किहा गै । जहाँ यहि दुनौं प्रेमिन कै अन्तिम संस्कार किहा गै, उहाँ दुइ पेड़ उगि आयें । हवा चले पर वहि दुनौ पेड़न कै डारि औ पाता यहि किसिम से आपस में उलझि जांय, मानो सारङ्गा औ सदावृक्ष आजौ एक-दूसरे के गले मिलत होंय ।

अवधी लोकसमाजमा यस कथाको महत्त्व

साम्यवाद र सामाजिक विद्रोह : यो कथाले समाजले बनाएको जबरजस्तीको विवाह र नारीको इच्छा विपरितको सम्बन्धमाथि प्रश्न उठाउँछ ।

भाषाको मिठास : अवध क्षेत्रका वृद्धवृद्धाहरूले यो कथा सुनाउँदा कतिपय रोमान्टिक प्रसङ्गहरूलाइ उखान र साङ्केतिक शब्द प्रयोग गरेर युवाहरूलाइ दाम्पत्य जीवनको रहस्य बुझाउँछन् ।

अवधी काम तथा रति लोककथाका विशेषताहरू

द्वैअर्थी भाषा र उखान : यी कथाहरूमा काम र रतिको वर्णन सिधै गर्नुको सट्टा साङ्केतिक रूपमा फलफूल (जस्तै आँप, अमिला), खेतीपाती वा मौसमको माध्यमबाट गरिन्छ ।

वयस्क मनोरञ्जन : यस्ता कथाहरू प्रायः बालबालिकाहरूको अगाडि भनिँदैन; बरु विवाहको अघिल्लो रात (रतिजगा) वा महिलाहरूको आफ्नै जमघटमा 'सोहर' र 'गारी' गाउने बेला कथाका रूपमा साटासाट गरिन्छ ।

११.१.१.१.८. पराक्रम र साहस सम्बन्धी कथा

अवधी लोक समाजमा पराक्रम र साहस सम्बन्धी लोककथाहरूको निकै गौरवशाली परम्परा छ, जसले मातृभूमिको रक्षा, सामाजिक न्याय, सामन्ती अत्याचार विरुद्धको संघर्ष र व्यक्तिगत वीरतालाइ प्रस्तुत गर्दछन् । अवधी संस्कृतिमा यी साहसिक कथाहरूलाइ केवल कथाको रूपमा मात्र नभइ 'लोकगाथा' का रूपमा गाउँघरमा रातभरि सङ्गीतमय शैलीमा गाउने र सुनाउने गरिन्छ । अवधी लोक समाजमा प्रचलित मुख्य पराक्रम र साहस सम्बन्धी लोककथाहरू मध्ये अवध र यसको वरपरको क्षेत्रमा साहसको सबैभन्दा ठूलो प्रतीक आल्हा र ऊदल को कथा हो । महोबाका यी दुइ वीर दाजुभाइको ५२

वटा युद्धको गाथा अवधी समाजमा 'आल्ह खण्ड' का रूपमा निकै लोकप्रिय छ । मातृभूमिको रक्षाका लागि दिल्लीका राजा पृथ्वीराज चौहानसँग उनीहरूले गरेको ऐतिहासिक युद्ध र वीरता यसको मुख्य कडी हो । वर्षा ऋतुको समयमा अवधका गाउँहरूमा जब वीर रसले भरिएको 'आल्हा' गाइन्छ, तब युवाहरूमा अभूतपूर्व साहस र जोश पैदा हुने जनविश्वास छ । यसकोसाथै यस लोक समाजमा पाइने सामन्ती अत्याचार विरुद्ध सामाजिक नायकका कथाहरूले स्थानीय जमिन्दार, साहु वा विदेशी शासकहरूको अत्याचार विरुद्ध नायकले हतियार उठाएर गरिबहरूको रक्षा गरेका हुन्छन् । कतिपय अवस्थामा रोबिन हुड जस्ता विद्रोही पात्रहरू (जसले धनीलाइ लुटेर गरिबलाइ बाँड्थे) को साहसलाइ पनि अवधी लोकमानसले बडो सम्मानका साथ वीर गाथाका रूपमा जोगाएर राखेको छ ।

यस किसिमका कथाहरूमा तिलस्मी प्रवृतिको विशेष रूपमा उपयोग गर्ने गरिन्छ । जसको सहयोगले नायक आफ्नो उद्देश्यलाइ कार्यरूप दिने गर्दछ । उदाहरणका लागि अवधी समाजमा पाइने दुइ राजकुमार नामक कथालाइ लिन सकिन्छ ।

एक रहें राजा । वनके दुइ बेटवा रहें । भगवान कै कुछ यइसन मरजी कि राजा कै मउत होइ गै औ राजपाट तहस नहस होइ गै । दूनौ लरिके बड़े मुसीबत मे परि गयें औ लचारी दरजा नोकरी के तलास मे एक देस मे जाय कै पहुचे । उहां कै राजा बड़ा पराक्रमी औ जोधा रहै । दूनौ भाई वनके लगे नोकरी के खातिर गयें । राजा वनके रूप रङ्ग का देखि कै वड़ा खुस भयें औ पूछिन तोहरे कवन काम कइ सकत हौ ? लड़िकवे कहिन 'जवन काम आप के राज मे केहू नाइ कइ पाइ उ काम हमरे दूनौ भाई करब ।' राजा वनसे पूछिन तनखाह केतना लेबौ ? तो लड़िके कहिन 'एक एक लाख रूपया देव तो करी ।' राजा कहिन 'बहुत ठीक' औ नोकरी पे राखि लिहिन । राजा ऊ लोगन के खातिर सुन्नर महल बनवाय दिहिन औ राजा के जेस इज्जत के साथ राखिन । राजा के एक बेटवा औ एक विटिया रहैं । एक दिन राजा के बेटवाका साप काटि लिहिस, ऊ मरि गै । सारे राज मे हाहाकार मचि गै । राजा अपने बेटवाका लइकै समसान जाय लागें । समसान मे बड़े बड़े राक्षस रहैं । ऊ सब मनइन का खुब दुख देंय औ मरा औ जीयत जवनै आदमी पावैं खाय डारै । यही नाते राजा के बेटवाका केहू समसान लइ जाय के तयार नाही होय । राजा बहुत दुःखी रहें । वही समय ऊ दूनौ आयें औ लहासि का लइ जाय कै तयार होइ गयें । दूनौ राजकुमार हाथ मे तलवार औ कान्हे पे लहासि लइकै समसान पहुँचे ।

रात होइ गा रहैं । दूनौ राजकुमार लहासि का जमीन पर धइ दिहिन औ रखवारी करै लागें । दूनौ वसरी पारी जागैं औ रखवारी करैं । अब छोट भाई सूतै लाग औ बड़ा भाई पहरा देय लाग कि एकाएक एक पेड़ के नीचे से केहू के रोवै कै आवाज सुनाय परा । कवनो दुखियारी मेहरारू के रोवै के आवाज रहै । बड़ा भाई तलवार लिहे पेड़ के नीचे गै तो देखिस एक दुखियारी पलङ पे बइठी रोवत रहै । राजकुमार आगे पूछिन तो कहिस तूँ हम्मै बचाय लेव । हम्मै राक्षस लोग खाय जइहैं । यतना कहिकै राजकुमारी कुहुकि कुहुकि रोवै लाग ।

राजकुमार कहिस कि तू हमार कपड़ा पहिर कै हमरे भाई के लगे बइठि जाव औ एक लहासि रख्खा है, वोकां देखत रहौ औ जो केहु वकरे लगे आवै तो भाई का फौरन जगाय देव ।

राजकुमारी कपड़ा पहिरि कै लहासि के लगे चला गइ औ राजकुमार विटिया कै कपड़ा पहिर कै पलङ पे बइठि गै ।

कुछ देर बाद एक राक्षसन कै झुण्ड आय औ राजकुमार का विटिया समझि कै एक ओर खीचत लइ गै । उहां एक कराही में तेल खौलत रहै । एक राक्षस कहिस ये विटिया कराही कै सात चक्कर लगा । तब हमरे

तोहार बलि दइकै तुहैं खाबै । राजकुमार धीरे से कहिस कि हम्मय चक्कर लगावै नाही आवत । एक बाजी आपै कइकै देखाय देव ।

राक्षसन कै सरदार कराही कै चक्कर लगावै लाग । जइसै चक्कर पूरा भवा, राजकुमार झट्ट से ओकर मूड़ी तलवार से उड़ाय दिहिन औ डाटि कै बोलें कि खवरदार हम तोहरे सबका यही कराही मे काटि काटि कै डारब । राक्षस गिड़ गिड़ाय लागें औ कहै लागें महराज हमरे तुहैं बहुत हीरा जवाहरात औ मोती देवै, तूँ हम्मन का छोड़ि देव । राजकमार ऊ लोगन कै खजाना लइ लिहिन औ वन सबका छोड़ि दिहिन ।

यहर रात बीति चुका रहै । अब बड़ा भाई छोट भाई का जगाय कै सूतै लाग औ छोट भाई लहासि के यहर वहर चक्कर लगावै लाग । यतने मे केहू के रोवै कै अवाजि सुनाय दिहसि । छोट राजकुमार अपने पीठ पर लहासि बान्हि कै वही ओर चला औ देखिस एक मेहरारू बइठी रोवत रहै । ऊ पूछिस तो मेहरारू कहिस कि देखौ यहि पेड़ पर हमरे मर्द कै लहासि टाङा है । यनका राक्षस लोग मारि कै टाङि गये हैं । राजकुमार वोकां उतारै खातिर पेड़ पे चढ़ै लाग, मेहररुवा कहिस तूँ खड़ा रहौ हम तोहरे कान्हे पे चढ़ि कै वोकां उतारि लेवै ।

राजकुमार चुपचाप खड़ा होइ गै । यहर ऊ मेहरारू राजकुमार के पीठ से लहासि खोलिस औ लइकै भागै लाग । राजकुमार चउकि कै ओकर टाङि पकरि लिहिस औ तलवारि से काटि लिहिसि ।

लेकिन ऊ मेहरारु लहासि लइकै अकास में उड़ि गै । राजकुमार जानिस यी तो कवनो डाइन रही औ अपने गल्ती पर पछिताय लाग । राजकुमार एक हाथ मे तलवारि औ दुसरे हाथ मे डाइन के टाङ लइकै यहर वहर खोजै लाग । यतने में कुछ राक्षस थोरै दूर पर नाचत गावत देखाय परे । राजकुमार राक्षसन के बीचे झम्म से कूदि परा । अब राक्षस लोग वकरे हाथ मे तलवार देखि कै घबड़ाय गयें । राजकुमार कहिस कि हमार देवता एक हजार निसाचरन कै टाङ माङे है औ अवहिन तक खाली एक डाइन कै यक्कै टाङि मिला है । जल्दी से तोहरे सब आपन आपन गोड़ देव, नाही तो तोहरे सबका मारि डारब । राक्षस हाथ जोरि कै कहिन कि हमार जान बक्सो हमरे सब कुछ देय के तयार हन ।

राजकुमार कहिन तुहन का हम यक्कै सर्त पे छोड़ब । ऊ यी कि थोरै देर पहिले एक डाइन एक लहासि लइकै भागी ही । उहै लहासि लइकै आइ जाव तो हम लोहरेन का छोड़ि देब ।

राक्षसन कै राजा लहासि पता लगावै खातिर राक्षसन का भेजि दिहिन ।

थोरै देर मे एक राक्षस लउटि कै आय औ बताइस कि राजकुमार मानसरोवर झील में परिन के साथे खेलत है औ परी बोकां जिन्दा कै लिहिन हैं । राजकुमार पूछिस कि परी कइसै जिन्दा कै लिहिन ?

राक्षस बताइस कि परियन के लगे एक लाल औ एक करिया छड़ी है । लाल छड़ी मारि देत हैं तो जी जात हैं औ करिया छड़ी के छुवउतै मरि जात हैं । ऊ दूनौ लकड़ी झील के किनारे धरा है । राजकुमार कहिस कि अच्छा जल्दी से हम्मै झील के किनारे पहुचावो ।

राक्षस राजकुमार का अपने पीठ पर बइठाय कै उड़ा औ यक्कै छिन में झील के किनारे पहुचाय दिहिस । परी यी लोगन का देखतै लाल औ करिया छड़ी उठावै खातिर दउरीं । लेकिन राजकुमार तबतक ऊ छड़ी उठाय लिहे रहैं । परी आपन आपन जिउ लइकै भागीं । राजकुमार राजा के लड़िका का के मूड़े पर करिया छड़ी छुवाय दिहिन । ऊ तुरन्तै मरि गै । अब राजकुमार राजा के बेटवाकै लहासि लइकै राक्षस के पीठ पर बइठा । राक्षस ऊ लोगन का लइकै शमशान आइ गै । जइसै भोर भै, राजा अपने दलबल के साथे शमशान आइ गयें । चन्दन कै चिता बनवाइन औ वही पर बेटवा के लहासि का राखि कै आगि लगावै चलें । तब दूनौ राजकुमार आयें औ राजा के एक छिन रुकै के कहिन । राजा पूछिस काहे ? तब राजकुमार राक्षसन के लिहा

खजाना औ वनके विटिया का राजा के सामने खड़ा कइ दिहिन । राजा अपने बिटिया का देखिकै बड़े अचरज में परे । थोरै देर मे छोटका राजकमार लाल छड़ी का लइकै आयें औ लहासि के मूड़ेस छुवाय दिहिन । राजा कै बेटवा उठिकै बइठि गयें ।

राजा मारे खुसी के दूनौ राजकुमार का अपने छाती मे चिपकाय कै रोवै लागें औ दूनौ राजकुमार का आपन आधा राज दइ दिहिन । ऊ लोगन के हिम्मत औ बहादुरी कै तारीफ किहिन औ बड़के राजकुमार से अपने बिटिया कै बियाह कइ दिहिन ।

अब दूनौ राजकुमार आपन राजपाट सम्हारि लिहिन औ सुख से रहैं लागे । जइसै ऊ लोगन कै दिन बहुरा, तइसै सबकै दिन बहुरै ।

अवधी पराक्रम लोककथाका मुख्य विशेषताहरू

वीर रसको प्रधानता : यी कथाहरू सुन्दा रगत उम्लिने, जोश आउने र अन्याय विरुद्ध लड्ने प्रेरणा मिल्छ ।

शारीरिक बल र बुद्धिको सन्तुलन : कथाका नायकहरू केवल बलिया मात्र हुँदैनन्, उनीहरूले सङ्कटको समयमा चतुर बुद्धिको प्रयोग गरेर शत्रुलाइ परास्त गर्छन् ।

'मङ्गल गान' र बाजाको प्रयोग : यी साहसिक कथाहरू भन्दा बीच-बीचमा ढोलक र मँजिरा बजाएर वातावरणलाइ अझ जुरुक्क पार्ने बनाइन्छ ।

११.१.१.१.९. ठगी र धोका सम्बन्धी कथा

अवधी लोक समाजमा ठगी र धोका सम्बन्धी लोककथाहरूको निकै रोचक परम्परा छ, जसले ग्रामीण जीवनमा मानिसहरू कसरी लोभ, अज्ञानता र सोझोपनका कारण ठगिन्छन् भन्ने कुरालाइ प्रस्तुत गर्दछन् । यी कथाहरूमा एकातिर समाजका धूर्त पात्रहरू (जस्तै कपटी साहु, ठग, वा पाखण्डी जोगी) को चलाखी देखाइन्छ भने अर्कोतिर ती ठगहरूलाइ तिनीहरूकै शैलीमा पाठ सिकाउने चतुर पात्रहरूको चित्रण हुन्छ ।

अवधी लोकसमाजमा लोभी साहु र धूर्त ठगका कथाहरू प्रशस्त मात्रामा पाइन्छन । यी कथाहरूमा गाउँका सोझा मानिसहरूलाइ ऋणको जालमा पारेर ठग्ने साहुहरूलाइ कुनै चतुर व्यक्ति वा अर्को ठगले कसरी धोका दिन्छ भन्ने देखाइन्छ । यसै किसिमले यस लोकसमाजमा पाइने पाखण्डी र नक्कली जोगीका कथाहरूमा धार्मिक आस्थाको फाइदा उठाएर सोझा गाउँले र महिलाहरूलाइ धोका दिने पात्रहरू यस अन्तर्गत पर्छन । उदाहरणकोलागि यस लोकसमाजमा भनिने सुनिने 'भेषधारी जोगी र सुनको गाग्री' लोककथामा गाउँमा एकजना सिद्ध पुरुषको भेषमा ठग आउँछ । उसले महिलाहरूलाइ 'तपाइंका ससाना गहना मन्त्र पढेर जमिनमा गाडिदिए केही दिनमा सुनको गाग्री फल्छ' भनी विश्वास दिलाउँछ । रातारात गाउँका सबै गहना लुटेर भाग्ने यस्ता कथाहरूले समाजलाइ अन्धविश्वास विरुद्ध सचेत गराउँछन् ।

यसकासाथै अवधी लोकसमाजमा पारिवारिक र नातागोता भित्रका धोकाका कथाहरू पनि उपलब्ध छन । यस किसिमको कथा मध्ये यस समाजमा पाइने 'लोभी दाइ र सोझो भाइको कथा' विशेष महत्त्वपुर्ण छ । यस लोककथामा बुबाको मृत्युपछि बाठो दाइले सोझो भाइलाइ अंशबन्डामा धोका

दिन्छ । दाइले गाइको अघिल्लो भाग (जसलाइ घाँस खुवाउनुपर्छ) भाइलाइ दिन्छ र पछिल्लो भाग (जसले दूध दिन्छ) आफैँ राख्छ । पछि भाइले आफ्नो बुद्धिको प्रयोग गरी दाइको यो धोकाको उचित बदला लिन्छ भने यस समाजमा पाइने ठग माथि ठग (ठगों को ठग) का कथाहरूमा दुइजना प्रख्यात ठगहरू आमनेसामने हुन्छन् र एकले अर्कोलाइ धोका दिने प्रयास गर्छन्, जसले गर्दा निकै हास्यरस र कौतुहलता पैदा हुन्छ । एउटा ठगलाइ ठग्न खोजेको अर्को ठगले ती ठगलाइ नै मुर्ख बनाइ ठगेको घटनामा आधारित अवधी लोक समाजमा पाइने 'सवा सेर निकरे' नाम लोककथालाइ उदाहरणको रूपमा लिन सकिन्छ :

एक गाँव मे एक जने ठाकुर रहें । ठाकुर कै ठकुराइन नइहरे गा रहिन । एक दिन ठाकुर ठकुराइन का आनै ससुरारी चलें । राही में ठगन कै गाँव परा । ठगवै ठाकुर का देखिन तो ललचाने । वन सजा सपरा घोड़ा पे चढ़ा जात रहैं । ठग लोग राहि रोकि कै खड़ा होइ गयें औ कहै लागें, अरे ठाकुर बिना जलपान किहे, हुक्का पानी पीये काहे चला जात हौ ? धन्नि भाग कि तोहार चरन हमरे गाँव मा परा ।

ठाकुर कहिन कि अरे भाई हम्मै देरी होत है । तो उ लोग कहिन बिना कुछ खिआये पिआये नाही जाय देब । ठाकुर समझि गयें लेकिन सोचिन अच्छा चलौ ।

पानी पपिहा भै तो ठगवै कहिन कि चलौ राम कहानी होइ जाय । जे राम कहानी का झूठ कहि देय ऊ पाँच सौ रूपया देय । ठाकुर कहिन ठीक है । अब एक ठग कहै लाग कि हमरे बाबा एक छगड़ी जिआये रहें । जब वन मरि गयें तो वही के दूध घिउ से वनकै तेरही तक कै काम निपटि गै ।

यतनै मे ठाकुर बोलि परे कि हां, आप ठीक कहत हौ । हम्मै मालुम है । ऊ छगड़ी तो तोहार बाबा हमरही बाबा से माङि कै लाये रहे औ कहे रहें कि अबहिन हम्मै पाँच सौ रूपया में दइ देव । यी पइसा हमार नाती लोग दिहैं । अब ठग लोक चक्कर मे परि गयें । झूठ कहैं तो सर्त के मुताविक पाँच सौ रूपया देय के परै, सही कहैं तब्बो देय के परै । अब वन लोग का करैं, पाँच सौ रूपया दिहिन । अब राम कहानी सुनावै कै नम्वर ठाकुर कै रहै । वन कहै लागे कि एक बेर कै बाति है । हम अपने ठकुराइन के साथे छत पर बइठा रहेन । बस यतना जोर से आन्ही आय कि हमार ठकुराइन उड़ि कै आयीं औ यक्कै बाजी तोहरे छत पर आय कै गिरीं । न मानौं तो देखि लेव, ऊ उहां बइठी हैं । वन ठग लोगन कै एक जनी बहिन के ओर इसारा करत कहिन ।

अब ठगवै बड़े असमन्जस मे परें । लेनी के कहै, देनी कै स्थिती रहै । ऊ लोग सोचिन कि झूठ कहब तो पाँच सौ रूपया देय के परी । लावो बहिन लइ जाय देइ । रिस्तेदारी होइ जाय, तो धीरे धीरे कुलि धन ठगि लावा जाइ । कहिन ठीक है औ वनके साथे बहिन का बिदा कइ दिहिन ।

अब ठाकुर ससुरारी नाही गयें, रहिय्य में से लउटि परें । ठगवै पूछिन कि जीजा कब बिदा करावै आइ ? तो कहिन पुन्नवासी का आइ जायौ ।

धीरे धीरे पुन्नवासी कै दिन आइ गै । पुन्नवासी के दिने ठाकुर यक्कै रूपरंग कै दुइठू खरहा लिहिन । एकठू का घरे बान्हि दिहिन औ दुसरे का खेते के ओर लइकै चलें ।

जउने ओर से ठगवन का आवय्क रहा । ठाकुर वही ओर कै खेत देखै गयें । ठाकुर से ठगवै भेटाने । वन बड़ा गर्भजोशी से ठगवन कै स्वागत किहिन । अब ठाकुर खरहा छोड़ि कै कहिन कि जा कहि दिहे कि मेहमान आइ गा हैं । खाना पान तयार कइकै राखैं । जाति के खरहा घर कहां, उ भागि कै जङ्गल धइ लिहिस । यहर ठाकुर तो पहिलेन कहि दिहे रहैं कि सार लोग आज आनै अइहैं, खानपीन तयार किहे रहेव ।

ठगवै आयें तो देखैं दुवारी पर खरहा बन्हा रहै । खान पान सब तयार रहै । ऊ लोग आपस मे बातचीत कइकै सोचिन । यी तो बड़े काम कै चीज है । ऊ लोग ठाकुर से खरहा माङि बइठे । ठगवन के बाति सुनिके ठाकुर कहै लागें, नाही बाबा हम यकसरुवा मनइ, यिहै तो एक सहारा है । येकां तो हम दुइ हजार रूपया मे खरिदि कै लाये हन ।

ठग लोग दुइ हजार दइकै खरहा खरीदि लिहिन औ बहिन का के बिदा करावै के के कहै, वही का लइकै चलें । जब गाँव क गोइड़हरे पहुचें तो वोसे कहिन कि जा घरे जनाय आ, खानपीन तयार राखैं, हमरे आइ गयन । खरहा के जान मे जान आय औ ऊ लुकाय गै । घर पहुचैं तो खरहा नदारद । घर से लाठी उठाइन औ चलि दिहिन जीजा किहां । ठाकुर से भेट होतै बकै लागे यस तेस । कुलि बाति सुनिकै ठाकुर कहिन कि अरे भाई यहमा हमार कवन गल्ती है । बिना घर दुआरि देखाये तू खरहा का छोड़ि दिहेव, ऊ कइसै जाय पाइ ?

बात तो सही रहै । ठगवै आपन गल्ती मानत कहिन कि अच्छा जीजा, दीदी का फिर कब बिदाइ करावै आइ । ठाकुर कहिन कि जब मन कहै आइ जाव ।

ऊ लोग पन्द्रह दिन के बाद कै दिन धइकै चला गयें । यहर जब दिन आइ गै तो ठाकुर ठगवन के बहिनी से कहिन कि हम तुहैं जोर से लाठी मारै कै नाटक करब औ तू खुब चिल्लायौ औ मरि जाय कै नाटक किहेव, फिर हम लाठी सुहांइब तो उठि जायौ । ठाकुर तकतै रहें । जइसै ठगवन के आवै कै बाति जानि पाइन वन घर के भितरै लाठी खटर पटर करै लागें । ठगवन कै बहिनी चिल्लाय लागीं । ऊ लोग आव न देखिन ताव, दुवारि पर बिना रुके घर मे हलि गयें । देखै तो बहिनी मरी परी रहैं । अब ठाकुर ठगवन का देखावत ऊ लोगन के बहिन का लाठी सुहांइन । बहिन उठि कै बइठि गइं ।

अब ठगवै सोचिन यी तो बड़े काम कै चीज है । ऊ लोग कहिन कि जीजा येकां बेचि देव । राजा कहिन कि नाही, बाप दादा कै निसानी होय । तो ठगवै कहिन हमरे पाँच हजार देय्क तयार हन । अब ठाकुर पाँच हजार रूपया लइकै ऊ सोटा बेचि दिहिन । ठगवै सोटा लइकै अपने घरे पहुचें । ठग कै मेहरारु अपने मर्द का आवत देखि कै सामने आइं । ठगवा आव न देखिस ताव, अपने मेहरारुक कपारेप एक सोटा दइ मारिस । मेहरारु मरि गइ । अब वन ऊ सोटा लाख सुहावैं, का होय वाला रहैं ।

ठग लोगन का जेल जाय के परा । वन लोग जिन्दगी भर पछिताने औ जे जाय वोसे कहैं, ठाकुर तो ठगी औ मक्कारी में हमनौ कै सवा सेर निकरें ।

अवधी ठगी र धोका सम्बन्धी कथाका मुख्य विशेषताहरू

व्यङ्ग्य र हास्यको सम्मिश्रण : ठगीको प्रसंग भए पनि यी कथाहरू निकै रमाइला र हाँसोउठ्दा हुन्छन् ।

सचेतना र व्यावहारिक शिक्षा : यी कथाहरूको मुख्य उद्देश्य 'संसारमा कसैलाइ पनि अन्धो विश्वास गर्नु हुँदैन' र 'अत्यधिक लोभ गर्दा ठगिने सम्भावना बढी हुन्छ' भन्ने व्यावहारिक ज्ञान दिनु हो ।

उखान र टुक्काहरूको प्रचुरता : कथाको बीचमा 'लोभी कै धन ठग खाय' (लोभीको धन ठगले खान्छ) जस्ता अवधी लोकोक्तिहरू प्रयोग गरिन्छ ।

११.१.१.१.१०. हास्य व्यङ्ग्य कथा

अवधी लोक समाजमा हास्य-व्यङ्ग्य सम्बन्धी लोककथाहरूको निकै ठूलो भण्डार छ, जसले ग्रामीण जीवनको थकान मेटाउन र समाजका विसङ्गतिहरूमाथि मिठो प्रहार गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

अवधी भाषा आफैंमा सुमधुर र केही हदसम्म चुलबुले भएकाले यसका हास्य कथाहरू सुन्दा जो कोही पनि हाँसो रोक्न सक्दैनन् । यी कथाहरूमा गाउँका सोझा मानिसहरू, घमन्डी पण्डित, कञ्जूस साहु र विशेष गरी 'मूर्ख जमाइ'-ज्वांइ) का हर्कतहरूलाइ मुख्य विषय बनाइन्छ । अवधी लोक समाजमा ससुराली गएका सोझा वा मूर्ख ज्वांइहरूका हर्कतलाइ लिएर बनाइएका कथाहरू सबैभन्दा बढी लोकप्रिय छन् । यसै किसिमले यस लोकसमाजमा पाइने पाखण्डी पण्डित र चेलाका कथाहरू प्रशस्त मात्रामा पाइन्छन । समाजमा धर्म र ज्ञानको घमण्ड गर्ने तर भित्रभित्रै खोक्रा भएका पात्रहरूमाथि व्यङ्ग्य गरिएका कथाहरू यस अन्तर्गत आउछन । यसकासाथै यस लोक समाजमा संस्कृतका दुइ-चार श्लोक जानेकै भरमा गाउँलेहरूलाइ ठग्न खोज्ने पण्डितलाइ उनकै चेला वा गाउँका चतुर किसानले कसरी मूर्ख बनाउँछन् आदि विषयवस्तुमा आधारित कथा पनि पाइन्छन् भने यस समाजमा पाइने अन्धो गुरु र बहिरो चेला जस्ता कथामा गुरु र चेलाबीच हुने असमझदारी र कुराकानीको गलत अर्थका कारण सिर्जना हुने हास्यरस स्पष्ट रूपमा हेर्न सकिन्छ । यी सबैकासाथै गाउँका लोभी महाजन वा साहुहरूलाइ व्यङ्ग्यको पात्र बनाएर रचिएका कथाहरू अवधी समाजमा पाइने हास्य व्यङ्ग्य कथाका उदाहरण हुन ।

उदाहरणका लागि अवधी लोकसमाजमा प्रचलित दुइ-चार श्लोक जानेकै भरमा ज्ञानी पण्डितको मान मर्दन गर्ने पण्डितलाइ नाट्यमण्डलीमा काइ गर्ने ज्ञानी पण्डितकै भाइले कसरी मान मर्दन गर्छन, त्यसको स्पष्ट चित्रण **'शास्त्रार्थ'** नामक अवधी समाजमा पाइने यस लोककथाबाट लिन सकिन्छ :

कउनौ गाँव मइहां एक वाभन केर परिवार रहत रहै । उ परिवार मइहां दुइ भाई रहत रहैं । बड़ा भाई पढ़ि-लिखि के पंडिताइ करत रहैं, मुला छोट भाइक मन पढ़ै लिखेम नाइ लाग । जेहि से उका घास छोलिके गाय केर नादा-भूसा-सानी-पानी करै के परत रहै ।

छोट भाइ कइहां छोटकऊ महाराज औ बड़े भाइ कइहां बड़कऊ महराज कहा जात रहै । बड़कऊ महाराज बड़े, ज्ञानी, ध्यानी रहैं । जब तक बड़कऊ महाराज मिलत रहैं, तब तक कउनो दोसर महाराज कइहां जजमान लोग पंडिताइ करय्क नाइ बोलावत रहैं । नहाय्क-धोय्क पूजा पाठ कइके बड़कऊ महाराज जजमानिम निकरि जात रहैं, संझक घरे आवत रहैं । कब्बौ-कब्बौ जब देर होइ जात रहै, तब जजमानय्क हिंया रात बितावत रहैं । दुइ भाई दुइ मेर काम करत रहैं, मुला आपस मइहां कब्बौ मुहां टेढ़ी नाइ भवा । लड़ाइ झगड़म समझवता करावै वाले लोग यी दोनौ भाइ का राम लक्ष्मन केर उदाहरण दइके झगड़ा शान्त करावत रहैं ।

छोटकऊ महाराज जब घास छोलै जांय तौ अउरो घसियारा लोग उनका पछुवाय लेत रहैं । छोटकऊ महाराज नाचत-गावत बढ़िया रहैं । घास छोला करैं, गाना गावा करैं औ जो मनमा तरंग आय जाय तो खुरपा लिहे-लिहे नाचै लगा करत रहैं । घसियारा लोग ताली लगाय के कहै लाँगै वाह महाराजा- वाह महाराज । जीऔ महाराज । का बाति है ।

एक दिन छोटकऊ महाराज जब्दम् नाचत रहैं कि एक सफेड़क मंडली केर नजर उनके उप्पर परि गा । उ लगिच्चे जाय के कहिन "तुम नाचत गावत बढ़िया हौ, हमरे सफेड़क मंडलिम भरती होइ जाव । जब साइ वोइ बान्हा जाइ तौ आय जावा किहेव । बाटै में जत्ता भाग परी तुमहू पाय जइहौ ।"

महाराज सफेड़म भरती होइगे । मांझिल कद, गेहुवां रंग, बड़े-बड़े बार, दाढ़ी मोछ सफाचट देखेम कलेन्डर केर देवता लागत रहैं, औ जब तखत पइहां नाचब सुरू करत रहैं, तौ अस लागै मानो मजोर नाचत है । घास

छोलय्क साथे सफेड़ौ वाला काम करै लागें। छोटकऊ महाराज केर नाँव बिकाय लाग। छोटकऊ महाराज केर नाँच देखै दूर-दूर से लोग आवै लागे। दिन बढ़िया बीतत रहै।

एक दिन बड़कऊ महाराज कइहां एक दूर गाँव से बोलउवा आवा। महाराजा कइहां जायक् परा। दोस-दुश्मन सब के होत है। बड़कऊ महराजौ के एक दुश्मन पयदा होइ गा रहै। महाराज जब जजमान हियां पहुचे तौ देखिन कि एक तोंदाड़ा मनइ मुंड मुड़ाये नाके से आधे खोपड़ी तक त्रिपुंड लगाये वइठ है। बड़कऊ महाराज वह से पूछिन "जजमान कहां हैं, हमका काहे बोलावा गा है ?"

त्रिपुँडी महाराज कहिन "हियां जजमान वजमान केहू नाइ है। तुमका हमही बोलाये हन।" "मुला काहे बोलावा गा महाराज ? हमसे कउनो गल्ती होइगै का ?" बड़कऊ महाराज पूछिन। "नइ तुम से गल्ती तो नाइ भै, मुला तुमार नाउँ बहुत चमकत है। तुमका हम से शास्त्रार्थ करय्क परी।" त्रिपुंडी महाराज मुस्कियाय के कहिन। जब हम जीत जइबै तब तुम्हार कपड़ा-लत्ता-पोथी-पत्तरा हम लइ लेबै औ जो तुम जीत जइहौ तौ हमार जायजेथा सब तुम्हार होइ जाइ। यही शास्त्रार्थ केर शर्त है। "मुला हम शास्त्रार्थ नाइ करा चाहित हन।" बड़कऊ महाराज भिन्नाय के बोलें।

"ठीक है तौ हार मानि लेव जवन कुछ तुमरे पास है सब हमका दै देव औ लेव इ भगवा पहिर के अपने घरे चले जाव।" त्रिपुँडी महाराज हँसिके कहिन।

बड़कऊ महाराज सोचिन हार मानय् से अच्छा तौ शास्त्रार्थ करब है। कहिन "ठीक है, शर्त मंजूर है। शास्त्रार्थ कब होइ ? हमरे हार जीत कै फइसला को करी ?"

"शास्त्रार्थ काल्हि १० बजे होइ। हार जीत कै फइसला गाँव कै मुखिया जी करिहैं। उनके साथे गाँव कै अउरौ बडे लोग रहिहैं। भलेआदमी लोग फइसला करिहैं। आज रातभर हमार पहुना बनिके रहौ, सबेरे देखा जाइ।" त्रिपुंड़ी महाराज कहिन।

त्रिपुंडी महाराज सबेरन गावम् गोहरवाय् दिहिन कि १० बजे शास्त्रार्थ होय वाला है। सब कोइ शास्त्रार्थ सुनै मन्दिर के सामने वाले मैदान मइहां आवैं।

१० बजेस पहिलेन आदमी आवै लागे। मन्दिर के सामनेक मैदान मइहां देखतै देखत सब जुटिआय गे। मुखियाजी आय गे, उनके साथै कुछ भले आदमिउ आइगे। मैदान खचा-खच भरि गा, जस मेला लागि गा।

त्रिपुंडी महाराज आपन हाथ उठाय के जोर से बोले "मुखिया जी, भइया लोग, जवान, बुढ़वा लरिके, बिटिया सब सुना जाय। अब हम शास्त्रार्थ वाला सवाल करै जाइत हन। फइसला आप लोग कीन जाइ, हा तौ महाराज" बड़कऊ महाराज के ओर देखि के त्रिपुंडी महाराज पूछिन "बतावा जाय बेद कै ठो होत हैं ?

बड़कऊ महाराज हँसिके कहिन "अत्तौ नाइ जानत हौ-बेद चार ठो होत हैं। सामवेद अथर्ववेद, ऋगुवेद, यर्जुवेद।"

"इनहू वही कहत हैं, जउन दोसरौ पंडित लोक कहत हैं। इनका अत्ता नाइ मालुम कि बिना मर्द के मेहरारुक औ बिना मेहरारुक मर्द केर जिन्दगी अधूरी है। जब चार बेद हैं तौ उनकै चार ठौ मेहररुवो होइहैं। चार बेद केर चार बेदी अर्थात् बेद आठ होत हैं। ठीक है ना भइया लोग।"

"हाँ, अउर का, आठ बेद तो होतै हैं। जहाँ बेद हुआं बेदी जरुरै रहति है।" मुखिया जी के साथै अउरौ लोग कहिन "भला तुमसे इ कहां जीत पइहैं। इनका कुछ अउतै जात नाइ है। तुम जीत गयो महाराज जीत गयो।"

बड़कऊ महाराज सोचै लागे सही बाति सुनै वाला हियां कोइ नाइ है । हम सपनेम नाइ सोचेन रहेन कि इ मेर केर शास्त्रार्थ होइ ।

"लेव भगवा पहिरौ औ पोथी पत्तरा छोड़ि के भागि जाव" एक लम्मा चवड़ा आदमी बड़कऊ महाराज कइहां भगवा दइके कहिस ।

बड़कऊ महाराज भगवा पहिरि कै कुर्ता धोती सब निकार के सोचिन दिनय दिन नंग धड़ंग चलब ठीक नाइ है । जब रात होइ जाय, तब चला जाय । कोइ चीन्है वाला न देख पावै । बड़कऊ महाराज जंगल के झड़िया-झपट्टम दिन भर परे रहैं औ रात भर चलैं । अस करत करावत तिसरे दिन पछलहरा उ घरे पहुँचे औ छोटकऊ महाराज कइहां गोहराइन । छोटकऊ महाराज पल्ला खोलि के देखिन कि बड़कऊ महाराज ठाढ़ हैं मुला होलिया बिल्कुल बदला है । कहाँ धोती, कुरता, अंगोछा औ कहाँ एक खाली भगवा । कउन दुःख परा दादप ? मनमा सोचि के पूछिन "दादा इ का भवा ? कपड़ा लत्ता का होइगा ? का रस्तम चोर, डकहा तौ नाइ मिले रहैं । मने पोथिया वाला झोरवो नाइ देखात है । लोटवा औ डोरियौ नाइ है ।"

"अस करौ घर के भित्तर से हमार धोती औ अंगोछा लइ आव । बाल्टी औ लोटवो लय आव । हम नहाय, धोयक् मनइ धारन होइ जाइ तब बताइ । देखौ मेहररुवन कइहां हमरे बारेम पता ना चलय्क चाही, नाइ तो दुनिया भर कै सवाल उठइहैं ।"

नहाय धोय्क पूजा पाठ कइके महाराज जब चउकिप बइठें तब छोटकऊ महाराज कइहां सारा बृतान्त बताइन । छोटकऊ महाराज हस के कहिन "दादा आप आराम कीन जाय । त्रिपुड़ीं महाराज से शास्त्रार्थ करै हम जाइब औ अस शास्त्रार्थ करिब कि उ जिन्दगी भर याद करिहैं । अब हम तयारी करै जाइत हन । "

जत्ता गांव भरेम फाट - पुरान कपड़ा-लत्ता, बोरा-तार, कागज -दोना-पतरी किला सबका दुइ बोरम भरिके पोथी जस बनाय के एक गदहप लादिन । खोपडिक चारिउ ओर केर बार कटवाय के खूब सियार झोटिया बनाइन । तकै पइजामम डारै वाले नारा कै सूत केर जनेऊ औ नाके पर से झोटिया तक उज्जर खडिया औ पियर श्री खंड से खुब गहिर त्रिपुंड लगाय के चलि दिहिन । सफेड्म काम करै वाले स्वांग बनावै मे बहुत होशियार होत हैं । देखै वाला केइ नाइ कहि सकत रहै कि इ छ्टेटकऊ महाराज होंय । रात भर चलिके त्रिपुंडी महाराज गाँव कै मुखिय्क दुवारिप पूछत-पूछत सबेरे पहुचि गे । मुखिया जी अत्ता बड़ा पंडित देख के बहुत खुश होइगे औ बोले "महाराज हमार धन्न भाग जौ दर्शन दीन गा, पधारा जाय ।" औ छोटकऊ महाराज के सेवम जुटिगे । कोइ से कहिन जा बाल्टी भर, महाराज स्नान बनइहैं । जा महाराज खातिर हलुवा बनवाव । दुध अउटाय लाव औ बड़कइ चउकिया पर महाराज के आसन लगाय दे । छोटकऊ महाराज सोचिन यहू लाइन महिंया बहुतै मजा है । खुब छानय्क-घोटय्क मिलत है । "महाराज आप हमरे त्रिपुड़ीं महाराज से शास्त्रार्थ जरुर कीन जाय । लागत है आप उनसे कम ज्ञानी नाइ हौ । आपौ बहुत पढ़े लिखे हौ । " मुखिया जी छोटकऊ महाराज के ओर देखके कहिन । "हां-हां काहे नाइ । ज्ञानी को है ? इतो शास्त्रार्थ के बादै पता चली । मुला पढ़े लिखे हमहू हन । देखौ नां, गदहा भर पोथी लइके चलित हन । पता नाइ कउन पोथी कब बाचय्क परि जाय ? सोझै बनारस से आइत हन । "

जहाँ त्रिपुड़ीं महाराज शास्त्रार्थ करय्क गोहरवावत रहैं हुवें मुखियाजी चौकीदार बोलवाय के कहिन "जा गाव भरेम गोहरवाय दे । बनारस से एक बहुत ज्ञानी महाराज आय हैं । आज १० बजे उनसे त्रिपुड़ीं महाराज केर शास्त्रार्थ होइ । औ हां, त्रिपुड़ीं महराजौ से कहि दे कि १० बजे मन्दिर वाले मैदान मइहां पहुचि जांय ।"

मन्दिर के सामने वाला मैदान १० बजे से मनइन से भरै लाग । देखतै देखत खचाखच भरिगा । त्रिपुड़ीं महराजौ आयें मुला गदहा भर पोथी देखिके डेराय गयें । सोचिन कहूँ हमका हराय न देय । शास्त्रार्थ नाइ

करित हन तौ हार मानय्क परी, भगवा पहिरय्क परी। मुखिया जी ठाढ़ होइके बोले "देखौ भइया लोग। बूढ़ पुरनिया, लरिके बिटिया सब सुनौ। हमरे त्रिपुडीं महाराज से आज तक कउनौ पंडित जीत के नाइ गवा है। आज टक्कर बनारस वाले महाराज से है। यी महाराजौ बहुत पढ़े लिखे हैं। जहाँ जात हैं गदहा भर पोथी लइके चलत हैं मुला होइ सकत है, इनहू हारि जांय। अब शास्त्रार्थ सुरु कीन जाय। लेव, त्रिपुंडी महाराज सवाल पूछौ।"

छोटकऊ महाराज ठाड होइ गै। कहिन शास्त्रार्थ करय्क हमका कोइ एतराज नाइ है मुला शास्त्रार्थ सुरु करय्क पहिले शर्तनामा लिखा जाय। जिमा यी बात खोलावा जाय कि जौ महाराज त्रिपुडीं जीत जात हैं तौ उ हमार गदहा भर पोथी लइ लेंय औ उ जउन कहैं हम औ आप लोग मानब औ यदि जव कहूँ हम जीतित हन तो उनके घर कुरिया, माल सामान, जायजेथा सब हमार होइ जाय औ जउन हम कही तउन उ औ आपौ लोग मानौ।

लिखा पढी होइगा। सही छाप दोनौ महाराज केर होइगा। जब सवाल करय्क बात उठी तो छोटकऊ महाराज त्रिपुडीं महाराज से सवाल करय्क मवक्का पाइन "बेद कै ठो होत हैं?" त्रिपुडीं महाराज कहिन "बेद आठ होत हैं।"

"उ कस के? सोचि के बताव।" छोटकऊ महाराज जोर से कहिन।

"चार बेद औ चार बेद केर मेहरारु मिलि के आठ होत हैं, चाहे गिन लेव।" त्रिपुडीं महाराज मोछियय् ताव दइके कहिन।

"हांय आप के हिसाब से होत है मुला शास्त्र के हिसाब से सयगर होत हैं।" छोटकऊ महाराज कहिके मुखिया जी के ओर देखै लागें।"

"आयँ! इ कसके मुखिया काका? इ महाराज तो सयगर बतावत हैं। त्रिपुडीं महाराज हमका मुर्ख बनावत रहें हैं का?" एक आदमी मुखिया जी से धीरेस पूछिस।

"भइया लोग आप इ बतावा जाय आप लोग बियाह किहे हौ?" छोटकऊ महाराज सबके ओर घूम के पूछिन।

"हां बियाह तो हमार भय है, हमरे पूतौ बिटिया हैं "मुखियाजी पहिलेन बोलि परें।

"बस हम यही कहा चाहित हन। जब बियाह होइ ,मर्द- मेहरारु इकट्ठा होइहैं, तो पूतौ बिटिया होइबै करिहैं। सामबेद केर मेहरारु सामबेदी उ पाइन एक लेदा एक लेदी चार भवा। यर्जुवेद वेदी पाइन एक लेदा एक लेदी आठ, फिर अथर्ववेद वेदी पाइन एक लेदा एक लेदी चार बारह होइगा औ आखिरी बेद ऋगुवेद बेदी एक लेदा एक लेदी पाइन १६ भवा कि नाइ भवा।"

"भवा-भवा।" चारिउ ओर से आवाज आवा। त्रिपुडीं महाराज हारि गे - हारि गे - हारि गे। त्रिपुडीं महाराज झपटि के छोटकऊ महाराज के गोडेप गिरि परें। लेकिन छोटकऊ महराज अडुरियप कुछ हिसाब कइके कहिन "यी मेर केर साइत बहुत साल के बाद आवत है। शास्त्र कै साइत कहत है त्रिपुडी महाराज के देहीं भरेक बार, चाहे जहाँ कै होय, जो एक्कौ बार ताबीज मइहां धइके सँझा भरेम लरिकेन कइहां पहिराय दीन जाय तौ लरिकन कइहां भूत-प्रेत, चुडैल, टोना-टटका, अलाप -बिलाप कउनौ असर न करी। जिन्दगी भर झरवावय्क - फुकवावय्क ना परी।"

अब बाबू देखतै देखत त्रिपुडीं महाराज कइहां लोग पटकि के उनके दाढी, मोछ झोटिय्क बार उखार लिहिन । जउन देर से पहुँचा उ धोती खोलिके त्रिपुडी महारज कइहां नंगा कइके जवन कुछ मिला उखारि के चलि दिहिस ।

छोटकऊ महाराज त्रिपुडीं महाराज कै माल-सामान, कपडा-लत्ता, वरतन जउन कुछ रहा । मुखिया जी के लढियप लदाय के चलय्क तयारी करत रहैं कि मुखिया जी हाथ जोडिके कहिन "महाराज आज रात के सेवा करय्क मवका हम्मै दीन जाय । आप जस ज्ञानी ध्यानी हमका कहा मिलिहैं ? हमरो जनम सुफल कै दीन जाय ।"

"मुखिया जी जब चीन्ह जान भवा है तो आवा जाही लगवै करी । मुला काल्ह दोपहरे तक हमका घरे पहुचब बहुत जरुरी है, नाइ तो अनिष्ट होइ जाइ । रात के अनुष्ठान बिगरि जाइ ।" छोटकऊ महाराज सोचिन दोपहरे तक घरे पहुचि जइबै तो रात के सफेडम हाजिरौ होइ सकित हन ।

अवधी हास्य-व्यङ्ग्य कथाका मुख्य विशेषताहरू

उखान-टुक्काको ओइरो : यी कथाहरूमा अवधी भाषाका प्रख्यात उखानमा आधारित संवादहरू धेरै प्रयोग हुन्छन् ।

सकारात्मक सन्देश : यस प्रकारका लोककथाबाट हाँसोको माध्यमले समाजलाइ लाज मान्ने, घमण्ड गर्ने र अत्यधिक लोभ गर्ने बानी छोड्न सिकाइन्छ ।

११.१.१.१.११. लघु छन्द कथा

अवधी समाजमा पाइने छन्द कथा (वा लोकगाथाहरू) मौखिक र लिखित परम्पराको एक सुन्दर सङ्गम हो, जसले अवधी संस्कृतिको धार्मिक, सामाजिक र नैतिक पक्षलाइ छन्दोबद्ध रूपमा प्रस्तुत गर्दछ । अवधी साहित्य विशेष गरी मध्यकालदेखि नै भक्ति र प्रेमाख्यान काव्यमा निकै समृद्ध रहँदै आएको छ । यस समाजमा कथालाइ गद्यमा मात्र नभइ 'दोहा', 'चौपाइ', 'सोरठा' र विभिन्न लोकलय वा छन्दमा गाँसेर भन्ने वा गाउने मौलिक परम्परा छ । अवधी समाजमा पाइने छन्द कथा वा पद्यात्मक लोककथाहरूलाइहेर्दा अवधी समाजमा पूर्ण रूपमा गद्यात्मक कथा मात्र नभएर पद्यात्मक वा छन्दोबद्ध कथाहरूको बाहुल्यता छ । यी कथाहरू पुस्तान्तरण हुँदै मौखिक रूपमा जीवित रहेका छन् । छन्दमा रचिएका हुनाले यी कथाहरू गाउन योग्य हुन्छन् । यसमा एकातिर कथाको निश्चित कथानक वा घटनावृत हुन्छ भने अर्कोतिर कविताको जस्तो लय र छन्द हुन्छ ।

अवधी छन्द कथाहरूमा मुख्य रूपमा मात्रिक छन्दको प्रयोग बढी पाइन्छ । मलिक मोहम्मद जायसीको 'पद्मावत' वा तुलसीदासको 'रामचरितमानस' जस्ता महाकाव्यात्मक छन्द कथाहरूमा दोहा-चौपाइ शैलीको प्रयोग गरेर सिङ्गो कथा भनिएको छ । यस्ता कथामा भावना र गम्भीर प्रसङ्गहरूलाइ प्रस्तुत गर्न सोरठा र बरवै छन्दको प्रयोग गरिन्छ । वीर रसका कथाहरू सुनाउन 'आल्हा' लयको प्रयोग गरिन्छ भने सामाजिक र सांस्कृतिक कथाहरूमा 'बिरहा' वा 'कजरी'लाइ मिसाइन्छ ।

अवधी समाजका छन्द कथाहरूलाइ उनीहरूको मूल विषयका आधारमा धार्मिक र पौराणिकदेवी-देवताका लीला र पराक्रमको वर्णन रामकथा, शिव पुराणका कथा ऐतिहासिक र वीरगाथास्थानीय वीरहरूको युद्ध र बलिदानको छन्दोबद्ध कथा आल्हा-ऊदलको कथाप्रेमाख्यान र सामाजिक प्रेम, रोमान्स

र सामाजिक सन्देश कुसुमा देवी र चन्द्रावलीका लोकगाथाहरू आदि पाइन्छन यी छन्द कथाहरूले नेपालको तराइ क्षेत्र र सीमावर्ती अवध क्षेत्रको साझा लोकजीवन, रहनसहन, र रीतिरिवाजलाइ संरक्षण गरेका छन् । कृषि कार्यको थकान मेटाउन, मेला-पर्वमा वा जाग्राम बस्दा यी कथा गाउने गरिन्छ, जसले मनोरञ्जनका साथै नैतिक शिक्षा पनि प्रदान गर्दछन् । नारी चेतना र सामाजिक विमर्श: कतिपय लोकगाथाहरूमा नारीका पीडा, दुःख, र सामाजिक विभेदविरुद्धका स्वरहरू पनि छन्दका माध्यमबाट प्रकट भएका हुन्छन् ।

यस किसिमले अवधी समाजमा पाइने छन्द कथाहरू केवल साहित्यिक रचना मात्र नभएर लोकमानसका जीवन्त भोगाइहरू हुन् । यद्यपि आधुनिक सञ्चारमाध्यम र सहरीकरणका कारण यो मौखिक छन्द कथाको परम्परा केही सङ्कटमा परेको छ, तथापि यसको सांस्कृतिक र साहित्यिक मूल्य अतुलनीय छ ।

यस किसिमका कथाहरू छन्दवद्ध हुनका साथै त्यही शब्द र सोबाट मिल्ने शब्दहरू लगातार प्रयोगमा आउने भएकोले यस्ता कथाहरू बालमनोभावका लागि विशेष ग्राह्य हुन्छन् । उदाहरणका लागि अवधी लोकसमाजमा पाइने "**मूस औ बढइ**" नामक कथालाइ लिन सकिन्छ । यस कथामा मुसोको समस्या र उसको मागमा राजा, रानी, सर्प, लठ्ठी, भार, हात्तीले ध्यान नदिएको तर कमिला सहयोग गर्न तयार भएपछि एकले अर्कालाइ आउदै गरेकोहेर्दा उसको मागप्रति सकारात्मकहुदै अन्तमा बढइले उसको पिठ्यु ताछेको र मुसोले बढइसित औषधी सोधेपछि रहरको डाठमा घाउ रगडने भनेको र त्यसोगर्दा उ मरेको घटना चित्रित छ ।

एकठू रहै मूस । एक सालि वोकरे बिल के अगल-बगल खुब उरुद फरा । उ उरुद खुब खाइस औ मोटान । औ बाबू उ यस उरुद खाइस कि अपने बिलि मे नाही घुसरि पावै । उ बड़े सोचि मे परा । कुछ सोचि कै उ बढ़इ के लगे गै, औ वोसे कहिस कि-

बढ़इ-बढ़इ चूतर छोल
चुतरा न बिलि समावै
गुदरी बहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

बढ़इ कहिस कि हम चूतर नाही छोलब । अब मुसवा रानी के लगे गै औ वनसे कहिस कि-

रानी-रानी बढ़इ छोड़
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी बहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

रानी कहिन कि हम बढ़इ नाही छोड़ब । तब मुसवा राजा के लगे गै औ वनसे कहिस कि-

राजा-राजा रानी छोड़
रानी न बढ़इ छोडै
बढ़इ न चूतर छोलै

चूतरा न बिलि समावै
गुदरी बहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

राजा कहिन कि हम रानी नाही छोड़ब । तब मुसवा सापे के लगे गै औ वोसे कहिसि कि-

साप-साप राजा डसु
राजा न रानी छोड़ै
रानी न बढ़इ छोडै
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी कहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

सपवा कहिसि कि हम राजा नाही डसब । तब फिर मुसवा लाठी के पास पहुचा औ वोसे कहिसि कि-

लाठी-लाठी सापु मार
सपवा न राजा डसै
राजा न रानी छोड़ै
रनिया न बढ़इ छोड़ै
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी कहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

लाठी कहिस कि हम साप नाही मारब । तब मुसवा भारे के लगे गै औ कहिसि कि-

भार-भार लाठी जार
लठिया न साप मारै
सपवा न राजा डसै
रजवा न रानी छोडै
रनिया न बढ़इ छोड़ै
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी कहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

भार कहिस कि हम हम लाठी नाही जारब । तब मुसवा समुन्दर के लगे गै औ कहिस कि-

समुन्दर-समुन्दर भार बुताव
भरवा न लाठी जारै
लठिया न साप मारै
सपवा न राजा डसै

रजवा न रानी छोड़ै
रनिया न बढ़इ छोड़ै
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी कहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

समुन्दर कहिस कि हम भार नाही बुताइब । तब मुसवा हाथी के लगे गै औ कहिस कि-

हाथी-हाथी समुन्दर सोख
समुन्दर न भार बुतावै
भरवा न लाठी जारै
लठिया न साप मारै
सपवा न राजा डसै
रजवा न रानी छोड़ै
रनिया न बढ़इ छोड़ै
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी बहुत खायन
खाय बिना रही न जाय
पेट फूलै दम्म जाय ।

हथिया कहिस कि हम समुन्दर नाही सोखब । तब मुसवा चीटी के लगे गै औ कहिस कि-

चीटी-चीटी हाथी मार
हथिया न समुन्दर सोखै
समुन्दरवा न भार बुतावै
भरवा न लाठी जारै
लठिया न साप मारै
सपवा न राजा डसै
राजा न रानी छोड़ै
रनिया न बढ़इ छोड़ै
बढ़इ न चूतर छोलै
चुतरा न बिलि समावै
गुदरी बहुत खायन
खाय विना रही न जाय
पेट फूलै दम्म जाय ।

चीटी मूसवा कै बाति मानि कै चलि दिहिस औ जाइकै हाथी के लगे पहुची । जब हथिया चीटी औ मूसराम के देखिस तो कहिसि कि-

हम्मै मारो वोरो न कोय
हम तो समुन्दर सोखवै लोय ।

अब चीटी औ मूसवा के साथे हथियौ चलि दिहिसि औ जाइके समुन्दर के लगे पहुची । तो जब हाथी का समुन्दर देखिस तो कहिस कि-

हम्मै सोखो-वोखो न कोय

हम तो भार बुताइब लोय ।

अब चीटी, मूस औ हाथी के साथे समुन्दर भार के लगे जाइके पहुचा । जब भार समुन्दर का देखिस तो कहिस कि-

हम्मै बुतावो-उतावो न कोय

हम तो लाठी जारब लोय ।

अब चीटी, मूस, हाथी, समुन्दर के साथे भार लाठी के लगे जाइके पहुचा । जब लाठी भार का देखिस तो कहिसि कि-

हम्मै जारो-वोरो न कोय

हम तो साप मारब लोय ।

अब चीटी,मूस, हाथी, समुन्दर, भार के साथे लाठी साप के लगे जाइके पहुचा । जब सपवा लाठी का देखिस तो कहिस कि-

हम्मै मारो वोरो न कोय

हम तो राजा डसब लोय ।

अब चीटी,मूस, हाथी, समुन्दर, भार, लाठी ,साप के साथे राजा के लगे जाइके पहुचें । जब राजा साप का देखिन तो कहिन कि-

हम्मै डसो-वसो न कोय

हम तो रानी छोड़बै लोय ।

अब चीटी, मूस, हाथी, समुन्दर, भार, लाठी, सापके साथे राजा रानी के लगे जाइके पहुचें । जब रानी राजा का देखिन तो कहिन कि-

हम्मै न छोड़ो- वोड़ो न कोय

हम तो बढ़इ छोड़बै लोय ।

अब चीटी, मूस, हाथी, समुन्दर, भार, लाठी, साप, राजा के साथे रानी बढ़इ के लगे जाइके पहुची । जब बढ़इ रानी का देखिस तो कहिस कि-

हम्मै छोड़ौ वोडौ न कोय

हम तो चूतर छोलबै लोय ।

अब बढइया आपन बसुला उठाइस औ मूसवा कै चूतर छोलि दिहिस । मूसवा कै चूतर भब्बाय लाग । उ बढइ से दवाइ पूछिस तो बढइया कहिस कि जाव अरहरि के खूटी मे आपन चूतर रगड़ि लेव, ठीक होइ जाइ । मुसवा गै अरहरीके खूटी मे, आपन चूतर खुब रगरिस । अब घाव बढत गै औ धीरे धीरे ऊ मरि गै ।

अवधी समाजमा पाइने छन्द कथाका मुख्य विशेषताहरू

अवधी छन्द कथाहरूको मुख्य आधार दोहा र चौपाइ छन्द हो । चौपाइ छन्दले कथाको मुख्य प्रवाह र घटनाक्रमलाइ अगाडि बढाउने कार्य गर्दछ । दोहा र सोरठा छन्दले कथाको प्रवाहलाइ बिचबिचमा सुखद विश्राम र सन्देश दिने काम गर्छन् ।

यी कथाहरू पूर्ण रूपमा गाउन र सस्वर वाचन गर्न मिल्ने खालका हुन्छन् । तराइ क्षेत्रमा आयोजना हुने रामलीला, धार्मिक अनुष्ठान र लोक उत्सवहरूमा यसलाइ सङ्गीतमय शैलीमा प्रस्तुत गरिन्छ । लयबद्धताका कारण ग्रामीण र निरक्षर समाजले पनि कथालाइ सहजै कण्ठस्थ पार्न सक्छन् ।

११.१.१.१.१२. पशु पन्छी सम्बन्धी कथा

अवधी लोक समाजमा पशु-पन्छी सम्बन्धी लोककथाहरूको ठूलो भण्डार छ, जसले पञ्चतन्त्र र जातक कथाहरूको झल्को दिन्छन् । यी कथाहरूमा जनावर र चराचुरुङ्गीहरू मानिस जस्तै बोल्ने, बुद्धि लगाउने र जाल रच्ने गर्दछन् । अवधी गाउँघरमा विशेष गरी ससाना बालबालिकाहरूलाइ व्यावहारिक ज्ञान, चलाखी र नैतिक शिक्षा दिन यी कथाहरू सुनाइन्छ । अवधी समाजमा प्रचलित पशु-पन्छी सम्बन्धी लोककथाहरूमा अवधी लोकसाहित्यमा स्याललाइ सबैभन्दा चलाख, धूर्त र बुद्धिमान् जनावर मानिन्छ । उसले आफ्नो सानो शरीर भए पनि बुद्धिको बलमा ठूला हिंस्रक जनावरलाइ माथ दिन्छ । स्याल सम्बन्धी कथाहरू मध्ये स्याल र निलो रङको कथामा एउटा स्याल झुक्किएर धोबीको निलो रङको भाँडोमा खस्छ । उसको पुरै शरीर निलो भएपछि उसले जङ्गलका सोझा जनावरहरूलाइ 'मलाइ भगवानले तिमीहरूको राजा बनाएर पठाउनुभएको हो' भनी ठग्छ । तर वर्षा ऋतुमा पानी परेर रङ पखालिएपछि र अरू स्याल सँगै कराउँदा आफ्नो रैथाने स्वर निकालेपछि उसको पोल खुल्छ । यसले 'नक्कली रूप धेरै दिन टिक्दैन' भन्ने सिकाउँछ । यसै किसिमले स्याल र हात्तीको मित्रता सम्बन्धी कथामा हात्ती जस्तो बलियो जनावरलाइ पनि स्यालले कसरी आफ्नो बुद्धिको जालमा पारेर दलदलमा फसाउँछ र जङ्गलका अन्य साथीहरूलाइ भोज खुवाउँछ भन्ने कथा विशेष रूपमा प्रचलित छ । यसकोसाथै अन्य समाजमा सिंहलाइ वनको राजा त मानिन्छ, तर अवधी लोककथामा उसलाइ प्रायः अहंकारी र मूर्ख पात्रका रूपमा व्यङ्ग्य गरिन्छ । यसको उदाहरणको रूपमा सिंह र खरायोको कथालाइ लिन सकिन्छ । यसमा सिंहले जङ्गलका जनावरहरूलाइ दिनहुँ पालैपालो खान थालेपछि एउटा सानो खरायोको पालो आउँछ । खरायोले ढिलो गएर 'बाटोमा अर्को सिंहले मलाइ रोकेको थियो' भनी झुटो बोल्छ र सिंहलाइ इनारमा उसको आफ्नै छायाँ देखाइ हाम फाल्न लगाएर मार्छ । यसले 'शारीरिक बलभन्दा बुद्धिको बल श्रेष्ठ हुन्छ' भन्ने नीति स्थापित गर्छ ।

सिंह र बकुल्लो (बगुला)को लोककथामा सिंहको घाँटीमा हाड अड्किँदा बकुल्लाले निकालिदिन्छ, तर पछि पुरस्कार माग्दा सिंहले 'मेरो मुखभित्र टाउको हालेर जीवितै निस्किनु नै तिम्रो पुरस्कार हो' भनी धोका दिन्छ । यसले "दुष्टसँग गुण गर्दा पनि बदलामा हानि नै मिल्छ" भन्ने सिकाउँछ । यसै किसिमले अवधी लोक समाजमा साना चराहरू र तिनका चलाखीका कथाहरू बालबालिकाहरू माझ निकै प्रिय छन । यी कथाहरूमा तिर्खाएको काग (पियासा कउवा) घैँटोमा थोरै पानी भएपछि कागले कति दुःख गरेर एउटा-एउटा ढुङ्गा संकलन गरी घैँटोमा खसाल्छ र पानी माथि ल्याएर पिउँछ । यो कथाले 'मिहिनेत र उपाय गरे असम्भव काम पनि सम्भव हुन्छ' भन्ने सिकाउँछ भने चरी र जमिन्दारको गहुँ कथामा एउटा सानो चराले जमिन्दारको खेतको गहुँ खाएको र जमिन्दारले समात्न खोज्दा कसरी आफ्नो मधुर गीत र चतुर संवादले उम्कन सफल भएको भन्ने हास्यप्रधान कथा विशेष रुचिकासाथ भन्नेसुन्ने गरिन्छ । यसै कथाहरू मध्ये अवधी लोकसमाजमा पाइने घरेलु जनावर (गाइ र कुकुर) का कथाहरूले इमानदारिता, वफादारिता र मानिससँगको सम्बन्धलाइ प्रस्तुत गर्छन । यस्तो कथा मध्ये कपिला गाइ र बाघको कथामा जङ्गलमा चर्न गएकी कपिला गाइलाइ बाघले खान खोज्दा गाइले 'मेरो सानो बाच्छो घरमा भोको छ, उसलाइ दूध खुवाएर म फर्कन्छु' भनी बाचा गर्छे । बाघले पत्याउँदैन, तर गाइ आफ्नो वचन पूरा गर्न फर्किएर आउँदा बाघ उसको इमानदारिता र मातृत्व देखेर लज्जित हुन्छ र नलुकीकन छोडिदिन्छ भन्ने कथालाइ विशेष महत्त्व प्राप्त छ । यसै किसिमले बफादार कुकुर र

साहुको भूल कथामा साहुको धन बचाउने कुकुरलाइ साहुले गलत बुझाइका कारण रिसको झोकमा मार्छ र पछि सत्य थाहा पाउँदा पछुताउँछ । यसले 'बिना सोचविचार काम गर्दा पछि पछुताउनुपर्छ' भन्ने गहिरो पाठ सिकाउँछ ।

उदाहरणको रूपमा अवधी लोकसमाजमा पाइने 'पछितावं' कथालाइ लिन सकिन्छ ।

एक देश मा एक ठू जङ्गल रहै । वहि जङ्गल मे ढेर कुल जनावर औ पशु पंछी जइसे बाघ, भालू, हिरन, कोइला, सुग्गा आदि रहत रहें । वही जङ्गल मे सियार औ गदहौ रहत रहें । वही मे से एकठू गदहा औ एक सियार मे वहुत दोस्ती रहा । दूनौ साथ-साथ रहत रहें औ बाटिचूटि कै खात रहें । सन्झक समय मीठ-मीठ खिस्सा कहनी कहिके बितावत रहें । एक दिन सन्झक समय वन्हरे एकठू किसान के बेह्रा मे गयें । बेह्रा मे काकर खुब फरा रहा । यहर-वहर देखिके दूनौ वेह्रा मे हले औ पेट भर काकर खाइन । दुसरेव दिन फिर दूनौ वहीं काकर चोरावै गयें औ पेटभर खाइन । यहि किसिम से वन्हरे रोज काकर खाय्क नाते बहुत खुश भयें ओ मोटायिउ गयें । बिना दु:ख किहे खाय्क पावय्क नाते ऊ दूनो बहुत खुश रहैं । एक दिन बेह्रा मे दूनौ काकर खातै रहें कि गदहा का गाना गावै कै मन लाग । ऊ अपने सङ्हरिहा सियार से कहिस "मीता हम्मै एकठू गाना गावय्क मन लागत है ।" यी सुनि कै सियार आश्चइचकित होइ गै औ कहिस "नाही ! यी तो नाइ होइ । काकर कै मालिक कहूँ जानि गै तो हम्मन का बहुत मारी । यह नाते चुप्पय काकर खाइके लउटि चला जाय ।" सियार कै बाति गदहा के मने नाइ बइठा औ कहिस "कइसन बाति करत हौ, तूँ ? यतना रातिम के जानि पाइ ? हम तो बिना गाये नाइ रहब ।" सियार बोला "मीता, तोहार बोली बहुत कड़ा है । यहि नाते तूँ न गावो । बेह्रा कै मालिक कहूँ सुनि लिहिस तौ हम्मन के खातिर ठीक नाइ होइ ।" गदहा कहिस "आवाज के बारेम तुहै का मालुम ? तु तो खाली हुवांयक् जानत हौ । गीत औ सङ्गीत के बारेम तुहैं कुछ नाइ पता है । यी आनन्द कै समय मे नाइ गाइब तब फिर कब गाइब ?"

सियार सोचिस गदहा बिना गाये नाइ रही । वह नाते ऊ कहिस, "तूँ गाना गइबै करबो तो रुकौ हम दूर जाइकै लुकाय जाइ तब गावो । यतना कहिकै सियार लुकाय चला गै औ गदहा गाना गावै लाग । गदहा कै कड़ा बोली राति कै समय होय के नाते चारो ओर फइलि गै । ऊ अवाज किसानौ के कानेम पड़ा । ऊ सोचिस, यी केकर अवाज होय ? कहूँ बेह्रा मे कुछ हला है, काव ? देखै जाय के परा । किसान लाठी लइके बेह्रा के ओर गै औ वहीं गदहा के देखिस । गदहा चिल्लात रहै । किसान कहिस, "तूँ ? तुहैं बिना मारि डारे नाइ छोड़ब । यी देखौ हमार सारा काकर ओरुवाय दिहिस ।" यिहै कहत किसान गदहा का लठियय् लाठी मारै लाग । लाठी कै मारु गदहा नाइ सहि पाय औ बइठि गै । वकरे बाद गदहा का रसरी से एकठू पेड़ मे बान्हि कै किसान लउटि आय । यी सब खेल सियार लुकाइ के देखत रहा । किसान का जाय्क बाद सियार गदहा के लगे पहुचा औ कहिस, "कइसन हौ मीता ? कहत रहेन, गाना न गावो, तो नाइ मानेव । यही नाते यइसन दु:ख भोगय्क परा ।" गदहा कहिस, "ठीक कहेव मीता । तोहार कहा न मानय्क नाते यतना दु:ख सहय्क परा । दुसरेक चीज चोराय्क खाब ठीक नाइ होय ।"

सियार गदहा कै बगनी खोलि दिहिस ओ सियार के पीछे-पीछे गदहा पछितात जङ्गल के ओर चलि दिहिस ।

अवधी पशु-पन्छी कथाका मुख्य विशेषताहरू

मानवीकरण : जनावरहरूले लुगा लगाउने, पञ्चायत बस्ने र मानिस जस्तै गफ गर्ने हुनाले कथाहरू निकै रोचक हुन्छन् ।

बाल-मनोविज्ञान अनुकूल : यी कथाहरूको भाषा सरल र संक्षिप्त हुन्छ, जसमा धेरै भन्दा धेरै अभिनय र ध्वनि (ध्वन्यात्मक शब्दहरू) को प्रयोग गरिन्छ ।

११.१.१.१.१३. भूतप्रेत जादू टोना र परीकथा

अवधी लोक समाजमा भूतप्रेत, जादू-टोना, तन्त्रमन्त्र र परी सम्बन्धी लोककथाहरूको एक विशाल र रहस्यमय संसार छ । ग्रामीण अवध क्षेत्र र नेपालको पश्चिम तराइका गाउँहरूमा यी कथाहरू निकै कौतुहलता र डरका साथ रातीको समयमा सुनाइन्छ । यी कथाहरू केवल मनोरञ्जनका लागि मात्र नभइ समाजमा व्याप्त पारलौकिक विश्वास, अन्धविश्वास र प्राकृतिक शक्तिप्रतिको भयलाइ बुझ्नका लागि पनि महत्त्वपूर्ण छन् । अवधी लोक समाजमा प्रचलित यस्ता कथाहरूमा भूतप्रेत र अतृप्त आत्माका कथाहरूमा अवधी लोक परिवेशमा विभिन्न प्रकारका भूतहरूको नाम र तिनका स्वभावलाइ लिएर थुप्रै लोककथाहरू निर्माण गरिएका छन । यी कथाहरू मध्ये 'चुडेल' (चुरैल) र 'डाइन' को कथामा समाजमा अकाल मृत्यु भएका वा अतृप्त इच्छा बोकेर मरेका महिलाहरू चुडेल बन्ने जनविश्वास छ । यी कथाहरूमा चुडेलहरू प्रायः रुख (विशेष गरी पिपल वा इमली) मा बस्ने, उल्टो खुट्टा हुने र राती बाटो हिँड्ने पुरुषहरूलाइ मोहित पारेर लैजाने डरलाग्दा विवरणहरू हुन्छन् । 'ब्रह्मपिशाच' सम्बन्धी कथामा अवधी समाजमा जनैधारी वा विद्वान ब्राह्मणको प्रेतात्मालाइ 'ब्रह्म' भनिन्छ । उनीहरूलाइ निकै शक्तिशाली र पूजनीय पनि मानिन्छ । यदि कसैले उनीहरूको अपमान गरेमा वा उनको जमिन मिचेमा घरमा दुःख दिने र पछि तान्त्रिक विधिबाट शान्त पारेका कथाहरू गाउँमा सुनिन्छ । साथै 'डिहवार' सम्बन्धी कथामा गाउँको रक्षा गर्ने स्थानीय साना देवता वा शान्त प्रेतात्मा हुन्, जसले गाउँलाइ बाहिरी दुष्ट शक्तिबाट बचाउँछन् । यसै किसिमले जादू-टोना र ओझा-तान्त्रिक सम्बन्धी कथाहरूमा अवधी समाजमा रोगव्याधि, खडेरी वा अचानक आउने संकटलाइ जादू-टोना (अन्धविश्वास) सँग जोडेर हेर्ने चलन पुरानो भएकोले सोही अनुसारका कथा यस समाजमा पाइन्छ । यसकोसाथै अवधी लोक समाजमा पाइने परी र अप्सराका काल्पनिक कथाहरू सुन्दर, जादुइ र रोमान्टिक हुन्छन् । यी कथाहरू बालबालिकाहरू सुताउने बेला बढी सुनाइन्छ । यी मध्ये 'सब्ज परी' (हरियो परी) र राजकुमारको कथामा आकाशबाट उडेर धर्तीको सरोवर (पोखरी) मा नुहाउन आउने परीहरूको कथा निकै चर्चित छ । नुहाउने क्रममा उनको जादुइ पखेटा राजकुमारले लुकाइदिने र पछि उनीहरूबीच प्रेम र विवाह हुने कथाहरू यसमा पर्छन् । लाल परी र जादुइ नगरी कथामा सात समुद्र पारिको जादुइ देश, जहाँ सुनका महलहरू हुन्छन् र परीहरूले आफ्नो जादुइ छडीले गरिब तर दयालु मानिसलाइ मद्दत गर्छन् भन्ने कल्पनाशीलताले भरिएका कथाहरू अवधी समाजमा प्रशस्त मात्रामा उपलब्ध छन ।

यस लोकजीवनमा यी सबैसंग सम्बन्धित धारणहरू रुढिगत रूपमा नै सही आज पनि विद्यामान छन् । यसैले दैत्य डङ्कीनी, परी आदिसित सम्बन्धित कथाहरूलाइ अवधी लोकसमाजमा विशेष महत्त्वका साथ भन्ने सुन्ने गरिन्छ । उदाहरणको रूपमा अवधी लोकसमाजमा प्रचलित रम्भा सूरजभान कथालाइ लिन सकिन्छ ।

यो एउटा महत्त्वपूर्ण र लोकप्रिय प्रेमाख्यानक लोककथा हो, जसले मध्यकालीन अवधी समाजको सामाजिक, सांस्कृतिक र धार्मिक परिवेशलाइ चित्रण गर्दछ । 'रम्भा सूरजभान कथा' को अनुसार, कञ्चनपुर का प्रतिष्ठित व्यापारी लक्ष्मी नारायण लामो समयसम्म सन्तानविहीन हुन्छन् । एक रात दुबै जना सुतेको बेलामा सपनामा देवताले पुत्रेष्टि यज्ञ गरेपछि पुत्रहुने भनेपछि, वहाहरूले त्यसोगर्दा उनलाइ पुत्र रत्न प्राप्त हुन्छ, जसको नाम सुरजभान राख्छन । यसै किसिमले चन्द्रपुरीमा रम्भाको

जन्म हुन्छ । वयस्क भएपछि फुलवारीमा दुबैजनाको मिलन भएपछि दुबैबीच मायाप्रिति बस्छ । एकदिन रम्भा इन्द्रको सभामा नृत्य प्रदर्शित गर्न जानथालेपछि सूरजभानले पनि रोक्न खोज्दा पनि जाने जिद्दी गरेपछि उनलाइ भमरा बनाएर इन्द्रको सभामा लगेकी, रम्भा पसिनाले भीजेपछि भमरा आफ्नो पंख चलाउन थालेको उनको नृत्य कम भएको, राजा इन्द्रलाइ त्यो देखेपछि शंकालागि अश्विनी कुमारलाइ तलाशी गर्न लगाउको, त्यस क्रममा भमरा निस्केपछि उनलाइ वास्तविक रूपमा ल्याइ दुबैलाइ पशु योनीमा जन्मलिने इन्द्रले श्राप दिएको तथा दुबैले पशु योनीमा जन्म लिएको वर्णन छ ।

बहुत दिन पहिले कंचनपुर नाम कै एक मशहूर नगर रहा । वहि समृद्ध औ वैभवशाली नगर में लक्ष्मी नारायण नाम कै एकजने साहुकार रहत रहें । साहुकार बहुतै नीतिवान धनवान औ गुणवान रहें । साहुकार कै दुलहिन (मेहरारू) चन्द्रावती गुण औ रूप मे कवनो अप्सरा से कम नाइ रहीं । यी जोड़ी पूर्ण रूप से सुखी होय के बावजूद गृहस्थावस्था तक संतान न पावै के नाते अति दु:खी रहा ।

एक राति साहुकार अपने दुलहिन के संहरी सूतत के सपना में देवता लोग फूले कै बर्षा कइकै कहिन, 'तुँ पुत्रेष्टि यज्ञ करो । तुहैं पुत्र अवश्य मिली' । लक्ष्मी नारायण एकाएक जागि गयें औ सपना कै कुल हालि अपने दुलहिन का सुनाइन । चन्द्रावती देवता लोगन का प्रणाम कइकै पुत्रेष्टि यज्ञ करै कां राजी भइं । साहूकार अपने उपरेहित के बोलाय कै धूमधाम के साथ पुत्रेष्टि यज्ञ पूरा किहिन । इश्वर के किरपा से साहुकार कै दुलहिन चन्द्रावती के बेटवा रहि गै । दूनौ परानी बेटवाकै कामना के साथ दिन रात गनै लागें । दश महीना पूरा होतै चन्द्रवती के गरभ से सुन्नर औ कमल घत बेटवा भै । बेटवा पउतै दूनौ जने वहुतै खुश होइकै गरीब, कंगाल औ बाभन, बटुक के दान दिहिन । मिठाइ वाटा गै । साहूकार अपने बेटवा कै संस्कार पूरा करै के क्रम में उपरेहित के कहे अनुसार नामकरण संस्कार कइकै बेटवा कै नाव सूरजभान राखिन । नगर भरे कै सुहागिन लोग साहूकार के घरे आइकै सोहर गावै लागीं ।

आजि साइत मे (मंगल गावव) २ हो ।
ललना आज घरे जनमें होरिलवा (तो आनन्द मनावहु) २ हो ॥
साहूक घरे जुटिन सव जाय के (कि बाजै बधइवा) २ हो ।
ललना वालक के देय लीन बधइया (कि आन्नद मनावै) २ ली हो ।
आजि के सुन्नर साइत मे (मंगल गावव)२ हो ।

वहर चन्द्रपुरी मे सब्जपरी से अति सुन्नर रूपवती विटिया पयदा भइ । ओकर नाम महराज'रम्भा' राखिन । होतै-होत सूरजभान औ रम्भा जवानी के चौखट पर चढ़ि चुकें । एक दिन जब सूरजभान फूलवारी के ओर घूमै गए रहें । रम्भौ फूल लोढ़ै आय रहीं । ठीक वही समय में दूनौ जने कै आंखि लड़ा औ बेहोश होइ गयें ।

बाइस बरिस कै सूरज भनवा हो प्यारे देलन जात शिकार जी
एक दिन फुलवरिया धूमै गयें हो प्यारे सुनिलेहु ओकर बयान जी
फुलवारी मे रम्भा फूल लोढ़ै आयीं हो प्यारे देखि कै मोहित सूरजभान
रम्भा कै नयना सूरज भान से लड़ा हो प्यारे मुरछा परें दूनौ जाय रे
प्रथम मिलन में बाढ़ा पिरितिया हो प्यारे दूनव्क नयन मुसुकान रे

दूनौ का कुछ घरी पर होश आए पर-सूरजभान रम्भा के लगे जाय कै पूछिन, 'हे रूपवती आप के हो ? आप कै घर कहां हैं ? आपन पूरा परिचय दिहा जाय ।' यी सुनिकै रम्भा कहिन, ...'हे मनमोहक शरीर कै मालिक । हम्मै अपने मोहपाश मे बान्है वाले जवानी पहिले आपन पूरा परिचय देव' ।

रंम्भा कै मिठास औ मनमोहक बाति सुनिकै सूरजभान ढेर खुशी होइकै आपन परिचय यहि किसिम से दिहिन, ..'हे नौ यौवना हम कंचनपुर नगरी कै साहूकार श्री लक्ष्मी नारायण कै बेटवासूरजभान होइ ।' यतना सुनतै रम्भा फूले कै हार सूरजभान के गटइम पहिराय कै कहिन, 'आप का हरदम देखतै रहय्क चाहित हन । दूरे नाही रहि पाइब । बेवश हन । सुनतै नाही हन ।' यतना सुनतै सूरजभान औ रम्भा एक दूसरेक अंकवारि में बान्हि लिहिन । बेसुध होइ गएं । सुधि नाही रहि गै ।

न भूलेव मोर पिरितिया, न भूलेव मोर मोहजी प्रथम मिलन कै गीत यी
प्रेमरस मे बुड़ा हन हमरे (कव्वो न होय विछ्छोड जी)२
दु:ख सही चाहे प्रान तजी तुहका तो नाही छ्छोड़वै -२
न भूलेव मोर पिरितिया न भूलेव मोर मोह जी
प्रथम मिलन कै गीत यी धीर धरो तू लगन लगा है
कब्बौ तुहकां न छ्छोड़बै-२

अब दूनौ जने वही फुलबारी में रहै लागे । एक दुसरे में समाय कै प्रेमरस में बुडुक्की मारत आनन्द रूपी तरंग में विभोर होइकै दूनौ दत्तचित्त रहें । एक दिन खेल खेलत के रम्भा एकाएक कुछि समझि कै कहै लागी ।, 'हे हमरे -- ।, इन्द्रपुरी में सुदामापुरी नाम नगरी में महराज इन्द्र कै सभा होत है । वहिं आठौ पहर परी लोग रोजि- रोजि नवां -नवां गाना ओ नाच से महराजा इन्द्र के खुश करत हीं ।

इन्द्रपुरी कै बर्णन अपने रम्भा से सुनि कै सूरजभान कहिन, हमहुक देखाओ । रम्भा जबाब दिहिन 'हम लाचार हन । उहां मनइ नाही जाय सकत हैं । सूरजभान यी बात सुनि कै फिर कहिन, "रम्भा तू हमार हो । हम तोहार होइ" हम्मै चाहे जइसै इन्द्रपुरी देखावय्क परी । सूरजभान के हठ पर रम्भा वन्है भंवरा बनाय कै कमल के फूल में लुकुवाय कै औ बिमान में बइठि कै इन्द्रपुरी पंहुचीं । इन्द्रसभा से यहरै कमल के फूल सहित भंवरा का अपने चोली में डारि लिहिन । इन्द्र सभा में पहुंचि इन्द्र के प्रणाम कइकै वनही के आदेशानुसार नांचै लागी । नचतै नाचत पसीना से चोली भीजय्क नाते भंवरा कै पंख फरफराय से, नाच कुछ सुस्त होइ गै । यी देखि कै इन्द्र रिसियाय कै अश्विनी कुमार का बोलवाइन औ नृत्य सुस्त होय कै रोग पता लगावै के कहिन । आश्विनी कुमार तलासी लेय लागें तो चोली में कमल कै फूल के भित्तर भँवरा लुकान देखिन तो सारा बाति विस्तार से इन्द्र का बताइन ।

अश्विनी कुमार कै बाति सुनि कै इन्द्र रम्भा का बोलाय कै तलासी लेत के चोली के भित्तर कमल के फूल में भँवरा का पावै कै कारण पूछिन- "यी भँवरा कहाँ से कइसै लाइउ" रम्भा महाराज इन्द्र कै बाति सुनि कै डेर के मारे थरथरात हात जोड़ि कै कहै लागीं– फुलवारी में फूल तूरत के हमरे चोली के भित्तर कब औ कइसै यी भँवरा हला हम पतै नाही पायन" रम्भा कै चलाकी पूर्ण बाति सुनि कै इन्द्र थोरै कै जल मगांय कै भँवरा के उप्पर छिटतै भँवरा मनइ के रूप में देखाय लाग । "तू के होव" कहि कै इन्द्र का पूछत के, 'हम कञ्चनपुर नगरी कै साहू लक्ष्मीनारायण कै लड़िका सूरजभान होइ, रम्भा के सहायता से आप कै दर्शन के खातिर यिहाँ आए हन, सूरजभान बताइन । सूरजभान कै बाति सुनि कै इन्द्र रम्भा से कहिन, "तू परी होय के बादौ मृत्युलोक में जाइकै औ यहि मनइ के मायापाश में बन्हि जाय के नाते इन्द्रपुरी के योग्य नाही हिउ । हम तोहरे दुनौ जने का यी देहिं त्यागि कै मृत्युलोक में जाइ कै पशुयोनि में जन्म लेय औ हरदम अतृप्त रहै कै श्राप दीत हन, काहे कि तू हम से कपट किहे हिउ" यकरे बाद ऊ दूनौ जने मृत्युलोक में पशुयोनि में जन्म लिहिन औ जीवन वितावै लागें लेकिन ऊ लोगन का तृप्ति नाही मिला ।

अवधी भूतप्रेत जादू टोना र परीकथाका मुख्य विशेषताहरू

साँझ र रात्रिकालीन समय : यी कथाहरू दिउँसो भन्नु हुँदैन, दिउँसो भने बाटो भुइन्छ (बाटो हराउँछ) भन्ने रोचक लोकविश्वास छ । त्यसैले यी कथा राती सुत्ने बेला मात्र भनिन्छ ।

मन्त्र र लोक-ध्वनि : ओझा वा भूतको संवाद भन्दा कथा वाचकले आफ्नो आवाज परिवर्तन गरेर डरलाग्दो वा जादुइ ध्वनि निकाल्ने गर्छन् ।

सचेतना र बचावट : कथाको अन्त्यमा सधैँ हनुमान चालिसा पढ्ने, देउता पुज्ने वा सत्यको बाटो हिँड्नेको अगाडि भूतहरू टिक्न सक्दैनन् भन्ने सन्देश दिएर डर भगाउने प्रयास गरिन्छ ।

११.१.१.१.१४. लघु कथा

लघु कथा अवधी लोक-साहित्य र ग्रामीण जनजीवनको एक अत्यन्तै लोकप्रिय र जीवन्त विधा हो । अवधी समाजमा यसलाइ रैथाने बोलीमा 'किस्सा', 'कहानी' वा 'कथा' भनिन्छ । लिखित साहित्यको लघु कथा भन्दा यो भिन्न हुन्छ ; यो पूर्ण रूपमा मौखिक परम्परामा आधारित, छोटो र सन्देशमूलक लोकआख्यान हो । अवधी लोक-जीवनमा पाइने यी लघु कथाहरू मुख्यतः मौखिक र गद्यात्मक स्वरूपमा हुन्छन । यी कथाहरू कुनै पुस्तकमा नभइ हजुरबुबा-हजुरआमा वा समाजका पाका पुस्ताको जनजिब्रोमा सुरक्षित रहँदै आएका छन् । अवधी लोक समाजमा पाइने कथाहरू मध्ये नीतिपरक र चतुरताका कथाहरू मुख्यतः मानिसको बुद्धि, चतुरता र व्यावहारिक ज्ञानको परीक्षा लिने हास्यव्यङ्ग्य मिश्रित हुन्छन् । यसको उदाहरणको रूपमा राजा अकबर र बीरबलका रैथाने अवधी किस्साहरू, चतुर स्याल र लाटो बाघको कथा, तथा लोभी छिमेकी र इमानदार किसानका कथाहरूलाइ लिन सकिन्छ । यी कथा मध्ये बैरगियानाला शीर्षकको कथा सम्पूर्ण अवधी क्षेत्रमा भन्नेसुन्ने गरिन्छ । यस कथानुसार वैरगिया नालामा चोरहरूको विगविगी हुन्छ । त्यही नाला भएर नौ जना कत्थककारहरू गइरहेका हुन्छन । चोरहरू उनीहरूबाट केही नपाएपछि कत्थक नृत्य भएपनि देखाएर जान भन्छन । कत्थककारहरूको तबलामा चोरहरू मग्न भएपछि एउटा एउटा चोरमाथि तीन तीन कत्थककारहरू जाइ लाग्छन ।

बैरगिया नाला जुलुम जोर
नौ कथिक नचावैं तीन चोर
जब तबला बोला धीन धीन
तब एक एक पर तीन तीन

अवधी लघुकथाका मुख्य विशेषताहरू

अवधी समाजको लोक जीवनमा पाइने लघु कथा केवल एकादेशको गफ मात्र होइन, यो अवधी संस्कृति, इतिहास, दर्शन र ग्रामीण मनोविज्ञानको जीवन्त दस्तावेज हो । यसले थोरै शब्दमा जीवनको ठूलो सत्य बुझाउने समर्थ्य राख्दछ ।

११.१.२. अवधी लोकोक्ति

धेरै चोटि हेरेर, सुनेर र अनुभव गरेर त्यसका भावहरूलाइ स-साना वाक्यका माध्यमले भनिन्छ, त्यो वेला सो कथनलाइ उक्ति भनिन्छ । जब यही उक्ति व्यक्ति विशेषको अधिकार क्षेत्रबाट अगाडि गएर

लोकमानसको वाणीद्वारा अनुमोदित भइ लोकको अनुभवको वस्तु बन्छ, तब त्यसलाइ लोकोक्ति भनिन्छ । यी लोकोक्तिलाइ जब हामी अवधी भाषी क्षेत्रसित जोडेर हेर्दछौ तब यसको अर्थ हुन्छ अवधी लोकोक्ति । यी अवधी लोकोक्ति सुविधाका दृष्टिकोणले निम्नलिखित भागमा विभाजित गर्न सकिन्छ : (त्रिपाठी, २०७३. ५९-६०)

१. उखान (कहावत)

२. गाउखाने कथा (बुझउवलि)

११.१.२.१. उखान (लोकोक्ति, कहावत)

अवधी भाषी क्षेत्रमा उखानलाइ कहावत भनिन्छ । शब्दार्थको प्रसङ्गमा कहावत भन्नाले कुनै विषयवस्तुको सरलताका साथै उद्देश्यको गहनता बोध गराउने अर्थात् जसमा अनुभूतिजन्य ज्ञानलाइ भाषाको सरलतम रूपद्वारा प्रस्तुत गरिने गरिन्छ, त्यसलाइ कहावत भनिन्छ । कहावत सरल हुदाहुदै पनि लोक समाजमा यसको प्रभाव अत्यन्त मार्मिक हुन्छ । यसै गुणले गर्दा लोकसाहित्यमा यसले आफ्नो महत्त्वपूर्ण स्थान बनाएको पाइन्छ ।

अवधी क्षेत्रमा पाइने यी लोकोक्ति (कहावत)हरूलाइ निम्नलिखि भागमा विभाजित गर्न सकिन्छ : (त्रिपाठी, २०७३. ६०)

११.१.२.२. प्रकृतिसम्बन्धी लोकोक्ति (कहावत)

आधुनिक युगमा प्रकृतिसम्बन्धी अध्ययनका लागि विभिन्न यन्त्र तथा सामग्रीहरू उपलब्ध छन् । जसका माध्यमले वर्षा, घाम, आद्रता, वायुको दिशा र गति, चन्द्र सूर्य ग्रहण आदिका बारेमा विशेषज्ञहरूलाइ थाहा हुन्छ ।

तर अवधी लोकजीवनमा यी र यस्ता प्रशस्त सूक्ष्म जानकारी र गहन अनुभवले तिखारिएका लोकोक्तिहरू प्राचीन कालदेखि नै उपलब्ध छन् । अवधी लोक जीवनमा पाइने प्रकृतिसम्बन्धी समस्त लोकोक्तिहरूलाइ प्राकृति सम्बन्धी कहावत भनिन्छ ।

वर्षाको साधारण लक्षण

बादल वायु जिज्जु वरसंत ।
कडकै गाजै उपल पडंत ॥
धनुष अउर परिवेसे भान ।
हेम परै दस गर्भ समान ॥

(बादल हुनु, हवा बग्न, विजुली चम्किनु, पानी पर्नु, आकाश गर्जिनु, असिना पर्नु, इन्द्रधनुष र सुइमा मण्डल आकारको घेरा वस्नु तथा किचसो हुनु यी दशवटा लक्षणहरू वर्ष गर्भमा आउनुको हो ।)

११.१.२.३. कृषीसम्बन्धी लोकोक्ति (कहावत)

अवधी भाषी क्षेत्र कृषी प्रधान क्षेत्र हो । खेती र गाइ पालन यहाको मुख्य व्यवसाय हो । यस क्षेत्रमा अवधी भाषीहरू कुशल र विज्ञ पनि मानिन्छन् । यसै कारण अवधी लोक जीवनमा कृषि जीवनसंग

सम्बन्धित खनाइ बोआइ, सिचाइ, निराइ, कटाइ, गोरुघोडा गाइ भैसीको जाति (नसल), खाद, वर्षा आदि विषयका लोकोक्तिहरूलाइ समग्रमा कृषीसम्बन्धी कहावत भनिन्छ । (त्रिपाठी, २०७३. ८४-८५)

उत्तम खेती

उत्तम खेती मध्यम बान ।
निखिद चाकारी, भीख निदान ॥

☐ खेती गर्नु सबै भन्दा उत्तम, व्यवसाय मध्यम, चाकरी अनुचित तथा भिक्षा माग्नु अत्यन्त निकृष्ट कार्य हो ।

बाढै पूत पिता के धर्मे ।
खेती उपजै अपने कर्मे ॥

☐ पिताको धर्मको आधारमा पुत्रको प्रगति हुन्छ भने खेतीको उब्जनी आफ्नै कर्ममा निर्भर हुन्छ ।

जोताइ

सौ कै जोत पचासै जोतै, ऊच कै बान्है आली ।
यतनेव पर जो दून न उपजै, दिहेव घाघ का गारी ॥

☐ सय बिघाको ठाउमा पचास नै जोत्नु हुन्छ तर आली (मेड) अग्लो बाध्नु हुन्छ भने धानको उब्जनी दोब्बर हुन्छ । यसो भएन भने घाघलाइ गाली गर्नुहोला ।

खाद

खाद परै तो खेत । नाही तो कूडा रेत ॥

☐ खेतमा मल पऱ्यो भने खेत हुन्छ नत्र भने कूडा रेत जस्तै रहन्छ ।

गोबर मइल नीबि कै खरी ।
यासे खेती दूना फरी ॥

☐ गोबर, दिसा र नीबको खली खेतमा हालेमा खेतमा दुइ गुणा उब्जनी हुन्छ ।

विउ छर्ने सम्बन्धी

जौ गोहूँ बोवै पाँच पसेर ।
मटर कै विगहा तीसै सेर ॥
बोवै चना पसेरी तीन ।
तीन सेर बिगहा जोन्हरी कीन ॥
दुइ सेर मोथी अरहरि मास ।
डेढ सेर बिगहा बीच कपास ॥
पाँच पसेरी विगहा धान ।
तीन पसेरी जडहन मान ॥
सवा सेर बिगहा साँवा मान ।

तिल्ली सरसो अजुरी जान ॥

बरैं कोदो सेर बोवावो ।

डेढ सेर बिगहा तीसी नावों ॥

डेढ सेर बजरा बजरी साँवा ।

कोदो कांकुनि सवइया बोवा ॥

यहि विधि से जब बोवै किसान ।

दूना लाभ कै खेती जान ॥

☐ यदि जौ, गहुँ विघाको पच्चीस सेर, मटर तीस सेर, चना पन्ध्र सेर, मकै तीन सेर, रहर र मास दुइ दुइ सेर, कपास डेढ सेर, सावाँ सवा सेर, तिल्ली र सरसो एक अन्जुली, वरैं र कोदो एक सेर, आलस डेढ सेर, बाजडा र सावाँ मिलाएर डेढ सेर, कोदो र कांकुनि मिलाएर आधी सेर बिउ छर्नुपर्छ । जुन किसानले यसरी मिलाएर विउ छर्छ, त्यसको उत्पादन दोब्बर हुनेछ ।

सिचाइ

धान पान औ खीरा । यी तीनौ पानी कै कीरा ।

☐ धान, पान र काक्रो यी तीनवटै पानीका कीरा हुन् ।

तरकारी है तरकारी । या में पानी कै अधिकारी ।

☐ तरकारी त तरकारी नै हो यसलाइ धेरै पानी चाहिन्छ ।

कटाइ

लाग बसंत । ऊख पकंत ॥

☐ बसन्त ऋतु लागेपछि उखु पाकिहाल्छ ।

चना अधपका, जौ पका काटै । गोहू बाली लटका काटै ॥

☐ चना आधी पाकेको, जौ पाकेको काट्नुपर्छ । यसै किसिमले गहूँको बाली झुलेपछि काट्नुपर्छ ।

दाँइ र ओसाइ

दुइ दिन पछुवा छः पुरवाइ । गोहूँ, जौ का लेहु दवाइ ।

ताके बाद ओसावै जोइ । भूसा दाना अलगै होइ ॥

☐ पश्चिमको हावा बगिरहेको छ भने दुइ दिन पछि, पूर्वी हावा बगेको छ भने ६ दिनपछि गहू र जौको दाइ गरिहाल्नुपर्छ । यसरी दाइ गरेपछि बताएमा भूस र दाना छिटो छुटिन्छ ।

११.१.२.४. सामाजिक लोकोक्ति

अवधी लोकसमाजमा उपलब्ध कहावत वा लोकोक्तिहरूमा सामाजिक जीवनको चित्रण धेरै व्यापक रूपमा उपलब्ध छ । जीवनका हरेक पाटोहरूमा मुहावरा यस लोक समाजमा उपलब्ध छन् । (त्रिपाठी, २०७३. ९४-९५)

१. *विप्र टहलुवा चेरि धन औ विटियन कै बाढि ।*

याहू से धन न घटै तो करो बडन से राव्हि ॥

☐ घुम्ने वाहुन, बहिनीको धन र छोरीको बाढबाट पनि यदि धन घटेन भने आफू भन्दा ठूलला सित झगडा गर्नुस ।

२. *खेती पाती बीनती औ घोडा कै तंग ।*

अपने हाथ सवारिये, लाख लोग होंय संग ॥

☐ खेती गर्ने, अनुरोध गर्ने र घोडाको तंग (लगाम) लाखौ मानिसहरू साथमा रहेपछि आफ्नै हातले समात्नुहोस् ।

११.१.२.५. जातिसम्बन्धी लोकोक्ति

अवधी लोक जीवनमा रहेका विभिन्न जातिका मनोवृत्तिहरूलाइ ध्यानमा राखेर वहाहरूको व्यवहार रहनसहन, आचार विचार आदिलाइ ध्यानमा राखेर विभिन्न किसिमका लोकोक्तिहरू अवधी लोक जीवनमा चलनचल्तीमा रहेको पाइन्छ । अवधी लोकजीवनमा रहेका जातिसम्बन्धी यी लोकोक्तिहरूलाइ जातिसम्बन्धी कहावत भनिन्छ । (त्रिपाठी, २०७३. ९५-९६)

आगम बुद्धी बानिया, पाछे बुद्धी जाट ।

तुरतै बुद्धी तुरकट, बाभन संपट पाट ॥

☐ बनिया पहिला सोच्छ । जाट पछाडि सोच्छ, मुस्लिम (तुर्क) तत्काल फायदाको कुरा गर्छ तर बाहुन अगाडि पछाडि सबै सोच्छ ।

माघ सकारे जेठ दुपहरे, भादो आधी राती ।

इन समया में झाडा लागै, मानों छाती फाटी ॥

☐ माघ महिनामा एका बिहानै, जेठमा दिउसो र भदौ महिनामा आधी रातमा दिसा लाग्दा छाती चर्कैको जस्तो दुःख हुन्छ ।

माइ से पूत पिता से घोड । ढेर नाही तो थोरै थोर ॥

☐ आमाबाट छोरामा, बुबाबाट घोडामा धेरै न भएपनि केही मात्रामा गुणहरू हस्तान्तरित हुन्छन् ।

बाढैं पूत पिता के धर्मे, खेती उपजै अपने कर्मे ॥

☐ पुत्रको प्रगति पिताको कर्ममा निहित हुन्छ । यसै किसिमले खेतीको उत्पादन आफ्नै कर्ममा निहित हुन्छ ।

लरिका ठाकुर बूढ देवान । बाति बिगडै साझ बिहान ॥

☐ यदि ठाकुर (जमिन्दार) बालक र मुन्सी बूढो छन भने दुवैमा कहिले पनि पट्दैन, सधै झगडा भइरहन्छ ।

११.१.२.६. नीतिसम्बन्धी लोकोक्ति

नीति र उपदेशसम्बन्धी विभिन्न किसिमका लोकोक्तिहरू अवधी लोकजीवनमा व्यापक रूपमा पाइन्छन् । यी लोकोक्तिहरूमा विभिन्न प्रकारका नीतिपरक जानकारीहरू उपलब्ध छन् । जुन अवधी मानव समाजलाइ जानी नजानी मार्ग दर्शन गरिहेका छन् । यी नीतिपरक लोकोक्तिहरूमा रहेका

कुराहरू अवधी लोकजीवनको एक किसिमले संस्कार बनि सकेका छन् । नीति र उपदेशसम्बन्धी लोकोक्तिहरूलाइ समग्रमा नीतिसम्बन्धी कहावत भनिन्छ । (त्रिपाठी, २०७३. ९६-९७)

चारि कौर भित्तर तब देव औ पित्तर ॥

☐ पेटमा चार गास गइसकेपछि देवता र पुर्वजहरू याद आउछन् ।

भूखे भजन न होय गोपाला । यी लेव आपन कंठी माला ॥

☐ हे गोपाल भोकै रहेर भजन हुदैन । यो आफ्नो कन्ठी माला लिनुहोस् ।

जइसन देस, वइसन भेष ।

☐ जुन किसमको देस छ, तयसै किसिमको भेष बनाउदा राम्रो हुन्छ ।

११.१.२.७. यात्रा तथा दिशाशूलसम्बन्धी

अवधी लोक समाज एक ठाउबाट अर्को ठाउमा यात्रा गर्दा दिशाशूल तथा शुभ अशुभलाइ ध्यानमा राखेर यात्रा गर्ने गर्दछ । यसैसित सम्बन्धित कहावत (उखान)हरू अवधी लोकसमाजको हरेक क्षेत्रमा उपलब्ध रहेको पाइन्छ । यस समाज यी यात्रा तथा दिशाशूल सम्बन्धी कहावतहरू विशेष आस्था रहेको पाइन्छ । (त्रिपाठी, २०७३. १००-१०३)

मंङ्डर बुद्ध उत्तर दिस कालू ।
सोम सनीचर पुरुब न चालू ।
जो बिहफै के दख्खिन जाय ।
बिना गुनाहे पनही खाय ॥

☐ मङ्गलबार र बुधबार उत्तर दिशाको यात्रा गर्दा मृत्युको डर हुन्छ । सोमबार र शनिबार पूर्वतिरको यात्रा गर्नू हुदैन । जसले बिहिवार दक्षिणको यात्रा गर्छ त्यसले विना कुनै गल्ती दण्ड पाउछ ।

बुद्ध कहै हम बडा सयाना ।
मोरे दिन जनि किह्यो पयाना ।
कउडी से नहि भेट करांऊ ।
क्षेम कुशल से घर पहुचाऊ ।
एक पहर जो परखै मोहीं ।
सोनेक छत्र धराऊ वोहीं ॥

☐ बुधबारले भन्छ म धेरै चलाक छु, यो दिन कतैको यात्रा नगर्नुहोस् । मैले एक रूपयाको पनि आम्दानी गराउदिन । तर विना कुनै नोक्सानी घर अवश्य पुऱ्याउछु । तर एक प्रहरसम्म रोकिएर यदि यात्रा गर्नुहुन्छभने तपाइंको शिरमा सुनको छत्र अर्थात् कार्य सफल पार्नमा सहयोग गर्छु ।

पुरुब गौधुली पश्चिम प्रात ।
उत्तर दुपहर दख्खिन रात ।
का करै भद्रा का दिशाशूल ।

कहैं भड्डर सब चकनाचूर ॥

☐ पूर्व दिशामा यात्राका लागि बेलुकाको समय, पश्चिममा विहान, उत्तरको यात्राका लागि दिउसो र दक्षिणतिरको यात्राका लागि बेलुका हिड्नु हुन्छ भने भड्डरीकाअनुसार भद्रा, दिशाशूल केही पनि लाग्दैन ।

११.१.२.८. लुगा लगाउने

कपडा पहिरै तीन बार । बुद्ध, बृहस्पति शुक्रबार ।

हारे अवरे का इतबार । भड्डर कै है यिहै विचार ॥

☐ भड्डरीका अनुसार बुद्ध, बृहस्पतिवार र शुक्रवार नया लुगा लगाउनु राम्रो हुन्छ । यसै किसिमले अति आवश्यक परे आइतवार पनि लगाउन सकिन्छ ।

११.१.२.९. कुकुर काट्ने परिणाम

भरणी, विशाखा, कृतिका, आद्रा मघा मूल ।

इनमे काटै कुकुरा, भड्डर है प्रतिकुल ॥

☐ भरणी, विशाखा, कृतिका, आद्रा, मघा र मूलमा कुकुरले काटेमा राम्रो हुदैन अर्थात हानि हुन सक्छ ।

११.१.२.१०. शुभाशुभ शगुन विचार

सगुन शुभाशुभ निकट हैं या तो रहैं वैं दूर ।

दूर दूर निकटै निकट, समझौ फल भरपूर ॥

☐ शुभ या अशुभ फल जति नजिक या टाढा हुन्छन्, त्यसको प्रतिफल त्यत्तिकै नजिक वा टाढा हुन्छ ।

नारि सुहागिन जल-घट लावै ।

दधि मछरी जो सनमुख आवै ।

सनमुख धेनु पियावै बाछा ।

मङ्गल करन सगुन है आछा ॥

☐ पति भएकी महिलाले गाग्रीमा पानी लिएर आइरहेकी होउन, दही वा माछा सामुन्ने आइरहेको होस् । सामुन्ने गाइले आफ्नो बाछा वा बाछीलाइ दूध खुवाइरहेको छ भने यी सगुनहरू मङ्गलकारी छन् ।

११.१.२.११. छींक बिचार

सनमुख छींक लडाइ भाखै ।

पीठ पाछिली सुख अभिलाखै ।

छींक दाहिनी धन का नासै ।

बाम छींक सुख सदा प्रकासै ।

ऊँची छींक सदा शुभकारी ।

नीची छींक महा भयकारी ।

अपनी छींक महा दुखदाइ ।

कह भड्डर जोसी समझाइ ।

अपनी छींक राम बन गयऊ ।

सीता हरन तासु फल भयऊ ॥

☐ सामुन्नेको हाछ्युले लडाइ हुने बताउछ । पछाडिको हाछ्युले सुख हुने बताउछ, दाहिने तिर हुन्छ भने धनको नास हुन्छ, बायातिर हुन्छ भने सुख दिने हुन्छ, ठूलो स्वरमा हाछ्यु हुन्छ भने शुभकारी हुन्छ, सानो स्वरमा हुन्छ भने धेरै दुखदाइ हुन्छ, आफ्नै हाछ्यु धेरे दुखदायी हुन्छ । भड्डारीले यो कुरा सबैलाइ बुझाउदै भन्छन् आफ्नै हाछ्युले राम बन गएका थिए, सीता हरणपनि यसैको कारणले भएको थियो ।

११.१.२.१२. छिपकली या छेपारो विचार (त्रिपाठी, २०७३. १०३-१०४)

गिरै विस्तुइया अङ्ग पर या गिरगिट चढि जाय ।

तिथि औ बार नक्षत्र पर, इनको फल दरसाय ॥

☐ शरीरको कुनै अङ्गमा छिपकली या छेपारो चढ्छ भने तिथि, बार र नक्षत्र अनुसार त्यसको फल हुन्छ ।

सिर पर गिरै राज सुख पावै ।

औ ललाट ऐश्वइ आवै ॥

कंठ मिलावै पियको लाइ ।

काधे परे विजय दरसाइ ॥

जुगल कान औ जुगल भुजाहू ।

गोधा गिरे होय धान लाहू ॥

हाथन उपर जो कहुँ गिरइ ।

सम्पत्ति सकल गेह मे धरइ ॥

निश्चय पीठ परै सुख पावै ।

परै काँख प्रिय बन्धु मिलावै ॥

कटि के परे वस्त्र बहु रङ्गा ।

गुदा परे मिल मित्र अभङ्गा ॥

जुगल जाँघ पर आनि जो परइ ।

धन गन सकल मनोरथ भरइ ॥

परे जांघ पर होय निरोगी ।

परब परे तन जीव वियोगी ॥

या विधि पल्ली सरट बिचारा ।

कह्यो भड्डरी जोतिस सारा ॥

☐ माउसुली र छेपारो यदि टाउकोमा खस्यो भने राज सुख मिल्छ । निधारमा खस्यो भने ऐश्वइ मिल्छ । कण्ठमा खस्यो भने प्रियजनसित भेट हुन्छ । काधमा खस्यो भने विजय प्राप्त हुन्छ । दुवै कान र दुवै पाखुरामा खस्यो भने धन लाभ हुन्छ । हातमा खस्यो भने धन घर आउछ । पिठ्यूमा खस्यो भने निश्चित रूपमा सुख मिल्छ । काखीमा खस्यो भने प्रिय बन्धुसित भेट हुन्छ । कम्मरमा खस्यो भने विभिन्न रङ्गका लुगाहरू पाइन्छन् । चाकमा खस्यो भने साचो मित्रसित भेट हुन्छ । दुवै फिल्लामा खस्यो भने धन आदिबाट सबै इच्छाको पूर्ती हुन्छ । एउटा फिल्लामा खस्यो भने मानिस निरोगी हुन्छ । पर्वका दिन खसे शरीर र जिउको वियोग हुन्छ । यस प्रकार छिपकली र छेपारोको बारेमा विचार भड्डरी ज्योतिषले सारका रूपमा भनेका छन् ।

११.१.२.१३. स्वास्थ्यसम्बन्धी लोकोक्ति

ग्रामीण लोकजीवनमा डाक्टर र वैद्यहरू उपलब्ध नरहेको सन्दर्भमा प्राकृतको उन्मुक्त वातावरणमा यो लोकसंसार स्वस्थ रहन्छ । यसैकारण प्राकृतसंग तादम्यता बनाएर यो समाज आफ्नो खानपान आचार विचार तथा रहन सहनमा समयानुकूल परिवर्तन गरेर आफूलाइ स्वस्थ्य राख्छ । यसैकारण यी सबैसंग सम्बन्धित विभिन्न किसिमका लोकोक्तिहरू अवधी समाजमा चलनचल्तीमा रहेका छन् । अवधी लोकजीवनमा चलन चल्तीमा रहेका यी सबे लोकोक्तिहरूलाइ समग्रमा स्वास्थ्यसम्बन्धी कहावत भनिन्छ । (त्रिपाठी, २०७३. १०४-१०७)

पानी पीयौ छानि कै । गुरु करौ जानि कै ॥

☐ पानी छानेर पिउनुहोस् र गुरु जानेर बनाउनुहोस् ।

गवा मर्द जे खाइस खटाइ । गइ नारि जे खाइस मिठाइ ॥

☐ अमिलो खाने लोग्ने र मिठाइ खाने महिला दुवै रोगी हुन्छन् ।

११.१.२.१४. घाघ र भड्डरी सम्बन्धी लोकोक्ति

घाघ र उनको बुहारीको सम्बन्धमा एउटा मनोरञ्जक कथा प्रसिद्ध छ । भनिन्छ घाघले जुन लोकोक्ति बनाउथे त्यसैको विपरित बुहारीले अर्को कथा बनाइहाल्थिन । यस सन्दर्भमा गाउलेहरू एक अर्कासित कुरा लगाउने गर्थे । यसै सन्दर्भमा केहि लोकोक्तिहरू यस प्रकार छन् :(त्रिपाठी, २०७३. १०८-११६)

घाघ

मुये चाम से चाम कटावै भुइ सकरी मा सोवै ।

घाघ कहै यी तीनौ भकुवा उढरि जाइ औ रोवैं ॥

☐ सानो जुत्ताको कारणले छालाको जुत्ताबाट आफ्नो छाला कटाउने व्यक्ति सानो ठाउँमा सुत्ने व्यक्ति तथा अर्काको छोरीबेटीलाइ भगाइ ल्याएर पछि रुने व्यक्ति यी तीनवटै किसिमका मानिसहरू घाघका अनुसार मुर्ख हुन् ।

बुहारी

दाम दइ कै चाम कटावै, नीद लागि जब सोवै ।

काम के मारे उढरि गइ, जब समझि आइ तब रोवै ॥

☐ पैसा तिरेर छाला कटाउनु, निद्रा लागेपछि सुत्नु र कामवासना बस घर बाट भागे पनि होस आएपछि रुनु ठीकै हो ।

११.१.३. गाउखाने कथा

११.१.३.१. आकाश र समय

एक थाल मोतिन से भरा ।

सब के सिर पर अउन्हा परा ॥

चारो ओर थाल ऊ फिरै ।

मोती बहमा से एक न गिरै ॥

☐ मोतीले भरिएको एउटा थाल, सबैको टाउको माथितिर घोप्टो परेर रहेको छ । त्यो थाल चारैतिर हिन्छ तर यसबाट एउटा पनि मोती खस्दैन । *आकाश औ तरइ(आकाश र तारा)*

कौन तपसी तप करै, कौन जो नित्त नहाय ।

कौन जो सब रस उगिलै, कौन जो सब रस खाय ।

☐ कुन तपस्वीले तपस्या गर्छ ? को जो प्रतिदिन नुहाउछ ? को हो जसले सबैरस निकाल्छ ? को हो जसले सबै रस खान्छ ?

सूरज तपसी तप करैं, ब्रम्हा नित्त नहांय ।

इन्द्र जो सब रस उगिलैं, धरती जो सब रस खाय ॥

पाव भर राइ, गाँव भर में छितराइ । तरइ(तारा)

☐ एक पाउ तोरी गांउ भरि छरिएर रहेको छ ।

एक संदूक मे बारह खाना । हर खाना मे बारह दाना ॥ वर्ष औ महीना

☐ एउटा संदूकमा बाह्र खाना बनेको छ, हरेक खानामा बाह्रवटा दाना राखिएका छन । (त्रिपाठी, २०७३. ११६-११७)

११.१.३.२. आगो

बिना हाथ बिना गोड के पहाड चढा जाय ।

देखो तो बनखन्डी बाबा कवन जनावर जाय ॥ धुवाँ/बादर(धुवाँ/बादल)

☐ हात खुट्टा विना पहाड चढिरहेको छ, हेर्नुस त बनखण्डी बाबा कुन जानवर गइरहेको छ ?

लाल गाय खर खाय । पानी पीअय मरि जाय ।

☐ रातो गाइले पराल खान्छ, पानी पियौ कि मरिहाल्छ । (त्रिपाठी, २०७३. ११७)

११.१.३.३. पानी

एक ताल मा गगरी न बूडै, हाथी ठाड नहाय ।

पात पात पेडन कै बूडै, पुरुष पियासा जाय ॥ ओंस(तुसार)

☐ एउटा पोखरीमा गाग्री डुब्दैन, तर हात्ती उभिएर नुहाउछ । रुखको पात पात डुब्छ, तर पुरुषको तिर्खा मेटिदैन । (त्रिपाठी, २०७३. ११७)

मारो चाहे छुरी कटारी, चाहे तेग मुलतानी ।

चोट लागै तन फाटि जाय, पर परै न नेक निसानी ॥ पानी(पानी)

☐ चाहे छुरी कटारीले हान्नुस वा मुल्तानी तेगले, तर त्यसको शरीर च्यातिए पनि कुनै किसिमको निसानी बस्दैन ।

बरखा बरसा रात मे भीजे सब बन राय ।

घडा न डूबा लोटिया, पंछी पियासा जाय ॥ ओस(तुसार)

☐ साती पानी पर्नाले बनका सबै जीवजन्तु भीजे तर गाग्रीमा लोटा समेत डुबेन, चराहरू तिर्खाएर गइरहेका छन ।

११.१.३.४. चराचुरुङ्गी जीवजन्तु

दुइ कान मनइ दुइ कान देव । दुइ कान कै हैं सब केव ॥

एक कान का देव बताय । तब तुम पानी पियौ अघाय ॥ सूस(घडियाल)

– दुइ कान मानिसका र दुइ कान देवताका छन, दुइ कानका सबै छन् । एउटा कान के हो भन्नुस अनि मनभरि पानी खानुस । (त्रिपाठी, २०७३. ११७)

११.१.३.५. कुटुम्ब

चंचल घोडी चतुर नारि । के लागैं तोर हाकन हार ।

बीनै वाली बीनै कपास । हमरी यनकै यक्कय सांस ॥ सरहजि औ नन्दोइ(दीदी,जेठान)

☐ चच्चल घोडी छिन चलाक महिला छिन । तिमीहरूलाइ हाक्ने व्यक्तिसंग तिम्रो के नाता छ । हामी बाला र कपास टिप्छौ । मेरो र र यिनको एउटै सासु छिन् । (त्रिपाठी, २०७३. १२२)

११.१.३.६.व्यवसाय

पाथर चाटि रहै दिन रात । जिन्दा छोडि मुरदा का खाति ॥

पाँच सखी जब पकरि उठावैं । घर के बहरे नइडय आवै ॥ नाँउ कै नहन्नी(नाउँको नङ काट्ने औजार)

☐ ढुङ्गा चाटेर दिन रात बस्छन । जिउदोलाइ छोडेर मरेकालाइ खान्छन । पाँच जना साथीहरू जब समातेर उठाउछन । घरबाट बाहिर नाङ्गै आउछन् । (त्रिपाठी, २०७३. १२२)

११.१.३.७. आहारा

काली नदी कलूटा पानी । डूब मरीं चन्द्रावति रानी । पूड़ी(पुरी)

☐ काली नदी छ त्यसको पानी पनि कालै छ । त्यसमा चन्द्रावती रानी डुबेरमरिन ।

चली सखी सब मारि झुण्ड । आइं नहाय सीतल कुण्ड ॥

कपडा पहिरे भीतर गइं । नइडी होइकै बहरे भइं ॥ उरुद या मूङ कै दाल (मास या मूंगको

दाल)

☐ सबै सखी (मिल्ने साथी) हरू भुन्ड बनाएर हिडिन । शीतल कुण्डमा आएर नुहाइन । लुगा लगाउन भित्र गइन । नाङ्गै भएर बाहिर आइन । (त्रिपाठी, २०७३. १२३)

११.१.३.८. घर गृहस्थीको सामग्री

झांझर कुवां रतन कै बारी । नहिं बूझेव तो देबै गारी ॥ चलनी(चाल्ने)

☐ प्वालै प्वाल परेको इनार छ त्यसको किनारा रत्नले बनेको छ, के हो मन नत्र गाली गर्छु ।

चार अहक चार बहक चार सूरमेदानी ।

नौरंग तोता उडि गै तो बाकी बचा बिरानी ॥ खटिया (पलङ)

☐ चार अहक, चार बहक र चार सुरमेदानी छ, तर त्यसबाट नौरङ्गी तोता उडेपछि त्यहाँ विरानोपन मात्र बाकी रहन्छ । (त्रिपाठी, २०७३. १२४)

११.१.३.९. गणित

तीतर के दुइ आगे तीतर । तीतर के दुइ पाछे तीतर ॥

आगे तीतर पाछे तीतर । तो बताओ केतना तीतर ॥ तिन तीतर

☐ तित्राको दुइ अगाडि तित्रा । तित्राका दुइटा पछाडि तित्रा । अगाडि तित्रा पछाडि तित्रा । ल भन कति तित्रा ।

चार आना छगडी आठ आना गाय । पचिपचि रूपया भइसि बिकाय ॥

बीसै रूपया बीसै जिउ । बेगि बतावो कैकै जिऊ ॥ तिन भइसि, पन्द्रह गाय औ दुइ छगड़ी(तिन भइसि, पन्द्रह गाइ र दुइ बाखी)

☐ चार आना (पचीस पैसा) बाखी आठ आना (पचास पैसा) गाइ । पाँच पाँच रूपैयामा भैसी बिक्री हुन्छन् । बीस रूपैयामा बीसओटा जनावरहरू किन्नु पऱ्यो भने कुन जनावर कति कति हुनेछन् । (त्रिपाठी, २०७३. १२५)

११.१.४. पद्य साहित्य (अवधी लोकगीत)

११.१.४.१. हिन्दु धर्मावलम्बीहरूमा प्रचलित लोकगीत

लोकगीत हाम्रो भावनाको स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा सहज मिठास पाइने हुनाले तथा मानव जीवनको हृदयका सुख दुःख, आशा निराशा, विधि व्यवहार, आस्था, मान्यता तथा मनोभावबिना कुनै परिवर्तन अत्यन्त स्वाभाविक रूपमा प्रस्फुटित हुनु लोकगीतको मुख्य विशेषता हुन् ।



विवाह संस्कारमा भोरहरी गीत गाउदै

यसमा आदिमकाल देखिका मानव जीवनका हरेक चाल चलन खानपान र जीवनशैली कुनै न कुनै रूपमा उपलब्ध रहेको हुनाले त्यस समाजमा रहेको लोकसंस्कृतिका सम्पूर्ण कुरा त्यस समाजको लोकगीतहरूमा उपलब्ध रहेको हुन्छ । यी सबैका आधारमा लोकगीतबारे भन्न सकिन्छ कि -

१. लोकगीत मानव हृदयको प्राकृत अभिव्यक्ति हो ।

२. भावलाइ प्रकट गर्नका लागि वाणीको लयात्मक स्वरूपलाइ लोकगीतमा प्रमुखता प्रदान गरिन्छ ।

३. लोकगीत सामुहिन गानको परिचयात्मक हो ।

४. लोकगीतमा लोक मनोरञ्जनको भावना निहित रहेको हुन्छ ।

५. लोकगीतको कुनै रचनाकार हुदैन । यो मौखिक रूपमा एक पीढिबाट अर्को पीढिमा हस्तान्तरित हुने गर्छ । विवाह संस्कार सित सम्बन्धित गीतहरूमा स्थान र विषयवस्तुका आधारमा नवलोपना समिमलित रहन्छन् ।

६. लिपिबद्ध नभएको हुनाले यसमा नवीन नवीन भावनाहरू पल्लवित हुने गर्दछन् ।

७. लोकगीतले मानवीय कर्महरूलाइ जागृत गराएर सामान्य जीवनका नीतिहरूको सांगोपांग नियमन गर्ने गर्दछ ।

८. लोकगीतले जीवनका विभिन्न आयामहरूलाइ आफूमा समेटेर प्रदर्शित गर्ने गर्दछ ।

यी अवधी लोकगीतहरूलाइ निम्नानुसार वर्गीकृत गर्न सकिन्छ:

११.१.४.१.१. संस्कार गीत

संस्कारहरूलाइ धार्मिक तथा सामाजिक दुवै रूपमा महत्त्वपूर्ण स्थान प्राप्त रहेको यस लोकसमाजमा जन्मदेखि मृत्युसम्म कुल सोह्रवटा संस्कारहरू प्रचलन रहेको पाइन्छ । यी संस्कारहरू यस प्रकार रहेका छन् :

११.१.४.१.१.१. जन्म संस्कारसम्बन्धी गीत

सोहर: 'सोहर' लाइ मुख्यत: मङ्गलगीतका रूपमा मानिने गरिन्छ । सोहर शब्दको व्युत्पत्ति संस्कृतको शोभन शब्दबाट भएको मानिन्छ । जुनकि शोभन, शोभिलो, सोहिलो हुदै सोहरका रूपमा परिवर्तित भएको हुनुपर्छ । यसको उत्पत्ति 'सुघर' शब्दबाट पनि भएको हुन सक्छ, जसको अभिप्राय 'सुन्दर' हुन्छ । गर्भाधान, जन्म, बधाव, छठी, बरही, कर्ण छेदन, नामकरण, अन्नप्राशन मुन्डन आदि अनेक अवसरहरूमा सोहर गाउने चलन अवधी समाजमा पाइन्छ । पुत्र जन्मको साथ साथै अवधी लोक समाजमा सोहर व्रतवन्ध तथा विवाह संस्कारका अवसरमा पनि गाउने गरिन्छ ।

स्वरूपका दृष्टिले अवधी लोकजीवनमा उपलब्ध संस्कारहरूमध्ये पुत्रजन्मसम्बन्धी संस्कार पहिलो र मुख्य हो । गर्भवती महिलामा गर्भधारणको निर्णय भएदेखि सातौ महिनासम्म सिन्दुर लगाउन तथा शृङ्गार गर्न मनाहि गरिएको हुन्छ । सातौ महिना पूरा भएपछि 'गोद भराइ' को काइ गरिन्छ । जसमा गर्भवती महिलाको माइतीतिरबाट विशेष किसिमका उपहारहरू प्रदान गरिन्छ । यस अवसरमा 'सोहर' गीत गाइन्छ । जसमा गर्भवति महिलाको इच्छा, अभिलाषाहरूलाइ पुरा गर्नकालागि परिवारजनबाट विशेष ध्यान भइरहेको वर्णन हुन्छ :

पहिला महीना जब से लागा, घूमय मोरा कपार मोरे राजा ।
दुसर महीना जब से लागा, धमकै मोरा कपार मोरे राजा ।
तीसर महीना जब से लागा, गोडवा मोरा घहराय मोरे राजा ।
चउथा महिना जब से लागा, आम इमिली कै ध्यान मोरे राजा ।
पचवा महीना जब से लागा, मासु मछरी चित लाग मोरे राजा ।
छठवा महीना जब से लागा, नेबू नौरंगी चित जाग मोरे राजा ।
सतवा महीना जब से लागा, नइहर खबर जनाव मोरे राजा ।
अठवा महीना जब से लागा, भीड भये जिउ घबडाय मोरे राजा ।
नववां महीना जब से लागा, थर थर कापै परान मोरे राजा ।

(पहिलो महिना सुरु हुने वित्तिकै मलाइ चक्कर आउन थाल्यो । दोस्रो महिना सुरुभएपछि मेरो टाउन दुख्ने लक्षण देखियो । तेस्रो महिना सुरु भएपछि मेरो खुट्टाको दुखाइ सुरु भयो । चौथो महिना लाग्दा मलाइ आप, इमिली आदि अमिलो कुरा खाने इच्छा लाग्न थाल्यो । पाचौं महिनामा मलाइ माछा मासु खाने इच्छा जाग्यो । छैठो महिनामा मलाइ सुन्तला, कागती खाने इच्छा हुन थाल्यो । सातौ महिना सुरु भयो मेरो माइतामा खबर गरिदिनुहोस् । आठौं महिनामा भीडभाडमा बस्नबाट मेरो जिउ डराउन थाल्यो । नवौं महिना सुरु भएदेखि डरले मेरो प्राण थरथर कापिरहेको छ ।)

रसका दृष्टिले यिनीहरूमा शृङ्गार र हास्य रसको प्रधानता हुन्छ । यसका साथसाथै यसमा करुणा रस पनि उपलब्ध रहेको हुन्छ । केही सोहरहरूमा बनध्याको मनको व्यथा पनि चित्रित गरिएको पाइन्छ । शुभ अवसरमा सोहर बधाइ र शुभकामनाको पनि प्रवेश रहन्छ ।

उलारा : पुत्र जन्मका बेला सोहर गाइसकेपछि उलारा गाउने चलन रहेको पाइन्छ । उलारा गाउने विधि पनि सोहर जस्तै भएतापनि यसमा हास परिहासको प्रधानता हुन्छ । उदाहरणका लागि नन्दले बच्चाकालागि लुगा आदि केहि पनि नलाएको भन्दै भाउजुका भनाइ राखिएको छ :

ननदी छिनरौ जोहण लइकै आयीं ।
अङ्वो न लायीं टोपियौ न लायीं ।
दरजी भतार गोहने लइकै आयीं ॥
ननदी छिनरौ जोहण लइकै आयीं ॥
गुजहौ न लायीं गोडहरवो न लायीं ।
सोनरा भतार गोहने लइकै आयीं ॥
नन्दी छिनरौ जोहण लइकै आयीं ॥
कजरौ न लायीं कजरउटौ न लायीं ।
लोहरा भतार गोहने लइकै आयीं ॥
ननदी छिनरौ जोहण लइकै आयीं ॥

.....

देवी गीत : जन्म संस्कार विघ्नबाधा रहित भएर सम्पन्न हुने आशाका साथ सोहर तथा उलारा गाउनुभन्दा पहिले महिलाहरूद्वारा देवीगीत गाउने गरिन्छ :

छोटइ बहिनी सितल रानी गोडवा घुघुरु सोहै ।
माता ठाढी जमुनवा के तीर तो गोडिया पुकारै ।
अरे अरे केवट भइया नइया लइकै आवो ।
मोरि लसकरि पार उतारौ, हम देसवा देखन जावै ।
का तू देसवा देखन जाबिउ तो देसवा भियावन ।
माता घर घर हनि गै केवडिया, तो लोगवा दुखित भये ।
जातै केवडिया खोलइबै, तो दियना बरइबै ।
केवट गरीब कै गरीबी नेवरबै, दुनिया नेवजबै ।

लोचना (रोचना) : अवधी समाजमा आफ्ना पूर्वज, कुल देवता तथा नजीकका नातागोहरूलाइ आमन्त्रित गर्दै लोचना गाउने गरिन्छ । यी गीतहरूका नाउले लोचना लिएर जाने र पुरस्कृत भएर फर्कने विषयको वर्णन रहेको हुन्छ ।

बधाइ : पुत्र जन्मको अवसरमा शिशुका फूफूले शिशुका लागि लुगा आभूषण तथा खेलौनाहरू लिएर आउछन् । यस अवसरमा उनलाइ नेगका रूपमा बस्त्र, आभूषण तथा अन्य किसिमका सामग्रीहरू शिशुका परिवारका तर्फबाट दिने गरिन्छ । यो कार्य जन्मदेखि अन्नप्राशनको दिनभित्र हुने गर्छन् । यस अवसरमा जुन गीत गाइन्छ त्यसलाइ 'बधाइ' भनिन्छ । यस गीतमा शिशुका फुफु तथा उनको दिदी बहिनीहरूका बीचमा रहेको प्रगाढ सम्बन्धहरूको वर्णन हुन्छ ।

फलानी बहिनी बधाव लइ आयी हो, अमरइया के लाल ।
फलानी फलानी दुइ रे बहिनियाँ,
दुनौ बधाव लइ आयी हो, अमरइया के लाल ।
फलानी लइ आयीं सोने कै गोडहरा
फलानी दूबि कै हार हो, अमरइया के लाल ।
फलानी जे बइठी लाली पलङ्गिया,
फलानी ओसारे तरे ठाडि हो, अमरइया के लाल ।
फलानी जे पाइन सूप भर मोती,
फलानी सूप भर धान हो, अमरइया के लाल ।
फलानी जे लउटी गावत बजावत,
फलानी चलीं जियरा मार हो, अमरइया के लाल ।
फलानी जे एक बन गइ दूसर बन गइ,
मोती पाथर होइ जाय हो, अमरइया के लाल ।

फलानी जे एक बन गइ, दूसर बन गइ
धान मोती होइ जाय हो, अमरइया के लाल ।

११.१.४.१.१.२. छट्ठि : छट्ठि शिशु जन्मेको छैठौ दिन मनाइन्छ । यो शिशु जन्म पछिको सबैभन्दा महत्त्वपूर्ण अवसर हो । यो दिन सबै कुटुम्बहरूलाइ सपरिवार बोलाइन्छ । त्यो दिन सबैलाइ कच्चा भोजन (रोटी, दाल, भात, तरकारी) खुवाइन्छ । यो दिन दालका रूपमा मासको दाल तथा बरा बनेको हुन्छ । बरालाइ दहीमा डुबाइएको हुन्छ । यसलाइ दहीबरा भन्ने गरिन्छ ।

यस अवसरमा छट्ठिको चित्र बनाइन्छ । जसमा देवी देवता (स'र्यचन्द्र, गंगा, यमुना, गृह देवता, ग्राम देवता (डिउहार) तथा पूर्वजहरूको साथ मध्यमा आमा तथा शिशुको पनि चित्र हुन्छ । यस छट्ठिको चित्रलाइ सबैभन्दा पहिला घरको सबैभन्दा बरिष्ठ व्यक्तिले पूजा गर्छन् । त्यसपछि क्रमशः परिवारका अन्य सदस्यहरूले पनि पूजा गर्छन् । उक्त अवसरमा छट्ठि गीत पनि गाइन्छ ।

पूजत छठिया फलानी/फलाने अवधराज कुवर कै,
बहु विधि पूजा बनाइ ।
पहिले तो पूजैं राजा दशरथ मोति थार भराए ।
फिर तो पूजै कौशिल्या रानी, मोति माङ भराइ ।
फिर तो पूजैं ..... (निकटका सम्बन्धीका नाम र नातासँग जोडेर पंक्तिहरू दोहराइन्छन् ।)

यी छट्ठि गीतहरूमा शिशुहरूलाइ गाजल, लुगा आदि लगाए वापत शिशुका फूवा आदिद्वारा नेग पनि माग्ने चलन छ :

ननदी जे आयीं, छट्ठी धरन को, अखिया रचन को, नेत्र मङ्न को ।
ननदी जे आयीं छट्ठी धरन को, आखि अंजन को, नेग मङ्न को ।

११.१.४.१.१.३. बरही : शिशु जन्मेको बाह्रौ दिनको संस्कारहरूलाइ बरही भनिन्छ । यस दिन सुत्केरीलाइ चोख्याउने काम गरिन्छ । घर आँगन लीपपोत गरिन्छ । बच्चालाइ नुहाइ धुवाइ गराइन्छ । यो कार्य मुख्यतः सालनाल काट्ने चमाइन (सुडेनी) द्वारा गराइन्छ र सो वापत वहाहरूले नेगका रूपमा धान, चामल, लुगाफाटा, रुपिया तथा अन्य सामग्री पनि पाउछन् । शिशुलाइ गाजल लगाउने तथा सुत्केरी महिलाको कोठा लीपपोत गर्ने हक नन्दलाइ (शिशुको फुफु) हुन्छ । यो कार्य गरेवापत वहाहरूले मनग्य नेग पनि लिनुहुन्छ ।

यस दिन सम्भव भएसम्म जच्चा वच्चालाइ सत्यनारायाणको कथा पनि सुनाइन्छ । यही अवसरमा बच्चाको न्वारन पनि गरिन्छ । यो समयमा क्षमताअनुसार नाता कुटुम्ब, गाउ, समाज तथा नजिकका मानिसहरूलाइ भोज खुवाउने चलन पनि छ ।

यो दिनमा देवी गीत, लोचना, सोहर, उलाराका साथै बरही गीत पनि गाइन्छ । बरही गीत मुख्य रूपमा नामाकरणको अवसरका गाइन्छ । यस अवसरका गीतहरू मुलत सोहर नै हुन्छन :

किजो किजो पिया ललन कै बरही
सासु जे आयीं देवता मनन को,

दियो पिया सासु का बाकस कै पियरी । किजो पिया ..... ॥
जेठनी जे आयीं हरदी पिसन को,
दियों पिया बाकस कै तिलरी । किजो पिया ..... ॥
छोटी जे आयीं पुडिया छनन को,
दियों पिया बाकस कै चुनरी । किजो पिया ..... ॥
ननदी जे आयीं, कजरा लगावन को,
दियो पिया काठेन कै कठउता । किजो पिया ..... ।

११.१.४.१.१.४. अन्नप्राशन या पासनी : शिशु जन्मेको ६ महिनापछि पात्रो हेरेर अन्नप्राशन संस्कार गरिन्छ । यस अवसरमा सोहरका साथै पासनी गीत पनि गाइन्छ । पासनी गीतको छन्दविधान अरू गीत भन्दा फरक छन् :

के मोरा चउरा बेसाहै औ गउवा दुहावै,
के मोरा खिरिया बनावै ललन कै पसनिया ।
बाबा मोरे चउरा बेसाहैं, औ गउवा दुहावै
आजी रानी खिरिया बनावैं, तौ जहा बइठावैं,
अपने नातिक खिरया खियावैं, ललन कै पसनिया ।

११.१.४.१.१.५. मूडन गीत : (चूडाकर्म संस्कार गीत) : शिशु जन्मेको पहिलो, तेस्रो, पाँचौ, सातौ वा नवौ वर्षमा शुभ साइत हेरेर गर्भको कपाल विधि विधान पूर्वक खौरिन्छ, यसलाइ अवधी समाजमा मूडन भनिन्छ । यस मूडन संस्कारलाइ चूडाकर्म संस्कारका नामले जानिन्छ । अवधी भाषी समाजमा शिशुको स्वास्थ्य र सुन्दरताका लागि चूडाकर्म संस्कार आवश्यक मानिन्छ । लोक विश्वासका अनुसार गभूवार (गर्भको कपाल) रहेसम्म शिशुलाइ दुष्टात्माहरूबाट डर रहन्छ । त्यसै कारण मूडन नभएसम्म बालकलाइ हिडडुल गर्न रहेको प्रतिबन्ध हट्छ । यसभन्दा पूर्व बालकको कपाल काट्नमा पनि रोक लागेको हुन्छ, त्यो पनि यसपछि हटेर जान्छ । यो संस्कार नदीको किनार, देव स्थल तथा तीर्थस्थलमा सम्पन्न हुने गर्छ ।

अवधी समाजमा यो संस्कार पनि खुसीको अवसर भएको हुनाले यस अवसरमा केही सिमित गीतहरू मात्रै मूडन गीतका रूपमा गाइन्छन् :

जो पूता रहतेऊ बार आउर गभुवार ।
सोने कै छुरवा गढावैं बाबा तोहार ।
सोने कै छुरवा गढावैं दादा तोहार ।
जो पूता रहतेउ बार आउर गभुवार ।
सोने कै छुरवा गढावैं चाचा तोहार ।
फूफा तोहार, जीजा तोहार, नाना तोहार ।

११.१.४.१.१.६. जनेव गीत (व्रतवन्ध संस्कारको गीत) : जनेव शब्द यज्ञोपवीतको अपभ्रंश रूप हो । जनेउका मुख्य गीतलाइ ब्रम्हचारी (बरुवा) तथा भिक्षा (भीखि) गीत पनि भनिन्छ । यस गीतलाइ उपनयन संस्कार गीत पनि भनिन्छ । वर्ण व्यवस्था अन्तरगतको अवधी भाषी समाज भित्रका ब्राम्हण, वैश्य र क्षत्रिय वर्णको यो महत्त्वपूर्ण संस्कार हो । जनेव संस्कार गर्न यस समाजमा छुट्टाछुट्टै वर्णकालागि छुट्टाछुट्टै समय तय गरिएको छ । जसअनुसार ब्राह्मणका लागि आठौ वर्ष, क्षत्रियकालागि एघारौ वर्ष र वैश्यकालागि बाह्रौ वर्ष उपयुक्त मानिएको छ । यसै किसिमले ब्राम्हणकालागि वसन्त ऋतु, क्षत्रीयका लागि ग्रीष्म ऋतु र वैश्यको लागि शरद ऋतुमा यज्ञोपवीत संस्कार गराउने विधान छ । पहिला पहिला यो संस्कार बालकको शिक्षा आरम्भ हुनु भन्दा पहिले गर्ने गरिन्थ्यो ।

यस अवसरमा भीखी गीतका साथै नहछू, नहावन, मडवा (मण्डप), कलश, हरदी तेल आदि मङ्गल कार्यहरू पनि हुने भएकोले तत तत सम्बन्धी गीत पनि गाइन्छ :

मडये मा ठाडे फलनो रामा, हिरफिर चितवैं पलक नहि मारैं
कहां गयीं आजी हमारि भिक्षा लाइ डारौ
छिन एक बिलमौ दुलरुवा घडी एक बिलमौ
कइ लेइ सोरहो शृङ्गार भिक्षा लाइ डारब

.....

यसै प्रकारले घरका अन्य सदस्यका नाम लिएर पनि यही गीत गाइन्छ । शिक्षाकालागि जान थालेको बेला गाउने गीतमध्ये यहा एउटा गीतको केही अंश दिइएको छ :

लावो न आजी मोर सतुवा अउर गुडलेडुवा
जावै हम काशी बनारस बेद पढि अइबै
काहे के जाबौ नाती काशी तो काहे बनारस
तोरे बाबा हैं बिद्वान घरहीं पढि लेहू

.....

११.१.४.१.१.७. बियाह गीत : अवधी भाषी समाजमा सोह्र संस्कारहरूमध्ये विवाह संस्कारको विशेष महत्त्व छ । यस समाजमा ब्रह्मा, देव, आर्य, प्राजापत्य, आसुर, गन्धर्व, राक्षस र पैसाच गरी आठ किसिमका विवाहहरूको उल्लेख पाइन्छ । यसमध्ये अवधी समाजमा यस संस्कारसम्बन्धी उपलब्ध गीतहरूमा ब्रह्मा र देव विवाहको मात्र चर्चा गरिएको पाइन्छ । हुन त यस समाजमा गान्धर्व विवाह पनि पाइन्छ, तर अवधी क्षेत्रका गीतमा यसको उल्लेख पाइदैन । यस अवसरमा धेरै किसमका शास्त्रोक्त र लौकिक कार्यहरू सम्पादन गरिन्छ । हरेक अवसरमा सो सम्बन्धी गीतहरू पनि गाउने गरिन्छ । विषयवस्तुका आधारमा यी गीतहरूलाइ दुइ वर्गमा विभाजित गर्न सकिन्छ एक वर पक्षद्वारा गाइने गीत र अर्को कन्या पक्षद्वारा गाइने गीत ।

सामान्य रूपमा कन्या कहा तिलक, कलश भराइ, हरदी, लावा भुजाइ, मातृपूजा, द्वार पूजा, वियाह, भांवर, सोहाग, दुआरि छकाइ, कोहबर, उबटन, विदाइ आदि कार्यहरू हुने हुनाले यी सम्बन्धी गीतहरू

पाइन्छन् भने बर पक्ष कहा तिलक, सगुन, मउर, बस्त्र धारण, हरदी आदि सम्बन्धी गीतहरू प्रचलनमा रहेको पाइन्छन् । यसका साथ साथै केही यस्ता गीतहरू पनि हुन्छन्, जुनकि कन्या र बर दुवै कहा गाउने गरिन्छ । यसमा भोर जगाउने (भोरहरी), तेलवाइ, मातृका पूजन, सिलपोहनी, परिछन, सगरा खोदाइ, कोहबर आदिका गीतहरू आउछन् ।

११.१.४.१.१.७.१. तिलक वा सगुन गीत

कहवा कै हौ बाभन बरुवा, कहवां तिलक लिहे जाव जी,
जनक कै होइ बाभन बरुवा, अजोध्या तिलक लिहे जाइ जी,
रूपै कै थार सोने कै टकवा, नरिवर, पान जनेव जी,
बहरे से राजा भीतर होइ गै, रानी से मत लेय आइ जी,
कहहू तो रानी तिलक चढाइ, नाही फिर घर जाइ जी,
काहे के राजा फिरि घर जइहैं, राम कै तिलक चढाइ जी,
पाँच रूपइया विदाइ दीन्हौ, बिहसि चले नाउ बारी जी,

.....

यी गीतमा बाहुनसित वहाको परिचय माग्दै कहां तिलक लिएर गइरेहका बारे सोधिनुका साथै तिलकका रूपमा लगिरहेको सामग्रीको वर्णन गरिएको छ । आफू कहा तिलक आएको थाहा पाएपछि राजाले रानीसित तिलक भित्र्याउने नभित्र्याउने बारे सोधनी गर्छन् । रानीसितको सहमति पछि राजाले तिलक भित्र्याएर नाऊ र बारीलाइ पाँच पाँच रूपया विदाइ दिन्छन् । विदाइ पाएर नाऊ र बारी खुसी हुदै फर्किन्छन् ।

आये तिलक चढावै समधी नात लगावै, दूल्हे कै भागि जगी रे जगी ।
लाये सोनवा कै थारी, रूपया मोहरा हजारी रूपयन ढेरी लगी रे लगी ।

.....

समधी तिलक चढाउन आए, नाता लगाउन आए, बरको भाग्य जाग्यो । सुनको थाली लिएर आए, रूपया मोहर हजार लिएर आए । रूपयाको ढेरी लाग्यो । (पुनम त्रिपाठी, यशोधरा-२, कपिलवस्तु)

११.१.४.१.१.७.२. भोरहरी र संझउती गीत : तिलक या सगुन चढिसकेपछि बर र कन्याको घरमा विभिन्न कार्यक्रमहरू आरम्भ हुन्छन । यसै क्रममा साझ सम्झउती र बिहान भोरहरी गीत गाइन्छ ।

भोरहरी गीत

अरे भोर भये हैं भिनुसरवा, धरमवा कै जुनिया,
अरे जाइ जगावो फलाने बाबू जासु दुहाइ
अरे मचिया बइठी भवानी मइया दहिया बिलोरइ,
केथुवा कै तोहरी खइलरि, केथुवा कै माथनि,

अरे कवन चरित्तर तोहरी, अचरा तो दहिया विलोरौ
अरे नाही मोरे धेनु बकेन तो नाही मोरे ओसरि
अरे दयिहा तो आवै कमोरियन दुधवा कै नारी बहै
अरे सोनवहि कै मोरी खइलरि रूपवा कै माथनि,
अरे रतना चरित्तर मोर आचरि, तो दहिया बिलोरौं
अरे बाढै दहिउ कै दहेडिया, घिया कै गागरि
अरे बाढै बिटियवन कै नइहर, पतोहियन कै सासुर ।

संझउती गीत : संझउती गीत साधारणतया देवी देवता तथा पितृ पक्षलाइ निमन्त्रण गर्नकालागि गाउने गरिन्छ :

१. *साझ सम्झउती तू पुतवन्ती, तुही तीनिउ भगतिन, बिनवैं दुलहे रामा, दुलहिन रानी चिरञ्जीवी, फलामे बाबा, फलाने डीह बाबा, तुहीं तीनौ भाइ, तुही तीन भगतिन, विनवैं दुल्हे ..... ।*

२. *आवो न काली माइ बइठव मोरे अङना, देबय सतरडिया बिछाय रे ।*

११.१.४.१.१.७.३. तेलवाइ र माटी छुवाइ गीत : यो बेला सबैभन्दा पहिला पाँच जना कन्याको टाउकोमा तेल लगाएर टीकाटालो गरेपछि बाहुन र सगोत्री महिलाहरू तेल लगाइन्छ । त्यो बेला यो गीत गाइन्छ :

तेलिन तेलिन तूँ बडी रानी रे
कहवां कै तेलवा तूक हां सचारु रे
हमरे दुलहे रामा/दुलहिन रानी यस सुकुवार रे
सहहू न जानै तेलवा कै झारि रे
जवने दुलहे रामा/दुलहिन रानी का खेलत देखेव
तवनै दुलहे रामा/दुलहिन रानी चउके बइठा रे
केकर ककहिया मै मड्या संवारौ, केकरे रे सेनुर सोहागे रे
भइया ककहिया मैं मड्या संवारौं, भउजी के सेनुर सोहाग रे ।

तेलवाइको कार्य सम्पन्न भएपछि सबैजना देवतही इनारमा जान्छन्, त्यहा नुहाउछन् र फेरि सिन्दुर र तेलबाट इनार नजीक माटोको टीका टालो गर्छन् यस अवसरमा देवी देवतालाइ गाली गर्दै गीत गाइन्छ ।

११.१.४.१.१.७.४. माडव तथा वेदी गीत : कन्या पक्षको घरमा मण्डप तथा वर पक्षको घरमा बेदी बनाइन्छ । बेदी तथा मण्डप दुवैमा लेडुको(हेङ्गा), हलो र फाली गाडिन्छ । यसो गर्नुको पछाडि अव तपाइंहरू गृहस्थाश्रममा प्रवेश गरिराख्नु भएको छ भन्ने रहेको हुनुपर्छ । यस बेला गीत पनि गाइन्छ :

मांडव तो बड सुन्नर न जानौं कवने गुना
अरे न जानौं बढइ के गुन से, न जानौं काठे गुना
मांडव तो बड सुन्नर न जानौं कवने गुना
अरे न जानौं बरइ के गुन से, न जानौं बासे गुना
बेदी तो बड सुन्नर न जानौ कवने गना
अरे न जानौं थवइ के पाटे, न जानौं माटी गुना ।

.....

यो बेला बेदी र माडवमा राखिने कलशलाइ गोबर र जौ ले सजाइन्छ । यो कार्य बहिनी सहितका पाँच या सात सुहागिनले गर्छन् ।

मडये मा ठाडे फलने रामा, बहिनी बहिनी करैं
अरे बिनु रे बहिन मांडौ सून, कलश हमार के गोठै
आवहु बहिनी फलानी रानी, कलश मोर गोठौ

.....

मात्रिका पूजन गीत : मात्रिका पूजनमा नन्दिनी, नलिनी, मैत्री, उमा र पशुबर्द्धनी सहितका पाँच देवीहरूको पूजन र आह्वान पण्डितले गराउछन् । सम्भवतः पाँच पानको वर्णन यसै कारण यो अवसरमा गाइने गीतमा पाइन्छ । नौ नारियल सम्भवतः नौ दुर्गाका लागि भनिएको हुनुपर्छ ।

पाँच पान नौ नरियर ..... ।

सिल पोहनी गीत : अवध क्षेत्रको विवाहमा सिलौटो पूजन विभिन्न विधिहरूमध्ये एउटा विधि हो । यो बेला पनि परिवार तथा नाता पर्ने सबै महिलाको नाम लिएर गाइन्छ ।

सिल पोहौ बउहर सिलि पोहौ रे
केकर सोहागिन सिलि पोहौ रे
हमरे लाल कै सोहागिन सिलि पोहौ रे
सिल पोहौ धिया सिलि पोहौ रे
केकर सोहागिन सिलि पोहौ रे
पुलिसिया कै सोहागिन सिलि पोहौ रे
सिलि पोहौ ननदी सिलि पोहौ रे
केकर सोहागिन सिलि पोहौ रे
ननदोइया कै सोहागिन सिलि पोहौ रे
सिल पोहौ भउजी सिलि पोहौ रे
केकर सोहागिन सिलि पोहौ रे
हमरे बिरना कै सोहागिन सिलि पोहौ रे

सिल पोहौ देउरानी सिलि पोहौ रे
केकर सोहागिन सिलि पोहौ रे
हमरे देवरा कै सोहागिन सिलि पोहौ रे

यो सिल पोहनी गीतमा पनि हावा हुरी, पानी, सिलौटा, लाह्रो,जाँतो, ढिकी, ओखल, मुसल आदि दुबैलाइ निम्ता छ भनी गाइन्छ ।

हे सिल पोहु बउहर बउहर सीलिया सोहाग
हे पाच पान नौ नरिवर सरगे जो होइहैं बुढी बूढ
आन्ही पानी बिच्छी, कुच्छी सब कै नेउत आज है
सिलिया, लोढा, जाता, ढेका, ओखरी, पहरूवा
सब कै नेउता आज है ।

आधी (हवा, हुरी) पानी बन्द गर्ने गीत : हवा, हुरी, पानी लगायत सर्प आदिबाट हुन सक्ने समस्याबाट विवाह कार्यलाइ बचाउनका लागि माटोका भाडामा (बेसार लगाएर पहेलो बस्त्रबाट ढाकिएको हुन्छ) बन्द गरिन्छ :

आन्ही पानी, साप औ विच्छिउ तोहरौ नेवता भगति,
बिनवै कवन देइ (कुलदेवीको नाम) तीनि दिना जिनि आयउ ।

यस गीतमा एकातिर सबैलाइ आमन्त्रणत अर्कोतिर न आउनु भन्ने आशयमा गजबको वाक्य चातुइता देखिन्छ ।

बेसार गीत : विहे भन्दा दुइ दिन पहिला विहे हुने केटा र केटी दुबैलाइ काचो बेसार पिसेर परिवारका आमा, फुपु, दिदी, बहिनी, भाउजु तथा अन्यले पनि बेसार लगाइ दिन्छन् ।

यस गीतमा तिमी कहा कि रानी हौ कस्तो बेसार लगाउन थाल्यो दुलहा, दुलही सुकोमल छन । त्यसको खार सहन सकेनन् । त्यसै गरी बेसार लगाएपछि तेल लगाउदा पनि त्यहि नै दोहराइन्छ ।

कोइरिन कोइरिन तुहुँ बडी रानी कहवा कै हर्दी सँचारेव रे
हमरे दुलहे राम बडे सुकुमार हर्दी कै झारि सहि नाही जाय
तेलिन तेलिन तुहुँ बडी रानी कहवा कै तेल सँचारेव रे
हमरे दुलहे राम बडे सुकुमार तेलवा कै झारि सहि नाही जाय रे
.....॥

यहा बेसार लगाएपछि चुम्मनको पनि विधि हुन्छ । जसमा तल दिइएको गीत गाइन्छ । यसमा आसिस दिदै तिनै फुपु, भाउजु, दिदी बहिनी आदिले गर्छन् ।

चुम्मन जे बइठी जन सुन्दर बाप रे कवन रामा धिया
हिया भर चुम्मु दुलहिन देइ भर मुह भरि लेयहु असिस
बाप रे ससुर रामा धिया हिया भर चुम्मु दुलहिन देइ मुह भरि लेयहु असिस
.....॥

सागर खनाइ गीत : सागर खनाइ गीत विहे हुने केटा केटीलाइ नुहाइ दिन सागर(तलाउ) खन्ने उपक्रममा गाइन्छ । यस गीतमा कसले सागर बनायो, कसले घाट बनायो भनेर प्रश्न गरिएको छ भने उत्तरमा बाजे, बुवा, काका, फुपाजुले सागर र घाट बनाएको, बज्यै, आमा, काकी फुपुलाइ भरही दिएर कँहारिनले दुल्ही र कहारले दुल्हालाइ नुहाइदिएको प्रसङ्गको चर्चा गरिएको हुन्छ ।

केइ रामा सगरा खोदावै तौ घाट बनवावैं हो
आजा रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
आजिक दइकै भरही कहार दुलही नहुवावैं हो
कवने रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
दादा रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
माइ दइकै भरही कहार दुलही नहुवावैं हो
कवने रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
काका रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
काकिक दइकै भरही कहार दुलही नहुवावैं हो
कवने रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
फुफा रामा सगरा खोदावैं तौ घाट बनवावै हो
बुवक दइकै भरही कहार दुलही नहुवावै हो
कवने रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
मउसिया रामा सगरा खोदावैं तौ घाट बनवावै हो
मउसिक दइकै भरही कहार दुलही नहुवावै हो
कउने रामा सगरा खोदावै तौ घाट बनवावैं हो
मामा रामा सगरा खोदावैं तौ घाट बनवावै हो
मामिक दइकै भरही कहार दुलही नहुवावैं हो
कवने रामा सगरा खोदावैं तौ घाट बनवावैं हो
नाना रामा सगरा खोदावै तौ घाट बनवावै हो
नानिक दइकै भरही कहार दुलही नहुवावै हो
कवने रामा सगरा खोदावैं तौ घाट बनवावै हो
भइया रामा सगरा खोदावैं तौ घाट बनवावै हो
भउजिक दइकै भरही कहार दुलही नहुवावैं हो

यो गीत खास गरी केटालाइ नुहाईदिदा गाइन्छ । यसमा आमा, बज्यै, सानीआमा, फुफु, दिदीआदिको नाम जोडेर गाइएको छ ।

झिरि झिरि नदिया बहै अरे हे कोइ सगरे नहाय
भितरा से निकरी हीं आजी हे मोरे नतिया नहाय

हे आजी मोरे अँचरा ओढावैं मोरे नतिया नहाय
झिरि झिरि नदिया बहै अरे हे कोइ सगरे नहाय
भितरा से निकरी हीं अम्मा हे मोरे पुतवा नहाय
हे अम्मा अँचरा ओढावैं मोरे नतिया नहाय रे
झिरि झिरि नदिया बहै अरे हे कोइ सगरे नहाय
भितरा से निकरी हीं काकी हे मोरे पुतवा नहाय
हे काकी अँचरा ओढावैं मोरे पुतवा नहाय रे
झिरि झिरि नदिया बहै अरे हे कोइ सगरे नहाय
भितरा से निकरी हीं बुवा हे मोरे भतिजवा नहाय
हे बुवा अँचरा ओढावैं मोरे भतिजवा नहाय रे
झिरि झिरि नदिया बहै अरे हे कोइ सगरे नहाय
भितरा से निकरी ही मउसी हे मोरे पुतवा नहाय
हे मउसी अँचरा ओढावैं मोरे पुतवा नहाय रे
झिरि झिरि नदिया बहै अरे हे कोइ सगरे नहाय
भितरा से निकरी हीं नानी हे मोरे नतिया नहाय
हे नानी अँचरा ओढावैं मोरे नतिया नहाय रे

नहछू गीत : हाथगोडाको नङ काटदा यो गीत गाउने चलन रहेको छ । यस गीतमा हजाम कि स्वास्नीले विहे हुने घरको सबै दाजुभाइका घर घर गइ उनीहरूको घरबाट महिला बोलाएर ल्याउछे । नङ कटाएपछि सबैले त्यसलाइ आफ्नो गच्छे अनुसारको उपहार दिन्छन् । कसैले औठी, पैसा, रत्न, चामल, फलफुल आदि नाङलोमा राखेर उसलाइ दिएको चर्चा गरिएको छ । यसमा कोशिल्या र कैकयीलाइ उपमाको रूपमा प्रयोग गरिएको छ ।

घर घर घूमै नउनिया तौ गोतिनी बोलावै रे
राम लखन घरे नाखुर सभे कोइ आवव रे
केइ छोडैं चुटकी मुनरिया केइन छोडै रूप
केइ छोडैं रतन जोहारत तौ भरि गै है सूप
कौशिल्या छोडैं चुटकी मुदरिया सुमित्रा छोडैं रूप रे
केकही छोडैं रतन जडावत तौ भरि गा है सूप रे

लावा भुजाइ गीत :विवाहमा जुन धानको लावाले केटाकेटीलाइ परछिन गरिन्छ, त्यो लावा बनाउदा यो गीत गाइन्छ । लावा खास गरेर फुपु र दिदी र बिहिनीले भुट्ने गर्छिन् ।

लावा भुट्ने बेलामा भुट्नेलाइ गच्छे अनुसारको दक्षिणा पनि दिने चलन भएकोले यस गीतमा पनि भुट्ने मान्छेले मइले खाली भुटिरेहकी छु तपाइको त्यत्रो सम्पत्ति छ, कसरी भुट्नु भन्छिन् आमा, सानीआमा, फुपु, काकीलाइ ।

कहवा कै भुजइन, कहवा गडा तेरो भार
अलिगढवा कै भुजइन पन्नाहा गडा तेरो भार (स्थानको नाम)
भउजी तोहरे लगे रूपया है नोहर मैं छुच्छै कोछे लउवा भुजौ रे
भउजी मोरे लगे तरवा कै धूरि मैं छुच्छै कोछे लउवा भुजौ रे
अम्मा तोहरे लगे रूपया है नोहर मैं छुच्छै कोछे लउवा भुजौं रे
अम्मा मोरे लगे तरवा कै धूरि मैं छुच्छै कोछे लउवा भुजी रे
मउसी तोहरे लखे रूपया है नोहर मइ छुच्छै कोछे लउवा भुजौ रे
मउसी मोरे लगे तरवा कै धूरि मैं छुच्छै कोछे लउवा भुजी रे
बुवा तोहरे लगे रूपया है नोहर मैं छुच्छै कोछे लउवा भुजौ रे
बुवा मोरे लगे तरवा कै धूरि मैं छुच्छै कोछे लउवा भुजी रे
काकी तोहरे लगे रूपया है नोहर मैं छुच्छै कोछे लउवा भुजौं रे
काकी मोरे लगे तरवा कै धूरि मै छुच्छै कोछे लउवा भुजी रे

११.१.४.१.१.७.५. बर पक्षको बरात कन्या पक्ष कहा प्रस्थान गर्दा गाइने गीत : बरपक्षको घरबाट बरात कन्या पक्ष कहा प्रस्थान गर्दा एउटा विशेष इनार भएर जान्छ । त्यो बेला यो गीत गाइन्छ ।

नतिया बियाहन चले है फलाने रामा के होइ सथिया सहाय
साथे तो होइहैं डीह बाबा, जेकर सेवका बियाहन जाय ।

.....

यसै किसिमले ग्राम देवता तथा कुल देवता तथा पितृलाइ साथ दिन्छन् भनेर आह्वान गरिन्छ ।

११.१.४.१.१.७.५.१. कुवा (इनार) पूजन गीत : अवधी समाजमा प्रचलित लोकप्रथा अनुसार बरात जादा खेरि महिलाहरू बरलाइ पुऱ्याउन निश्चित इनारसम्म जान्छन् । इनारको पूजाआजा गरेर बरको आमाले बरलाइ आफ्नो दूध खुवाउने उपक्रम गर्छिन, त्यो बेला यो गीत गाइन्छ :

तूँ तो चल्यौ पूता गौरी बियाहन दुधवा कै मोल दिहे जाव ।
सरग तरइया मइया भले गनि जइहैं दुधवा कै मोल अनमोल ।

.....

यो बेला स्तनपात गराउनु प्रतिकात्मक मात्रै हुन्छ । यसको मुख्य उद्देश्य पुत्रलाइ आफ्नो आमाप्रतिको कर्तव्यबोध हुने गर्छ । इनारपूजनपछि बर डोलीमा बसेर जान लागेको बेला त्यसको परिछन गरिन्छ । यो बेला बरलाइ दही र मिठाइ खुवाइन्छ । त्यसपछि निधारमा दही, अक्षता र रोलीको टीका लगाएर विदाइ गरिन्छ । त्यो बेला यो गीत गाइन्छ,

परिछनि करहि चली हैं बर कामिनि अरती सिहोंरा हाथ ।
कि हम परिछौ सिर कै मउर कि तिलक लिलार ।

पहिले परिछौं सिर कै मउर फिर परिछौं तिलक लिलार ।

.....

बरातको विदाइ पछि बरको आमाले अनिष्टको आशंकाले फर्केर फेरि वरको डोलीलाइ नहेर्ने चलन छ । बरातलाइ पठाएर महिलाहरू घर फर्किने बेलामा खासगरि छोरीहरू छिटो घर आएर घरको ढोका बन्द गरिहाल्छिन् । अरूसित नेगका रूपमा रूपैया तथा सामग्री लिएर मात्र ढोका खोलिन्छ । यो बेला गाइने गीतहरूमा हास्य व्यङ्ग्यको पुट हुन्छ :

कवने के ओखरी मे नौ मन धान अमाय
कवने के मूसर रे कि चार चोट चाउर होय
फलानी के ओखरी मे नौ मन धान अमाय
फलाने के मूसर रे कि चार चोट चाउर होय ।

.....

११.१.४.१.१.७.५.२. नकटौरा (नकटा गीत) : नकटौरा शब्दलाइ नाटक गर्ने प्रक्रियाका रूपमा लिने गरिन्छ । यसमा महिलाहरूद्वारा विभिन्न किसिमका स्वांग तथा प्रहसनहरू गर्ने गरिन्छ । यो मुख्यतः बरपक्षका महिलाहरूद्वारा विवाहका दिन बरको घरमा गर्ने गर्छन् । यस स्वांगमा महिलाहरूमध्ये कोही पुरुष तथा कोही महिलाको रूप बनाएर गीत गाउनुका साथै नाटक खेल्छन्, जसलाइ नकटा भनिन्छ । यी गीतहरूमा अश्लीलता समेत सामिल गरिएको प्रस्तुतिलाइ परम्परागत क्षम्यता हुन्छ ।

यसो गर्नुको पछाडि यस्तै समयमा उहाहरूलाइ स्वतन्त्रता प्राप्त हुनु अर्को दुष्ट तथा प्रेतात्माहरू त्यहा गएर विवाहमा विघ्न न उत्पन्न गरुन भनेर उनीहरूलाइ यस्तै मनोरञ्जनात्मक कार्यमा अल्झाएर राख्ने हुने गर्छ ।

ये सुलाखी । का बुलाखी । राति कहाँ रहिउ ? मटिखनवा ।
का करत रहिउ ? दिया देखावत रहेन (अघिल्लो पङ्क्तिमा यौन सम्बन्धको उल्लेख)

११.१.४.१.१.७.६. कन्या पक्ष कहा गाइने गीत

११.१.४.१.१.७.६.१. अगुवानी गीत : अगुवानी शब्द आगमनको परिवर्तित रूप हो । कन्या पक्षको घरमा बरात आउदा वहाहरूको मुटुमा भय, डर, प्रसन्नता, व्यस्तता तथा विनम्रता आदि विभिन्न भावहरूलाइ संगै लिएर आउछ ।

साकरि गलिया बहारो हो कवन रामा आइ गयें दुलरु दमाद ।
साकारि गलिया है तोहरी कवन रामा (भाइ), हथिया न लेवै पैठारि ।
कि दल उतरै आम इमिली तरे, कि रे कदम जूड छांहि ।
कि दल उतरै फलाने राम के द्वारे, जेहि घर करिना कुवारि ।

.....

११.१.४.१.१.७.६.२. द्वार पूजा गीत : द्वारपूजामा बरातीहरूको विशेषता सम्बन्धी गीतहरू पनि गाइन्छ :

ससुरु कै आवन बडा नीक लागै, अरे हथिया झुमति आवै दुवारे पर ।
जेठ कै आवन बडा नीक लागै, अरे घोडौ उछरत आवै दुवारे पर ।
देवरु कै आवन बडा नीक लागै, अरे जुतवा चमकत आवै दुवारे पर ।
दुलहे कै आवन बडा नीक लागै, अरे मउर झलकत आवै दुवारे पर ।

११.१.४.१.१.७.६.३. बर मण्डप (माडव) मा आउदा गाइने गीत : बर मण्डपमा आउदा एक विशेष अवस्था हुन्छ । मण्डपमा घरको वरिष्ठ सदस्य र दुलहीले बरको स्वागत गर्छन्, त्यो बेला गीत पनि गाइन्छ :

मडये मे ठाडी दुलहिन देइ रूपवा से आगर
दुलहे जी हाथ पसारिन तू होहू हमारि
न छूओ दुलहे तू न छुऔ
अबही हम बारी कुवारि
जब मोरा बाबा सङ्कल्प करिहैं
तब हम होबै तोहारि

.....

यसै किसिमले बुवा, दादा, काका, भाइ आदिको दर्जा उल्लेख गर्दै उक्त पंक्ति दोहरियाइन्छ ।

११.१.४.१.१.७.६.४. डाल पूजा गीत : बर पक्षद्वारा कन्या पक्षका लागि ल्याइएका लुगाफाटा तथा अन्य सामग्री संकल्प गरेर कन्यालाइ प्रदान गरिन्छ । यी वस्त्र आभूषण सजाइएको डालमा हुन्छ । हालपूजा भित्र्याउने बेलामा महिलाहरूले गीत गाउछन् :

चढत मोरी लाडली कै चढाव सब केहु देखौ
एक नाही देखैं मोरी मइया जे देत हीं कन्यादान ।

.....

यसै किसिमले बुवा, आमा, काका, काकी, भाइ आदिलाइ भनेर यो गीत सम्पन्न गरिन्छ ।

११.१.४.१.१.७.६.५. पाँव पुजाइ गीत : पाँव पुजाइ कार्य कन्या पक्षका सबै तथा गाउलेहरूद्वारा गर्ने गरिन्छ । यसमा बर र कन्याको चरण पखालेर आफ्नो क्षमता अनुसार भाडाकुडा, रूपया आदि वर तथा कन्यालाइ प्रदान गरिन्छ । यो बेला गीत पनि गाइन्छ :

गङ्गा जमुनवा कै पनिया कलस भरि लावैं,
चरन पखारै माथ चढावैं देत हैं कवन रामा दान (पाव पुज्नेको नाम)
कवन रामा पावैं (प्राप्तकर्ताको नाम)

.....

११.१.४.१.१.७.६.७. कन्यादान गीत : विवाह संस्कारमा सबैभन्दा महत्त्वपूर्ण अवसरका रूपमा कन्यादानलाइ लिने गरिन्छ । यो बेला आमा बूबाका मनस्थितीको स्वरूप, उक्त अवसरमा गाइने गीतबाट स्पष्ट देखिन्छ :

कवन ग्रहण बाबा कासी मा लागै, कवन ग्रहण गुप्तार
कवन ग्रहण बाबा मडये मा लागै, कबले उग्रह होइ ।
सूरज ग्रहण बाबा कासी मा लागै, चन्द्र ग्रहण गुप्तार
धेरिया ग्रहण बाबक मडये मा लागै, जो धौ उग्रह होइ ।
चन्द्र ग्रहण लागै सझवा सबेरवा, धेरिया ग्रहण आधी राति ।

.....

११.१.४.१.१.७.६.८. पानी ग्रहण गीत : जुन बेला पिताले बरको हातमा कन्याको हात दिएर कन्यादानको विधि पूरा गर्छ त्यो बेला गाइने गीतलाइ पाणिग्रहण गीत भनिन्छ :

अरे अरे भइया फलाने रामा तोहरी धरियव न टुटय हो
धारि टूटे पे तो जानौ आपन बहिनी हारि जाबौ हो ।

.....

११.१.४.१.१.७.६.९. सिन्दुर दान गीत : सिंहोराबाट बरले पाँच पटक सिन्दूर झिकेर कन्याको मागमा सिन्दूर राखेपछि कन्यालाइ विवाहिताको संज्ञा दिइन्छ । त्यो बेला गाइने गीत अत्यन्त मार्मिक हुन्छ :

बाबा हिं बाबा गोहरावौं, तो बाबा न बोलैं
अरे देत हैं दुलहे रामा सेनुर, मै होत हिउ पराइ
मइया हि मइया गोहरावौं, तो मइया न बोलैं
देत हैं सुघर बर सेनुर, मै होत हिउ पराइ ।

.....

११.१.४.१.१.७.६.१०. लावा परिछन (भावर) गीत : लावा परिछन, लाज परिछनको परिवर्तित रूप हो । यसमा वर तथा वधूले अग्नि र कलशलाइ साक्षी मानेर एक अर्कामा समर्पित हुने प्रण गर्दै सातफेरा लगाउछन् । यो बेला बासले बनेको बडुको आकारको वस्तुमा, जुनकि बर र कन्या दुवै मिलेर समातेका हुन्छन्, त्यसैमा माथिबाट कन्याका भाइले वर र कन्या पक्षका घरबाट आएको लावालाइ मिसाएर हाल्ने गर्छ । कन्याका भाइलाइ यो कार्य गरे वापत वर पक्षद्वारा दुशाला प्रदान गरिन्छ । यो बेला गीत पनि गाइन्छ :

लाइ डारो भइया लाइ डारो, अबही मैं बहिनी तोहरि ।
पहिली भवरिया के घुमतै, भइया मैं अबहू तोहारि ।
दुसरी भवरिया के पैठत, भइया मै अबहू तोहारि
तीसरी भवरिया के पैठत, भइया मै अबहू तोहारि

चउथा भवरिया कै पैठत, भइया मै अवहू तोहारि ।

.....

सतइ भवरिया कै पैठत, भइया मै भइउ पराय ।

भावरि घुम्ने बेलामा कन्या लाजवस विस्तारै हिड्छिन । वर अपेक्षाकृत तीव्र गतिले हिड्छन् । यस बेलाको गीतमा परिहासको समावेश रहन्छ ।:

हलबल हलबल दुलहा चलैं, हरवाहे कै जनमल हो ।

ठुमकि ठुमकि मोरि धेरिया चलैं, रजबारे कै जन्मी हो ।

.....

११.१.४.१.१.७.६.११. कोहबर गीत : विवाहमा कोहबरको विशेष महत्त्व हुन्छ । यो घरको त्यही देवी स्थान हुन्छ, जहाबाट वैवाहिक संस्कार आरम्भ हुन्छ । मातृपूजनका दिन यसको स्थापना गरिन्छ । विवाह भइ सकेपछि नव दम्पतीलाइ यहीकोहबरमा लगिन्छ । त्यहा एउटा दियोमा दुइओटा बत्ती जलाइन्छ । कन्याका भाउजू तथा अन्य महिलाहरूले यी दुवै बत्तीलाइ मिलाउन भन्छन् । वर त्यसैअनुसार गर्छ । यसप्रकार वर र कन्याको प्रतिकात्मक मिलनको एक चरण पूरा हुन्छ । त्यो बेला गीत पनि गाइन्छ :

लाल तू काहे न मिलाये बाती

कि तुहैं सिखाइन माइ बहिन तोहरी

कि तूँ सिखेव बराती

.....

यी बाती मेरये धना तुहै मिलिहैं

जे जइहैं तोहरे संघाती

ललन तू काहे न मिलायो बाती ।

त्यो बेला दही र सक्कर मिलाएर बनाइएको लपकउरा पनि प्रतिकात्मक रूपमा वर बधुलाइ खुवाइन्छ र पासा पनि खेलाइन्छ । त्यो बेला गाइने गीत यस प्रकार छ :

खाउ खाउ दुल्हा रामा परसाद

केहु जानै न पावै

तोहरे बुआ कै परसाद

केहु जानै न पावै

तोहरे मामी कै परसाद

केहु जानै न पावै ।

११.१.४.१.१.७.६.१२. विदाइ गीत : अन्तमा आउछ कन्याको विदाइ गीत । यो गीत रुदनको आवेगमा गाइने हुनाले करुण रसबाट आच्छादित हुन्छन् ।

बिदा नाइ करबै जनक दुलारी

किए मोरे जमुना से जल भरी
लइहैं फुलवा तूरै जइहैं फुलवारी
बिदा नाइ करवै जनक दुलारी
धनुष उठाय केर चउका लिपी
है के चढि झाकै अटारी
बिदा नाइ करबै जनक दुलारी ।

११.१.४.१.१.७.७. परिछन गीत : विवाह पछि जब बुहारी आफ्नो ससुराली पुग्छिन, त्यो बेला सासु लगायत सगोत्री वरिष्ठ महिलाहरूले बुहारीको परिछन गर्छिन । परिछनको बेला गाउने गीतहरूमा शुभ कामना तथा सुख शान्तिको भाव हुन्छ :

मुसरा ले बहुवरि मुसरा ले, मुसरा सपूरन होय,
धोरिया जे परिहैं सजन घर, अब बाबा सोवहु सुख नीद ।
लोढवा ले बहुवरि लोढवा ले लोढवाले लोढवा सपूरन होय,
धेरिया जे परिहैं सजन घर, अब बाबा सोवहु सुख नीद ।
दियना ले बहुवरि दियना ले, दियना सपूरन होय,
धेरिया जे परिहैं सजन घर, अब बाबा सोबहु सुख नीद ।
कलसा ले बहुवरि कलसा से, कलसा सपूरन होय,
धेरिया जे परिहैं सजन घर, अब बाबा सोवहु सुख नीद ।
सुपवा ले बहुवरि सुपवा ले, सुपवा सपूरन होय,
धेरिया जे परिहैं सजन घर, अब बाबा सोवहु सुख नीद ।
आरति ले बहुवरि आरति ले, आरति सपूरन होय
धेरिया जे परिहैं सजन घर, अब बाबा सोवहु सुख नीद ।
आरति ले बहुवरि आरति ले, आरति सपूरन होय
धेरिया जे परिहैं सजन घर, अब बाबा सोबहु सुख नीद ।

परिछन पछि महिलाहरूले बर र कन्यालाइ उतारे र घरमा भित्र्याउदा यो गीत गाउछन् । गीतमा दुलही पक्षतिर परिहास सामिल रहन्छ :

हलबल हलबल दुलहिन चलैं, हरवाहे कै जनमलि रे
धीरे धीरे मोरे दुलहा चलैं रजवाडे कै जनमा रे ।

यसरी भित्र्याएर फेरि पनि वरको घरमा बनेको कोहबरमा लगिन्छ र त्यही क्रिया दोहोऱ्याइन्छ, जुनकि कन्याकोमा कोहबरमा गरिएको थियो ।

११.१.४.१.१.८. गवना गीत : गवनाको गीत विवाहको गीतभन्दा फरक हुदैन । किनकि दुवै अवसरको अन्तमा विदाइ गीत गाइन्छ । विवाह संस्कारको विदाइको समयमा तथा गौनाको विदाइका समयमा गाउने गीत वस्तुतः एउटै हुन्छन् । यी गीतहरूका प्रधान विषय ममतामयी आमा, प्रेमी पिता,

परिचित संगी साथी आदिबाट विदा लिनु नै रहेको हुन्छ । यी गीतहरूमा मूलतः विछोड र करुण रसको चित्र पूर्ण मार्मिकताका साथ चित्रित भएको पाइन्छ ।

११.१.४.१.१.९. मृत्यु संस्कार गीत : मानव जीवनको अन्तिम संस्कारका रूपमा यस संस्कारलाइ लिने गरिन्छ । यस अवसरमा कतै कतै गीत पनि गाइन्छ । जसमा शान्त रस, करुण रस आदिको प्रधानता विछोड प्रति दुख मनाउ रहेको हुन्छ । प्रायः गरेर वृद्ध पुरुष र वृद्ध शौभाग्यवती महिलाले मृत्यु भएमा मात्रै वहा"हरूलाइ भाग्यशाली मान्दै वहाहरूको बाजागाजा सहित अर्थी निकालिन्छ र गाइजात्रामा गाइने आशयका गीत गाइन्छ । गीतहरू मूलत 'निर्गुन' नै हुने गर्छन :

सुगना निकरि गयें पिजडा से खाली परी रही तसबीर ।
यहि देहिंया का मलि मलि धोवायौं औ पहिरेंव चीर, सुगना ..... ।
यी है मोरा यी है परावा, खाली करत रहेंव तदबीर, सुगना ..... ।
आजु न साथी, न कोइ संगी फूटि गयेव तकदीर, सुगना ..... ।

पतिको मृत्युसंगै पत्नीलाइ कति दुःख हुन्छ । यसलाइ यो विधवाको करुण क्रन्दनबाट हेर्न सकिन्छ :

सइया अभागिन कइ गयें राम,
खम्हा के वोट ससुर समुझावैं
आजु से बहुवरि बेटा हमार
काव समुझावो ससुर जी हमका
हरि हरि चुरिया दुलम भइ राम ।
घूघट के वोट जेठ समझावैं
आज से भयहु तू बिटिया हमार ।
काउ समझावो जेठ तुम हमका
मोतिन माङ दुलुम भइ राम ।
गोदिया बइठि देवर समझावैं
भउजी नाही तूँ मइया हमार ।
काउ समझावो देवर तूँ हमका
फूलन सेज दुलुम भइ राम ।
.....

११.१.४.१.२. ऋतु गीत

हरेक भाषिक तथा सांस्कृतिक समाजहरू ऋतु गीतहरूको आ-आफ्नै परम्परा छ । यस परिप्रेक्ष्यमा अवधी लोक समाजलाइ हेर्दा यस समाजमा प्रकृतिक रूपमा छ ऋतु रहेता पनि वर्षा र बसन्त ऋतु सम्बन्धी गीतहरू मात्र पाइन्छन् । बारहमासा र चौमासा गीतहरूमा भने अन्य ऋतुहरूको पनि केही मात्रामा वर्णन पाइन्छ । यी गीतहरू फरक फरक महिनाका लागि फरक फरक किसिमका हुन्छन् ।

वर्षा ऋतुमा जहां सावनी र कजरी गाइन्छ त्यहीं बसन्त ऋतुमा फगुवा या होली, चइता, धमार, मल्हार आदि गीत गाइन्छ ।

११.१.४.१.२.१. वर्षा ऋतु गीत कजरी (कजली)

कजरी शब्दको व्युत्पत्ति साउन महिनामा आकाशमा आच्छादित बादलहरूको कालोपनाबाट लिएको छ, जुनकि गाजलको जस्तै हुन्छ । यसै गाजललाइ अवधीमा काजर भनिन्छ, यही काजर शब्दबाट कजरी बनेको पाइन्छ ।

अवधी लोक समाजमा कजरी गीत साउन तथा भदौ महिनामा गाइन्छ । वर्षाको समय आकाशमा काला बादलको बर्चस्व, धरतीमा धानी चुनरी ओढेर युवतीहरू वगैंचामा पिङ झुल्दै कजरी गीत गाइरहेका हुन्छन् । यी गीतका विषयवस्तुहरू मुख्यतः प्रेम प्रधान हुन्छन् भने यसमा विप्रलंभ तथा संभोग दुवै किसिममा शृङ्गार रसका भाव हुन्छन् । यसमा पति पत्निलाइ छोडेर धेरै समयदेखि विदेश गएको कारणले विरह, पतिव्रताको प्रेम तथा नन्द भाउजुको हास परिहास आदि पाइन्छ । कुनै कुनै गीतमा करुण रस पनि पाइन्छ । जुनकि अत्यन्त हृदय विदारक हुन्छ ।

ठाड कुवां पर भीजै गोरिया
सिरपर धरे गगरिया नाय । टेक
ससुरु बडा कडा जल बरसै
कइसै जाबौ नोकरिया नाय
पाव पनहिया हाथे छतरिया
सिरपर धरे रुमलिया नाय
दुलहिन मजे मजे चला जाबै
जालिम कठिन नोकरिया नाय, ठाढ कुवा पे भीजै ..... ।
जेठउ बडा कडा जल बरसै
कइसै जाबौ नोकरिया नाय
पाँव पनहिया हाथे छतुरिया
सिरपर धरे रुमलिया नाय
भयहू मजे मजे चला जाबै
जालिम कठिन नोकरिया नाय, ठाढ कुवा पे भीजै ..... ।
देवरा बडा कडा जल बरसै
कइसै जाबौ नोकरिया नाय
पाव पनहिया हाथे छतुरिया
सिरपर धरे रुमलिया नाय
भउजी माजे मजे चला जाबै
जालिम कठिन नोकरिया नाय । ठाढ कुवा पे भीजै ..... ।

सइयां बडा कडा जल बरसै
कइसै जाबौ नोकरिया नाय
पाव पनहिया हाथे छतुरिया
मन मा तोरि सुरतिया नाय
धनिया मजे मजे चला जाबै
जालिम कठिन नोकरिया नाय, ठाढ कुवा पे भीजै.....।

यसै किसिमले यस समाजमा पाइने एउटा अर्को गीत पनि हेरौं .

सइयां बिलमि रहे परदेसवा, सपनेम देखेन सुरतिया नाय ।
सावन मास गरज घन बरसै, झुकि झुकि आवै अन्हेरिया नाय ।
बिन पिय मन रहि रहि घबडावै, चम चम चमकै बिजुरिया नाय ।
पिय पिय कहै यी पापी पपिहा, कू'' कू'' करत कोइलिया नाय ।
भारी हूक उठत जियरा मे, सूनी देखि सेजरिया नाय ।
तुम बिन नाथ कटय नाहि रतिया, तडफै जइसै मछरिया नाय ।

.....

११.१.४.१.२.२. सावनी : कजरीको जस्तै साउन महिनामा पिङ खेल्ने बेलामा अर्को गीत पनि गाइन्छ, जसलाइ सावनी या सावन भनिन्छ । सावनी गीतलाइ झूलागीत पनि भनिन्छ । साउन महिनामा युवती बुहारीहरू नागपञ्चमीको त्यौहार मनाउनका लागि माइत आउनु अवधी समाजमा एक प्रथाको रूपमा रहेको छ । माइतमा पूर्ण स्वतन्त्रताका साथ संगीसाथीहरू समूहमा पिङ खेल्दै अनेक किसिमका विषयहरूमा आधारित सावन गीत पनि गाउछन् :

झूला परा लवङ के डरिया, सब सखी झूला झुलवै नाय ।
धीरे पेइवा बढावो बनवारी, हम घर मारी जावै नाय ।
ससुरु हमरे बडे मन सउकी झूला देखै आवैं नाय ।
झूला परा लवङ के डरिया सब सखी झूला झुलबै नांय ।
हमरे जेठ बडे मन सउकी झूला देखै आवैं नाय ।
धीरे पेइवा बढावो बनवारी हम घरे मारी जावै नाय ।
झूला परा लवङ के डरिया सब सखी झूला झुलबै नाय ।

.....

यसै किसिमले देवर, स्वामीको पनि नाम लिएर यो गीत गाइन्छ ।

११.१.४.१.२.३. बारहमासा : विहरणीको वेदना अवधी लोकसमाजको बारहमासा, छमासा तथा चौमासामा पाइने मुख्य विषयवस्तु हुन् । साल भरि, छ महिना वा चार महिनामा हुने दुःखको वर्णन यी गीतहरूका मुख्य विषयवस्तु हुने गर्छन् । सालभरिको दुःखको वर्णन पाइने गीतहरूलाइ बारहमासा, छ महिनाको विरहको वर्णन पाइने गीतहरूलाइ छ मासा तथा चार महिनाको विरह वर्णन पाइने

गीतहरूलाइ चौमासा भनिन्छ । चौमासा गीतमा मुख्य रूपले वर्षा ऋतुका चार महिनामा हुने विरहको वर्णन पाइन्छ । बारहमासा, छ मासा तथा चौमासा गीतहरू वर्षा ऋतुमा गाइन्छ, तथापि यसलाइ अरु महिनामा पनि इच्छा अनुसार गाउन सकिन्छ ।

१. मासा असाढ नखत घन गरजै चूवै गगन से पानी ।
रिमझिम रिमझिम बूनी बरसै, टपकै महल पुरानी ।
झिर झिर बरसै झकुरी, चूवै मोर मकनवा ।

.....

२. हे रतनारे होरिलवा । कातिक जिनि जनम्यो,
कातिक तुलसी कै दियना, लेवन कइसै जावै ।
हे रतनारे होरिलवा । अगहन जिनि जनम्यो,
सब सखी जइहैं गवनवा, मिलन कइसै जावै ।
हे रतनारे होरिलवा ! पूस जिनि जनम्यो,
पूस मे हनै तुसार, जडाय मरि जावै ।
हे रतनारे होरिलवा, माघ जिनि जनम्यो,
माघ मे मकर नहनवा, नहाय कइसै जावै ।
हे रतनारे होरिलवा । फागुन जिनि जनम्यो,
सब सखि खेलैं रङ्रेलिया, खेलन कइसै जावै ।
हे रतनारे होरिलवा ! चइत जिनि जनम्यो,
चइतहि परै रामनवमी, नहाये कइसै जावै ।
हे रतनारे होरिलवा, वैशाख जिनि जनम्यो,
वैशाख मे भइया कै बियहवा, नेवते कइसै जावै ।
हे रतनारे होरिलवा, जेठ जिनि जनम्यो,
जेठ मे तपै तपनिया, गरम मरि जावै ।
हे रतनारे हा रिलवा, असाढ जिनि जनम्यो,
घरी घरी मेधवा गरजिहैं, गोतिनि नाही अइहैं ।
हे रतनारे होरिलवा सावन जनि जनम्यो,
सब सखी झुलिहैं झलुववा झुलन कइसै जावै ।
हे रतनारे होरिलवा ! भदौ जनि जनम्यो,
भादौ तीज कजरिया, भूखा कइसै रहवै ।
हे रतनारे होरिलवा ! कुवार नाहीं जनम्यो,
भउजी मोरे पियरी रङ्हयय, बिरन लइकै अइहैं ।

११.१.४.१.२.४. चौमासा

आवा बरखा कै बहरिया रे सवरिया ।
पहिला मांस असाढ, गोरी करै लीं विचार ।
पिया नाही घर हमार, कइसै करी हम सिङ्गार, हरे सवरिया ।
दूजे साबन कै हरियाली, सासू लागै डेर भारी,
नाही हमरे हैं सङ्हारी, यिहां आइ है बहरिया ।
तीजे भादौ कै अन्हियारी, हाथ सूझै न पसारी ।
वह पर झीङुर कै झनकारी, चौमुख खुला है केवडिया, हरे सावरिया ।
चौथा मास कुवार, पिया मोरे हैं गवार
फिर किहिन वैं विगाड, पार के करी उमिरिया, हरे सावरिया ।

वसन्त ऋतुसम्बन्धी यसै किसिमका अन्य चौमासा गीतहरू अवधी लोक समाजमा पाइन्छन् ।

११.१.४.१.२.५. होली गीत

होलीको पर्व अवधी लोक जनजीवनमा उल्लासको पर्व हो । अवधी क्षेत्रमा यस क्षेत्रलाइ फगुवा भनिन्छ । फाल्गुन महिनामा यो पर्व पर्ने हुनाले यसलाइ फगुवा भनेको हुनुपर्छ । बसन्त ऋतु त्यसै पनि मादकताले परिपूर्ण हुन्छ । यसका साथै कृषीमा आधारित अवधी लोक जनजीवन यो बेला आर्थिक सम्पन्नता तथा उत्साहले परिपूर्ण भएकोले यो बेला गाइने गीतहरूका विषयवस्तु विनोद, हास्य तथा उल्लास एवम् रासरङ्गका रूपमा प्रकट हुन्छन् । अवधीमा एक लोकोक्ति प्रसिद्ध छ : 'फागुन भर बाबा देवर लागैं' लय तथा तालका आधारमा फागुलाइ तीन भागमा वर्गीकृत गर्न सकिन्छ । यी सबैका वण्इ विषय एउटै हुन्छन् :

११.१.४.१.२.५.१. डेढ ताल

अलबेला सुरबा के नयना अयना से चमकै लिलारे, घुघुटवा के टारे ।
सवरी सुरति रतनारे नयनवां, बाय अलबेली कै बांका जोबनवा, रसियन कै खिलवाडे ।
दाँते बतीसी, माथे कै रोरी, रसियन का बखसि, उनकै दिल छोरी,
मधुर सुर से बोलैं पिक बयना, रसियन पर जुलुम गुजारे, घुघुटवा के टारे ।
ओठवा पे गोरी के लाली सुहाये, मुसुकाय कै नयना के बीच बतियावै ।
चमन खिलै गुलजारे, घुघुटवा के टारे ।

.....

११.१.४.१.२.५.२. चौताल

न जाने कवन यस देस जनम लिहिउ प्यारी ।
धनि ऊ बाप कोखि महतारी, जिनके भवन पगुधारी ।
धन्नि राम जे सुरति बनावैं, जे यइसन रूप संवारी । जनम ..... ।

धनि ऊ गाव, ठाव तुम्हरो जहां, पावत दरस तुम्हारी ।
आज दरस हमहू भल पायन, लखि होत हम्मय सुख भारी । जनम ..... ।
धनि प्रीतम, जेकेरे लगि सोवत, चढि संग सेज अटारी,
राम सहाय होंय हम्मय, मिलि जाय तुहैं यस नारी । जनम ..... ।
नहि रही जात तुहैं बिन सुन्नरि, बहत नयन जल धारी,
द्विज विक्रम मासु भरि फागुन, एक दिन करतिउ दीदारी । जनम ..... ।

११.१.४.१.२.५.३. झौतल्ली

दिल मां धसी दाँत कै कीली
चोली पहिरे पिली, दिलमा धसी ..... ।
मिस्सी पे मरि गयें हजारन केतना गयें घर छोडी
सारी देखि कै नीली, दिलमा धंसी .....।

.....

११.१.४.१.२.५.४. चहका

मोहि बिरहिन का, काहे मारै पपिहरा, बोली कि गोली से मारै ।
एक तो बैरिन घर सासु ननदिया, दूजे रगर करै बहरे सवतिया ।
तेहपर, तुमहू जरे पर जारै, बोली कि गोली से मारै ।
बेदर्दी पिया गवना मोर लाये बाकीं सुरतिया न कबहू देखाये
तूँ पिया पिया कहिके जियरा मोरा फारे, बोली कि गोली से मारै ।

.....

११.१.४.१.२.५.५. धमारी

अवध कै राजा दनियां, दशरथ लिहे राम कां कनिया ।
पावन मा घुघरु सोहत हैं, कमर सोहै करधनिया ।
पीताम्बर कै कछनी सोहत, टोपी सोहै चउकोनिया । दशरथ ..... ।
कानन कुण्डलि गले कण्ठा सोहै, बोलत अमृत बनिया ।
रामलला के मुह कै शोभा, भवहें चढी कमनिया ।

.....

११.१.४.१.२.५.६. फगुवा

१. सुमिरत हनुमान सुदामा, बिनय यह मोरी ।
सत जोजन परिमान समुन्दर, पहुचि गयो छन माही ।
मेवा फल कर बागि उजारा, उहां मधुर मधुर फल तोरी ।

बान्हि लंगूर चढे गढ लङ्का, घुमिरत खोरी खोरी ।
छिनमा लङ्क भसम करि डारेव । लङ्गुर समुन्दर बोरी । बिनय .....।

२. सखी आजु अजोध्या रची होरी ।
केकरे हाथ रङ्गीला डफ सोहै केकेरे हाथ मंजीरा भली । सखी ..... ।
राम के हाथे रङ्गीला डफ सोहै, लाछिमन हाथ मंजीरा भली । सखी .... ।
केकरे हाथ कनक पिचकारी, केकरे झोरी अबीर भरी । सखी ..... ।
राम के हाथे कनक पिचकारी, लछिमन झोरी अबीर भरी । सखी ..... ।
किनके रे भीजै पाग दुपट्टा, किनके रे चोली चीर सखी । सखी ..... ।
राम कै भीजै पाग टुपट्टा, सीता कै चोली चीर सखी । सखी ..... ।

११.१.४.१.२.५.७. चइता

चइती बसंती मधु मिठासबाट भावुक किसानको मनमा रहेको उल्लास र बियोगको झलक जुन गीतहरूबाट प्रस्तुत हुन्छन्, त्यही गीत हो चइता । 'चइता' जसरी कि यसको नामबाट नै प्रष्ट हुन्छ चैत्र महिनामा गाइन्छ । अवधी क्षेत्रमा चइता गीत पुरुषहरूद्वारा नै गाइन्छ । खलोमा अन्नपातको रक्षा गर्दै सुत्ने किसान वर्ग रात्रिकालीन नीरसतालाइ आफ्नो चइता गीतको बासन्ती मादकताका माध्यमले चिर्ने गर्छन् । किसानको स्वरको मिठास उनको गीतमा मिसिएर वहाको हृदयमा रसको सञ्चार गर्छन् । चइताको वण्इ विषय संभोग तथा विप्रलम्भ श्रृङ्गार हुने गर्छन् । यी दुइ प्रकारका हुन्छन् :

(क) झलकुटिया : चइताको त्यो स्वरूप जुनकि सामुहिक रूपमा झाल बजाएर गाइन्छ, झलकुटिया भनिन्छ ।

(ख) साधारण : चइताको त्यो स्वरूप जुनकि एक जना व्यक्तिले बिना कुनै वाद्य यन्त्र एक्लै गाउ''छन् । त्यसैलाइ साधारण चइता भनिन्छ ।

चइता गीतको टेकको रूपमा मुखयतः टेक पदका रूपमा 'चइत मासे' या 'चइत कै रतिया' को प्रयोग आहो रामा तथा हो रामा' का साथै त्यसभन्दा पहिले या पछि गरिन्छ ।

१. गमकिल फुलवा फुलाने हो रामा चइत मासे,
रङ्गीन फुलवा फुलाने हो रामा चइत मासे ।
फुलवा फुलाने बिरिछ हरसाने, पात पात लहकाने हो रामा चइत मासे ।
कोकिल बोल सुधा रस भीनो, बउर झउर झुपसाने हो रामा चइत मासे ।
मधुबन मदभरा महुवा महकै, कवलन भवर लुभाने हो रामा चइत मासे
छिउलिन झुपे सुरुख रङ्ग टेसुवा, पन्छी लतन हुलसाने हो रामा चइत मासे ।
महर महर करै सीतलि निबिया, पनघट फूल बिछाने हो रामा चइत मासे ।
दुलहिन बिना बिसुनवा सोचत सूतै खरिहाने हो रामा चइत मासे ।
गमकिल फुलवा फुलाने हो रामा चइत मासे । (कौशल्यादेवी चमार,यशोधरा-२,कपिलवस्तु)

२. उछहरि बहति बयरिया हो रामा, चइत कै रतिया ।
महुवा चुवै रस गगरिया हो रामा, चइत कै रतिया ।
गमगम गमकै निबिया कै फुलवा
अमवा के डारी लागै टिकोरवा हो रामा, चइत कै रतिया ।
झुरझुर बोलै निबिया कै पतिया,
लचकि लचकि डोलै डलिया हो रामा, चइत कै रतिया ।
झुर झुर, झुरझुर बहै रे बयरिया
लचकै घनी बसवरिया हो रामा, चइत कै रतिया ।
अङ्गना मा सोवै सावर गोरिया,
पिया खरिहनवा के ओरिया हो रामा, चइत कै रतिया ।
जब खरिहनवा मा उडइ चदरिया,
अङ्गना मा उडइ चुनरिया हो रामा, चइत कै रतिया ।
बाजै जन्जिरिया खुटकै केवडिया
तनी एक खोलि देव केवडिया हो रामा, चइत कै रतिया ।
चुनरी चदरवा कै मिलन कराय देव,
छतिया से छतिया लगावो हो रामा, चइत कै रतिया ।

११.१.४.१.३. जातिगत गीत

अवधी समाज बहुजातिय एक भाषी समाज हो । यस समाजका अलग अलग जातिहरूको आ-आफ्नै जातीय संस्कार र परम्पराहरू छन् । अवधी लोक समाजका जातीय गीतहरूमा ती समाजका पारम्परिक परम्परा, मनोभाव आकांक्षा तथा झाकीहरूको स्पष्ट चित्र प्रतिबिम्बित हुन्छ । अवधी भाषी क्षेत्रमा पाइने यी जातिय लोक गीतहरूमा निम्नलिखित प्रकारका भिन्नता पाइन्छ : अहिर जाति गति (बिरहा), धोबी जाति गीत (बिरहा), कोहार जाति गीत (कोहरउवा), कहार जाति गीत (कहरउवा), नाऊ जाति गीत (नउवाझकोर), माली जाति गीत, चमार जाति गीत, गडरिया जाति गीत, जोगी गीत

११.१.४.१.३.१. अहिर जाति गति

अहिर अर्थात यादव जातिका माङ्गलिक अवसर एवं श्रमकार्यगर्दा थकाइ मार्ने क्रममा यादव जातिका मानिसहरू विरहा गीत गाउछन् । यस गीतमा मुख्यत: विरहको वर्णन रहेको हुनाले यसलाइ विरहा भनिएको हो । परम्परागत पशुपालन पेशामा आवद्ध अहिर (यादव) जातिका ग्वालाहरूमा गाइ भैसी चराउदा, एकान्तमा विरह उत्पन्न हुने गर्छ र त्यहींबाट विरहमय शब्दहरू ग्वालाका कोकिल कण्ठबाट प्रस्फुटित हुन्छ । विरहको उत्पत्ति सम्बन्धमा एक लोकगीत कथाकारको कथन छ :

ना बिरहा कै खेती भइया, न बिरहा कै ब्यापार,
यही हिरदइया से उपजै बिरहवा, हम गाइ दिन राति ।

विरहा सानो ठूलो गरी दुइ किसमको हुन्छ । सानो विरहालाइ छिनका बिरहा भनिन्छ । यी बिरहा दुइ वा चार पदको हुन्छ । चार पदको विरहालाइ चार कडिया या चौकडिया विरहा पनि भनिन्छ । यसै किसिमले ठूलो बिरहा विभिन्न कथानकहरूमा आधारित हुन्छन् । यी कथानकहरू धार्मिक, पौराणिक तथा सामाजिक हुन्छन् ।

बिरहामा गाउने बेलामा गायक आफ्नो कानमा औला हालेर गाउछन् । बिरहा गायनको यो विशिष्ट शैली हो । यसका साथै माङ्गलिक अवसर विरहा गाउदा फरुहा, डफला आदि वाद्य यन्त्रहरूका साथै खुट्टा तथा कम्मरमा सानो घण्टी बाधेर त्यसबाट मनोहारी स्वर निकाल्छन् । कतै कतै डफलाको ठाउमा ढोल वा नग्गारा पनि प्रयोग गरिएको पाइन्छ ।

बिरहाको गुरु, इष्टदेव वा अन्य देवी देवताहरूको स्तुतिबाट सुरु हुन्छ । यसलाइ सुमिरिनी भनिन्छ । सुमिरिनी पछि वण्इ विषय प्रस्तुत गर्ने गरिन्छ । यी विषयहरू पारिवारिक जीवनको चित्रण, प्रेम र विरहको मधुर प्रसङ्ग, सासु बुहारीको कटु सम्बन्ध तथा नन्दभाउजुको नोकझोक विरहामा वर्णित हुन्छन् ।

बिरहामा भक्ति भावनाको पनि प्रधानता पाइन्छ । कृष्णका वंशीले मुग्ध गोपीहरूको स्थितीको स्वाभाविक चित्रण यस बिरहमा व्यक्त गरिएको छ :

बन्सी बजी श्याम सुन्दर कै, वहि जमुना के तीर,
भोर होत जल भरन जात रहीं, भइ गोपिन से भेट ।
गगरी धरीं उतारि, सखी सब मुसकानी,
बन्सी कै धुन सुनी, मगन होइ राहि भुलानी ।
सखिया भयीं बेहाल, गले बिच परि गै फा''सी,
भूलीं घर औ द्वार, तान सुनि सुनि वंसी कै ।

.....

११.१.४.१.३.२. धोबी जाति गीत (बिरहा)

धोबी जातिको गीतलाइ पनि बिरहा भनिन्छ । यी बिरहा गीतहरूमा करुण र शृङ्गार रसको प्रधानता हुन्छ । धोवी जातिका विरहा अहिर जातिमा पाइने विरहा जस्तै भएता पनि दुवैको लय र गतिमा केही फरक हुन्छ । वण्इ विषयमा पनि केही भिन्नता हुन्छ । हुन त धोबी समुदायले काम गर्ने समय तथा आराम गरिरहेका बेला यो गीत गाउने गर्छन् तर जातीय माङ्गलिक अवसर तथा अन्य संस्कारहरू यी जातिका गायक तथा कलाकारहरूद्वारा विशेष साजसज्जा तथा ढोलक, हारमोनियम, मृदंग, डफला आदि विभिन्न वाद्ययन्त्रहरू प्रयोग गरी प्रस्तुत गर्ने गरिन्छ ।

मोटी मोटी लिटिया बनावो धोबइनिया, बिहनै चलय्क बाय घाट,
तीन चीज जिनि भूलेव धोबइनिया, टिकिया तमाकू औ आगि ।

.....

धोबीलाइ घरमा र बाहिर यति धेरै काम हुन्छ कि उसले आफ्नो लागि चार चार श्रीमतीको परिकल्पना गरेको हुन्छ ।

धोबी का चाहिं चार मेहरिया एक घर कां, एक घाट,

एक मेहरिया रोटी पकावै, एक बिछावै खाट ।

धोबी जातिमा विवाह संस्कारमा आफ्ना जजमानहरूलाइ धोवी नाच देखाउनका लागि प्रस्तुत गर्छन । त्यो बेला नेगका रूपमा पारितोषिक पाउनका लागि गीतमा आफ्नो जजमानको प्रशंसा गर्छन् र नपाएका व्यङ्य पनि गर्छन् :

दइके अठन्नी पइसवा बाबू, दिहेव झगरवा लगाय,

बीच डगरिया मे लाठी चलिहैं, हमरी तिरिया राडि होइ जाय ।

यतने बडे मालिक के दुवरवा, बडे बडे अरमान हमार .....

अखिया देखि जुडानी अखिया, पेटवा भरि गै सुरति निहारि,

पइसा चाहे थोरै पायन, बतिया से भरिगै पेट हमार,

मालिक भरि गै पेट हमार ।

११.१.४.१.३.३. कोहार जाति गीत (कोहरउवा)

कोहार जातिका माङ्गालिक अवसर तथा अन्य बेलामा गाउने गीतलाइ कोहरउवा भनिन्छ । कोहरउवाको मुख्य गीत लहरा हो । लहरा दुइ कडीको हुन्छ र ठूलो पनि । यहा 'लहरा' गीतमा राम्रो लुगा लगाउने र ठूलो ठूलो कुरा गर्ने व्यक्तिहरूलाइ माथि ब्यङ्ग्य गर्दै भनिएको छ ।

लम्मी धोती कै पहिरइया, गले चलावैं तीर,

यनकै आस जनि किहेव हे गोइया, यी हैं भगइया वीर

ययँ चिकनाये घूमैं नाय, आन की मेहरिया के सथवा ।

.....

यसैप्रकार पौराणिक आख्यानमा आधारित विभिन्न किसिमका गीत पनि गाउछन् :

बेरिया कि बेरिया गरज्यो गरभी रवनवा, कि नाही कहना माने हो,

तूँ सीता के हरि लायव कि नाही कहना माने हो ।

.....

यी सबै का साथै विहरणीको ब्यथा पनि यसका विषयवस्तु हुने गर्छन् ।

.....

जबसे बलमवा गयेव परदेसवा, तबै से बलमा, सेजिया होइ गै मोर सपनवा, तबै से बलमा ।

दिनवा गनत मोरी अङ्गुरी खियानी रहिया चितवत, अखिया होइ बेसरमवा, तबै से बलमा ।

.....

११.१.४.१.३.४. कहार जाति गीत (कहरउवा)

विभिन्न माङ्गलिक अवसरमा पालकी लैजादा, पानी भर्दा तथा विहेका अवसरमा विभिन्न स्वाङहरू गर्दा कहार जातिले गाउने गीतलाइ कहरउवा भनिन्छ । कहरउवा गीत नृत्यका साथ प्रस्तुत हुदा अत्यन्त कर्णप्रिय लाग्छ । यसमा तुकान्त हुनुका साथै टेकको पुनरावृत्ति हुन्छ :

खेलन का माङ्य बलमा सरग तरइया हो,
सोने के थारी मा जेवना परोसेंव,
जेवना न जेवैं चरावैं लाली गइया हो । खेलन ..... ।
झाझर गेडुवा गंगाजल पानी,
गेडुवा न घूटैं चरावैं लाली गइया हो । खेलन ..... ।
लवङ्ग इलाइची कै बीरा जोरायौं,
बिरवा न कूचैं चरावैं लाली गइया हो । खेलन ..... ।
फूला हजारी कै सेजिया बिछायौं,
सेजिया न सूतैं चरावैं लाली गइया हो । खेलन ..... ।

कहरउवा गीतका कथानकहरू लामो पनि हुन्छन् । तर सानो रसपूर्ण गीतहरूको यस जातिका गीतहरूमा बाहुल्यता पाइन्छ । यी गीतहरूमा पारिवारिक तथा दाम्पत्य जीवनका विविध चित्रहरू पाइन्छन् :

रस ढुरि कै करेजवा मा जाय हो सखी
पनिया भरन गयौं बाबा के कुवना
छोटका दुलहा गोहन लगि जाय हो सखी,
यस रिसि लागै, यस रिसि लागै,
मार्यों रसरिया घुमाय हो सखी । रस ढुरि कै ..... ।
रोटिया पोवन गयौं बाबा की रसोइया,
छोटका दुलहा गोहन लगि जाय हो सखी,
यस रिसि लागै, यस रिसि लागै,
मार्यों बेलनवा घुमाय हो सखी । रस ढुरि कै ..... ।
सेजिया सोवन गयौं बाबा कै महलिया,
छोटका दुलहा गोहन लगि जाय हो सखी,
यस रिसि लागै, यस रिसि लागै,
मार्यों तकियवा घुमाय हो सखी । रस ढुरि कै ..... ।

११.१.४.१.३.५. माली जाति गति (पचरा)

माली देवीका उपासक हुन्छन् । शीतला माता (वीफर), हैजा या अन्य शारीरिक कष्टलाइ अवधी लोक समाजमा देवीको प्रकोपका रूपमा लिइन्छ । त्यो बेला मालीलाइ बोलाएर देवीको पूजाआजा गराइन्छ ।

यसरी पूजाआजा गर्दा मालीले देवीको स्तुति गर्दै पचरा गीत गाउछन् । कहीं कहीं यी कार्य दुसाध जातिका महिला, बाहुन जातिका महिला तथा भाट जातिका महिलाले पनि गर्छन् :

गहबर ऐपन मइया गहबर सेनुर, धियना कै धारि चढावौं मोरी मइया ।
जइसै जुडवाइउ मइया मालिन भटिनिया, वइसै सब जने जुडाय मोरी मइया ।
जै फल मइया मोरी अमवा का दिहिउ, तै फल हमहू का देव मोरी मइया ।
अमवा कै फल मइया झर झुरी जइहैं, सेवका अमर होइ जाय मोरी मइया
यहि कलियुग मा तीन अमर हैं, पानी पवन गङ्गा धूरि मोरी मइया ।

११.१.४.१.३.६. चमार जाति गीत (निर्गुन)

चमार जातिमा गीति परम्परा अत्यन्त नै मनोरञ्जक हुन्छ । यी गीतहरूमा निर्गुन किर्तन तथा नाचका गीत मुख्य हुन्छन् । यहा एउटा निर्गुन दिइएको छ :

मारि डारै कटीली तोरि अखिया
ब्रह्मा बस कीन्हा, विष्णु बस कीन्हा, मुनि बस कीन्हा, बजाय वंसिया । मारि ..... ।
काम बस कीन्हा, क्रोध बस कीन्हा, हरि बस कीन्हा, लगाय छतिया । मारि ..... ।
गोपी बस कीन्हा, ग्वाल बस कीन्हा, राधा बस कीन्हा, गले डारि फसिया । मारि ..... ।

११.१.४.१.३.७. गडेरिया जाति गीत

गडेरिया जातिको मुख्य पेशा भेडा पालन हो । किसानहरूले राम्रो मलका लागि भेडाहरूलाइ आफ्नो खेतमा राख्न चाहन्छन् र त्यसका लागि भेडा चराउने (गडेरिया) लाइ केही रकम पनि दिन्छन् । यसरी गडेरियाले सम्बन्धित व्यक्तिको खेतमा सबै भेडाहरूलाइ बसालि सकेपछि वहाहरूले आफ्नो बचेको समय मनोरञ्न गरेर बिताउछन्, त्यो बेला वहाहरूले गीत पनि गाउछन् । यी गीतहरू दुइ किसिमका हुन्छन् । एउटालाइ 'सिउरिया' र अर्कोलाइ 'पडोकीमार' भनिन्छ । यहा सिउरियाको केही भाग प्रस्तुत गरिएको छ :

बङ्गला बिच सोवै सिउरिया रे,
हरे ऊ बङ्गला कइसन छावा,
झिर झिर बरसै मेहा रे ।
हरे बङ्गला चुवन लागा,
बून गिरै मोरि छतिया रे,
मै गिरि गयेव खटिया के तरवा ।
आजु रोवै सिउरिया बङ्गला मा,
बिनु बलमा कवन उठावै रे ।
.....

११.१.४.१.४. धार्मिक गीत

अवध प्राचीनकाल देखि नै प्रमुख धार्मिक सांस्कृति केन्द्रका रूपमा रहिआएको हुनाले होला यस क्षेत्रको लोक समाजमा विभिन्न स्वरूपमा धार्मिक गीतहरू उपलब्ध छन् । यसैकारण अवधी लोक समाजमा रहेका लोकगीतहरूमा भक्तिका सबै स्वरूपहरूको प्रतिफल हेर्न पाइन्छ । यति मात्रै होइन प्रकृतिमा रहेका रुख, नदी, पहाड, पशुपन्छी, पृथ्वी आदिलाइ कसरी अवधी लोकगीतमा आफ्नो गीतहरूका इष्टको रूपमा समेतेको छ, त्यो पनि स्पष्ट हुन्छ । प्रवृत्तिका आधारमा अवधी लोकगीतहरूलाइ निम्न भागमा वर्गीकृत गरेर अध्ययन गर्ने गरिन्छ ।

११.१.४.१.४.१. व्रत उपवास पर्व, दान स्नानका गीत

अवधी भाषाभाषी समाजमा व्रत, पर्व उत्सव, दान तथा स्नान आदि अभिष्ट फल प्राप्ति फल प्राप्तिकालागि प्रमुख साधन हुने गर्दछन् । अवधी समाजले यी सबैका माध्यमले योग्य पति, पत्नी, बालबच्चा, मातापिता, दीर्घायुका साथै गाउको कल्याणका लागि समय समयमा व्रत, उपवास, पर्व उत्सव दान तथा स्नानसम्बन्धी विभिन्न किसिमका कार्यहरू विधि विधान पूर्वक अवधी समाजमा प्रचलित रहेका पाइन्छन् । उक्त अवसरमा त्यस सम्बन्धी गीतहरू गाइने प्रचलन विशेष रूपमा समस्त अवधी भाषी समाजमा पाइन्छ ।

११.१.४.१.४.१.१. चैत्र रामनवमीको गीत

चैत्र राम नवमीलाइ अवधी भाषी क्षेत्रमा विशेष महत्त्वका साथ हेरिन्छ । यो दिन विधि विधानपूर्वक व्रत बसेर पुजाआजा गरिन्छ । चैत्र रामनवमीका दिन हिन्दुहरूका आराध्य देव भगवान श्रीरामको जन्म भएको दिनका रूपमा यसलाइ लिने गरिन्छ । यो दिन राम जन्मको खुशियालीमा सोहर र भजन गाउने गरिन्छ :

श्री राम कै जनम भये चइत राम नवमी ।
धगरिन तो नेग माइय नार कै छिनौनी,
कौशल्या रानी कै हार माइय राम नहुअउनी । श्रीराम ..... ।
नाउनि तो नेग माइय, बुकवा कै मिजौनी,
कैकइ रानी कै हार माइय, चउकि कै लिपउनी । श्री राम ..... ।
पण्डित तो नेग माइय, साइत कै बिचरउनी,
राजा दशरथ कै हार माइय, नांव कै धरौनी । श्रीराम ..... ।
गोतिन तो नेग माइय, मङ्गल कै गवउनी,
रानी सुमित्रा कै हार माइय, नाच कै नचउनी । श्रीराम ..... ।

११.१.४.१.४.१.२. वरसाइत गीत

जेठ सुदी अमवस्याका दिन रूखको पूजा अवधी भाषाभाषी महिलाहरूद्वारा गरिन्छ । उक्त समयमा वरको पुजा गरेर परिक्रमा गर्दै गीत गाइन्छ । समग्रमा यी गीतहरूलाइ वरसाइतको गीत भनिन्छ । यी गीतहरूमा सोहर, उलारा आदि हुन्छ ।

बरगद बाबा कै फेरी लगावौं ।
पहिल फेरी मे माङौ माङि कै सेनुरा,
दूजे फेरी मा चूडी भरि बाहिं । बाबा कै फेरी लगावौं ।
तीजे फेरिमा माङौ लाल पियर चुनरी
एडिया मेहावर लाल । बाबा कै ..... ।
चउथी फेरी मा माङौ पायल औ बिछुवा
गोदी मा सोहै लाल । बाबा कै ..... ।
पचवा फेरी मा माङौ अनधन सोनवा,
बाढै नइहर ससुरारि । बाबा कै ..... ।

११.१.४.१.४.१.३. नाग पञ्चमी गीत

साउन महिनाको शुक्ल पक्ष पञ्चमीका दिन अवधी भाषाभाषी समाज नागपूजा गर्नुका साथै दिन भरिजसो मिष्ठान्य भोजनका साथै पिङ खेल्ने र बेलुकातिर पुतली (गुडिया) सेलाउने कार्यक्रम सम्पन्न गर्ने गरिन्छ । यो वेलामा गीतहरू पनि गाउने गरिन्छ । जसलाइ समग्रमा नागपञ्चमी कै गीत भनिन्छ । यी गीतहरू मुख्यतः नाग पूजा सम्बन्धी गीत (नाग जातिको महिमाको गान) तथा कजरी, सावनी आदि हुने गर्दछन् ।

अपने करन नाग जात पिसीहैं, तीन लोक भीख मङ्गए हो मोरे नाग दुलरुवा ।
जे मोरे नाग का गोहू भीखि दिहैं, बारह बैल कै दउरी हो मोरे नाग दुलरुवा ।
जे मोरे नाग का चाउर भीखि दिहैं, लाले लाले ललना खेलइहैं हो मोरे नाग दुलरुवा ।

.....

साउन महिनाको शुक्ल पक्ष पञ्चमीका दिन अवधी भाषाभाषी समाज नागपूजा गर्नुका साथै दिन भरिजसो मिष्ठान्य भोजनका साथै पिङ खेल्ने र बेलुकातिर गुडिया सेलाउने कार्यक्रम सम्पन्न गर्ने गरिन्छ । यो वेलामा गीतहरू पनि गाउने गरिन्छ । जसलाइ समग्रमा नागपञ्चमी कै गीत भनिन्छ । यी गीतहरू मुख्यतः नाग पूजा सम्बन्धी गीत (नाग जातिको महिमाको गान) तथा कजरी, सावनी आदि हुने गर्दछन् ।

११.१.४.१.४.१.४. कृष्ण जन्माष्टमी गीत

भाद्र कृष्ण पक्ष अष्टमीका दिन अवधी भाषी महिलाहरूद्वारा भजन वा सोहर गीत गाइन्छ । जसलाइ समग्रमा कृष्णाजन्माष्टमी गीत भनिन्छ ।

आजु गोकुल मे नन्दलाल पयदा भयें ।
बासुदेव जी के आखी कै तारा भयें ।
मातु देवकी कै दिलदार पयदा भयें ।
नन्दबाबा के आखी कै तारा भयें ।
मातु जसुदा कै नन्दलाल पयदा भयें ।

गोपी ग्वालन के आखी कै तारा भयें,
वृजवासिन के दिलदार पयदा भयें ।

११.१.४.१.४.१.५. नवरात्र गीत

अवधी भाषी क्षेत्रमा असोज र चैत्र महिनाको शुल्क पक्षको प्रतिपदादेखि नवमीसम्म देवीका विभिन्न रूपको पूजा अर्चना विधि विधान पूर्वक गर्ने गरिन्छ । पुजा गर्ने वेलामा गीत पनि गाइने गरिन्छ । यी गीतहरूमा मूलत: देवी गीत र पचरा हुने गर्दछन् ।

बछरु चरावन निकरी हैं काली मइया, कि कहाँ जाबू हो ।
तूँ तो अलप बयसवा कि कहाँ जाबू हो ।
हमसे टिकटोरिया जनि करो अकबर रजवा,
कि हरि लेबै नाय तोहरी चढी जवनिया कि हरि लेबै नाय ।
लोहवा कै कोठरी उठइबै मोरी मइया,
कि कइसै लेबू तूँ पइठरिया कि कइसै लेबू नाय ।
लोहवा कै कोठरी उठइबौ अकबर रजवा,
कि भवरा बनि लेबै हम पइठरिया, कि हरि लेबै नाय, तोहरी ..... ।
तसवा खेलत तोहरे पुतवा के मरबै
कि पतोहिया तोहरी हरबै राम रसोइया, कि हरि ..... ।
बीच कचहरिया अकबर तुहैं जे मरबै
कि रानी तो हरी मरबै फुलवा के सेजिया, कि हरि ..... ।

११.१.४.१.४.१.६. डिठवन गीत

डिठवन अर्थात् कार्त्तिक शुल्क एकादशीका दिन पहिलो चोटी घरमा उखु भित्र्याइन्छ । यो दिन पुरै घर सफा गरिन्छ । एकादशी रातको अन्तिम प्रहरमा उखुले सुप ठठाएर गीत गाउदै दरिद्रतालाइ भगाइन्छ । जसलाइ डिठवन गीत भनिन्छ ।

इश्वर आवैं दलिद्दर जांय
लक्ष्मी आवैं दलिद्दर जाय ।

११.१.४.१.४.१.७. नहान गीत

कात्तिक महिना शुल्क पक्ष पूर्णिमाका दिन अवधी भाषी महिलाहरू विशेष रूपमा विधि विधान पूर्वक नदीमा स्नान गर्ने गर्दछिन् । यो वेला समुहगत रूपमा यी महिलाहरूद्वारा देवी गीत तथा भजन किर्तन गर्ने गरिन्छ । समग्रमा यसलाइ नहान गीत भनिन्छ ।

मचियहिं बइठै ली सासु तो बहुवरि अरजि करैं,
हे मोरि सासु लागा अयोध्या नहनवा, नहाये हम जाबै ।

कवने कुण्ड नहाबू तो कवने ही कुण्ड बइठबू ,
हे मोरि बहुवरि कवने कुण्ड देबू दान कवन फल पइबू ।
चन्द्रहि कुण्ड नहावै, सुरज कुण्ड बइठब
हे मोरि सासू सरग दुवरिया देवै दान, होरिल फल पइवै ।

११.१.४.१.४.१.८. शिवरात्री गीत

फाल्गुन महिना कृष्ण पक्ष त्रयोदशीका दिन भगवान शिवको व्रत बस्ने महिलाहरू शिव मन्दिरमा दर्शन गर्न जानेवेला भजन तथा फागुगीत (भक्ति भावना पूर्ण) गाइन्छ । समग्रमा यी गीतहरूलाइ शिवरात्री गीत भनिन्छ ।

फागुन मास परी सिवरतिया, करिना भूखै सिवराति, अङ्गीया रङ्ङ भरी ।
घर घर करिना हो सखिया पुकारै, चलो सखी सिउ बाबा परिछन, अङ्गिया रङ्ङ भरी ।
घुमडि घुमडि करिना सिव बाबा परिछै, सिव बाबा हसइं ठठ्ठाइ हो, अङ्गिया रङ्ङ भरी ।
कवनो मङ्न तू माङौ हो करिना, तवन माङ्न हम देब, अङ्गिया रङ्ङ भरी ।
राजा दसरथ जेस सासुर माङैं, कौशिल्या यइसन सासु, अङ्गिया रङ्ङ भरी ।
लछमन यइसन देवर माङैं, पुरुष माङैं भगवान, अङ्गिया रङ्ङ भरी ।

११.१.४.१.४.२. देवी देवतासम्बन्धी गीत

अवधी लोक जीवनको दृष्टिको बहुदेववादी छ । धार्मिक पृष्ठभूमीमा आधारित लोकजीवनमा प्रचलित गीतहरूमा त्यसको खण्डन गर्ने प्रवृत्ति हुदैन । यी गीतहरू विशुद्ध आस्थाबाट प्रभावित हुन्छन् । बहुदेववादको चलनको मूल कारण मानिसले आफ्नो कामना पूर्ण गर्नका लागि अनेकौ देवी देवताहरूको प्रार्थना गर्नु हो । जसलाइ उसले यी देवी देवताहरूको कृपाबाट पूर्ण भएको अनुभव गर्दछ । यसैकारण ऊ यी देवीदेवताहरूप्रति आस्था देखाउन प्रयत्नशील रहन्छ । यस प्रकारका गीतहरूलाइ दुइ भागमा बाडेर अध्ययन गर्ने गरिन्छ :

११.१.४.१.४.२.१. देवी गीत : शुभ संस्कार तथा देवीहरूको पूजाआजा गर्दा मुख्य रूपमा यी गीतहरू गाउने गरिन्छ । यी गीतहरू गाउखादेरि आवश्यकताअनुसार लचारी, सोहर, भजन आदि लयहरू प्रयोग गरिन्छ । यसलाइ भवानी गीत पनि भनिन्छ ।

फूल लोढे चली हैं भवानी मइया (काली शीतला, जालपा आदि) हाथ डेलरिया लिहे ।
फुलवा कै मातल भवरवा, अचरवा बइठा बिलसै ।
हँसि हँसि पूछैं अगुवा चन्द (डीह बाबा, भैरव बाबा, डाकुर बाबा, लालचन्द, नाथ बाबा) अपने बहिनी से नाय ।
बहिनी सगरी चुनरिया तोहरी लाल, अचरवा काहे धूमिल ॥
फूल लोढै गयौं फुलवरिया, मलियवा के बगिया,
भइया फुलवा कै लोभी भवरवा, अचरवा हमरे बिलसै ।

बिन धिया होमिया न होइहैं, दुधहि बिन जाउरि,
भइया बिनु धना धरमवा न होइहैं, पुतहि बिन सोहर ।

.....

११.१.४.१.४.२.२. शीतला माइको गीत

चैत्र र साउन महिनाको सप्तमीका दिन शीतला माताको पूजाआजा गर्ने चलन अवधी भाषी क्षेत्रमा विशेष रूपमा पाइन्छ । यो वेला शीतला माताको स्तुति गर्दै गाइने गीतलाइ शीतला माइ कै गीत भनिन्छ ।

चैत्र र साउनको सप्तमीका दिन शीतला माताको विधिपूर्वक पूजा गरिन्छ ।
छोटहि बहिनी सीतला माइ गोडवा घुघरु सोहै,
माता ठाडी जमुनवा के तीर, तो गोडिया पुकारै ।
अरे, अरे गोडिया बेटउवा, तू नइया लइ आवो,
गोडिया मोरा लस्कर परवा उतारो मै देश देखन जाबों ।
काव तू देसवा देखन जाबू तो देसवा भियावन,
मइया घर घर हनि गै केवडिया, तो लोगवा दुखि भये ।
जातै केवडिया खोलइबै, तो दियना बरइबै,
गोडिया गरबी कै गरब नेवरबै, दुखित जुडवइबै ।

११.१.४.१.४.२.३. संकटा माइको गीत

संकटा माइलाइ संकट टार्ने देवीका रूपमा अवधी भाषी क्ँत्रमा पूजाआजा गर्ने गरिन्छ । विशेष गरेर विवाह संस्कारमा सुहाग हाल्ने सातजना सुहागिनहरूलाइ संकटामाइको दुरदुरिया खुवाएर (यसमा चना, मिठाइ वा लाइ चना, सक्कर अथवा पूढी तथा दही हुन्छ) भिक्षा मागिन्छ । सातै जना सुहागिनहरूले आ-आफ्नो भागबाट भिक्षा दिन्छन् । अगियारी (हवन) गरेर पानको सात टुक्रा चढाइन्छ । यो बेला संकटाको कथा पनि भनिन्छ र गीत गाइन्छ :

देवी संकटा माइ घरे आइ गयीं हमरे ।
सोने के थारी मा जेवना परोसेव, जेवै के मइया घरे आइ गयीं हमरे
देवी ..... ।
झांझर गेडुवा गंगाजल पानी, घूटै के देवी घर आइ गयीं हमरे ।
देवी ..... ।
लवङ्ग इलाइची कै बीरा जोरयौं, कूचै के मइया घरे आइ गयीं हमरे ।
देवी ..... ।
फूल मैं चुनि चुनि सेजिया बिछायौं, सूतै के मइया घरे आइ गयीं हमरे ।
देवी ..... ।

११.१.४.१.४.४. देवतासम्बन्धी गीत

अवधी भाषी समाजका देवताहरूमा मुख्यतः डिउहार, इन्द्र आदि देवताहरूको विधि विधानपूर्वक वर्षमा एकचोटि पूजाआजा गर्ने गरिन्छ। यी देवताहरूको महिलाहरूद्वारा पूजाआजा गर्दा जुन गीतहरू गाइन्छ, समग्रमा ती गीतहरूलाइ देवतासम्बन्धी गीत भनिन्छ।

सावन तुलसा जामन लागी, भादो मे तुलसा कै दुइ दुइ पात।
क्वारै तुलसा कहरन लागी, कातिक तुलसा कै रचा है बियाह॥

.....

११.१.४.१.५. बनस्पति सम्बन्धी गीत

११.१.४.१.५.१. नीम गीत

निबिया के डरिया मइया डारे हीं हिडोलवा, कि झूली झूली नाय
मइया गावै लागीं गितिया कि झूली झूली नाय ..... ।
झूलत झूलत मइया गयीं हैं पियासी, कि हेरै लागीं नाय,
मइया मालिन फुलवरिया कि हेरै लागीं नाय ..... ।
भीतर बाटिउ कि बहरे मोरी मालिन कि बून एक नाय,
मालिन पनिया पियउतिउ कि बून एक नाय।
कइसै कै पनिया पियावों मोरी मइया कि,
मोरे गोदी नाय, सोवै तोहरा बलकवा कि मोरे गोदी नाय।
बालक सोवावो मालिन सोने कै खटोलवा कि
बून एक नाय मालिन पनिया पियावो कि बून एक नाय।
बाढै मालिन तोहरा भइया से भतिजवा कि
जुग जुग नाय जीयै गोदी कै बलकवा कि जुग जुग नाय।
पीपल (पीपर) सम्बन्धी गीत
बाबा दूअरवा पिपरवा कै पेडवा, हहर हहर करै पात,
तहि तर मोरे बाबा गोनरी बिछावैं, पूजत हैं सालीग्राम।

.....

११.१.४.१.५.२. बर (बरगद) को गीत

बरगद बाबा कै फेरी लगावौं।
पहिले फेरी मै माङौ माडी कै सेनुर, दुसरे में चूडी भरि बांह।
बाबा ..... ।
तिसरे मैं माङौ लाली चुनरिया, चउथे मे बिछिया पाँव। बाबा..... ।

पचवे मैं माङौ गोदी कै बलकवा, दुधन पूतन जुडावै ।

बाबा ..... ।

छठवे मैं बाढै नइहर सासुर, सतवे मे माङौ सोहाग ।

बाबा ..... ।

११.१.४.१.५.३. अमला (अवरा) को गीत : कार्तिक शुक्ल पक्ष नवमीका दिन अवधी भाषी महिलाहरू आमलाको रुख मुनि भोजन पकाउछन् । सो समयमा उनीहरू आमलाको रुखको पूजा गर्दे धार्मिक गीतहरू गाउछन् । सो गीतलाइ समग्रमा अवरा कै गीत भनिन्छ ।

११.१.४.१.५.४. बेलको गीत : अवधी भाषाभाषी लोक समाजमा वेल रुखको पात, फल तथा काठलाइ विभिन्न रूपमा पूजाका लागि प्रयोग गर्ने गरेकोले यस सम्बन्धी विभिन्न गीतहरू उपलब्ध छन् । समग्रमा यी गीतहरूलाइ बेल कै गीत भनिन्छ ।

११.१.४.१.५.५. कुशको गीत : भादौ कृष्ण पक्ष पष्ठीका दिन छोराछोरीलाइ दीर्घजीवि बनाउनका लागि विधि विधान पूर्वक कुशको बोटको पूजा गरिन्छ । सो अवसरमा गीत पनि गाइन्छ, जसलाइ कुश कय गीत भनिन्छ ।

११.१.४.१.६. नदीको महिमा गीत : अवधी संस्कृतिमा खोलालाइ देवीको रूपमा पूजा गरिन्छ । यो परम्परा आजदेखि नभएर वैदिक युगदेखि नै छ । विभिन्न व्रत तथा पर्वहरूमा गंगा, यमुना, सरस्वती तथा सरयु नदीमा गएर स्नान गरेमा बाञ्चित फल प्राप्त हुने विश्वास गरिन्छ । स्नान गर्ने बेलामा यी नदीहरूको महिमा गान गर्दे विभिन्न किसिमका गीतहरू गाइन्छ । जसलाइ समग्रमा नदी कय महिमा गीत भनिन्छ ।

११.१.४.१.६.१. गंगाको महिमा गीत : गंगा स्नानको अवधी भाषी समाजमा विशेष स्थान छ । गंगा स्नान गर्नकालागि सजिसजाउ भएर महिमा गीत गाउदै आउदै गरेका महिलाहरूको टोलीलाइ हेर्दा कसको मन तरङ्गित हुदैन् ।

गहबरि पियरी रङइबो, तो गङ्गा के चढइबो

हे मोरी मइया देहु भगीरथ पूत, जगत जस गावै ।

११.१.४.१.६.२. यमुनाको महिमा गीत : यमुनालाइ अवधी भाषी क्षेत्रमा जमुना पनि भनिन्छ । अवधी भाषी क्षेत्रमा यमुनालाइ यमराजको बहिनीको रूपमा पूजाआजा गरिन्छ । अवधी लोकगीतमा गंगाका साथै प्रायः यमुनाको पनि गीत गाइन्छ । यी गीतहरूलाइ समग्रमा यमुना कय महिमा गीत भनिन्छ ।

मानिक मोरा हेराने हो रामा जमुन जलवा ।

मिलत नाहीं खोजि हारेंव हो रामा जमुन जलवा ।

जमुना कै चिकनि मटिया गिरेंव विछिलाय हो रामा जमुन जलवा ।

११.१.४.१.७. बादर (बादल) को महिमा गीत

कृषीको मुल आधार जल हो । जलदाताको रूपमा अवधी भाषी क्षेत्रमा बादललाइ विशेष स्थान प्राप्त छ । अकाल तथा पानी नपरेको बेलामा यी बादलहरूको विशेष रूपमा पूजाआजा गर्ने र सो बेलामा महिमा गति गाउने चलन विशेष रूपमा पाइन्छ । समग्रमा यी गीतहरूलाइ बादर कय महिमा गति भनिन्छ ।

गरजहु ये दयवा गरजहु गरजि सुनावो,
दयवा बरसौ जाय कै खेत, खेत जुडवावो ।

११.१.४.१.८. गाइको महिमा गीत

अवधी लोक जीवनमा गाइलाइ विशेष स्थान प्राप्त छ । यसैकारण यससंग सम्बन्धित विभिन्न किसिमका लोकगीतलाइ अवधी समाजमा महत्त्वपूर्ण स्थान प्राप्त छ । यी गीतहरूमा गाइको महिमाको विशेष रूपमा वर्णन गरिएको पाइन्छ । जसलाइ समग्रमा गाय कै महिमा गीत भनिन्छ ।

गइया मइया के मैं सुमिरौ, कीरति सबसे बडी तोहारि ।
तूहीं पालिउ लरिका बच्चा, तुहीं तो हिउ पुरखनि हमारि ।
तूहीं राखौ यहि दुनिया मा, तूहीं देव बैतरनी उतारि ।
तोहरेन दुध दहिउ कै महिमा, जानै देव पित्तर सब कोय ।
तोहरेन गोबरे के लीपे से, सबकै घर पवित्तर होय ।
तोहरेन बछवस खेती कइके, पालै लोग अपन परिवार ।
तोहरेन पूजा औ रक्षा से, सारा जनम सफल होइ जाय ।
घसिया के बदले दुधवा पियावैं, सारा जनम सुफल होइ जाय ।

११.१.४.१.९. श्रम गीत

समाज कृषी पेशामा आधारित अवधी लोक जनजीवनमा श्रम गीतको विशेष महत्त्व छ । यी गीतहरूलाइ समग्रमा श्रम गीत भनिन्छ । अवधी लोकसमाजमा मुख्यतः निम्न किसिमका श्रम गीतहरू उपलब्ध छन् : जतसारी गीत, वइठउनी गीत, सोहनी गीत ।

११.१.४.१.९.१. निरउनी गीत

निरउनी गीत खेतको रोपाइं अथवा खेतमा लगाएको बाली उम्रि अलिक ठुलो भएपछि र सकिएपछि गाइने गीत हो । यस गीतमा खेतीपातीलाइ संगसंगै राखेर राधाकृष्ण, गोकुल, खानपान आदिको वर्णन हुन्छ भने, खेत गोडने बेलामा सहभागी भएकाहरूको पनि नाम, काम उल्लेख गर्दै गाइन्छ । प्रस्तुत गीतमा पनि देवर भाउजु खेत गोड्न गएको, राधाकृष्णलाइ नरनारी भनेर सम्बोधन गरिएको छ । खाना, पुडी, सोहारी र बस्न अग्लो मचान दिन्छु भन्दै भाउजुले आश्वासन दिइरहेको कुरालाइ बडो सुरिलो ढङ्गले दर्शाइएको छ ।

कजरी बन बोय आयी झारि चँउरइया
कजरी बन बोयँ आयी झारि चँउरइया
जब चँउरइया जामन लागे २ निरइबै देवर भउजइया
कजरी बन बोय आयी झारि चँउरइया
जब चँउरइया रे पाकन लागे २ कटबै देवर भउजइया
कजरी बन बोय आयी झारि चँउरइया
जब चँउरइया रे दाँवन लागे २ ओसइबै देवर भउजइया
कजरी बन बोय आयी झारि चँउरइया

यस गीतमा चउवरइया लगाएको र पाकेपछि देवर भाउजु मिली काट्ने, दाँइ गर्ने र ओसाउने भनिएको छ भने अन्तमा बैद्य बनेर कृष्ण गाउ गाउमा घुमिरहेका बताइएको छ । यहां कृष्णलाइ बनवारी भनिएको छ । राधाले आफूलाइ सन्चो नभएको भनि बोलाउदा उनी भन्छन्, तिमीलाइ कुनै रोग छैन, तिमी त विरहमा परेर यस्तो भएको कुरा उनलाइ बताउछन् ।

गोकुला से बयद बने हैं बनवारी २
गली गली मे बयद पुकारे हैं कोइ दुखिया चारी २
अपने महलिया से राधा बोलैं हम हिन दुखिया बेमारी
हाथे पकरैं पहुचा पकरैं अँगुरी पकर बिचारी
रोग दोष तुहैं कुछ नाही है तु हिउ बिरह कै मारी २
गोकुला से बयध बने हैं बनवारी २
आज बयध तुहैं जाय न देबै खातिर करब तुहारी
खायके देबै पुरी सोहारी रहै के उचि अटारी
गोकुला से बयध बने हैं बनवारी २
शुर श्याम से कहैं राधिका तु नार हम नारी
गोकुला से बयध बने हैं बनवारी

११.१.४.१.९.२. जाता (जतसारी) गीत

यस गीतमा गाउमा कुटुनीले सासु बुहारीबीच लगाएको झगडाको विषय वस्तुलाइ गीतको प्रसङ्ग बनाइएको छ । सासु र नन्द गंगा स्नान गर्न गएको र कान्छी बुहारीलाइ घेरा खिचेर बन्द गरी गएका छन् कि कोही आयो भने थाहा पाउन सकिन्छ । तर बुहारीले एकाङ्कीपन हटाउनको लागि आगो लिने बहाना कुटुनीलाइ आउन आग्रह गर्छिन् । ऊ पनि आउछे तर उनलाइ थाहा छैन कि यसले पछि मलाइ फसादमा पर्छे भनेर ।

सासु ननद दूनों गंगा असननवा हो ना ।
अरे रामा रेखवन खिंचि गइं चिन्हिआ हो ना ।
घर लीपै चलै लीं लहुरी पतोहिया हो ना ।

अरे रामा खिचि गइं रेखवन चिन्हिआ हो ना ।
मोरे पिछुअरवा कुटनी बढंइतिन हो ना ।
कुटनी अगिआ रे बहाने घरवा अउतिउ हो ना ।
तोहें मैं देबौ कुटनी डाल भर सोनवा हो ना ।
.....॥

प्रस्तुत गीत भोजपुरी जनजीवनमा पनि प्रचलित छ । तर हाल यी गीतहरू गाउने अवस्था (जाँतो पिस्ने) नै कार्यनै मेसिनले हुन लागेको कुरा वस्तुगत यथार्थ हुदा खेरी यी गीतहरू प्रचलन देखि बाहिर आउन पुगेका छन ।

११.१.४.१.९.३. कटिया गीत

धान काटने बेला पनि समुह गीतको अवसर हुन्छ । यस बेला अवसर अनुसारका गीतहरूका साथसाथै कजरी गीत नै गाइन्छ ।

११.१.४.१.९.४. रोपाइ गीत

रोपाइको समयमा गाइने गीत वर्षे गीत हो । यो गीत रोपाइंको समयमा थकान दुर गर्नको लागि गाइन्छ । यसमा पति पत्नी बीचको प्रेम भाव, नागपञ्चमीको समयमा माइत जानको लागि पत्नीले पतिसंग गरेको बिन्तीभावलाइ पनि समाबेश गरिएको हुन्छ । यो यीत समुहमा गाइन्छ । रोपाइंका समयमा खेतमा गाइने भएकोले यसमा कुनै किसिमको बाजाको प्रयोग गरिएको पाइदैन ।

१. चुनि चुनि कलिया मैं जेवना वनायौं रामा
जेवना न जेवैं लगाइ के कुरसी जइसै नरमी अमोलवा बलम की जुलूफी ।
गंगा जलवा से गेडुवा भरायवँ रामा, गेडुवा न घूटैं लगाइ के ..
लवङा इलइची कै विरवा जोरायौं रामा, विरवा न कुँचै .....
चुनि चुनि फुलवा मैं सेजवा लगायौं रामा, सेजिया न सेवैं .....

यस गीतमा पत्नीले पतिका निम्ति खाना बनाएको तर पति आफ्नै धुनमा मस्त रहेको कुरालाइ गीतको प्रसङ्ग बनाइएको छ ।

२. तीन दिनवा के हमरे नइहरे कै कजरी जाये देता हो नाय
राजा हमरे नइहरे जाये देता हो नाय । राजा ....
जउ तु धनिया जइबू नइहरवा
कि हम कइसै नाय,
रहबै अपनी मडइया
धनिया हम कइसै नाय ।
जौ तुँ धनिया हो जाबू नइहरवा,
कि टिकुलिया धइकै नाय

जायौ हमरे सेजरिया
टिकुलिया धइकै नाय ।
आधी की रतिया घुमब करवटिया,
कि जनवै कि नाय
बाटिउ हमरी सेजरिया
कि हम जनबैं नाय । कि हम जनवै .....
जौ तुँ धनिया हो जइबू नइहरवा,
कि बुलकिया धइकै नाय,
जायौ हमरी सेजरिया, बुलकिया धइकै नाय ।
आधी की रतिया घुमब करवटिया
कि हम जनवै नायँ
बाटिउ हमरी सेजरिया
कि हम जनवै नाय, बाटिउ ...

यस गीतमा पत्नीले माइत जाने कुरा गरिरहेकी छन् भने पतिले तिमी माइत गये पछि आफु प्रेम वियोग पर्ने कुरा गर्छन् । तिमी माइत गएपछि आफु एक्ले कसरी बस्ने, राति सुत्दा पनि तिम्रो याद आउछ लाग्छ कि तिमी मेरो नजिकै छौ, कोल्टो फेर्दा त्यस्तै भान हुन्छ भन्ने जस्ता भाव पतिले पत्नीलाइ गीतमा सुनाएका छन् । पतिले पत्नीलाइ माइत जाने बेलामा आफ्ना सबै श्रृंगारका गरगहना आफ्नो खाटमा राखेर जान भन्छन् ।

११.१.४.१.१०. खेल तथा पालना सम्बन्धी गीत

अवधी भाषा संस्कृतिमा बाल गीत अर्न्तगत बोली फुटेका, साना नानी जसलाइ असल आनीबानी सिकाउनु पर्ने छ, अथवा बोली नै नफुटेका अबोध बच्चाहरूलाइ सुताउन, खेलाउन र सिकाउनका लागि गीतहरूको प्रयोग गरिन्छ, जसलाइ लोरी पनि भन्ने गरिन्छ । जुन धेरै नै प्रभावकारी रूपमा देखा परेको पाइन्छ ।

प्रस्तुत पहिलो गीतमा खेल सम्बन्धी रहेको छ । जसमा बच्चाहरू हातेमालो गरी घेरा बनाउछन र यही गीत गाउछन् । त्यसरी नै अरू गीतहरू रुदा फकाउनको लागि र सुताउनका लागि गाइने गीतहरू हो । यस किसिमको गीतमा विषयवस्तुको गम्भीरता भन्दा गीतात्मक स्वरले बच्चालाइ फुल्याउने उद्देश्य हुन्छ ।

यो गीत बच्चाहरू चौघेरा बनाइ गाउदै खेल्छन् । यस गीतमा राजारानी आइ पोखरी बनाउछन र त्यसको वरिपरि मकै रोप्छन । मकै पसाउन थाल्छ र फुटमा बतिला लाग्छ, त्यो सब टिपेर खाइदिन्छन र खेत मालिक आएपछि पोल लाईदिने भन्दा खेतमालिकले आफ्नो लामो धोती सम्हाल्दै भन्छन् कृष्णका सन्तान अहिरहरूको के कुरा गरौ ।

राजारानी आवत हैं

पोखरा खनावत हैं
पोखरा के इरे तीरे
जोन्हरी बोवावत हैं
जोन्हरी मे जीरा लागै
कँकरी मे बतिया
तूर तूर खाय लेय
दहिजरे कै नतिया
आवै देव तेवारी भइय्क
कहि देबै बतिया
लम्मी चौडी धोती पहिरैं
काँन्हे धरैं लठिया
अहिर बिरजा लाल कै
कहां ले करी बतिया ।

यो गीत बच्चा रुँदा खेरी खेलाउने मान्छे गाउदै बच्चालाइ फकाइन्छ । यो गीतमा गुल पाकिरहेको र चरा नाचिरहेको, चरालाइ तेलमा भुट्ने, भुटिसकेपछि हाथगोटा बिरालोलाइ र वीचको भाग बाबुलाइ दिने भनिएको छ ।

हुलुर गुलुर गुल पाकत है
भइया कै चिरइ नाचत है
आव रे चिरइया बस लोले से
तोकां भूजब तेले से
हथवा गोडवा बिलरिया खाय
बिचली खडियवा हमार भइया खाय ।

यो गीत पनि बच्चा रुदा फकाउने गीत हो । चरा आइजा बासुरी बजा, बाबुलाइ खेलाए, टोपीमा फुलरा लगाऊ । यस सिलसिलामा दिदीले चरालाइ हान्दा उडेर गयो बाबुले हान्दा मऱ्यो भनिएको छ ।

आव रे चिरइया बन बसिया बजाव
बसिया बहाय हमरे भइय्क खेलाव
भइया के टोपिया मे फुलरा लगाव
बहिनी मारैं गोलिया चिरइया उडि जाय
भइया मारै गोलिया चिरइया मरि जाय ।

तल उल्लेख गरिएको गीत बच्चाहरू खेल्ने समयमा गाउछन् । यसमा पनि चौघेरा बनाइ थपडी बजाउदै राजारानी आउछन । पोखरी खनाउछन् र त्यसको चारैतिर इमिली लगाउछन् । इमिलीको

टोडकोमा बत्तिसओटा अण्डा, रामचन्द्रले डण्डा चटकाउदा रेतमा खस्छ र माछाको पेटमा लाग्छ, त्यो देखेर कौवाले काँ काँ र चिलले झप्टेर लाने विचार गर्छन तर निरहुले रहरको खेतमा पछार छ ।

राजारानी आवत हैं
पोखरा खनावत हैं
पोखरा के इरे तीरे
इमिली बोवावत हैं
इमिली के खोँजडा मे बत्तिस अण्डा
राम चरण चटकावैं डण्डा
डन्डा गिरा रेत मे
मछरी के पेट मे
कउवा कहै क्वाँ क्वाँ
चील कहै झपटी
निरहुक टाँग
खुटहनियम् पटकी ।

निम्नलिखित गीत बच्चाहरू लुकामारी खेल्दा गाउछन् । एक जनाले प्रश्न गर्छ र लुक्न जानेहरूले उसको प्रश्नको जबाफ दिन्छन् । प्रश्नमा तिमी के गरिरहेका छौ भन्दा हगुहे खाल्डामा खेल्दै छु, तालको माछा हेर्दैछु, माछा मारी जम्मा गर्दैछु, भोलिशहरमा बेच्छु, बेच्दा एकसेर कोदौ पाउछु र आमा बहिनीलाइ पाल्छु भनि जवाफ दिन्छ ।

भइया रे भइया तु का करत हौ
हगनी गडहियम् खेलित है
ताले महिकै मछरी खियाल करित है
मार मार मछरी बिटोरित है
भिनगी शहरिया मे बेचित है
शेर भर कोदौ पाइत है
भाइ बहिन जियाइत है ।

यो गीत बच्चा रुदा फकाउने र सुताउने गीत हो ।

न रोवै भइया न रोवै नाय
दुर रे दुरनवा
कुकुर काटै कनवा
सोय जाय भइया सोय जाय नाय
भइयक निदिया आय जाय नाय

यस गीतमा नरोउ बाबु आमा आउदैछिन, रातो खेलौना पनि ल्याउदै छिन, कुलोकुलेसा पार गर्दैछिन, महुवाको दाउरा टिप्दैछिन, कनिकाको भात पकाउदैछिन भनि बच्चालाइ आश्वासन दिइएको छ भने अन्तमा गोपालले टोकरी बिन्छ र बाबुको विहेका ब्वाँसो नाच्छ भनिएको छ ।

न रोव भइया न रोव नाय
भइय्क अम्मा आवत हीं
लाल खेलउना लावत हीं
कुला मेड छटकत हीं
महुवा कै लकडी बीनत हीं
खूदिक भात बनावत हीं ।

यो गीत बच्चालाइ साझ खाना ख्वाउने समयमा गाइन्छ ।

चन्दा मामा आरे आवो
धाय आवो धपाय आवो
सोने के कटोरवा में
दूधभात लिहे आवो
भइय्क मुहा में
खियाय देव गूटुक्क से ।

यो गीत समुहमा बसेर गाउदै खेल्ने गीत हो । यसमा बच्चाहरू सबै जनको हाथमुठी बनाउदै एकमाथि अर्को राख्छन् र यो गीत गाउछन् ।

तर काटै तरकुलवा काटै
काटै बन कै खाजा
हथिया परकै घुंघुरु
चमकि रहै राजा
राजा कै रजाइ भीजै
बहिनी कै दुपटटा
खीच मार खीच मार
मुसरी सुपुट्ट ।

निम्नलिखित छन्दहरू खुदुरे गीत हुन । खेलको क्रममा यी छन्दहरू उच्चार गरिन्छन । यिनमा पनि खासै सार्थकता हुदैन ।

अक्का पक्का तीन तडक्का
सावन मे पेडार पक्का
हथवा पिचुक्क
चल हथिया पानी पियय

चल.....

थोथी थोथी रोटिया

घिया चभोडिया

बाल बच्चे मरिगे

कनवा पकर .....

घाउ माउ

दहिया जमाउ

छगडीक बच्चे म्याउ

चिटी मारौ चीटी मारौ ...

११.१.४.२. मुस्लिम समुदायका गीत

मुस्लिम समुदायमा गीतहरूलाइ गाउनका लागि धार्मिक रूपमा प्रतिबन्धित छ । तर यति हुदाहुदै पनि अवधी भाषी समुदायमा रहेका मुस्लिम समुदायमा हुने विभिन्न संस्कारमा केही गीतहरू गाइन्छन । ग्रामीण मुस्लिम समुदायमा यसको जीवन्त रूप हेर्न पाइन्छ । यी गीतहरूमा पनि अवधी लोक समाज ग्रामीण जीवनको स्पष्ट चित्र हेर्न पाइन्छ । मुस्लिम समुदायमा पाइने यी गीतहरूको अध्ययन गर्दा दुइ भाग बाडेर अध्ययन गर्ने गरिन्छ :

(क) खुशीको अवसरमा गाइने गीत

(ख) दाहा गीत (शोक गीत)

११.१.४.२.१. खुशीको अवसरमा गाइने गीत

११.१.४.२.१.१. पुत्र जन्म : मुस्लिम समुदायका घरमा पुत्र जन्मका अवसरमा प्रसन्नताको अभिव्यक्तिका रूपमा सोहर र उलारा गाउने चलन छ । यी सोहर र उलारामा अवधी भाषाको ठाउमा अधिकांश रूपमा उर्दू शब्दहरूको प्रयोग गर्ने प्रवृति हुन्छ । एउटा सोहर यहा प्रस्तुत छ ।

अल्ला ने करि ली दुवा कबूल, हमारे घर बच्चा पैदा हुवा ।

बच्चा कै दादी खुसी भइ हैं, बच्चा ने किया है कमाल

हमारे घर बच्चा पैदा हुवा ।'

.....

यसै किसिमले परिवारका अन्य सदस्यहरूको पनि नाम लिएर यो गीत गाइन्छ ।

११.१.४.२.१.२. खतना : पुत्र जन्मपछि मुस्लिम समुदायमा पाइने दोस्रो संस्कारको अवसर हो खतना । खतनालाइ संस्कार खुसी व्यक्त गर्नकालागि बालकको स्वास्थ्यको मङ्गल कामका लागि इश्वरसित प्रार्थना गरिन्छ :

'अल्ला सन्नल से बोझी हमारी नाँव, गाजी मियाँ पार लगावो ।
लोहे कै छुरिया गढावैं कौन मियां (बाबा, अब्बा, चाचाका नाम),
कौन बेगम (दादी, अम्मा आदिका नाम) अल्ला मनावैं,
गाजी मियां पार लगावो ।

११.१.४.२.१.३. बिवाह गीत : बिवाहको शुभारम्भका रूपमा मुस्लिम समुदायमा सबैभन्दा पहिला मगनीको रस्म पूरा गरिन्छ । यसमा नौशा (वर) का बुबाले दुलही (कन्या) का बुबासित कन्याको हात माग्छन् । यो बेला वर पक्ष 'मेहर' का रूपमा कन्यालाइ केही धनराशि दिनका लागि तयार हुन्छन् । विवाह उत्सव 'मंझा' बाट प्रारम्भ हुन्छ । यो बेला एउटा खाटमा नौशा र दुलहीलाइ विवाहका लागि बसालिन्छ । त्यो बेला बर पक्षबाट ल्याइएको मेहदी दुलहीको हातमा लगाइन्छ । यसपछि 'निकाह' हुन्छ । निकाहमा दुलहाले दुलहीसित उसको विवाहको इच्छा सोधेरे मेहरको रकमको जानकारी गराउदै काजीका सामुन्ने 'कबूल' गराइन्छ । कहीं कहीं यो कार्य काजीले आफै गर्छन् । दुवैको इच्छा सोधेपछि निकाह सम्पन्न हुन्छ । त्यसपछि 'रुखसती' को रस्म अदा गरिन्छ । विवाह (निकाह) संस्कारसित सम्बन्धित केही गीतहरू यस प्रकारका छन् :

११.१.४.२.१.३.१. नौशाको नहान र शृङ्गार सम्बन्धी गीत

मुस्लिम समुदायमा नौशालाइ नुहाउदा केही गीत गाइन्छ । यसमा नौशाको शृङ्गार सम्बन्धी विभिन्न वर्णनहरू रहेको हुन्छ । उदाहरणका रूपमा यो गीतलाइ लिन सकिन्छ ।

कलमे के जोर से मक्के मदीने जइबै,
जोडा अरस से उतरा पहिरैं नबी रसूल ।
सेहर अरस से उतरा पहिरैं नबी रसूल ।
मकना अरस से उतरा बइठैं नबी रसूल ।
दुलहिन अरस से उतरी बेलसैं नबी रसूल ।
.....

जुन किसिमले अवधी समाजमा रहेको हिन्दू समुदायमा 'बर' लाइ राम, कृष्ण, शिवका रूपमा वर्णन गरिन्छ, त्यसै किसिमले अवधी समाजका मुस्लिम समुदायमा नौशालाइ 'नबी रसूल' का रूपमा गीतहरूमा वर्णन गरेको पाइन्छ । यसै किसिमले लुगा लगाउदा गाइने गीत यस किसिमको रहेको पाइन्छ :

जोडा लावो ए दरजी जोडा लावो, जोडा देखौ ए दादी जोडा देखौ रे ।
(यसै किसिमले सेहर लावो माली, जूता लावो मोची आदि भनेर सम्बोधन गर्दै यो गीत पूरा गरिन्छ ।)
यहा एउटा सेहरा गीत द्रष्टव्य छ ।
खुशनुमा क्यो न हो परियो ने बनाया सेहरा
इस सेहरे की खुसी अब्बा के दिल से पूछो, जबसे देखा है दूल्हे के सिर पे सेहरा ।
.....

यसै किसिमले अन्य परिवारका सदस्यहरूको नाम लिएर यो गीत पूरा गरिन्छ । यस समुदायमा अवधी भाषी हिन्दूहरूको 'मौर' को ठाउमा फूलबाट बनेको सेहरा लगाइन्छ । सेहरा गाउने तरीका गजलको जस्तै हुन्छ ।

११.१.४.२.२. दाहा गीत (शोक गीत)

'इस्लाममा' मृत्युपछि रुनकालागि रोक छ र मूर्ति पूजा पनि हुदैन । तर पनि यो समुदाय मध्येका केही समुदायहरूले हसन हुसेनका प्रतिकका रूपमा तहजिया बनाउछन्, पूजा आजा गर्छन र दाहा गीत गाउछन् ।

इस्लाममा धार्मिक ग्रन्थ कुरानका साथै 'हदीस' पनि पाइन्छन् । यसै किसिमले हिन्दू समुदायमा हुने किर्तनको जस्तै मुस्लिम व्रत र उत्सवका अवसर धार्मिक उर्दू गीतहरू पनि गाइन्छन ।

दाहा गीत मुहर्रममा 'नबी' को बेलुका देखि दसवींका दिन कर्वलाकालागि तहजिया नउठे सम्म गाइन्छ । तहजिया राखेको चोकमा 'फातेहा' समाप्त भएपछि दाहा गीत गाउन सुरु हुन्छ । यो बेला तहजिया नजिक बसेका मुस्लिम महिलाहरूले 'दाहा' गाएर सबैका मनमा करुणाको संचार गर्छन् । यी गीतमा उनका पूर्वजहरूका शौर्य र बलिदानको गाथाका साथै उनका परिवारजनको करुण क्रन्दन पनि हुन्छ । यो बेला गायिकाहरूले आफूलाइ हसन हुसेनको हजुर आमा, आमा, श्रीमती, दीदी बहिनी आदिको साकार स्वरूपमा लिदै रुने गर्छन् । त्यो बेला दाहा गीत गाउने महिलाहरू हिन्दू या मुस्लिम नभएर वेदनाको अभिव्यक्ति प्रस्तुत गर्ने माध्यम हुन्छन् । उदाहरणका रूपमा एउटा दाहा गीत यहा दिइएको छ :

हसन बइठे चउका रे हाय, उपरा भवर भहनाय, पाँच मुसाफिर बगिया में उतरैं,
दादी वनकै पूछैं बाति, कहौ तू मुसाफिर करबले कै हलिया,
का कही दादी करबले कै हलिया, लासन कै ढेर लगी, हम तौ दादी खबर जनावइ
सिर जुदा भिट्टी परी, तीर चली है, तलवार चली है, बरछी चली, जब सिर कटी ।
यतना सुनि कै दादी रोय परीं, दसै दिन कै नान्ही दुलहिनिया,
नबेली दुलहिनिया रे अल्ला, नन्हवइ मे परि गै बिपतिया रे हाय ।
मुडवो न बान्हि पायौं, तेल न लगाइ पायौं, आइ गयी काफिर से खबरिया रे हाय ।
सेनुरवौ न लगाय पायौ, मड्यिव न भराय पायौं, आइ गयी भरन के हवलिया रे हाय ।

११.१.५. पद्य साहित्य, अवधी लोक गाथा

अवधी लोक जीवनमा उपलब्ध रहेका लोक गाथाहरूलाइ अवधी लोक गाथा भनिन्छ । यी लोकगाथाहरूमा अवधी भाषी क्षेत्रको आंचलिक संस्कृतिको पूर्ण रूप उपलब्ध रहेको छ, यसमा अवधी समाजका लोक विश्वास, लोक धर्म, आचार विचार, संस्कार आदि सहज रूपमा प्राप्त हुन्छन् ।

अवधी समाजमा गाथालाइ "पवाँरा"को रूपमा चिनिन्छ । पवारा भनेको लामो-लामो कथा वस्तु भएको जसलाइ गतिका रूपमा गाइने/प्रस्तुत गरिने गरिन्छ । नेपाली लोकसाहित्यमा यसलाइ गीतिकथा भनेर चिनिएको पाइन्छ ।

अलग अलग विद्वानहरूको मतानुसार लोकगाथा कथात्मक गीत अर्थात गीतिकथा हो । यसमा गितात्मकता र कथात्मकता दुबै हुन्छ । लोकगाथा सरल निरङकारिता, कथात्मकता, गीतात्मकता तथा व्यक्ति भावनाको अभाव परन्तु मौखिकतातर्फ निर्देशित छ । लोकगाथा मौखिक परम्परा प्रधान चीरपरिचित तथ्यमा निहित राग हो । यो व्यक्ति प्रधान भन्दा पनि समुदाय, समुह प्रधान हुन्छ । (यादव, २०६८: ६)

अवधी भाषी क्षेत्र नेपालको नवलपरासीदेखि महाकाली र भारतका विभिन्न प्रदेशहरूमा लोकगाथाको प्रचलन रहेको छ, जसलाइ यसप्रकार लिन सकिन्छ ।

१) आल्हा २) चनैनी ३) कन्हाइ
४) शोभानयका बनजारा ५) सोरठी ६) बिहुला
७) राजा भरथरी ८) राजा गोपीचन्द
९) रानी सारङ्गा - सदावृक्ष

११.१.५.१. आल्हा

आल्हा वीर कथात्मक लोक गाथा हो । यो गाथा बाह्रौ शताब्दीका प्रमुख चन्देल शासक परमाल, चौहान अधिपति पृथ्वीराज तथा गहरवार वंशीय जयचन्दको शासनकालसित सम्बन्धित छ । यस गाथाका नायक चन्देल राजा परमर्दिदेवका वीर सामन्त आल्हा ऊदल छन् । बुबा दस्सराजको वीरगति प्राप्ति पश्चात् राजा परमाल तथा रानी मल्हनाले आल्हा ऊदलको लालन पालन गर्छन् । आल्हा ऊदल आफ्नो पराक्रमले परमालको राज्य विस्तारमा मुख्य भूमिका निर्वाह गर्छन् । यसमा कन्नौजका लाखन त्यत्तिकै सहयोगीका रूपमा देखिन्छन् । इर्ष्यालु माहिलको करामातमा लागेर परमलले आल्हा र ऊदलको देश निकाला गर्छन् । उनिहरू कन्नौजमा गएर बस्छन् । त्यही मौका छोपेर माहिलले पृथ्वीराजलाइ आक्रमण गर्न लगाउछन् । रानी मल्हना प्रयास गरेर आल्हा र ऊदललाइ कन्नौजबाट बोलाउछिन् । युद्धमा पृथ्वीराज पराजित हुन्छन् तर त्यसै युद्धमा ऊदलको मृत्यु हुन्छ । ऊदलको मृत्युलाइ आल्हाले सहन सक्दैनन् र गोरखनाथको आज्ञाअनुसार उनी कजरी बनकालागि प्रस्थान गर्छन् ।

नायक आल्हाको नाममा यस लोकगाथालाइ आल्हा भनिएको हो । यस गाथामा वीर शृङ्गार, करुण, हास्य, वात्सल्य, रौद्र आदि रसहरूको संयोग पाइन्छ । तर वीर रसले अन्य सबै रसहरूमाथि नायकत्व गरिहेको हुनाले यसलाइ वीर कथात्मक लोकगाथा भनिएको हो । यो गाथा अवधी समाजमा विशेष गरी वर्षातको मौसममा गाउने गरिन्छ ।

यस गाथामा तत्कालीन राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा धार्मिक हरेक परिस्थितिको स्पष्ट चित्रण छ । (यादव,२०६८: ९)

११.१.५.२. गोपीचन्दा

गोपीचन्दाको कथा गोरखपंथी साधू तथा सूफी सन्तहरूले सारङ्गीको धुनमा गाएर सुनाउदै हिड्छन् । वहाहरूलाइ जोगी भनिन्छ । आमाको ममत्व, बहिनीको ममता, पीरका साथै शारीरिक नश्वरताको

सङ्केत गर्दै योग मार्ग तिर बढ्ने प्रेरणाका मङ्केत यस लोकगाथाको प्रमुख उद्देश्य हो । यसको कथानक यस प्रकार रहेको छ :

राजा गोपीचन्दले आफ्नो बाउन्न किल्लाको बादशाही, छपन्न कोसको राज्य र त्रिपन्न करोडको तहसील त्याग गरेर बैराग्य धारण गर्छन् । त्यो बेला आमा मैनावतीले उनको गुदडी (बिछ्याउने ओछ्यान) समातेर दूधको कर्ज चुक्ता गर्न भन्छिन् । राजा गोपीचन्दले तलाउलाइ दूधले भरिदिने आश्वासन दिन्छन् तर आमा तयार हुदिनन् । पछि राजा गोपीचन्दलाइ आफूले गल्ती गरेको थाहा हुन्छ अनि भन्छन् मैले तपाइंको दूधको कर्ज त आफ्नो कलेजो झिकेर पनि तीर्न सक्दिन् । अतः मलाइ क्षमा गर्नुहोस् । उनले आमालाइ रुदै छोडेर जान थाल्छन् बाटोमा लचिया पानवालीले आफ्नो पाँच विघामा लगाएको पानको मूल्य माग्छिन् । राजा गोपीचन्दले उनको नाममा पाँच गाँउ दिएर अगाडि बढ्छन् ।

बाटोमा उनी आफ्नो बहिनीसत भेट्न उनको सहर पुग्छन् । वनस्पति देवीको कृपाले उनी ६ महिनाको बाटो ६ प्रहरमा समाप्त गरेर बहिनीको ढोकामा आवाज दिन्छन् । दासी मुगिया भिक्षा दिन आउछिन् । तर गोपीचन्द भिक्षा लिदैनन् । तब मुगिया गोपीचन्दलाइ चिनेर बिरमालाइ गोपीचन्दको आगमनको सूचना गर्छिन् । बहिनी बिरमाले न चिनेपछि उनी दुःखी भएर उनीबाट बिहेका चर्चा गर्छन् तर बिरमाले चिन्न सक्दैनन् । अनि त्यहाँ बिरमाले माइतबाट लिएर आएको हात्ति बहोडियालाइ छोडिन्छ । हात्तीले गोपीचन्दलाइ चिनेर आफ्नो टाउकोमा बसाल्छ । त्यसपछि कुकुरलाइ छोडिन्छ, त्यो पनि गोपीचन्दको खुट्टामा आएर लोट्न थाल्छ । गोपीचन्द रुन थाल्छन् । बिरमाले सुगाका माध्यमले आमालाइ चिठी पठाउछिन् । आमाले पठाएको जवाफ सुनेपछि बिरमाले आफ्नो भाइलाइ योगीको रूपमा हेरेर रुदै रुदै आफ्नो प्राणको त्याग गर्छिन् । गोपीचन्द दगुर्दै आफ्ना गुरु मत्स्येन्द्रनाथ कहा पुगी बहिनीलाइ जिवित बनाउने उपाय सोध्छन् । गुरुको आदेशानुसार उनले आफ्नो कान्छी औला चिरेर दुइ बूद रगत बहिनीको मुखमा खसाल्छन् । बहिनी जीवित भइहाल्छिन् । जीवित भएपछि उनले आफ्नो भाइलाइ मनाउने प्रयास गर्छिन् तर भाइले नमानेपछि उनी बिहोस् भएर खस्छिन् । उनको प्रार्थनाले गर्दा पृथ्वीमा चिरापर्छ र उनी त्यसै चिरामा विलीन हुन्छिन् । (त्रिपाठी, २०७३: २०३)

११.१.५.३. लोकचनैनी

यो लोकगाथा नायिकाप्रधान प्रेमकथात्मक लोक गाथा हो । अवधी भाषाका पहिला प्रेमाख्याकार मुल्ला दाउदकृत 'चंदायन' यसै लोकगाथाबाट प्रभावित छ । अपभ्रंश साहित्यमा 'लोरकाहा' को उल्लेख पाइने हुनाले यसको प्राचीनताको अनुमान गर्न सकिन्छ । 'पृथ्वीराज रासो' तथा 'वर्ण रत्नाकार' मा पनि लोरिकको चर्चा छ ।



लोक चनैनी गीत गाउदै

सम्पुर्ण अवधी समाजमा चनैनी लोकगाथा (पवाँरा) व्यापक र कर्णप्रिय

मानिन्छ । वस्तुत: चनैनी अहिर जातिको जातीय काब्य हो । अहिरहरू आफ्नो समाजमा उत्सव, शुभकार्य एवं अन्य अवसरहरूमा उत्साहपूर्वक गाथाहरू गाउने गर्दछन् । यस गाथामा अहिर जातिको जीवनको गौरवपुर्ण चरित्र चित्रण गरिएको छ ।

अहिरहरू को हुन् ? यसको बारेमा जान्नु सान्दर्भिक हुन आउछ । यसै किसिमले अहिर जसलाइ यदुवंशी वा यादव पनि भन्ने गरिन्छ, त्यसबारे पनि बुझ्नु पर्ने देखिन्छ । अहिर जाति नेपाल तथा भारतको विभिन्न क्षेत्रमा कृषि एवं गोपालनका लागि योग्य भुमि देखेर आबास बनाएको पाइन्छ । यही भुमिमा उनीहरूको पशुपालन प्रधान कृषि संस्कृति पल्लवित हुदै विकसित हुन पुग्छ । मथुरा, नन्दगाउँ, गोकुल, बरसाना, वृन्दावन आदि क्षेत्र जहाँ यदुवंश शिरोमणि श्री कृष्ण अवतार लिनु भएको हो नै उद्गम स्थल मानिएको छ । यही शाखा उपशाखाको थलो वर्तमान लखनउको नजिक कन्नौज जिल्लाको "गौरा" गाउँमा एकजना यदुवंश पुत्र "लोरी" जन्मिएको अध्ययनले देखाउछ । चनैनी लोकगाथाका मुख्य पात्रहरूमा लोरी, सावर र चनैनी भएकोले यस गाथाको नाम "चनैनी " राखिएको हो । चनैनी लोकगाथामा वीर पुरुष लोरीको बल, प्रभुता र युद्धकुशलताको वर्णन पाइन्छ । जुन कालमा भारत वर्षमा लोरी जन्मिएका थिए र चनैनीमा जुन किसिमले बयान गरिएको छ । उक्त वर्णित सामाजिक अवस्थाको चित्र बडो बिश्रृंखल छ । आत्मीयता, सद्भावना र नीतिसत्ताको विपरित त्यस युगमा फुट र वैमनस्यको राज्य थियो । राजा-महाराजाहरूबाट एकांकी शासन सत्ताथियो । मार काटमा अगाडि रहेकाहरू नै गाउँका मुखिया वा राजा मानिन्थ्ये । जाति द्वेष, कुल द्वोष र बलाभिमान प्रधान समाजमा कलह व्याप्त थियो भने शोषित पीडित हरू आँशु बगाएर बाच्नु पर्दथ्यो । राजा र कुलीनहरू भोग विलास र स्वछन्द प्रवृतिका थिए । त्यही समयमा गौरा गाउँको सामान्य परिवारमा लोरीको जन्म भएको थियो । दुर्गाको उपासक वीर लोरी आफ्नो बाहुबलले समाजको सम्राट बन्न पुगेका हुन् । भनिन्छ उनलाइ इन्द्र भगवानको पनि आशीर्वाद प्राप्त थियो । यस धर्तीमा उनले ५ वटा माँगन पुरा गर्नका लागि इन्द्र बाबासंग अनुरोध गरेका हुन र आशर्विाद स्वरूप उनी गढ गौरामा जन्म लिएका थिए । डा. अर्जजुनदास केसरीले यसलाइ लोरिकायनका नामले लिपिबद्ध गरेका छन् । अवधी भाषी समाजमा यसलाइ लोरिक चनैनी, भोजपुरीमा लोरिक चन्द्रा तथा बंगलामा लोरिक चन्द्रावलीका नामले जानिन्छ । यसको कथानक यस प्रकार रहेको छ ।

गउराका राजा सहदेवकी छोरी चनैनी लोरीको वीरताको कथा सुनेर उनीसंग विवाह गर्न चाहन्छिन । तर लारी को विवाह यसभन्दा पहिले नै मञ्जरीसित भइसकेको हुन्छ । उसले मनाही गरिदिन्छ । हार खाएर शहदेवले तनैनीको विवाह सिलहटनगरमा गरिदिन्छन । चनैनी त्यहाबाट भागेर हिडछिन । जंगलको बाटो आउदा बठवा चमारले चनैनीलाइ समात्छ उसित विवाह गर्न चाहन्छ । चनैनी त्यहाबाट पनि भागेर हिडछिन र गउरामा आएर बस्न थाल्छिन । बठवाले गउरा गांउका बासीहरूलाइ दुख दिनका लागि इनारमा गाइको हड्डी हालिदिन्छ ।

लोरिक त्यो बेला गउरा गाँउमा हुदैन । मंजरीले समाचार त्यसलाइ बोलाउछिन । लोरिक आएर बठवालाइ कुश्तीमा पराजित गरि गउरा गांउलाइ भय र त्रासबाट मुक्त गराउछ । लोरिकको यस्तो क्षमतालाइ हेरेर चनैनी उसलाइ भेट्न ब्याकुल भइहाल्छिन । उनले आफ्ना बुवासित गाउभरिकालाइ खानाका लागि बोलाउन आग्रह गर्छिन । त्यस भोजमा लोरिक पनि आएको बेला चनैनीले उनलाइ

आफ्नो मायाजालमा पार्ने प्रयास गर्छिन । लोरिक उनको मायाजालमा पर्छन । दुबैजना राति राति लुकेर भेट्न थाल्छन ।

एकदिन दुबै जनाको चद्दरको अदलाबदली हुन्छ । जसकारणले धोबी र मंजरीले यी दुबैका सम्बन्धका बारेमा थाहा पाइ हाल्छन । चनैनीले भनेपछि बदनामीका डरले चनैनीका साथ गउराबाट भागेर हरदीकालागि प्रस्थान गर्छन । सती मञ्जरी यी दुबैलाइ रोक्ने प्रयास गर्छिन, तर असफल हुन्छिन । बाटोमा चनैनीलाइ सापले टोक्छ । तर गर्भवती भएका कारणले उनी बच्न सफल हुन्छिन ।

बाटोमा लोरिक नेरन देनिया दुसाधतथा विढियका राजा रणपाललाइ पराजित गरेर सारंगपुर पुग्छ । लोरिक महीपत जुआका जुवाडेसित हार्छन, तर चनैनी चालाकी साथ जुआमा हारिएको सम्पूर्ण धन जब्त गरिहाल्छिन । कतलपुरका डोमराजालाइ पराजित गरेर दुबै हरदीमा महीचन्द्र कहा पुग्छन । यहांको बसाइमा एक दिन जमुना कलवारिनले रक्सी खुवाएर लोरिकलाइ आफ्नो बशमा पार्छिन, जसले गर्दा हरदीमा चर्चित हुन पुग्छन ।

राजा महुबलले लारिकलाइ दरबारमा बोलाउछन । त्यहां दुबै बीच यसैलाइ लिएर केही अनबन हुन्छ । राजा महुबलले पहिला पहलमान भीमललाइ लोरिकसित कुश्ती खेल्न पठाउछन । तर भीमल पराजित भइसकेपछि उनले वारपुरका हरबा तरबा दुसाधलाइ बोलाउछन । हरबा छ महिनामा एक पटक हरदी आउछ र एकत्रित गरिएका सम्पूर्ण सामाग्री खान्छ । यसै बीच राजा महुबलले लोरिकलाइ नेवारपुर पठाउछन । लोरिक चनैनीलाइ छोडेर संगरा नामका घोडामा बसेर जान्छन, त्यहां हरवासित घमासान युद्ध हुन्छ । हरवा पराजित हुन पुग्दछ । लोरिक हरदी पुगेर महुबललाइ मार्न खोज्छन । यसै बीच लोरिकले चनैनीलाइ दिएको वचन याद आउछ । राजा महुबलले पनि क्षमा माग्छन । लोरिकले मंजरीलाइ पनि त्यहीं बोलाउछन र दुबै पत्नीहरूका साथ सुखका साथ बस्न थाल्छन । (त्रिपाठी, २०७३: २०४)

११.१.५.४. सोरठी

इन्द्रदेवताको दरबारमा ८ जना परी र उनका स्वामी एकजना देव थिए । एकचोटी उनीहरू इन्द्रदेवको आज्ञा नलिइकन मृत्युलोकको यात्रा गरे । यस कार्यबाट रिसाएर इन्द्रदेवले सबैलाइ एक योनि मृत्युलोकमा जन्म लिने श्राप दिए । मृत्युलोकमा परीहरू कुनै पुरुषको समागमबाट भ्रष्ट नहोउन भनेर रेखदेखका लागि एक दरबारी पण्डित (ब्राह्मण)लाइ पनि ब्यास ब्राह्मण बनाएर यी सबैको साथमा पठाए । त्यो ब्यास यी परी र देवबाट घृणा गर्थ्यो । उसले यिनीहरूलाइ कुनै किसिमले भ्रष्ट बनाउने प्रयत्न गरिरहेको थियो । तर यसो भएन । एउटा परीको जन्म सोरठका राजाको घरमा भयो, जसको नाम सोरठी भयो र देवको जन्म अर्को राजा कहा भयो । उनको नाम वृजभान पऱ्यो । यसै सोरठी र वृजभानको प्रणयको आधारमा यस गाथाको नाय सोरठी वृजभान भयो ।

यो गाथा शृङ्गार विषयमा आधारित रहेको हुनाले यसलाइ रोमाञ्च कथात्मक गाथाको रूपमा अवधी भाषी क्षेत्रमा रहेको पाइन्छ । (त्रिपाठी, २०७३: २०६)

११.१.५.५. कुसुमा कै पवाडा

कुसुमा कै पवाडा नायिका प्रधान वीर कथात्मक लोकगाथा हो । यो पवाडा ँजतसार' का गीतहरूमा पाइन्छ । यो दुखान्त नाटक भएता पनि कुलको मर्यादा तथा सत्को रक्षाकालागि परिपूर्ण छ ।

यस पवाडामा नायिका कुसुमा काइयों र कचौरा लिएर आफ्नो हजुरबुबाको तलाउमा नुहाउन जान्छिन् । त्यही मिर्जा कुसुमाको रूप सौन्दइ माथि मोहित भइहाल्छ । उसले कुसुमाका पिता जीवधन र भाइ भोजमलको सामुन्ने बिहेको प्रस्ताव राख्छ । तर भोजमल त्यसलाइ स्वीकार गर्दैनन् । जसले गर्दा मिर्जा रिसाउछन् । मिर्जा रिसाएको थाहा पाएर कुसुमा मिर्जाको साथमा जान तयार हुन्छिन् । उनले आफू जानुभन्दा पहिला भाइ र बुवबाकालागि घोडा किनिदिन भन्छिन् । मिर्जाले त्यसै गर्छन् ।

कुसुमा डोलीमा बस्छिन् । भाइ, बुवा, संगी साथी सबै रुन थाल्छन् । कुसुमाको डोली दुइ वन पार गरेर तेस्रो वनमा पुग्छ । त्यहां पुगेपछि मिर्जासित उनले डोली रुकाएर हजुर बुबाको तलाउमा पानी खुवाउन आग्रह गर्छिन् । कुसुमा एक घूट पानी खान्छिन्, दुइ घूट पानी खान्छिन् र तेस्रो घूट पानी खादा तलाउमा फाल हाल्छिन । मिर्जा जाल हाल्न लगाउछ तर कुसुमालाइ पाउदैन । यता भोजमलले हाँसेर आँसु बगाउदै आफ्नो कुलको मर्यादाका लागि ज्यान त्यागेकोमा गर्व गर्छन् । (त्रिपाठी, २०७३: २०६)

११.१.५.६. चन्द्रावलि कै पवाडा

चन्द्रावलि सात सखीहरूका साथ पानी लिन तलाउमा जान्छिन् । त्यहां मुगलले उसको सौन्दइ माथि मोहित भएर चन्द्रावलिलाइ बन्दी बनाउछ । चन्द्रावलिले चील्ह मार्फत हेरेपछि उसलाइ आफ्नो सानीमा भन्दै मेरा आमा बुवा तथा भाइलाइ आफू बन्दी भएको समाचार पुऱ्याउछ । चील जान्छे, त्यही बेला चन्द्रावलिलाइ एउटा सुगा देखिन्छ । उसले सुगालाइ बोलाएर प्रार्थना गर्दै त्यसलाइ बन्दी बनाएको आफ्नो बुबासम्म पनि पुऱ्याउन आग्रह गर्छिन् ।

चील र सुगाबाट समाचार पाएर पति र भाइ मुगल समक्ष आउछन् र उसित चन्द्रावलिलाइ छोडिदिनका लागि आग्रह गर्छन् । तर मुगल मान्दैन । अन्तमा चन्द्रावलि भाइ र पतिलाइ फर्कन अनुरोध गर्छिन् । बुवा र भाइ दुःखी हुन्छन् ।

सबै गइसकेपछि चन्द्राबलि गुलको नोकरबाट खाना पकाउनका लागि आगो मगाउछिन् र त्यही आगोमा जलेर आफ्नो सत् र कुलको मान रक्षा गर्छिन् । (त्रिपाठी, २०७३: २०७)

११.१.५.७. राजा भरथरी

यो लोकगाथा अन्य भाषाभाषी समाजमा पाइएता पनि अवधी भाषाभाषी समाजमा यिनीहरूको आफ्नै महत्त्व रहेको छ । गोपीचन्दको गाथा जस्तै यो गाथालाइ पनि गोरखपंथी साधू तथा सूफी सन्तहरूले सारङ्गीका माध्यमले गाएर सुनाउछन् । नाथ सम्प्रदायका गुरु गोरखनाथ तथा मत्स्येन्द्रनाथको सिद्धान्तमा आधारित यस गाथामा रानी सामदेइ र राज्यलाइ त्यागेर राजा भातृहरिले वैराग्य धारण गरेको घटना वर्णित छ ।

भरथरी लोकगाथा दुइ भागमा विभाजित छ । पहिलो भागमा राजा भरथरीको वैराग्य तथा रानी सामदेइ र पिंगलाद्वारा पुर्वजन्मको कथा छ भने दोस्रो भागमा राजा भरथरी वनमा गएर कालो मृगको वध गरेको तथा गुरु गोरखनाथको रायअनुसार आमा मैनावतीको स्वीकृति लिएर वैराग्य धारण गरेको कथा छ । संक्षेपमा कथा यस प्रकार छ :(त्रिपाठी, २०७३: २०७)

नवविवाहित राजा भरथरी जब रानी सामदेइलाइ छोडेर हिड्छन्, त्यो बेला रानी सामदेइ जानुपर्ने कारण सोद्धछिन् । राजाले जन्मकुन्डलीमा वैराग्यको योग रहेको कुरा बताउछिन् । तर सामदेइमा असन्तुष्टि कायम नै रहन्छ । राजाले सामदेइसित सुहागरातको राति पलङ भाच्चिएको कारण सोध्छन् । रानीले यसबारे असमर्थता प्रकट गर्दै आफ्नो सानी बहिनी पिंगलासित सोध्न भन्छिन् । राजा पिंगलालाइ पत्र पठाउछन् । पत्र पाएपछि पिंगला दिल्लीबाट आएर पूर्व जन्ममा रानी सामदेइ उनको आमा रहेको कुरा बताउछिन् । राजा उदास हुन्छन् ।

उदास राजा रानी सामदेइको आज्ञा लिएर सिंहलद्वीपको वनमा कालो मृगको शिकार गर्न जान्छन् । राजाको समूहलाइ हेरेर हिरणीहरूले आफ्नो पतिको प्राण रक्षाकालागि आफ्नो शिकार गरिदिन अनुरोध गर्छिन् । राजा भरथरी महिला जति माथि हाथ उठाउनु आफ्नो पौरुष विपरित ठान्छन् ।

राजा भरथरीको कुराबाट निरास हिरणीहरूले कालो हिरणलाइ वन छोड्न आग्रह गर्छिन् । कालो हिरण भरथरीसित कुनै दुश्मनी नरहेकोले ऊ वन छोड्न मान्दैन । राजा भरथरी मृगको वधकालागि वाण हान्छन् । ६ तीर क्रमशः गंगा, वनस्पति देवी, गुरु गोरखनाथ र मृगको सींगका कारण बेकार हुन्छन् । सातौ तीरले हिरण घायल भइहाल्छ । मर्ने बेलामा हिरणले राजालाइ श्राप दिदै भन्छ, हे राजा ! मलाइ तपाइंले मारिहाल्नुभयो अब मेरा आँखा आफ्नो रानीलाइ शृङ्गारका लागि दिनु, मेरो सींग कुनै राजाको ढोकामा मढि दिनु, मेरो छालालाइ कुनै साधूका लागि आसन बनाइ दिनु र मेरा मासु तिमी तेलमा भुटेर खानु, तर याद राख्नु जुन किसिमले मेरा अनुपस्थितीमा मेरा सात सय रानीहरू रोइ कराइ गरिरहेकी छिन्, त्यसै किसिमले तिम्रो रानी पनि रोइकराइ गर्छिन् ।

राजा भरथरी दुखित भएर गोरखनाथ निर पुग्छन् र कालो मृगलाइ जीवित बनाउनकालागि अनुरोध गर्छन् । गोरखनाथले असमर्थता व्यक्त गरेपछि भरथरीले आत्महत्या गर्ने भन्छन् । वाध्य भएपछि गोरखनाथले कालो मृगलाइ जीवित बनाउछन् र कालो हिरन आफ्नो श्राप फिर्ता लिएर हिरणीहरू माझ जान्छ ।

यता राजा भरथरीको मनमा वैराग्यता प्रति आकर्षण उत्पन्न हुन्छ । उनले गोरखनाथलाइ दिक्षित पार्नकालागि अनुरोध गर्छन् । गोरखनाथले भरथरीमा राजसी प्रवृत्ति रहेको भनेर दिक्षित गर्न मान्दैनन् । अन्तमा उनी अर्थात् भरथरीले आफ्नो आमासित भिक्षा लिएर आएर्पछ दिक्षित गर्ने भन्छन् ।

राजा योगीको भेष बनाएर महल अगाडि अलख जगाउछन् । रानी सामदेइ राजालाइ योगीको भेषमा देखेर दुःखी हुन्छिन् । फेरि पनि राजा भरथरीले नमानेपछि राज्यमा नै बसेर तपस्या गर्न भन्छिन् । राजाले रानीलाइ गंगालाइ त्यही ल्याउन भन्छन् । रानी आफ्नो सत्यले गङ्गा ल्याइहाल्छिन् । अनि राजाले तीर्थस्थलहरू यहा छैन भनेर भन्छन् । रानीले गंगालाइ फिर्ता पठाइ हाल्छिन । अन्तमा रानीलाइ सम्झाइ बुझाइ, गोरखनाथ राजा भरथरीलाइ साथमा लिएर बनमा तपस्याका लागि जान्छन । (त्रिपाठी, २०७३. १२३)

११.१.५.८. कनाइ लोकगाथा

कनाइ लोकगाथा नितान्त यदुवंशीय लोकगाथा भएकोले यसका गायक पशुपालक यादवहरूनै भएको पाइन्छ । काँघा वा कृष्णको नामसंग जोडिएको यदुवंशिय साँस्कृतिक धरोहरलाइ "कन्हाइ" भनिन्छ । समयान्तरमा सोही "कन्हाइ" आएर "कनाइ" भएको देखिन्छ । "राम" "राम" शब्दोच्चारण बाट सुमिरनी आरम्भ हुन्छ भने नौलाख बयना सहित गाइ चराउँदै वन र बोहामा फिरन्ते जीवन रहेको कथावस्तुले भन्दछ । बेलरी राज्यमा जन्मिएको भयने परशु जीवनको उत्तरार्धमा गाइ बस्तुका साथ दाङ देउखुरीको रिहार क्षेत्रमा आइ पुगेको अध्ययनले देखाउछ । रिहार क्षेत्रमा भयने परशु र माइज्यू सवरीको पाषाण मूर्ति यसको ज्वलन्त प्रमाण हो । मामी सवँरीले दही मथ्ने गरेको ठाउमा दैनिक रूपमा पोखिदै गरेको नौनी र दहीले उक्त स्थानको माटो अझसम्म वासनायुक्त रहेको छ । जसलाइ कृषकहरू आ-आफ्ना घरमा लैजान उचित संझेर लैजाने गर्दछन् । अहिले यो धार्मिक मान्यताले विशेष महत्त्व पाएको छ ।

कन्हाइमा बर्णन गरिए अनुसार भयने परशुले नौलाख गाइहरूको अगुवा मामा बरध अगोरियलाइ तेलीको हातमा बेची दिएको र तेलीले तेल पेल्नका लागि प्रयोग गरेको स्थान अद्यापि रिहार भन्दा थोरै पश्चिम दलदल बनाएको जमिन तेलिया रिहारमा रहेको प्रत्यक्षदर्शीहरूको कथन छ । त्यसैले रिहार र कन्हाइ गाथा अहिरहरूको आफ्नै सांस्कृतिक गाथा भएको तथ्य सहितको लोक साहित्य हो । (यादव, २०६८: ८८)

अवधी भाषा र लोकसाहित्यको अस्तित्व जोगाउन र यसको प्रवर्द्धन गर्न अवधी लोककथा, उखानटुक्का, लोकगाथा र गीतहरूलाइ अडियो, भिडियो र लिखित रूपमा सङ्कलन गरी डिजिटल पुस्तकालय तथा सङ्ग्रहालयहरूमा सुरक्षित राख्नुपर्छ । प्रारम्भिक तहदेखि नै अवधी भाषी बालबालिकाको मातृभाषामा पठनपाठनको व्यवस्था मिलाउन स्थानीय तहहरूले पहल गर्नुपर्छ । यसै किसिमले स्थानीय निकायको सहयोगमा 'अवधी लोकसाहित्य महोत्सव', 'बिरहा तथा कजरी गायन' जस्ता कार्यक्रमहरू आयोजना गर्नुपर्छ । विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूले अवधी लोकसाहित्यमा गहन शोधकार्य गरी पुस्तकहरू प्रकाशन गर्नुपर्छ । स्थानीय एफ.एम. रेडियो र सामाजिक सञ्जालमार्फत अवधी भाषाका कार्यक्रम, नाटक र वृत्तचित्रहरू प्रसारण गरी यसको व्यापकता बढाउनुपर्छ । यसै किसिमले अवधी लोक साहित्यको गरिमा र यसको मौलिकतालाइ जोगाइराख्न समुदाय, साहित्यकार र स्थानीय सरकारको संयुक्त पहल आवश्यक छ ।

अध्याय-१२

अवधी लोकनाट्य तथा सङ्गीत

१२.१. अवधी लोकनाटक परिचय

नाटकको सम्बन्धमा अवधी जन-जीवन मञ्चको रुपमा अत्यन्त प्राचिन तथा समृद्ध छ । नाटकमा कलाकारहरूले नौटंकी मण्डलीहरू गठन गरेका हुन्छन । यी मण्डलीहरू पारिवारिक हर्षोल्लास वा विवाह-शादीका अवसरमा प्रदर्शनको लागि आह्वान गरिन्छन र निश्चित रकमको पट्टामा नाटक प्रदर्शन गर्दछन । यिनी प्राचीन परम्पराका उल्लेखनीय घटनाहरू वा व्यक्तिहरूको जीवन सम्बन्धी कथामा आधारित हुन्छन ।



लोक कलाकारद्वारा रामलीलाको मञ्चन

अवधी समाजमा नाटकको प्रारम्भ आदिमकालेदेखि नै भएको देखिन्छ । अवधी समाजमा प्रचलित रामलीलालाइ अवधी लोकनाटकको आदर्श मान्न सकिन्छ । यसको स्वरूप मूलतः धार्मिक रहे तापनि यसले समाजमा प्रचलित ऐतिहासिक, सामाजिक र राजनीतिक विषयवस्तुहरूलाइ आफूमा समेटेको देखिन्छ । यसमा समाजको अनुभूति, भावना र प्रवृत्तिहरूको अभिव्यञ्जना हुन्छ ।

अवधी लोकसमाजमा लोकनाट्यपरम्पराको प्रारम्भ बादर र भालुजस्ता पशुपंक्षीको सहयोगले भएको अनुमान गरिन्छ । आजभोलि पनि अवधी क्षेत्रमा प्रचलित बादर र भालुका खेलले यसको प्रत्यक्ष प्रमाण प्रस्तुत गर्दछ । यसमा कुनै प्रकारको कथानक देखिदैन । एक मात्र मानिसको अनुकरण गर्नु नै यस नाटकको कथानक हुने गर्दछन् । लोकनाटकको आदिम रूप मानिएको कठपुतली नाट्यपरम्परा प्राचीनकालदेखि नै अवधी लोकसमाजमा विद्यमान छ । जन्मोत्सव, विवाह तथा अन्य उत्सवहरूका समयमा विभिन्न जातिहरूमा देखाइने स्वाङ, नक्कल आदि प्रथा आज पनि प्रचलित छ ।

अवधी लोकनाटकको सबभन्दा सवल पक्ष भनेको यसले महाभारत, श्रीमद्भागवत र रामायण जस्ता महाकाव्यका कथानकहरूलाइ आफुमा समाहित गरेर प्रदर्शित गर्नु नै हो । यसका साथै अवधी लोकनाटकले मध्यकालिन इतिहास र समाजमा घटेका मुखय घटना तथा कुप्रथाहरूलाइ पनि कथानकको रूपमा आत्मसात् गरेकोले यसको विशालता थाहा हुन्छ ।

वर्तमान अवधी लोकनाटक प्राचीन मूलरूप भन्दा धेरै नै भिन्न छ, तर पनि अवधराज्यको प्राचिन महत्व र धार्मिक वातावरणलाइ हेर्दा यहा रामायण, महाभारत आदिमा वर्णित कथानाकहरूमा आधारित लोकनाटकहरू प्राचिनकालदेखि नै विद्यमान रहेको अनुमान गरिन्छ । प्रारम्भमा यी लोकनाटकहरूको सम्बन्ध प्रकृति र त्यसबाट उत्पन्न सामाजिक हानि लाभको परिधिमा बाँधिएको थियो । मूलतः त्यसको आधार आफ्नो इष्टदेवलाइ अभिनयद्वारा प्रसन्न गर्नु थियो । पछि आएर दैवी चरित्रका सृष्टिको आधारमा रामायण, महाभारत नाटकको रूपमा प्रस्तुत हुन थाले । यसका साथै सामाजिकसन्दर्भमा रहस, बधावा (अवधी समाजको माङ्गलिक कार्यहरू गरिने आङ्गीक अभिनय र वाद्यवादन) तथा अन्य माङ्गलिक प्रसङ्ग पनि अवधी लोकनाटकको प्रारम्भिक रूप थिए । यी लोकनाटकहरूको विकासमा लोकमञ्चको महत्वपूर्ण योगदान रहदै आएको देखिन्छ । (त्रिपाठी, २०७५: २४०)

१२.१.१. अवधी लोकनाटकको वर्गीकरण

अवधी लोकनाटक जति प्राचिन छ, यसको वर्गिकरण पनि त्यति नै विविधताले भरिपुर्ण छ । यसलाइ **विषयगत आधारमा** निम्नानुसार आधारमा वर्गिकृत गर्न सकिन्छ :(त्रिपाठी, २०७५: २४४)

१. धार्मिक लोक नाटक

२. ऐतिहासिक लोक नाटक

३. ऐतिहासिक लोकवृत्तात्मक नाटक

४. अन्य

१२.१.१.१. धार्मिक लोकनाटक

अवधी लोकसमाजमा पौराणिक विषयवस्तुलाइ कथा वस्तुको आधार बनाएर प्रदर्शित गरिने लोकनाटकहरू परापूर्वकालदेखि बढी नै प्रचलित रहेको देखिन्छ । यसमा मुख्यतः रासलीला, रामलीला र धनुषयज्ञ आउछन् ।

१२.१.१.१.१. रामलीला

रामलीला लोकनाटक अवधी साहिय भण्डारको एउटा महत्त्वपुर्ण अङ्ग हो । लोकप्रियता र व्यापकताको दृष्टिले रामलीलाको हाम्रो जीवनमा विशिष्ट स्थान छ । शायद यो भन्नु उपयुक्त नै होला कि रामलीला एउटा यस्तो नाटक हो यसमा सम्पुर्ण अवधी समुदायको धार्मिक सास्कृतिक र कलात्मक अभिव्यक्तिका सजीव चित्रहरू स्पष्ट रूपमा हेर्न सकिन्छ । वास्तवमा हजारौ हजार वर्ष पहिलेदेखि नै नियमित रूपमा प्रदर्शित हुदै आइरहेको यो नाटक अब मात्र नाटकीय प्रदर्शन मात्र रहेन अपितु अवधी संस्कृतिका प्रमुख सांस्कृतिक अनुष्ठान बनिसकेको छ ।यसैकारण अवधी समाजमा रामलीलाको प्रचार र लोकप्रियता अभूतपुर्व छ । सम्पुर्ण अवधी क्षेत्रमा शायद नै कुनै यस्तो व्यक्ति होला जो यसबाट परिचित नहोस् । भगवान् रामको लौकिक जीवनका विषयमा आधारित यो नाटक अवधीभाषाको मुख्य लोकनाटक हो ।

आज जुन रामलीला अवधी जनजीवनको अनिवार्य अङ्ग बनिसकेको छ त्यसको उत्पत्तिको कथा अस्पष्ट छ । प्राचीनकालदेखी रामकथा अवधी भाषाको साथसाथै संस्कृत र अन्य भाषाहरूमा पनि

नाटकहरूको विषयवस्तु बन्दै आएको छ । के भन्छन् भने वर्तमान प्रचलित रामलीला गोस्वामी तुलसीदासले आफैले रचेको रामचरिमानसको आधारमा नाट्यमा रूपान्तरित गरेका थिए । यसको मञ्चन उनको समयमा काशी तथा अयोध्यामा हुने गर्दथ्यो । त्यसै समयदेखी रामचरितमानसको आधारमा अवधीभाषी क्षेत्रमा रामलीला मञ्चनको परम्परा चलिआएको बुझिन्छ ।

रामलीला अश्विन शुक्लप्रतिपदादेखी प्रारम्भ भएर सामन्यतया १५ दिनसम्म मञ्चन गरिन्छ । तर अचेल धेरैजसो यसभन्दा थोरै दिनमा नै पनि मँञ्चन गर्न थालिएको देखिन्छ । मर्यादा पुरषोत्तम भगवान् रामको चरित्रकथाको अभिनय रामलीलामा भएको कारणले हिन्दु मान्यता प्रधान अवधी जनजीवनमायस लोकनाटकले गम्भीरता र लोकप्रियता पाएको छ । सामान्यरूपमा आजसम्म यो परम्परागत लोकनाटकले मानिसहरूमा एकथरि धार्मिक भावना जगाउदै र मनोरन्जन प्रदान गर्दै आएको छ । सामाजिक शीर्षकपछी केही पौराणिक ग्रन्थहरूको आधारमा रामलीला तुलसीकालभन्दा पहिलेदेखी प्रचलनमा रहेको पाइन्छ । राम जन्म, धनुषयज्ञ, रामविवाह, रामवनगमन, लङ्कादहन, रावणवध, भरतमिलाप खुला चौरबगैचा र विशेष मञ्च तयार गरी प्रदर्शित गर्ने गरिन्छ । रामणवधमा रावणको पुतला बनाइ आगो लगाइर हात्तीद्वारा खसालिन्छ ।

रामलीलामा मञ्चको अगाडिपट्टि दर्शकहरू बसेका हुन्छन् । रामचर्चाको पाठ गर्ने र पात्रहरू मञ्चको पछाडि बसेका हुन्छन् । मङ्गलाचरणपछि ढोल, मजीरा, नग्गरा, हारमोनियम आदि वाद्ययन्त्रको साथ साथ रामचरितमानसको पाठ प्रारभ्भ हुन्छ । पात्रहरू राम, लक्ष्मण , हनुमान , सीता, मन्दोदरी, रावण आदि कथा प्रसङ्गको अनुरूपको वेशभुषामा सुसज्जित भएर यथासमय मञ्चमा उपस्थित हुन्छन् यी पात्रहरूलाइ आ-आफ्नो भुमिका अनुसारको रामचरितमानसको दोहा र चौपाइहरू कन्ठस्त हुन्छन् । यिनीहरू दोहा र चौपाइको प्रयोग गरेर मञ्चमा अभिनय गर्ने गर्दछन् । संवाद आदिमा रामचरितमानसलाइ आधार नबनाएर राधेश्यामकृत रामायणलाइ आधार बनाइन्छ र यस बेला यी संवादहरूको भाषा अवधी नभएर हिन्दी हुने गर्दछ । कुनै कुनै वेला यी पात्रहरू मूक अभिनय पनि गरेका हुन्छन् । रामलीलाको रङ्गमञ्च र पात्रहरूको सादापना सराहनीय हुन्छ । वेशभूषा र रङ्ग सज्जाको लागि विशेष व्यवस्था गरिएको हुदैन । एक दुइटा फलफुल र कागजको तोरणहरूद्वारा मञ्च सजाइएको हुन्छ । गाजल, चन्दन, गेरू, खरानी र चम्किलो कागजहरूबाट बनाइएको मुखुण्डो मुकुट अस्त्रशस्त्र आदि यस लोकनाटकको प्रसाधनहरू हुन् । प्रायः पुरुषहरू नै आइमाइहरूको पनि भूमिका गर्ने गर्दछन् ।

१२.१.१.२. ऐतिहासिक लोकनाटक

मध्यकालिक इतिहासलाइ कथावस्तु बनाएर प्रस्तुत गरिने लोकनाटकहरू ऐतिहासिक लोकनाटकअन्तर्गत आउछन् । यसमा राजा भरथरी, नल दमयन्ती, सारङ्गा सदावृक्ष आदि प्रमुख छन् ।

१२.१.१.२.१. भक्तपुररनमल

भक्तपूरनमल लोकनाटक अवधी समाजमा प्रचलित ऐतिहासिक लोकवृतात्मक नाटक अन्तर्गतको चडेरा नाट्य समूहद्वारा प्रस्तुत गरिने नाटक हो । यो नाटक अवधी समाजमा कुरीतिको रूपमा रहेको अनमेल विवाह र त्यसले उत्पन्न गर्ने समस्याहरूमा आधारित छ ।

प्राचीनकालमा अनमेल विवाहका धेरै उदाहरणहरू पाइन्छन् । विवाह यद्यपि एउटा सामाजिक संस्कार हो, तापनि यसको समबन्ध दुइ व्यकितको मानसिक र शारीरिक सम्बन्धमा आधारित छ । यस स्थितिमा कुनै पनि पक्षको असन्तुष्टि त्यसका लागि कष्टदायी सिद्ध हुन्छ ।

शारीरिक रूपले असक्षम भए पनि जनशक्ति र आर्थिक रूपले सक्षम व्यक्तिहरूले आफ्नो विलासी प्रवृत्तिको पूर्ति गर्नका लागि अनमेल विवाह गर्ने प्रथा अवधी समाजमा कुप्रथाको रूपमा प्रचलित रहेको पाइन्छ ।

यसरी अनमेल विवाह भएपछि पत्नीभित्र शारीरिक असन्तुष्टि र त्यसबाट उत्पन्न हुने समस्या र प्राप्त हुने प्रतिफलको सफल चित्रण यस भक्तपूरनमल नाटकमा पाइन्छ ।

भक्तपूरनमलको कथा, लोककथा, लोकगाथा र लोकनाटकमा तीनओटै विधामा समान रूपमा प्रचलित रहेकाले यो नाटक हेर्ने दर्शक र नाट्यकर्मीमध्ये प्रायः सबैजसो यसको मूल कथाबारे पहिलेदेखि नै परिचित हुन्छन् । यसले एकतिर नाट्यकर्मीहरूलाइ नाट्य प्रदर्शन र आफ्नो अभिव्यकित दर्शकहरूसम्म पुऱ्याउन सजिलो बनाएको हुन्छ भने अर्कोतिर दर्शकहरूलाइ त्यस नाटकको र समय वातावरणमा रमाउन सजिलो पारेको हुन्छ ।

यस सामग्रीमा पूरनमलको चरित्र नायकको रूपमा प्रस्तुत गरिएको छ । सहनायकको रूपमा राजा, जेठी रानी, मन्त्री द्वारपाल आदि रहेका छन् । खलनायकको रूपमा कान्छी रानी रसह-खलनायकको रूपमा वादीलाइ प्रस्तुत गरिएको देखिन्छ । खलनायिकाको संयोजन गरेर घटनाको प्रस्तुतिबाट दर्शकहरूमा आशङ्का वैमनस्यता र घृणा आदिको वातावरणको सिर्जना गरिएको छ । महात्माको समावेश संयोगको भएको वावजूद महत्त्वपूर्ण कारक रहेको देखिन्छ । यस किसिमले सबै मिलाएर सातजना पात्रहरू कथानकको महत्त्वपूर्ण चरित्रका रूपमा आएका देखिन्छन् ।

कथानकको प्रत्येक चरित्रमा आदर्श देखाउनुका साथै खलनायकको माध्यमले समाजमा उत्पन्न हुने विसङ्गतिको पनि बोध हुन्छ । यी सबै मिलेर यसले समाजको एउटा विशेष अवस्थाको जानकारी गराउँछ । यस नाटकको विषयवस्तुद्वारा त्यस वेलाका सामाजिक जनजीवन नितान्त सरल रूपमा रहेको थियो भन्ने सङ्केत प्राप्त हुन्छ । पुरुषप्रधान समाज र दासदासीको प्रचलनको अवस्थालाइ यस सामाग्रीको संयोजनले सङ्केत गरेको स्पष्ट हुन्छ । (त्रिपाठी, २०७५: २५८)

१२.१.१.३. ऐतिहासिक लोकवृतात्मक लोकनाटक

ऐतिहासिक लोकवृतात्मक लोकनाटक नेटुवादयाल अवधी लोकसमाजमा प्रचलनमा रहेको पाइन्छ ।

१२.१.१.३.१. नाटक नेटुवादयाल सिंह

नेटुवादयाल सिंह लोकनाटक अवधी समाजमा प्रचलित सामाजिक नाटक अन्तर्गतको सफेरा नाट्य समूहद्वारा प्रस्तुत गरिने लोकनाटक हो । यो नाटक अवधी जनजीवनको अधिभौतिक विश्वासमा आधारित नाटक हो । धार्मिक आस्थाजन्य दैवी चमत्कारमा अवधीभाषी समाजको अलौकित श्रद्धा र विश्वास राख्दै आएको अनन्त अतीत र जीवित वर्तमानमा व्याप्त व्यापक श्रद्धालाइ ध्यानमा राखेर कथावस्तुलाइ तयार गरिएको देखिन्छ । अवधी लोक समाजमा व्याप्त चमत्कारिक मान्यता (जस्तै :

निर्जीवमा सजीवता, अवोलमा वाक्शक्ति तथा असम्भवमा पनि सम्भावनालाइ पुष्टि दिने) लाइ यस लोकनाटकमा सामेल गरिएको पाइन्छ । यसैक्रममा जादूगरी विद्यामा अवधी समाजमा रहेको जनविश्वासको मान्यता अनुरूप नै यो नाटक पूर्ण रूपमा जादूसंग सम्बद्ध रहेको देखिन्छ । यस लोकनाटकमा जादू युद्धको प्रदर्शन हेर्न पाइन्छ । अवधीजनजीवनमा बङ्गला भन्ने कुनै कल्पित मुलुकमा यस कलाको उत्कर्ष छ र कामरूप कामाक्षा देवी यस कलाकी इष्ट देवी हुन साथै जादूगरभन्दा जादूगर्नी यसमा प्रवीणता राख्ने र प्रभावी हुने जस्ता मान्यताहरूलाइ यस लोकनाटकका कथावस्तुमा समेटिएको पाइन्छ ।

यसरी नेटुवादयाल सिंह लोकनाटक सामाजिक तर अन्धविश्वासमा आधारित सामाग्रीको रूपमा अवधी लोकसमाजमा प्रचलित रहेको देखिन्छ । विषयवस्तुलाइ यस किसिमले प्रस्तुत गरिएको छ कि अन्तमा दर्शकहरूले सत्यमेव जयते को भावको विकास आफूमा गर्ने प्रेरणा यसबाट पाउछन् । कथानकमा प्रधान चरित्रको आत्मबल र नैतिक पक्ष अति नै सबल बनाएर प्रस्तुत गरिएको छ । यसमा पनि घटनाको चित्रण र त्यसको विकासको प्रस्तुति सन्दर्भसम्म मात्रै सीमित राखिएको छ । (त्रिपाठी, २०७५: २७६)

१२.१.१.४. सामाजिक लोकनाटक

सामाजिक विषयवस्तुहरूलाइ आधार बनाएर पनि अवधी लोकसमाजमा लोकनाटक प्रदर्शन गरिएको पाइन्छ । यसको उदाहरणको रूपमा सुरवानाटक, लिल्ली घोडी आदि आउछन् ।

१२.१.१.४.१. सुरुवा नाटक

अवधीभाषी समाजमा प्रचलित नाटकहरूमध्ये सुरवा नाटक पनि एउटा हो । सामाजिक नाटकको रूपमा खेलिने यस नाटकको प्रस्तुति गीति शैलीमा छ । नाट्य परम्पराको आधारमा यस नाटकलाइ लोकनाटिकाको रूपमा लिन सकिन्छ ।

नाटिकाको कथावस्तु कुनै शुभकार्य वा रमाइलो घटनाको परम्परागत रूपमा शुभारम्भ हुन्छ । यो सूत्रधारद्वारा प्रार्थना स्वरूप प्रस्तुत हुन्छ । यसलाइ मङ्गलाचरण भन्दछन् । दोहापछि चौपाइ परिवेशको उद्घोष सूत्रधार वा समाजीले नै गरेको हुन्छ । त्यसपछि मञ्चमा एउटा सामान्य गृहस्थ परिवारको दृरुश्य प्रस्तुत हुन्छ । भाउजूसित अन्धो देवरले गुहार र शरण माग्दछ । तर भाउजूबाट अपमानित भएर भिक्षाटनद्वारा आफ्नो परिपालनका लागि घरबाट बाहिरिन्छ । यस प्रस्तुतिको लोकगायन कजरी (वर्षागीत) मा हुन्छ ।

अन्धोको प्रस्थानले नै दृश्यमा परिवर्तन ल्याउछ । ससुरालमा अन्धोको दुर्घटनाको जानकारी पाएपछि दुलहीको पुनः विवाहको तयारी हुन्छ । दुलहीले आफ्नी भाउजूबाट कुरा बुझ्ने चाल गर्छे । नन्द भाउजूको कुराकानी चल्छ कजरीलयमा नन्द भाउजू वादप्रतिवाद गर्छन् । रसिकताप्रधान प्रसङ्गमा नन्दले भाउजूको कुरासंग असहमत हुदै आफू पतिसेवामा अर्पित भएर आफ्नो भाग्यको निर्वाह गर्ने अठोट जाहेर गर्छे । कुराकानी विवादमा अन्ततोगत्वा कलहमा बदलिन्छ । नन्द त्यस माइतीमा कहिले नफर्किने अठोट गरेर बाटो लाग्छे ।

संयोगवश भिक्षाटनमा रहेको उसको आफ्नै अन्धो पतिसंग बाटोमा भेट हुन्छ । परपुरुषसंग वार्तालाप गर्न धर्मसङ्कट मान्दामान्दै पनि बाटो सोध्छे । गाउघरको सोधपुछ गर्दा परिचय जाहेर हुन्छ । श्रीमतीको विचार बुझेपछि भावात्मक निकटता हुन्छ र दुवै घरतिर जान्छन् ।

भाउजूको व्यवहारप्रति अनिश्चितता बोकेर बाटो लागेका यी दुइजना घर पुग्दा भाउजूबाट अनुकूल व्यवहार पाउन सकेनन् । मानमनौतीका प्रयास सफल नभएपछि अंशको माग हुन्छ तर भाउजूले घरको सम्पत्ति उसकै विवाह र त्यसपछि अन्धोपनाको उपचारमा खर्च भइसकेको जानकारी गराउछे ।

कथानकको विकासको यस चरणमा वार्ता (गद्य अभिव्यकित) द्वारा अन्धाकी पत्नीले माइती जाने प्रस्ताव गरेर दुइजना जान्छन् । त्यहा पनि सन्तोषजनक वातावरण नपाएपछि जस्तो पर्ला उस्तै टर्ला भन्ने निष्कर्षले यिनी दुवैजना त्यहाबाट पनि प्रस्थान गर्छन् ।

हिड्दाहिड्दै वन क्षेत्रमा पुगेर विश्राम गरिरहेको अवस्थामा अन्धो निदाएको र उसकी पत्नीले खुट्टा माढ्न लागेको वेला एउटा थप शङ्कट आइपर्छ । दोस्रो विवाहको प्रसङ्ग चलेको युवकले अन्धो पतिसंग त्यस युवती हिडेको कुरा थाहा पाएर आफ्ना साथीहरूको समूह बनाएर खोजी गर्दै त्यही आइपुग्छ । अनिलले त्यस महिलालाइ भेटाएपछि साधुको कपट वेशधारण गरेर तिनीसंग कुराकानी गर्न थाल्छ । घरठोगानाबारे सोधपुछ भएपछि ती साधुले आफ्नो कुटीमा बसोबास गर्न प्रस्ताव गरेर वनको कष्टमय जीवनको वयान र आफ्नो कुटीयामा भएको सुविधाको बयान गरेर ललाइफकाइगर्दा आचरण प्रतिकूल व्यवहार भएको शङ्का उब्ज्यो । ती महिलाले केही गरी पनि साधू प्रस्ताव स्वीकार नगरेपछि त्यसले आफ्नो रूप देखायो । उसले विवाहको प्रस्ताव गर्दै यो प्रस्ताव स्वीकार नगरे अनिष्ट हुने धम्की दियो । महिलाले मानिनन् । उसले पेस्तोल देखायो । यस परिस्थितिमा ती महिलाले परिस्थिति अनुकूल उपायको रूपमा विचार बदलेको देखाएर पेस्तोल आफ्नो कब्जा गरेर त्यस खलनायकको हत्या गरी ।

अन्धो अर्धनिन्द्राबाट ब्यूझ्यो । महिलाले बेलीविस्तार गरेपछि त्यो फेरि बाटो लाग्यो । केहीअगाडि पुगेपछि बाटोमा पुनः एकजना साधु देखापऱ्यो । त्यो साधु सक्कली भएको ठहरले ती महिलाले साधुको सेवा पुऱ्याइ । सेवाबाट खुशी भएका साधुले वरदान माग्न भने । महिलाले आफ्नो दुखेसो सुनाएर आफ्ना अन्धोपतिको दृष्टि शक्तिको वर मागी । साधुको कृपााले उनको पतिको दृष्टि शक्ति पुर्ववत् भयो । दुइजना साधुप्रति कृतार्थ भए ।

यसरी दुइजना आफ्नो घर पुगे । आश्चइ चकित भएकी भाउजूले तिनको स्वागत सत्कार पनि गरिन् । तर उसको मनमा खोट कायमै रह्यो । यसै गाउकी कुटुनी महिलाले देवरलाइ आफ्नो पक्षमा पारेर देवरानीलाइ मार्न लगाउन सके सबै कुरा अनुकूल हुनसक्ने सल्लाह दिइन् । भाउजू देवरलाइ फकाउने योजनामा लागिन् । अन्तमा उनी सफल पनि भइन् । तीर्थाटन गएर देवरानीलाइ हत्या गरी फर्केरआएपछि आफूसमेत पत्नीको रूपमा सुखमय परिवार चलाउन वाचा गरी ।

तीर्थयात्रामा दुइजनाले प्रस्थान गरे । अनुकूल स्थानमा पुगेपछि श्रीमतीको हत्या गर्न उठाएको तलवारको हात एक्कासी प्रकट भएका साधुबाट समातियो । साधुले त्यसलाइ धिक्कारे । उनले ती महिलाको त्याग तपस्याको बयान गरे । त्यो मान्छे जोगिएर भाग्यो । पछि साधुले त्यस महिलालाइ घर जान सल्लाह दिए । महिलाले घरमा आफ्नो सुरक्षामा शङ्का जनाइ । साधुले त्यसमा आफूले सहायता गर्ने वचन दिएपछि ती महिला घरतिर लागी ।

घर पुग्दा उसमाथि जेठानीको आक्रमण भयो । यसरी जेठानीको आक्रमण हुदा साधु प्रकट भए । जेठानी साधुप्रति पनि अमर्यादित आचरण गर्छे । कुपित साधुको सरापले जेठानीको सम्पूर्ण परिवार अन्धो हुन जान्छ । तर ती महिलाको विनयभावले साधु खुशी हुन्छन् । सराप फिर्ता लिन्छन् । सबै खुशी हुन्छन् । मेलमिलापको वातावरणमा नाटक समाप्त हुन्छ । (त्रिपाठी, २०७५: २९४)



लिल्ली घोडी नृत्य प्रस्तुत हुदै

१२.१.१.५. लिल्ली घोडी नाटक

लिल्ली घोडी लोकनाटकलाइ लोकनाटिका वा स्वाङ भन्नु उपयुक्त देखिन्छ । यो लोकनाटिका अवधी भाषी क्षेत्रमा ५-१० वर्ष पहिले अति नै प्रचलनमा रहे तापनि हाल लुप्त भइसकेको पाइन्छ । यसमा एउटा मानिस घोडाको रङ्गीन कागजको मुखौटा (त्यसलाइ उनीहरूले चोला भन्छन्) कम्मरमा बाधेर नृत्य गर्दछ । नृत्यको ताल, लय र गति सबै कहार जातिको नृत्यशैलीसित मिल्दोजुल्दो हुन्छ । यसमा पुरुष वेशमै रहेको एकजना नाट्यकर्मीको साथसाथै एकजना नारी वेशषमा रहेकी पनि नाट्यकर्मी हुन्छिन् । सम्भवतः यसमा पुरुष वेशमा कुनै घोडसवार नायक र नायिकाको कल्पना छ । यसैसित सम्बद्ध भावहरू यस लोकनाटिकामा व्यक्त गरिन्छ । धेरैजसो घोडामाथि सवार वर पक्षबाट वरलाइ वा कन्या पक्षबाट भाइलाइ बोलाइन्छ ।

जस्तै :

लिल्ली घोडे असवार चितकाबर दुलहा जे बोले हो ।

वा लिल्ली घोडे असवार डंडिया भाउजि मोरी ।

अवथा

हाथेमा लीन्हेनि सुबरन छडिया, लिल्ली घोडे असवार ।

यस लोकनाटिकामा वर्णित लिल्ली घोडीको सन्दर्भबाट थाहा हुन्छ यो लिल्ली शब्द वर्णित घोडाको उत्कृष्ठ जातिको परिचायक हो । (त्रिपाठी, २०७५:३१०)

१२.१.१.६. अन्य

यी नाटकहरूका अतिरिक्त अवधी लोकसमाजमा अन्य किसिमका लोकनाटकहरू पनि उपलब्ध छन्, जसमा बहुरुपिया, भाडभडैती, कठपुतली, स्वाङ, भालु र बादरको खेल आदि आउछन् ।

१२.१.१.६.१. स्वाङ

अवधी लोकनाटकमा स्वाङ धेरै प्राचीन लोकनाटक हो । अवधी लोकसमाजमा यसलाइ लोकनाटिकाको रूपमा लिने गरिन्छ । डोम जातिमा यो आज पनि व्यवसायको रूपमा नै प्रचलनमा रहेको पाइन्छ । भन्दछन् - कबीरको समयमा स्वाङको प्रचलन अत्यधिक मात्रामा थियो । कबीरले आफै" भनेका छन् :

कथा होय तंह श्रोता सोवय, वक्ता मूड पचाया रे ।
होय जहा कहीं स्वांग तमाशा, तनिकव नीद न आया रे ॥

अवधी लोकसमाजमा स्वाङ विविध रूपमा प्रचलित छ जस्तै निहालदे, हीर-रांझा, नवलदे आदि ।

स्वाङ गर्नेहरूले साथैमा केहीले ढोल, मजुरा र विशेष गरी छिपुली (कासको सानो थाली) जोडतोडले बजाउछन् । स्वाङमा नृत्य, गीत र संवादको प्रधानता हुन्छ । संवाद विशेष गरी शृङ्गार र हास्य हुने गर्दछ । रङमञ्चको कुनै विशेष योजना हुदैन । एउटा खुला सादा रङ्गमञ्च हुन्छ । मञ्च चारैतिरबाट खुला हुन्छ । कुनै पर्दाको प्रयोग हुदैन । प्रसिद्ध स्वाङहरूमा भक्तपूरनमल, हरिश्चन्द्र, पितृहत्या, सुरवानाटक आदि आउछन् ।

स्वाङ जीविकोपार्जनको लागि व्यवसायिक रूपमा पनि प्रदर्शन गरिन्छ । यसमा अभिनय, नृत्य, सङ्गीतको लोकधर्मी रूप प्राप्त हुन्छ । अवधी लोकसमाजमा नरनारीहरू यसलाइ हेर्न एकत्रित भएका हुन्छन् । स्वाङको एक विशेष प्रकार नकटौरामा पाइन्छ । नकटौरा विवाहको अवसरमा प्रस्तुत गरिने प्रसिद्ध स्वाङ हो । यसमा आइमाइहरू परस्पर सम्बन्धको अनुरूप आपसमा गाली गलौज पनि गर्ने गर्दछन् । जस्तै :

जहा पठावौ तहा जाव रे बिलरा हाजिर बाबू हाजिर ।
ननदी के सेजिया जाव रे बिलरा हाजिर बाबू हाजिर ॥
कहा जाय भेडवा अकेलवा रे तोरि मुलिमुलि अखिया ।
जाइ तो जाइ अमुक के बखरिया, जिनकर जोइया अकेलिया रे ॥ तोरिमुली .... ।
.....

होलीको अवसरमा विशेष किसिमको स्वांग प्रदर्शित गर्ने गरिन्छ । यसमा छर छिमेकीहरूलाइ हास्यास्पद रूपमा व्यङ्ग्य गरिएको हुन्छ । (त्रिपाठी, २०७५:३०८)

१२.१.१.६.२. बहुरूपिया

अवधी लोकसमाजमा धेरै किसिमका लोकनाटिकाहरू प्रचलनमा रहेका पाइन्छन् । बहुरुपिया पनि एउटा लोकनाटिका नै हो । बहुरुपिया लोकनाटिका भनेको त्यो लोकनाटिका हो, यसमा एउटै मानिसले भिन्नभिन्न रूप धारण गरेर दर्शकहरूसित सम्वाद गर्दछ । मुस्लिम शासन कालदेखि यस प्रचलनमा आएको पाइन्छ । मध्यकाल र वर्तमानको अवधीसमाजमा त यो एक प्रकारको व्यापार नै भइसकेको पाइन्छ । यी रूप ब्रह्माको रूप, शिवको अर्धनारीश्वर रूप हनुमानको रूप, रावणको रूप, मुनीमजीको रूप आदि हुन्छन् । बहुरुपियाले कालीको वेशधारण गर्दा कालो लुगा, मुखमा कालो रङ, जिब्रो निस्केको, एक हातमा तलबार, अर्को हातमा खप्पर लिएको देखिन्छ । मेला, बजार आदिमा मुनीमगिरी देखाउदै किताब काखीमा च्यापेर, नाक कालो पारी, चश्मा लगाएर सबैमाथि बाजे, बराज्युको पालादेखिको देखाइ कर्जा हिडेको देखाइन्छ । यसै प्रकार शिव, ब्रह्मा, हनुमान आदिको पनि रूप बनाएर बजार शहरहरूमा मागदै हिडेको देखाइन्छ । यसको आफ्नो कुनै मञ्च हुदैन ।

बहुरूपियाको अभिनयमा कुनै गीत हुदैन जब ऊ नाना किसिमका रूपहरू बनाएर दर्शकहरू आउछ, त्योवेला उसले रूपअनुसारको अभिनय र दर्शकहरूसित संवाद गर्ने गर्दछ । (त्रिपाठी, २०७५:३०९)

१२.१.१.६.३. भाडभडैती

अवधी लोकसमाजमा प्रचलित नाटिकाहरूमध्ये भाडभडैती एउटा प्रसिद्ध लोकनाटिका हो । अवधी लोकसमाजमा वाजिद अली शाहको समयमा भाडको भडैती विकसित अवस्थमा पुगिसकेको थियो । भाडहरू नक्कल गर्नमा सिपालु हुन्छन् । वहाहरू गाना गाउन, बजाउन र नाच्नमा पनि सिपालु हुन्छन् । भाडहरूमा प्रायः एकजनाले पुरुष र अर्कोले आइमाइको रूपधारण गरेका हुन्छन् । वहाहरूले अनुकरण वा नक्कल आदिको कला आफैले आविष्कार गरेका हुन्छन् । वहाहरू प्रायः नक्कल र प्रहसनहरू नै प्रस्तुत गर्नै गर्दछन् । उत्सव र अन्य साङ्गलिक अवसरहरूमा भाडहरू महफिलको शोभाको रूपमा हुन्छन् । अवधी क्षेत्रमा यिनीहरूको सम्बन्धमा एउटा शेर प्रसिद्ध छ ।

जंगल वीरान जहां शेर न बाशद ।

महफिल वीरान जहां भांड न वाशद ॥

भाडको हसीठट्टा धेरैजसो अति नै उच्च श्रेणीको हुन्छ, तर कहिलेकाही वहाहरू निम्नस्तरको हासो ठट्टा पनि गर्दछन् । यसको लागि एउटा टुक्का प्रचलित छ, 'भडैती न करो' अर्थात् निम्नस्तरको ठट्टा नगर्नुहोस् ।

आज भाडहरूको कलाको प्राचीन रूप उपलब्ध छैन । उपलब्ध कलामा पनि विस्तार-विस्तारै ह्रास आइरहको देखिन्छ । (त्रिपाठी, २०७५:३११)

१२.१.२. अवधी लोकनाटकको विशेषता

अवधी लोकनाटकको विशेषताहरूलाइ अध्ययन गर्दा यसले आदिमकालदेखिको अवधी लोकनाटकमा प्रचलित परम्पराहरूलाइ वर्तमानसम्म संरक्षित गर्नुका साथै समयानुसारको धार्मिक, ऐतिहासिक र सामाजिक विषयवस्तुहरूलाइ पनि समावेश गरी अवधी लोकनाट्य-परमपरालाइ सवल बनाएको छ । अवधी लोकनाटकका प्रमुख विशेषताहरू संक्षेपमा निम्नानुसार देखिन्छन :

१. *यस समाजमा प्रचलित बादर भालुको खेल हेर्दा यसलाइ नै अवधी लोकनाटकको आदि रूपमा लिन सकिन्छ । यो परम्परागत रूपमा केही मात्रामा आज पनि जीवित छ ।*
२. *यस समाजमा धार्मिक, (रामलीला, रासलीला), सामाजिक (चडेरा, सफेरा नाट्य विधी) जातिगत (कोहरउवा, धोबियवा आदि) र अन्य लोकनाटकको अध्ययन गर्दा यिनीहरूले अवधी लोकसमाजको लागि धार्मिक, सामाजिक, नैतिक र व्यक्तिगत आचरण र व्यवहारबारे विस्तृत जानकारी गराउनको साथै समाजलाइ सजग बनाइराख्न दिशानिर्देशन कै रूपमा उपलब्ध रहदै आएका देखिन्छन् ।*
३. *विभिन्न दृश्यलाइ एक दोस्रोसित आवद्ध गराउनको लागि समाजीको रूपमा एउटा अदृश्य रङ्गकर्मीको प्रयोग गरिन्छ । जसकारण दर्शकहरूलाइ कथानकको पूर्ण आनन्द लिनमा बाधा उत्पन्न हुदैन ।*
४. *स्वाङ र प्रहसनको माध्यमले समाज वा व्यक्तिको खराब आचरण र क्रियाकलापमाथि कटु व्यङ्ग्य गर्ने गरिन्छ, यसबाट सामाजिक चेतना र सो सम्बन्धमा तीव्र स्वर प्रकट भएर आउछ ।*

५. *अवधी लोकनाटकको दृश्य समायोजन लोकसमाजको वातावरणमा नै आधारित भएकोले कतै केही पनि औपचारिक हुदैन ।*

६. *अवधी लोकनाटकका विभिन्न विधाहरूमा प्रचलित सङ्गीत र नृत्यपरम्परा आज पनि परम्परागत रूपमा नै सुरक्षित छ । (त्रिपाठी, २०७५:२४३)*

१२.२. नृत्य

अवधी भाषाभाषी समाजमा पाइने लोकनृत्यहरूलाइ समग्रमा अवधी लोकनृत्य भनिन्छ । यस समाजमा पाइने नृत्यहरू मध्ये केहि सम्पूर्ण समुदायमा प्रचलनमा रहेका छन् भने केही जातीय नृत्यहरू पनि छन । अवधी समाजमा पाइने यी लोक नृत्यहरू यस प्रकार छन् :

कत्थक नृत्य, पतुरिया नृत्य, हिजडा नृत्य, लिल्ली घोडी नृत्य, कहरउवा नृत्य, धोबिया नृत्य, अहिरउवा नृत्य (फरुवाही), कोरी नृत्य, कोहरउवा नृत्य, सफेडा नृत्य, बारी नृत्य, खटिक नृत्य, नट नृत्य, बादर तथा भालु नृत्य आदि ।



लोक कलाकारद्वारा रास नृत्य प्रस्तुत हुदै

१२.२.१. कत्थक नृत्य

कत्थक नृत्य अवधी भाषाभाषी क्षेत्रको मुख्य लोक नृत्य मध्ये एक हो । यसको आरम्भ मुगल शासनकालमा भएको पाइन्छ । मुगल वादशाहहरूले आफ्नो मनोरञ्जन र भोग विलासमय जीवनको सन्तुष्टिका लागि यसको आरम्भ गराएको देखिन्छ ।कत्थक शास्त्रीय नृत्य हो, जसको पृष्ठभूमि धार्मिक नभएर प्रत्युत्त धार्मिक विलास रहेको देखिन्छ । यस नृत्यहरू विविध मुद्राहरूको नभइ खुट्टाको विविध चालमा रहेको हुन्छ ।

उदा:- काहे को रोकत मोरि कर गहि लीनी, डगर चलत देखा - गारी मोहे दीन्ही ।
मग मे ठाडो नन्द को छैला, गह मटकी मोरि छीनी ।
श्याम की बात यह देखो रे विन्दा, कोऊ न बात हम कीन्ही ।

१२.२.२. पतुरिया नृत्य

विविध मांगलिक अवसर, जमघट, धार्मिक अनुष्ठान र देवी देवताको पुजाको अवसरमा अवधी भाषी क्षेत्रका धनीमानी व्यक्तिहरूका बीच यस नृत्यको प्रचलन अनादिकाल देखि नै रहेको पाइन्छ । पुत्र जन्म, बिवाह र अन्य सामाजिक अवसरमा यो नृत्य विशेष रूपमा प्रचलित रहेको पाइन्छ । नटहरूका

भाति यिनीहरूको पनि एउटा जाति हुन्छ । यो जाति विवाहित कन्याहरूले सामान्य जीवन बिताउछन् भने, जजसले यो पेशा अगाल्छन, उनीहरू बिवाह गर्दैनन् ।

यो नृत्यमा एक वा दुइजना महिला नाच्ने गर्दछन् । वाद्य यन्त्रतर्फ हारमोनियम, तबला, सारङ्गी, मजीरा आदि प्रयोगमा रहेको हुन्छ । पतुरिया नृत्यमा गाइने गीतहरू मुख्यतः प्रेमका उभय पक्ष संयोग तथा वियोग, पारिवारिक जीवनको क्रममा भएका अनुभुति, बधाइ तथा आश्रयदाताको गौरवगान सित सम्बन्धित हुन्छन् । उनीहरूका नृत्य मुद्राहरू मुख्यतः श्रृङ्गारिता, मनोव्यथा, शारीरिक कोमलता वा पारिवारिक एवम् दाम्पत्य जीवनका विविध घटनाहरूसित सम्बन्धित हुन्छन् ।

उदा : नजर लागी बाबू तेरे वंगलेमा ।

जो मै होतिउ राजा बेली चमेली, गमकि रहतिउ राजा तोरे वंगलेमा ।

जो मै होतिउ राजा कारी कोइलिया, कुहुकि रहतिउ राजा तोरे वंगलेमा ।.... तोरे वंगलेमा ॥

१२.२.३. तेस्रो लिङ्गी नृत्य

अवधी समाजमा मात्रै नभइ सम्पूर्ण विश्वमा तेस्रो लिङ्गी (हिजडा) हरूको कुनै जातिगत स्थिति हुँदैन । उनीहरू लिंगहीन भएका कारण आफ्नो पारिवारिक स्थिति बनाइ राख्न असमर्थ हुन्छन् । कुनै परिवारमा बच्चा जन्मेको थाहा पाएपछि यी हिजडाहरू एउटा टोली बनाएर त्यो घरमा जान्छन र नृत्य गर्ने तथा गीत गाउन आरम्भ गर्दछन् । यिनीहरूको नृत्यमा कुनै कलात्मकताको आधार हुदैन । वाद्य यन्त्रहरूमा मुख्यतः ढोल, झाझ र थपडी बजाएर उनीहरू नाच्ने गाउने गर्छन् ।

उदा : गीत - आज भये नन्दलाल कुवन पइ कोधो सम्हारे सिर की गगरिया

कोधो सम्हारे नन्दलाल कुवन पर, सासु सम्हारे सिर की गगरिया

ससुरा सम्हारे नन्दलाल कुवन पर ।

यसै प्रकारले जेठाज्यू, जेडानी, देवर, नन्द, नन्दोइको नाम लिएर गाउदछन् ।

१२.२.४. लिल्ली घोडी नृत्य

प्रायः शरद ऋतुको अवसर पारेर स्वांगका रूपमा यो नृत्य अवधी भाषी समाजमा प्रचलित रहेको पाइन्छ । यस नृत्यमा एक जना मानिसले घोडाको मुकुण्डो कम्मरमा बाधेर नाच्छन् भने उनकै साथमा एक जना नारी भेषमा पुरुष पनि नाच्ने गर्दछन् । नृत्यको ताल, लय र गति सबैजसो धोवी जातिमा प्रचलित नृत्य जस्तै हुने गर्छ ।

गीतमा वर्णित लिल्ली घोडी वा लिल्ले घोडेको सन्दर्भ हेरेपछि थाहा हुन्छ कि लिल्ली वा लिल्ले शब्द घोडाको उत्कृष्ठ जातिको परिचायक हो ।

उदा : लिल्ले घोडे असवार, दुलहा जे बोले हो ।

वा

हाथेमा लिन्होनि सुबरन छडिया, लिल्लेहि घोडे असवार ।

१२.२.५. कहरउवा नृत्य

अवधी भाषी क्षेत्रमा डोली र पालकी उठाउने र पानी खुवाउने काम प्राचीन समय देखि नै कहार जातिका व्यक्तिहरूद्वारा नै गर्ने गरिन्छ । सो अवसरमा वहाँहरूद्वारा गरिने नृत्य र गीतलाइ कहरउवा भनिन्छ । वहाँहरू काधमा डोली वा पालकी लिएर हिड्दा श्रृङ्गार रस प्रधान रसिला गीतहरू गाउनुहुन्छ ।

उदा : रस ढुरिकै करेजवा मा जाय हो सखी
पनिया भरन गयो, बाबा के कुअना
छोट दुलहा गोहन लगि जाय हो सखी ।
यस रिसि लागै, यस रिसि लागै
मारयो रसरिया घुमाय हो सखी । रस ढुरिकै ..... ।

१२.२.६. धोबिया नृत्य

धोबिया नृत्य अवधी भाषी समाजको धोबी जातिका विविध मांगलिक अवसरहरूमा गरिने नृत्य हो । नृत्य गर्दा कम्मर सम्मको कुर्ता र रातो रंगको चुन्नटदार लहगां लगाउछन् । कम्मरमा छालाको पेटी जसमा घुघरु बाधिएको हुन्छ, लगाइन्छ । नाच्ने बेलामा एक विशेष अन्दाज र लयबद्ध रूपमा नृत्यकर्ताहरूद्वारा घुघरु बजाउने गरिन्छ । नृत्यकर्ताहरू नृत्य गर्ने बेलामा अन्य वाद्य यन्त्रहरूका साथै आ-आफ्नो बासुरी पनि बजाउछन् । नृत्य गर्ने रोकिएपछि वहाहरूले कानमा हात राखेर विरहा भजन तथा धोविया गीत गाउछन् ।

उदा : (क) मोटी - मोटी रोटिया पकायव धोबइनिया, बिहनै चलयक बाय घाट
तीन चीजि जिनि भूले धोबइनिया, टिकिया, तमाकू औ आगि ।

वाद्य यन्त्रहरूमा प्रायः मृदंग र वेला बजाउने गरिन्छ । कहीं कहीं माटाका गाग्रीहरू पनि प्रयोगमा ल्याइन्छ ।

१२.२.७. अहिर जाति नृत्य (फरुवाही)

अवधी भाषाभाषी समाजको जातिगत नृत्यहरूमा सबैभन्दा कलात्मक अहिर जातिको नृत्य नै हुने गर्दछ । यो नृत्य प्रायः अहिर जातिका विभिन्न मांगलिक अवसरहरूमा प्रदर्सित गर्ने गरिन्छ । नृत्यमा प्रायः दुइ जना पुरुषहरूले भाग लिएका हुन्छन् । नृत्यकारहरूले रातो रङको फेटा धोतीमाथी लगाएका हुन्छन्, जसमा घुघरु बाधिएको हुन्छ । नृत्य गर्नेहरू विरहको हाउभाउ अनुसार नृत्य गर्ने र गीत गाउने गर्दछन् ।

उदा : (क) ना विरहा कै खेती भइया, न विरहा कै बनजार (व्यापार)
यही हिरदइया से उपजै विरहवा, हम गाइ दिन राति ।

१२.२.८. कोरी (चमार) जाति नृत्य

चमार जातिमा प्रचलित यस प्रकारको नृत्यलाइ 'लुटइ नृत्य' पनि भनिन्छ । चमार जातिका विभिन्न मांगलिक अवसरहरूमा समूहबद्ध रूपमा यो नृत्य गर्ने गरिन्छ । जुन व्यक्तिहरू यो नृत्य गर्ने गुण हुन्छ,

त्यसलाइ यस समाजमा धेरै नै महत्व दिने गरिन्छ । नृत्यमा प्रयोग गरिने वाद्य यन्त्रहरूमा मुख्यत: मृदंग, सारङ्गी र मजीरा मुख्य हुन्छन् ।

उदा : (क) धोवी - मोटी रोटिया पकायव बरेठिन, भूखै चलयक होइ घाट
धोविन - बजर परै तोरे मोटि-मोटि रोटिया, बजर परै हो तोरे घाट ।

१२.२.९. कोहरउवा नृत्य

अवधी समाजका कोहार जातिका प्रचलित यस नृत्य अति नै पुरानो जातिगत नृत्यहरू मध्येको एक हो । अवधी भाषाभाषी समाजका साथै डोटयाली समाजमा पनि अति प्रशिद्ध हुडका नामक बाद्ययन्त्र यही नृत्यमा नै प्रयोग गर्ने गरिन्छ । हाल यो वाद्य यन्त्र लुप्त प्राय: हुन थालेकोले राष्ट्रिय तहबाट नै यसको संरक्षण र वाद्य वादन विधि संकलिन गर्नु आवश्यक देखिन्छ ।

१२.२.१०. सफेडा नृत्य

सफेडा नृत्य अवधी भाषाभाषी समाजको प्रमुख नृत्य हो । यो नृत्य सम्पूर्ण अवधी भाषाभाषी समाजमा अति नै लोकप्रिय तथा विशिष्टता प्राप्त छ । आजभोली देखाइने नौंटकी यही सफेडा नृत्यको आधुनिक रूप हो । पंजाबी भागडा जस्तै वाद्य वादन शैली रहेको यस नृत्यलाइ सङ्कलित गरेर आधुनिक परिवेशमा यसको प्रस्तुतिकरण गराउन सकेको खण्डमा नृत्यको क्षेत्रमा राष्ट्रिय तहमा नै यस महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सम्भावन प्रचुर मात्रामा देखिन्छ ।

उदा : महिला - भूसा बिकाय झुलनी लइ देव बालम
पुरुष - भूसा बिकइहैं तो बयल काव खइहैं
महिला - बयलो बिकाय झुलनी लइ देव बालम ।..... ।

अध्याय-१३

अवधी लोक कला

१३.१ परिचय

संस्कृति र सभ्यता भनेका मानवलाइ चिनाउने तथा बचाइ राख्ने धरोहरहरू हुन् । यी परापूर्वकालदेखि निरन्तर रूपमा चलिआएको छ । संस्कृति स्वच्छ र सुन्दर हुन्छ साथै समय अनुसार परिवर्तनशील पनि हुन्छ । जीवन सहज, सरल र समुन्नत बनाउन यसको महत्वपूर्ण भूमिका हुन्छ । समयको गतिसँगै हाम्रा संस्कार, चालचलन, रीतिरिवाज आदिमा परिवर्तन आउन सक्छन् । सुनमा लागेको कस वा खियालाइ सफा गरेर सुनलाइ सुनौलो बनाए जस्तै संस्कृतिभित्र रहेका कुरीति, कुप्रथाहरू हटाउदै तथा परिष्कृत गर्दै गएमा संस्कृति जीवन्त बन्दछ । संस्कृति सधै निरन्तर वगिरहने खोलाको पानी जस्तो स्वच्छ र निश्चल रहन्छ जसले गर्दा भावी पुस्तासम्म निरन्तर हस्तान्तरण भइरहन्छ । संस्कृतिका यी उपहारहरूलाइ एक पीढीबाट अर्को पीढीमा हस्तान्तरण गर्नका लागि समाजकै सिपालु हातहरू सक्रिय रहेका हुन्छन । यी सिपालु हातहरूलाइ बजारीकरणको क्रममा सांस्कृतिक उत्पादकका नामले जानिन्छ । यसै किसिमले वहांहरूबाट उत्पादन भएका सामाग्रीहरू लाइ सांस्कृतिक उत्पादनका नामले चिनिन्छ ।

यी विविध साँस्कृतिक उत्पादनहरूले कुनै न कुनै रूपमा खास विशेष जाति, समुदाय र क्षेत्रको कला कौशल र पहिचानलाइ प्रतिनिधित्व गर्दछन । साथै भौगोलिक, जातीय, परम्परागत, धार्मिक तथा ऐतिहासिक महत्व बोकेका हुन्छन ।



अवधी लोक जिवनद्वारा कोहबरमा बनेको लोकचित्रको पूजा गर्दै

यसरी समुदायमा पुस्तौपुस्तादेखि निरन्तर रूपमा सांस्कृतिक उत्पादनमा प्रयोग हुने प्रचलित पारम्परिक कला, जसले कलात्मक अभिव्यक्तिका पारम्परिक तथा स्थानीय स्वरूपलाइ सन्दर्भित गर्दछन र जसमा कुनै विशिष्ट समुदाय वा क्षेत्रको संस्कृति, रीति-रिवाज एवं परम्परालाइ अत्यन्त सुक्ष्म ढंगले अन्तर्निहित गर्नुकासाथै समुदाय विशेषको दैनिक जीवन, पौराणिक कथा, आध्यात्मिकता तथा प्राकृतिक वातावरणका तत्व शामिल रही, उक्त समाजको सामूहिक रचनात्मकता एवं विरासत प्रतिबिम्बित गर्दछ, समुदाय विशेषमा पाइने कलाको यस्तो स्वरूपलाइ तत तत समुदायको लोककला भनिन्छ ।

१३.२. अवधी लोककला

यसै सन्दर्भमा अवधी लोकसमाजको कुरागर्दा, अवधी समाजमा पाइने लोक कलाहरू पिढ़ी दर पिढ़ी एकबाट अर्को हस्तान्तरित हुदै आएका हुन्छन् । अवध अर्थात् कोशल क्षेत्र ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक हिसाबले जति प्राचीन छ, त्यति नै प्राचीन छ, यस क्षेत्रमा पाइने लोककलाको स्वरूप ।

अवधमा विभिन्न प्रकारका लोककला छन सबैको चर्चा यहा संभव हुदैन, जो प्रमुख छन त्यसैमा विचार गर्न सकिन्छ । एतिहासिक रूपले हेर्दाखेरि कपिलवस्तु जिल्ला अन्तरगतको भगवान गौतमबुद्धले बुद्धत्व प्राप्ति पछि आफ्नी कान्छी आमा गौतमी तथा परिवारका अन्य सदस्यसित भेट गरेको स्थान, कुदानमा रहेको निग्रोधारामका रूपमा परिचित पुरातात्विक स्थल भवनको इट्टाहरूमा आज अवधी लोकसमाजमा बनाइने गरिएका लोकचित्रहरू प्रशस्त मात्रामा रहेका छन । आर्यहरूको वर्तमान नेपालको यस क्षेत्रमा आगमन पछि हालसम्मको सबैभन्दा पुराना लोकचित्रहरू यही हुन । यो भवन सुङ्ग तथा कुसान काल अर्थात इसाको पहिलो शताब्दी देखि तेस्रो शताब्दीको बीचमा बनाइएको पुरातत्वविदहरूले अनुमान गरेका छन ।

यसले अवधी लोकजीवनमा उपलब्ध लोककलाको महत्व तथा प्राचिनतालाइ विशेष रूपमा प्रमाणित गरेको छ । आजका दिनमा अवधी लोक जीवनमा पाइने यी लोककलाहरूलाइ निम्नानुसार वर्गिकृत गर्न सकिन्छ ।

१. लोक चित्रकला
२. खादी (धागो काल्नु, बुनकरी)
३. यज्ञोपवित (जनेऊ) बनाउनु
४. कढ़ाइ/कशिदाकारी/नक्काशी/मीनाकरी/सुजनी/केथरी
५. टेराकोटा
६. मूज कला
७. लाख कला
८. काष्ठकला
९. लोकगीत
१०. लोकनाट्य
११. रामलीला, रासलिला
१२. कथा कहानी
१३. बाद्यबादन (शहनाइ/रसनचौकी)
१४. बांसको सामग्री
१५. लोक क्रीड़ा
१६. गोदना/मेहदी

यी लोककलाहरू मध्ये अवधीभाषी भुभागमा परम्परागत रूपमा विगतमा विश्वस्तरमा अत्यन्त प्रशिद्धी प्राप्त गरेका केही लोककलाहरू यस प्रकारका छन :

१३.२.१. लोक चित्रकला

१३.२.१.१. भित्तिचित्र

अवधी लोककलामा विभिन्न रूपमा स्वरूपका भित्तिचित्रहरू उपलब्ध छन । यी चित्रहरूमा प्रशस्त विविधता हुदाहुदै पनि मात्र एक ठाउमा आएर यिनीहरूमा समानता पाइन्छ । त्यो हो, यी चित्रहरू विभिन्न व्रत पर्व तथा संस्कारहरूमा भित्तामा बनाइन्छ । यसैले यसलाइ भित्तिचित्रका रूपमा वर्गीकृत गरेर अध्ययन गरिन्छ । भित्ति चित्रका रूपमा पाइने यी लोकचित्रहरूलाइ वनाइने अवसरका रूपमा यसलाइ दुइ भागमा वर्गीकृत गर्न सकिन्छ ।

क) व्रत तथा उत्सवमा बनाइने भित्ती चित्र

ख) संस्कारहरूमा बनाइने भित्ती चित्र

१३.२.१.२. भुमि चित्र



भुमीमा बनाइएको चउक पूरन (रङ्गोली)

अवधी लोक समाजमा भित्ति चित्रको साथै यस समाजको व्रत उत्सव तथा संस्कारहरूको अलग अलग किसिमले भुमि चित्र पनि वनाइन्छ । यसलाइ भित्ति चित्र भन्दा फरक ढङ्गले बनाइन्छ । पहिला भुमीलाइ कुचोले सफा गरेर गोबरले लीपिन्छ । त्यसपछि पहेलो, कमेरो, सेतो वा गेरू भिजाएर बनाएको घोलमा कपडाको पोतो बनाएर राखिन्छ । अनि त्यसै घोलमा भिजाएको पोतोले विभिन्न आकारहरू बनाइन्छ । कहिलेकाही यसका लागि चामलको पीठोको ऐपन पनि प्रयोग गरिन्छ । त्यसपछि यसमा विभिन्न रंगका चामल तथा अन्य रंगहरू प्रयोग गरेर यी आकृतिहरूलाइ मुर्तरूप प्रदान गरिन्छ । जसलाइ समग्रमा यस समाजमा चउक पुरन भनिन्छ ।

१३.२.१.३. ठप्पा चित्र

ठप्पा चित्र अवधी लोक समाजको प्राचिनतम एंव प्रचलित लोककला मध्ये एक हो । यो मुलत मात्र दाहिने हाथको हथ्केलाले बनाइन्छ । यो ठप्पा गृह प्रवेश आउने बुहारी, विदा हुदै गरेकी कन्या, जन्मेको बच्चा, समधी समधिनी आदि द्वारा बेसार र घी द्वारा घरको वाहिरी भित्ता तथा कपडामा लगाइन्छ । यसका साथै तिहारमा लक्ष्मीको स्वागतका लागि गाइको गोबरको ठप्पा वनाउने महिलाले अफ्नो मुठीको छाप लगाउछन । मार्गलिक घैटोहरूमा पनि यी ठप्पाहरू बनाउने गरिन्छ ।

१३.२.२. पात्र चित्रण



पात्रमा चित्र बनाउदै

व्रत, पर्व, संस्कार तथा अन्य मांगलिक अवसरहरूमा कलश स्थापना गर्दा सोलाइ विभिन्न आकार प्रकारका चित्रहरूबाट सजाइन्छ । यसरी चित्रण गर्दा गोबर चामलको पीठो वेसारको प्रयोग त हुन्छ नै यसका साथै यसमा अनेक किसिमका रङ्गहरूका प्रयोग गर्ने गरिन्छ । विवाह,पुत्र जन्म तथा केही व्रत तथा पर्वहरूमा सगी सम्वन्धीहरू कहाँ उपहार पठाउदा पनि उपहार राख्ने माटो काठ,फलाम,तामा आदिका भाडाहरूलाइ चित्रित गर्ने गरिन्छ ।

१३.२.३. गोदना

गोदनालाइ टैटु पनि भनिन्छ । अवधी समाजका महिलाहरू द्वारा मुख्य रूपमा जीवनमा गोदना गोदाउने चलना छ । तर केही पुरूषहरूले पनि आफ्नो शरीरमा गोदना गोदाउछन । यसका माध्यमले मेशीन वा सियोद्वारा शरीरका विभिन्न अंगहरूमा आफ्नो इच्छा अनुसार फरक फरक डिजाइन वा बुट्टा बनाउने गरिन्छ । यस समाजमा गोदना गोदनेहरूको एउटा समुह नै हुन्छ । यी प्रायः मुस्लिम धर्मावलम्बी महिलाहरू हुने गर्छन, जसलाइ गोदनावाली भनिन्छ । वहाहरूको पुर्ख्यौली पेशानै गाँउ गाँउमा घुमेर गोदना गोदने तथा गोदेको आकार प्रकार अनुसार पैसा वा चामल लगायतका खाद्यवस्तु लिने हो ।

१३.२.४. मेहदी

मेहदी र गोदना झट्ट हेर्दा उस्तै देखिन्छन । तर गोदना जहाँ हिन्दु महिलाहरूले सामाजिक मनोभावलाइ जोडेर गोदाउने गर्छन, त्यहीं मेहदी अवधी समाजका मुस्लिम महिलाहरूले सामाजिक मनोभावले मेहदी लगायने गर्छन । यसका साथै गोदनाको भन्दा मेहदीको रूपरंग तथा काममा समेत फरकपन छ । हिन्दु समुदायमा बेहुलाले बेहुलीलाइ लगाइदिनका लागि सिन्दुर लगेजस्तै मुस्लिम बेहुलाहरूले आफ्नो बेहुलीका लागि मेहदी लगेर जाने चलन छ ।

मुस्लिम केटाले हातमा लगाएर गएको मेहदीलाइ खुर्केर पोको पारि बेहुलीलाइ लगाउन दिन्छ । अनि केटीका दिदीवहिनीले बेहुलीलाइ लगाइदिन्छन । यसरी बेहुलाको हातको मेहदी बेहुलीले लगाएपछि बेहुला र बेहुली एकअर्काका हुन्छन । यसै किसिमले विवाह पुर्व मुस्लिम केटीहरू हात तथा नङमा मेहदी लगाउछन भने विवाह पछि गोडामा लगाउने चलन छ ।

१३.२.५. कढाइ

कढ़ाइ यानी रङ्ग-बिरङ्गी धागोहरूका माध्यमले सुइका मदतले कपड़ामा अलग अलग किसिमका डिजाइनमा फुल, चरा, जीव जन्तु, वनस्पति आदिका माध्यमले लुगाको सुन्दरता बढाउने कला हो । यी धेरै किसिमका हुन्छन । यसमध्ये कशीदाकारी पनि एउटा हो ।

कशीदकारी कला लुगामा सुइ र अलग अलग रङ्गका धागोको माध्यमले धातु स्ट्रिप्स, मोती, प्वाख, सीप, सितारा, सूत आदि सामाग्री लगाएर मानवीय क्रियाकलाप निर्माण गरिने हस्तकला हो । यसको एउटा विशेषता यो छ कि यसलाइ पारम्परिक विधिले आज पनि काम गर्ने गरिन्छ । अवधी भुभागमा निर्माण हुने प्रसद्धि बनारसी साडी काला तथा चिकनकारी कला यसै कलाका उदाहरणीय रूप हुन ।



कढाई

१३.२.६. नक्काशी

काठ, हात्ती दाँत, ढुङ्गा आदिलाइ ताछेर चित्रांकित स्वरूप अलंकृत गर्ने वा मूर्ति बनाउने कलालाइ नक्काशी गर्नु भनिन्छ । नक्काशीको क्षेत्र विशाल र वैभवपुर्ण छ ।

१३.२.७. मीनाकारी

मीनाकारी एक कलात्मक प्रक्रिया हो । यसमा सीसाको बारीक पाउडरलाइ ७५० डिग्री सेल्सियस देखि ८५० डिग्री सेल्सियस सम्म तताइ त्यसलाइ गलाएर धातु ऑक्साइड जस्तै चांदी, सोना, तांबा र जिंक माथि क्रिस्टलीय पारदर्शी रूपमा जड़ान गरिन्छ । तांबा, चांदी या सोनामाथि गरिने असली इनामेलले मणि माणिक्य जस्तै सुन्दर रंग उत्पन्न गर्ने गर्छ ।



मीनाकारी

१३.२.८. टेराकोटा

टेराकोटाको शाब्दिक अर्थ हो “पकाइएको माटो” । टैराकोटा कलाको माध्यमले माटोबाट बर्तन तथा अन्य सामाग्रीहरूको निर्माण गरिन्छ । यसबाट पारम्परिक रूपले हात्ती, घोडा आदि निर्माण गर्ने गरिएतापनि वर्तमानमा दियो, चित्रात्मक गाग्री, गमला, सजावटका सामाग्री, अन्य किसिमका माटाका भाडा आदि बनाइन्छन । टेराकोटा बनाउन मुल रूपमा रातो, आकाशे रङ्गको माटो(कबीस) प्रयोग गरिन्छ । यसरी निर्माण भएको सामाग्रीलाइ पहिला सुकाइन्छ । निर्मित सामाग्रीलाइ उच्च तापमानमा पकाउनुभन्दा पहिला सुकेको सामाग्रीलाइ सोड़ा र आपको बोक्राको मिश्रणबाट बनेको झोलमा डुबाइन्छ । पारम्परिक स्वरूपमा पोखरीबाट प्राप्त हुने कबीस माटो थोरै समयकालागि उपलब्ध हुने गर्छ । पोखरीबाट ल्याएको माटोलाइ राम्री कुल्चेर त्यसमा सीसाको पाउडर, सिलिका, एलुमिना, मैग्नेशिया तथा अन्य सामाग्री मिलाइ टेराकोटा



हात्तीको टेराकोटा

बनाउनकालागि प्रयोग गरिने माटो तयार गरिन्छ ।

सबैभन्दा पहिला टेराकोटा बनाउन तयार पारिएको माटोको गांठलाइ कुम्हालको चक्रमा राखिन्छ । यसपछि, यसबाट इच्छित सामाग्रीको आकार प्रदान गरिन्छ । तयार सामाग्रीलाइ घाममा लगेर सुकाइन्छ र सुकेपछि त्यसलाइ पाक्नकालाइ भट्ठीमा राखिन्छ । आखिरमा अलग-अलग हिस्सालाइ जोड़ेर त्यसमा रङ्ग भरिन्छ ।

१३.२.९. मूज कला (सिक्की कला)

मूज कला अवधी भुभागको प्राचीन लोक कला हो । यसमा मूज(सिक्की) नामक घासलाइ त्यसको प्राकृतिक रूप वा आवश्यकता अनुसारको रङ्गमा रङ्गाएर कास पनि प्रयोग गरेर अनेक किसिमका दैनिक प्रयोगमा आउने ढक्की, मउनी, सम्पुट, डेलिया, पेटारा आदि सामाग्री निर्माणकासाथै अनेक किसिमका सजावटका सामाग्री वैदिक कालदेखि नै उत्पादन गरिदै आइएको छ ।

१३.२.१०. लाख कला

यो मुलत: महिलाहरूले लगाउने चुरा बनाउने कला हो । यसलाइ मनिहार जातिका पुरुषहरूले बनाउने गर्छन र वहाका श्रीमती अर्थात मनिहारिनहरूले यसको विक्री वितरण गर्ने गर्छन । लाखबाट चुरा बनाउने कला अवधीभाषी क्षेत्रको प्राचिन लोककला हो । यसलाइ बनाउन मादा लाखको र्‍याल र लाखलाइ कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरिन्छ । लाखलाइ पगालेर त्यसमा आवश्यकता अनुसारको अलग अलग रङ्ग हालेपछि त्यसमा शीशाका साना-सान टुक्रा, ढुङ्गा मोती आदि लगाएर सजाइन्छ, जसबाट हाम्रालागि रुचिकर आभूषण तयार हुन्छन ।

१३.३. अवधी लोककलाको अवस्था र आवश्यकता

अवधी लोककला 'जिवन्त परम्परा' हो । आजसम्म हजुरआमाबाट आमामा र आमाबाट छोरीमा पुस्तान्तरण हुदै आए पनि अवधी समाज न पूर्ण रूपमा परम्परागत रहेको अवस्था छ न पुर्ण रूपमा आधुनिक नै भइ सकेको अवस्था छ । यस्तो पुस्ताको बिचमा एउटा खाडल सरीको अवस्था रहेको छ तसर्थ पुरानो पुस्ताहरूले आफ्नो कलाकारिताको सिप आफ्नो नयाँ पुस्तामा कुशलतापुर्वक हस्तान्तरण गर्न नसक्नु र नयाँ पुस्ताले पुराना पुस्ताका अग्रजहरूको कला र सिप सिक्नको लागि उदासिन रहेको अवस्था महशुश हुन्छ । कला र संस्कृतिको विषयलाइ आधारभुत पाठयक्रममा समावेश गर्नुको अतिरिक्त व्यवहारिक ज्ञान दिनु पनि आवश्यक रहेको महशुश भइ रहेको छ । मौलिक कलाको बारेमा गहनाको रूपमा रहनु भएका पुराना पुस्ताका कलाकारहरूको ज्ञान र सिपलाइ आगामी नयाँ पुस्ताहरूमा हस्तान्तरण गर्न तथा भविष्यमा त्यस्ता कलाको अभिलेखिकरण गर्नको लागि पुराना पुस्ताका कलाकारहरूको ज्ञानको बारेमा निजहरूसंग कार्यशाला गोष्ठी लगायतका माध्यमबाट तथा श्रव्य दृश्य समेतका अभिलेखहरू राख्नु अनिवार्य जस्तै रहेको छ । यसको लागि पुराना पुस्ताहरूलाइ आर्थिक रूपमा निर्भर बनाउन सके निजहरूले यस किसिमको लोककलाको लागि बढी समय दिन सक्ने र लोककलाको विकासमा टेवा पुग्न सक्ने देखिन्छ । पछिल्लो समयमा अवधी लोककलाको बारेमा जनरूची बढदै गएको मैले महशुश गरिएको छ । अवधी लोककलाले पनि यहाका लोककलाकारहरूलाइ

स्वावलम्वनतर्फ उन्मुख गराएको छ । आगामी दिनमा अवधी लोककलाको लोकप्रियताले यस प्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था पनि आकर्षित हुदै जानेछन् ।



१३.४. अवधी लोककलामा पाइने चित्रहरूको अर्थ र महत्व

अवधी लोककला भन्नाले अवधी भाषी लोकसमाजमा पाइने सबैखाले भूमि चित्रण, भित्ती चित्रण, ठप्पा चित्रहरू आउँछन् । जुन यस समाजका संस्कार ब्रत, पर्व तथा उत्सव आदिसित जोडिएर बनाइन्छन् । यस समयमा बनाइने यी र यस्ता चित्रहरू मानिसका मनोकामना पूर्तिका साधनहरू हुने गर्दछन् ।

अवधी समाजमा मनाइने संस्कार तथा पर्वहरू यस देशका सांस्कृतिक निधी हुन् र यी सबैले यस समाजको विशिष्टता तथा आत्मालाइ जीवित राखेका छन् । यसमा अन्य कुराहरूका साथै तत् तत् समयमा बनाइने सांस्कृतिक लोककला पनि, जुनकि त्यस समयमा भुमिमा, भित्तामा तथा ठप्पाका माध्यमले कुनै बस्तु आदिमा बनाइन्छन् । यी सबैले तत् तत् संस्कार तथा पर्वहरूलाइ जीवन्त बनाएका हुन्छन् ।

अवधी समाजको संस्कार एवं ब्रत, तथा उत्सव विशेषका आधारमा विविधता हुने गर्छ । वर्तमानमा त जातिगत रीतिरिवाजका समिश्रणहरू पनि यी लोक चित्रहरूमा हेर्न पाइन्छन् ।

यी र यस्ता विविधताका बावजूद समस्त अवधी क्षेत्रका लोककलाहरूमा उपलब्ध प्रतिकहरूका अभिप्राय: प्राय: एउटै हुने गर्छ । लोकचित्रमा पाइने यी प्रतिकहरूका विशेष अर्थ र महत्व हुन्छन् । अवधी लोककलासित सम्बन्धित लोक चित्रका यी प्रतिकहरू परम्परागत अभिकल्प विन्दु, धर्का (तेस्रो, सीधा, खडा), त्रिभुज, चर्तुभुज, बहुभुज, पंचभुज, षठभुज, सप्तभुज, अष्ठभुज, स्वस्तिक, ओहम्, वृत्त, कोण, विभिन्न देवीदेवता तथा उनका आयुध (शंक, चक्र, गदा, पद्म) हात्ती, नाग, माछा, मयुर, सुगा, किसिम किसिमका विरूवाका पात एवं हांगा, फल, फूल, आदि हुने गर्छन् । जसले अवधी भाषी कुनै गाउँ, क्षेत्र वा सम्पूर्ण समाजमा मात्र होइन कि त्यो संस्कृतिसित जोडिएर रहेका लगभग हरेक संस्कृतिमा एउटै किसिमले हुने गर्छन् ।

अवधी समाज मात्रै होइन, आर्य समाजमा मात्र पनि होइन संसार भरिका वैज्ञानिक तथा भूगोलवेत्ताहरूले पनि सूर्यलाइ नै सम्पूर्ण सूर्यमण्डलका जीवनदाता मान्छन । पृथ्वी पनि यही सौर्यमन्डलको एउटा ग्रह हो । जुनकि सृष्टिबाट, जीवनवाट भरिपूर्ण छ । सूर्य नै जीवनको प्रतीक हो ।

विन्दु त्रिकोण, षटकोण वृत्त, आर्यात, वर्ग, चक्र, तथा स्वास्तिकका साथसाथै ओंम् एवं अन्य किसिमका रेखा एवं अन्य पनि चित्र वनाउदा प्रयोगमा आउछन् । यिनीहरूको आफ्नै गूढ अर्थ हुन्छ ।



जल



वायु



अग्नि



पृथ्वी



तेर्सो रेखागतिलाइ दर्शाउछ ।



एक अर्कालाइ काटिरहेको रेखा युद्धको प्रतीक हो ।



तारा शत्तीको प्रतीक हो ।



दुवै दिशामा वढदै गरेका रेखा विकासका प्रतीक हुन ।

सीधा रेखा सक्रियता, गति तथा अगाडि वढ्नमा प्रेरणा प्रदान गर्छ ।



समकोणमा काटदै गरेको रेखा आध्यात्मिक उदासीनता वा स्थिरता प्रदर्शित गर्दछ



यो उल्लासको प्रतीक हो ।

यसप्रकारका चित्रमा विभिन्न स्वरूपका विन्दु,त्रिभुज,थरि थरिका रेखा वर्ग स्वास्तिक आदि बनाएर त्यसमा अलग अलग किसिमका रगंले भर्ने गरिन्छ । यी रंगहरूका पनि आ-आफ्नै प्रतिकात्मक अर्थ हुर्ने गर्दछ । जस्तै शुभ वा सेतो सतस् को रातो रजस् को तथा कालो तमस् को प्रतीक हो । यसका अतिरिक्त पहेलो रङ्ग पुष्पशीलताको द्योतक हो तथा सुनौलो रङग लक्ष्मीको रङग भएको कारणले राजसी रङ्ग हो । रातो रङ्ग रगतको रङ्ग भएको कारणले अत्यन्त उत्तेजक र परिवर्तनकारीका रूपमा मानिन्छ । अग्नि र सुइको उष्णतामा पनि यो व्याप्त छ । अतः रिस वीरता र जीवन शक्ति यसका माध्यमले प्रदर्शित गर्ने गरिन्छ । नीलो रङ्ग अत्यन्त सुखप्रद छ । आकासको रङ्ग भएको कारणले यो विशालको पनि द्योतक हो । हरियो रङ्ग सीतलताको प्रतिकका रूपमा लिने गरिन्छ । वैगनी रङ्ग (रातो र नीलो रङ्गको समिश्रण) राजसी रङ्ग हो । सुन्तला रङ्ग (पहेलो तथा रातो रङ्को समिश्रण) वैराग्यको प्रतीकको रूपमा जानिन्छ । यसै प्रकार कालो रङ्गलाइ अन्धकार वा अशुभ रङ्गका रूपमा लिने गरिन्छ । लोक चित्रकला ज्यामितीय आकार प्रकार मात्रै पुजन गरिदैन । त्यसमा सुइ, चन्द्र, तारा, नवग्रह, विभिन्न किसिमका पशुपंछी वोट, बिरूवा फलफुल एंव देवतागणहरूको अनेक रूप स्वरूपहरूको पनि स्थापना गरेर पुजन गरिन्छ ।

१३.४.१. स्वास्तिक :- अवधी लोकचित्रहरू पाइने स्वस्तिक सुइसित सम्बन्धित छ । सूर्य यसको मध्य हो । यो मानिस तथा विश्वको सर्वोत्तम मांगलिक चिन्ह पनि हो । स्वस्तिकका चार भुजाहरू अभयदान दिदै गरेका भगवान विष्णुका चार भुजाको प्रतिक पनि हो । बीचको विन्दु सृष्टि द्योतक हो । यसका तेर्सा तथा सीधा रेखाहरू महिला तथा पुरुषका प्रतिक हुन् । जसको संयोगले सृष्टिको चक्र

चलिरहेको हुन्छ । एउटा मित्थकका अनुसार यसलाइ ब्रम्हा, विष्णु, महेश र गणेशको मिश्रित रूपका रूपमा पनि मानिन्छ ।

वैदिक धर्मका अनुसार यो चार दिशा र सो का देवताहरू (अग्नी, इन्द्र, वरुण र सोम) को प्रतिक हो, जुनकि लोकधर्ममा चारैवटा दिशाका लोकपालका रूपमा जानिन्छन् । यसै प्रकार स्वस्तिकका चार रेखाहरूको तुलना चार पुरुषार्थ, चार वर्ग, चार लोक, चार आश्रम, चार वेद तथा चार देवसित गरिएको छ । केहि विद्वानहरूका अनुसार यदि स्वस्तिक संकुचित हुँदै जाने हो भने यसको अन्तिम स्वरूप विन्दुका रूपमा परिणित हुन्छ, यही नै सृष्टि हो, जीवन हो, संसार हो ।

स्वस्तिकका स्म्बन्धमा एउटा अर्को मित्थक पनि पाइन्छ । जस अनुसार सम्राट अशोकको समयमा 'क'अक्षरको आकार + थियो । जसको अर्थ थियो ब्रम्हा । यसका साथै यसलाइ सुखका रूपमा पनि जानिन्थ्यो । यही क का रूपमा 'ना' भएर स्वास्तिकका रूपमा आयो र यसलाइ कल्याणकारिणीका रूपमा जानियो ।

१३.४.२. सुइ :- सुष्टिका अधिष्ठाता तथा सत्यात्मक पूजनको सर्वोत्तम प्रतिकका रूपमा सुइलाइ लिने गरिन्छ । वेदमा पनि भनिएको छ कि सुइको रूपमा त्रयी विधाको शक्ति अनुभित गर्ने गरिन्छ । यसलाइ वैदिक भाषामा सत्य भनिएको छ । सत्य नै सृष्टिको मुल हो । सत्यको बलवाट नै सुइले आफ्नो शक्ति प्रदर्शित गर्दछन ।

१३.४.३. सुइ र चन्द्र :- अवधी लोकचित्रमा वर्णित सुइ र चन्द्रलाइ फरक फरक विशेषताका साथ हेर्ने गरिन्छ । सुइलाइ त स्वास्तिकका रूपमा पनि भुमि तथा भित्ती चित्रहरूमा अलंकृत गर्ने गरिन्छ । यसमा सुइलाइ स्वप्रकाशित अटल शक्ति उच्च वुद्धिको प्रतिकको रूपमा मानिन्छ भने चन्द्रमालाइ शीतलता, इन्द्रियानुगामी मन आदिको प्रतिकका रूपमा मानेर पुजा आर्जा गर्ने गरिन्छ । सुइ र चन्द्रमा का साथै नौग्रहहरूको पनि मुक्ति र प्रतिकहरू बनाइ सासांरिक ऐश्वइ, सुख समृद्धि तथा शान्ति प्राप्तिका लागि पुजा आर्जा गर्ने चलन यस समाजमा विद्यमान छ । चन्द्रमालाइ अघ्इ दिएर आफ्नो व्रत र अनुष्ठान प्रारम्भ वा समाप्त गर्ने चलन अवधी समाजका करवा चौथ, संकटा चउथी, होली आदिमा हेर्न पाइन्छ ।

१३.४.४. पृथ्वी,अग्नि, जल गगन र समीर :- सुइ, चन्द्र तथा नवग्रहहरू जस्तै पंच तत्व (पृथ्वी, अग्नि, जल गगन र समीर) का चित्रहरू पनि अवधी समाजमा वनाएर पुजा आर्जा गरिन्छ । यी पंच तत्व (पृथ्वी, अग्नि, जल, गगन र समीर) का चित्रहरू पनि अवधी समाजमा बनाएर पुजा आर्जा गरिन्छ । यी पंचतत्वहरूलाइ देवताको स्वरूप मानेर मांगलिक कार्यहरू गर्ने गरिन्छ । यी पंचतत्व मध्ये पुथ्वीलाइ अवधी समाजमा धरती माता, अग्निलाइ अग्नि देवता जललाइ जलदेवता यसै किसिमले गगन र समीरलाइ वरुण र सुइदेवता मानेर यी कार्यहरू सम्पन्न हुने गर्छन ।

१३.४.४.१. पृथ्वी :- पृथ्वी अथवा जमीनलाइ विभिन्न गुणहरूसित जोडेर सोको प्रतीकका रूपमा यसको महत्वलाइ प्रदशित गर्ने चलन यस समाजमा पाइन्छ । यस मध्ये सहनशीलता निष्काम कार्य गर्ने प्रवृत्ति तथा सवै प्राणी तथा वनस्पतिहरूको आमा जस्तै पालन गर्ने क्षमता यस्ता गुण हुन, जसको

कारण आदिकाल देखी अवधी समाजमा पृथ्वी माताको प्रतिक स्थापित गरेर पुजा गर्ने परिपाटी पाइन्छ । माटोको गणेश बनाएर पूजा गर्नुको पछाडि पनि यही भावना रहेको हन्छ ।

१३.४.४.२. अग्नि :- अग्निलाइ पवित्रताको प्रतिकको रूपमा यस समाजमा मानेर विभिन्न किसिमको कार्यहरू गर्ने गरेको हुनाले सोही अनुरूप अवधी लोककलामा पनि यसको महत्व दर्शाइएको हुन्छ । अवधी भाषी समाजको हिन्दु धर्मावलम्वी समाजको प्राय प्रत्येक उत्सव, पर्व, व्रत, अनुष्ठान तथा संस्कारहरूमा कुनै न कुनै रूपमा पूजा गर्ने गरिन्छ ।

१३.४.४.३. जल :- जललाइ चेतनाका साथै पवित्र गर्ने शक्तिधारीको प्रतिकको रूपमा उनको पुजा आजा गर्नुका साथै अवधी लोककलामा प्रदर्शित गर्ने परिपाटी रहेको छ । यसै कारण नदी, इनार, पोखरी, झर्ना आदिको पुजन गर्ने चलन यस समाजमा प्राचीन काल देखिनै विद्यमान छ ।

१३.४.४.३.१. पुर्ण कुम्भ :- पूर्ण कुम्भका चित्रहरू तथा प्रतीकहरू प्राय हरेक शुभ अवसर तथा संस्कार एंव व्रत, अनुष्ठानमा स्थापित गर्ने चलन प्राय सम्पुर्ण अवधी समाजमा विद्यमान छ । अवधी समाजमा गाइको गोबर, फुल, जौ तथा विभिन्न रङ्गहरूबाट सजाएर पानीले भरिएको तथा शीर्षमा दियो बालिएको पुर्ण कलश सुख सम्पति तथा प्रण रसको प्रतिकका रूपमा यस समाजमा विद्यमान रहेको छ ।

१३.४.४.४. देवीदेवता :- सत्यगुण, रजोगुण तथा तमोगुण नै माया नामक देवी द्वारा सृष्टि, विकास तथा विकासको रूपमा परिलक्षित हुने कुरा अवधी लोकसमाजमा लोकविश्वासका रूपमा पाइन्छ । यी सवै धारण गर्ने देवता ब्रम्हा, विष्णु र महेश हुन भन्ने जनविश्वास पनि यस समाजमा विद्यमान रहेको छ । यही त्रिमुर्तिहरूको विभिन्न रूपहरूको अवस्था (वाल्यअवस्था युवाअवस्था तथा वृद्धाअवस्था) तथा तीन आश्रम (ब्रह्मचइ,गृहस्थ तथा सन्यास) लाइ व्यक्त गर्छन ।

१३.४.४.४.१. ब्रम्हा :- अवधी लोकचित्रमा ब्रम्हालाइ कमण्डल, काषाय वस्त्र, अक्षमाला वेद धारीका रूपमा प्रदर्शित गरिन्छ । वहालाइ यस समाजमा सृष्टिकर्ताका रूपमा मानेर पुजा आर्जा गर्ने गरिन्छ । ब्रम्हाका साथै सरस्वतीलाइ सृष्टिको उत्पतिको सहायकका रूपमा यस समाजमा पाइने लोक चित्रहरूमा चित्रित गरिएको पाइन्छ र त्यसै अनुरूप वहाको पनि पुजा आर्जा गर्ने चलन छ । यहा सरस्वतीलाइ श्वेतवस्त्रमा सुशोभित अक्षमाला,अण्डकोश वीणा तथा पुस्तकहरू धारण गरेको देवीको रूपमा देखाइएको हुन्छ । यस समाजमा सरस्वतीलाइ तत्वप्रदान, ज्ञान तथा विद्याकी देवीको रूपमा मानिएको छ ।

१३.४.४.४.२. विष्णु :- विष्णुलाइ गृहस्थाश्रमको प्रतिकको रूपमा अवधी लोकचित्रहरूमा चित्रित गरेको पाइन्छ । वहालाइ एक आर्दश गृहस्थका रूपमा राम्रो भेषभुषा तथा आभुषण धारण गरेका सम्पूर्ण सृष्टिको पालनकर्ताको रूपमा वहालाइ यहाको चित्रहरूमा चित्रित गरिएको पाइन्छ । राम,कृष्ण लगायतका विभिन्न रूपमा चित्रित गरेर वहाको महत्वलाइ हृदयगामन गरि विभिन्न अवसरमा वहाहरूको पुजा आर्जा गरिन्छ । विष्णुको चित्रसँग लक्ष्मीको चित्र पनि यस समाजमा महत्व प्रदान

गरिएको हुन्छ । वहालाइ यस समाजमा शक्तिको रूपमा जानिन्छ । शक्तिको रूपमा लक्ष्मीका दुर्गा, काली, भद्रकाली, नारायणी विविध स्वरूपमा यस समाजका लोक चित्रहरूमा चित्रित गरिएको पाइन्छ । श्री गजलक्ष्मी तथा महालक्ष्मी लगायतका रूपहरू यस समाजमा सर्वमान्य छन् ।

१३.४.४.४.३. शिव :- अवधी लोकचित्रमा देखिने शिवको आकार, भेषभूषा, जरारूपी कपाल, भष्म लेप आदि सबका सब सन्यास आश्रमको प्रतिक हो । अवधी समाजका साधु जस्तै वाघम्बर लगाएका, त्रिशुल धारणा गरेका एवं जटा पालेका योगी जस्तै अर्द्धनग्नावस्थामा हुन्छन् । अवधी समाजमा शिवलाइ सवैभन्दा प्राचीन देवताका रूपमा जानिन्छ । शिव, भोलानाथ, पशुपति, शम्भु, नीलकण्ठ, महादेव आदि नामले परिचित यिनी धनी गरिब दलिद्र गैर दलिद्र सबैका घरमा विराजमान छन् । यहाँको चित्रलाइ लिंग तथा मानवीय दुवै रूपमा बनाएर पुजा आर्जा गरिन्छ तथा चित्रहरूमा चित्रित गरिएको हुन्छ । शिवलाइ अवधी समाजका संहारकर्ताका रूपमा जानिन्छ । यहाँ पाइने शिवको अर्द्धनारीश्वर रूप शैव तथा शााक्त धर्मका पालनाकर्ताहरूको बीचमा तथा हरिहर रूप वैष्णव सम्प्रदायमा बढी लोकप्रिय छ । शिवको वाहन नन्दीको चित्रलाइ यस अवधी समाजका धर्मको प्रतिकका रूपमा चिन्हित गरिएको पाइन्छ । शिवको शक्तिका रूपमा पार्वती पनि यस समाजका लोकचित्रकहरूमा अत्यन्त लोकप्रिय छिन । यिनलाइ यस समाजका लोकचित्रकहरूमा दयालु स्वरूपको नारीका रूपमा चित्रित गरिइएको छ । वहाँ स्त्री सुख शौभाग्यको प्रतिकका रूपमा चिन्हित छिन । कुमारी तथा शौभाग्यवती नारीका अनेक व्रत तथा पर्वहरू शिव पार्वतीसंग सम्बन्धित छन् । कात्तिकेय र गणेशलाइ पनि शिव तथा पार्वती सित वहाका पुत्रको रूपमा जोडेर चित्रित गरिएको हुन्छ । गणेशजीको पितृभक्तिलाइ आधार बनाएर यस यस समाजका हरेक मांगलिक कार्यमा वहाको स्थापना बाट नै शुभ कार्यहरू प्ररम्भ हुन्छन ।

यी देवीदेवताका साथै यस समाजमा लोक देवताहरू पनि हुन्छन । जसलाइ ग्राम देवता, कुलदेवता हादिको रूपमा चित्रित गरेर पुजा आजा गरिन्छ । अवधी लोक समाज आज पनि यी ग्राम देवता तथा कुल देवता माथि अटुट विश्वास छ । यस समाजका हरेक मांगलिक कार्यहरूमा वहाहरूलाइ दुख तथा विध्न वाधा हटाउने शत्तिको रूपमा विशेष स्थानमा चित्रित गरेर पुजा आजा गरिन्छ ।

१३.४.४.५.पशु पंक्षी :- लोकजीवनमा जसले जति धेरै सहयोग पुऱ्याउछ । त्यो त्यति नै पूज्य हुन्छ । अवधी लोकसंस्कृतिका चित्रहरूमा यसरी लोक जीवनमा सहयोग रहेका पशु पंक्षीहरूलाइ पनि देवताहरूको वाहनका रूपमा चित्रित गरी पुजा आर्जा गर्ने चलन पाइन्छ । यस मध्ये केही यसप्रकार छन ।

१३.४.४.५.१. गाइ :- गाइको शरीरमा सवै देवीदेवताहरूको वास हुन्छ भन्ने परिकल्पनाका साथ सोही रूपमा गाइलाइ चित्रित गरी पुजा आजा गदै आएको पाइन्छ ।

१३.४.४.५.२. हात्ती :- हात्तीलाइ इन्द्रको वाहनका रूपमा प्रदर्शित गर्दै गणेशसित यसको प्रमुख सम्बन्ध देखाएर अवधी लोक चित्रमा हात्तीलाइ चित्रित गरेर पुजा आर्जा गर्ने गरिन्छ । हात्ती ऐश्वइको प्रतिक हो तथा ऐश्वइको रक्षक तथा सेवकको रूपमा (गज लक्ष्मी) पनि यसको चित्रण गरिएको हन्छ ।

हात्तीको उत्पति जलबाट भएको मानिन्छ । यसै कारणले हात्तीलाइ समुद्रको चौदह रत्नमा पनि स्थान प्राप्त छ । मेघ तथा वीर पुरुषको गर्जन एवं मदमस्त चालको उपमाका रूपमा पनि हात्तीलाइ यस समाजका चित्रहरूमा चित्रित गरिएको पाइन्छ ।

१३.४.४.५.३. वृषभ :- वृषभ अर्थात साढेलाइ वाहनका रूपमा चित्रित गरी पुजा आर्जा गर्ने चलन यस समाजको लोकचित्रहरूमा छ । वृषभलाइ कृषी सहयोगीका साथै भुमि, आद्रता, स्वर्ग, पिता आदिको प्रतिकका रूपमा पनि पुजा गरिन्छ । यस समाज चित्रहरूमा शक्तिशाली एंव अविवाहित स्वस्थ्य युवकको उपमा पनि साढेबाट दिने गरेको पाइन्छ ।

१३.४.४.५.४. घोडा (अश्व):- अश्वलाइ शक्तिको रूपमा अवधी लोकचित्रहरूमा चित्रित गर्ने गरिन्छ । यसलाइ सुइ, चन्द्रमा, शुक्र तथा वृहस्पतिको वाहनको रूपमा पनि चित्रित गराइने गरिन्छ । वास्तविक रूपमा घोडा वासनाको प्रतिक हो । आज्ञाकरी एंव स्वामी भक्तिका साथ साथै आफ्नो गति तथा बलका लागि पनि यो प्रसिद्ध छ ।

१३.४.४.५.५. बाँदर :- अवधी लोक चित्रहरूमा बादरलाइ हनुमान वा वहाको वंशजका रूपमा चित्रित गरिएको यहाँका लोकचित्रहरूमा देखिन्छ । यिनलाइ यहाको लोक चित्रहरूमा दूतका रूपमा महत्व प्रदान गरिएको पाइन्छ ।

१३.४.४.५.६. कालो कुकुर :- कालो कुकुरलाइ भैरोको वाहनको रूपमा अवधी लोक समाजमा मान्यता प्रदान गरिएको छ र यसै अनुरूप कालो कुकुरलाइ चित्रित गर्ने गरिन्छ । कतै कतै गोर्वधन पुजा दिन वनाइने चित्रमा पनि कालो कुकुरको चित्रण गर्ने गरिन्छ ।

१३.४.४.५.७. सर्प :- सर्पलाइ लोकजीवनका देवताका रूपमा चित्रित गदै अवधी लोकचित्रहरूमा स्थान प्रदान गरिएको देखिन्छ । नागपंचमीका दिन वनाइने हरेक चित्रहरूमा नागलाइ विशेष स्थान प्रदान गरिएको हुन्छ । यसै प्रकार शिवको घाटीमा विराजमान हुने गरि सर्पलाइ चित्रित गनुका साथै गुप्त वैभवको संरक्षकका रूपमा पनि यस समाजका लोकचित्रहरूमा पनि सर्पलाइ स्थान प्रदान गरिएको छ । यस समाज चित्रित गरिने नागपाश सांसारिक मोहको प्रतिकका रूपमा देखिन्छ ।

१३.४.४.५.८. गरुड :- विष्णुको वाहन तथा सर्पहरू सत्रुका रूपमा गरुडलाइ यस समाजका लोकचित्रहरूमा चित्रित गरिएको हुन्छ । कतै कतै गरुडलाइ मानिस तथा भगवान बीचको सन्देश वाहकका रूपमा पनि यसलाइ चित्रित गर्ने गरिन्छ ।

१३.४.४.५.९. शुक (सुगा) :- कामदेवको वाहन तथा श्रृङ्गारको प्रतिक हो । यसको चित्रण प्रेम प्रसंगसित जोडिएको चित्रहरूमा विशेष रूपमा भएको पाइन्छ ।

१३.४.४.५.१०. मयूर :- मयूरलाइ सरस्वती तथा कार्तिकेयको वाहनको रूपमा अवधी लोक चित्रहरूमा विशेष स्थान प्रप्त हुनुका साथै कोहबर आदि बनाइने चित्रहरूमा मयूरलाइ विशेष स्थान प्राप्त छ । यसलाइ सर्पका सत्रुको रूपमा पनि देखाइने गरिन्छ । ठप्पा चित्रणको छपाइमा यसका विविध रूपमा चित्रण गरिएका हुन्छन । मयूरलाइ कृष्ण भगवनको मुकुटमा पनि स्थान प्राप्त हुने गर्छ ।

१३.४.४.५.११. हंस :- अवधी समाजमा हंसलाइ नीर क्षीर विवेकी तथा ब्रम्हा एंव सरस्वतीको वाहनका रूपमा लोकचित्रहरूमा चित्रित गर्ने गरिन्छ । प्रेम प्रसंगसित सम्वन्धित चित्रहरूमा यसलाइ सन्देशवाहकका रूपमा चित्रित गर्ने चलन छ । स्वेत वर्णको कारणले हंसलाइ आत्मा, उर्ध्वगति आदिको प्रतिकका रूपमा पनि चित्रित गर्ने गरिन्छ ।

१३.४.४.५.१२. परेवा (कपोत) :- अवधी लोक चित्रमा परेवालाइ शान्तिको प्रतिकका रूपमा देखाइन्छ । यहाँ यो सन्देशवाहक पनि हो । जोडी परेवालाइ श्रृङ्गारको प्रतिक पनि बनाएर अवधी लोकचित्रहरूमा चित्रित गरिएको हुन्छ ।

१३.४.४.५.१३. काग :- बिरहणीको सन्देशवाहक तथा स्वजन आउने सूचनादाताको प्रतिक मानेर कागको अवधी लोक चित्रहरूमा चित्रण गर्ने गरिन्छ । यसै प्रकार पितृपक्षमा कागलाइ विशेष पूज्यनीय मारेर यमराजको सन्देशवाहकको रूपमा यसलाइ हेर्ने गरिन्छ ।

१३.४.४.५.१४. माछा (मीन) :- अवधी लोक चित्रहरूमा माछालाइ सुख शौभाग्य, सुख सम्पन्नता आदिको सुन्दरताको प्रतिक हो । यसलाइ कामदेवसित पनि जोडेर हेर्ने गरिन्छ ।

१३.४.४.५.१५. लाटोकोसेरो (उल्लु) :- अवधी लोकचित्रमा लाटोकोसेरोलाइ लक्ष्मीको वाहकका रूपमा देखाइन्छ । यसलाइ मृत्यु, रात्री, शीत तथा निष्क्रियताको प्रतिकका रूपमा पनि देखाइने गरिन्छ । कतै कतै यसलाइ बुद्धिको प्रतिकका रूपमा पनि देखाइने गरिन्छ ।

१३.४.४.६. वनस्पति पूजन :- प्रकृतिलाइ जीवनबाट छुट्याएर नभइ जीवनसित जोडेर यसको पुजा आर्जा गर्ने चलन अवधी लोक समाजमा थियो र छ । विशेषगरी यहाँका महिलाहरूमा प्रदान गर्ने त कसैलाइ मनोभिलाषापूर्ण गर्ने मानेर यी वनस्पतिहरूको अलग-अलग समयमा विधि विधानपूर्वक पूजा गर्ने गरिन्छ । यो जीवनको निरन्तरताको सूचक पनि हो । यसप्रकार वनस्पतिलाइ सृष्टि जीवन, उत्पत्ति, विकास एवं उत्पादन पुनःउत्पादनका सिद्धान्त अनुरूप चित्रित गर्ने चलन अवधी समाजका लोक चित्रहरूमा प्राचिनकालदेखि नै विद्यमान छ ।

१३.४.४.६.१. अशोक :- यौवनलाइ स्थायी राख्ने वनस्पत्तिका रूपमा यसलाइ हेर्ने गरिन्छ र यही भावना अनुरूप यसलाइ अवधी लोक चित्रहरूमा चित्रित गरिएको पाइन्छ ।

१३.४.४.६.२. पीपल :- पीपललाइ ब्रम्हा, विष्णु तथा महेशको आवास मानेर पवित्र वृक्षका रूपमा यसको पुजा गर्ने चलन अवधी लोक समाजमा विद्यमान छ । यसै प्रकार यसलाइ दाम्पत्य प्रेम बढाउने, सन्तान दिने तथा प्रेतवाधाबाट मुक्ति प्रदान गर्ने रूखका रूपमा यसको विशेष महत्व रहेको हुनाले यसलाइ यही अनुरूप यहाँका लोक चित्रहरूमा चित्रित गर्ने गरिन्छ ।

१३.४.४.६.३. वर (वरगद) :- यो आफ्नो आयु तथा विशालताका लागि सयौं हजारौं वर्षदेखि प्रसिद्ध छ । प्रलयको समयमा पनि यो बाँचिरहेको कुरा विभिन्न धर्म ग्रन्थहरूमा वर्णित रहेको पाइन्छ । यसै प्रकार यसको पातमा भगवान वाल रूपमा विद्यमान रहेको कुरा यस समाजमा भन्ने सुन्ने गरिएको हुनाले यी सबैका प्रतिकका रूपमा यसलाइ अवधी लोक चित्रहरूमा चित्रित गर्ने गरिएको पाइन्छ ।

१३.४.४.६.४. नीम :- नीमलाइ शीतलामाताको आवासका रूपमा मानिन्छ । यसमा वायुलाइ शुद्ध पार्ने एवं किटाणुहरू मार्ने अदभुत क्षमता पनि छ । साथसाथै यसको छाँया शीतलता प्रदान गर्ने हुन्छ । यही मान्यता अनुरूप अवधी लोक समाजमा यसलाइ चित्रित गरिएको हुन्छ ।

१३.४.४.६.५. बेलपत्र :- श्रीफलको संस्कृतिमा यसलाइ 'विल्व' भनिन्छ । बेल यसैको अपभ्रंश हो । भगवान शिवको पुजामा यसको प्रयोग गर्ने गरिन्छ । साउने महिनाभरि यसलाइ शिव प्रतिमामा चढाउने गरिन्छ । मृत व्यक्तिलाइ जलाउनमा यसको विशेष पहल प्राप्त छ । यसै प्रकार यसको छाला, पात, दाउरा, तथा फललाइ विभिन्न प्रकारका आयुर्वेदिक औषधिहरूमा पनि यसको प्रयोग पाइन्छ । यही मान्यताहरूलाइ ध्यानमा राखेर अवधी लोकचित्रहरूमा यसलाइ चित्रित गर्ने गरिन्छ ।

१३.४.४.६.६. अमला :- अमलालाइ सुख शौभाग्य तथा सन्तान दिने बिरूवाका रूपमा मानेर कार्तिक महिनामा १५ दिनसम्म यसको प्रयोग गरिन्छ तथा यसको तल खाना बनाएर खाइन्छ । यसलाइ शीतलाको प्रतिकका रूपमा पनि देखिन्छ । छुट्टाछुट्टै आयुर्वेदिक औषधिहरूमा पनि यसको प्रयोग पाइन्छ । यही मान्यता अनुरूप अवधी लोकचित्रहरूमा यसलाइ चित्रण गरिएको पाइन्छ ।

१३.४.४.६.७. केरा :- केरालाइ सन्तानोत्पत्तिका स्रोतका रूपमा यस समाजमा मानिन्छ । बिहे र अन्य मांगलिक अवसरमा यसको प्रयोग गरि मण्डप निर्माण गर्नुका साथै सौभाग्य तथा सन्तान कामनाका लागि यस बिरुवाको पूजा आर्जा गर्ने गरिन्छ । यसैकारण मांगलिक कार्य सम्बन्धी हरेक चित्रमा केरालाइ चित्रित गर्ने चलन अवधी लोक समाजमा विद्यमान छ ।

१३.४.४.६.८. आँप :- अवधी समाजमा आँपलाइ विशेष स्थान प्राप्त छ । हरेक मांगलिक अवसरमा यसका पात तथा दाउरा प्रयोगको महत्व छ । मंगल घटमा पनि यसको पात लगाइन्छ । मंगल कार्यहरूमा झुण्ड्याइने वन्दनवारहरूमा पनि यसको पात लगाउने चलन छ । यसका साथै आँपको बउरलाइ आफ्नो इच्छापुर्तिको कामनाका रूपमा पनि यस समाजमा मान्यता रहेको परिप्रेक्ष्यमा यसै अनुरूप आपलाइ यस समाजका लोक चित्रहरू चित्रित गरिएको पाइन्छ ।

१३.४.४.६.९. तुलसी :- तुलसीको बिरुवालाइ अवधी समाजमा पानी तथा वातावरण शुद्धिकरणका लागि प्रयोग गर्ने गरिएको भएतापनि धार्मिक रूपमा यसलाइ भगवान विष्णुको पटरानीका रूपमा मानिन्छ । कार्तिक महिनामा यसको मुनि दियो बालिन्छ तथा कार्तिक पुर्णिमामा शालिग्रामसित तुलसीको विवाह गरेर विशेष पुजा सम्पन्न गर्ने गरिन्छ । आयुर्वेदिक औषधीका रूपमा पनि यसको प्रशस्त प्रयोग छ । यी सबैसँग सम्बन्धित चित्रहरू अवधी लोकचित्रको अङ्गका रूपमा उपलब्ध छन् ।

१३.४.४.६.१०. बाँस :- अवधी समाजमा बाँसलाइ वंशवृद्धिको प्रतिकका रूपमा मानिन्छ । जुन किसिमले एउटा बाँसबाट सयौं बाँसहरूको उत्पत्ति हुन्छ, त्यसै प्रकार वर र वधुको वंशबाट पनि दिनानुदिन पीढि दरपिढी यो वंश बढ्दै जावोस् र आफ्नो कीर्तिपताका बाँसको जस्तै उचाइंमा पुऱ्याएर सुइको समान चम्किरहोस्, यही परिकल्पनाका साथ अवधी लोकचित्रहरूमा बाँसको चित्रण गरिएको पाइन्छ । विशेष गरि कोहबरमा बनाइने चित्रहरूमा बाँसको विशेष रूपमा चित्रित गरिएको हुन्छ ।

१३.४.४.६.११. कुश :- पौराणिक गाथाका अनुसार सागर मंथनपछि अमृतको घैटोलाइ कुशमाथि नै राखिएको थियो । त्यही बेलादेखि यसलाइ अति नै पवित्र वस्तुका रूपमा मान्यता प्राप्त भएको मित्थक अवधी लोकसमाजमा विद्यमान छ । यही मान्यता अनुरूप अवधी लोकसमाजको हरेक मांगलिक अवसरहरूमा यसको प्रयोग गर्ने गरिन्छ । मांगलिक पूजनहरूमा देवताहरूलाइ यसैबाट नुहाइन्छ, औठीमा कुश लगाइन्छ । दूध न फाटोस् भनेर त्यसमा कुश हालिन्छ । यसै किसिमले सुइ वा चन्द्र ग्रहण लागेको समयमा हरेक खानेकुराहरूमा कुश हाल्ने गरिन्छ । जसको प्रत्यक्ष स्वरूप अवधी लोकचित्रहरूमा स्पष्ट रूपले हेर्न पाइन्छ ।

१३.४.४.६.१२. दुबो :- अवधी समाजमा प्रचलित मित्थकका अनुसार विष्णुले अमृतको घैटोलाइ ल्याएर एउटा ठाउँमा राखे । त्यहि बेला एउटा काग आएर त्यसबाट केही अमृत पियो । यसरी अमृत पिउँदा त्यसको चुच्चोबाट केही अमृत खसेर दुबोमाथि पऱ्यो । जसले गर्दा यो सधैं हरियो रहिरन्छ । यसलाइ अवधी समाजको हरेक मांगलिक कार्यहरूमा प्रयोग गर्ने गरिन्छ । दुबोलाइ अवधी समाजका महिलाहरूको शौभाग्यको प्रतिकका रूपमा मान्दछन् र यही मान्यता अनुरूप वहाँले बनाउने आफ्नो चित्रहरूमा पनि यसको चित्रण गर्ने गर्छन् ।

१३.४.४.६.१३. कमल :- अवधी कला, धर्म र दर्शनमा कमलको विशेष महत्व छ । विष्णुको नाभिबाट निस्केको कमलबाट नै सृष्टिकर्ता ब्रम्हाको उत्पत्ति भएको कुरा यस समाजमा पाइने विभिन्न लोकचित्रमा पनि हेर्न पाइन्छ । यसरी चित्रित हुने यी कमलहरू पंचदल, षटदल, अष्टदल, षोडश दलका रूपमा चित्रित भएका हुन्छन् । तंत्रशास्त्रका दृष्टिले पनि पंचदल, षडदल, अष्टदलका रूपमा कमलको विशेष महत्व छ ।

१३.४.४.६.१४. कल्पवृक्ष :- दुवोको जस्तै कल्पवृक्ष पनि समुन्द्र मन्थनबाट प्राप्त भएको विश्वासका साथ इच्छित सामाग्री प्रदान गर्ने रूखका रूपमा अवधी लोकचित्रमा यसको चित्रण गरिएको पाइन्छ ।

यी बनस्पतिहरूका साथै बेसार, धतुरो, सुपारी, नरिवल आदिको वनस्पतिहरूको चित्रण पनि यस समाजका लोक चित्रहरूमा विशेष रूपमा उपलब्ध छ ।

गोबर जसको प्रयोग प्रायः हरेक हरेक किसिमका भित्ति तथा भुमी चित्रणमा गर्ने गरिन्छ, सुइको रेडियोधर्मी विकरणबाट हामीलाइ बचाउछ । गाइको गहुतलाइ परम्परगत बैद्यहरूले प्राचीनकाल देखिनै गुणकारी औषधीका रूपमा प्रयोग गर्दै आइरहेका छन ।

अवधी समाजका यी लोककलाहरूमा व्यवसायिकता आउन सकेको छैन । आगामी दिनमा अवधी लोक समाजले आफ्नो लोककलामा परम्परागत रूपमा रहेका विशेषताका माध्यमले अवधी समाजको ग्रामीण तथा शहरी दुबै जीवनलाइ प्रभावित गर्दै जानेछ । यस समाजले जसरी जसरी आफ्नो समाजमा प्रचलित सांस्कृतिक परम्पराहरूमा लुकेको लोकलाको धार्मिक तथा लौकिक महत्वसित सम्बन्धित वैज्ञनिक तथ्यहरूबारे यथेष्ठ जानकारी प्राप्त गर्दै जान्छ, त्यही अनुरूप यी स्वरूपहरूको यस समाजमा महत्व बढदै जानेछ । यसले एकतिर यी स्वरूपहरूहरूलाइ धार्मिक तथा परम्परा निर्वाहकालागि फैशनका रूपमा मात्रै नभएर यसको अर्थलाइ पनि मनन गरेर यहाको समाजले पर्यटन आदिसित

जोड्नुकासाथै आफ्नो उत्पादनमा लोककलालाइ स्थान दिएर घर, भुमि तथा समाजका संस्कार व्रत एवं पर्वहरूलाइ अलङ्कृत गर्न थाल्नेछ भने अर्कोतिर अवधी समाजका यी पारम्परिक स्वरूपलाइ कायम राख्दै, यी सबैलाइ पुनः आफ्नो आर्थोपार्जनको साधन पनि बनाउने छन । अवधी समाजमा पाइने लोककला परम्पराको व्यापक स्वरूपलाइ हेर्दाखेरि यसको बजारिकरणको व्यापक सम्भावना पनि देखिन्छ ।

अध्याय-१४

अध्ययनको प्राप्ति तथा निष्कर्ष

१४.१. अध्ययनको प्राप्ति

१. मधेशी समाज अन्तर्गतको अवधी लोकसमाज गङ्गा यमुनी संस्कृतिमा आधारित आइइरानेली परिवारसित सम्बन्धित वहुजातिय एकभाषी समाज हो ।

२. नेपालको वर्तमान अवधी भाषभाषी भुभाग प्राचिन कोशल राज्य अन्तर्गतको कोशल महाजनपद, शाक्य गणराज्य तथा कोलीय गणराज्यको रूपमा विकसित भएको तथा वर्तमानमा लुम्विनी प्रदेश अन्तर्गतका तराइका जिल्लाहरूमा सांस्कृतिक रूपमा नवलपरासी, रुपन्देही, कपिलवस्तु, दांग, वाके, वर्दिया, कैलाली तथा कञ्चनपुर एवं भाषिक तथ्याङ्को दृष्टिले रुपन्देही, कपिलवस्तु, दांग, वाके तथा वर्दिया जिल्लाहरू रहेका छन ।

३. अवधी लोकसमाज धार्मिक रूपमा हिन्दु तथा इस्लाम धर्मावलम्बीहरूको साझा लोकसमाज हो ।

४. अवधी समाजमा विद्यमान दर्शन परम्पराले एउटा सर्व शक्तिवान सत्तालाइ स्वीकार गरेको छ, तिनै सर्वशक्तिवान संसारका कण- कणमा व्याप्त छन् । पृथ्वीमा विद्यमान हरेक कणमा कुनै न कुनै शक्ति अवश्य रहेका छन् । जसले ग्रह, नक्षत्र, लोकहरूलाइ आफ्नो संचालनमा लिएका छन् । सम्पूर्ण ब्रम्हाण्डलाइ अनुशासनमा बाधेका छन् । यस प्रकृतिक स्वरूपमा थोरै मात्र असन्तुलन भए महाप्रलयको स्थिति सिर्जना हुन सक्छ । पाँच तत्वमा कुनै पनि तत्व असन्तुलित भएमा त्यसको प्रभाव सम्पूर्ण संसारमा पर्छ ।

५. अवधी लोकसमाजको मुख्य आम्दानीको स्रोतमा खेतीपाती र पशुपालन तथा सहायक स्रोतमा मजदुरी, नोकरी र घरेलु व्यापार पर्दछ ।

६. अवधी भाषामा शिक्षाको अवस्थाहेर्दाखेरि नेपालमा औपचारिक रूपमा विषयको रूपमा कक्षा १ देखि १२ सम्म नेपाल सरकारद्वारा यसलाइ लागुगर्न पाठ्यक्रम स्विकृतगरि लागु गरिएको छ भने पाठ्यक्रम विकास केन्द्र, सानोठीमीवाट कक्षा १ देखि १० सम्म पाठ्यपुस्तकको निर्माण कार्य सम्पन्न भइ कक्षा १देखि ५ सम्म कपिलवस्तु जिल्ला अन्तर्गतका ६४ विद्यालयमा पढाइ आरम्भ भएपनि पाठ्यपुस्तकको आभावको कारणले यस भाषाको पढाइ अघि बढ्न सकिरहेको छैन । यसै किसिमले बहुभाषिक शिक्षा कार्यक्रम अन्तर्गत कपिलवस्तु जिल्लाको पाँच वटा विद्यालयहरूमा अवधी तथा थारू भाषामा सन २०११/१२ देखि कक्षा एक देखि तीन सम्म माध्यम भाषाका रूपमा शिक्षण कार्य आरम्भ भएको तथा सेभ द चिल्ड्रेनले पनि सन २०१३ देखि थप पाँच वटा विद्यालयहरूमा माध्यम भाषाका रूपमा अवधी भाषामा पढाइ आरम्भ गरेको थियो । परियोजनाको समाप्तिसंगै माध्यम भाषाको रूपमा अवधी भाषाको पढाइ रोकिएको अवस्था छ । यसै क्रममा वि. सं. २०५४/५५ सालमा राष्ट्रिय प्रारम्भिक शिक्षा पढाइ कार्यक्रम आरम्भ भएपछि अवधी भाषामा पनि यस कार्यक्रम अन्तरगत अवधीभाषामा विषयका रूपमा कक्षा एक, दुइ र तीनका लागि अन्य सामाग्रीका साथै अभ्यास पुस्तिकाका रूपमा पाठ्यसामाग्रीहरू तयार भएपनि यसलाइ विद्यालयहरूमा प्रयोगमा ल्याइएको छैन ।

अनौपचारिक शिक्षा केन्द्रबाट युनेस्को, काठमाडौंको सहकार्यमा अवधी भाषाभाषी क्षेत्रमा साक्षरता कक्षाका लागि साक्षरता तह तथा साक्षोत्तर तह दुवैमा पढाइ संचालन गर्न सकिने हिसाबले पाठ्यसामाग्री तथा स्वअध्ययन सामाग्रीहरू तयार भइ रूपन्देही जिल्लाको पश्चिमी भूभाग तथा कपिलवस्तु जिल्लामा साक्षरता कक्षाहरू संचालन गरिएका थिए ।

यसकोसाथै अवधी भाषामा सन्दर्भ सामाग्रीको निर्माणको आरम्भ वि.सं. २०६३ सालमा पाठ्यक्रम विकास केन्द्र सानाठीमी द्वारा निर्माण गरिएको तथा मौलिक तथा अनुवादगरि लगभग एकसयको हाराहारीमा अवधी भाषामा सन्दर्भ सामाग्रीहरू उपलब्ध छन ।

यसै किसिमले यस समाजमा पारम्परिक रूपमा खेलिने चिक्का, छुर्र, वैजल्ला (कपर्दी), वाघ चाल जस्ता स्वाथ्य र वौद्धिक क्षमताको विकासकालागि खेलिने खेलहरू शिक्षाका अतिरिक्त क्रियाकलापहरूमा तथा गाउघरमा खेलकूदमा प्रयोगमा रहेको पाइदैन ।

७. प्रजातन्त्रको पुनर्स्थापना भएपछि २०४७ सालबाट रेडियो नेपालले अवधी भाषामा दैनिक एक पटक समाचार प्रसारण गर्न आरम्भ गरेदखि आरम्भ भएको सञ्चारमा अवधी भाषाको यात्रा स्थानीय एफ.एम.हरूमा समाचार तथा मनोरञ्जनात्मक प्रस्तुति, राष्ट्रिय समाचार समितिको अवधी भाषामा समाचार, गोरखापत्रको पाक्षिक अवधी पृष्ठ, नेपाल टेलिभिजनको साप्ताहिक कार्यक्रम अवध दर्शन हुदै नेपाल प्रज्ञा प्रतिष्ठानको वार्षिक साहित्यिक पत्रिका दवडरा सम्मको यात्रा तय गरिसकेको छ । यसकासाथै निरन्तरता नभएपनि स्थानिय साप्ताहिक, पाक्षिक तथा मासिक पत्रिकाहरू पनि अवधी भाषामा प्रकासित भइरहेका छन ।

८. भाषा आयोगले लुम्विनी प्रदेशकालागि प्रदेशगत सरकारी सरकारी कामकाजको भाषाको रूपमा अवधी, थारू तथा भोजपुरी भाषालाइ प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्यवयनमा ल्याउनकालागि सिफारिस गरेको छ ।

९. अवधी लोकवार्ताका स्वरूप अन्तर्गतको मुर्त सांस्कृतिक परम्पराको रूपमा रहेका-

क) पुरातात्विक स्थलमध्ये भगवान गौतम बुद्धको जन्मस्थलका रूपमा रहेको लुम्बिनीस्थित मायादेवी मन्दिर, कपिलवस्तु जिल्लामा रहेका प्राचीन कपिलवस्तु राज्यको राजधानी र सिद्धार्थ गौतम (भगवान बुद्ध) ले आफ्नो जीवनका २९ वर्ष बिताएको ऐतिहासिक स्थल तिलौराकोट, भगवान बुद्धले बुद्धत्त्व प्राप्त गरेपछि आफ्नो कान्छी आमासित चीर वस्त्र दानमा लिएको स्थान कुदान, पुर्व बुद्ध कनकमुनि बुद्धको जन्मस्थान प्राचीन शोभावती नगर (निग्लिहवा) क्रकुच्छन्द बुद्धको जन्मस्थल र निर्वाणस्थल खेमवती नगर (गोटिहवा), शाक्यहरूको सामूहिक नरसंहार गरिएको ठाउँ' सगरहवा, नवलपरासी जिल्लामा रहेको रामग्राम स्तूप, कपिलवस्तु जिल्लाको धम्निहवा स्तुप, कपिलवस्तु जिल्लाको उत्तर-पूर्वपट्टि सुराइनाकाको पश्चिम तथा देउखुरीको सिमानामा अवस्थित पाषाणकालमा मानवसम प्राणीको वसोवास रहेको पाइएको स्थान धानखोला, यसै किसिमले यस क्षेत्रका धार्मिक स्थलहरू मध्ये कपिलवस्तु जिल्लाको तौलिहवामा रहेको ताम्रेश्वर महादेव मन्दिर र समय माइस्थान, तिलौराकोटको दक्षिणपश्चिमपट्टि वाणगङ्गा नदीको पूर्वी किनार रामघाटमा अवस्थित प्राचिन कपिलमुनिको आश्रम, कपिलवस्तु जिल्लाको धान खोलामा रहेको प्राचिन शिव मन्दिर, वाके जिल्लाको नेपालगञ्जमा अवस्थित वागेश्वरी मन्दिर, दांग जिल्लाको लमही नगरपालिका-९,

देउखुरीमा अवस्थित रिहार धाम (बगार बाबा धाम), रूपन्देही जिल्लाको ओडवलीया गाउँमा अवस्थित मर्चवारी माइको स्थान, नवलपरासी जिल्लाको सुस्ता गा.वि.स.मा पर्ने त्रिवेणी घाट, नवलपरासी जिल्लाको प्राचिन रूपौली गा.वि.स. महलवारीमा पर्ने मदार बाबा स्थान, नवलपरासीको प्राचिन मनरी ७ जावामा रहेको प्राचीन कोलिय वंशसँग सरोकार राख्ने कोलवृक्ष तथा प्राकृतिक स्थलको रूपमा रहेका कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका (वडा नं. ९ र १०) मा अवस्थित नेपालकै सबैभन्दा ठूलो मानव निर्मित जगदीशपुर ताल आदि स्थान एतिहासिक तथा पुरातात्त्विक दृष्टिले अत्यन्त महत्त्वपुर्ण छन ।

ख) अवधी समाज बसोबास गर्ने हरेक गाउमा ग्राम देवताका रूपमा डिउहार बाबा, कालीमाइ, समयमाइ, ब्रह्म बाबा, डहरचन्नी, रथवाही देवी, नागदेवता लगायतका स्थान हुन्छन । यी स्थानमा ती गाउका मानिसहरू सामुहिक रूपमा विशेष समय समयमा विशेष पुजाआर्जा गर्ने गर्छन ।

ग) अवधी लोक समाजमा देवीदेवताको पुजाआर्चना र गायन तथा प्रदर्शनगर्दा विविध किसिमका वाद्ययन्त्रहरू प्रदर्शन गर्दै आएका छन । यी मध्ये डफला तथा हुडका वाद्ययन्त्र पुर्ण रूपमा हराउन थालेका छन ।

घ) यसै किसिमले पारम्परिक अस्त्रशस्त्रको रूपमा लठ्ठी, भाला, बरछी, फरसा, तलवार, ढाल, किरच धनुष-बाण (धनु र काँड), बन्दुक आदि सामाजिक तथा धार्मिक महत्त्वकासाथ प्रयोगमा छन ।

ङ) यस भुभागमा वस्त्र तथा आभुषणको रूपमा नारीहरूले साडी, ब्लाउज, पेटीकोट, लहगाँ (घाघर), चुनरी, चोली, जम्फर, कुर्ता सुरुवाल र वुरका तथा विभिन्न किसिमका श्रृङ्गार प्रशाधन र पारम्परिक रूपमा गरगहना लगाउने गरे ता पनि वर्तमान युवा महिलाहरू हाल आएर कुर्ता सलवार र अन्य प्रकारका लुगाहरू लगाउन थालेका छन् । यसै किसिमले पुरुषहरूले धोती,कुर्ता, पगडी, घाँटीमा रुमाल, जुत्ता, चप्पल, पाइजामा, बहकटी आदि लगाउने गर्दछन । श्रृङ्गार प्रशाधनमा पुरुषहरू हातमा औँठी, घाँटीमा सिक्रि मख्खी लगाउने गर्दछन । कपालमा सुगन्धित तेल र पाएसम्म शरीरमा सेन्ट तथा गुलाब जल छर्कने र पान खाने प्रचलन धेरैजसोमा पाइन्छ ।

च) यस समाजमा फुल, काँसा, तामा, पितल, फलाम आदि धातुका बटुला, बटुली, खखरा, हन्डा, हन्डी, करछुल, गगरा, गगरी, थाल, कचौरा, गिलास, आदि भाँडाकुँडा र औजारको रूपमा प्रयोग रहेको पाइन्छ ।

छ) अवधी लोक समाज पारम्परिक रूपमा सामुहिक बसोबास गर्ने उद्देश्यले गाउ वा शहरको रूपमा खपडा, फूस आदिको घर बनाएर बसेपनि, वर्तमानमा अधिकांश घरहरू एक या दुइतले पक्की घरका रूपमा रहेका छन । पारम्परिक रूपमा बनेका ती घरहरू जाडोमा तातो तथा गर्मीयाममा वाहिरी तामक्रमभन्दा कम तामक्रम रहनेगरि तयार गरिन्थे, तर अहिले बन्ने पक्की घरहरू जाडोमा वाहिरी तापक्रमभन्दा झन चिसो तथा गर्मीयाममा झन तातो हुने गर्दछन ।

ज) अवधी लोकसमाजमा रहेका लोकचित्रका स्वरूपहरू विधितायुक्त अर्थात यहा भित्तिचित्र, भुमि चित्र, ठप्पा चित्र, पात्र चित्रण, गोदना, मेहदी, कढ़ाइ, नक्काशी, मीनाकारी, टेराकोटा, मूज कला (सिक्की

कला), लाख कला आदि रूपमा चित्रित हुने गर्छन । यी चित्रहरूलाइ चित्रितगर्दा बनाइने हरेक रेखा, रङ्ग तथा चित्रहरूको आफ्ना आफ्नै सामाजिक तथा धार्मिक महत्त्व रहेका छन ।

१०. अवधी लोकवार्ताका स्वरूप अन्तर्गतको अमुर्त सांस्कृतिक परम्पराको रूपमा रहेका-

क) यसै किसिमले यस लोकसमाजको प्रकृति र ब्रह्माण्ड सम्बन्धी ज्ञानको व्यापकता यस लोकसमाजमा उपलब्ध परम्परागत उपचार पद्धति, जडीबुटी सम्बन्धी ज्ञान, र प्राकृतिक संसारबारेको चिन्तनले प्रदर्शित रहेको भएतापनि वर्तमान यी सबै जानकारीहरू नया पुस्तामा हस्तान्तरित हुन सकिरहेका छैनन साथै यस समाजको परम्परागत सीपको कुरागर्दा यस समाजमा कृषी उत्पादन, फलफुल उत्पादन, पशुपालन, माछा पालन तथा हस्तकला वा वस्तु उत्पादन गर्ने परम्परागत सीपहरू (जस्तै: माटाका भाँडा बनाउने वा बुन्ने कला) जातिगत रूपमा नै उपलब्ध भएपनि वर्तमानमा यी सीपहरू व्यवस्थित स्वरूपमा व्यवसायिक हुन सकेका छैनन । केही जातिय सीपहरू त समाप्तप्राय: समेत भइसकेका छन । यसै किसिमले यस समाजमा मन्त्रतन्त्रबाट गरिने उपचार पद्धतिका ज्ञाताहरू हाल उपलब्ध छैनन ।

ख) यसै किसिमले प्रस्तुति कलाका स्वरूपको रूपमा लोक नाटक, परम्परागत लोक सङ्गीत, लोकनृत्य र लोकगीतका स्वरूपहरू अत्यन्त विशाल र विविधतायुक्त भएपनि यी सबैमा व्यवसायिकता आउन नसकेकोले हाल पारम्परिक सांस्कृतिक क्रियाकलापमा सीमित मात्रामा मात्रै हेर्न र सुन्नसक्ने अवस्था छ ।

ग) यहाको सामाजिक अभ्यास र चाडपर्वको कुरागर्दा यस लोकसमाजमा जात्राको रूपमा मोहर्रमलाइ नमुनाको रूपमा लिनकोसाथै यहा घाट मेला, रामलीला, धनुष यज्ञ आदिका नामले मेला लाग्ने गर्छन भने यहाका हिन्दु तथा इस्लाम धर्मावलम्बी समाजमा मनाइने संस्कार (जन्मदेखि मृत्युसम्मका विधि), चाडपर्व र रीतिरिवाजहरू आफ्ना आफ्नै किसिमका छन तर यी दुबै धार्मिक समुदाय एकअर्काको सामाजिक अभ्यास तथा चाडपर्वमा अत्यन्त उत्साहकासाथ सहभागी हुने गर्छन ।

घ) मौखिक परम्परा र अभिव्यक्ति अन्तर्गतका लोककथा, लोक आख्यान, उखान-टुक्का, र भाषाको वृहत समाज वैज्ञानिक स्वरूप उपलब्ध छ ।

१४.२. निष्कर्ष

- मधेशी समाज अन्तर्गतको अवधी लोकसमाज प्राचिन कालदेखि नै अत्यन्त विकसित तथा वौद्धिक क्षमतायुक्त समाजको रूपमा रहेकाले यस समाजमा रहेका पारम्परिक मुर्त तथा अमुर्त सांस्कृतिक स्वरूपहरू अत्यन्त उन्नत तथा समाज उपयोगी रहेका थिए ।
- यस समाजको लोक दर्शन परम्पराले हिन्दुहरूका इष्टदेव मर्यादापुषोत्तम धगवान श्रीराम तथा वौद्ध धर्मावलम्वीहरूका इष्टदेव शान्तिका अग्रदूत भगवान गौतम बुद्ध जस्ता युग पुरुषहरूलाइ जन्म दिएका छन ।
- यहाको लोकसमाजको मुख्य आम्दानीको स्रोतमा खेतीपाती र पशुपालन तथा सहायक स्रोतमा मजदुरी, नोकरी र घरेलु व्यापार रहेको भएतापनि हालसम्म पनि यी सबै पारम्परिक स्वरूपमा नै रहेकोले आम्दानीको स्रोत बन्न सकेका छैनन ।

- यसै किसिमले अवधी भाषामा शिक्षाको अवस्थाहेर्दाखेरि नेपालमा औपचारिक रूपमा विषय तथा माध्यम भाषा दुबै स्वरूपमा कक्षा १२ सम्म तत्काल शिक्षण कार्य आरम्भ गर्न सकिने अवस्था हुनुकासाथै अनौपारिक शिक्षा तर्फ साक्षर तथा साक्षोत्तर तहकालागि चाहिने सामाग्रीहरू उपलब्ध रहेकाले यसलाइ पनि सुगमताकासाथ सञ्चालन गर्न सकिने अवस्था छ ।
- यसै किसिमले छापा,रेडियो तथा टेलिभिजन तीनवटै स्वरूपमा सञ्चार क्षेत्रमा अवधी लोक स्वरूपको प्रयोग भइरहेकोले आगामी दिनमा यी सबै क्षेत्रमा आवश्यकता अनुसार व्यापकता ल्याउन सकिन्छ ।
- भाषा आयोगले लुम्बिनी प्रदेशकालागि प्रदेशगत सरकारी सरकारी कामकाजको भाषाको रूपमा अवधी, थारू तथा भोजपुरी भाषालाइ प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्यवयनमा ल्याउनकालागि सिफारिस गरेको सन्दर्भ यस सिफारिसलाइ लागु गर्न मधेशी आयोग तथा अन्य समुदायबाट आवश्यक पहल बढाउनुपर्ने आवश्यकता छ ।
- यसै किसिमले अवधी लोकसमाजको बसोबास रहेको क्षेत्रमा लुम्बिनी, तिलौराकोट, कुदान, निग्लिहवा, गोटिहवा, रामग्राम, तौलेश्वर नाथ (ताम्रेश्वर महादेव) मन्दिर, वागेश्वरी मन्दिर, जस्ता महत्त्वपुर्ण धार्मिक तथा पुरातात्त्विक स्थलहरू रहेकोले, वर्तमानमा लुम्बिनी विकास कोष तथा लुम्बिनी प्रदेश सरकारले प्रयोगमा ल्याइरहेको यस क्षेत्रको धार्मिक पर्यटन प्रवर्धनको प्रयासमा सांस्कृतिक पर्यटनलाइ समेत जोडेर पर्यटन प्रवर्धनको प्रयासलाइ अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ । यसले पर्यटन बसाइ अवधिलाइ बढाउनमा विशेष सहयोग पुऱ्याउने छ ।
- अवधी समाज बसोबास गर्ने हरेक गाउमा ग्राम देवताहरूको स्थानलाइ चिन्हित गरि पारम्परिक रूपमा सामुहिक रूपमा हुदै आएका पुजा पद्धतिलाइ निरन्तरता प्राप्त हुनुकोसाथै नया पुस्तालाइ आफ्नो लोक समाज तथा स्थानीय पर्यावरणसित परिचित हुन विशेष रूपले सहयोग पुऱ्याउछ ।
- अवधी समाजमा प्रयोगमा रहेका वाद्ययन्त्रहरू मध्ये पारम्परिक रूपमा जन्मदेखि मृत्यु संस्कारसम्म बजाइने डफला तथा कुमाल समुदायको जातिय नृत्य तथा सफेडा नृत्यमा बजाइदै आएको हुडका वाद्ययन्त्र पुर्ण रूपमा हराउन थालेकाले यसलाइ संरक्षित बनाउन आवश्यक छ ।
- पारम्परिक अस्त्रशस्त्रको रूपमा लठ्ठी, भाला, बरछी, फरसा, तलवार, ढाल, किरच धनुष-बाण (धनु र काँड), अस्त्रहरूको प्रयोग घटिरहेकोले यी सबैलाइ समयमा नै सङ्कलित गरेर आवश्यक जानकारी सहित संरक्षित बनाउनुपर्ने आवश्यकता छ ।
- वस्त्र तथा आभुषणको रूपमा सामाग्रीहरू यहाको वातावरण अनुकूल रहेकोले स्थानीय समाज तथा राज्यले यी सबैलाइ महत्त्व प्रदानगर्दै यी सबैको प्रयोगलाइ बढावा दिनुपर्ने आवश्यकता छ ।

- यसै किसिमले समाजमा फुल, काँसा, तामा, पितल, फलाम आदि धातुका बटुला, बटुली, खखरा, हन्डा, हन्डी, करछुल, गगरा, गगरी, थाल, कचौरा, गिलास, आदि भाँडाकुँडा र औजारको रूपमा पारम्परिक रूपमा प्रयोग रहेकामा हाल यी मध्येका अधिकांशको प्रयोग कम हुदै गएकोले, यी सबैको प्रयोगको अवस्था सहित उचित स्थानमा समयमा नै सङ्ग्रहित गर्नपर्ने आवश्यकता छ ।
- यस लोक समाज पारम्परिक रूपमा सामुहिक बसोबास गर्ने उद्देश्यले गाउ वा शहरको रूपमा खपडा, फूस आदिको घरका स्वरूपलाइ उपलब्ध संशाधानको प्रयोगका माध्यमले यस स्वरूपलाइ समयानुकूल बनाएर यस्ता स्वरूपलाइ पुनः स्थापित गर्नपर्ने आवश्यकता छ ।
- अवधी लोकसमाजमा रहेका लोकचित्रका स्वरूपहरू जस्तै भित्तिचित्र, भुमि चित्र, ठप्पा चित्र, पात्र चित्रण, गोदना, मेहदी, कढ़ाइ, नक्काशी, मीनाकारी, टेराकोटा, मूज कला (सिक्की कला), लाख कला आदि व्यवसायिक दृष्टिले प्रवर्धन गर्न अत्यन्त आवश्यक रहेकोले यसमा थप अध्ययन अनुसन्धान गरिगराइ व्यवसायिकता दिनु आवश्यक छ ।
- यसकोसाथै अवधी लोकवार्ताका स्वरूप अन्तर्गतका अवधी लोक सांस्कृतिक परम्पराको रूपमा रहेका प्रकृति र ब्रह्माण्ड सम्बन्धी ज्ञान, प्रस्तुति कलाका स्वरूपहरू, यहाको सामाजिक अभ्यास र चाडपर्व, मौखिक परम्परा र अभिव्यक्ति अन्तर्गतका सामाग्रीहरू यस समाजलाइ सामाजिक, आर्थिक तथा नैतिक शिक्षाको दृष्टिले आजको दिनमा यस समाजलाइ सुशिक्षित, क्षमतावान तथा नैतिक रूपमा क्षमतावान बनाउने दृष्टिले अति नै महत्त्वपुर्ण रहेकाले यी सबै क्षेत्रमा आजको आवश्यकता अनुसार आवश्यक अध्ययन अनुसन्धान गरि गराइ यी सबैको संरक्षण तथा सम्बर्धन गर्नको साथै यी सबैमा व्यवसायिक ल्याउनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।
- अवधी भाषा र लोकसाहित्य तथा लोकनाटकको अस्तित्व जोगाउन र यसको प्रवर्द्धन गर्न अवधी लोककथा, उखानटुक्का, लोकगाथा, लोकगीत, लोकनाटक तथा लोकसङ्गीतहरूलाइ अडियो, भिडियो र लिखित रूपमा सङ्कलन गरी डिजिटल पुस्तकालय तथा सङ्ग्हालयहरूमा सुरक्षित राख्नुपर्छ । प्रारम्भिक तहदेखि नै अवधी भाषी बालबालिकाको मातृभाषामा पठनपाठनको व्यवस्था मिलाउन स्थानीय तहहरूले पहल गर्नुपर्छ । यसै किसिमले स्थानीय निकायको सहयोगमा 'अवधी लोकसाहित्य महोत्सव', 'बिरहा तथा कजरी गायन' 'अवधी लोकनाटक महोत्सव', 'अवधी लोक सङ्गीत महोत्सव' जस्ता कार्यक्रमहरू आयोजना गर्नुपर्छ । विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूले अवधी लोकसाहित्यमा गहन शोधकार्य गरी पुस्तकहरू प्रकाशन गर्नुपर्छ । स्थानीय एफ.एम. रेडियो र सामाजिक सञ्जालमार्फत अवधी भाषाका कार्यक्रम, नाटक र वृत्तचित्रहरू प्रसारण गरी यसको व्यापकता बढाउनुपर्छ । यसै किसिमले अवधी लोक साहित्यको गरिमा र यसको मौलिकतालाइ जोगाइराख्न समुदाय, साहित्यकार र स्थानीय सरकारको संयुक्त पहल आवश्यक छ ।

सन्दर्भ ग्रन्थ र लेख

- सांकृत्यायन, राहुल, (ई.सं.१९४५), 'हिन्दी काव्य धारा' (प्रथम संस्करण), किताब महल, इलाहाबाद, भारत ।
- पाण्डेय, डा. इन्दु प्रकाश (ई.सं.१९५७), अवधी लोकगीत और परम्परा, रामनारायण लाल वेनीप्रसाद, इलाहाबाद, भारत ।
- कनिङ्घम, मे.ज., (ई.सं.१९६३), भारत का प्राचीन भूगोल, इण्डोलाजिकल बुक हाउस, हौज कटरा, वाराणसी, भारत ।
- रोहतगी, डा. सरोजनी (ई.सं.१९७१), अवधी का लोकसाहित्य, नेशनल पब्लिसिंग हाउस, नईदिल्ली ।
- जनकलाल शर्मा 'जोसमनी सन्त परम्परा र साहित्य' (वि.सं.२०२०) रोयल नेपाल एकेडमी, काठमाण्डू, नेपाल, पहिलो संस्करण ।
- डां धर्मवीर भारती, (ई.सं.१९६८), 'सिद्ध साहित्य'द्वितिय संस्करण, किताब महल, इलाहाबाद, भारत ।
- मुखर्जी, राधा कुमुद, (ई.सं.१९७५), हिन्दू सभ्यता,राज कमल प्रकाशन, दिल्ली ।
- बशु, विद्युत रञ्जन, प्रबोधचन्द्र (ई.सं.१९७५) 'चर्यागीत कोष', शान्ति निकेतन प्रेस, शान्ति निकेतन, वीरभुमी ।
- तिवारी, डा. भोलानाथ, (ई.सं. १९९६), 'भाषा विज्ञान', किताब महल २२-ए सरोजनी नायडुमार्ग इलाहाबाद, उत्तरप्रदेश, भारत ।
- उपाध्याय, डा. भरतसिंह, (ई.सं.२००९), बुद्धकालीन भारतीय भूगोल, हिन्दी साहित्य सम्मेलन, इलाहाबाद, भारत ।
- कार्पडि, राम भरोस, त्रिपाठी, विक्रम मणि (सम्पादक), (वि.सं.२०६९), अवधी संस्कृति विविध आयाम, नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
- चौधरी, दीपक, (वि.सं.२०६५), नेपालको मधेशी समाज, रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल ।
- मिश्रा, भारती (ई.सं.२०१२), अवधी व्यंजन, अवधी विकास संस्थान, हजरतगंज, लखनऊ, भारत ।
- त्रिपाठी, विक्रममणि, (वि.सं.२०७३), अवधी लोकसाहित्य, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ ।
- त्रिपाठी, विक्रम मणि, (वि.सं.२०७५),अवधी लोकचित्रकला, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- यादव, जगतराम, (वि.सं.२०६८), नेपाली अवधी लोकगाथाको सङ्कलन तथा विश्लेषण, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल (लघु अनुसन्धान) ।

- Ling, Jang, (AD1997), A History of Europen Folk Music, United Kingdom : University of Rochester Press.
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०५४/५५), अवधी लोक कथाको सङ्कलन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०५७/५८), अवधी लोक नाटकको सङ्कलन र विश्लेषण, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०५८/५९), अवधी लोकनाटक सफेडाको सङ्कलन र बिश्लेषण, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नक्साल, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०६१/६२), अवधी भाषाको समाजभाषा वैज्ञानिक अध्ययन तथा लेखन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (गोष्ठी पत्र), (वि.सं.२०६२/०१/२६), अवधी लोक साहित्यमा खगोलीय वर्णन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (गोष्ठी पत्र), (वि.सं.२०६४), अवधी लोक कथामा प्रतिविम्बित लोक जीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- केन्द्रिय तथ्यांक विभाग, (२०२८,२०३८,२०४८, २०५८ र २०६८,२०७८) राष्ट्रिय जनगणना
- Majumdar, by R,C. (Ed.) , १९५३, The Age of Imperial Unity, Bombay,
- Basham, A.H., १९९७.,The Wonder That was India, Calcutta,
- Watters, Thomas (Ed. By), १९७३, On Yuan ChwangÚs Travels In India, Delhi.
- Legge, James (Ed. By), १९७१ Travels of Fa–Hian, Delhi.
- Ed. by L. Petech, १९५०, Northern Indian According to Shui–Ching–Chu, Roma.
- Law, B.C., १९७९, Geography of Early Buddhism.
- Hardy, Manual of Buddhism.
- Johnston, E.H. (Ed. By), १९७२, Buddha Charita.
- मिश्र, तारानन्द, १९८४-१९८५, The Archaeological Activities in Lumbini During, Ancient Nepal, Dept. of Archaeology, No. १३९, १९९६
- मिश्र, तारानन्द, बुद्ध जन्मस्थल र लुम्बिनीका उत्खनित मन्दिरहरू, प्रज्ञा-८४, कमलादी ।

मधेशी आयोगका प्रमुख कामहरू

१. मधेशी समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणका विषयमा अध्ययन अनुसन्धान गर्ने र सो सम्बन्धी नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

२. नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा, अनुगमन तथा मुल्याङ्कन गर्ने,

३. आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनका सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

४. मधेशी समुदाय मित्रका भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासका लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

५. कुरीति, अन्धविश्वास तथा सबै प्रकारका शोषणका अन्त्य गर्न र सशक्तीकरणका लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

६. मधेशी समुदायका सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

७. मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

८. मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

"जहाँ समस्या, त्यहीँ मधेशी आयोग"

"बहुआयामिक समृद्धि र सुशासनको अभियान,
लोक चेतना, रुपान्तरण, सशक्तीकरण र पहुँचको सुप्रस्थान"

पूर्ण प्रविधिमैत्री "मधेशी आयोगमा सम्पर्क तथा उजुरी गर्न सकिने तरिकाहरू

☎ टेलिफोन नम्बर : ०१-५२६५१८५

☎ टोल फ्रि नम्बर : १६६०-०१-१६१८५

फेसबुक पेज : मधेशी आयोग–Madheshi Commission Nepal

✉ ईमेल : madheshicommission@gmail.com

वेबसाइट : www.madheshicommission.gov.np

आयोगको ठेगाना:

मधेशी आयोग

ज्वागल, ललितपुर, नेपाल